# तुल्सी लाल अमात्य

## एक आदर्श व्यक्तित्व

पुरुषोत्तम न्यौपाने

तुल्सी लाल स्मृति प्रतिष्ठान-२०५४
TULSILAL MEMORIAL FOUNDATION-1996

अनुमति विना यस पुस्तकको कुनै अंश वा सम्पूर्ण पुस्तक पुन : प्रकाशित गर्न छापाप्रति (फोटोकपी) निकाल्न र यस पुस्तकका आधारमा श्रव्य–दृश्य सामाग्री प्रकाशन गर्न पाइने छैन । पूर्व स्वीकृतिविना उल्लिखित कार्य गरे–गराएमा नेपालको प्रचलित ऐन बमोजिम कारवाही गरिने छ।

कृति : तुल्सी लाल अमात्य एक आदर्श व्यक्तित्व

**प्रकाशक**:
तुल्सी लाल स्मृति प्रतिष्ठान
च्यासल, ललितपुर, नेपाल
फोन : ०१–५५४६७५
इमेल : info@tlmf.org.np

लेखक : पुरुषोत्तम न्यौपाने
संस्करण : पहिलो, २०७६
© लेखकमा
प्रति : १,०००
आवरण पृष्ठ : अनिल श्रेष्ठ
पृष्ठ सज्जा : अनिल श्रेष्ठ
टाइप : सुरतबहादुर भुल, गीता ज्ञवाली
मूल्य : रु. ४४५/–
ISBN No: 978-9937-0-6689-1

Tulshilal Amatya : Eka Aadarsha Byaktitwa

By : Purushottam Neupane

**काठमाडौं, नेपाल**

**प्रधानमन्त्री**

## शुभकामना

नेपाली कम्युनिष्ट आन्दोलनका अविश्रान्त व्यक्तित्व स्वर्गीय कमरेड तुल्सीलाल अमात्यको जीवनी र योगदानहरुका विषयमा लेखिएको पुस्तक उहाँको नाममा स्थापना गरिएको प्रतिष्ठानले प्रकाशन गर्न लागेको थाहा पाउँदा खुसी लागेको छ। यस अवसरमा म सर्वप्रथम स्वर्गीय कमरेडप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछु।

कमरेड पुरुषोत्तम न्यौपानेले मेहनतसाथ तयार गर्नु भएको "तुल्सीलाल अमात्य एक आदर्श व्यक्तित्व" नामक पुस्तक प्रकाशन गरेर प्रतिष्ठानले सहाहनीय काम गरेको छ। नेपालका पहिलो पुस्ताका कम्युनिष्ट नेता, नेकपाका पूर्व महासचिव तुल्सीलाल अमात्य जीवनपर्यन्त कम्युनिष्ट आन्दोलनलाई अघि बढाउन तल्लीन हुनुहुन्थ्यो। कमरेड तुल्सीलालकै अध्यक्षतामा ००८ सालमा स्थापना भएको अखिल नेपाल किसान संघको स्थापना भइ देशमा किसान आन्दोलनको संस्थागत विकासको सुरुवात भएको थियो। उहाँले आफ्नो जीवन नै न्याय, समानता र राजनीतिक स्वतन्त्रताका लागि समर्पित गर्नु भएको थियो। पञ्चायती निरंकुशता विरुद्धको ०४६ सालको निर्णायक आन्दोलनमा वृद्ध अवस्थामा पनि उहाँले जनाउनु भएको सकृय सहभागिताले युवा पंक्तिमा उर्जा थपेको थियो। उहाँ त्यसबेलाको संयुक्त जनआन्दोलनको पक्षमा निकै सकृय हुनु हुन्थ्यो।

इतिहास र ऐतिहासिक व्यक्तित्वको स्मरण गर्नु भनेको हाम्रो गौरवमय विगत: क्रान्ति र आन्दोलनको सम्मान गर्नु पनि हो। कमरेड तुल्सीलाल र उहाँजस्तै नेताहरुको स्मरणले हामीलाई देश र जनताप्रतिको हाम्रो दायित्वको वोध गराइरहन्छ।

स्वर्गीय क्रान्तिकारी कमरेडको स्मृतिमा प्रतिष्ठानले प्रकाशन गर्न लागेको पुस्तक पठनीय मात्र होइन संग्रहणीय समेत हुनेछ भन्ने मेरो विश्वास छ।

कमरेड तुल्सीलाल हामीबीच अमर हुनुहुन्छ।

**२६ भदौ, २०७६**

**केपी शर्मा ओली**

# हामी सबैका अग्रज तुल्सी लाल अमात्य[1]

हामी सबैका अत्यन्तै आदरणीय, श्रद्धेय तुल्सी लाल अमात्यज्यू, नेपालको कम्युनिष्ट आन्दोलनको मात्रै होइन, बामपन्थी आन्दोलनको मात्रै पनि होइन, लोकतान्त्रिक आन्दोलनका पनि अत्यन्तै पुराना हस्तिहरू मध्ये एक हुनुहुन्थ्यो। उहाँप्रति म हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु।

नामबाटै पनि परिचित पुराना नेताहरुमा, पार्टी संस्थापक पुष्पलाल वा अरू संस्थापक अथवा पार्टी स्थापना भन्दा अगाडिदेखि मजदुर आन्दोलनमा सरिक मनमोहन अधिकारी, उहाँहरू सबै पुराना संस्थापक मध्येकै नेता हुनुहुन्छ। पार्टी स्थापनामा, को थियो, को थिएन, यो बेग्लै कुरा हो। तर उहाँहरू पनि संस्थापक मध्येकै हो । तुल्सी लाल अमात्यको राजनीतिमा संलग्नता अगाडि देखिकै हो । जतिबेला कम्युनिष्ट आन्दोलनले वैचारिक हिसाबले र साङ्गठनिक हिसाबले पनि आकार लिइसकेको थिएन, त्यतिबेला अत्यन्त पुरानो लोकतान्त्रिक आन्दोलनको धारमा, परिवर्तनको मोर्चामा संलग्न भएर आउनु भएका व्यक्तित्वहरू हुनुहुन्छ उहाँहरू।

आज आन्दोलन जुन उचाइमा पुगेको छ, जुन सफलता प्राप्त गरेको छ, जसले दुनियाँका, देशभित्र र देशबाहिर सबैतिरका, जनविरोधि, प्रतिक्रियावादी शक्तिहरूलाई अत्यन्तै त्रसित र भयभित बनाएको छ। यस बिन्दुमा आज आन्दोलन पुग्नुका पछाडि हाम्रा अग्रजहरुको असाधारण योगदान, त्याग, तपस्या र बलिदान छ। उहाँहरूको त्याग तपस्या र बलिदानले, उहाँहरूले गरेका आन्दोलन, अनवरत सङ्घर्षहरुले, आन्दोलनलाई जीवित मात्रै राखेन, यो रक्तविज झैँ फैलिएर आन्दोलनकारीहरूको सङ्ख्या र आन्दोलनको गति बढाउँदै बढाउँदै व्यापक बनाएर विजयी बन्ने स्तरसम्म पुऱ्यायो।

---

१ प्रधानमन्त्री केपी शर्मा ओलीले १७ श्रावण, २०७५ सालमा तुल्सी लाल अमात्यको २१ औं स्मृति दिवसका अवसरमा व्यक्त गर्नु भएका विचारको सम्पादित अंश–ले.

यस मध्ये, हामी सबैका अग्रज, हामी सबैका नेता, हुनुहुन्छ तुल्सी लाल अमात्य !

हुन सक्छ, नेताहरुका बीचमा, किसान आन्दोलनका सम्बन्धमा, कम्युनिष्ट आन्दोलनका सम्बन्धमा, विचारमा, समयानुकुल विश्लेषणहरूमा मतभेद थिए । हामीले निष्पक्ष ढङ्गले ती विचारहरुको समीक्षा गर्न सक्छौं र ती विचारहरु कति सही, कति गलत भन्ने कुरा आन्दोलनले र इतिहासले मुल्याङ्कन गर्छ । नेताहरूका बीचका मतभेद के थिए ? कुन सही थिए ? पूर्ण सही थिएनन् भने कुन मूलतः सही थिए ? त्यस्ता सन्दर्भहरुमा छलफल हुन सक्छ ! तर उहाँहरूका महान् उद्देश्य, महान् त्याग, उहाँहरुका दृढ र निरन्तर रुपमा रहेका योगदानहरू र उहाँहरूका पवित्र गन्तव्यका सम्बन्धमा कुनै विवाद हुँनै सक्दैन । त्यसमा कुनै, केही हेर्न पर्ने नै हुँदैन ।

उहाँहरूका महान् उद्देश्य थिए । उहाँहरूले ती महान उद्देश्य प्राप्तिको निम्ति अनवरत रूपमा आफूलाई सङ्घर्षमा समर्पित गर्नुभएको थियो । यसर्थ हामी हिजोका विवादहरुको बीचमा पर्दैनौं । कसका विचार के थिए ? विचार जे भए पनि उद्देश्य ठिक थिए । र, ठिक गन्तव्यमा पुग्नका लागि विवादका पक्षहरू गौण हुन्छन् । तात्कालिन विवादका पक्षहरू साझा गन्तव्यका अगाडि गौण हुन्छन् । त्यसैकारणले हामीले हाम्रा नेताहरूलाई आदर गर्छौं ।

कम्युनिष्ट आन्दोलनमा कहिले कसलाई गद्दार भन्ने, कहिले कसलाई गद्दार देख्ने प्रवृत्तिहरू पनि देखिए । त्यसबाट हामी माथि उठ्नुपर्छ र नेताहरूलाई सम्मान गर्ने, हेर्ने दृष्टिकोणमा पनि माथि उठ्नुपर्छ । आज हामी माथि उठेका छौं ।

आजको जस्तो एउटा परिपक्व आन्दोलन हिजो थिएन । हिजो एउटाले अर्कालाई गद्दार भने । र, खासगरी पहिलो पुस्ताका नेताहरू जीवित भएका समयमा एकले अर्कालाई नमान्ने एकखालको सोँच पनि देखिन्थ्यो । तर अब हामीले ती अनुभवहरूबाट पनि सिकेका छौं । हाम्रो गन्तव्य, हाम्रा महान् उद्देश्यहरूमा केन्द्रीत हुनुपर्छ । र, यसलाई मान्ने, उसलाई नमान्ने भन्ने खालका कुराहरू गौण हुन् । हामीले देश, जनता र आन्दोलन भन्दा परका अरू मनोभावनाहरु राख्नु हुँदैन । राखियो भने, त्यसले आन्दोलनलाई विभाजित गर्छ, कमजोर बनाउँछ, एकअर्काप्रतिको सम्मान र आदरभाव घटाउँछ । तसर्थ,

हामीले त्यस्ता कमजोरीहरूबाट माथि उठेर एउटा नयाँ संस्कृति सुरु गरेका छौँ।

हामी, हाम्रा सबै पूर्वजहरूलाई सम्मान गर्ने, उहाँहरूका आदर्शहरूबाट सिक्ने, उहाँहरूका महान् योगदानहरूबाट प्रेरणा प्राप्त गर्ने, र हामी, आफूलाई देश र जनताको हितमा समर्पित गर्ने उद्देश्यमा आफूलाई केन्द्रीत गरेका छौं। यसैकारण, आज विभिन्न धार र पुरानो समयदेखि विभाजित नेकपाका धारहरूलाई मिलाउँदै, मिलाउँदै कम्युनिष्ट आन्दोलनलाई एउटै पार्टी, एउटै आन्दोलन, एउटै विचार, एउटै उद्देश्य, एउटै कार्यदिशा, एउटै गन्तव्य, एउटै बाटो, एउटै सङ्गठन निर्माणमा हामी लागेका छौं। यो काम त्यति सहज कुरा होइन। तर, हामीले अत्यन्तै लोकतान्त्रिक अभ्यासबाट, कुनै प्रकारको दवावबाट होइन, छलफलबाट, सहमतिको बाटोबाट, यस कार्यलाई अगाडि बढाएका छौं। यहाँ, अरू पार्टीलाई निषेध गरेर, बाध्य बनाएर होइन, सहमति, संवादका माध्यमबाट स्वेच्छाले हामी एकताबद्ध आन्दोलनको निर्माण गरिरहेका छौं। यो आन्दोलनको निर्माण आन्दोलनका निम्ति होइन। यो आन्दोलन र, यो सङ्गठन निर्माणको कार्य एउटा यस्तो कार्य हो जसले हाम्रा पुर्खा, हाम्रा शहीद र हाम्रा दिदी बहिनी, दाजु–भाइहरूले देखेका सपना सुखी, खुसी, समृद्ध, न्याय र समतामा आधारित नेपाली समाज निर्माण गर्ने छ।

– केपी शर्मा ओली

***

**नेपाल कम्युनिष्ट पार्टी (नेकपा)**
केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

## शुभकामना

तुल्सीलाल अमात्य स्मृति प्रतिष्ठानले **तुल्सीलाल अमात्य, एक आदर्श व्यक्तित्व** नामक जीवनी प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ। उहाँको समग्र राजनीतिक आन्दोलनको योगदानको मूल्याङ्कन गर्दै कमरेड पुरुषोत्तम न्यौपानेले तयार गर्नुभएको उक्त जीवनीबाट कम्युनिष्ट आन्दोलन र नेपाली इतिहास अध्ययनका लागि पठनीय सामाग्री हुने विश्वास लिएको छु।

कमरेड अमात्य नेपाली कम्युनिष्ट आन्दोलनका अग्रज व्यक्तित्व हुनुहुन्थ्यो । समाज परिवर्तनको आन्दोलनमा उहाँको योगदान र भूमिका विशिष्ट रहेको छ। विश्व कम्युनिष्ट आन्दोलनको प्रभाव र नेपाली कम्युनिष्ट आन्दोलनको कार्यदिशा बारेका बहसमा आफ्नो बिचार प्रखर रुपमा प्रस्तुत गर्न सक्ने क्षमता उहाँमा रहेको थियो।

कम्युनिष्ट आदर्श र विचारमा प्रतिवद्ध, निष्ठावान, पारदर्शी र निःस्वार्थी नेता कमरेड अमात्यको योगदानलाई सम्मान गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। नेपाली कम्युनिष्ट आन्दोलनलाई थप एकतावद्ध र सिद्धान्तनिष्ट बनाई समाजवादी लक्ष्य हासिल गर्ने अभियानमा लामवद्ध हुन आव्हान गर्दै यस प्रतिष्ठानको उत्तरोत्तर प्रगतिको कामना सहित शुभकामना व्यक्त गर्दछु।

*०६ कार्तिक, २०७६*

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष

• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

## कम्युनिस्ट आन्दोलनको इतिहासमा एउटा इँटा

नेपालको कम्युनिस्ट आन्दोलनमा विशिष्ट योगदान पुऱ्याउनुहुने पहिलो पुस्ताका नेताहरूमध्ये कमरेड तुल्सी लाल अमात्य धेरै हिसाबले हाम्रा लागि आदरणीय हुनुहुन्छ । तेस्रो महाधिवेशनपछि एकीकृत अवस्थामै नेपाल कम्युनिस्ट पार्टीको महासचिव हुँदै टुटफुटका अनेक शृङ्खला भोग्नुभएका उहाँले जीवनको उत्तरार्द्धमा नेकपा (एमाले) मा जोडिएर एकीकृत कम्युनिस्ट आन्दोलन निर्माणमा गरेको योगदान स्मरणीय छ। कम्युनिस्ट पार्टी निर्माणको पहिलो पुस्ताका नेता कमरेड तुल्सी लाल अमात्यका बारेमा खोज, अध्ययन र अनुसन्धान गरेर पुस्तक तयार पार्दा त्यसबाट आजको पुस्ताले आलोकित हुने मौका पाउँछ। यसका लागि पुरुषोत्तम न्यौपानेले तयार पार्नुभएको तुल्सी लाल अमात्यः एक आदर्श व्यक्तित्व पुस्तक उपयोगी हुनेछ भन्ने मैले विश्वास लिएको छु।

केही प्रकाशित पुस्तक पढेर र नेताका बारेमा मनमा लागेका कुरा समेटेर तयार पारिएका अरू पुस्तकहरू भन्दा यो फरक छ। किनभने, यसलाई अध्ययन, खोज र अनुसन्धानका साथै अरू नेताहरूसँगका भेटघाट एवम् छलफलहरूका आधारमा मिहिनेत गरी तयार पारिएको छ। कमरेड तुल्सीलालको जीवनका सबैजसो पक्ष समेटेर सकेसम्म धेरै खोज गरेर एक प्रकारको शोधग्रन्थ नै बनाइएको छ। सङ्घर्षशील जीवनका सम्पूर्ण पाटोलाई हेर्ने हो भने कमरेड तुल्सी लाल अमात्यलाई त्यत्तिकै 'अविश्रान्त योद्धा' भनिएको होइन रहेछ भन्ने निष्कर्षमा सहजै पुग्न सकिन्छ। पारिवारिक समस्या, राजनीतिक उथलपुथल र यसभित्रका अनेकौँ जटिलतालाई पार गर्दै कमरेड तुल्सी लालको जीवन–यात्रा कसरी अगाडि बढेको रहेछ भन्ने यथार्थ तस्वीर प्रस्तुत गर्न पुस्तक सफल छ। अर्थशास्त्रमा स्नातकोत्तर गर्नेदेखि बैङ्कमा जागिर खानेसम्म, विभिन्न दलहरूमा आबद्ध हुनेदेखि अनेकौँ सामाजिक संस्थामा संलग्न हुनेसम्म, कम्युनिस्ट पार्टीले सुम्पेको किसान आन्दोलनको मोर्चादेखि बैचारिक–

राजनीतिक आन्दोलनका सबै क्षेत्रसम्म, सङ्गठन निर्माण र सञ्चालनदेखि अन्तर पार्टी बैचारिक सङ्घर्ष सञ्चालन गर्नेसम्म सबै क्षेत्रमा कमरेड तुल्सी लाल अमात्य उत्तिकै सक्रियता र लगनशीलताका साथ अविचलित रूपमा लागि रहने योद्धा हुनुहुन्थ्यो। तेस्रो महाधिवेशनपछिका पीडादायी अन्तरपार्टी विवादका क्रममा पनि कसरी कम्युनिस्ट पार्टीलाई एकीकृत र गतिशील बनाउन सकिन्छ भन्ने विषयमा उहाँमा रहेको चिन्ता, चासो, मिहिनेत र लगनशीलतालाई यस पुस्तकले प्रस्तुत गरेको छ । किसान आन्दोलनदेखि संसदीय सङ्घर्षका विभिन्न मोर्चामा उहाँले निर्माण गरेका पदचिन्हहरूदेखि आफूलाई सधैँ सादा जीवन र उच्च विचारका पक्षपोषकका रूपमा आजीवन उभ्याइरहँदाका उहाँका आदर्शहरू यस पुस्तकमा देख्न सकिन्छ।

तुल्सी लाल अमात्यः एक आदर्श व्यक्तित्व पुस्तक तथ्यमा आधारित भएकाले पठनीय र सङ्ग्रहणीय छ । नेपाली कम्युनिस्ट आन्दोलन र कमरेड तुल्सीलाल अमात्यका बारेमा जानकारीका लागि रुचि राख्ने सम्पूर्ण अध्येताहरूलाई पुस्तक उपयोगी छ। यसबाट नेपालको कम्युनिष्ट आन्दोलनको अन्तरजीवनलाई गहिरो गरी बुझ्न मद्दत पुग्छ भन्ने मलाई विश्वास छ। गहन पुस्तक लेखनका लागि कमरेड पुरुषोत्तम न्यौपानेलाई धन्यवाद दिँदै आगामी दिनमा अझ गहन पुस्तकहरू लेखिने आशाका साथ सफलताको कामना गर्दछु । साथै, महत्वपूर्ण पुस्तक प्रकाशनका लागि तुल्सी लाल स्मृति प्रतिष्ठानलाई पनि धन्यवाद दिन चाहन्छु।

माधवकुमार नेपाल<br>
कोटेश्वर, काठमाडौँ<br>
२६ भदौ, २०७६

# प्रतिष्ठानका अध्यक्षको भनाइ

पार्टी स्कुलका प्रशिक्षक नेपालको कम्युनिष्ट आन्दोलनका नेता कामरेड पुरुषोत्तम न्यौपानेलाई २०७३ माघमा मैले तुल्सी लाल स्मृति प्रतिष्ठानको तर्फबाट तुल्सी लाल अमात्यको जीवनी लेख्न अनुरोध गरेँ, वहाँले सहर्ष स्वीकार गर्नु भयो। करीब दुई वर्ष पाँच महिना समय लगाएर मेहनतपूर्वक अध्ययन, अनुसन्धान गरी यो जीवनी तुल्सी लाल अमात्यः एक आर्दश व्यक्तित्व तयार पार्नु भएको छ। यस परिश्रमपूर्ण कार्यको लागि म वहाँलाई सर्वप्रथम धन्यवाद दिन चाहन्छु।

नेपालको लोकतान्त्रिक एवम् कम्युनिष्ट आन्दोलनको शिखर व्यक्तित्व जननायक कामरेड तुल्सी लाल अमात्यको ८२ वर्षीय जीवनको अधिकांश समय देश, जनता र पार्टीका लागि सर्पित भएको देखिन्छ। वहाँले आफ्नो निजी र पारिवारिक स्वार्थलाई भन्दा देश, जनता र पार्टीको स्वार्थलाई अगाडि राख्नु भएको थियो। त्यसकारण वहाँ सच्चा देशभक्त लोकतन्त्रवादी कम्युनिष्ट नेता हुनुहुन्थ्यो। वहाँ आफ्नो समयको प्रखर मार्क्सवादी–लेनिनवादी कम्युनिष्ट नेता हुनुहुन्थ्यो। वहाँको क्रान्तिकारी सन्तुलित दृष्टिकोण, निरन्तर अध्ययन गरिरहने बानी, दुःख कष्ट कठिनाईसँग निरन्तर सघर्ष गर्ने, षड्यन्त्र, छलकपट–जालझेल नगर्ने स्वभाव, साधा जीवन, जनसेवा विशेषतः किसान, मजदुरहरूको सेवामुखी राजनीति कामरेड तुल्सी लाल अमात्यबाट सिक्नै पर्ने महत्त्वपूर्ण कुराहरू हुन्।

नेपालको राजनीतिमा तुल्सी लाल अमात्यको भूमिका र योगदानहरूलाई यो जीवनी लेखनले विशेष रूपले समेटेको छ। यसको लागि म खुशी ब्यक्त गर्न चाहान्छु। तुल्सी लालको जीवन–गाथा, जीवन कथा मूलतः राजनीतिक सङ्घर्ष, आन्दोलन र सङ्गठनका अनेकौं उतार चढावसँगै खुल्ला, भूमिगत र निर्वासित प्रवासी जीवन, जेल जीवन, दुःखकष्टहरूले भरिएको पारिवारिक जीवनसँग जोडएका छन्। विशेषतः (१) निरंकुश जहानियाँ राणा शासनको

विरुद्ध प्रजातान्त्रिक सङ्घर्ष र आन्दोलनहरूमा (२) ३० वर्षे राजतन्त्रात्मक पञ्चायती ब्यवस्थाको विरुद्धको सङ्घर्ष र संयुक्त जनआन्दोलनहरूमा (३) नेपालको संसद र संसदीय सङ्घर्षहरूमा (४) नेपालका किसानहरूको सामन्त र जमिन्दार विरोधी सङ्घर्ष र आन्दोलनहरूमा (५) नेपालको कम्युनिष्ट आन्दोलन र नेकपामा (यी पाँच क्षेत्रमा) कामरेड तुल्सी लाल अमात्यको त्यागपूर्ण, प्रेरणादायी योगदानहरूको मूल्यांकन हुन आवश्यक छ। कामरेड पुरुषोत्तम न्यौपानेले यस कुरालाई महशुस गरी खोज, अध्ययन र अनुसन्धानको प्रयास आरम्भ गर्नुभएकोमा धन्यवाद छ।

तुल्सी लाल अमात्यः एक आर्दश व्यक्तित्व प्रकाशन गर्न पाएकोमा तुल्सी लाल स्मृति प्रतिष्ठान गौरव महशूस गर्दछ। प्रकाशनको लागि कामरेड तुल्सी लाल अमात्यका छोरीहरू प्रतिभा र रश्मी, छोरा संजय अमात्यबाट केही आर्थिक सहयोग भएकोमा प्रतिष्ठानको तर्फबाट धन्यवाद दिन चाहन्छु।

प्रतिष्ठानका प्रमुख संरक्षक एवम् पूर्व–प्रधानमन्त्री नेकपाका वरिष्ठ नेता माननीय माधवकुमार नेपालले हाम्रो अनुरोध स्वीकार गरी पुस्तकमा भूमिका लेखिदिनु भएकोमा धन्यवाद ज्ञापन गर्न चाहन्छु।

सम्मानीय प्रधानमन्त्री एवम् नेकपाका अध्यक्ष केपी शर्मा ओली र पूर्व प्रम तथा पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले शुभ कामना मन्तव्य दिनु भएकोमा उहाँहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अब पुस्तक तपाइहरूको हातमा छ। यसको अध्ययन गरिदिनु हुन र तथ्य सत्यमा आधारित भएर सुझाव, सल्लाह तथा आलोचनाका लागि हार्दिक अनुरोध गर्दछु।

छपाइ–प्रकाशनमा सहयोग पुऱ्याउने जनता प्रसारण तथा प्रकाशन लि. लाई पनि धन्यवाद दिन चाहन्छु।

२०७६ भाद्र ९

**गोपाल शाक्य**
अध्यक्ष
तुल्सी लाल स्मृति प्रतिष्ठान
तुल्सी लाल स्मृति भवन
शङ्खमूल च्यासल, ललिपुर

# कृतज्ञता

विराट राजनीतिक व्यक्तित्वका धनी तुल्सी लाल अमात्यको जीवन कथा नेपालको राजनीतिक आन्दोलनसँग अभिन्न रूपले जोडिएको छ। कठिन एवम् प्रतिकूल परिस्थितिमा पनि निरन्तर राजनीतिमा खटिरहने पात्रका रूपमा उहाँको नाम श्रद्धापूर्वक नेपाली जनआन्दोलनको इतिहासमा उल्लेख गरिन्छ। राजनीतिक सेवाकर्ममा समर्पित युवापङ्क्तिलाई अमात्यको जीवन कथा प्रेरणादायी रहनेछ भन्ने कुरामा विश्वास लिन सकिन्छ।

पाटनको एउटा प्रतिष्ठित ब्यापारिक परिवारमा जन्मभएको भए तापनि अमात्यको बाल्यकाल सुखद एवम् प्रफुल्ल वातावरणमा बित्न पाएन। अर्थशास्त्रमा स्नातकोत्तर अमात्यले नेपालको एक मात्र बैंकको उच्च ओहोदाको जागिरलाई त्यागेर बिना पेशा ब्यवसाय गरिब किसान तथा सर्वहारा वर्गको राजनीतिमा समर्पितभएको कारण जीवनभर आर्थिक सङ्कट र दरिद्रता भ्रेल्नु पऱ्यो। पूर्वीय दर्शन र धर्म संस्कृतिसँग प्रगतिशील विचार र मार्क्सवादी दर्शनलाई संश्लेषण गर्न तथा स्वदेशी पुँजीमा आधारित स्वतन्त्र अर्थतन्त्र र गैर पुँजीवादी विकासको बाटोबाट समाजवाद निर्माण गर्ने नीतिमा उहाँको सधैं जोड रह्यो।

तुल्सी लाल स्मृति प्रतिष्ठानको भवनमा नेकपा (एमाले) केन्द्रीय पार्टी स्कूल विभागबाट नियमित रूपमा पार्टी कक्षा सञ्चालन भइरहेको थियो। त्यसै बेलामा नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासको सन्दर्भमा कम्युनिष्ट आन्दोलनका सम्मानीत नेता तुल्सी लाल अमात्यको जीवनी लेखनको प्रसङ्ग चल्यो। उहाँसँग सँगसँगै काम गरेको अनुभव नभएको भए तापनि इतिहासको एउटा सामान्य विद्यार्थीको नाताले जीवनी लेख्ने उत्प्रेरणा जाग्यो ।

उहाँ अत्यन्त अध्ययनशील नेता हुनुहुन्छ भन्ने सुनेको, बुझेको थिएँ। त्रिचालीस सालमा स्वठः स्थित निवासमा भेटदा उहाँ अध्ययन कक्षमै

हुनुहुन्थ्यो । त्यसवेला अमात्यले नेपालको कम्युनिष्ट आन्दोलनमा रहेका केही मतभेदका कुराहरू दस्तावेज खोलेर बताउनु भएको थियो। एउटा विद्वान् र लामो इतिहास भएका नेताको जीवनी लेख्नु आँफैमा चुनौतीपूर्ण कामका साथै इतिहाससँग साक्षात्कार हुने अवसर पनि थियो। यस अवसरलाई साकार रुपदिन अमात्यका जीवन संघर्षका कथा तथा कीर्ति र राजनीतिक, सामाजिक इतिहासको अध्ययनमा लागेँ। र, करिब तीन वर्षको निरन्तर अध्ययन तथा लेखनबाट जीवनीले पुस्तकाकारको रूप ग्रहण गरेको छ।

यस पुस्तकमा नेपाली जनताले गरेका सङ्घर्ष र आन्दोलनको इतिहासका कथा, नेपालको समाज, राजनीति, इतिहास र अमात्यका निजी जीवन एवम् वंश परम्परासँग सम्बन्धित पाठ्य सामग्रीका साथै अन्य सन्दर्भ ग्रन्थहरू पनि उपयोग गरिएका छन्।

तुल्सी लाल अमात्य, पुष्पलाल, जनकलाल शर्मा, केदारनाथ प्रधान, प्रा.डा. सुरेन्द्र केसी, प्रा.डा. राजेश गौतम, डा. वेदुराम भुसाल, डा. कुन्दन अर्याल, सूर्य थापा, बिष्णु रिजाल, डा. बालचन्द्र मिश्र, इतिहास शिरोमणि बाबुराम आचार्य, इतिहासकार गृष्मबहादुर देवकाटा, डा. तुलसीनारायण श्रेष्ठ, महापण्डित राहुल सांस्कृत्यायन, डा. वाला राममूर्ति लगायत तीस भन्दा बढी विद्वान् लेखक, सम्पादक तथा राजनीतिज्ञहरूका ग्रन्थहरूमा रहेको ज्ञान यस पुस्तकका लागि उपयोगी बनेका छन् । साथै विभिन्न राष्ट्रिय राजनीतिक ब्यक्तित्व, संस्कृति तथा इतिहासविद्, राजनीतिज्ञका परिवारका सदस्यहरू र राजनीतिक कर्मीसँग गरिएका भेटवार्ता कुराकानीबाट प्राप्त तथ्य, सत्य र ज्ञानगुणका कुरालाई पनि यथोचितरूपमा सक्दो महत्त्व दिईएको छ। यस पुस्तकमा नेपालका प्राय सबै राजनेता एवम् राजनीतिज्ञका अमात्यप्रतिका भनाईलाई उल्लेख गरिएको छ। उहाँहरु सबैप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

नेपालको प्रजातान्त्रिक एवम् लोकतान्त्रिक कम्युनिष्ट आन्दोलन र यससँग जोडिएका पार्टी सरकार तथा तिनीहरूका इतिहास पनि उहाँको जीवनसँग स्वाभाविक रूपमा जोडिन पुगेका छन् । उहाँको सर्वस्वहरण, निर्वासन, त्रिहत्तर वर्षको उमेरमा प्रजातन्त्र पुनर्स्थापनार्थ संयुक्त वाम मोर्चाको

मानार्थ अध्यक्षको हैसियतले आन्दोलनको नेतृत्व गर्दै जेल गएका घटना, उहाँको पुष्पलाल, वी.पी., मातृकाप्रसाद कोइराला, राजा त्रिभुवन, महेन्द्र सँगका सम्बन्धका कुरा एक आपसमा अन्तरसम्बन्धित रहेका छन्, जसलाई पुस्तकमा यथोचित ठाउँ दिने प्रयास गरिएको छ।

जीवनीका नायकका वारेमा संस्कृतिविद् सताब्दी पुरूष सत्यमोहन जोशीले बताउनु भएका जानकारी र दिनु भएका सुझाव सल्लाहको पालना गर्ने प्रयत्न पनि गरेको छु र यसका लागि उहाँप्रति कृतज्ञता प्रकट गर्दछु। भूमिका लेखिदिएर जीवनीको महत्त्व बढाइ दिनु भएकोमा पूर्व प्रधानमन्त्री एवम् नेकपाका बरिष्ठ नेता माधवकुमार नेपालप्रति सादर कृतज्ञता प्रकट गर्दछु। पुस्तकमा शुभकामना मन्तव्य दिनु भएकोमा सम्मानीय प्रधानमन्त्री एवम् नेकपाका अध्यक्ष के.पी. शर्मा ओली र पूर्व प्रम तथा नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'प्रति आभार कृतज्ञता व्यक्त गर्दछु।

यसैगरि, टङ्कन गरिएको पाण्डूलिपि पढेर सुझाव एवम् हौसला दिनुहुने आदरणीय दाइ गोविन्द ज्ञवाली, आदरणीय मोदनाथ प्रश्रित, गोपीरमण उपाध्याय, आदरणीय मित्रहरू शंकर पोखरेल, डा. विजय कुमार पौडेल, अच्युतप्रसाद मैनाली, विद्वान् साहित्यकार डा. अमर गिरी, सहप्राध्यापक डा. जीवलाल बस्याल, सह प्राध्यापक गेहेन्द्रप्रसाद दाहाल, विद्वान् मित्र ईश्वरी रिजाल, घनश्याम कोइराला, खेमचन्द्र ढकाल, पेम्वा लामा, गोपाल खनाल (गोप सल्लाहकार सम्पादक), प्रगतिशील लेखक तथा साहित्यकार डि.आर. पोखरेल, भवानीराम शर्मा, हुमा पाण्डे, अनन्य मित्र रूद्रहरि ज्ञवाली, प्रेमसिं महर्जन, जीवनी नायकका सुपुत्रीहरू प्रतिभा अमात्य, रश्मी अमात्य, सुपुत्रहरू डा. दिवस अमात्य, ई.संजय अमात्य तथा अमात्यका काकाका छोरा सुवर्णसिंह अमात्य, अमात्यका राजनीतिक सहकर्मी स्नेहलता र सहयोगका लागि सधैं तत्पर रहिरहने उदार भावनाका धनी अमात्यका छोरी ज्वाई चन्द्रबहादुर श्रेष्ठले पुऱ्याउनु भएको सहयोगप्रति हार्दिक आभार ब्यक्त गर्दछु।

जीवनी लेखनका लागि घच्घच्याइरहने तथा पुस्तक प्रकाशन गरिदिनु हुने नेपालको कम्युनिष्ट आन्दोलनका वरिष्ठ नेता एवम् तुल्सी लाल स्मृति प्रतिष्ठानका अध्यक्ष गोपाल शाक्य, माधव पौडेल तथा पदाधिकारी हिमबहादुर

क्षेत्री, मिठाराम शर्मा, डा. सुमीत्रा अमात्य, गरिमा शाह, सुरेन्द्रमोहन शर्मा तथा सम्पूर्ण प्रतिष्ठान परिवारलाई धन्यवाद टक्र्याउँन चाहन्छु । साथै अमात्यका सहयोगी एवम् शुभचिन्तकहरूले विभिन्न जानकारी दिएर पुऱ्याउनु भएको सहयोगप्रति पनि आभार प्रकट गर्दछु। टङ्कन कार्यमा सहयोग पुऱ्याउने सुरतबहादुर भुल तथा गीता ज्ञवाली र फोटो कपिमा सहयोग गर्ने बिष्णु पोखरेल, मुद्रणमा सहयोग गर्ने लेआउट र डिजाइन गरिदिनु हुने अनिल श्रेष्ठ र जनता प्रसारण तथा प्रकाशन लि. का प्रबन्धक अशेष घिमिरे एवम् जनता परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

साथै लेखन कार्यमा संधै हौसला एवम् साथ दिने जीवन सँगिनी शारदा देवी कुमाल र साथ सहयोग दिने छोराहरू क्षितिज र विनय पनि धन्यवादका पात्र छन्।

अन्तमा,

यो सानो पुस्तक आदरणीय विद्वान् पाठक महानुभाव समक्ष प्रस्तुत गरेको छु।

पुरुषोत्तम न्यौपाने
भरतपुर –११, चितवन
हाल : काठमाण्डौ
९८४१६१७९६३
pneupane18@gmail.com

# विषयसूची


| | |
|---|---|
| पाटनका लिच्छवि वंशका अमात्य | १९ |
| मातृत्व विहीन बाल्यकाल | २५ |
| पढे चाँदताराको टोपी | २९ |
| पारिवारिक जीवन | ३६ |
| कर्मयोगी व्यक्तित्व | ४९ |
| सम्पूर्ण जीवन राजनीतिमा | ५८ |
| पार्टी स्कुलमा | ७९ |
| किसान आन्दोलनका अग्रणी नेता | ९० |
| दिल्ली सम्झौतादेखि संसदसम्म | १०२ |
| सर्वस्वहरण र निर्वासन | ११२ |
| दरभङ्गादेखि एमाले स्थायी समितिसम्म | ११९ |
| महाधिवेशन पछिका बाह्य तथा आन्तरिक उल्झन | १५७ |
| धर्म र अर्थ–राजनीति सम्बन्धी अवधारणा | १९१ |
| जीवनको उत्तरार्ध | २१४ |
| अन्तिम घडी | २१६ |
| उपसंहार | २२० |
| परिशिष्ट | २२२ |
| सन्दर्भ सामग्री | २६३ |

# पाटनका लिच्छवि वंशका अमात्य

नेपालका एक सुपरिचित राजनेता तुल्सी लाल अमात्यको जीवन कथाले नेपाली राजनीतिको लामो इतिहास बोकेको छ। लिच्छवि वंशका चिकुटेभारोका सन्तती उनी आधुनिक नेपालको इतिहासमा एक उज्ज्वल नक्षत्रको रूपमा उदाय । उनको पहिचान जनाउने अमात्य थर राजकाजकार्य सम्पादनका क्रममा विकास भएको हो। अमात्यका बारेमा पढ्दा यिनका पुर्खा र वंशका बारेमा जिज्ञासा उत्पन्न हुनु स्वाभाविक हो। अमात्यका पुर्खाको कथा कस्तो होला ? भन्ने बुझ्न प्राचीन कालको नेपालको इतिहासतिर फर्किनु पर्छ।

प्राचीनकालको कुरा हो । त्यतिबेला राजकाजमा दूतक, महासामन्त, सामन्त, महावलाध्यक्ष, महाप्रतिहार, सर्वदण्डनायक हुन्थे। लिच्छविकालमा पनि राजालाई सहयोग गर्न राजामात्य र कुमारलाई सहयोगगर्न कुमारामात्य हुन्थे। त्यतिबेला मन्त्रीपरिषद् वा अमात्यपरिषद्ले गर्ने राजकाजको पदलाई अमात्य भनिन्थ्यो। समय बित्दै गयो र यो पदको प्रयोग थरको रूपमा हुन थाल्यो।

अमात्य थर पनि विभिन्न वंशसँग जोडिएको छ । ती मध्ये तुल्सी लाल ग्वाछें अमात्य वंशका पुर्खासँग जोडिएका छन् । ग्वाछें अमात्यका पुर्खा चिकुटी भारो हुन् । चिकुटीले राजा कवीन्द्र प्रताप मल्लको पालामा काठमान्डौमा आधुनिक प्रधानमन्त्री सरहको प्रशासनिक पद सम्हालेका थिए। यहाँका अमात्यलाई राजकुलसथे अमात्य पनि भनिन्छ। पाटन स्वठँः नारायणगरूड पादपीठको अभिलेखबाट अमात्यहरू राजा मानदेवका सन्तति हुन् भन्ने तथ्य खुल्छ। त्यसैले ग्वाछें अमात्यहरूको कुलको सम्बन्ध लिच्छवि राजा मानदेव वर्मासँग जोडिएको छ । ग्वाछें मानदेव प्रथमले स्थापना गरेका थिए। ग्वाछें लेखिएपछि कोष्ठ भित्र पाँचवटा विहार मध्ये चक्रविहार लेखिएको छ। तसर्थ चक्रविहार भनेको ग्वाछें हो। अमात्यहरू क्षेत्री भएको तर पृथ्वीनारायण शाहको उदयसँगै क्षत्री नभनी 'छथरी' 'महाअमात्य' र 'महाजन' 'नेवार क्षेत्री' भन्न, लेख्न थालिएको हो। (अमात्य, २०६२)

ग्वाछेँ अमात्यहरू समभावका धनी मानिन्छन् । उनीहरू बौद्ध

तथा हिन्दु परम्पराप्रति समान आस्था राख्दछन् । बौद्धमार्गीले गाइजात्रा मनाउँदैनन् । त्यसैकारण ग्वाछैं अमात्यहरू पनि गाइजात्रामा गाई वा मान्छे केही पनि पठाउँदैनन् । ग्वाछें अमात्यहरूका दीक्षित व्यक्तिहरूले हिरण्यवर्ण महाविहारमा पूँजा गरी दशजना गुभाजुलाई भोज खुवाउँछन् । उनीहरूको महाविहारको गुठीलाई खाइसल्हु गुठी भनिन्छ । ग्वाछें अमात्यहरू बौद्धमार्गी हुनुका साथै हिन्दु देवी तलेजु भवानीको पनि पूँजाअर्चना गर्छन् । बौद्ध तथा हिन्दु धर्मद्वारा अनुप्राणित यहाँका लिच्छविकालमा बनेका चैत्यमा शिवलिङ्गमाथि बुद्धमूर्तिका चैत्य बनाइका छन् । यसबाट प्राचीन काल देखि नै नेपालमा हिन्दु र वौद्ध दुवै धर्म, सम्प्रदाय र संस्कृतिका बीचमा घनिष्ठ सहसम्बन्ध रहेको कुरा प्रष्ट देखिन्छ । ग्वाछैं अमात्यहरूले यसै समभावको मार्गलाई अपनाएका छन् । यिनीहरू चाँगुनारायणलाई आफ्ना कुलदेवता मान्दछन् । चाँगुनारायण राजा हरिदत्त वर्माले स्थापना गरेका थिए । (अमात्य, २०६२)

हिन्दु तथा बौद्ध धर्म एवम् दर्शन अनि मानव सभ्यताको उद्गम एवम् विकास भूमि हाम्रो देशको अतित अझ झनै कस्तो थियो होला ? हाम्रो मनमा यस्तो जिज्ञासा जाग्नु स्वाभाविक हो ।

अति प्राचीन समयमा सत्यवतीका नामले पुकारिएको, पछि यतिहरूको मूल बासस्थान किम्पपुरूषको नामले चिनिएको, सिन्धु नदीको पूर्वोत्तर तथा ब्रह्मपुत्रको पश्चिमोत्तर हिमवत्त खण्डको नाभी पाशुपत्त क्षेत्रमा अवस्थित रहेको, हिमवत्त खण्ड तथा देवभूमि तथा रत्नगर्भाका नामले समेत परिचित नेपाल केही दशक अघिसम्म पनि काठमाण्डौ उपत्यकाको भूगोलबाट परिचित थियो ।

प्राचीन कालमा उपत्यकाका शहरहरू खड्गको आकारमा स्थापित भएका थिए । यसलाई नेवार समुदायले येँ भन्छन् । यी शहरका टोललाई थने र क्वन नामले पनि चिनिन्थ्यो । उठेको उँचा भूभागको टोललाई थने भनिन्थ्यो भने दबेको होँचो भूभागको टोललाई क्वन । नेवारहरूका बस्ती विभिन्न आकारमा बनेका छन् । यल(पाटन) डाइमण्ड आकारमा बनेको थियो भने साक्वा (शंखरापुर) शंखको आकारमा । यल नाम किराती राजा यलम्बरको नामबाट रहन गएको हो भन्ने पनि भनाई छ ।

गोपाल वंशका मानिसहरू उपत्यका प्रवेश गर्दा यहाँ पहिले देखि नै मानिसहरूको बसोवास थियो । गोपाल भन्दा पहिले यहाँ बज्रयोगिनीको मातृतन्त्र

थियो ।[१] साँखुका मानिसहरूबाट सुनिएको दन्त्य कथा अनुसार नेपालका आदि शासकहरू बज्रयोगिनीका सन्तान थिए। यिनीहरूले नै वर्षौं मेहनत गरेर चोभारको डाँडो काटी तालको पानी निकास गरेका थिए। (पुष्पलाल, २०७३ नेपालमा मातृ सत्तात्मक समाज) त्यसपछि गोपाल, महिषपाल, किराँत, सोमवंशी (राजपूत), लिच्छवी, ठकुरी, मल्ल, शाह वंशका जति पनि गण, जन, सामन्त, रजौटा, राजा यस काठमाण्डू उपत्यकामा विभिन्न समयमा प्रवेश गरे (ती आगन्तुक जातिको आफ्नो शासन रहुन्जेल तिनीहरुको आफ्नो बेग्लै अस्तित्व देखिए तापनि शासन समाप्त हुनासाथ) तिनीहरू सबै यहाँका पुराना वासिन्दाका भाषा, धर्म, संस्कृतिमा समाहित हुँदै अन्तरघुलित भए र नेपालमा समृद्ध कला संस्कृति र सभ्यताको विकास गरे।

पृथ्वीनारायण शाह उपत्यकामा प्रवेश गर्नु अघिका बज्रयोगीनी देखि गोपाल, किरात, मंगोल, लिच्छवि र मल्लहरू सबै एकआपसमा विलय भएर बृहत्तर नेवारी समाजको निर्माण भएको हो।

गोपाल, जिता गुप्ता, यलम्बर, मानदेव, नरेन्द्र देव, जयस्थिति मल्ल, यक्ष मल्ल आदिले नेपाल मण्डलमा शासन गरेका थिए। यक्ष मल्लले नेपाल मण्डललाई भागबन्डा गरेर आफ्ना छोराहरूमा बाँडिदिए र मण्डल कान्तिपुर, भक्तपुर र पाटनमा विभक्त हुनपुग्यो । पछिल्लो कालमा नेपाल मण्डलको सिमाना उत्तरमा निलकण्ठ, दक्षिणमा नटेश्वर, पश्चिममा कलेश्वर र पूर्वमा भिमेश्वर थियो। यसमा ब्रहमेश्वर देखि भिमेश्वरसम्म छरिएर रहेका ६४ वटा शिव लिङ्ग र त्रिशुली नदी देखि दोलालघाट सम्म रहेका बुद्ध धर्मावलम्बीका २४ वटा तीर्थस्थलहरू पर्दछन्। बज्रयानी बुद्ध धर्मावलम्वीका प्रमुख देवता चक्रसम्भराको बिम्व (रूप)को आधारमा मण्डलाको रचना भएको मानिन्छ। मण्डलाको अर्थ अधिराज्यहरू मिलेर बनेको संघ भएको देश भन्ने हुन्छ। मल्लकालमा काठमाण्डौ, ललितपुर, भक्तपुर र दोलखालाई नेपाल मण्डल भनिन्थ्यो। बेलाबेलामा यसको विस्तार परपरसम्म पनि हुनपुगेको पाइन्छ। मण्डलको उल्लेख मानदेव र जयदेवका शिलालेख र ताम्रपत्रमा पनि पाइन्छ।

पाटन काठमाडौं[२] उपत्यकाको दोस्रो पुरानो शहर हो । यो काठमाण्डौ

१ Puspalal Historical Notes Page 185

२ बसन्तपुर दरवार क्षेत्रमा रहेको (मध्यकालमा बनेको) काष्ठमण्डप मन्दिरको नामबाट यस उपत्यकाको नाम काठमाण्डौं रहन गएको हो।

भन्दा पहिला विकास भएको हो । वर्तमान पाटन शहरलाई 'यूपग्राम' भनिन्थ्यो । राजा मानदेव मानगृह राजभवनमा बसेर शासन गर्दथे ।पाटन नेपाल राज्यको राजधानी थियो ।[३] ललितपुर शहर राजा वीर देवको समयमा सन् २९९ मा विकास एवम् विस्तार भएको हो । पाटनलाई ललितपुर भनिन्छ। यसको अर्थ हो सुन्दर शहर। ललितपुरलाई नेवार समुदायले यल भन्दछन्। यस शहरले पाटन नाम धेरै पछि मात्र पाएको हो। ललितपुरले ललित कलाका विभिन्न विधा मूर्तिकला, धातुकला, प्रश्तरकला तथा काष्ठकलाका लागि विश्वस्तरमा नै प्रसिद्धि कमाएको छ। काठमाडौं उपत्यकालाई मन्दिर तथा हिटी (ढुँगेधारा)को शहर पनि भनिन्छ । यस शहरलाई वास्तुकलाको शहरका रूपमा पनि चिनिन्छ । यहाँका मठमन्दिरमा प्रयोग भएका नेपाली वास्तुकला ईसाका सातौं शताब्दी अघिका हुन्।

पाटनका जनता न्याय र सद्भावको भावनाले ओतप्रोत क्रान्तिकारी जनसमुदायका रूपमा परिचित छन्। पाटन शहरको क्रान्तिकारी यस्तो परिचय शाह कालमा मात्र बनेको होइन, मल्लकालमै पनि यहाँका जनताले न्यायका लागि गरेको सङ्घर्षको परिचय हो यो । राजा हरिदेवका विरूद्धको विद्रोह, सदाशिव मल्ललाई भक्तपुर खेदेको कुरा र जयप्रकाश मल्ललाई पाटनबाट निष्काशन गरिएका घटना यहाँका जनताले गरेका विद्रोहका केही उदाहरण हुन्। तर जनप्रिय राजा सिद्धिनरसिंह र नरेन्द्रदेवलाई भने अत्यन्त श्रद्धापूर्वक मानसम्मान गरेर शासन सञ्चालनमा सहयोग पुऱ्याएका थिए। तुल्सी लाल अमात्य, नरेन्द्र देवप्रति श्रद्धाभाव व्यक्त गर्दछन् । (अमात्य,२०६२, आचार्य २०७३, थापा, २०६२)

## अमात्यको जन्म अघिपछिका राजनीतिक घटनाक्रम

मानिसले आफ्नो गास, बास र कपासका निम्ति सामुहिक रूपले गरेका उत्पादन कार्यका क्रममा समाज, राष्ट्र, देश र इतिहासको निर्माण हुन्छ । यस्तो बुझाइलाई भौतिक इतिहासमा आधारित सही समझदारी मानिन्छ। नेपाली इतिहासको ब्याख्या भने पौराणिक, धार्मिक र वंशावलीको रूप र आधारमा गरिएको छ। (पुष्पलाल) इतिहासको यस प्रकारको ब्याख्या अद्यावधि प्रवल रहेको भए तापनि इतिहासको मुख्य आधार समाज र समाजमा भएका सङ्घर्ष र त्यसबाट उठेका ब्यक्तित्व तथा नेतृत्वका योगदानका बारेमा

३ आचार्य बाबुराम, (२०७४) चीन तिब्बत र नेपाल, फाइन प्रिन्ट बुक्स

पनि इतिहास लेखन प्रारम्भ भएको छ। तुल्सी लाल अमात्यको राजनीतिक सङ्घर्षको इतिहास पनि नेपाली जनताले गरेको राजनीतिक आन्दोलनको इतिहाससँग जोडिएको छ।

(बि.सं. १९०३ सालमा मञ्चन गरिएको) कोतपर्वबाट जंगबहादुर कुंवरले जहानीया राणा शासन आरम्भ गरे। गोर्खाका लखन थापाबाट प्रारम्भ भएको राणा शासन विरूद्धको बिद्रोह जनसङ्घर्ष र जनबिद्रोह हुँदै सात सालमा सशस्त्र क्रान्तिमा रूपान्तरित भयो। यसअघि आफ्नो गुमेको शासनसत्ता प्राप्तिका लागि युवराज त्रैलोक्य, राजा पृथ्वी वीरविक्रम र राजा त्रिभुवनले षडयन्त्रमा आधारित बिद्रोहको प्रयत्न गरेका थिए। तर जन नेताहरू जनसङ्घर्षको माध्यमबाट प्रजातन्त्र स्थापना गर्न चाहन्थे। (गौतम, २०४६, थापा, २०६२, अमात्य, २०६२)

तुल्सी लाल अमात्यको जन्महुनु भन्दा बीस वर्ष अघिको कुरा हो। पाटनका धर्म सुधारक नेता शुक्रराज शास्त्रीका पिता माधवराज जोशीले (वि.सं. १९५३ मा) आर्य समाजको स्थापना गरेका थिए। धार्मिक रूपमा जागरण फैलाइरहेका माधवराजलाई चन्द्र शमशेरले नेलहत्कडी लगाएर काठमाण्डौ शहर घुमाइ दुई वर्षको कडा कैद सजाए दिएका थिए। तुल्सी लाल अमात्यले चार वर्षको वाल्यावस्था पारगर्दैगर्दाको अर्को घटना पाटनका तुलसीमेहर, चक्रबहादुर अमात्य र शुक्रराज शास्त्रीका दाजु अमरराज जोशीले आर्य समाजलाई ब्यूँताएर जागरण फैलाउन थालेकाले चन्द्र शमशेरले उनीहरूलाई पनि जेलहालेका थिए। त्यही बेला बाबुराम आचार्यले नेपाल शिक्षा दर्पण नामक पुस्तक लेखे। कृष्णलाल अधिकारीले मकैको खेती पुस्तक लेखेकाले नौ वर्षको कठोर जेल सजाए पाए र उनको मृत्यु जेलमै भयो। तुल्सी लाल अमात्यका पहिलो अगुवा तुलसी मेहर र चक्रबहादुर अमात्य, अमरराज जोशी आदिलाई चर्खा प्रचारको अभियान चलाएकोले आर्यसमाजी भनेर कैदगरिएको थियो। चर्खा प्रचारकहरूलाई कैदगरिएको अर्को वर्ष (सतासी सालमा) खड्गमान सिंह बस्नेतहरूले प्रचण्ड गोरखा स्थापना गरेकाले जेल सजाए भोग्दै थिए। महावीर स्कूलको स्थापना गरेर जागरण फैलाएकोले पूर्णबहादुर एम.ए., सूर्यबहादुर मास्के, सिद्धिचरण श्रेष्ठलाई लामो जेल सजाए दिइएको थियो। शुक्रराज शास्त्री, आनन्दराज जोशी, गंगालाल श्रेष्ठहरूको सक्रियतामा नेपाल नागरिक अधिकार समितिको गठन गरी जागरण फैलाइँदै

थियो । टंकप्रसाद आचार्य, दशरथचन्द ठकुरीहरूको नेतृत्वमा नेपाल प्रजा–परिषद्को गठन गरी प्रजातान्त्रिक सङ्घर्ष अघि बढाइएकोले त्यस पार्टीका नेता कार्यकर्ता गंगालाल, दशरथचन्द्र, धर्मभक्त, शुक्रराज शास्त्रीलाई मृत्यु दण्ड दिइएको थियो भने टंकप्रसाद आचार्य, गणेशमान सिंह लगायत ३६ जनालाई राजद्रोहको आरोपलगाइ जन्मकैदको सजाय दिइँएको थियो । सामाजिक परिवर्तनको मागको सुनवाइ नभएकोले त्यसका बिरुद्ध विद्रोह प्रदर्शनगर्दै योगमाया न्यौपानेले विभिन्न वर्ग, समुदाय र लिङ्गका आफ्ना ६८ जना अनुयायीका साथ अरूण नदीमा जलसमाधि लिन पुगेकी थिइन् । (गौतम, २०४६, तुम्बाहाङफे, २०६६)

तुल्सी लाल अमात्यको बाल्यवस्था तथा युवावस्थाको बेलामा नेपाल यस्ता सामाजिक तथा राजनीतिक विद्रोह र जनसङ्घर्षको अवस्थाबाट गुज्रिरहेको थियो ।

***

# मातृत्व विहीन बाल्यकाल

कोबाहल टोल पाटनको एउटा पुरानो टोलको नाम हो।[४] त्यस टोलका अलि बढी गरिब दुई किसान परिवारका घरकाबीचमा एउटा साधारण घर थियो। त्यस घरमा धनकृष्ण अमात्यको छोरा पाटनका नामी ब्यापारी चक्रलाल अमात्यका माहिला भाइ ऋद्धिनरसिंह अमात्य र उनकी पत्नी योगमायाको बसोबास थियो।

बिक्रम सम्बत् १९७३ साल जेष्ठ चौध गतेको दिन थियो। त्यस दिन श्रीकृष्ण दशमी परेको थियो। त्यही श्रीकृष्ण दशमीको राती ऋद्धिनरसिंह अमात्य र योगमायाका सुपुत्र तुल्सी लाल अमात्यको जन्म भएको थियो। कश्यप गोत्रका धनकृष्ण अमात्यका जेठा नाति तुल्सी लाल अमात्यलाई पाटनको स्वंठः ग्वाछें टोलको अमात्य परिवारमा टढीकम्ह (जेठो) भनेर बोलाइन्थ्यो।

तुल्सी लाल अमात्यकी आमा योगमायाको जन्म पाटनको बखुंबहालको कायस्थ परिवारमा भएको थियो। पिता जीतबहादुर कायस्थ र माता रत्नकुमारीकी अत्यन्त सुन्दर पुत्रीका रूपमा योगमायाको जन्म भएको थियो। योगमायाकी आमा रत्नकुमारी इखाछें अमात्य परिवारकी छोरी थिइन्। रत्नकुमारीबाट योगमाया र सातभाइ छोराहरूको जन्म भएको थियो। (सत्यमोहन जोशी र छत्र बहादुर कायस्थसँगको कुराकानी)

तुल्सी लाल अमात्यका हजुर बा धनकृष्ण अमात्य जोगमान सिंह अमात्यका नाति थिए। चिकुटिभारोका तेश्रो पुस्ताका सन्तती जोगमान सिंह अमात्यका तीन भाइ छोरा थिए। माहिला छोरा सत्रनरसिंह अमात्यका दुई भाइ छोरा थिए–धनकृष्ण र मनोहर लाल। जेठा धनकृष्ण अमात्यको विवाह आनन्दलहरी जोशीसँग भएको थियो। उनीहरु चारभाइ छोरा र एक बहिनी छोरी थिए। पाँचजना छोराछोरीमा जेठा चक्रलाल, माहिला ऋद्धिनरसिंह, साहिला धोजनरसिंह र कान्छा कीर्तिनरसिंह तथा छोरी लक्ष्मीवाण थिए।

---

४ 'को' को अर्थ हो अलि तल ओरालो परेको ठाउँ र 'बाहल' भनेको चोक परेको ठाउँ हो।

धनकृष्ण अमात्यका माहिला छोरा तुल्सी लालका पिता ऋद्धिनरसिंह स्वच्छन्द जीवन दर्शनबाट प्रेरित ब्यक्ति थिए। साहिला भाइ धोजनरसिंह र कान्छा कीर्तिनरसिंहको विवाह भएको थिएन । तर ऋद्धिनरसिंहले भने दोश्रो विवाह गरेका थिए। त्यसैकारणले भिन्दै बसोबास गरेका थिए।

एक दिनको कुरो हो। ऋद्धिनरसिंहले दुईतीन वर्षका बालक छोरा तुल्सी लाललाई फकाए र दोस्री पत्नीलाई राखेको डेरामा लगे । सौतेनी आमालाई घर भित्र्याउँने कुरामा बालक छोरालाई मनाए र धरमा भित्र्याए । त्यसपछि ऋद्धिनरसिंहले (पहिली पत्नी) तुल्सी लालकी आमा योगमायालाई हेलागर्न थाले । घरझगडा सुरू भयो । झगडाबाट पारिवारिक वातावरण बिथोलियो । त्यसले तुल्सी लालको मनमष्तिकलाई दुःखित तुल्यायो । उनको मनमा असुरक्षाको भावना उत्पन्न भयो।

आमा योगमाया सिकिस्त बिरामी परिन् । ल्याइते पत्नीका हातको भातभान्सा नचल्ने त्यो बेलाको चलनका कारण भातभान्साको काम पनि ऋद्धिनरसिंहले आफै गर्नुपर्ने भयो। बिरामी आमालाई खाना पकाएर खान दिने मानिस पनि कोही भएनन्। तुल्सी लाल अमात्य  तीन वर्ष पुग्दानपुग्दै आमा योगमायाको निधन भयो। टोलका मानिसहरू जम्माभएर शवको अन्तेष्ठिका लागि शंखमूल घाटमा पुऱ्याएर सतगत गरे।

आमा योगमायाको शव पिताम्बर बस्त्रले लपेटेर घाटतिर लैजाँदै गरेको दृश्य बालक तुल्सी लालले घरको बार्दलीमा उभिएर एकटकले हेरिरहेका थिए।

आमा योगमायाको निधन भएको दुई तीन दिन मात्र बितेको थियो । बालक तुल्सी लालले एक्लो एवम् असाहृय अवस्था महसुस गरे। उनको बाला मनले आमा खोज्यो। उनी छट्पटिए। उनको मन उदास भयो। उनको मनमा आमाको सम्झना आयो । उनको कोमल मस्तिष्कमा आमाको शवको दृश्य नाच्यो। घरको बार्दलीबाट देखेको त्यो दृश्य उनले सम्झे। सम्झनाको पर्दामा जतिजति त्यो दृश्य नाच्दै गयो उनी उतिउति भावविह्वल हुँदै गए। आमालाई सम्झिएर खुब रोए। उनले आमालाई खोजे। आमालाई सम्झिएर यति रोए कि उनलाई फुल्याउँनै सकिएन।

उनकी ठुली आमाकी छोरी हेममाया उनी भन्दा पाँच छ वर्ष जेठी

थिइन् । तिनी आफ्नी सानीमाको घरमा आइरहन्थिन् । ठूली आमाको घर नजिकैको अर्को टोलमा थियो । हेममाया त्यो दिन पनि तुल्सी लालको घरमा आएकी थिइन् । हेममायाले आमा सम्झेर रोइरहेका तुल्सी लाललाई बोकेर घरबाट केही टाढा तढननीको एउटा खुला ठाउँमा पुऱ्याइन् र त्यहाँबाट एउटी महिलालाई बोलाइन् । अलिपरको एउटा एक्लो घरबाट किसान भेषभुषाकी एउटी महिला घरबाट बाहिर निस्किन् र ढोकामा ठिंङ्ङ उभिइन् । हेममायाले टाढैबाट, "उ तिनै हुन् तिम्री आमा" भनेर ती अधवैंसे आइमाइलाई देखाइँन । वालक तुल्सी लाल केही बोलेनन् तर रून बन्द गरे । त्यस दिन पछि उनी 'आमा कहाँ जान्छु' भनेर रोएनन् ।

छोरा तुल्सी लाललाई ऋद्धिनरसिंहले आफुसँगै राख्न चाहेका थिए । केहि दिन आफ्ना पितासँग बसेपछि उनी हजुर आमासँग बस्न मूलघर स्वठँमा आए । उनी दिनभरि ठुलीआमा कहाँ खेल्थे, साँझ हजुरआमासँगै सुत्थे । बिहान उठ्दा हजुरआमालाई नदेख्दा भने खुब रून्थे । पछि विस्तारै रून छोडे । बालक तुल्सी लाल हजुरआमा आनन्दलहरीसँगै बसे । उनकै लालनपालनमा हुर्कीए । जेठा बुबा चक्रलालले दोस्रो विवाह गरेपछि हजुर आमासँग सँगै जेठीआमा गौरीमायाले पनि उनको रेखदेख गर्न थालिन् । यसरी हजुरआमा र जेठी आमाबाट उनले स्याहार पाए । त्यसैले टोलका मानिसहरूले उनलाई देख्नासाथ 'आमा नभए पनि टुहुरो जस्तो देखिन्न' भनी टिप्पणी गर्थे ।

तुल्सी लालका पिता ऋद्धिनरसिंहले छुट्टै कपडा पसल चलाएका थिए । सुरूमा उनको पसल साह्रै चलेको थियो । सानी आमा र पिताको ब्यवहार सौखिन र ऐयासि बन्दै गयो विस्तारै पसल पनि चल्न छोड्यो । तर जेठा बुबा, साहिला बुबा र कान्छा बुबा भने सगोलमा नै थिए । जेठा बुबा चक्रलालले सुरूमा आफ्ना साहिला र कान्छा भाइसँग मिलेर मंगलबजार कृष्ण मन्दिरको पेटीमा पसल थापेका थिए । तीनै जनाको निरन्तरको मिहिनेत र लगनले व्यापार चम्किदै गएको थियो । (अमात्य, २०६२)

बत्तीटार, टङगुन, माल्टा र पूर्व एक नम्बरसम्मका मानिसहरू पनि उनीहरूका ग्राहक बनेका थिए । त्यतिबेला पाटनमा चक्रलालको पसल भनेपछि एक नम्बरको पसल मानिन्थ्यो । पसलको अगाडि तामाको तारको पिञ्जडा झुण्डिएको हुन्थ्यो । पिञ्जडामा क्यानरी नामको पहेलो भँगेरा जस्तो

विदेशी चराले मधुर सँगीतको झंकार ध्वनितः गरिरहेको हुन्थ्यो। चक्रलाल त्यो कपरकेजलाई बिहान घरबाट ल्याउँथे र साँझ घरमै लगेर झुण्ड्याउँथे । (सत्यमोहन जोशीसँग गरिएको कुराकानीबाट)।

तुल्सी लालका जेठा बुबा बडो रइस स्वभावका थिए। उनी सधै 'हँसिला' रहन्थे । बालबालिकालाई साह्रै माया गर्दथे । प्रशन्न चित्तका जेठा बुबा 'रोजै तीन–चार माइल हिंडेर जुद्धशमशेरको चाकडीमा पुग्थे ।' उनी तुल्सी लालका पढाइ लेखाइका प्रेरणाका स्रोत थिए। पढेर ठूलो मान्छे बन्ने प्रेरणा तुल्सी लालको अन्तस्करणमा उनैले भरेका थिए। जस्तोसुकै असफलता, दिग्दारी र कष्टलाई झेल्ने आँट तुल्सी लाललाई जेठा बुबाको त्यही प्रेरणाले दिएको थियो । तीनै जना बुबाहरूले तुल्सी लाललाई निरन्तर प्रेरणा एवम् अभिभावकत्व प्रदान गरेका थिए। तुल्सी लाललाई जेठा बुबा चक्रलालले पढ्ने प्रेरणा दिए। साहिला बुबा धोजनरसिंहले अंग्रेजी पढ्न र कान्छा बुबा कीर्तिनरसिंहले उच्च शिक्षा हासिल गर्न उत्प्रेरित गरेका थिए। (अमात्य, २०६२)

***

# पढे चाँदताराको टोपी

श्रीपञ्चमीको दिन थियो। तुल्सी लाल अमात्य भर्खर पाँच वर्ष लागेका थिए। उनको छेवरकर्म गरी अक्षारम्भ गराइयो। 'ॐवागीश्वराय नमः' भन्न सिकाइयो। केही दिनपछि उनलाई मामा घर बखुंवहाल पढ्न पठाइयो। उनको मावलमा सात भाइ मामाहरू थिए। पछि उनी मामाघरबाट कोबहालको आफ्नै घरमा आए।

जुजुमान श्रेष्ठ 'बाजे'ले टोलका सबै बालबालिकालाई निःशुल्क पढाउँथे। मामाघरबाट फर्किएपछि बालक तुल्सी लाल पनि जुजुमान बाजेको घरमा पढ्न गए। बयोवृद्ध जुजुमानको क्रियाशीलताबाट उनी अत्यन्त प्रभावित भएका थिए। उनी सबेरै उठेर जुजुमान बाजेको ढोका ढक्ढक्याउँन पुग्थे। तुल्सी लाल अमात्यले जुजुमान बाजेबाट कखरा र बाह्रखरी सिके।

जुजुमान बाजेसँगको पढाईसकेपछि उनी इखालखु टोलको संस्कृत पाठशालामा भर्नाभए। त्यतिबेला पाटनमा अर्को पाठशाला खुलेको थिएन। पाटनको यो संस्कृत पाठशालाको पढाई एउटा सार्वजनिक स्थलमा हुन्थ्यो। संस्कृतका श्लोकहरू कण्ठस्थ भन्न लगाइन्थ्यो। तर अर्थ भने सिकाइदैनथ्यो। बाहुनका छोराहरू वेद पढ्थे। तुल्सी लालले नेपाली र गणितका जोड–घटाउ–गुणन सिके। उनले चाणक्यको नीतिशास्त्र पनि पढे। (अमात्य, २०६२)

राणाकालमा कर्मचारीलाई दर्जा अनुसारको चाँदतारा भएको टोपी दिइन्थ्यो। जेठा बुबा चक्रलालले त्यसैलाई प्रतिक बनाएर आफ्ना भतिजलाई सुनाउने गर्थे, *"पढे चाँदताराको टोपी लगाएर घोडा चढने; नपढे भारी बोक्ने;"* तुल्सी लालको कोमल अन्तस्करणमा विस्तारै जेठा बुबाको त्यो भनाई भिज्दै गयो। 'पढ् !' भनेर उनलाई हप्की–दप्की कहिले पनि गर्नु परेन। उनी ज्ञानी बालक बनेर पढदै गए। जब जब कठिनाई र अप्ठारो पर्थ्यो जेठा बुबाका तिनै मन्त्र सम्झिन्थे। जेठा बुबा र काकाहरूले तुल्सी लाललाई एउटा सक्षम व्यक्ति

बनाउने चाहना राखेका थिए । त्यसैले होला उनलाई सरकारी मालअड्डामा कागज पत्र लेख्न सिक्न पनि पठाइएको थियो ।

साहिला बुबा धोजनरसिंहले आफ्ना भतिजलाई सबै विषयमा पोख्त बनाउन चाहन्थे । त्यसैले आठ वर्षका तुल्सी लाललाई अंग्रेजी सिक्न माणिकलाल श्रेष्ठको घरमा पठाए । त्यतिबेला माणिकलाल दरबारस्कुल काठमाडौंका कक्षा तीनका विद्यार्थी थिए । वैशाख–जेठको महिना थियो, तुल्सी लाल स्लेटमा लेखिदिएको एबीसीडी पढथे । केही क्षण त्यहीँ सुत्थे र घर फर्कन्थे । कोवहाल–मैतीदेवी आवतजावतको यस्तो क्रम चार महिनासम्म निरन्तर चल्यो । यो अवधिमा अंग्रेजीको 'क्यापिटल लेटर' सिक्न नसक्दा तुल्सी लाल अत्तालिए । *'एकप्रकारका अंग्रेजी अक्षर त सिक्न सकेको होइन अरू प्रकारका कहिले सिक्नु'* वृद्धावस्थामा पनि उनी बाल्यकालको पढाईको सम्झना गर्दथे ।

(विक्रम सम्बत् १९८१ सालको असौज महिनातिर) पाटनमा स्कुल खुल्यो । तुल्सी लाल 'श्री ३ महाराजको जय' भन्दै स्कुलमा भर्ना भए । नेपाली र अंग्रेजीका अक्षर, बाह्रखरी, गणितका जोड, घटाउ, गुणन सिकिसकेकाले तुल्सी लाल एक कक्षाबाट दुई कक्षामा सजिलै पुगे । कक्षा दुईमा भने उनलाई समस्या पऱ्यो । त्यो बेला प्रायः सबै विषयका पुस्तकहरू हिन्दी भाषामा हुन्थे । त्यसैले पठनपाठन कार्यमा उनलाई कठिनाई भयो ।

त्यतिबेला नेपाली भाषामा पाठयपुस्तकहरू थिएनन् । भएका पाठ्यपुस्तक विद्यार्थीलाई रट्न घोक्न लगाइन्थ्यो । विद्यार्थीले बुझेको नबुझेको विचार गरिदैनथ्यो । विद्यार्थीलाई हप्की–दप्की गर्नु, घण्टौसम्म उभ्याउनु, बाँसको लट्ठीले कुट्नु आदि विद्यार्थीलाई दिइने दण्डका प्रकृति थिए । तुल्सी लाल अमात्यले पनि केही अबिवेकी शिक्षकका त्यस्तै विवेकहिन व्यवहार सहनु पऱ्यो ।

तुल्सी लाल अमात्यलाई शिक्षक मित्रलाल र दुर्गाप्रसादले पढाए । कक्षा आठमा दुईदुई पटकको असफलताको झट्काले पनि तुल्सी लालको आँट, हौसला र धैर्यतालाई पराजित गर्न सकेन । मास्टर मित्रलालसँग ट्यूसन पढे । कक्षा ८ मा ९० सालमा आएको महाभूकम्पको कारणले सबै विद्यार्थीलाई कक्षा ९ मा प्रवेश गराइयो । कक्षा ९ मा भोग्नु परेको असफलताबाट पनि

तुल्सी लाल अमात्यको हिम्मत टुटेन। मास्टर मित्रलालसँग दुई महिना ट्यूसन पढेर नौ कक्षा पास गरे। उनलाई एस.एल.सी. मा हेडमास्टरले टेस्टमा रोक्ने प्रयत्न गरेका थिए। तर मास्टर मित्रलालको सहयोगबाट उनी एस.एल.सी. परीक्षामा सामेल हुन पाए। अरू विद्यार्थीले तृतीय श्रेणीमा एस.एल.सी. पास गरे तर तुल्सी लाल अमात्य भने द्वितीय श्रेणीमा उत्तीर्ण भए। एस.एल.सी.मा प्राप्त राम्रो परीक्षाफलबाट उनी अत्यन्त उत्साहित भए र एक हप्तासम्म हर्षित एवम् उत्तेजीत मनोभावमा रमाइरहे। उनले सन् १९३६ (बि.सं.१९९३ साल) मा एस.एल.सी पास गरेका थिए।

त्यो बेला हाइस्कुल पास गरेका व्यक्ति औँलामा गन्न सकिने संख्यामा थिए। देशमा निरंकुश जहानीया राणाहरूको शासन थियो। स्कुल फ्याट्फुट्ट कतैकतै मात्र खुल्न थालेका थिए। जनचेतना अति न्यून थियो। यस्तो स्थितिमा उनले एस.एल.सी पास गरेका थिए। उनलाई पढ्ने–लेख्ने खर्च ठुला बुबा र काकाहरूले दिन्थे। तर निजी आफ्नो सम्पत्तिका बारेमा उनी स्पष्ट थिएनन्। आफुलाई केही सम्पत्ति नभएको मान्छे सम्झन्थे। त्यसैले उनी थुप्रै कमाइ हुने शिक्षा आर्जन गर्न चाहन्थे। सक्षम व्यक्ति बन्न सहयोग पुग्ने शिक्षा प्राप्त गर्न चाहन्थे। पढेर जागिरखान चाहन्थे। जागिर खाएर चार पाँच वर्षमा पचास हजार जम्मा गर्ने आकांक्षा बोकेका थिए।

जेठा बुबा चक्रलालले "एस.एल.सी.पास भयौ। भइहाल्यो। अब कति पढने?" भनेका थिए। तर कान्छा बुबाको सोंच भने भिन्न खालको थियो। उनी व्यापारको सिलसिलामा कलकत्ता गइरहन्थे। भारतको स्वतन्त्रता आन्दोलनबाट पनि प्रभावित थिए। उनी तुल्सी लाललाई उच्च शिक्षा दिलाउन चाहन्थे। साहिला बुबाले त झनै उनलाई पढाउँनै चाहन्थे।

तुल्सी लाल अमात्यले एस.एल.सी. पासगरेपछि त्रिचन्द्र कलेजमा आइएससी पढन थाले। उनको इलेक्ट्रीकल इन्जिनियर बनेर धेरै पैसा कमाउने सपना थियो। फिजिक्समा ५०–६० अंक मात्र ल्याउने अमात्यले केमिष्ट्रीको प्राक्टिकलमा भने शतप्रतिशत अङ्क ल्याउँथे। त्यसैगरि सोही विषयको थ्योरिमा पनि सबैभन्दा बढी अङ्क ल्याउँथे। तर प्राध्यापक फेरिएपछि भने उनी केमिस्ट्रिमा पनि अलि कमजोर हुनथाले। पढ्दै गर्दा त्यसवेलाको एउटा घटनाले उनको इलेक्ट्रिकल इन्जीनियर बन्ने सपना तुँहियो। घटना

के रहेछ भने एउटा नेपाली विदेशबाट इलेक्ट्रिकल इन्जिनियर पढेर आएका रहेछन्। राणाहरूले उनलाई महिनाको मात्र एक सय तलब दिएछन्। त्यो कुरा थाहा पाएपछि उनको इलेक्ट्रिकल इन्जिनियर बन्ने इच्छा त्यसै हराएर गयो। तुल्सी लाल अमात्यका शब्दमा उनको आफ्नै योजना,

*"बिजुलीको इन्जिनियर बन्ने योजना फेल भएपछि मैले अर्को योजना बनाएँ । मैले सुनिराखेको थिएँ, जवाहरलाल नेहरूका पिता मोतीलाल नेहरू ठूला वकिल हुनुहुन्छ। वहाँले दिनको एक हजार भारू कमाउनु हुन्थ्यो। मैले पनि वकालत पढुँला भन्ने सोचेँ। जसो तसो आइ.एससी. सिध्याएँ। नेपालमा त्यसबेला बी.एससी.को क्लास थिएन। आइ.एससी. सिध्याएर अर्थशास्त्र लिएर बी.ए. गर्नुभन्दा उच्च शिक्षाको निम्ति अर्को बाटो थिएन। यसैकारण मैले अर्थशास्त्र लिएर बी.ए. पढेँ। हिसाब र अंग्रेजी लिनै पर्ने। मैले त्रिचन्द्र कलेजबाट वि.स. १९९९ मा बी.ए. र वि.सं. २००१ सालमा लखनउ विश्वविद्यालयबाट एम.ए. पास गरेँ।"*

अमात्य सबिस्तार आफ्ना शिक्षा दिक्षाको वर्णन यसरी गर्छन् –

*मैले इन्जिनियरिङ्ग पढ्ने योजना छोडेर 'ल' मा एम.एल. गर्ने विचार लिएर भारतको लखनऊ गएँ। यताबाट साथमा दुईवटा पत्र लिएर गएको थिएँ। एउटा त्रिचन्द्र कलेजका प्राध्यापक रत्नबहादुर विष्टको राधा कमाल मुखर्जीलाई, अर्को प्राध्यापक लुम्बाको आफ्नै परिवारलाई। गएर प्रोफेसर लुम्बा कहाँ बसेँ। वहाँका दाजु लखनउ विश्वविद्यालयका इतिहासका प्राध्यापक हुनुहुँदोरहेछ। वहाँको अगाडि मैले आफ्नो प्लान राखेँ। वहाँले भन्नुभयो, "यहाँ 'ल' पढेर नेपालमा गएर के गर्ने?" वहाँको भनाईरह्यो, "नेपालको कानुन अलग, यहाँको कानुन अलग।" अनि वहाँले भन्नु भयो "पाँच वर्षसम्म 'ल' पढेर केही कमाउन सकिन्न। पाँच वर्षको प्राक्टिस पछि बल्ल कमाउन थालिन्छ।पाँच वर्षसम्म कमाएर राजनीति गर्ने मेरो इच्छा 'ल' पढेर पूरा हुने भएन। यसैकारण मैले 'ल' पढ्ने योजना पनि छोडिदिएँ र अर्थशास्त्रमा एम.ए. गर्ने अठोट गरेँ। (अमात्य, २०६२)*

## परीक्षाको रोचक प्रसङ्ग

तुल्सी लाल अमात्यको त्यही सरल प्रकृति लखनऊ विश्वविद्यालयमा प्रकट भयो। उनले एउटा प्रश्नको २५ पेज उत्तर लेखे। अमात्यको प्रकृति र अनुभवको वर्णन उनका आफ्नै शब्दमा –

*प्रथम वर्षमा मैले विद्यार्थी साथीहरूसँग सोधें, "एम.ए. को जाँचमा कति पेज लेख्नु पर्ला ?' एउटा विद्यार्थीले साह्रै ठट्टामा भने 'एम.ए. हो कमसेकम २५*

*पेज त लेख्नै पर्ला?' मैले विश्वास गरिहालें। जम्मा ५ वटा सवालको जवाफ लेख्नुपर्ने थियो । पहिलो सवालको जवाफमा मैले २५ पेज नै लेखें । यसले डेढ घण्टा खाइहाल्यो। बाँकी डेढघण्टामा, दोस्रो सवालको जवाफमा १२ पेज लेखें, एक घण्टा यसले खायो। तेश्रो सवालको जवाफमा ४–५ पेज लेखें। हतारहतारमा लेख्दा २०–२५ मिनेटमा ४–५ पेज लेखें। चौथो र पाँचौ सबालको जवाफ लेख्ने समय पुगेन। प्रथम वर्षको परीक्षाले अनुभव गरायो। दोस्रो वर्ष समय विभाजन गरी परीक्षा दिंदा पहिलो र दोस्रो वर्षको परीक्षाफलको समग्रतामा दोस्रो श्रेणीमा एम.ए. अर्थशास्त्रको प्रमाण–पत्र प्राप्त भयो। वि.सं. २००१ साल चैत्रमा पढाइ सिध्याएर काठमाडौं फर्किएँ।"*

## जात जाने पीर

तुल्सी लाल अमात्यको बाल्यावस्था पुरातन सामाजिक संस्कारको प्रभाव समाजमा बितेको थियो र उनी त्यसैमा हुर्किएका थिए। त्यसको प्रभाव उनीमाथि पर्नु स्वाभाविक थियो । त्यो प्रभाव कस्तो रूपमा रहेको थियो? उनको अविस्मरणीय घटना। उनकै शब्द, उनकै सैलीमा–

*इ.सं. १९४२ को श्रावण महिनामा साथी रौनकमान प्रधानसँग उच्च शिक्षाका लागि मैले नेपाल छोडेँ। उनी कश्मिरमा ऊनीको कपडा बुन्ने तालिममा जाने, म लखनऊ जाने । हामी पटना पुग्यौं । नेपालको पुरानो समाजमा हुर्केको हुनाले मैले खानु अगाडि जुत्ता खोली हात धोएँ र जुत्ता अलग राखें। तर खाना ल्याउनेले भने जुत्ता लाएर ल्याइदिएको रहेछ। मलाई लाग्यो अब त जात जानेभयो । तर एउटा आधार थियो। मलाई त्यसको सम्फना भयो। राणाहरूका गुरू माहिला गुरूज्यूलाई ३–३ पैसा राखेर गाई सँम्फी दान दिएपछि पतिया पाइने कुरा सम्फें र मेरो जात पनि फर्केर आउने छ भन्ने सोचें।*

*यही आधारमा मैले खाना खाएँ। लखनऊ पुगेँ। प्रो. लुम्बाको घर गएँ। त्यँहाको पाहुना बनेँ। होस्टेल बन्द थियो। केही दिनपछि खुल्यो। म बल्ल होस्टेलमा भर्ना भएँ। महिनाको रू. ८ मा कोठा पाइने। मैले होस्टेलमा कोठा पाएँ। त्यही होस्टेलमा मुसलमान विद्यार्थीहरू पनि थिए। बारेर नभ्याउने। भान्छाका निम्ति २–४ जना विद्यार्थीहरू मिलेर आ–आफ्नो अलग–अलग भान्छा गरियो। महाराजजी आए भनियो। मैले ठानें कोही बाहुन होलान् । ३–४ दिनपछि थाहा पाइयो, महाराजजी त गाउँका किसान रहेछन् । मैले आखिर यिनीहरूको हातको खाना खाएर के हुन्छ ? स्वर्ग नजाने हो कि ? यदि हो भने यो मान्छे जतिसुकै धर्मात्मा भएपनि कहिल्यै स्वर्ग जाने भएन। अनि, मैले जातियताका सारा अन्धविश्वास उतारे र फ्याँकिदिएँ। मेरो निम्ति जे पनि चल्ने भयो।*

## नेपाल बैंकमा जागिर

इलेक्ट्रिकल इन्जिनियर बनेर महिनाको २१ हजार कमाउने सपनाबाट उनी झल्याँस्स ब्यूँझिए। इन्जिनियर जस्तै वकिल बन्ने कुरा पनि मनबाट हट्यो। अनि उनले अर्थशास्त्रमा एम.ए. गरेर उद्योग विभागमा काम गर्ने सोँच बनाए।

पढाइ सकेर काठमाडौं पुग्नासाथ उनले त्रिचन्द्र कलेजका प्रिन्सिपल रूद्रराज पाण्डेसँग भेटगरे । रूद्रराजले सरदार गुञ्जमान कहाँ पठाए । गुञ्जमानकै सल्लाह एवम् सिफारिसमा उनी नेपाल बैंक लिमिटेडमा जागिरखान थाले। वि.सं. २००१ साल चैत्रमा एक सय रूपियाँमा उनको जागिर सुरू भयो।

चार महिना पछि उनी बैंकका शाखा प्रमुख भए । त्यसपछि उनलाई डाइरेक्टर बोर्डको विश्वसनीय कर्मचारीमा पदोन्नति गरियो र उनले एकसय पच्चीस रूपियाँ तलब पाउँन थाले।

रिपोर्ट चेक गर्ने, प्रतिवेदन बनाउने, लेजर चेक गर्ने, माइनुट तयार पार्ने, सर्कुलर बनाउने, डाइरेक्टर जनरल मोहनशमशेरका माहिला छोरा विजय शमशेर कहाँ महाराजगञ्ज जाने र आउने दैनिक कामबाट उनी थकित हुन थाले। त्यतिबेलाको स्मरण गर्दै अमात्य लेख्छन्,

*त्यो बेला अहिले जस्तो होटेलमा चिया खाने चलन पनि थिएन। हिंडेरै घर फर्किनु पर्थ्यो। त्यसैले घर पुग्दा ६ बज्थ्यो। त्यतिबेलासम्ममा भोक र व्यस्तताले कपाल दुखेर असाध्य हुन्थ्यो । तसर्थ घर पुगेपछि मात्र कपाल दुख्न छोड्थ्यो । (अमात्य, २०६२)*

उनी बैंकका डाइरेक्टर जनरल मोहनशमशेर राणाको छोरा विजय शमशेरको महाराजगञ्ज स्थित कार्यालयमा दैनिक एक बजे पुग्थे। बुझ्काउँनु पर्ने रिपोर्ट बुझ्काउँथे अनि फर्किन्थे। बैंकमा उनी काममै ब्यस्त रहन्थे। उनलाई गफ गरेर व्यर्थमा समय बिताउन मन पर्दैन्थ्यो । आफूभन्दा तल्लो दर्जाका कर्मचारीलाई आफ्नै साथी सरह व्यवहार गर्थे। सहानुभूति दर्शाउँथे। त्यसैले उनलाई सबैले मन पराउँथे।

राणाहरू आफूलाई देशका मालिक ठान्थे । जनतालाई रैती । नजन्मदै उनीहरू जर्नेल  हुन्थे। राणाहरू सडक, बाटो–घाटोमा निस्कदा सर्वसाधारण

जनता एकछेउ लागेर उभिनु पर्थ्यो। ओडेको खुला छाता बन्दगर्नु पर्थ्यो। दुबै हातले सलाम गर्नु पर्थ्यो। यस्तो जी हजुरी चाकरी तुल्सी लाल अमात्यलाई कत्तिपनि मन पर्दैनथ्यो। (अमात्य, २०६२)

जागिरकै दौरानमा उनले सामाजिक काममा पनि समय दिनथालेका थिए। उनले पाटनमा शारदा पुस्तकालयको उद्घाटन गरेका थिए। पाटनका युवकहरूसँग मिलेर महिला स्कुल खोलेर स्वयंसेवकको रूपमा पनि पढाउन थालेका थिए। प्रौढहरूका लागि अंग्रेजी सिकाउने कक्षा पनि सञ्चालन गरेका थिए। उनका बैंक भित्रका आनीबानी, बोलीचाली, बरव्यवहार, बाहिरी क्रियाकलाप, बैंकका डाइरेक्टरहरू सरदार भगतलाल र गुञ्जमान सरदारले नियालिरहेका थिए। उनीहरूले तुल्सी लाल अमात्यलाई प्रश्न गर्न थालेका थिए। उनीहरूको प्रश्न थियो,

*"के तिमी काँग्रेसी हौ ?" अमात्यले सिधा जवाफ फर्काएका थिए, "म काँग्रेसी होइन तर म प्रजातन्त्रवादी हुँ।" (उही)*

***

# पारिवारिक जीवन

## रत्नबाबा वैद्य

तुल्सी लाल अमात्यको परिवार पाटनको नामी व्यापारिक परिवार मानिन्थ्यो। उनको परिवारलाई काठमाडौं उपत्यकामा खान्दानी परिवारका रूपमा लिइन्थ्यो । त्यसै अनुरूपका सामाजिक तथा पारिवारिक सम्बन्धहरू पनि उनीसँग जोडिनपुगेका थिए । एमएको पढाइ पूरागरेपछि उनी काठमाडौंको किलागल सापुङ्को प्रतिष्ठित वैद्य परिवारकी सानुराजा वैद्य र कान्छी नानीकी छोरी रत्नबाबा वैद्य सँग वैवाहिक सम्बन्धमा बाँधिन पुगे । (वरिष्ठ महिला नेता स्नेहलतासँगको कुराकानीबाट) वर्षदिन पुग्दा नपुग्दै अमात्यकी पत्नी रत्नबाबाबाट छोरा रवीन्द्रको जन्म भयो । उच्च ओहोदाको जागीर खाएर दुःख र तनावमा रहेका पितालाई पनि तुल्सी लालले सहयोग पुऱ्याउन थालेका थिए । तर उनी तुलसी मेहरको प्रभावमा परे । अनि जुलुसमा सहभागी भए र नेपाल बैंक लिमिटेडमा जागिर खाएको ३ वर्ष चार महिनामा नै पक्राउ परे । छोरा तीन वर्ष नपुग्दै रत्नबाबालाई ग्लाण्ड टी.बी. ले सिकिस्त पाऱ्यो । पिता ऋद्धिनरसिंह पनि डाइवेटिजले थलापरेका थिए । तुल्सी लाल अमात्य पक्राउ परेको तेस्रो दिन पिताको देहान्त भयो । प्रहरी साथमा आएर काजक्रिया सके पछि १४ दिनका दिन तुल्सी लाललाई प्रहरीले थानामै लगेर थुन्यो ।

पिताको देहान्त भएको तेस्रो दिन तुल्सी लालले सपनामा महादेवको मूर्ति देखे । महादेवको मुखाकृतिमा एउटा ब्यङग्यात्मक हाँसो थियो । त्यो हाँसोमा उनले एउटा प्रश्न गरिएको महसुश गरे । *'के तिमी अहिले देखि नै आत्तिन थालेका ?'* तर तुल्सी लाललाई त्यस्तो लागेको थिएन ।

उनी कारागारमा बन्दी अवस्थामा थिए । रत्नबाबाको पनि देहान्त भयो । तीन वर्षको छोरा रबिन्द्र टुहुरो भए । प्रहरीले नेलहत्कडी लगाएर तुल्सी लाललाई घाटमा पुऱ्यायो । त्यतिबेला पत्नी रत्नबाबाको चिता जलिसकेको थियो । आफु तीन वर्षको हुँदा आमा योगमायालाई गुमाएर टुहुरो भएका तुल्सी लाल अमात्यको

जिम्मामा तीन वर्षका छोरा रवीन्द्रलाई छोडेर पत्नी रत्नबाबा पनि बितिन्। अबोध बालापनदेखि नै तुल्सी लालले एकपछि अर्को सङ्घर्ष गर्दै आए । तर उनी टुटेनन् । २००९ सालमा मामा घर किलागल सैपुङमा बसेर पढदै गरेका रवीन्द्रको दादुराको महामारीबाट मृत्यु भयो। आफ्नै उपचार गर्न बम्बई जाँदैगर्दा दिल्लीमा रोकिएको बेला मनमोहन अधिकारीबाट छोरा रवीन्द्रको मृत्युको खबर पाए। टुहुरो बालक छोराको मृत्यको खबरबाट अमात्य मर्माहत भए।

## कमला राजभण्डारी

रत्नबाबाको मृत्यु पश्चात उनी एक्लो भएका थिए । अमीरबहादुर राजभण्डारीसँग उनको राम्रो सम्बन्ध थियो । राजभण्डारी नेपाल कम्युनिष्ट पार्टीका निष्ठानवान कार्यकर्ता थिए। उनले आफ्नी बहिनी कमलाको विवाह तुल्सी लाल अमात्यसँग गराउने निधो गरे । कमला राजभण्डारीको विवाह अमात्यसँग २०१३ सालमा गुहयेश्वरी मन्दिरमा भयो। विवाह हुँदा कमला २८ वर्षकी थिइन।

त्यतिबेला नेपाल कम्युनिष्ट पार्टीको कार्यालय मरूहिटीमा थियो । अमात्य नियमित रूपमा पार्टीका काममा लागीरहेका थिए। आर्थिक अवस्था अत्यन्त नाजुक थियो। छोरा प्रवीणको जन्म भइसकेको थियो। कमला माइतमा बसेकी थिइन । जेठा बुबा कान्छा बुबाहरूको गुनासो तुल्सी लालले सुन्नु परिरहेको थियो। त्यसैले कमला माइतबाट घरमै आएर बस्न थालिन्। दिउँसो उनी रोटी पकाउने र धुप बत्ती कात्ने काम गर्थिन् । त्यसैबाट नेकपाका नेता तुल्सी लाल अमात्यको घरको गुजारा जनतन चल्थ्यो।

कमला अमात्यको जन्म पिता जगतबहादुर सिंह राजभण्डारी र माता लक्ष्मी देवीकी जेठी छोरीको रूपमा बिक्रम सम्बत् १९८५ सालमा भएको थियो। अट्ठाइस वर्षको उमेरमा विवाह बन्धनमा बाँधिएकी कमलाको पढाई लेखाइ भने खासै उल्लेखनीय थिएन।

पन्ध्र सालको आम निर्वाचनमा नेकपाबाट प्रतिनिधि सभामा चारजना प्रतिनिधि निर्वाचित भएका थिए भने महासभामा एकजना निर्वाचित हुन सफल भएका थिए। र, ५ जनाको संसदीय दल बनेको थियो। दलको नेता तुल्सी लाल अमात्य भएका थिए। अठार महिनासम्म सांसदको रूपमा प्राप्त

सुविधाबाट घरको व्यवस्थापन भएपनि त्यसपछि सत्र साल पौष १ गतेको शाही कदम पछि दरभंगा र बनारस अनि दरभंगा र दिल्लीको प्रवास बसाइमा अमात्य परिवारले विकराल आर्थिक समस्या भोग्नु पर्‍यो । छोरा प्रवीणको खाटबाट खसेर उपचार गर्न नसक्नाले मृत्यु भयो । त्यतिबेला अमात्य पार्टीको तेश्रो महाधिवेशनको तयारीमा व्यस्त थिए ।

बनारस बस्दा हाईस्कूलको परीक्षा पासगरेर माथिल्लो तहमा पढ्न लागेकी कमलाले पढाइबाट खास उपलब्धि हुने नदेखेपछि बीचमै पढाइ छोडेर उषा सिलाइको तालिममा लाग्ने काम गरिन् । तालिममा कपडा सिलाउने, चक्लेट बनाउने, जामजेली बनाउने शिप सिकेर त्यसबाट आर्जन गर्न थालिन् ।

छोरा प्रवीण र छोरी प्रतिभालाई साथमा लिएर कमला अमात्य २०१८ सालमा दरभंगा पुगेकी थिइन् । कमलाबाट माहिला छोरा दिवसको जन्म बनारसमा र कान्छा छोरा संजय र कान्छी छोरी रश्मीको जन्म दरभंगामा निर्वासनमा नै भयो । अमात्य दम्पतिको दरभंगा बसाई अत्यन्त कष्टसाध्य र दयनीय देखेर दिल्लीमा कार्यरत भीमप्रसाद उपाध्यायले तेजबहादुर गुरूङ्गलाई दरभंगा पठाए । एक महिनाकी कान्छी छोरी रश्मी, प्रतिभा, दिवस र संजयलाई लिएर अमात्य परिवार दिल्लीको (त्यतिबेला अत्यन्त पिछडिएको बस्ती) कोटला पुग्यो । (२०२९ सालको अन्ततिर) शुरूमा कमलाले गार्मेन्ट फैक्ट्रीमा काम गरेकी थिएन । तर त्यसमा मन नलागे पछि आफूले वनारस बस्दा लिएको उषा सिलाइको तालिमलाई उपयोगमा ल्याउने काम गरिन् ।

कोटलाबाट केहि वर्षपछि अमात्य परिवार जमुनापारी विनोद नगरमा (अलि दबेको जमीन भएको ठाउँमा) सर्‍यो । भीमप्रसाद उपाध्यायले भारत स्थित जर्मन दुतावासमा काम गर्थे । उनले विनोद नगरमा सस्तो जमीन विक्री भइरहेको थाहा पाए । आफू सहित तुल्सी लाल अमात्य, गोपालप्रसाद उपाध्याय, केदारप्रसाद उपाध्याय, कर्णबहादुर कार्की, कालीचरणलाई सस्तो मूल्यमा जग्गा किन्ने व्यवस्था मिलाए । अमात्य परिवारले पनि पचास गजको जग्गा खरिद गर्‍यो ।

त्यसैबेला कमला अमात्यलाई भेटगर्न माहिला दाजु कर्णेल गम्भिरबहादुर राजभण्डारी दिल्ली आएका थिए । उनले आफ्नी बहिनी कमलालाई पाँच

हजार रूपैया दिएका थिए। त्यही पैसाले जग्गा किनेर टुक्रा इटाले एउटा अलि फराकिलो कोठा बनाइयो र अमात्य परिवार २०३६ सालमा भएको जनमत सँग्रहको केहि समय पछिसम्म त्यही घरमा बस्यो। छत्तीस सालमा कमला अमात्य आफ्ना पति तुल्सी लालसँग १८ वर्षको भारत प्रवास बसाइपछि नेपाल फर्किइँन।

भारतको विहार राज्यमा पर्ने दरभंगामा बस्दादेखि नै डाइबेटिज रोगले छोइसकेका तुल्सी लाल अमात्यको खानपानमा कमला अमात्यको ध्यान पुग्थ्यो। छोरा छोरी सबैसँग एक–एक पैसाको हिसाब किताब गरेर घरको व्यवस्थापन गर्ने काम गर्थिन्। यस्तो कार्य उनको जीवनभरी दैनिकीको रूपमा चलिरह्यो।

आफ्नी पत्नी कमलाप्रति तुल्सी लाल अमात्य साह्रै आभारी थिए। पत्नीको कुरालाई महत्त्व दिन्थे। उनी आफ्नी पत्नीप्रति यस्ता भावना व्यक्त गर्छन्–

*"मेरो राजनीतिक जीवनमा मेहनत गरेर खर्च टार्ने ठूलो जिम्मेवारी मेरी श्रीमति कमला कै रह्यो। मैले पहिले पार्टी माथिको प्रतिबन्ध हट्दा केही रूपियाँ जुजुभाइ दाईबाट ल्याएको बाहेक धुप बाटेर परिवार पाल्ने, दरभंगा र दिल्लीमा सिलाई गरेर घर खर्च चलाउने भार श्रीमतिले नै बोकेकी थिइन। उनका पिताजी र माहिला दाइ कर्णेल गम्भिरबहादुर राजभण्डारी र आमाबाट बेलाबखत सहयोग प्राप्त भयो। चारैजना बहिनीहरूबाट बेलाबखत सहानुभूतिपूर्ण लुगाफाटोको सहयोग रहयो।" (अमात्य, २०६२)*

## कष्टपूर्ण दरभङ्गा बसाई

पुष्पलाल र तुल्सी लाल केही समय बनारसमा एउटै घरमा डेरा गरेर बसेका थिए। तुल्सी लाल सपरिवार निर्वासनमा थिए तर पुष्पलाल भने एक्लै। पछि दुवै नेता छुट्टा छुटै घरमा बस्न थाले।

पार्टी महासचिव तुल्सी लाल अमात्य वनारस बस्न छोडेर पुनः दरभंगा बस्न थाले। उनी दरभंगा लहरीया सरायमा डेरा गरेर बस्थे। अमात्यका छोरा दिवसको जन्म पार्टीको तेस्रो महाधिवेशनको समयमा वनारसमा भयो भने संजय र कान्छी छोरीको जन्म दरभङगामा नै भयो। जेठी छोरी प्रतिमाको जन्म राजा महेन्द्रले कु गर्नुभन्दा केही महिनाअघि भएको थियो। स–साना बालबच्चाका साथ सपरिवार निर्वासन जीवन बिताइरहेका तुल्सी लाल अमात्यको जीवन अत्यन्त कष्टकर बन्दै गएको थियो। त्यसमाथि पार्टी

भित्र चर्को मतभेद । पंचायती व्यवस्थाको दमन, रायमाझीहरूका षड्यन्त्र । भारतीय कम्युनिष्ट पार्टीले मान्यता नदिनु । सोभियत संघले पनि रायमाझीलाई नै समर्थन गर्नु । अमात्यले मान्यता नपाए पनि रूसपन्थी भएको आरोप खेप्नपर्नु । तेस्रो महाधिवेशनमा पार्टी महासचिवको चयन र कार्यक्रम निर्माणमा प्रमुख भूमिका खेलेका भरतमोहन अधिकारी, पुण्यप्रताप राणा, भरतराज जोशी, जयगोविन्द साह आदि नेता आफ्नो–आफ्नो बाटो लाग्नु । भरतमोहन अधिकारी र जयगोविन्द साहले राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमको विचार छोडेर नयाँ जनवादी कार्यक्रम अपनाउनु । छोराको मृत्यु । पत्नी कमला अमात्य सुत्केरी । अन्नपानी बिहिन डेरा । रुपैया पैसा बिहिन अवस्था । यस्ता थिए तुल्सी लाल अमात्यका दरभंगा बसाइका ती दिनहरू ।

पार्टीलाई प्राप्त सहयोग चन्दाको केही रकम नियमित आय हुने योजनामा लगाउन चाहेको भए तापनि सफलता मिलेन । उनी आर्थिक व्यवस्थापनका बारेमा सविस्तार यस्ता शब्दमा चर्चा गर्छन्,

*“ पार्टी अलग भइसकेपछि मैले फेरि एकपटक लेभी उठाएर कुनै काम शुरू गर्ने योजना बनाएँ । आखिर यो पैसा पनि लेभी तिर्ने मध्ये कसैले ऋणको रूपमा लगेको लगेकै भयो । त्यसपछि मैले एकमुष्ठ पैसा कुनै सहयोगी महानुभावबाट पाएँ । मलाई डाइबेटिज रोगले छोएको मात्र थियो । डाक्टरले भारू ६०। को औषधी लेखिदिए । यही बेला का. माओको आर्थिक कार्य सम्बन्धी लेख पढेको थिएँ । मैले सोचेँ पहिले कुनै काम सफल पारौं, त्यसपछि औषधी उपचारको समस्या हेरौंला ।*

*अमात्य आफू विरुद्ध चलेका अफबाहबाट मर्माहत भएको कुराको चित्रण यस्ता शब्दमा गर्छन् – काम शुरू भयो । संसारभरि हल्ला मच्चाइयो कि तुल्सी लालले ३ लाख रूपियाँ पार्टीको हडप गरेको छ र उसका ९ वटा बस दरभंगादेखि जयनगरसम्म चल्छन् रे ! ठूलो चकलेट फ्याक्ट्री छ रे ! स्पेशल कार छ रे ! जमिनमा पाइताला टेक्दैन रे ! अनि दरभंगामा पाँच तले विशाल भवन छ रे ! हुँदा हुँदा मेरो कान्छा वुवा, मेरी बहिनी चक्रमाया समेत गाली गर्न आउनुभयो । अनि रौतहटको एउटा बूढा किसान मक्खन जसले मलाई असाध्यै मान्थे, उनले दरभंगा आएर भन्न थाले, “यह आपने ने क्या किया ? ” मैले भने “होइन मैले के गरे र ?” उनी भन्न थाले, “आपने पार्टीका लाख रूपैयाँ लिया हैं ।”मैले भनेँ “तिमीलाई त्यस्तो लाग्छ भने तिमीले मेरो सबै बाक्सा खोलेर हेर्न सक्छौं । साँचो यही हो ।” यसो भनेर मैले साँचो हातमा दिएँ । भन्न थाले, “अच्छा, हो गया, हो गया ।” तर बुढाको*

*मनको तुस नमेटिकन मरेर गए होला । बहिनी पाटन जिल्ला पार्टीमा काम गर्थिन् । नेपाल फर्केर आएर पार्टीसँग झगडा गरिछन् र केही समय सबैको मुख बन्द भयो । तर क्रमशः मेरो बदनाम गर्ने यो काम चालु रहयो ।" (अमात्य–२०६२)*

भारतीय कम्युनिष्ट पार्टीका अध्यक्ष श्रीपाद् अमृत डाँगेले तुल्सी लाल अमात्यलाई साह्रै माया गर्थे । (दुई हजार आठ सालमा) अमात्य बिरामी परेको बेला डाँगेले उनलाई बम्बई पठाएर उपचार गराएका थिए । समय–समयमा सहयोग पनि गरिरहन्थे । यस कुराको अनुभूति जेठी छोरी प्रतिभा अमात्यलाई पनि भएको थियो । उनीलाई त्यतिबेलाको सम्झना ताजै छ । *"बाबालाई सानो तिनो सहयोग उहाँले गर्नुहुन्थ्यो ।"* उनी बताउँछिन् ।

भरतमोहन अधिकारीको बुझाइमा अमात्यका ती सहयोगी महानुभाव डाँगे थिए । (भरतमोहन अधिकारीसँगको कुराकानीबाट) तुल्सी लाल अमात्यका एकजना अत्यन्त घनिष्ट मित्र, बाम एकताका सक्रिय पक्षधर प्राध्यापक डा. राममान श्रेष्ठ पनि यो कुराको सम्झना गर्छन् ,

*"उनीबाट(डाँगे) बीस हजार प्राप्त भएको थियो । त्यसबाट टयाक्सी किनेर चलाउन दिइएको थियो । त्यसको आम्दानीबाट पार्टी सञ्चालन गर्ने योजना थियो । एउटा टयाक्सी चलाउन दिइएको थियो । त्यसको आयबाट पार्टी सञ्चालन गर्ने प्रयत्न गरिएको थियो । 'तर चालकले टयाक्सी नै पचाएर आफु पनि दम्पट भयो । जसको कारणले पार्टीको आर्थिक स्थिति व्यवस्थित हुन सकेन । झन् दयनीय हुँदैगयो ।*

## दरभङ्गाबाट दिल्ली प्रस्थान

दरभङ्गा बसाइका पछिल्ला दिनहरू झनै बढी कष्टकर हुँदै गए । नेकपाका महासचिव तुल्सी लाल अमात्यको परिवारको आर्थिक स्थिति अत्यन्त नाजुक बन्दै गयो । उनीसँग पार्टी काममा हिड्नडुल्नका लागि यातायात खर्च समेत साथमा हुन छोड्यो । त्यसबेला उनको 'सम्पूर्ण परिवार आर्थिक दुरावस्थाले गर्दा दरभङ्गामा भोक भोकै मर्ने अवस्थामा पुग्यो ।' तर उनी बिरूद्ध अफबाह फैलाइँन भने छोडिएन । त्यतिबेलाको सम्झना उनी यसरी गर्छन्,

*"दरभङ्गामा बसेसम्म जति पार्टीलाई बनाउने कोशिस गरे पनि यिनीहरूको यस्तो हुनेसम्मको नानाथरी प्रचारले त्यहाँबाट जान बाध्य भएँ । त्यतिबेला मेरी कान्छी छोरी एक महिनाकी थिई ।"*

तेजबहादुर गुरूङ्ग दिल्लीबाट दरभङ्गा आए। तुल्सी लाल अमात्यको दयनीय अवस्था देखे र गुरुङ्गले अमात्यसँग दिल्ली जान अनुरोध गरे। अमात्य त्यतिबेलाको सम्झना गर्दै भन्छन् ,

*"मेरो दरिद्र अवस्था देखेर दिल्लीका साथीहरूले मेरो परिवार सहित दिल्ली सरूवा हुने प्रस्ताव राखे र मलाई पनि मद्दत गर्ने वचन दिए।"*

दिल्ली प्रस्थान अघि दरभङ्गामा निर्वासित राजनीतिक जीवन बिताइरहेका अमात्य परिवारको दयनीय अवस्थाको दृश्यले करूणा उत्पन्न हुन्छ।

कमला अमात्यलाई सुत्केरी बेथालागेर अस्पताल लगिएको थियो । अस्पतालबाट रिक्सामा राखेर आफ्नी सुत्केरी पत्नीलाई डेरामा ल्याउँदा उनीसँग पैसा थिएन । घरबेटीसँग रिक्सालाई दिन २–३ रूपैया सापट मागे। तर घरबेटीले १२ आना मात्र ल्याएर दिए। तुल्सी लालले त्यो पैसा रिक्सावालालाई दिएर पठाए। सुत्केरीका लागि न त कुनै सरसामान थियो डेरामा न त साथमा पैसा नै। दरिद्रताको त्यो पीडा अमात्य सविस्तार यस्ता शब्दमा पोख्छन्–

*"आफूसँग पैसा छ भने सबैले पत्याइहाल्दा रहेछन्। जब पैसा नभएर दुःख पाइन्छ, सबैजसो टाढा भाग्दा रहेछन्। सामान बेच्न वा बन्धकी राख्न गयो, सस्तो भन्दा सस्तो मोलमा पाँच सात दिन झुलाएर किन्ने। मैले अर्थको संकटमा एउटा कुर्सी रू पाँचमा, टेबुल बीस रूपैयामा, कपडाको पट्टा भएको खाट पनि बीसमा र किताब राख्ने दुईवटा दराज पैतालिस रूपैयामा बेचें। यसरी छोरी जन्मेपछि एक महिनासम्म दरभङ्गामा नै बसेर आफूसँग भएका सबै सामान सस्तोमा बेचविखन गरेर हामीहरू (२०२९ सालमा) दिल्ली गयौ।" (अमात्य, २०६२)*

नेकपाका महासचिव अमात्य दरभङ्गाबाट दिल्ली रेल्वेस्टेशनमा उत्रिय। उनीसँग आफ्नो सामानको भाडा तिर्ने पैसा थिएन। उनले 'आफू नेपालको राजनीतिज्ञ' भएको परिचय दिनु पर्‍यो। तर स्टेशन म्यानेजरलाई पत्यार लागेन र लिखित मागे। तुल्सी लाल अमात्यले आफ्नो परिचय लेखेर दिए र सामान टांगामा राखेर कोटाला मुबारकपुर पुगे र मुबारकपुरमा एउटा गरिब कुम्हालेको घरमा मासिक पचास रूपैयाँ किराय तिरेर डेरा गरेर बस्न थाले।

यसरी तुल्सी लाल अमात्यका दिल्ली बसाईका दिनहरू प्रारम्भ हुन्छन् ।

काठमाडौंकी बासिन्दा, धनी घरानाकी छोरी बुहारी, कमला अमात्यको दिनचर्चा (भारतको राजधानी दिल्लीमा) एउटा श्रमिकका रूपमा बित्न थाल्यो। उनले एउटा गाडी चालकलाई मासिक चालिस रूपैयाँमा 'पेइङगेष्ट'को रूपमा भात पकाइदिने र मुवारकपुरमा बस्ने नेपालीहरूका लुगा सिउँने काम गर्न थालिन् । नेपाल कम्युनिष्ट पार्टीका महासचिव तुल्सी लाल अमात्यले पाँच–दश रूपैयाँ लिएर नेपालीहरूलाई अङग्रेजी भाषाको विषयमा टयूसन पढाउँन थाले र बिस्तारै मार्क्सवाद–लेनिनवादको कक्षा पनि सुरू गरे। पार्टी समर्थकहरू बनाए र उनीहरूबाट लेभि उठाउने काम पनि शुरू भयो । महासचिव अमात्य सविस्तार आफ्नो दिल्ली बसाइको चर्चा गर्दै लेख्छन्–

*"श्रीमतीले एउटा गार्मेन्ट फ्याक्ट्रीमा मजदुरको रूपमा काम गर्न थालिन् । तर फ्याक्ट्रीवालाले सिलाईको काम दिनुको सट्टा घरेलु नोकरको काम दिन थाल्यो । बजारमा गएर कोकाकोला फेन्टा इत्यादि किनेर ल्यादिने र गिलासमा राखेर सबलाई टक्रयाउने काम दिन थालियो। उनी फ्याक्ट्रीमा मजदुर भएर काम गर्न तयार थिइन तर यो घरेलु नोकरी उनलाई राम्रो लागेन ।*

केही दिनपछि काम छोडिदिइन् र घरमा नै नेपालीहरूको लुगा सिउने गरिन् । त्यतिवेला आफ्नो परिवारले भोग्नु परेको आर्थिक संकटको सामना गर्न आफूले गरेको कामकाबारेमा अमात्य अगाडि लेख्छन् – केही समय मैले एउटा व्यापारी कहाँ दिनको चार घण्टा हिसाव लेख्ने काम लिएँ। एकातिर अभ्यास छुटेको अर्कोतिर मगजभित्र राजनीति नै चलिरहने । गल्तीले जनरलमा लेख्नु पर्ने हिसाब क्यासमा लेखिन गयो र उनको लेजरको एक पृष्ठ फोहोर भयो । यसमा व्यापारीले आफ्नो असन्तोष व्यक्त गरे अनि मैले यो काम छोडिदिएँ। आफूले १०–१५ दिन काम गरेको हिसाब मागिन।" (अमात्य, २०६२)

भारतको राजधानी दिल्ली बसाइको बेला भीमप्रसाद उपाध्याय तुल्सी लाल अमात्यका घनिष्ट सहयोगी थिए। उपाध्यायले त्यतिबेलाको अमात्यको दिल्ली बसाईको वर्णन यसरी गरेका छन्। उनी अविश्रान्त राजनायकमा लेख्छन्–

*आर्थिक अवस्था कमजोर भएपनि, शरीर विरामी भएपनि कमरेड तुल्सी लाल अमात्यको आत्मबल कहिले कमजोर थिएन, वहाँको साहस कहिले टुटेन । वहाँ दिनरात पार्टी सङ्गठन बनाउने तिर लाग्नु भयो। दस्तावेजहरू नभए पनि क. तुल्सी लाल अमात्यले आफ्नो प्रत्येक दिन नियमपूर्वक दिउँसोको खाना बोकेर नेपालीहरूको*

*घरदैलोमा राजनीतिक चेतना र शिक्षा दिन पुग्नु हुन्थ्यो । तर हाम्रा नेपाली दाजुभाईहरूले समय दिन गाह्रो मान्थे । विदाको दिन नेपाली दाजुभाईहरूका घरदैलोमा पुग्दा खेरी उनीहरू तास खेल्ने दिन हो भनेर भन्थे। जे होस् यस्तो व्यहारले पनि क. तुल्सी लालको पार्टी सङ्गठन बनाउने धैर्यता टुटेन बरू हामी नेपालीहरूको चेतनाको विकास भयो। क. तुल्सी लालको सङ्गठनको विस्तार गर्ने काम अलि अलि गरी बढ्दै गयो। विशेष गरेर ती नेपालीहरू जुन भारतका औद्योगिक क्षेत्रमा काम गर्दथे, उनीहरूलाई देशको स्थिति सम्झाउनु थियो र वहाँले भारत प्रवासमा रहेका मजदुर, चौकीदार र होटलमा काम गर्ने मजदुरहरूको बीचमा पार्टी क्लास दिन शुरू गर्नु भयो। ती नेपाली जो नेपालको राजनीतिक, आर्थिक, साँस्कृतिक आदि समस्याहरूलाई दिन प्रतिदिन बुझ्दै गए र भारत प्रवासमा नेपालीहरूको सङ्गठन बनाउन सजिलो भयो।*

अमात्यलाई आफ्नो सङ्गठन, पत्रिका र पार्टीका दस्तावेजको अभाव खड्कियो । पार्टी समर्थक बीच यस्तो समस्याको चर्चा चल्यो । उनीहरूले पार्टीको पत्रिका प्रकाशन गर्न चन्दा तथा आर्थिक संकलन गरे। समर्थकहरूको रायसल्लाहमा पार्टीको पत्रिकाको नाम “नव जागृति” राखियो । पत्रिकामा पार्टीका दस्तावेज प्रकाशन हुन थाले र तुल्सी लाल अमात्यको सम्मान बढ्न थाल्यो।

पत्रिकाको समस्या हलभएपछि सङ्गठन स्थापनागर्ने कुरो अघि बढयो। प्रवासी नेपालीहरूलाई सँगठित गर्न एउटा सामाजिक संस्था निर्माण गरियो। समर्थकहरूको भेलाले “प्रवासी नेपाली मानव अधिकार समिति” को गठन गऱ्यो । यसै सङ्गठनको झण्डा मुनी प्रवासी नेपालीहरूलाई सँगठित गर्दै पंचायती व्यवस्थाको विरूद्धको जनमत तयार पार्ने काम भयो । यस सङ्गठनको व्यानरमा दिल्लीमा विरोध प्रर्दशनहरू भए।

प्रवासी नेपाली मानव अधिकारी समितिको सक्रियतामा दिल्लीको बेलारोडमा पशुपतिनाथको मन्दिर निर्माण गरियो । तुल्सी लाल अमात्यले मन्दिर निर्माण गर्ने काममा दिल्ली प्रवासमा रहेका नेपालीहरूको नेतृत्व गर्दै उनीहरूका साथमा जमुना नदीबाट बालुवा बोक्नेकाम गरे । पर्वको वेलामा मन्दिरमा हजारौं नेपालीहरू भेलाहुन्थे । अमात्यले नेतृत्व गरेको (२०२९ सालमा गठन गरिएको) मानव अधिकारी समितिले (२०४६ सालको)संयुक्त जनआन्दोलनमा पनि सहयोग पुऱ्याउने काम गरको थियो।

## पाटनका गिरी दाइः दिल्लीका गुरु

तुल्सी लाल अमात्यको पारिवारिक नाम गिरी हो। (उच्च शिक्षा हासिल गर्न प्रेरणादिने) कान्छा बुबा कीर्तिनरसिंह अमात्यले तुल्सी लाललाई यो नाम दिएका थिए। कीर्तिनरसिंहले हट्टाकट्टा, दृढ एवम् अटल, चट्टानी स्वभाव देखेर आफ्नो भतिजोको नाम गिरी राखेका थिए। गिरी अर्थात् पहाड–पर्वत। पाटनमा तुल्सी लाल अमात्य यसै नामले प्रसिद्ध थिए।

राणाशासनसँगको कठोर सङ्घर्ष, सामन्त, जमिन्दारहरूसँगको पँखेजोरी, पञ्चायती दमनको प्रतिकार, डा. केशरजंग रायमाझीको नेतृत्वमा रहेको पार्टीको बहुमतको अवरोधलाई पनि यी गिरी दाइले चिरे । १९ वर्ष निर्वासित जीवन बिताएका पाटनका गिरीदाइलाई दिल्लीमा पार्टी कार्यकर्ता देखि सर्वसाधारणले 'गुरूजी' भनेर सम्बोधन गर्थे । दरभंगाबाट २०२९ सालमा तेजबहादुर गुरुङ्गको साथ लागेर दिल्ली पुगेका अमात्यलाई जीवनभर स्वार्थरहित सहयोग पुऱ्याए– भीमप्रसाद उपाध्यायले । कलकारखाना देखि चौकदारी जस्ता सानातिना काममा दिल्लीमा रहेका नेपालीहरूलाई जम्मा पार्ने, सम्पर्कमा ल्याउने, पार्टीका समर्थक सदस्य, कार्यकर्ता बनाउने काममा अमात्यका दाहिने हात बनिरहे भीमप्रसाद।

साँझको खाना खाएपछि कहिले बेलारोड दरियागञ्जमा, कहिले कोटलामा त कहिले विनोदनगरमा नेपालीहरू जम्माहुन्थे र अमात्यले पार्टी कक्षा सञ्चालन गर्थे त्यो बेला। शुरूमा अँग्रेजी र अन्य सामान्य विषयको टयूसन कक्षाको रूपमा अमात्यले पढाउन थाले र पछि विस्तारै ती टयुसन पार्टी कक्षामा परिणत हुँदैगए। चेतना जागृत हुँदैगएपछि पत्रिका प्रकाशन गर्ने, तेश्रो महाधिवेशनको राजनीतिक प्रतिवेदनमा समावेश रहेको राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमको अवधारणालाई विस्तृत रूपमा व्याख्या गर्दै छुटै पुस्तकका रूपमा प्रकाशन गर्ने काम भयो । मार्क्स एङगेल्सको १८४८ मा प्रकाशित भएको कम्युनिष्ट घोषणा पत्रको नेपालीमा उल्था अमात्यले सन् १९७४ मा गरे । 'कुन बाटो'को विस्तारित नयाँ संस्करण प्रकाशन गरेर वितरण गरे । यसरी उनले पार्टी प्रशिक्षणका साथसाथै आफूले आत्मसातगरेको राजनीतिलाई अघि बढाउन प्रकाशनको कामलाई पनि अघिबढाए।

भारतको राजधानी नयाँ दिल्लीमा बस्दा अमात्यले तेश्रो महाधिवेशन

(२०१९) बाट निर्वाचित महासचिवको हैसियतले काम गरे । उनले पार्टी कार्यकर्तालाई सहयोगीका रूपमा लिने गर्दथे ।

तुल्सी लाल अमात्यलाई दिल्ली प्रवासका साथै नेपालमा आएर पनि सहयोग पुऱ्याउने काममा भीमप्रसाद उपाध्याय, पूर्णप्रसाद पंगेनी, टुककुमारी, हिमबहादुर क्षेत्री, एमबहादुर क्षेत्री, भीमप्रसादका छोराहरू, नवलकिशोर उपाध्याय, निक्कू उपाध्याय, पूर्णप्रसादका छोराहरू, राजन पंगेनीले निरन्तर सहयोग पुऱ्याइरहे । प्रवासमा सहयोग पुऱ्याउनेहरूमा गोपाल के.सी, के.वी. कार्की, छविलाल वश्याल, हेमराज भण्डारी, हेमकान्त अर्याल, नारायण अर्याल, सालिकराम गैरे, महेन्द्र राई आदि थिए ।

नेपाल आएपछि सहयोग पुऱ्याउने सहयोगीहरूमा चन्द्रबहादुर श्रेष्ठ, अष्टमान, कृष्णदुखी, राजेन्द्र राजथला, (कार्यालय सचिव) स्वस्ती जोशी, रत्न महर्जन,वीरेन्द्र श्रेष्ठ, पूर्ण महर्जन, उत्तम कस, गेना पटेल, लक्ष्मण राजबंशी, प्राध्यापक डा. ऋतुप्रसाद गडतौला, कुवेर कोइराला, कुमार बेलबासे, बिष्णु श्रेष्ठ, उमेश श्रेष्ठ, रमेश, डा. राममान श्रेष्ठ, स्नेहलता, तेजबहादुर गुरूङ्ग, पूर्ण परियार, खडानन्द आचार्य, कुशेश्वर राई, रबिन्द्र बस्नेत आदिले तुल्सी लाल अमात्यलाई विभिन्न रूपले सहयोग गरेका थिए । मिठाराम शर्मा बजगाइँ पनि चौमको विद्यार्थी सङ्गठनको सम्पर्कमा भए पनि उमेश श्रेष्ठसँग तुल्सी लालको पार्टी कक्षामा सहभागी हुन्थे ।(कार्की, पंगेनी, कोइराला र राजथलासँगको कुराकानी)

तुल्सी लाल अमात्यले विद्यार्थी, किसान, महिला मजदुर सङ्गठन गठन गरेका थिए । प्रगतिशील नेपाली विद्यार्थी युनियनको अध्यक्ष हिम बहादुर क्षेत्री थिए भने उमेश श्रेष्ठ महासचिव ।

## बाल–बालिकाको शिक्षा–दीक्षा

तुल्सी लाल अमात्यका चारभाइ छोरा र दुइ बहिनी छोरी हुन् । रत्नबाबाका छोरा रवीन्द्र तीनचार वर्षमा नै टुहुरो भए र सात–आठ वर्षको हुँदा २००९ सालमा विफरको महामारीबाट बिते । कमला अमात्यलाई २०१४ सालमा पहिलो सन्तानको रूपमा छोरा प्रवीणको जन्म भएको थियो । २०१७ सालमा जेठी छोरी प्रतिभाको जन्म भयो । दुईवटा सन्तानलाई च्यापेर अठार सालमा दरभङ्गा पुगेकी कमला अमात्यले पाँच वर्षका छोरा प्रवीणलाई दरभङ्गा पुगेको एक वर्षपछि नै गुमाउनु पऱ्यो ।

बाह्र वर्षकी प्रतिभा, दश वर्षका दिवस, तीन वर्षका संजय र एक महिनाकी रश्मीलाई साथमा लिएर तुल्सी लाल अमात्य र कमला अमात्य दरभंगाबाट दिल्ली गएर बस्न थाले।

दिल्ली किद्वइनगरको अल इन्डिया मेडिकल इन्स्टीच्यूट स्थापना भएको ठाउँको नजिकमा गभर्नमेन्ट ब्वाइज सेकेन्डरी स्कूल छ। दिवस अमात्यले कक्षा दशसम्म त्यही स्कूलमा पढे। प्रतिभाले पनि सोही स्थानमा रहेको सरकारी गर्ल्स स्कूलमा पढिन्। त्यसपछि एघार बाह्रको पढाई दुबैले लम्बीबादुनगरबाट पास गरे। प्रतिभाले बी.ए. सम्मको पढाइ दिल्लीमा नै गरिन्। दिवसले बाह्र पास गरेर नेपाल आएपछि हिक्मतसिंह भण्डारीको सहयोगमा सरस्वती क्याम्पासमा व्यवस्थापन विषयमा स्नातकमा भर्ना भए। सरस्वती क्याम्पासको व्यवस्थापनको पढाइसँग सँगै रसियन ल्याङ्वेज सेन्टरमा भाषा सिक्ने कामलाई पनि उनले अघि बढाए। र, प्रतिस्पर्धामा छानिएर कानून विषयमा स्नाकोत्तरको पढाइ गर्न पिपुल्स फ्रेन्डशीप विश्वविद्यालयमा पढन सोभियत संघ गए। सन् १९८२ मा रूस गएका दिवसले १४ वर्षसम्म पढेर लिगल साइन्समा पिइचडी गरेर १९९५ मा नेपाल फर्किएर आफ्नो व्यवसायमा समर्पित भए।

कान्छ छोरा संजय र छोरी रश्मीले प्रतिभाशाली विद्यार्थीका रूपमा आफ्नो पढाइलाई अघि बढाए। दुबैले काठमाण्डौको आर्दश विद्यामन्दिरमा पढे। संजयले काठमाण्डौ भ्याली कलेजमा विज्ञान विषय पढेपछि कम्प्युटर विज्ञानको स्नाकोत्तर डिग्री प्राप्त गर्न प्रतिस्पर्धाबाट यूक्रेनको लहोभ शहरमा पढ्न गए। त्यसपछि सन् १९९५ मा चीन गएर संघाई वेल टेलिकम्युनिकेशनमा काम गरे। हाल सफ्टवेयर इन्जिनियरको रूपमा अमेरिकाको आयोवा शहरमा काम गर्दै छन्। (डा. दिवस अमात्य र प्रतिभा अमात्यसँगको कुराकानी)

कान्छी छोरी रश्मीले चीनमा टेक्सटायल इन्जीनियरिङ्गको पढाई पछि एम. बि.ए. गरिन् र हाल संयुक्त राज्य अमेरिकामा काम गर्दैछिन्। जेठी छोरी प्रतिभा हाईस्कूल शिक्षकको रूपमा कार्यरत छिन्।

प्रतिभा र दिवसले दिल्लीमा बसेर अत्यन्त दुःख गरेर पढेका थिए। दिवसलाई अहिले पनि ति दिनहरू सम्झनामा आइरहन्छन्। उनी भन्छन्–

*आमाले कपडा काटिदिनु हुन्थ्यो। हामीले (प्रतिभा दिदी र मैले) आ–आफ्ना कपडा आफै सिलाएर लगाउँथ्यौ। गोवर, काठको धुलो र माटो मिलाएर*

*गुइठा बनाउथ्यौं र अंगिठिमा आगोको चुल्हो बाल्थ्यौं।" (डा. दिवस अमात्यसँगको कुराकानी)*

## पिता–पुत्र बीच राजनीतिक वार्तालाप

दिवस अमात्यले दिल्लीमा आफ्ना पिताको नेतृत्वमा हुनेगरेका प्रदर्शनमा बेलाबेलामा भाग लिन्थे । नेपाल आएपछि पनि जुलुसहरूमा सहभागी हुन्थे । तेश्रो महाधिवेशनबाट निर्वाचित महासचिवको रूपमा काम गरिरहेका तुल्सी लाल अमात्यले पार्टीमा 'एडमिनिस्ट्रेटिभ मेसिनेरी' र 'सङ्गठनात्मक स्वरूप निर्माणमा ध्यान नपुऱ्याएको महशुस युवा दिवस अमात्यलाई भइरहेको थियो। उनी सोभियत संघबाट विश्वविद्यालयको छुट्टिको समयमा सन् १९८७ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिए र तुल्सी लाल अमात्य दिवसलाई लिन विमानस्थल पुगे। बाटोमा दिवसलाई टयाक्सीमा राखेर पिता पुत्र पाटन शहर तर्फ लागे। बाटोमा पिता पुत्रका बीचमा राजनीतिक विचार विर्मश भयो। डा. दिवस त्यस बेलाको सम्भना यसरी गर्छन्–

*पार्टीमा महान त्यागी नेता तुल्सी लाल भनेको सुन्छु। तर अरू मान्छे कुनै पदमा भएको थाहा छैन। मनमनै लाग्थ्यो। पार्टी किन नफैलिएको होला ? अनि मैले बा सँग भनें– "बा ले एउटा कुरा ख्याल गर्नु भएको छ ?" बा ले सोध्नु भयो "के कुरा ?" मैले भने, "पार्टी किन अगाडि बढेन ?" उहाँले प्रश्न गर्नु भयो, "किन बढेन ?" मैले भने, "पार्टीमा एडमिनिस्ट्रेटीभ मेशिनरी भएन, पार्टीको सङ्गठनात्मक स्वरूप भएन, कमिटी बनाइएन, पदीय जिम्मेवारी बाँडिएन।" बा ले, "तैले एकदम ठीक कुरा गरिस्" भन्नु भयो। मैले भने, "यो काम त भीमप्रसाद काकाले गर्नुपर्ने थियो।" उहाँले, "भैगो। तैले सहीकुरा गरिस् । पढाई सिध्याएर आइज र यसको सङ्गठनात्मक स्वरूप खडा गर।" (डा. दिवस अमात्यसँग २०७४ मा भएको कुराकानी)*

तुल्सी लाल स्मृति प्रतिष्ठानका संरक्षकका रूपमा रहेका दिवस अमात्य आफ्ना पिताको सरल, त्यागी, स्पष्ट तथा क्रान्तिकारीपना प्रति गर्व गर्छन् । आफ्ना पिताले लेखेका पुराना दस्तावेज र पुस्तकहरू सँग्रह गरेर राखेका छन् ।

***

# कर्मयोगी व्यक्तित्व

तुल्सी लाल अमात्य सरल व्यक्तित्वका धनी थिए। उनी अध्ययनशील, निष्ठावान र मार्क्सवादको बारेमा गहन ज्ञान हासिल गर्ने तीब्र तृष्णाभएका उच्च शिक्षा हासिल गरेका राजनीतिज्ञ थिए। उनी नित्य 'गीता' पाठ गर्थे। न्यास–ध्यान गर्थे। उनलाई कर्मयोगी बन्नमा 'गीता' ले ठूलो प्रेरणा दिएको थियो। अमात्यद्वारा निमित्त महासचिवको जिम्मेवारी दिइएका हिक्मतसिंह भण्डारी अमात्यका बारेमा अगाडि लेख्छन् –

*साथीहरूप्रति अमात्यको प्रेमभाव र कर्तव्यनिष्ठता अत्यन्त गाढा थियो। आपतविपदमा संयम धारण गरेर बिपदको सामना गर्थे। राजनेतामा हुने सहिष्णुता र समभाव तुल्सी लाल अमात्यका चारित्रिक विशेषता थिए। मतभेद राख्ने साथीहरूप्रति अमात्यले फरक व्यवहार गर्दैनथे।*

तुल्सी लाल अमात्यको लोकप्रियता देखेर धेरै नेतालाई अमात्य जस्तै लोकप्रिय बन्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो। भरतमोहन अधिकारीलाई पनि त्यस्तै लाग्थ्यो। २०१५ सालको निर्वाचनमा रौतहटमा उनले 'तुल्सी लाल अमात्यको महिमा' सुने। 'गाउँ–गाउँमा त्यतिबेला तुल्सी माललाई किम्बदन्तीको पात्र बनाएर सर्वसाधारणले कुरा गर्थे। दलित, गरीब, सर्वसाधारणका घरघरमा गएर बस्ने, खाने, शिक्षा दिने नेताको रूपमा तुल्सी लालको महिमागान गरिन्थ्यो।' अधिकारीले अनुभूत गरे 'तुल्सी लालको जस्तै कार्य गर्न पर्छ'। अधिकारीले आफ्नो जीवनीमा अमात्यको मुक्त कण्ठले प्रशंसा गरेका छन्।

त्यतिबेलाका नेकपा रौतहट जिल्लाका सचिव विष्णुबहादुर मानन्धर तुल्सी लाल अमात्यबाट अत्यन्त प्रभावीत भएको घटना पनि रोचक छ। यस प्रसँगले उनको किसानहरूका बीचको लोकप्रियताको चित्रण गर्छ।

*कुरा २०१५ सालको आम चुनावको हो। तुल्सी लाल अमात्य सर्लाही जिल्लाको भ्रमण सकेर रौतहटको तत्कालीन ५० नं. चुनाव क्षेत्र भित्रको गरूडा भन्ने गाउँको एक पुरानो पार्टी कार्यकर्ताको घरमा बासबस्न पुग्नु भएको थियो।*

*उहाँको नाउँ सुन्ने बित्तिकै रातारात त्यस गाउँका पार्टीका पुराना प्रमुख कार्यकर्ता भेला भए । देश विदेशका कुरा सुनाउँन आग्रह गर्नथाले । आम निर्वाचनको कुरा शुरू भयो । गाउँका सबैले चुनावमा भोट भने अर्कै पार्टीलाई दिने निधो गरेका थिए । तर तुल्सी लालले अनुरोध गरेपछि त्यस गाउँका ९५ प्रतिशत मत कम्युनिष्ट पार्टीको पक्षमा पऱ्यो । त्यस क्षेत्रबाट कम्युनिष्ट पार्टीका उम्मेदवार हरदयाल महतो विजयी भए । (मानन्धर, अविश्रान्त राजनायक)*

तुल्सी लाल अमात्य 'त्यागी–सन्यासी' जस्ता निश्छल ब्यक्ति थिए । 'निष्कपट, सरल र मनभित्र जे छ बाहिर पनि त्यही देखाउने' व्यक्तित्वको विशिष्ठता अमात्यमा थियो । नेकपा स्थायी समितिका सदस्य रघुजी पन्त अमात्यको व्यक्तित्वलाई यस्ता शब्दमा चित्रण गर्छन् –

*तुल्सी लाल अमात्य उमेर एवम् शरीरले बृद्ध देखिए पनि आफ्नो निश्छलताका कारणले उहाँ भर्खरको बालक जस्तो स्वच्छ र प्रिय लाग्नु हुन्थ्यो । अहंकार भनेको पटक्कै नभएको, छक्का–पञ्जा गर्दै नगर्ने र आफ्नो स्वाभिमानको लागि कहिल्यै नझुक्ने स्वभाव तुल्सी लाल अमात्यका थप विशिष्टताहरू हुन् । स्वभाव र तौरतरिका हेर्दा वहाँ साँच्चै 'त्यागी–सन्यासी' जस्तो लाग्नु हुन्थ्यो– जसलाई दुनियाँको कुनै पनि चिजको मोह छैन । बितरागी जस्तो देखिनुहुन्थ्यो , स्वार्थ, द्वन्द्व र छलकपटबाट निकै टाढा पुगेको ।*

उनी एउटा खारिएको परिपक्व नेता थिए । अमात्य आफुसँग झगडा गरेर हिडेका कार्यकर्ताप्रति पनि बैरभाव राख्दैनथे । सहानुभूति र सद्भाव राख्थे, सहयोग गर्थे । त्यसबेला अमात्यसँग भएको वार्तालापको सम्झना गर्दै नेकपा(मसाल) का नेता चित्रबहादुर के.सी. भन्छन्,

*"२०२४ सालतिर रूस र चीनको बीचमा मतभेद शुरू भयो । त्यो मतभेदको बेलामा मैले उहाँसँग प्रश्न राख्दै भनें यो रूस चीन बीचको सैद्धान्तिक मतभेद के हो ?' यसमा उहाँले अहिले हामी स्पष्टतः तटस्थ बस्नु पर्दछ । रूस र चीनको विवादको कुरा गरेर नेपालको क्रान्तिलाई फाइदा हुँदैन भन्ने कुरा राख्नु भयो । उहाँको त्यस्तो धारणासँग म असहमत रहें । सिद्धान्त जस्तो प्रश्नमा यसरी तटस्थ बस्नु भनेको राम्रो होइन । अवसरवाद हो, गलत कुरो हो भनें ।"*

अमात्यलाई धम्क्याए र दरभङ्गाबाट के.सी. हिंडेका थिए । त्यसबखत के. सी. सँग बाटो खर्च पनि थिएन । त्यतिकै झोक्किएर काठमाण्डौ तर्फ लाग्न रेल्वे स्टेसन पुगेका थिए ।

अमात्यले *'सकभर के.सी. ले मान्नु भयो भने फकाएर ल्याउनु, थप कुराकानी गर्नुपर्ने छ । यदि उहाँ धेरै रिसाएर जानु नै भयो र मान्दै मान्नु भएन भने यो ३० रूपैयाँ बाटो खर्च दिनु'* भनेर द्रब्यमानलाई पठाएका थिए । त्यही खर्च लिएर के.सी. दरभङ्गाबाट काठमाण्डौं तिर लागेका थिए। (अविश्रान्त राजनायक)

*'जस्तो सुकै मान्छेलाई पनि परिवर्तन गर्न सक्दछु' भन्ने प्रवल आत्मविश्वास भएका नेता थिए'* अमात्य पुर्व प्रम एवम् नेकपाका वरिष्ठ नेता माधवकुमार नेपालका दृष्टिमा। वरिष्ठ नेता नेपालका शब्दमा,

*"त्यसैले उहाँ जे सोच्नु हुन्थ्यो त्यसमा अनवरत लाग्नु हुन्थ्यो । जहिले पनि नयाँ समाजको स्थापना गर्नैपर्छ भन्ने विचार र साम्राज्यवाद–सामन्तवाद विरोधी रूझानलाई सबै ठाउँमा व्याख्या विश्लेषण गर्नु हुन्थ्यो ।"*

मनमोहन अधिकारीका विश्लेषणमा तुल्सी लाल अमात्य 'अतिकठिन परिस्थितिमा पनि विचलित नभइकन आधारभूत कुरामा अडान राख्ने' नेता थिए। अधिकारीको धारणामा अमात्यले 'राष्ट्रियता, प्रजातन्त्र र शोषित–पीडित जनताको हित तथा साम्राज्यवादको विरोध लगायतका सवालमा अविचलित रूपमा आफूलाई' उभ्याए।

नेकपाका नेता शंकर पोखरेल तुल्सी लाल अमात्यलाई प्राज्ञिक ज्ञान, राम्रो प्रशिक्षण कला र जोडदार बक्तृत्व क्षमता भएका नेताका रूपमा सम्झिन्छन्।

अमात्य जनमतसँगह्नको घोषणासँगै स्वदेश फर्किएर बहुदलको प्रचारमा लागेका थिए । २०३७ सालको जाडोको यामको कुरा हो । जाडो त्यसमाथि पानीपरिरहेको थियो । इटहरीको एउटा लजमा तुल्सी लाल अमात्य बासबसेका थिए । उनी इटहरी आएको थाहापाएर वरिष्ठ पत्रकार तीर्थ कोइराला 'भेट्ने र राजनीतिक कुरागर्ने मनसायले' त्यहाँ पुगे । उनले तुल्सी लाललाई 'सोचे जस्तो 'नेता' को ढाँचामा' पाएनन् । अमात्य एउटा थोत्रो स्वेटर लगाएर सिरकमा लपेटिएर बसिरहेका थिए। कोइरालाले आफ्नो परिचय दिए । कुराकानी शुरू भयो । त्यतिबेला कोइराला कुनै पार्टीको सदस्य नभएको एउटा जिज्ञासु छात्र थिए । तुल्सी लाल अमात्यबाट उनले राजनीति, देशको आर्थिक स्थिति र अन्तर्राष्ट्रिय परिस्थितिका विषयमा लामो व्याख्या विश्लेषण सुने। उनीहरूका बीचमा करीब दुईघण्टा प्रश्नोत्तर चल्यो। 'कुराकानीबाट कोइरालालले, 'समाज विकासका क्रममा पूँजी,

औद्योगिकीकरण, आर्थिक साम्राज्यवाद, राजनीतिक साम्राज्यवाद जस्ता विषयमा नयाँ जानकारी पाएको महशुस' गरे। उनी लेख्छन्,

*"मलाई लाग्यो 'यो बुढो राजनीतिक दलहरूका लागि नेता भन्दा पनि राम्रो प्रशिक्षक बन्न सक्छ।'*

अमात्यप्रति नकारात्मक धारण बोकेर भेटगर्न पुगेका कोइरालाको मन मस्तिष्क दुई घण्टाको प्रश्नोत्तर पछि सकारात्मक बन्यो र उनी 'राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम' पुस्तिका र केही पर्चा लिएर अमात्यसँग बिदा भए।

कोइरालाको मनमस्तिष्कमा ती वार्तालापका अनुभव तथा अनुभूति अमिट बनिरहे। उनी त्यो बेलाको सम्झना गर्दै लेख्छन्,

*"मेरो सर्म्पकमा वाम राजनीतिमा सक्रिय मित्र चित्र निरौला, राजेश वान्तवा र ओम कोइरालाहरू थिए। म झटारिएर उनीहरू तिरै प्रश्न तेर्स्याएँ। कोही पनि सकारात्मक थिएनन्। तुल्सी लालले मेरो दिमागमा 'सोभियत संघ सबै कुरामा गलत छैन' भन्ने कुरा स्पष्ट रूपमा घुसाउन सफल भएका थिए। त्यसपछिका दिनहरूमा त्यसलाई खण्डन गरेर नयाँ कुरा भर्न कसैले सकेन। अहिले पनि तुल्सी लालले २०३७ सालमा म भित्र भरेको कुरा मरेको छैन।" (अविश्रान्त राजनायक तुल्सी लाल अमात्य)*

'तुल्सी लाल अमात्य, नेपाली कम्युनिष्ट आन्दोलनको एउटा यस्तो विशिष्ट नाम हो जो , चेतनाले कम्युनिष्ट बनेदेखि मृत्युको क्षणसम्म त्यो चेतनाबाट डेग' चलेन। 'अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन भित्र चलेको महावादविवादबाट नराम्ररी प्रभावित बनेको तथा आन्तरिक रूपमा वान्छित, अवान्छित प्रवृत्तिका कारण नराम्ररी विभाजनको शिकार हुन पुगेको नेपाली कम्युनिष्ट आन्दोलन भित्रको एउटा समूहको नेता बनेर' लामो समयसम्म रहिरह्यो।'अर्थशास्त्रको एउटा जेहेन्दार विद्यार्थी, तत्कालीन नेपालका अर्थशास्त्रीहरूमा एउटा शीर्ष नाम' तर 'अनेकौं समूह उपसमूहमा नराम्ररी विभाजित कम्युनिष्टहरूमा 'एक आपसमा हराउँदै गएको सम्मान र सद्भावका कारण' उनी 'कतिपय कम्युनिष्टहरू कै लागि विरोध, अपमानको पात्र' बने। *'थुपै तथ्यहीन र छिचरा आरोपहरूको खेती गरियो। मलाई लाग्छ — कम्युनिष्ट आन्दोलनको विगतमा यस्तो भएको छ र यसो गरेर कम्युनिष्ट आन्दोलनलाई थप विषाक्त बनाउने काम गरिएको छ।'* तत्कालीन नेकपा (एमाले) का महासचिव एवम् वर्तमान नेकपाका

सचिवालय सदस्य ईश्वर पोखरेलबाट नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासको समीक्षा गर्दै (एक्काइसौं शताब्दी पूर्णांक ४१, ०५७, मा) यस्तो भावना अमात्यप्रति व्यक्त गरिएको छ –

*"२०१७ सालमा राजा महेन्द्रद्वारा रचित फौजी काण्डको विरोधमा कमरेड तुल्सी लाल खडा हुनु भयो ।... यसो गर्दा उहाँले निर्वासित जीवनलाई स्वीकार गर्नु भयो, सरकारद्वारा आफ्नो सर्वस्वहरण गरिदा समेत आस्थाबाट च्युत हुनु भएन कम्युनिष्ट पार्टीलाई एकीकृत राख्न पुर्नगठित गर्ने काममा लाग्नु भयो ।...निर्वासित भएर, कम्युनिष्ट आन्दोलनभित्रको एउटा सानो समूहको नेता भएर रहन थालेपछि तुल्सी लाल अमात्यका राजनीतिक सोचहरूमा आत्मनिष्ठताले प्रभाव जमाउँदै लग्यो। मुलुकबाट अलग्गिएर बस्नु पर्दा र सांगठानिक क्रियाशीलता कमजोर बनेपछि यस्तो हुनु स्वाभाविक थियो।"*

मानवधिकारका अभियन्ता सुशील प्याकुरेलको अनुभवमा *अमात्यको सिद्धान्तनिष्ठता कहिल्यै पनि डगमगाएन । एकदमै सानो घर पुस्तकै पुस्तक छरिएको सानो कोठामा प्रायः घोत्लिएर लेख्दै गरिरहेको पाइन्थ्यो तुल्सी लाल अमात्यलाई। पूर्वेली सभ्यता र संस्कृतिका अध्येता तुल्सी लाल हिन्दु र बौद्ध धर्म कम्युनिष्ट आन्दोलनमा बाधक नहुने कुरा बताउँथे। उनी मानव अधिकारको नाममा पश्चिमा भडकाउमा पर्न सकिने र कम्युनिष्ट आन्दोलनले बाटो बिराउँन सक्ने चेतावनी दिन्थे।*

तुल्सी लाल अमात्यले *संसदबाट पारिश्रमिक बुझ्ने बित्तिकै पार्टी कार्यालय गएर लेवी बुझाउथे । संसदमा बोल्ने हरेक विधेयकको अध्ययन गर्थे र पार्टीका साथीहरूसँग छलफल गरेपछि मात्र बोल्थे। आफूलाई जानकारी नभएको कुरा सोध्न हिचकिचाउँदैनथे। उनी एउटा नेताको रूपमा मात्र नभएर सधै नयाँ कुराको सिकारू र जिज्ञासु विद्यार्थीका रूपमा समेत प्रस्तुत हुन्थे।*

पन्ध्र सालको आमनिर्वाचन पछि बनेको नेकपा संसदीय विभागका सचिव लक्ष्मण राजवंशी अमात्यसँगका त्यो बेलाका अनुभूती यसरी व्यक्त गर्छन् । अविश्रान्त राजनायकमा उनी भन्छन्,*"सत्रसालको त्यो संकटको बेला हामीले तुल्सी काललाई जहाँ राखे पनि उहाँ दायाँ–बायाँ गर्नुभएन। एउटा ऊलनको खास्टो, बाक्लो लुगा, सुइटर र माकल टोपी लगाएर जहाँ राख्यो त्यही बस्नुहुन्थ्यो। मैले आजीवन उहाँलाई साधारण भेषभुषामै देखें, सांसद् हुँदा पनि। उहाँको यस्तो साधारण र सोझोपनमा मानिसहरूले धेरै मजाक पनि उडाएका थिए।"*

तुल्सी लाल अमात्य चीनका लागि राजदूत नियुक्त भएको खबर सुनेपछि '*राजदुत हुन किन स्वीकर्नुभयो ?* भनी झगडा गर्न गएका राजवंशी कमला अमात्यले स्टिलको कचौरामा कालो चिया ल्याएको देखेपछि निःशब्द भए । झगडा गर्ने मुडमा अमात्यलाई भेट्न गएका उनी बोल्नै सकेनन् । नर्भस र किंकर्तव्यविमुढ भए । 'सधै पार्टीको अनुशासनमा रहने, र पार्टीले खटाएको कामलाई अस्वीकार नगर्ने स्वभाव' 'त्यसमाथि पनि त्यस्तो दरिद्रताले गर्दा नै उहाँ राजदुत भएर जानु भयो ।' चीनबाट फर्कदा अमात्यका दुबै किडनी फेल भइसकेका थिए। तर औषधी गर्न पैसा थिएन। राजवंशी लेख्छन्,

*"जिन्दगीभर तुल्सी लालले कहिल्यै पनि आफूलाई ढाँट्नु भएन । जीवनको अन्तिम क्षणसम्म पनि आफ्नो अडान छोड्नु भएन । यसलाई उहाँको एकोहोरोपन वा जेसुकै भने पनि हुन्छ। कुटनीतिक रूपमा उहाँको स्वभावले धेरै ठाउँमा अप्ठेरो पारेको हुनसक्छ। तर उहाँको इमान्दारीताको त सबैले प्रशंसा गर्नै पर्छ।*

राजवंशी आफ्ना अनुभव सुनाउँदै अगाडि लेख्छन्– म त भन्छु— *चरित्रको मामिलामा उहाँलाई आजसम्म कसैले खोट लगाउन सक्तैनन् । स्वाँठ टोलको चोकको एउटा कोठामा बसेर उहाँले कम्युनिष्ट पार्टी, मार्क्सवाद र किसान आन्दोलनका कुरा गरेर धेरैलाई शिक्षित र जानकार गराउनु भयो। कहिलेकाँही त अन्य कुरा गर्न आएका मान्छेहरू उहाँसँग दिक्क भएर फर्कन्थे । किनभने उहाँ मार्क्सवाद र किसान आन्दोलन बाहेक अर्को कुरै गर्नुहुन्नथ्यो । मलाई लाग्छ, नेपालमा मजदुर आन्दोलनको शुरूवात मनमोहनले गर्नुभयो भने, किसान आन्दोलनको शुरूवात तुल्सी लाल अमात्यले नै गर्नुभएको हो । मैले देखेको तुल्सी लाल एउटा इमान्दार पति थियो, जसले आफ्नी पत्नीको कुरा कहिल्यै पनि काटेन । साथीहरूको लागि ऊ कहिल्यै पूर्वाग्रह नसाध्ने असल साथी थियो। उसलाई कसै–कसैले बुद्ध भनेर मजाक पनि उडाँउथे ।* ***धुर्तहरूको बोलाबाला भएको ठाउँमा उसको व्यक्तित्व देखिन्न । तर, इतिहासले तुल्सी लाललाई बिर्सन सक्तैन अरू क्षेत्रमा नभए पनि किसान आन्दोलनमा उहाँले निर्वाह गर्नुभएको क्रान्तिकारी भूमिकालाई इतिहासले बिर्सने छैन ।"***

तुल्सी लाल अमात्यलाई नेकपा(एमाले) को अल्पमतको सरकारले फरवरी ३, १९९५ मा जनवादी गणतन्त्र चीनको महामहीम राजदुत पदको जिम्मेवारी सुम्पीयो । नेकपाका नेता प्रदीप नेपाल मन्त्री भएको बेला अमात्य जनवादी गणतन्त्र चीनमा महामहीम राजदुत थिए। प्रदीप नेपालका अनुभवमा तुल्सी लाल अमात्यको व्यक्तित्व यस्तो थियो। नेता नेपालका शब्दमा–

*"बेलुका चीन—नेपाल मैत्री संघले एउटा सानो समारोहको आयोजना गरेको थियो । पेकिङ्गमा बस्ने अधिकांश नेपालीहरू त्यहाँ उपस्थित थिए । कमरेड तुल्सी लाल त्यो कार्यक्रमको केन्द्र हुनुहुन्थ्यो । म एउटा सामान्य अतिथि मात्र थिएँ । त्यसैले उहाँले त्यहाँ सम्बोधन गर्नु पर्ने थियो । कमरेड तुल्सी लालले अंग्रेजीमा एउटा मिठो वक्तव्य दिनुभयो । अंशुवर्मालाई उहाँले आँशुफुसा भनेर सम्बोधनगर्दा मलाई अनौठो लाग्यो । उहाँले मन्जुश्रीको दन्त्यकथा सुनाउनु भयो । भृकुटीको विवाहको कुरा पनि उठाउनु भयो । चीन—नेपाल बीचको मित्रतामा हुर्किएको उदारमनको प्रशंसा गर्नु भयो । उहाँको भाषणले हामी नेपाली र चिनियाँ दुबै पक्षलाई सन्तुष्टी दिएको थियो । नेपाली कम्युनिष्टहरूको सरकारलाई बलात् ढालेपछि उहाँले राजदुत पदबाट राजीनामा दिनु भयो । त्यसपछि फेरि पार्टी नेताको नियमित जीवन शुरू भयो ।" (एक्काइसौं सताब्दी २०५७–पूर्णाङ्क ४१)*

नेपाल मजदुर किसान पार्टीका नेता नारायणमान विजुक्छेका दृष्टिमा अमात्यले आत्मनिर्भर आर्थिक कार्यक्रमको दृष्टिकोण राख्थे । *'विदेशी ऋण र दातृ संस्थाहरूको भरमा देश चल्दैन, विदेशीहरूलाई बेचिएका उद्योगहरूले जनता झन ठगिन पुगेका छन्, हामी आफ्नै खुट्टामा उभिनुपर्छ, हाम्रो राष्ट्र हामीले बनाउनुपर्छ' भन्ने तुल्सी लालजीको विचार सबै राजनीतिज्ञहरूमा हुनुपर्छ ।'* का. रोहित अमात्यको चिन्तन सबैले आत्मसाथ गर्नुपर्ने बताउँछन् ।

सि.पी. मैनालीको अनुभूतिमा तुल्सी लाल अमात्य *'एकजना विचारक, चिन्तक, सँगठक, योद्धा र अपूर्वको किसान नेता' थिए । अमात्यको समग्र राजनीतिक व्यक्तित्वको कारणले नै २०४६ सालमा संयुक्त वाममोर्चाको मानार्थ अध्यक्ष बनाइएको थियो । संसदीय आन्दोलनमा समेत अग्रजको भूमिका निर्वाह गरेका अमात्य सधैं सङ्घर्षशील र एकतावादी नेता थिए । मार्क्सवादलाई राष्ट्रिय परिवेशमा ढाल्न निकै प्रयास गरेका नेता थिए ।*

नेकपाका नेता वामदेव गौतमको विचारमा *'तुल्सी लाल अमात्य कम्युनिष्ट आन्दोलन भन्दा जेठो, राणा शासन विरोधी जनआन्दोलनकारी' थिए । अमात्यले कहिल्यै पनि आफूलाई बुढो ठानेन्, अन्तिम समयसम्म पनि राजनीतिक रूपमा सक्रिय रहे । उनको 'सिङ्गो जीवन उद्देश्यमूलक, सर्वहारा वर्गको मुक्ति र जनताको हित एवम् सम्वृद्धि गर्ने कुराप्रति समर्पित रह्यो ।'*

बलराम उपाध्याय, लक्ष्मीभक्त उपाध्याय, भवानी घिमिरेका विचारमा अमात्यको *'मार्क्सवाद–लेनिनवाद प्रतिको निष्ठा' र त्यसको कार्यान्वयनका लागि*

*'जीवन पर्यन्तको अनवरत साधना, सङ्घर्षशीलता, र क्रियाशीलता' अत्यन्त प्रशंसनीय रह्यो।*

नेपाली काङ्ग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले, *'अमात्यले नेपालमा प्रजातन्त्रको स्थापना र पुनः स्थापनाका लागि भोग्नु भएको कष्ट र यातना तथा समाजमा एकता र सद्भाव कायम गर्ने कार्यमा दिनुभएको योगदान अविस्मरणीय छ।'* भन्दै अमात्यको व्यक्तित्वमाथि प्रकाश पारेका छन् ।

**'उनी मन्त्री हुनुपर्ने ओझेलमा परे'** भन्छन् संस्कृतिविद् सताव्दी पुरूष सत्यमोहन जोशी । सत्यमोहन जोशीका शब्दमा अमात्य, *"काठमाण्डौ, पाटन र भक्तपुर भरि प्रसिद्धि कमाएका खानदानी परिवारमा तुल्सी लाल अमात्य जन्मेका थिए । पढ्न पाए । एम.ए. गरिसकेको मान्छे, उनलाई नपुग्दो केही थिएन । उनी गान्धीवादी तुलसी मेहरबाट प्रवाहित भए। उनकै सँगतबाट राजनीतिमा प्रवेश गरेका थिए। शोषित पिडित किसानलाई जगाउने काममा उनको ठूलो देन रहेको छ। उनी पछि ओझलमा परे। उनी मन्त्री हुनुपर्ने हो, ओझेलमा परे पनि राजदूत बनाइए। उनमा ठूलो ज्ञान थियो। प्राज्ञिक व्यक्तित्व थिए। कसैलाई चिढाउदैन थिए। उनी मलाई यसो भयो उसोभयो भनेर माग्ने मान्छे थिएनन् । उनी सहनशील थिए । उनलाई कुनै खोट लागेन। उनी प्यूर गोल्ड हुन् ।"*

नेकपाका नेता केशव वडालले अमात्यलाई अथक योद्धाको रूपमा चित्रण गर्दै उनको समग्र ब्यक्तित्वको मूल्यांकन गरेका छन् । एक्काइसौं शताब्दी पूर्णांक ४१, २०५७ मा अमात्यको मूल्यांकन गर्दै वडाबाट यस्तो विचार व्यक्त गरिएको छ,

*"...२०१९ सालमा पार्टीको तेश्रो महाधिवेशनले कमरेड तुल्सी लाललाई महासचिवमा चयन गऱ्यो । तर कमरेड तुल्सी लालले पार्टीलाई हाँक्न सक्नु भएन। पार्टीभित्र अनेक विवाद बढयो। कमरेड पुष्पलाल र तुल्सी लाल दुई धारमा लेख्ने, बोल्ने, सङ्गठन भित्र द्याँजा पार्ने काममा लाग्नु भयो र नेपालको कम्युनष्टि आन्दोलनको इतिहासमा २०१९ देखि २०३२ सालसम्मको काल विभाजन र विखण्डनको कालको रूपमा अंकित हुन पुग्यो । यदि २०१९ सालको तेश्रो महाधिवेशनले कमरेड पुष्पलाललाई महासचिव र तुल्सी लाललाई किसान आन्दोलन कै जिम्मा दिएर एकताबद्ध भएर अघि बढेको भए सायद यति दुर्घटना हुने थिएन कि ? निरन्तरता र क्रान्तिकारी धैर्यता भएको अथक योद्धा भएर पनि कमरेड तुल्सी लाल सफल किसान नेता र असफल पार्टी नेताको रूपमा विश्लेषकहरूले*

*मूल्यांकन गर्छन् । मलाई पनि लागेको छ २०१९ सालमा उहाँले पार्टी महासचिवको इच्छा नराखेर किसान आन्दोलनकै रथ हाँकेको भए उहाँ सफल हुनुहुन्थ्यो होला ।"*

राधाकृष्ण मैनालीका अनुभूतिमा – 'तुल्सी लाल अमात्य आफूलाई लागेको कुरो भन्न नछोड्ने नेता हुनुहुन्थ्यो । कोही रिसाउँन कि खुसाउँन् उहाँलाई मतलव हुँदैनथ्यो । राजनीतिक मान्छेले मासले के खोजेको छ, त्यो हेरेर जोडघटाउ गरेर लेनादेना र सम्झौताका भाषा बोल्ने गर्छन् । तर उहाँ त्यस्तो हुनुहुन्नथ्यो । उहाँमा व्यवहार पटुता थिएन । उहाँ मार्क्सवादी आर्थिक सिद्धान्तकार हो । तुल्सी लाल अमात्य स्वाभीमानी, इमान्दार, अध्ययनशील, अडान भएको नेता हुनुहुन्थ्यो ।' (मैनालीसँग लेखकले गरेको कुराकानी)

वैदिक कालको साहित्यका विशेष ज्ञाता एवम् वरिष्ठ लेखक मदनमणि दिक्षितका शब्दमा *'तुल्सी लाल अमात्य नेपालको कम्युनिष्ट आन्दोनलको एक अविचलित र अविश्रान्त अभियन्ता हुनुहुन्थ्यो भन्ने कुरामा कसैलाई पनि शंका रहेन ।'* (थप भनाई परिशिष्ट १० मा पढनु होला)

आफ्नो घरको आगनमा भएको भेलामा अमात्यले भनेका ती शब्द अच्चुतप्रसाद मैनालीको स्मृतिमा आज पनि झल झली आउँछन् । उनी सम्झना गर्दै भन्छन्– तुल्सी लाल अमात्य ७९ वर्षमा हिड्दै हुनुहुन्थ्यो । 'म ७९ वर्ष भएँ । मलाई बुढो भएको अनुभूति भएको छैन । तपाईहरु ६५, ७० वर्षमा बुढो भएँ, बैंठकमा आउन सक्दिन भन्नुहुन्छ ! भनेर उहाँले मध्यावधि निर्वाचन (२०५१) को अवसरमा मेरो घर बाराको आँगनमा भएको कार्यकर्ता भेलामा भन्नु भएका ती शब्द मलाई झल्झली सम्झना हुन्छ । '

***

# सम्पूर्ण जीवन राजनीतिमा

## भारतको स्वतन्त्रतामा उत्सव[५]

(वि.स. १९९७ सालको) शहिद काण्डपछि सर्वसाधारणमा राजनीतिक जागरण फैलिने क्रमले गति लिएको थियो। राणाहरूले राजनीतिक जागरणबाट सर्वसाधारणलाई विमुखगर्न चाहन्थे। त्यसैले उनीहरुले राजनीतिक दिशाबाट जनताको ध्यान अन्यत्र मोड्न धार्मिक नाराको प्रचारको अभियान ईश्वरानन्द नामका व्यक्तिको नेतृत्वमा सञ्चालन गरेका थिए। त्यसको समानान्तरमा तुल्सी लाल अमात्य भारत स्वतन्त्र भएको खुशीयालीमा धार्मिक आवरणमा जुलुस प्रर्दशन गर्दै जेल गएका थिए। (अमात्य–२०६२)

सन् १९४२ अप्रिल महिनाको कुरा हो। साप्ताहिक पत्रिका 'हरिजन' मा महात्मा गान्धीको एउटा लेख प्रकाशित भयो। गान्धीले "अंग्रेज भारत छोडो" भन्ने नारा पहिलो पटक त्यही 'हरिजन' पत्रिकाको त्यो लेखबाट सार्वजनिक गरे। भारतीय राष्ट्रिय काँग्रेस कार्यसमितिको ६ जुलाईमा बम्बई प्रान्तको वर्धामा बसेको बैठकले 'भारत छोडो' नारालाई अनुमोदन गर्‍यो। ७

---

५ (सन् १७५७ जुन २३ मा ब्रिटिश इष्टइण्डिया कम्पनीको फौज र बङ्गालका नवाब सिराजुद्दौलाका सेना बीचमा भएको पलासीको लडाइँबाट ब्रिटिस औपनिवेशिक साम्राज्यवादले बङ्गालमा आधिपत्य जमायो। बङ्गालका सेनापति मिरजाफर थिए। उनलाई नवाब बनाइदिने प्रलोभन दिइएको थियो। उनी अंग्रेजको प्रलोभनमा परे र बङ्गाल अर्थात् आफ्नो मातृभूमिप्रति गद्दारी गरे। लडाइँमा सेनापति मिरजाफरको गद्दारीको फाइदा उठाउँदै बेलायतले बङ्गालमा आधिपत्य जमायो। यसै दिनलाई अङ्ग्रेजी औपनिवेशिक साम्राज्यवादले भारतवर्षमाथि प्रभुत्व स्थापित गर्न थालेको दिनका रूपमा इतिहासमा उल्लेख गरिएको छ। यसपछि क्रमशः भारतवर्ष त्यससँग जोडिएर रहेका सयौं राज्यहरू (नेपाल बाहेक) माथि ग्रेटब्रिटेनले आफ्नो उपनिवेश बिस्तार गर्दै गयो। अङ्ग्रेजी साम्राज्यवादको एकसय नब्बे वर्षको औपनिवेसिक शासन कालपछि भारतवर्षले स्वतन्त्रता प्राप्त गर्‍यो। सन् १९४७ अगस्त १५ का दिन भारत स्वतन्त्र भएको हो। (भारतका इतिहास – संक्षिप्त रूपरेखा, पृष्ठ ३७०–७१, मस्को प्रगति प्रकाशन, १९८४)

अगस्तमा बम्बईमा भएको अखिल भारतीय राष्ट्रिय काङ्ग्रेसको अधिवेशनले अंग्रेजका बिरूद्ध असहयोग आन्दोलनको निर्णय गऱ्यो।[६]

त्यसबेला तुल्सी लाल अमात्य उच्च शिक्षाका लागि लखनऊ विश्वविद्यालयको होस्टेलमा बसेर पढ्दै थिए।

गान्धीको 'अंग्रेज भारत छोडो' भन्ने नारा घन्किन र चर्किन थालेको थियो। लखनऊ विश्वविद्यालयका विद्यार्थीहरूले जुलुसको आयोजना गरेका थिए। तुल्सी लाल अमात्यले पनि त्यसमा भाग लिए। जुलुस नियन्त्रण गर्न गोली चल्यो। विश्वविद्यालय तीन महिनाका लागि बन्द भयो। विश्वविद्यालयका राधा कमाल मुखर्जीको विश्वविद्यालय नछाड्ने सल्लाह मान्दै तुल्सी लाल अमात्य होस्टेलमै बसे र आन्दोलमा पनि सरिक भए। विश्वविद्यालयको छात्रवासमा बसेर गान्धी, नेहरू, हिटलरका जीवनी, नेहरूको विश्व इतिहासको एक झलक, महाभारत, रामायण पढे। महात्मा गान्धीको वर्गविहीन–वर्णविहीन समाजको नारा र नेहरूको "कम्युनिज्म ठीक, कम्युनिष्ट पार्टी बेठिक", भन्ने प्रचार पनि उनको मनमा त्यस बेला छाउँन पुगेको थियो। (अमात्य, २०६४)

लखनऊ विश्वविद्यालयमा पढेकै बेला गान्धी र नेहरूबाट प्रभावित भैसकेका उनी 'भारत छोड' आन्दोलनको प्रभावको कारण हुनुपर्छ उनले आफ्नो जागिरे अवस्थालाई समेत भुले र भारतवर्ष स्वतन्त्र भएको दिन खुशीयाली मनाउने योजना बुने।

तुल्सीमेहर श्रेष्ठ पनि भारतीय स्वतन्त्रता सङ्ग्राम र महात्मा गान्धीको विचारबाट प्रभावित थिए। उनी पाको उमेरका थिए र विभिन्न समयमा जेल पनि परिसकेका थिए। उनले शंखमूलमा आश्रम खोलेका थिए। उनकै प्रस्तावमा तुल्सी लाल अमात्य, ज्यान बहादुर नेवा, ज्ञानबहादुर, शङ्करलाल आदि जम्माभएर आश्रममा बैठक गरे। भारत स्वतन्त्र भएको हर्षमा हरेरामको धार्मिक नारा लगाएर भारतीय स्वतन्त्रताको उत्सव मनाउने निधो गरे। राणाहरूले 'हरेराम' र 'तारेमाम' को भजनगरी जुलुस गर्नुहुन्छ भने यसै नाउँबाट हामीले किन नगर्ने ? हामीले 'हरेराम' र 'तारेमाम'लाई मिलाएर जुलुस निकाल्यौं।' भन्छन् तुल्सी लाल अमात्य।

यही जुलुस नै हो जसले अमात्यको जीवनलाई नयाँ राजनीतिक मोड

६ भारतका इतिहास–संक्षिप्त रूपरेखा, मस्को प्रगति प्रकाशन, पृष्ठ ६३०

दियो जुन उनको जीवनभरि कायम रहयो । उनको राजनीतिक जीवनका सङ्घर्षका कष्टसाध्य दिनचर्या, दुःख, पीडा, यश आदि सबैका लागि जिम्मेवार घटनाको प्रारम्भ भएको दिन साबित भयो त्यो शंखमूलको बैठक।

शंखमूलको तुलसी मेहरको आश्रममा बनाइएको योजना अनुसार नै तुलसीमेहरको नेतृत्वमा सयौं मानिसहरूको सहभागितामा शंखमूलबाट जुलुस निस्कियो । 'शंखमूलबाट निस्किएको जुलुस मंगलबजार पुग्दा पुलिसले अवरोध गऱ्यो। प्रहरी अवरोध छिचोल्दै जुलुस सुन्धारा पुग्यो। तुलसीमेहरलाई प्रहरी इन्सपेक्टरले समाते तर जुलुसले छुटायो । जुलुस महाबौद्ध नाँदो पुग्दा फौजले घेऱ्यो। तुल्सीमेहर, तुल्सी लाल अमात्य, ज्यानबहादुर नेवा, ज्ञानबहादुर, शंकरलाल लगायत २५ जनालाई पक्राउ गरेर गाडीमा राखेर हनुमानढोका थानामा लगेर थुनियो। (उही)

हनुमानढोका अत्यन्त साँगुरो र फोहर थियो । दिसा पिसाब गर्ने ठाउँ दिशा पिसाबले डुबेको हुन्थ्यो। दुर्गन्धले खपीनस्कनु थियो। दुवै गान्धीवादी नेतालाई गान्धीको याद आयो। पक्राउ परेका पच्चीस जना मध्ये १२ जना ९ दिनपछि रिहा भए । बाँकी रहेका १३ जना दैनिक साँझ– बिहान सफाईमा लागे । तुल्सी लाल अमात्य र उनका बन्दी साथीहरूलाई पाटन कोबाहलका साहु बेखनाथले नियमित रूपमा बिहान–बेलुकी आलु, काउलीको तरकारी र च्यूरा ल्याइदिन्थे । केही दिन पछि तेह्रै जनालाई केन्द्रीय कारागार चलान गरियो।

त्रिपुरेश्वर स्थित केन्द्रीय कारागारको गोलघरमा खड्गमान सिंह बस्नेतलाई नेलहत्कडी लगाएर थुनिएको थियो । ९७ सालदेखि टंकप्रसाद आचार्य, चुडाप्रसाद, गोविन्दप्रसाद आदि पनि थुनामा नै थिए । त्यतिबेला जेलमा रहेका खड्गमानको अवस्था पिडादायक थियो। तुल्सी लाल अमात्य खडगमानको त्यो अवस्था देखेर द्रविभूत भए। उनले यस्ता शव्दमा त्यो दृश्यको चित्रण गरेका छन्,

*'कसैसँग बोल्नु–चाल्नु नगरी बस्नु हुन्थ्यो । यस्तो आपतमा मान्छेलाई धैर्य दिने दर्शन मात्र हो। हर आपत चाहे त्यो राजनीतिक होस् वा अरू संकटको बेला मानिसलाई धैर्य दिने उच्च दर्शन मात्र हो। नत्र कुन आधारमा मान्छेले बाँच्ने ? जो मान्छेसँग दर्शन छैन, त्यो छिटै विचलित हुन्छ, पागल हुन बेर छैन।*

त्यो बेला बन्दीहरूलाई दैनिक खानाको लागि डेढ माना मोटो चामल र दुई पैसा दिइन्थ्यो। दुई पैसाले नुन, तेल, मसला, दाउरा, दाल, तरकारी, साबुन किन्ने खर्च पुऱ्याउनु पर्थ्यो। १३ जनाको एकै ठाउँमा मेस चलाएर त्यसको ब्यवस्थापन गरिएको थियो। (अमात्य, २०६२)

राणा पद्मशमसेर शासन व्यावस्थामा सुधार ल्याउन चाहन्थे। उनी अरूभन्दा उदार थिए। शिक्षाको पनि प्रचार प्रसार गर्न चाहन्थे। अन्तरिम शासन विधान–२००४ ल्याएका थिए। तर मोहनशमशेरहरूलाई त्यो ग्राह्य भएन। त्यसैले उनी प्रधानमन्त्री र श्री ३ को पद त्यागेर भारतमा निर्वासित जीवन बिताउन जाँदै थिए। गान्धीका चेला, चर्खा– खद्दरका प्रचारक तुलसीमेहरलाई जेलमा बन्द राखेर उनी भारत जान चाहन्नथे। त्यसैले पक्राउ खाएको करीब ६ महिनामा 'हरेराम–तारेमाम' का प्रर्दशनकारीहरूलाई कारागार मुक्त गरियो।

## गान्धी आश्रमको यात्रा[७]

तुल्सी लाल अमात्य चार साल फागुनमा केन्द्रीय कारागारबाट छुटे। छोरा रवीन्द्रलाई मामा घर किलागल सापुङमा राखे। सँगै पढेका भेंडासिंहका साथी विजयानन्दको सहयोगमा भर्खरै खुलेको बालाजु बोडिङ्ग स्कुलमा

७ सन् १९१४ मा मोहनदास कर्मचन्द गान्धी दक्षिण अफ्रिकाबाट भारत फर्किए। राष्ट्रिय मुक्ति आन्दोलनका भावी नेताका रूपमा गान्धीको उदय भइरहेको थियो। यसर्थ उनको भारत फिर्ती सामाजिक, राजनीतिक विकासको एउटा महत्त्वपूर्ण घटना थियो। गान्धीले दक्षिण अफ्रिकामा रंगभेदी अंग्रेज नीतिका विरूद्ध र प्रवासी भारतीयका अधिकारका पक्षमा सङ्घर्ष सुरू गरेका थिए। त्यतिवेलै गान्धीको दार्शनिक, सामाजिक राजनीतिक विचारले आधारभुत रूप लिइसकेको थियो। उनको न्युनतम कार्यनीति ब्रिटिस उपनिवेशको विरूद्धको सङ्घर्ष थियो। उनले त्यस सङ्घर्षमा अहिंसात्मक प्रतिरोधको नीति– सत्याग्रहको सिद्धान्तलाई अपनाएका थिए। स्वदेश फर्किएपछि गान्धीले सत्याग्रहको प्रचारका लागि सङ्गठन गर्न थाले। सन् १९१५ मा गुजरातका धनाढ्यहरूको सहयोगमा अहमदावादमा सत्याग्रह आश्रम स्थापना गरे। यसैलाई गान्धी आश्रम भन्न थालियो। पछि यस्ता आश्रम धेरै ठाउँमा स्थापना गरिए। गान्धीको विचारबाट अत्यन्त प्रभावित, गान्धीका चेला विनोवा भावेले सर्वोदय समाजको स्थापना गरेका थिए। धनी एवम् जमीन्दार सामन्त तथा राजाहरूको मनमा दानको प्रेरणा भाव भरेर भूमिहीनहरूलाई जमीन दानको बाटोबाट, जमीन प्रदान गर्ने कार्यको अभियान सर्वोदय समाजले सँगठित गरेको थियो। (भारतका इतिहास–संक्षिप्त रूपरेखा, पृष्ठ ५३२,३३,३४मस्को प्रगति प्रकाशन १९८४)

छोरालाई निःशुल्क पढने प्रबन्ध मिलाए र तुलसीमेहरको अगुवाइ र खर्चमा गान्धी आश्रमको भ्रमणमा भारत गए । भारतका विभिन्न ठाउँका गान्धी आश्रमको भ्रमण गरे। भ्रमण टोलीमा रूद्रलाल पनि थिए। करीब तीन महिना भ्रमण गरेर उनीहरू नेपाल फर्किए।

२००४ चैत्र र २००५ वैशाख महिनामा तुल्सी लाल अमात्यले आश्रमहरूको अवलोकन गरे । आश्रममा गान्धीका अनुयायीहरूका पाहुना भएर बसे । खद्दरका कपडा लगाउने, आश्रममा चर्खा चलाएर आम्दानी गर्ने, सादा जीवन र उच्च विचारप्रति समर्पणको मनोभाव पनि नजिकबाट हेरे। गान्धीको सुसँगठित एवम् अनुशासित श्रम र देशभक्तिप्रति समर्पित अनुयायीहरूको सङ्गठन देखे । अनुभूत गरे । जवाहरलाल नेहरू अतिथि भएको वार्धामा आयोजित सर्वोदय समाजको सम्मेलनको अवलोकन पनि गरे।

तुल्सी लाल अमात्यलाई तुलसी मेहरसँगको वाल्यकालदेखिको घनिष्ठ सम्बन्धको सम्भ्कना हुन्छ । उनी आफ्नो वाल्यकालमा पुग्छन् । उनी त्यति बेलाको सम्भ्कना गर्दै लेख्छन्,

*"चन्द्रशमशेर प्रधानमन्त्री भएको समयमा तुलसीमेहरले सिंहदरवारमा चर्खा कटाएका थिए र हर व्यक्तिलाई चार–चार रूपियाँ इनाम दिइएको थियो । चार रूपियाँले मैले कपास किनेर ल्याई कपास धुन्ने काम गरें। पहिले १२ वर्षदेखि २० वर्षको उमेर हुँदासम्म मैंले पनि खद्दर नै लाउने गर्थें।"* (अमात्य, २०६२)

## पाटनमा हैजाको महामारी

तुल्सी लाल अमात्य गान्धी आश्रमबाट फर्केको केही दिनपछिको कुरा हो । पाटनमा हैजाको महामारी फैलियो । हैजा लागेका विरामीहरूलाई सेवा र उपचारमा सहयोग पुऱ्याउनु आवश्यक थियो । हैजाबाट धेरै मानिसहरू मरिरहेका थिए। ती मरेका मानिसहरूलाई समयमै घाट पुऱ्याउनु र तिनीहरूको सतगतगर्नु अति आवश्यक थियो । त्यसैले यस काममा मद्दत गर्न एउटा स्वयंसेवक दलको गठन गरियो । नागबहालको एउटा सत्तलमा कार्यलय खोलियो । युवकहरूलाई स्वयंसेवकका रूपमा काम गर्न आह्वान गरियो । दुईसय जना युवाको स्वयंसेवक दल गठनगरी कार्य विभाजन भयो । त्यस दलको इन्चार्ज तुल्सी लाल अमात्य बने। उनले चिकित्सक लगायत समाजका सबै क्षेत्रका व्यक्तिहरूलाई परिचालित गरे । त्यस दलमा कविराज सिद्धि

गोपाल वैद्य पनि सहभागी भएका थिए। स्वयं सेवकले डरभय केही नमानी निःस्वार्थ भावले काम गरे। बिरामीहरूलाई बचाउन स्वयंसेवक दलले अथक प्रयत्न गऱ्यो । तर जनचेतनाको कमिका कारण महामारीबाट धेरै मानिसहरू मरे । महामारीले भन्दा पनि धेरै मान्छे डि–हाइड्रेसनका कारणले मरे । न्यून जनचेतनाका कारण झाडा–पखाला लाग्नासाथ खाना पानी बन्द गरिन्थ्यो । शरीरमा पानीको मात्रा कम भई डि–हाइड्रेसन हुन्थ्यो र मानिस छिट्टै मर्थे । त्यतिबेलाको विफर र हैजाको उपचारमा आयुर्वेदिक औषधी प्रभावकारी हुन सकेन । अहिले जस्तो स्लाइन, इन्जेक्सन लगाउने प्रबन्ध त्यतिबेला थिएन । त्यसकारण धेरै मानिस मरे । तुल्सी लाल अमात्यकी साहिली आमाको पनि हैजाको कारणले मृत्यु भयो भने पहिलो छोरा रवीन्द्रको बिफरबाट देहान्त भएको थियो। त्यसबेला यस्ता महामारीका प्रकोप ज्यादै डरलाग्दा हुन्थे। (उही)

## नेपाल प्रजा पञ्चायतमा

तुल्सी लाल अमात्य गान्धी आश्रमको भ्रमणगरेर भर्खरै काठमाण्डौं फर्किएका थिए। गोपालप्रसाद रिमालले पदमशमशेरले दिएको विधान लागु गर्न जनआन्दोलन गर्ने प्रस्ताव गरे । आन्दोलन गर्ने उद्देश्यले (२००५ साल आश्विन २७ गते) त्रिपुरवर सिंह, गोपाल प्रसाद रिमाल, विजयबहादुर मल्ल, गोपालदास श्रेष्ठ, दमनराज तुलाधर, कृष्णप्रसाद रिमाल आदि जम्माभएर नेपाल प्रजा पंचायत गठन गरेका थिए। त्यस दलमा तुल्सी लाल अमात्य, लक्ष्मीभक्त श्रेष्ठ, प्रदिप्तमान सिंह, हिरादेवी तुलाधर, जुजुभाइ जोशी, चन्द्रशेखर श्रेष्ठ(आजाद), माधवलाल श्रेष्ठ, नूतनबहादुर थपलिया पनि संलग्न भएका थिए। (गौतम, २०४६)

तुल्सी लाल १३ बुँदे रचनात्मक कार्य गर्ने योजना मनमा राखेर गान्धी आश्रमको भ्रमणपछि नेपाल फर्केका थिए।[८] तर प्रजा पंचायतमा सरिक भएपछि उनको त्यो योजना त्यसै रहयो । प्रजा पंचायतका युवाहरूले जेल जाने गरी नेतृत्व दिन प्रस्ताव गरेका थिए। तर तुल्सी लालले त्यो स्वीकार गरेनन्। उनी बाहिर बसेर सङ्गठन गर्न चाहन्थे। मोहनशमशेरले यस सङ्गठनका बारेमा जानकारी पाएपछि बिना अभियोग अनिश्चत कालको लागि सबै नेताहरूलाई जेल पठाए। नेताहरू पक्राउ पर्नुभन्दा अघि नै गोपाल प्रसाद रिमालले तुल्सी

८ अमात्यले १३ बुदे योजना बनाएर गान्धी आश्रमबाट फर्केको थिए भन्ने कुरा कतै उल्लेख गरेको पाइएको छैन।

लाल अमात्यलाई सुवर्ण शमशेरलाई भेटन रक्सौल पठाएका थिए । तर उनी सुवर्ण शमशेर राणाको नेपाल प्रजातन्त्र काङ्ग्रेसमा लागेनन्। (अमात्य २०६२, गौतम २०४६)

## नेपाली राष्ट्रिय काङ्ग्रेस

गोपालप्रसाद रिमालले तुल्सी लाल अमात्यलाई सुवर्ण शमशेरलाई भेटेर नेपाल प्रजातन्त्र काँग्रेसबाट सहयोग जुटाएर नेपाल पठाउन भनेर रक्सौल पठाएका थिए । तर अमात्य भने नेपाली राष्ट्रिय काँग्रेस (बीपी)को सम्पर्क कार्यलयमा पुगे र सदस्य बने।

नेपाली राष्ट्रिय काँग्रेस गठन गर्न सन् १९४६ को अक्टुम्बर महिनामा विश्वेश्वरप्रसाद कोइरालाले भारतीय पत्रपत्रिकामा एउटा अपिल प्रकाशित गरेका थिए । त्यसपछि भारतीय समाजवादी नेता राममनोहर लोहिया र जयप्रकाश नारायणको सहयोग र निर्देशनमा सन् १९४६ अक्टुबर ३१ का दिन "अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना वनारसमा गरिएको थियो । देवीप्रसाद सापकोटाको अध्यक्षतामा गठन भएको अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रसको तदर्थ समितिले सन् १९४७ जनवरी २५ र २६ (२००३ साल माघ १२ र १३)मा कलकत्ताको भवानीपुर स्थित खालसा हाईस्कूलमा सम्मेलनको आयोजना गरेको थियो । आजीवन कारावासको सजाय पाएका प्रजापरिषद्का कर्मठ नेता गणेशमानसिंह भद्रगोल जेलको पर्खाल नाघेर भागी सम्मेलनमा पुगेका थिए।[९] अधिवेशनले जेलमा बन्दी जीवन बिताइरहेका टंकप्रसाद आचार्यलाई सभापति र वी.पी. कोइरालालाई कार्यवाहक सभापति बनाएको थियो । बालचन्द्र शर्मालाई महामन्त्री, डी.आर. रेग्मीलाई प्रचाराध्यक्ष र गोपालप्रसाद भट्टराई, कृष्णप्रसाद भट्टराई, डीएन प्रधान, रूद्रप्रसाद गिरी आदिलाई समितिको सदस्य बनाइएको थियो। (गौतम, २०५५)

## विराटनगर जुटमिलमा हडताल

२००३ साल फागुन महिनाको २१ गते मंगलवार बिहानबाट विराटनगर जुटमिलका मजदुरहरूले विभिन्न सुविधाहरूको माग राखेर हड्ताल सुरू

---

९ गणेशमान सिंह वि.सं. २००१ साल आषाढ ७ गने (१९४४ जुन २०) मध्य रातमा केन्द्रीय कारागारको पश्चिम तर्फको पर्खाल नाघेर मुक्त संसारमा प्रवेश गरेका थिए।

गरे। त्यसको नेतृत्व केमिकल कारखानामा काम गर्ने मनमोहन अधिकारी र जुटमिलमा कार्यरत गिरीजाप्रसाद कोइराला, तारिणीप्रसाद कोइराला, गेहेन्द्रहरि शर्मा र युवराज अधिकारीले गरेका थिए।

हड्तालको नेतृत्व गर्न भनेर भर्खरै नेपाली राष्ट्रिय काङ्ग्रेसका कार्यवाहक सभापति बनेका वी.पी. कोइराला (फागुन २६ गते) विराटनगर आए। मजदुर सँगठनको नाम र झण्डालाई लिएर बीपी र मनमोहन अधिकारी बीच विबाद भयो। दार्जिलिङ्बाट कम्युनिष्ट पार्टीका मजदुर नेता रत्नलाल ब्राहमण पनि विराटनगर आएका थिए। तर काङ्ग्रेस नेताहरूसँग मनमुटाव भएकोले उनी फर्किए। चैत्र ११ गते हडतालले उग्ररूप लियो। १२ गते बिहानै वी.पी. गिरीजा, मनमोहन अधिकारी लगायत सबै नेतालाई पक्राउ गरियो।

उनीहरूलाई जेल सरूवा गरेर धनकुटा, भोजपुर, रामेछाप, धुलिखेलको बाटो गरी हिडाएर २२ दिनका दिन काठमाडौं पुऱ्याएर थुनियो। उनीहरूलाई २००४ साल बैशाख ९ गते काठमाडौं पुऱ्याइएको थियो।

नेताहरूको गिरफ्तारीको भोलिपल्ट २६ मार्चका दिन कलकत्तामा नेपाली राष्ट्रिय काँग्रेसको बैठक बस्यो। बैठकले अप्रिल ९ सम्ममा गिरफ्तार सबै नेतालाई बिनाशर्त रिहा नगरेमा १३ अप्रिल अर्थात् २००३ साल चैत्र ३१ गतेबाट सत्याग्रह गर्ने निर्णय गरेको थियो।

नेताहरूको गिरफ्तारीबाट उत्पन्न स्थितिमाथि विचार गर्न नेपाली राष्ट्रिय काङ्ग्रेसको दोस्रो सम्मेलन ९–१० अप्रिल १९४७ मा जोगवनीमा भयो। सम्मेलनले सत्याग्रह गर्ने निर्णय गऱ्यो। नेताहरूको रिहाइको माग गर्दै १३ अप्रिल देखि देशव्यापी आन्दोलन शुरू भयो। तर राणा सरकारले नेताहरूलाई रिहा गर्नुको बदला जेल चलान गरी काठमाडौं पठायो। नेपाली राष्ट्रिय काङ्ग्रेसका कार्यकारिणी सभापति मातृकाप्रसाद कोइरालाले १९४७ जुन २ (२००४ साल जेष्ठ २० गते) को दिन आन्दोलन स्थगित गर्ने आदेश दिए। र, सभापतिको पदबाट राजीनामा दिए। श्रावण १–३ गते वनारसमा बसेको नेपाली राष्ट्रिय काङ्ग्रेसको बैठकले डिल्लीरमण रेग्मीलाई सभापति र पुष्पलाललाई सचिव बनायो। वीपी कोइराला भाद्र महिनाको तेस्रो हप्तातिर जेलबाट छुटेपछि सभापति पदलाई लिएर विवाद भयो। र, नेपाली राष्ट्रिय काङ्ग्रेस वी.पी. समूह तथा रेग्मी समूहमा विभाजित भयो। (गौतम,२०७१)

## बैधानिक कानुन २००४ घोषणा

आन्दोलन देशव्यापी रूपमा शुरू भयो । त्यतिबेला पदमशमशेर श्री ३ तथा प्रधानमन्त्री थिए। पदमशमशेरले आन्दोलनको दबावमापरि १२ दिन भित्र सुधारको घोषणा गर्छु भनी आश्वासन दिए । २००४ जेठ ३ गते वैधानिक सुधार समितिको गठन भयो। नेपाली राष्ट्रिय काङ्ग्रेसका कार्यवाहक सभापति मातृकाप्रसाद कोइरालाले जेठ १८ गते आन्दोलन स्थगित गरेको घोषणा गरे । २००४ माघ १३ गते 'नेपाल सरकारको वैधानिक कानुन २००४' को घोषणा पदमशमशेरले गरे। वैधानिक कानुन घोषणा गरेको २०–२१ दिनमा नै उनले देश छोडे। मोहनशमशेर, बबरशमशेर, बहादुर शमशेर, आदिले उनलाई प्रधानमन्त्री रहिरहन दिने नदेखेर पद्मशमशेर भारतको राँची गएर बसे र राँचीबाटै राजीनामा पठाए। उनले तुल्सी लाल अमात्यलाई निजी सचिव बन्न प्रस्ताव पठाएका थिए।

नेपाल बैंकको विश्वासिलो कर्मचारीका रूपमा काम गरेका, सरल सहज एवम् इमान्दार चरित्रको ब्राण्ड बनाएका तुल्सी लाल अमात्यलाई पदमशमशेरले सम्झे। एकजना साथीको नामबाट पत्र आयो। पदमशमशेरले आफ्नो मान्छेलाई अह्राएर अमात्यलाई पटना आउन पत्र पठाउन लगाएका थिए। पत्रमा 'काम कुरो नखुलेकोले' पहिलो पटक उनी गएनन्। दोस्रो पटक पत्र पाएपछि 'काङ्ग्रेसले बोलाएको होला' भनेर पटना गए। तर त्यो पत्र पदमशमशेरका मान्छेले पठाएका रहेछन्। उनी लेख्छन्–,

*भर्खर नेपाली राष्ट्रिय काङ्ग्रेस (विश्वेश्वरजीको नेतृत्वको) बनेको थियो सायद काङ्ग्रेसले बोलाएका होलान् भन्ने ठानेको थिएँ। पदमशमशेरले बोलाएका रहेछन् । मलाई तलबका अलवा १०–१२ हजार आफ्नो बिजनेस गर्नका लागि पैसा दिने पदमशमशेरको कबुल थियो। मैंले बैंकको नोकरी छोडेर राजनीतिमा लागेपछि अब कसैको नोकरी नगर्ने अठोट गरीसकेको थिएँ। मेरो विचार थियो नेपाल पुगेर गान्धीवादी तरिकाले रचनात्मक काम गरी जनतालाई जागृत गर्ने र जनतालाई सँगठित गर्ने।" (अमात्य, २०६३)*

## नेपाल प्रजातन्त्र काङ्ग्रेस

नेपाली राष्ट्रिय काङ्ग्रेस पार्टीमा आएको विभाजनले कार्यकर्तामा असन्तुष्टि र निराशा छाएको थियो। यस्तो अन्यौल र विवादको वातावरणमा

वि.स. २००५ श्रावण १ गते (१९४८ जुलाई १६) शुक्रवार कलकत्ताको स्कुल स्ट्रिटमा नेपाली राजनीतिक कार्यकर्ताहरूको एउटा भेला आयोजना गरियो । भेलामा सुवर्ण शमशेर ज.ब.रा, महावीरशमशेर ज.ब.रा., महेन्द्रविक्रम शाह, सूर्यप्रसाद उपाध्याय, प्रेमबहादुर कंसाकार, नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य, देवेन्द्रलाल श्रेष्ठ, सुन्दरराज चालिसे, नारायणविलास जोशी आदिको सहभागिता थियो। भेलाले वेग्लै राजनीतिक सङ्गठन गठन गर्ने घोषणा गऱ्यो।

२००५ साल श्रावण ३१ गते अर्थात् भेला भएको ३० दिन पछि सुवर्ण शमशेर, महावीर शमशेर, महेन्द्रविक्रम शाह, प्रेमबहादुर कंसाकार, सुन्दरराज चालिसे, सूर्यप्रसाद उपाध्याय आदि संस्थापक भएर कलकत्तामा नेपाल प्रजातन्त्र काङ्ग्रेसको स्थापना गरे । ने.प्र.का. गठन भएको पाँचौ महिनामा २००५ साल पुष १७ गते कोलकत्ताको टाइगर सिनेमा हलमा आयोजना गरिएको नेपाल प्रजातन्त्र काङ्ग्रेसको सम्मेलनले महेन्द्र विक्रम शाह अध्यक्ष, सूर्यप्रसाद उपाध्याय महासचिव, राजेश्वरीप्रसाद उपाध्याय कोषाध्यक्ष, प्रेमबहादुर कसांकार सहायक महासचिव निर्वाचित भए र पार्टीको प्रचारका लागि नेपाल पुकार नामक मुख्य पत्र प्रकाशन गरियो। (गौतम, २०७१)

## नेकपाको स्थापना

२००३ साल माघ १२मा स्थापना भएको नेपाली राष्ट्रिय काङ्ग्रेस पार्टीमा फुट भएर वी.पी र डिल्लीरमण रेग्मी समूहको रूपमा विभाजित (२००४ असोज, कार्त्तिक महिनामा) भएको कुरा माथि उल्लेख भैसकेको छ। ने.रा.का. कार्यालय सचिव भएर काम गरेका पुष्पलाल बिभाजन पछि डिल्लीरमणको अध्यक्षतामा रहेको नेपाली राष्ट्रिय काङ्ग्रेसमा कार्यकारी मन्त्री रहेर करीव एक वर्ष काम गरे। त्यसैबेला पुष्पलालले सँगै काम गरेका उनी भन्दा अग्रज प्रेमबहादुर कंसाकर सुवर्ण शमशेरको पहलकदमीमा स्थापना भएको नेपाल प्रजातन्त्र काङ्ग्रेसका नेता हुनपुगे तर पुष्पलाल भने नेपाल कम्युनिष्ट पार्टी स्थापनाको तयारीमा लागे। (पुष्पलाल, २०५३)

२००६ वैशाख १० गते नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो । महामन्त्रीमा पुष्पलाल चयन भए भने संस्थापक सदस्यहरूमा निरञ्जन गोविन्द वैद्य, नारायणविलास जोशी, नरबहादुर कर्माचार्य र मोती

देवी थिए । नेकपाको स्थापना कलकत्ताको श्याम बजार स्थित एउटा घरमा भएको थियो । पहिलो पर्चा प्रकाशन वितरण र पार्टीको सङ्गठन विस्तारका लागि कार्यविभाजन पनि गरियो । महामन्त्री पुष्पलालले केन्द्रीय कार्यालय सञ्चालन र जन तथा वर्गीय सङ्गठनका घोषणा–पत्र तयारपार्ने, नरबहादुर कर्माचार्यले विराटनगरमा मजदुरका बीचमा कामगर्ने, नारायण विलास जोशी र (दुर्गा देवी) मोती देवीलाई काठमाडौं र निरञ्जन गोविन्द बैद्यलाई वीरगञ्जमा किसानहरूलाई सँगठित गर्ने जिम्मेवारी दिइएको थियो ।

## नेपाली राष्ट्रिय काङ्ग्रेस (बीपी) मा

गोपालप्रसाद रिमालले सुवर्ण शमशेरलाई भेटन पठाएका तुल्सी लाल अमात्य गणेशमान सिंहको झोपडीमा पुगे ।[१०]

२००५ सालमा प्रजा पंचायतका गोपाल प्रसाद रिमालले रक्सौल गएर सुवर्ण शमशेरको नेपाल प्रजातन्त्र काङ्ग्रेसमा भर्ती भएर काठमाण्डौमा आन्दोलन सञ्चालन गर्नका लागि केही पैसा पनि पठाईदिन भनेर पठाएका थिए । यसै सल्लाह मुताविक तुल्सी लाल अमात्य २००५ सालको फागुन, चैत्र महिनामा रक्सौल गएका थिए । सात दिनको बाटो हिडेर रक्सौल पुगेका उनी रक्सौल बजार पुग्दैमा गणेशमान सिंहसँग भेट भयो । र,

१० गणेशमान सिंह २००१ साल अषाढ ७ गतेका दिन भद्रगोल जेलबाट भाग्न सफल भए । उनी आफूसँगै बन्दी जीवन बिताइरहेका पूर्णबहादुर एम. ए. को घरमा गए । एमएका भाइले उनलाई नेपाल प्रजातन्त्र संघका सदस्य सूर्यबहादुर भारद्वाजको घरमा पुर्‍याए । प्रजापरिषद्का सदस्यहरूलाई कारावास र मृत्युदण्ड दिइएपछि प्रजापरिषद्को कामलाई अघि बढाउन गठन भएको नेपाल प्रजातन्त्र संघका सदस्यहरू सूर्यबहादुर भारद्वाज, शम्भुराम श्रेष्ठ र पुष्पलालको सहयोगमा लुकेर बसेका गणेशमान सिंह कसैलाई थाहै नदिई भारत पुगे । वनारसका देवशंकरलाल श्रेष्ठको विशेष अनुरोध र नेपाल प्रजातन्त्र संघका ३ जना मध्ये एक प्रतिनिधि भएर राष्ट्रिय काङ्ग्रेसको अधिवेसनमा भागलिन जान अनुरोध गरिएकाले गणेशमानसिंह कलकत्ता गए । उनले पार्टीको नाम प्रजापरिषद् नै राख्न आग्रह गरेका थिए । तर वी.पी. ले भारतीय नेताहरूको सहयोग लिन पार्टीको नाम काँग्रेस राख्नुपर्ने तर्क गरेर गणेशमानलाई मनाएका थिए । सिंहले अखिल भारतीय शब्द हटाउन भनेपछि नेपाली राष्ट्रिय काङ्ग्रेस मात्र राखियो र गणेशमान सिंहले सभापतिमा आजीवन कारागारको सजाय पाएका टंकप्रसाद आचार्यलाई प्रस्तावित गरे । (गौतम २०७४)

सिंहसँगै नेपाली राष्ट्रिय काङ्ग्रेसको कार्यालयमा गए । त्यतिबेला नेपाली राष्ट्रिय काङ्ग्रेसको कार्यालय आर्य समाजको मन्दिरमा थियो । बाँसले बारेको, परालले छाएको एउटा अलि ठुलो झोपडी थियो त्यहाँ । त्यसैलाई आर्यसमाजको मन्दिर भनिन्थ्यो । त्यसैमा राष्ट्रिय नेपाली काङ्ग्रेस वीपी समूहको कार्यलय थियो । यसको दक्षिण तिर सिधै देखिने ठाउँमा झण्डै–झण्डाले सिँगारिएको एउटा पक्की घर देखिन्थ्यो । त्यस घरमा एउटा ठूलो झण्डा फरफहराइरहेको थियो । उनले थाहा पाए त्यही रहेछ सुवर्णशमशेरको "नेपाल प्रजातन्त्र काङ्ग्रेस" को अफिस। त्यस कार्यालयमा प्रेमबहादुर कंसाकार बसेका थिए। तुल्सी लाल अमात्य नेपाल प्रजातन्त्र काङ्ग्रेसको कार्यालयमा पनि पुगे। केही समय बसे। त्यहाँ बसिरहन उनको मनले मानेन। उनी नेपाली राष्ट्रिय काँग्रेसको कार्यालय आर्यसमाजको मन्दिरमा फर्किए।

नेपाली राष्ट्रिय काङ्ग्रेसको कार्यालय प्रमुख (कृष्णप्रसाद भट्टराईका दाजु) गोपालप्रसाद भट्टराई थिए। केदारमान व्यथित पनि गणेशमान सिंह कै आर्य समाजको कार्यालयमा थिए । केदारमानले गणेशमान सिंह संलग्न भएको पार्टीको सदस्यताका लागि दरखास्त हाल्न सल्लाह दिए । उनलाई दुईवटा काङ्ग्रेस मध्ये गणेशमान सिंहको काङ्ग्रेस बढी क्रान्तिकारी लाग्यो । त्यसैले तुल्सी लाल अमात्यले विश्वश्वरप्रसाद कोइरालाको नेतृत्व भएको र गणेशमानसिंह संलग्न नेपाली राष्ट्रिय काङ्ग्रेसको सदस्यता लिए। त्यसपछि राष्ट्रिय काङ्ग्रेसले उनलाई काठमाडौं खटाएर पठायो। (अमात्य, २०६२)

## 'कम्युनिज्म ठीक, कम्युनिष्ट पार्टी बेठिक'

पुष्पलालले विश्व प्रसिद्ध कम्युनिष्ट घोषणापत्र नेपाली भाषामा अनुवाद गरेका थिए । भूमिका सहितको त्यो घोषणापत्र पहेंलो कागजमा साइक्लो गरी गणेशमान सिंहको नाममा आर्यसमाज मन्दिरमा पनि पठाइएको थियो । आर्यसमाज मन्दिरमा कम्युनिष्ट पार्टी निर्माणको अभियानमा लागेका कार्यकर्ताको आवतजावत र बहस–छलफल बाक्लै हुन थालेको थियो । एक दिन नारायणविलास जोशी र प्रेमलाल हलुवाई त्यहाँ आए। तुल्सी लाल अमात्य पनि त्यहीं बसेका थिए। भक्तपुरका नारायणविलास जोशी र पाटनका प्रेमलाल हलुवाइले कुराकानी गर्न शुरू गरे । उनीहरूले जिज्ञासा राखे,

*"तपाई कम्युनिष्ट पार्टीमा हुनुपर्ने व्यक्ति कहाँ काङ्ग्रेसमा बसिराखेको?" तुल्सी लाल अमात्यले फ्याट्ट जवाफ दिए "काङ्ग्रेस भएपनि के ? इमान्दारीसँग कामगरे जुनै पार्टीमा बसे पनि एउटै हो।" (अमात्य, २०६२)*

दुबै जनाले तुल्सी लाल अमात्यलाई कम्युनिष्ट पार्टीमा ल्याउन अथक प्रयत्न गरे । तर उच्च शिक्षा हासिल गरेका अमात्यसँग बहसगरेर उनको चित्तबुझाउन उनीहरूले सकेनन् । उनीहरू छक्क परे । निराशभए र एक आपसमा कुरागर्न थाले।

'कम्युनिष्ट पार्टी आफ्नो देशलाई नहेरी अर्कोको दलाली गर्ने पार्टी हो' भन्ने कुरो तुल्सी लाल अमात्यको मनमा गडेको थियो । यो कुरा लखनऊ बस्दादेखि नै उनको मनमा परेको थियो । त्यतिबेला श्रीमद्भागवद् गीता पाठबाट 'सबै मान्छे बराबर हुन्, सबैको दुःख सुख एउटै हो' भन्ने भावना परेकोले कम्युनिज्म चाहिन्छ भन्ने कुरो पनि तुल्सी लाल अमात्यलाई लागेको थियो । एकातिर खान नपाएका मानिस र, अर्कोतिर नजिकै पाक्ने चौरासी व्यञ्जन पनि उनले देखेका थिए। बास नपाएका मानिसको बिचल्ली पनि उनले देखेका थिए । उनले खालीरहेका भव्य भवन र बास नपाएका नेपाली पनि देखेका थिए। त्यो असमानता, विभेद र अभावको दयनीय अवस्थामा बाँचिरहेका मानिसहरूलाई पनि देखेका थिए। त्यस दृश्यानुभूतिबाट उनलाई लागिसकेको थियो, 'समाजवाद आवश्यक छ' (उही) तर पनि उनी कम्युनिष्ट पार्टी विरोधी थिए।

के कारण थियो, तुल्सी लाल अमात्य त्यस्तो भावनाले ओतप्रोत बन्न पुगे ? त्यसका लागि हामी लखनऊ विश्वविद्यालय पुग्नुपर्छ।

सन् १९४२ मा 'भारत छोडो' आन्दोलन सुरू भएको बेला उनी लखनऊ विश्वविद्यालयको छात्रबासमा बसेर पढिरहेका थिए भन्ने कुरा माथि उल्लेख गरिसकिएको छ।

दोश्रो विश्वयुद्धमा सोभियत संघका जोसेफ स्टालिन, ग्रेट ब्रिटेनका प्रधानमन्त्री विस्टन चर्चिल र संयुक्त राज्य अमेरिकाका राष्ट्रपति फ्रेङकलीन रूजबेल्टका बीचमा मित्रराष्ट्रहरूको अलाइन्स बनेको थियो । त्यस अलाइन्सका विरूद्ध जर्मनका एडोल्फ हिटलर, इटालीका बेनिटो मुसोलिनी र जापानका सम्राट हिरोहितोका बीचमा एकताको धुरी बनेको थियो।

यता भारतवर्षमा महात्मा गान्धीको नेतृत्वमा अँग्रेजको औपनिवेशिक साम्राजवादी शासनका विरूद्ध स्वतन्त्रता आन्दोलन चलिरहेको थियो । विश्व युद्धको वेलामा स्वतन्त्रताको आन्दोलनलाई अघिवढाउदा हिटलर, मुसोलीनी र जापानको धुरीलाई बलपुग्छ भन्ने कुरा भारतका कम्युनिष्टहरूलाई लागेको थियो । तिनीहरू हिटलर मुसोलीनीको फासीवादको विरुद्धमा थिए ।[११]

त्यस कुराले कम्युनिष्टहरूप्रति नकारात्मक धारणा भारतवर्षमा फैलिएको थियो । विश्व विद्यालयको छात्रवासमा बसेकै बेलादेखि भारतीय कम्युनिष्ट पार्टीको यस विश्लेषणलाई अमात्यले मनपराएका थिएनन्। त्यसमाथि नेहरूले त्यसको विरोधमा चर्को रूपमा अभियान सञ्चालन गरेका थिए । जवाहरलाल नेहरूले मुजफ्फरपुरको आफ्नो भाषणमा त्यसैलाई आधार बनाएर "कम्युनिज्म ठीक, कम्युनिष्ट पार्टी बेठिक" भनेर भाषण गरेका थिए । त्यसको प्रभाव उनीलाई साह्रै गहिरोगरी परेको थियो । त्यसैले हुनसक्छ उनले नारायणविलास जोशीसँग त्यही कुरा भनेका थिए ।

तुल्सी लाल अमात्यले त्यतिबेलाको आफ्नो मनस्थिति मनखोलेर ब्यक्त गरेका छन् । आफ्नो मनोभावना उनी यसरी प्रकट गर्दछन्,

*नेहरूको 'कम्युनिज्म ठीक, कम्युनिष्ट पार्टी बेठिक' भन्ने भनाइले ममा कम्युनिष्ट पार्टीप्रतिको गलत धारणाले राम्ररी घर गरिसकेको थियो । अर्कोतिर म मजदुर वर्गबाट नआएर निम्न पूँजीवादी वर्गबाट आएको हुदाँ ममा वर्ग चेतनाको अभाव थियो, वर्ग स्वार्थ के हो बुझेको थिइँन । गान्धीजीको "वर्गविहीन, वर्णविहीन" नाराको प्रभावमा परे पनि यो "वर्गविहीन, वर्णविहीन" समाज कसरी बनाउने भन्ने कुरो ममा स्पष्ट थिएन ।*

*जब हिटलरको प्रहारमा रूस एकपछि अर्को हारखाँदै पछिहट्दै थियो र हिटलर झण्डै मस्को पुग्नलागेको थियो त्यसवेला लखनऊको वत्लर होस्टेलमा एउटा विद्यार्थीको मुखबाट अनायास निक्लेको एउटा वाक्य मेरो मनमा गढेको थियो । उसले भनेको थियो 'एउटा ठूलो संस्कृति नष्ट हुन लाग्यो ।' यस वाक्यले सोभियत सङ्घप्रति मेरो मनमा केही हदसम्म आस्था बढाए पनि हिटलरको नाजीवाद र सोभियत सङ्घको समाजवादमा के फरक छ र हिटलरले जितेर सोभियत सङ्घमा र विश्वमा के असर पर्नेछ भन्ने कुराको चेतना ममा थिएन ।*

उनी त्यतिवेलाको आफ्नो चेतनास्तरलाई अझै प्रष्टपार्दै भन्छन्, *"त्यसबेला*

११ भारतका इतिहास, संक्षिप्त रुपरेखा मस्को–१९८४

*हिटलरको नाजीवाद र सोभियत संघको समाजवादमा मैले कुनै खास फरक देख्न सकेको थिइँन। गान्धीजीको "वर्गविहीन, वर्णविहीन" पछाडिको वर्गस्वार्थ पनि मैले देख्नसकेको थिइनँ । कम्युनिष्टहरूले सो आन्दोलनको विरोधगर्नु, हिटलरको विरोधमा अँग्रेज, अमेरिका र सोभियत सङ्घको सँयुक्त महत्त्व देख्नुमा के तात्पर्य थियो ? ममा ज्ञान थिएन । यसैकारण भारतीय कम्युनिष्ट पार्टीप्रति नै मेरो गलत धारणा हुन गयो।*

*अमात्य आफ्नो मनको कुरा खोल्दै भन्छन् "साथी नारायणविलासजी र प्रेमलाल हलुवाईसँगको बहसको बेला हिटलरको पतन भइसकेको थियो । भारत स्वतन्त्र भइसकेको थियो। तर ममा रहेको वर्ग चेतनाको अभावले कम्युनिष्ट पार्टीको महत्त्व के हो, काङ्ग्रेसको कार्यक्षेत्रको सीमा के हो, मलाई याद थिएन। नारायण विलासजी र साथी प्रेमलाल हलुवाईसँगको बहसमा यसकारण मैले साम्यवादको समर्थन गरेर पनि साम्यवादी पार्टीको विरोध गर्दै रहन्थेँ। वहाँहरू बहसमा हारेर जानुहुन्थ्यो, तर वहाँ फेरि बहस गर्न अर्को दिन आउनु हुन्थ्यो। १२ दिनसम्म बहस चल्यो। फेरि पनि मलाई चित्त बुझाउन सक्नु भएन। आखिर केही नलागेर वहाँहरू उही आर्यसमाजको झोपडी (जसलाई आर्य समाज मन्दिर भनेर मानिन्थ्यो) को क्याम्प भित्र एउटा टेबुलमाथि बसेर आपसमा भन्न थाल्नु भयो, "यो के भनेको होला ? साम्यवाद ठीक छ रे ! साम्यवादी पार्टी गलत छ रे !" यो कुरा मेरो कानमा पऱ्यो। १२ दिनसम्मको बहसले मेरो दिमागमा कुनै असर गरेको थिएन । वहाँहरूको यो कुरोले मेरो दिमागमा ठक्कर दियो । मेरो मनमा एउटा कुरो उब्ज्यो र मनमा आयो– 'कम्युनिज्म ठीक भएर पनि कम्युनिष्ट पार्टी बेठिक छ भने कम्युनिज्म आउँछ कसरी ?' मलाई मनमा लाग्यो साच्चै नै मेरो अडान त "सुन्तला ठीक छ सुन्तलाको बोट खराब छ" भने जस्तै भयो। सुन्तलाको बोट नभई सुन्तला कहाँबाट आउँछ ? मान्छे उही हो आखिर काङ्ग्रेस र कम्युनिष्ट पार्टी बीचको फरक के भयो ? मान्छे उही हो, इमान्दारीसँग काम गरे त जसले पनि देश बनाउने काम गरिहाल्ला। बेइमान भयो भने कुनै पार्टीले पनि गर्ने छैन। फेरि पनि मेरो मनमा कुरा खेली नै राख्यो। आखिर फरक कहाँ पऱ्यो? पुष्पलालजीले उल्था गरेर पहेंलो कागजमा साइक्लो गरी रक्सौल आर्यसमाज मन्दिरको ठेगानामा गणेशमानजीको नाममा पठाएको घोषणापत्रको याद आयो । मैले त्यो घोषणापत्र पढन पाएको थिइँन । गणेशमानजीले सो घोषणापत्र कहाँ राख्नु भयो, कहाँ पठाउनु भयो थाहा भएन।"* (अमात्य, २०६२*)*

## भेष बदलेर यात्रा

नेपाली राष्ट्रिय काङ्ग्रेस (वी. पी.) का नेता गणेशमान सिंहले तुल्सी लाल

अमात्यलाई पार्टी काम गर्न काठमाडौं पठाए। एकजना साथी साथमा लिएर ११ रूपियाँ बोकेर तुल्सी लाल अमात्य रक्सोलबाट फर्किए। वीरगंज आएर चनाभुजा खाँदै पर्वानीपुरसम्म हिडेरै पुगे । बचाएको पैसाले सातु किने । रेलमा बसेर अमलेखगञ्ज पुगे । अमलेखगञ्जबाट एउटा ट्रकमा भीमफेदी पुगे । एउटा चिनेको काङ्ग्रेसी कार्यकर्ताको घरमा बास बसे। सबेरै उठेर गढी पार गरे।

सात साल अघिसम्म काठमाडौं उपत्यका प्रवेशगर्न राहादानीको व्यवस्था थियो । राजधानी प्रवेशगर्ने जोकोहीले पनि किल्लामा राहदानी देखाउनु अनिवार्य थियो । राहदानी देखाएर मात्र प्रवेशगर्न पाइन्थ्यो । प्रवेशगर्दा वा बाहिरजाँदा राहदानी देखाउँनुपर्थ्यो । आफ्नै देशका विभिन्न जिल्लाबाट काठमाडौं आउने सबै जनतालाई यो नियम अनिवार्य गरिएको थियो। त्यसैले तुल्सी लाल अमात्यले विष्णुलाल डंगोलको नाममा राहदानी बनाएका थिए । काठमाडौं उपत्यका आउँदा–जाँदा किसानको मैलो झुत्राझुत्ला भएको लुगा लगाएर आफ्नो असली परिचय छिपाउँथे। उनी राजा त्रिभवनसँग भेट गर्न पनि यस्तै भेषमा जानेगर्थे। (उही)

तुल्सी लाल बिहान १० बजे कुलेखानी पुगे। दुवै जनाले दालभात त्यहीँ खाए। भीमफेदीका काङ्ग्रेसी कार्यकर्ताले दिएको तीनमोहर खल्तीबाट झिके र खानाको पैसा तिरे।

कुलेखानीबाट चन्द्रागिरी पारगर्दै थानकोट पुगे । साँझपर्न थालिसकेको थियो । एउटा ईंटा ओसार्ने लरी आइपुग्यो । त्यसले मान्छे पनि बोक्थ्यो । त्यसैमा बसे दुबै जना । दुवैजनाको लागि भाडा पुग्छ कि पुग्दैन भन्ने कुरा तुल्सी लालले मनमा गुनिरहे। रात परिसकेको थियो। कलंकी पुग्दा हावाहुरी चल्यो। पानी पऱ्यो। रूख ढल्यो। ट्रक रोकियो। साथीसँगै नजिकै रहेको एउटा खाली झोपडीमा पसे। रात त्यहीँ काटे।

## भूमिगत रुपमा त्रिभुवनसँग भेट

बिहान झिसमिसेमै उठेर दुवैजना हिंडे। बाटोका साथी आफ्नै घर गए। अमात्य मरूटोलका जुजुभाइ दाइको पसलमा पुगे।२००४ साल भाद्रतिर उनी तुलसी मेहरसँगै पक्राउ परेर थाना र भद्रगोल जेलमा बसेका थिए। त्यसैबेला जुजुभाइ दाइसँग जान–पहिचान भएको थियो । जुजुभाइ दाइले तुल्सी लाल अमात्यलाई धर्मरत्न यमीको घरमा पुऱ्याए। यमी घर छोडेर भारत गइसकेका थिए।

यमीकी श्रीमती हीरादेवीले खानबस्न सहयोग गरिन् । त्यसपछि हृदयचन्द्रसिंह प्रधानको घरमा भूमिगत बसे । उनी पूर्णबहादुर एम.ए. का घरमा भूमिगत बसिरहेका थिए, त्यही बेला प्रहरी आएर पूर्णबहादुर एम.ए.लाई गिरफ्तार गऱ्यो । पूर्णबहादुर एम.ए.की बहिनी सचेत र वुद्धिमान थिइन् । उनले तुल्सी लाललाई झट्पट् अर्को घरमा पुऱ्याइन र एउटा कोठामा थुनेर भोल्टेताल्चा लगाएर छोडिन् । (उही)

तुल्सी लाल अमात्य भक्तपुरका रामहरि शर्माको घरमा पनि भूमिगत बसेका थिए । आठ सालमा कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लगाइएको बेलामा भक्तपुरका राणा सूर्यप्रतापको घरमा पनि उनी भूमिगत बसेका थिए । त्यहाँ उनले अंग्रेजीको टयूसन पढाउथें । नारायणमान बिजुक्छें त्यहाँ टयूसन पढ्न जानेगर्थे । त्यतिबेला तुल्सी लालले मालसामानको भाउँ किन बढ्छ ? मानिस किन गरीब हुन्छन् ? भन्ने प्रश्न गर्दै त्यसको उत्तर पनि दिन्थे । किशोरहरूलाई थाहै हुँदैनथ्यो । उनीहरूले चालैनपाइकनै प्रशिक्षण प्राप्त गरिरहेका हुन्थे । यसरी नयाँ नयाँ कम्युनिष्ट कार्यकर्ता बनाउथे । उनले नानीमैया नकर्मी जस्ता कार्यकर्ता बनाएका थिए । भक्तपुरबाट जुलुस निकाल्दा उनी पनि जेल परेकी थिइन । अमात्य नाती महर्जन, तिर्थ महर्जन (ठमेल), सूर्यभक्त श्रेष्ठ (ओटु), निमु मुसलमान (ज्याठा)का घरमा र पाटन च्यासलका किसानका घरमा पनि भूमिगत बसेका थिए ।

अमिर, राम श्रेष्ठ, भाइदाइ मोतिमान शाक्य, सुशिलनाथ ओझा र लक्ष्मण राजवंशी रहेको अति विश्वसनीय समितिले भूमिगत अवस्थामा रहेको त्यस समयमा तुल्सी लाल, पुष्पलाल, मनमोहनलाई सुरक्षा प्रदान गर्दथ्यो । (लक्ष्मण राजवंशीसँगको कुराकानी)

## त्रिभुवनमाथि कडा निगरानी

'प्रचण्ड गोरखा' स्थापना तथा त्यसका नेताहरू खण्डमान सिंह लगायत गिरफ्तार भएपछि राणाहरूले राजा त्रिभुवनमाथि कडा निगरानी राखेका थिए । त्यसैले राणाहरूको घेराउलाई खुकुलोपार्न उनले कर्मचारीहरूलाई आर्थिक सहयोग गरी आकर्षित गर्न थालेका थिए ।

वि.स. १९९३ जेठ २२ गते झोंछे ओंमबहालमा गोप्यरूपमा नेपाल प्रजापरिषद्को स्थापना गरिएको थियो । राणा बिरूद्ध सर्बसाधारण जनताका

बीचमा गोप्यरूपमा रातको समयमा पर्चा छरेपछि त्यसका नेता कार्यकर्ता पक्राउँ परेका थिए । चार जनालाई मृत्युदण्ड दिइको थियो भने दर्जनौंलाई नेलहत्कडीसहित बन्दी बनाइएको थियो । धर्मभक्त त्रिभुवनका शारीरिक ब्यायाम शिक्षक थिए। उनलाई पनि मृत्युदण्ड दिइएको थियो। बिक्रम सम्बत् १९९७ सालको शहीद पर्वपछि राजा दरबारमै झण्डै नजरबन्दीको जस्तो अवस्थामा थिए। (गौतम, २०४६)

राजा त्रिभुवनले (१९९३ सालमा) सशस्त्रले सुसज्जित एउटा दल खडा गरेका थिए । यसमा त्रिभुवन, युवराज, दुवै अधिराजकुमार, जुद्ध शमशेरका छोरा शाही एडिसी अग्नि शमशेर, शाही कम्पाउण्डर चन्द्रमान सैंजू आदि थिए [१२] । यसको उद्देश्य जंगबहादुरले कोतपर्व घटित गराए जस्तै नारायणहिटी पर्व घटाउने योजना थियो । त्यो असफल भएको थियो । तर राजा त्यही बाटोमा हिंड्न चाहन्थे। तुल्सी लालले २००५ सालमा पूर्णबहादुर एम.ए.को माध्यमबाट भेटगर्दा राजा त्रिभुवनले त्यही आतकंवादी तरिकाले राणाहरू खतम गर्ने कुरा अमात्यसँग गरेका थिए। तुल्सी लाल अमात्यले राजाको योजनाका बारेमा आफ्नो विचार यसरी व्यक्त गरेका छन्,

*मलाई लाग्यो यस्तो आतकंवादी तरिका सफल पनि हुँदैन र यसले प्रजातन्त्र पनि ल्याउँदैन। श्री ५ त्रिभुवनको प्रस्ताव थियो कि श्री ५ का नातिको पास्नी आउँदैछ। त्यसमा राणाहरूलाई बोलाउने र बमवारी गरी सबैको नाश गर्ने। मेरो राजनीतिक लक्ष्य राणाहरू खतम गर्नु मात्र थिएन, प्रजातन्त्र ल्याउनु थियो। मनमा लाग्यो– सारा शक्ति राजाको हातमा हस्तान्तरण हुने, असफल भयो भने आफ्नो ज्यान मात्र जाने। तसर्थ मैले आफ्नो प्रस्ताव राखेँ, "यस्तो आतङ्ककारी तरिका सफल हुँदैन, तसर्थ हामीले यसको सट्टा चीनमा त्यहाँका कम्युनिष्ट पार्टीले चलाएर आएझै क्रान्तिकारी गुरिल्ला युद्ध चलाउने।" श्री ५ को प्रश्न थियो– कहाँ बसेर लड्ने ? मैले भनें, भारतबाट। "भारत मानेन भने के गर्ने ?" मेरो जवाफ थियो, "त्यसो भए हामी उत्तरबाट लडछौं।" श्री ५ लाई चित्त बुझ्यो। मेरो प्रस्ताव स्वीकार भयो र हुकुम भयो, "मैले के गर्नु पर्‍यो ?" मैले निवेदन गरें–हामीलाई हतियार चाहिएको छ। यसका लागि रू. ३ लाख जति भए हामी हतियार किनेर लड्छौं।* (अमात्य, २०६२)

१२ नेपालको प्रजातान्तिक आन्दोलनमा नेपाल प्रजापरिषद्को भूमिका, राजेश गौतम

## किसान मजदुर सङ्गठन निर्माण

नेपाली राष्ट्रिय काङ्ग्रेस (बीपी)को बैठकमा तुल्सी लाल अमात्य सहभागी भए । उनले, "कम्युनिष्टहरूको घोषणापत्र छ तर काङ्ग्रेसको घोषणापत्र छैन । त्यसैले हामीले पनि आर्थिक राजनीतिक र सामजिक समानताको आधारमा काङ्ग्रेस पार्टीको एउटा घोषणा पत्र तयार गरौं ।" भन्ने प्रस्ताव बैठकमा राखे । वी.पी. ले समानताको सट्टा न्याय शब्द राखौं भने । आर्थिक, राजनीतिक, सामाजिक न्यायको आधारमा एउटा घोषणापत्र लेख्ने तय भयो । एक महिना भित्र वी.पी. कोइरालाले घोषणापत्र लेखेर तयारपार्ने निर्णय भयो । महिना बित्दै गए । ६ महिना पनि बितिसक्यो । तर घोषणा पत्र लेखिएन । (अमात्य, २०६२)

तुल्सी लाल अमात्यको मन पोल्न थाल्यो । उनी छटपटिन थाले । कम्युनिष्ट र काङ्ग्रेस बीच के अन्तर छ ? उनको मनमा कौतुहलता जाग्दै गयो । उनी झनै उत्सुक बन्दै गए । भिन्नता खोज्न थाले । उनले तीनवटा कुरामा प्रष्ट भिन्नता देखे । अमात्यका विचारमा ती भिन्नता थिए –

१. राजनीतिक, आर्थिक, सामाजिक र समानताको आधारमा नेपाली राष्ट्रिय काङ्ग्रेसमा कुनै व्यवस्थित कार्यक्रम नहुनु ।
२. मजदुर, किसान, श्रमजीवी जनताको कुनै जनवर्गीय सङ्गठन नहुनु ।
३. पार्टी नेतृत्व श्रमजीवी नभएर सामान्ती तथा साम्राज्यवादीको पक्षधर हुनु ।

उनले किसान मजदुर सङ्गठनको कार्यक्रम बनाए । त्यसको सङ्गठन गर्न झरोखर गाउँ, रक्सौल, बैजनाथपुर र चैनपुरमा बसेर बारा र रौतहट जिल्लामा किसानको बीचमा काम गर्न थाले । नेपाल किसान मजदुर सङ्गठनको घोषणापत्र पनि तयार पारे ।

अमात्य किसान सङ्गठनको घोषणापत्रका आधारमा किसानलाई जागृत गर्दै थिए । एक दिन नेपाली राष्ट्रिय काङ्ग्रेसको कमाण्डरका रूपमा मातृकाप्रसाद कोइराला झरोखर गाउँमा आए । उनीसँगै गणेशमान सिंह र होराप्रसाद पनि आएका थिए । राती सबैसँगै बसे । पार्टी कार्यक्रमको बारेमा राती लामो छलफल भयो । तर मातृकाप्रसाद कोइरालाले तुल्सी लालको धारणाप्रति सहमति जनाएनन् । 'अमात्यले अघिसारेको कार्यक्रमले त मेरो जमीन पनि जान्छ' भन्दै होराप्रसाद जोशी तुल्सी लालको कुरा सुनेर झस्किए । (उही)

झरोखरमा नेपाली राष्ट्रिय काङ्ग्रेस (वीपी) का अफिस इन्चार्ज मोहनकमान सिंह थिए । उनी पनि मातृकाप्रसादको साथलागेर गएका थिए । पाँच दिनपछि फर्किएर कार्यालय आए । तुल्सी लाल अमात्यले मोहनकमान सिंहलाई काङ्ग्रेसको कार्यालयमा भेटे । कमानसिंहले मातृकाप्रसाद कोइरालाको निर्देशन सुनाए ,

*"मातृका बावुले भन्नु भएको कि,' कि काङ्ग्रेस छोडिदेऊँ, कि किसान मजदुर सङ्गठन गर्न छोडिदेऊँ ।"* यो कुरा सुनेपछि तुल्सी लालको मन आक्रोसले उद्वेलित भयो। उनले भने, *"यदि म गरीबहरूको उत्थान गर्ने सङ्गठन गर्न पाउँदिनभने किन काङ्ग्रेसमा बसिरहने ? देशको दुरवस्था देखेर नै म राजनीतिमा लागेको हुँ। मलाई अरू कुनै, केही इच्छा छैन।"*

क्रान्तिकारी दृढ स्वभावका धनी तुल्सी लाल अमात्य यस्ता शब्दमा अभिव्यक्त गर्छन् त्यतिबेलाको आफ्नो मनोभावना,

*"नेपाली काङ्ग्रेसका नेताहरूको राणाशाही खतम गर्न चाहने अनि सामाजिक परिवर्तन नचाहने विचार बुझेर मैंले नेपाली काङ्ग्रेस त्यागी दिएँ र म स्वतन्त्र रूपले आफ्नो सँगठन निर्माणमा लागेँ। सीमाना बाहिरका किसानहरू नेपाल तराईबाट आएर मेरो कुरा सुन्थे। अफिसमा पनि मानिसहरू आउँथे। मेरो अफिस भारतको बैजनाथपुर गाउँको एउटा गरीब लोहार शिवनन्द मिस्त्रीको ज्यासलमा थियो।"* (अमात्य-२०६२)

## नेपाली काङ्ग्रेस

वी.पी. कोइराला र सुवर्ण शमशेर दुई काङ्ग्रेस पार्टीलाई मिलाएर एउटा पार्टी बनाउन कुरामा सहमत भए। नेपाली राष्ट्रिय काङ्ग्रेस र नेपाल प्रजातन्त्र काङ्ग्रेस पार्टीका बीचमा एकता गरे । दुवै पार्टीलाई मिलाएर नयाँ पार्टीको नाम नेपाली काँग्रेस राखे । यो एकता २००६ साल चैत्र २७ गते भएको थियो । यो पार्टी एकतामा एउटा पार्टीले आफ्नो नामबाट राष्ट्रिय र अर्कोले प्रजातन्त्र शव्द परित्याग गरे। यसरी 'नेपाली काङ्ग्रेस' नामको पार्टीको जन्म भयो। पार्टीको झण्डा नेपाल प्रजातन्त्र काङ्ग्रेसको नै कायम गरियो। महावीरशमशेरको प्रस्ताव मुताबिक नेपाली राष्ट्रिय काङ्ग्रेसका मातृकाप्रसाद कोइरालालाई सभापति बनाइयो । र नेपाल प्रजातन्त्र काङ्ग्रेसका सभापति महेन्द्रविक्रम शाह महामन्त्रीमा छानिए। (गौतम, २०५५)

## ने.का.मा कम्युनिष्ट विरोधी भावना

२००५ सालमा नेपाली राष्ट्रिय काङ्ग्रेस रक्सौलको शाखा कार्यालय आर्यसमाज मन्दिरमा थियो । त्यसलाई मन्दिर नाम दिइएको भए तापनि यो बाँसले बेरेको, परालले छाएको, एउटा झोपडी थियो । त्यहाँ कुनै प्रकारको सुविधा थिएन। गोपालप्रसाद भट्टराई त्यस कार्यालयको प्रमुख थिए। आर्थिक रूपमा कार्यालय दुरावस्थामा थियो । त्यहाँ बस्ने नेता कार्यकर्ता भोकभोकै बस्नु पर्थ्यो । उसिना चामलको भात, भान्टा र सागको तरकारी उनीहरूको खाना हुनेगर्थ्यो । वीर एवम् क्रान्तिकारी नेता गणेशमान सिंह त्यहाँ बस्थे । केदारमान सिंह पनि त्यही बस्थे। तर वी.पी. ले नेतृत्व गरेको नेपाली राष्ट्रिय काङ्ग्रेस र नेपाल प्रजातन्त्र काङ्ग्रेस बीच एकतापछि बनेको नेपाली काङ्ग्रेसका नेता कार्यकर्ताको चरित्रमा आएको परिवर्तन तुल्सी लालले महशुस गरे । हुन त उनले नेपाली राष्ट्रिय काङ्ग्रेस (वी.पी.) परित्याग गरिसकेका थिए तर पछि नेपाल कम्युनिष्ट पार्टीको सदस्य भएर किसान संघको जिम्मेवारी लिएर काम गर्ने क्रममा काङ्ग्रेस कार्यकर्ताले देखाएको व्यवहारले उनको चित्त दुःख्यो। यस सम्बन्धमा उनी भन्छन्,

*“नेपाली राष्ट्रिय काङ्ग्रेस सुवर्णशमशेरको नेपाल प्रजातन्त्र काङ्ग्रेससँग मिली विलीन भएर नेपाली काङ्ग्रेस बनेपछि काङ्ग्रेस नेतृत्व र कार्यकर्तामा परिवर्तन आयो। पहिले उनीहरू कम्युनिष्ट विरोधी थिएनन्। गणेशमानजी स्वयं मार्क्सको पूँजी पढ्ने प्रयास गर्नुहुन्थ्यो । कृष्णप्रसाद भट्टराईजी सोभियत संघको इतिहास पढने गर्नु हुन्थ्यो। गणेशमानजीले मेरै सामन्ने पुष्पलालजीलाई सानो रकम भएपनि कलकत्तामा आफ्नो खुशीले मद्दत गर्नु भएको मैले देखेको थिएँ। यसरी वहाँहरूमा कम्युनिष्ट विरोधी भावना देखिदैनथ्यो । तर नेपाली काङ्ग्रेसको गठन पछि वहाँहरूको जीवनशैली र कम्युनिष्टप्रतिको भावनामा फरक देखा पर्‍यो। (*अमात्य, २०६२*)*

***

# पार्टी स्कुलमा

तुल्सी लाल अमात्यको मनमा काङ्ग्रेसप्रति एकखालको वितृष्णा जागिरहेको थियो । उनले जनपक्षीय राजनीतिको बाटो खोजिरहेका थिए । आफ्नो मूल्य, मान्यता र विश्वासका लागि दुई–चार जना मान्छे मात्रै साथमा लिएर पनि काम गर्न सक्ने पहिचान बनाएका थिए। उनको परिचय दलित–श्रमिक किसानको साथमा खाने, बस्ने, उनीहरूकै पक्षमा बोल्ने र लडने नेताको रूपमा स्थापित भैरहेको थियो। उनले नेपाली राष्ट्रिय काङ्ग्रेस (बीपी) परित्याग गरेपछि श्रमजीवि जनताको प्रधानतामा जोडदिदै स्वतन्त्र रूपले किसान मजदुर सङ्गठनको नामले जागरण फैलाउँदै थिए।

छ साल सुरूतिरको कुरा हो । उनी आफ्नो सङ्गठनको प्रचारमा रक्सौल, दरभङगातिर घुँम्दै थिए । पाटनका द्रव्यमान कर्माचार्यसँग उनको भेट भयो । कर्माचार्य दरभङ्गामा व्यापार गरेर बस्थे । उनले अमात्यलाई पुष्पलालसँग भेटगर्न कलकत्ता जाने सल्लाह दिए।

यो २००६ सालको जेठ–असार तिरको कुरा हो। कलकत्तामा नेपाली साहुको कोठी थियो। त्यहाँ धेरै नेपालीहरू जम्माहुन्थे। तुल्सी लाल अमात्य त्यही कोठीमा पुगे। त्यहाँ उनको भेट गौरीभक्त प्रधानसँग भयो। तुल्सी लाल अमात्यले आफूले तयारपारेको किसान मजदुर सम्बन्धी एउटा सङ्क्षिप्त कार्यक्रम गौरीभक्त प्रधानलाई दिए । गौरीभक्तले पढे र “सँगै काम गरौँ” भने । गौरीभक्त प्रधानले “पुष्पलालजीसँग भेटनु हुन्छ ?” तुल्सी लाललाई सोधे। अमात्यले हुन्छ भेटौं भने।

कलकत्ताको भिक्टोरिया मेमोरियल मैदानमा पुष्पलालसँग तुल्सी लाल अमात्यको भेट भयो। अमात्यको पुष्पलालसँग यो पहिलो भेट थियो। तुल्सी लाल अमात्यले पुष्पलालसँगको पहिलो भेटको वार्तालापलाई यस्ता शब्दमा सम्भना गरेका छन्, *वहाँले भन्नु भयो, ‘हामीहरू मिलेर काम गरौं।’ वहाँले क्लासमा सामेल हुने प्रस्ताव राख्नु भयो। मैले स्वीकार गरें। त्यतिबेलासम्म*

*कम्युनिष्ट पार्टी चाहिन्छ र यसको महत्त्व यो भन्ने कुरा मलाई प्रष्ट भएको थिएन।"*

पुष्पलालले भारतीय कम्युनिष्ट पार्टीका नेता नृपेन्द्र चक्रवर्तीसँग मार्क्सवाद–लेनिनवादका विद्वान् प्रशिक्षकको प्रबन्ध गरिदिन अनुरोध गरेका थिए। भाइसाहेब अयोध्यासिंहलाई त्यस कार्यका लागि जिम्मेवारी दिइएको थियो। उनले राजनीतिक अर्थशास्त्र, अन्तर्राष्ट्रिय परिस्थिति र लेनिनको पार्टी सङ्गठनात्मक सिद्धान्तका विषयमा कक्षा संचालन गरे। पार्टी क्लासमा हिक्मतसिंह भण्डारी, डी.पी. अधिकारी र तुल्सी लाल अमात्य सहभागी भए। तुल्सी लाल पार्टी क्लासमा सहभागी त भएका थिए तर उनको मन अझै पनि द्विविधाग्रस्त नै थियो। उनी भन्छन्, *"यद्यपि क्लासमा गएर म कम्युनिष्ट बन्ने विचार थिएन। त्यस क्लासमा शिक्षा लिने मनसाय थियो।"* (अमात्य, २०६२)

काठमाण्डौमा राणा विरोधी काम–कारवाहीमा लागेका तुल्सी लाल अमात्य नवजागृत युवाहरूका बीचमा लोकप्रिय भइसकेका थिए। यस सम्बन्धमा डी.पी. अधिकारी त्यो घडीको कलकत्ताको वर्णन गर्छन्। उनी लेख्छन्,

*काङ्ग्रेसीहरूको आपसी व्यवहारदेखि रूष्ट बनेर म कलकत्तामा कम्युनिष्टहरूको सर्म्पकमा हिडन शुरू गरिसकेको थिएँ। कलकत्तामा पुष्पलाल र हिक्मतसिंह भण्डारीसँग मेरो भेट भयो। ... कलकत्ताको लोवर चितपुर स्ट्रिटमा... वी.पी. कोइराला समेत तुल्सी लालजी र हामीहरू पनि भेला भएका थियौं। त्यहाँ कुराकानीबाट थाहा भयो– तुल्सी लाल पनि नेपाली काङ्ग्रेसका व्यक्तिहरूको ब्यवहार बाट रूष्ट हुनुहुन्छ। तुल्सी लालजी राणा शासकहरूको बिरोधी काम–कार्वाहीले त्यतिबेला काठमाण्डौंको नवजागृत युवाहरूको बीच निकै प्रचारमा आइसक्नुभएको थियो। वहाँको सर्म्पकले हामी कम्युनिष्ट समर्थनमा काम गरिरहेका व्यक्तिहरूलाई नयाँ उर्जा प्राप्त भयो। तुल्सी लालजीलाई पनि मार्क्सवादी केन्द्रमा सामेल गराइयो। (अविश्रान्त राजनायक )*

## 'मेरो Eye Opener'

मजदुर आन्दोलनबाट आएका भारतीय कम्युनिष्ट पार्टीका नेता भाइसाहेबले तीनवटा विषयमा क्लास लिए। अन्तर्राष्ट्रिय परिस्थिति बारेको पाठयक्रमबाट कक्षा शुरू भयो। कक्षा सकियो। *"राम्रो लाग्यो– यस्तो हुनुपर्छ। गर्नुपर्छ भन्ने भयो। तर यसका निम्ति कम्युनिष्ट नै हुनुपर्छ*

*भन्ने के छ र मनमा लाग्यो ।"* तुल्सी लाल आफ्नो मनको कुरा लेख्छन् । राजनीतिक अर्थशास्त्रको पाठयक्रमको कक्षा पनि सकियो । उनलाई यसले पनि कम्युनिष्ट हुनुपर्छ भन्ने लागेन । उनी भन्छन्, *"कुनै पार्टीमा बसेर पनि इमान्दारीका साथ कामगरे भइहाल्छ भन्ने मनमा लाग्यो ।"*

भाइसाहेब अयोध्यासिंहले जब लेनिनको सङ्गठनात्मक सिद्धान्त सम्बन्धी क्लास शुरु गरे, तब तुल्सी लाल अमात्यको मनै परिवर्तन भयो । उनी भन्छन् ,

***"यसमा पहिलो कुरो नै पार्टी नेतृत्वको आयो । यसले भन्यो सर्वहारा वर्गको समस्या समाधान गर्ने हो भने मजदुर वर्गको नै नेतृत्व आवश्यक हुन्छ । सर्वहारा वर्गको नेतृत्व भन्नाले कसैको जन्मले होइन, उसको क्रियाकलाप सबै सर्वहाराकरण भएको हुनुपर्छ। मार्क्स, ऐंगेल्स लेनिनको जन्म सर्वहारा कुलमा भएको होइन। ... तर उनीहरूले परिवार त्यागेर श्रमजीवी जनताको जीवनको निम्ति शोषण, दमन, भष्टचार छोडेर आफ्नो सम्पुर्ण स्वार्थ त्यागगरी जीवन अपर्ण गरेका थिए। यस मानेमा उनीहरू सर्वहारा हुन।"***

**उनी अगाडि लेख्छन्** ***"क्लासमा सर्वहारा वर्गको नेतृत्वको आवश्यकता बारे सम्झाइयो । त्यसैले मेरो दिमाग खोलिदियो । यी तीन किताव मध्ये यो लेनिनको कितावले मेरो निम्ति Eye opener को रूपमा काम गऱ्यो र यसले मलाई सिकायो एउटा साँचो कम्युनिष्ट पार्टीमा चारवटा लक्षण हुनु पर्छ।***

१. सर्वहारा मजदुर वर्गको नेतृत्व ।

२. सर्वहारा विश्व दृष्टिकोण ।

३. पार्टीको वर्गाधार सर्वहारा वर्ग ।

४. पार्टीको कर्यक्रम र सिद्धान्त सर्वहारा वर्ग कै हित रक्षागर्ने खालको हुनुपर्छ ।"

यसका लागि सर्वहारा वर्गको अग्रदस्ताको रूपमा कम्युनिष्ट पार्टीको नै जरूरत छ भन्ने कुरा उनलाई छर्लङ्ग भयो । उनी भन्छन् ,

*"शोषकहरूको नेतृत्वमा जनतामाथिको शोषण, दमन कदापि खत्तमहुने छैन । यसका निम्ति सर्वहारा वर्गको सैन्यदस्ता कम्युनिष्ट पार्टीकै जरूरत छ, जसको वर्गाधारमा वर्ग नेतृत्व, वर्ग सिद्धान्त र वर्ग कार्यक्रम– सर्वहारा वर्गको हुन्छ । मलाई अब लाग्यो कम्युनिष्ट पार्टीकै जरूरत छ ।" (अमात्य, २०६२)*

## नेकपाको सदस्यता

तुल्सी लाल अमात्यलाई कम्युनिष्ट पार्टीमा बसेर कामगर्न मन खुलेको छैन भने काङ्ग्रेस पार्टी मै बसेर पनि काम गर्न सक्नु हुन्छ भनीएको थियो। तर द्विविधाको मनस्थितिबाट उनी मुक्त भए। अमात्यलाई हिक्मतसिंह भण्डारीले नेपाल कम्युनिष्ट पार्टीको सदस्यताका निम्ति दर्खास्त फारम भराएर पार्टीको केन्द्रीय कार्यालयमा दर्त्ता गरे। यसरी विधिवत रूपमा पार्टीको सदस्य भई तुल्सी लाल अमात्यले कम्युनिष्ट पार्टीमा कामगर्न शुरूगरे।

कलकत्ताबाट बैजनाथपुर पुगेपछि उनी लेख्छन्, *“कलकत्ताको क्लास सिद्धिसकेपछि म अझ बढी मानसिक स्पष्टतका साथ जनताका माझमा गएर फेरि किसान मजदुर संघको सङ्गठन गर्नका निम्ति नेपालको तराई गएँ।”* उनी अगाडि लेख्छन् , “म बारा, रौतहट र सर्लाही यी तीन जिल्लाहरूमा बढी ध्यान केन्द्रीत गरी काम गर्न थालें। बैजनाथपुरमा शिवनन्द लोहारको ज्यासलमा डेरा गरेर बसेँ र सङ्गठनको प्रचार–प्रसारमा लागेँ।”

नेकपाले मजदुर, किसान, युवा, विद्यार्थी, महिला, न्यूनवैतनिक कर्मचारी सङ्गठन, प्रगतिशील बुद्धिजीवी सङ्गठन आदि मोर्चा सङ्गठन निर्माण गरेको थियो । अखिल नेपाल किसान संघको अध्यक्षको जिम्मेवारी तुल्सी लाल अमात्यलाई दिइएको थियो । पार्टीले यो जिम्मेवारी सुम्पिनु अघिदेखि नै अमात्यले किसानका बीचमा अझ विशेष गरी रौतहटका किसानका बीचमा घनीभूत रूपमा काम गरेका थिए।

उनले किसान संघको अध्यक्षको दायित्व कसरी प्राप्त गरे भन्ने जिज्ञासा मेटाउँदै सविस्तार यस्तो लेखेका छन्– *“नयाँ जनवादको राजनीति अपनाएपछि नेपाल कम्युनिष्ट पार्टीले नेपालमा मजदुर वर्गको एकछत्र सरकारको सट्टा सर्वहार वर्गको नेतृत्वमा मजदुर–किसान एकताको आधारमा देशका तमाम क्रान्तिकारी वर्गहरू (अर्थात् राष्ट्रिय पूँजीपति वर्गसँग) र अरू पनि गैर कम्युनिष्ट र देशभक्त तथा प्रजातान्त्रिक पार्टीहरूसँग संयुक्त मोर्चा बनाएर संयुक्त रूपले सरकार चलाउने नीति अपनायो। नेकपाको महासचिवमा का. पुष्पलाल चुनिनु भयो। यद्यपि म पनि किसान मजदुर संघ बनाएर काम गर्दै थिएँ। तर मलाई अखिल नेपाल शान्ति समितिको अध्यक्ष बनाइयो। म भन्थें – मलाई पार्टीको काम देऊ। पुष्पलालजी भन्नु हुन्थ्यो, ‘अखिल नेपाल शान्ति*

*समिति पनि पार्टीको काम हो।' तर मेरो मन शान्ति समितिमा थिएन। मैले सम्पूर्ण समय किसान संघलाई नै दिदैआएको थिएँ। मैले पहिलेदेखि अखिल नेपाल किसान मजदुर संघ बनाएर आएकोमा पछि पार्टीको निर्णय भयो। 'मजदुर संघ र किसान संघ' अलग अलग गरेर काम गर्ने। मजदुर संघको महासचिव पदमा का. मनमोहन नियुक्त हुनु भयो र वहाँ विराटनगर तिर लाग्नु भयो। 'अखिल नेपाल किसान संघ' को अध्यक्षमा म नियुक्त भएँ। हुन पनि मैले 'अखिल नेपाल मजदुर किसान संघ' एउटैमा सङ्गठन गरे तापनि मेरो कार्यक्षेत्र कृषिप्रधान क्षेत्र थियो। बैजनाथपुरमा केन्द्रीय कार्यालय बनाएर रौतहट, बारा, सर्लाही र महोत्तरी (जसलाई दक्षिण गण्डक भनियो) को सङ्गठनको जिम्मा मलाई सुम्पियो। पार्टीको केन्द्रीय सङ्गठन समितिको सदस्यको रूपमा दक्षिण गण्डकको इन्चार्ज र सम्पूर्ण नेपालको किसान संघको अध्यक्षको रूपमा काम दिइयो। मलाई सहयोग गर्न अखिल नेपाल किसान संघको महासचिव तथा पार्टीको प्रान्तीय कमिटीको सदस्यको रूपमा निरञ्जन गोविन्द वैद्यलाई खटाइयो। केही समयसम्म मसँगै बैजनाथपुरमा बस्नु भयो र त्यसपछि त्यो इलाका छोडेर जानु भयो।" (अमात्य, २०६२)*

पार्टी सदस्यता फारम भरेर बैजनाथपुर फर्केका अमात्य २००६ साल भदौ ३० गतेको नेकपाको घोषणापत्र जारी गर्ने भेलामा कलकत्ता पुगेर पार्टीको पुर्नगठित ६ सदस्यीय सङ्गठन समितिका सदस्य भएका थिए। त्यसपछि उनी रक्सौल फर्किए र बैजनाथपुर–रक्सौल बसेर नेपाल भित्रका किसानमा जागरण ल्याउने काममा लागिरहे। यसै बीचमा उनी मोतीहारी तथा भागलपुर जेलमा बसेर आठ महिना पछि छुटेर काठमाडौं आए। जहाँ उनको भव्य स्वागत गरियो। स्वागत ग्रहणपछि उनी पुनः कार्यक्षेत्रमा फर्किए।

## केन्द्रीय सङ्गठन कमिटीमा

सन् १९४९ अप्रील २२ मा नेकपाको स्थापना गरिएको थियो। पुष्पलाल पार्टीको घोषणा पत्र लेखन कार्यमा लागेका थिए। सबै तयारी पुरा भएपछि १५ सेप्टेम्बर १९४९ का दिन कलकत्तमा एउटा भेलाको आयोजना गरियो। भेलामा पार्टीको घोषणापत्र जारी गरियो। पार्टीको आफ्नो मुखपत्र कम्युनिष्ट पाक्षिकको पहिलो अंकमा साइक्लोस्टाइल गरी घोषणा–पत्र जारी गरियो।

भेलामा पुनर्गठित ६ सदस्यीय सङ्गठन समितिको पनि घोषणा गरियो। नेकपा स्थापनाको दिन बैशाख १० गते बनेको सङ्गठन कमिटीलाई भदौ ३० गते पुर्नगठन गरिएको थियो। महामन्त्रीमा पुष्पलाल र सदस्यहरूमा मनमोहन अधिकारी, डी.पी. अधिकारी, शैलेन्द्रकुमार उपाध्याय, तुल्सी लाल अमात्य र भाइसाहेब अयोध्या सिंह रहेको सङ्गठन समितिको घोषणा गरियो। घोषणापत्रमा देशको राजनीतिक, आर्थिक, सामाजिक–सांस्कृतिक अवस्थाको विश्लेषण गर्दै १२ वटा बुदाँमा पार्टीको कार्यक्रम समेटिएको थियो[१३]।

पार्टीको कार्यविभाजन पनि गरियो। विराटनगरमा मजदुर हडतालको नेतृत्व गरेका मनमोहन अधिकारी र नरबहादुर कर्माचार्यलाई अखिल नेपाल ट्रेड यूनियन, अखिल नेपाल किसान संघको जिम्मेवारी तुल्सी लाल अमात्य, निरञ्जनगोविन्द बैद्य, केदार उपाध्याय, केदारनाथ खनाललाई, युवक विद्यार्थी मोर्चामा हिक्मतसिंह भण्डारी र डा. केशरजंग रायमाझी, नेपाली शान्ति समितिमा डी.पी अधिकारी र महिला संघमा दुर्गादेवी (मोती देवी) कामाक्षादेवी, साधना, साहना, पुष्पलता आदिलाई जिम्मा दिइयो। किसान संघको अध्यक्ष तुल्सी लाल अमात्य र महासचिव निरञ्जनगोविन्द वैद्यलाई बनाइयो। सबै जन तथा वर्गीय सङ्गठनका घोषणापत्र पनि तयार पारियो। केन्द्रीय स्तरमा मजदुर, किसान, विद्यार्थी, युवक मोर्चाका केन्द्रीय फ्र्याक्सन पनि गठन गरियो। काठमाडौं उपत्यका, पाल्पा, धरान, विराटनगर, बारा, पर्सा, रौतहट आदि ठाउँमा तुरून्त पार्टी कमिटीहरू गठन गरियो। पार्टी केन्द्रीय कार्यालय कलकत्तामा सहयोग पुऱ्याउने काम हिक्मतसिंह भण्डारी, रामबाबु कार्की, अम्मर प्रधान, आर.के. सिन्हाले गरे। (नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास–पुष्पलाल)

## प्रान्तीय कमिटीमा इन्चार्ज

पार्टी कामलाई व्यवस्थित रूपमा सञ्चालनगर्न प्रमुख नदीहरूका आधारमा नेपाललाई कोशी, गण्डकी र कर्णाली गरी तीन प्रदेशमा बाँडियो। कोशी प्रदेशलाई पूर्वकोशी (मोरङ्ग, झापा, धनकुटा, भोजपुर र इलाम)

१३ ऐतिहासिक दस्तावेज सँग्रह–पहिलो भाग, पृष्ठ २, डा. सुरेन्द्र के.सी.

र पश्चिम कोशी (महोत्तरी, सप्तरी, पूर्व २,३ नं.) मा, गण्डकी प्रदेशलाई ४ उपप्रदेशमा– उत्तर गण्डक (काठमाडौं उपत्यका, पूर्व १ नं. र पश्चिम १ नं.), दक्षिण गण्डक (मकवानपुर, बारा, पर्सा, रौतहट र सर्लाही), मध्यगण्डक (गोरखा, कास्की, लमजुङ्ग, तनहुँ, स्याङ्गजा र चितवन) र पश्चिम गण्डकमा (पाल्पा, गुल्मी, नवलपुर, बुटवल र तौलिहवा) मा बाँडियो। अन्तमा कर्णाली प्रदेश जहाँ पार्टी विस्तार कम भएकोले सिँगो कार्यक्षेत्र बनाइयो। प्रत्येक प्रदेश तथा उपप्रदेशमा पार्टी कमिटी निर्माण गर्ने निर्णय गरियो। (पुष्पलाल, २०५३)

तुल्सी लाल अमात्य र निरञ्जन गोविन्द वैद्यलाई किसान संघका साथै दक्षिण गण्डक प्रान्तीय कमिटीको जिम्मेवारी दिइयो। बैजनाथपुरमा कार्यालय बनाएर किसान संघ र दक्षिण गण्डक प्रान्तीय कमिटीको इन्चार्ज भएर तुल्सी लाल अमात्यले दत्तचितले पार्टी काम गर्न थाले।

## राणा शासन विरुद्ध सशस्त्र सङ्घर्षमा नेकपा

नेपाल कम्युनिष्ट पार्टीका नेता कार्यकर्ता राणा शासनका विरूद्ध जिल्ला–जिल्लामा जनताका बीचमा खटिएका थिए। यसै बीच २००७ साल असोज १० र ११ गते नेपाली काङ्ग्रेसको सम्मेलन बैरगनियामा भयो। यसले कुनै निश्चित दिनमा राणा सरकार विरूद्ध सशस्त्र क्रान्ति शुरूगर्ने निर्णय गर्‍यो। (गौतम, २०५५)

राजा त्रिभुवन आफ्ना माहिला नाति ज्ञानेन्द्र बाहेक सपरिवार रानीवनमा शिकार खेल्ने निहुँमा (२००७ साल कार्तिक २१ गते एकाबिहानै) दरवारबाट निष्किए। र, सिधै भारतीय दुतावासमा शरणलिन पुगे। यता राजा त्रिभुवनले दरवार छोडेको चार दिनपछि २५ कार्तिकबाट नेपाली काङ्ग्रेसले सशस्त्र सङ्घर्ष शुरू गर्‍यो। (उही) काङ्ग्रेसको वीरगञ्ज कब्जा गरी चिसापानी गढी हुँदै उपत्यका कब्जा गर्ने योजना थियो। तर वीरगंज पुनः राणाहरूको नियन्त्रणमा गयो। त्यसैले पूर्व पश्चिमका मोर्चामा पनि सङ्घर्ष गर्नु पर्‍यो।

स्थानीय वडा हाकिमका कार्यालय कब्जा गर्ने क्रममा मोरङ्गमा नेपाली काङ्ग्रेसले विद्रोही सरकार गठन गरेको थियो। मोरङ्गमा गठन भएको नेपाली काङ्ग्रेसको त्यस सरकारले मनमोहन अधिकारी, डी.पी. अधिकारी, नरबहादुर कर्माचार्य तथा कम्युनिष्ट पार्टीका अन्य कैयौ नेता कार्यकर्तालाई कम्युनिष्ट भएकोले गिरफ्तार गरी कैदगरेको थियो। त्यतिवेला रक्सौलमा भारत सरकारले

तुल्सी लाल अमात्य, केदार उपाध्याय, पी.एन. राणा, गणेश श्रेष्ठ, वासुदेव श्रेष्ठ तथा अन्य कम्युनिष्ट किसान नेताहरूलाई गिरफ्तार गरी मोतीहारी जेलमा राखेको थियो। वासुदेव श्रेष्ठ परवानीपुरको सशस्त्र सङ्घर्षमा गोली सकिएर गुरिल्ला युद्ध गर्दै अघिबढेका थिए। त्यसैक्रममा खेमबहादुर क्षेत्री शख्त घाइते भए। उनलाई वेतिया अस्पतालमा भर्नागरी वासुदेव नेकपाको रक्सौलस्थित कार्यालयमा पुगेका थिए। (वासुदेव श्रेष्ठ, अविश्रान्त राजनायक, पृष्ठ ६४)

उता पार्टी हेडक्वाटर कलकत्ताबाट सङ्घर्षको संयोजन गरिरहेका पुष्पलालका विरूद्ध पनि भारत सरकारले वारेन्ट जारीगरेको थियो। गिरफ्तारीबाट बालबाल बचेर उनले भूमिगत रूपमा क्रान्तिकारीहरूसँग सर्म्पक बढाएका थिए। सशस्त्र सङ्घर्षको दायरालाई फराकिलो पार्दै वामपंथी कार्यकर्ताहरूले आ–आफ्नो पहलकदमीमा मुक्ति फौजको गठनगरी राणाबाट एकपछि अर्को जिल्ला मुक्तगर्दै जनसरकार गठन गरे। पूर्वमा राम प्रसाद राई, मध्य नेपालमा एकदेव आले, भैरहवा मर्चवारमा के.आई.सिंह.,निर्मल लामा र सुदुर पश्चिममा चित्र बहादुर गुरूङ्गले आ–आफ्नो पहलमा मुक्ति सेना गठनगरी राणा सरकार र स्थानीय सामान्तहरूका विरूद्ध सङ्घर्षलाई अगाडि बढाए। काठमाण्डौमा पनि जनताको विशाल जुलुसले सिंहदरवार घेर्‍यो। न्यून वैतनिक कर्मचारी, पुलिस तथा फौजले पनि ठाउँ–ठाउँमा जनताको साथदिन थाले। (पुष्पलाल, २०५३)

तुल्सी लाल अमात्यलाई मोतीहारी जेलबाट भागलपुर जेलमा सरूवा गरिएको थियो। उनलाई भारतीय कम्युनिष्ट पार्टी चम्पारन वेतिया जिल्लाका सचिव पिताम्बर सिंहले वकीलको सहयोगबाट नौ महिनाको कैद नपुग्दै जेलबाट छुटाएका थिए।

२००७ साल पुस २४ गते राजा त्रिभुवन, राणा र नेपाली काङ्ग्रेसका वीचमा ५ बुँदे त्रिपक्षीय दिल्ली सम्झौता भयो। त्यसको विरूद्ध नेकपाले सङ्घर्ष अघिबढायो। दिल्ली सम्झौताको विरूद्ध सङ्घर्षगर्ने क्रममा मोतीहारी जेल परेका तुल्सी लाल अमात्यलाई भाकपा नेताले मुक्तगर्न सहयोग गरेर अन्तर्राष्ट्रिय भाइचारा सम्बन्धको महत्त्वलाई दर्शाएका थिए। रामप्रसाद राई, के.आई. सिंहलाई भैरहवामा पक्राउँ गरी काटमाडौं ल्याएर सिहदरवारमा बन्दी बनाइएको थियो। उनीहरुलाई मुक्त गर्न २००८ साल माघ १८ गते राती

१२ बजे एकदेव आलेको नेतृत्वमा रक्षादलले विद्रोह गरी केन्द्रीय सचिवालय सिंहदरवार कब्जा गरी २४ घण्टासम्म सत्ता आफ्नो हातमा लिएको थियो । (पाण्डे, २०७४) सिंहदरवार विद्रोहबाट उत्तर दिशा तर्फ भाग्ने क्रममा रामप्रसाद राई बेपत्ता पारिए भने एकदेव आले धादिङमा पक्राउ परें। सशस्त्र सङ्घर्षको नेतृत्व गरेका नेताहरू, एकदेव आले, चित्रबहादुर गुरूङ्ग, निर्मल लामा आदिले कम्युनिष्ट पार्टीको नेताको रूपमा आजीवन लोकतन्त्रको पक्षमा सङ्घर्ष गरे।

'२००७ सालको क्रान्तिमा नेपाली काङ्ग्रेस र नेपाल कम्युनिष्ट पार्टीको संयुक्त मोर्चा बनाउने प्रस्ताव तुल्सी लाल अमात्यले वी.पी. कोइराला समक्ष राखेका थिए। वी.पीले नमानेपछि उनी अत्यन्त क्रुध भए र नेपाली काङ्ग्रेसको आलोचना गरे । काङ्ग्रेससँग नजिक रहेका भारतका नेता र पार्टीले गलत अर्थ लगाएर अमात्यलाई जेल हाले ।' (डा. केशरजंग रायमाझी–अविश्रान्त राजनायक)

डा. केशरजंगको यस भनाइसँग मिल्दोजुल्दो कुरा तुल्सी लाल अमात्यले आफ्नो संस्मरणमा लेखेका छन् । उनी लेख्छन्– *"मलाई पक्रनाको मूल कारण हो मैले दिल्ली सम्झौताको विरोध गर्नु । उनीहरूको कोशिस रहयो आर्मस एक्ट लगाउने। प्रमाण फेला पार्न नसकेपछि केही नपाएर प्रेस एक्ट लगाई दण्ड दिइएको हो।"* (अमात्य, २०६२)

## काठमाण्डुमा भव्य स्वागत

आठ महिनापछि भागलपुर जेलबाट पुनः मोतीहारी जेलमा सरुवा गरेपछि अमात्यलाई रिहा गरिएको थियो । मोतीहारी जेलबाट छुटेपछि उनी पार्टी हेडक्वाटर कलकत्ता गए । संयोगले पाटन इखालखुका नारायणकृष्ण श्रेष्ठसँग उनको भेट भयो । नारायणकृष्ण कलकत्तामा व्यापार गरेर बस्थे । चारपाँच दिन अमात्य नारायणकृष्णकै घरमा बसे। त्यसपछि उनी काठमाण्डौं फर्के। काठमाण्डौमा उनको भव्य स्वागत गरियो।

अमात्यले काठमाडौं फिर्तिको समयमा गरिएको भव्य स्वागतको वर्णन गरेका छन् । उनी लेख्छन्, *"चन्द्रागिरि पहाडको शिखरमा पुगेपछि केही साथीहरू मलाई लिनका निम्ति आइरहेको देखें। वहाँहरूसँगै तल झरी थानकोट पुगें । त्यहाँ मानिसहरूको भीड रहेछ । ६० वटा ट्रकहरू आएका*

*रहेछन् । बाटोको दुवैपट्टि मान्छेहरूको भीड ।* ***यो स्वागतको प्रबन्धको मूल श्रेय का. पुष्पलाललाई जान्छ।*** *मलाई ट्रकमा हालेर काठमाडौं घुमाइयो र सानो टुँडिखेल अर्थात् आजकालको रङ्गशालामा एउटा आमसभा राखियो । यो टुँडिखेलभरि र ठूलो टुँडिखेलको भिरालोमा मान्छेको भीड थियो । ४५ मिनेट बोलियो । पहिलो पटक भाषणगरेको भएपनि जेल र थानामा अभ्यास गरिराखेको कारण मलाई भाषणगर्न गाह्रो लागेन । त्यसपछि त्यहाँबाट पाटन गइयो ।"* (अमात्य, २०६२)

पाटनमा दिनभरी अबीर र फूलमालाले आफ्ना दाजुको स्वागत गरिएको सम्झना सुवर्ण अमात्यको स्मरणमा आज पनि ताजैछ । तुल्सी लालका कान्छाबाका छोरा सुवर्ण आफु केटाकेटी हुँदाको त्यो दृश्य सम्झिएर आज पनि प्रफुल्लित हुन्छन्। (सुवर्ण अमात्यसँग लेखक र चन्द्रबहादुर श्रेष्ठको कुराकानी)

## पोलिटब्युरोमा चयन

मोहन शमशेरको प्रधानमन्त्रीत्वमा राणा–काङ्ग्रेस संयुक्त सरकार बनेको थियो। तर दमनचक्र भने रोकिएको थिएन। त्यसैले नेकपाको प्रथम सम्मेलन कलकत्तामा नै गर्ने निर्णय भयो । सन् १९५१ सेप्टेम्बर २७ देखि अक्टुबर २ सम्म (२००८ असोज ११–१६) कलकत्तामा सम्मेलन भयो । ६ दिन चलेको सो सम्मेलनमा एक जना महिला सहित ५० जना प्रतिनिधिहरूको सहभागिता थियो । प्रथम सम्मेलनले पुष्पलालले प्रस्तुत गरेको विधान, राजनीतिक प्रतिवेदन, 'जातीय (National) आन्दोलनमा नेपाल कम्युनिष्ट पार्टी' र 'नयाँ जनवादको निम्ति नेपालका जनताको बाटो' नामक दस्तावेजहरू पास गर्‍यो।

सम्मेलनले अयोध्यासिंहलाई बिदा गर्‍यो । महामन्त्रीमा पुष्पलाल पुनः चुनिए भने मनमोहन अधिकारी र शैलेन्द्र कुमार उपाध्याय सहितको ३ सदस्यीय सेक्रेटारिएट गठन गरियो। डी.पी. अधिकारी र तुल्सी लाल अमात्य सहित ५ जनाको पोलिटब्यूरो सहित केन्द्रीय कमिटी निर्माण भयो । (यस सम्मेलनले अयोध्यासिंहको ठाउँमा शम्भुराम श्रेष्ठलाई चयन गर्‍यो भने सम्मेलन पश्चात बसेको पहिलो बैठकले तुल्सी लाल अमात्य र डी.पी. अधिकारीलाई थपेर पाँच सदस्यीय पोलिटब्यूरो बनाएको थियो ।) उपत्यकाबाट शम्भुराम श्रेष्ठ,

पूर्वबाट केदार खनाल, पश्चिमबाट धनुषचन्द्र गौतम र विजय कुमार 'दादा'लाई केन्द्रीय सदस्यमा मनोनित गरी ९ सदस्यीय केन्द्रीय समिति बनाइएको थियो। (के.सी., २०५६)

## निरन्तर किसान संघको नेतृत्वमा

कार्य विभाजनमा पुनः अमात्यलाई अखिल नेपाल किसान संघको अध्यक्ष र निरञ्जनगोविन्द बैद्यलाई महासचिव बनाइएको थियो । २००८ सालमा रौतहटको महमदपुरमा भएको पहिलो भेलाबाट पनि तुल्सी लाल अमात्य नै अध्यक्ष चुनिए भने शम्भुराम श्रेष्ठ महासचिव र निरञ्जनगो विन्द वैद्य उपमहासचिव भएका थिए । २०११ सालमा जनकपुरमा भएको पहिलो सम्मेलनबाट पनि अमात्यलाई नै अध्यक्ष चयन गरियो भने उपाध्यक्षमा कमलराज रेग्मी र महासचिवमा शम्भुराम श्रेष्ठ र उपमहासचिवमा निरञ्जन गोविन्द वैद्य चुनिएका थिए। (कृष्णराज बर्मासँगको कुराकानी)

२०११ सालमा भएको अखिल नेपाल किसान संघको सम्मेलनलाई केही लेखकहरुले दोस्रो भने तापनि त्यो पहिलो नै भएको तथ्य पुष्पलालको यस कथनबाट खुल्लस्त हुन्छ -

*अखिल नेपाल किसान संघको दोस्रो सम्मेलनका प्रतिनिधि तथा दर्शकको रुपमा भाग लिन आउनु भएका सबै साथीहरुलाई नेपाल कम्युनिष्ट पार्टी केन्द्रीय समितिको तर्फबाट म स्वागत गर्दछु । पहिलो सम्मेलनको बीस बर्षपछि आज (२०३२ वैशाख) हुन लागेको यो दोस्रो सम्मेलन हाम्रो देशको इतिहासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वको घटनाको रुपमा अंकित हुने छ । (पुष्पलाल, २०७३, पृष्ठ, ३५९)*

***

# किसान आन्दोलनका अग्रणी नेता

तुल्सी लाल अमात्य शाक्यमुनी गौतम बुद्धका अष्टशील र पञ्चशीलबाट प्रेरित थिए। उनी त्याग र समर्पणको राजनीतिक मार्गबाट शोषित पिडित जनताको सेवा गर्न चाहन्थे। त्यसैले अमात्य गरिब किसानका घरघरमा गएर उनीहरूका दुःखकष्ट र जमीनदारहरूबाट भएका शोषण, दमन, अन्याय, अत्याचारका विरूद्ध चेतना फैलाउने काममा समर्पित भए। पाँच सालको माघ फागुन महिनातिरबाट उनको बास गरिब किसानका घरघरमा हुन थालेको थियो।

तुल्सी लाल अमात्यको किसानहरूप्रतिको समपर्णका बारेमा मनमोहन अधिकारीका शब्दमा "साच्चै भन्ने हो भने वहाँलाई नेपालको किसान आन्दोलनका पिता भने पनि हुन्छ। त्यति गहन ढंगले लगनशीलताका साथ किसानहरू बीच घुलमिल भएर कामगर्न अरू कुनै नेताले सकेको पाइँदैन।" (अविश्रान्त राजनायक)

अमात्यका बारेमा मोहनविक्रम सिंहको धारणा यस्तो पाइन्छ– उनको जीवनको आधा सताब्दी कम्युनिस्ट आन्दोलनमा नै वित्यो। व्यक्तिगत रुपमा कुनै पेशा अपनाएनन्। उनले नेपालका ठूला ठूला आन्दोलनको नेतृत्व गरे। रौतहटको प्रसिद्ध ऐतिहासिक किसान आन्दोलन उनकै नेतृत्वमा भएको थियो।

पार्टी केन्द्र छिन्न भिन्न भएर दुःखित मनस्थितिमा रहेको बेला पुष्पलालले हरि ज्ञावालीसँग एउटा गुनासो गरेका थिए। हरि ज्ञवाली 'फर्केर हेर्दा' (पुराना कम्युनिष्टहरूको संस्मरण) मा लेख्छन्– "पुष्पलाल सित बसेर पार्टी निर्माण र विकासका बारेमा छलफल भइरहन्थ्यो। यसै सिलसिलामा एकदिन साँझ बसेर कुराकानी गर्दा वहाँले भन्नु भयो " साथीहरूले मलाई साथै दिँदैनन्। मनमोहन मास लिडर हुन्। तुल्सी लाल किसान नेता हुन्। हिक्मतसिंह भण्डारी कुटनीतिमा सिपालु छन्। यी सबै आइदिने हो र हामी चार जनाको टीम बन्ने हो भने पार्टी बन्न के बेर लाग्थ्यो र !"

पूर्व प्रम एवम् नेकपाका वरिष्ठ नेता माधवकुमार नेपालका शब्दमा *उहाँ सरल, इमान्दार, विचारप्रति समर्पित लगनशील ब्यक्ति हुनुहुन्थ्यो। उहाँलाई किसान आन्दोलनका पिता पनि भन्न सकिन्छ। तुल्सी लाल किसान संघको जिम्मेवारी लिएर गाउँका किसान जनताको दुःख सुखमा एकाकार हुनुभयो।*

किसानका बीचमा घुलमिल भएर काम गर्न सक्ने असाधारण क्षमता भएका अमात्यको सबै नेताले मुक्तकण्ठले प्रशंसा गरेकाछन्।

*"मैले किसान संघलाई पार्टीबाट अलग गरेर लानु सट्टा पार्टीकै अङ्ग अथवा शाखा–हाँगाको रूपमा सङ्गठन गरेर लगेँ । अगाडि बढाएँ।"* तुल्सी लालले लेखेका छन्। उनी किसान संघलाई पार्टीसँग अन्तर्सम्बन्धित सङ्गठनका रूपमा प्रस्तुत गर्दथे। किसान संघको कार्यक्रम बताउनु भन्दा पहिला उनी कम्युनिष्ट पार्टीको सिद्धान्त नीति कार्यक्रम बुझाउथे र त्यससँग किसानका समस्या र किसान संघले सञ्चालन गर्ने कार्यक्रमका सम्बन्धमा प्रकाश पार्थे। उनले सैद्धान्तिक तथा दार्शनिक प्रशिक्षणहरूबाट किसानहरूमा वर्गीय चेतनाको विकास गर्थे। समाज विकासको क्रममा नेपालमा सामन्तवादको विकास र भूमिको ब्यवस्थापन कसरी हुन थाल्यो भन्ने सैद्धान्तिक तथा ऐतिहासिक प्रशिक्षण दिन्थे।

त्यतिबेला किसानहरूलाई भूमि सम्बन्धका बारेमा नेकपाका पार्टी कक्षामा यस्तो ऐतिहासिक भौतिकवादी विश्लेषण प्रस्तुत गरिन्थ्यो–

*गोपाल, महिषपाल, किराँत, लिच्छवी आदि वंश परम्पराका आधारमा प्राचीन नेपालको इतिहासलाई विभाजन गर्ने गरिएको छ। नेपालमा गोपाल कालदेखि किराँत कालसम्म दासयुग र युद्धसरदार कालीन राज्यव्यवस्था थियो। गोपाल र महिषपालहरूलाई पशुपालक भनिन्छ भने किराँतहरूलाई धनुर्धारी भनिए तापनि उनीहरूको सामाजिक स्वरूप दासयुगको थियो। किराँतहरूको समयमा कृषि, व्यापार र उद्योगको समेत विकास भएर सामाजिक उत्पादन सम्बन्धको स्वरूप फेरिँदै थियो। दासहरूले विरोध जनाउन थालेपछि किपट प्रथा जस्तो सामुहिक भूमि व्यवस्थाको प्रबन्ध हुन थालिसकेको थियो। केन्द्रीकृत सामन्तवादी युग राणाकालमा पनि सामन्ती प्रथा सँगसँगै दास वा करिया प्रथा कायम रहेको थियो। (प्रधान, २०५४)*

*दासयुगको उदय उत्पादन माथिको एकलौटी स्वामित्वले गर्दा प्रादुर्भाव भएको थियो। जसका कारण उत्पादनमा प्रत्यक्ष सहभागिता भए तापनि उत्पादनको उपभोगबाट बञ्चित दास वर्ग र उत्पादनमाथि एकलौटी स्वामित्व राख्ने मालिक*

*वर्ग गरी समाज दुइवटा वर्गमा विभाजित हुनपुगेपछि दास वर्गले सङ्घर्ष गऱ्यो र भूमिमाथि आंशिक स्वामित्व प्राप्त गऱ्यो। यसरी दास युगको समाज बिघटित हुंदै गयो र समाजव्यवस्था दास युगबाट सामन्तवादी युगमा प्रवेश भयो।*

*गण तथा कविला समाजका मुखिया दासयुगमा मालिक तथा युद्ध सरदार बन्दै किरांतकालको उत्तरार्धमा आएर सामन्त बन्न पुगे। किरांतकालमा राजतन्त्र प्रादुर्भाव भई लिच्छवीकालमा सुदृढ बनेजस्तै अन्य शासनव्यवस्था पनि सुदृढ बन्दै गए। लिच्छविकालमा नै भूमिको वर्गीकरण, चार किल्लाको व्यवस्था र लेख्यदान (रजिस्ट्रेशन) को प्रारम्भ भयो। मध्यकालसँगै आधुनिक कालमा पनि विर्ता, गुठी, राजक्षेत्र, किपट, जिमिदारी, उखडा, रकम, रैकर सेरा आदि भूमि व्यवस्था रहेको थियो। यी सबैमा जोताहा किसानमाथि अत्यन्त अमानवीय शोषण, अन्याय अत्याचार र दमन थियो। राणा शासन कालमा यस्तो शोषण चरमोत्कर्षमा पुगेको थियो।*

*किसान माथि हुँदै आएका यस्ता अन्याय अत्यचारका विरूद्ध नेपाल कम्युनिष्ट पार्टीले अखिल नेपाल किसान संघको गठन गरेर संस्थागत रूपमै सङ्घर्ष र आन्दोलन सञ्चालन शुरू गऱ्यो। नेकपाको घोषणपत्रमा पार्टीले किसानलाई अत्यन्त महत्त्व दिएको देखिन्छ ।*

*१५ सेप्टेम्बर १९४९ मा प्रकाशित नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्रमा चार भाग छन्। दोश्रो भागमा किसानको अवस्था विश्लेषण गरिएको छ। घोषणापत्रमा, "... नेपालका केही भागहरूमा पूँजीवादी उत्पादन–प्रथा चालु गरिएको भए तापनि सामन्तवादी उत्पादन प्रथा र सामन्तवादी शासन–व्यवस्था नै सर्वोपरी छन्। स्वयं–सम्पूर्ण आदिम आर्थिक प्रथा अझै पनि नेपालमा चालु नै छ। किसानहरू आफ्नो खाना मात्र पैदा गर्दैनन् उनीहरूद्वारा प्रयोग गरिने धेरै जसो वस्तुहरू पनि उनीहरू नै तयार गर्दछन्। ...*

पार्टी घोषणापत्रमा त्यति बेलाको किसानहरूको अवस्था र नेपाली समाजको संरचनाको विश्लेषण गर्दै अगाडि भनिएको छ – *सामन्तवादी शासक वर्ग–राणा, चौतरीया, साहेबज्यू, भाई–भारदार जमिन्दार, गुरूज्यू र दिन पर–दिन उक्लदो मध्यम वर्गको हातमा नेपालका धेरै जसो जग्गा जमीन छन्। किसानहरूको हातमा थोरै जमीन छ, तर खास गरेर छैन भने पनि हुन्छ। आफ्ना "प्रभुहरू" को खेतबारी खन–जोत गर्नलाई किसानहरूले आफ्नो हलो, कुटो र कोदालो लगाउनु पर्दछ। तर बालीनाली चाहिँ चार भागमा तीन भाग तिनै "प्रभु" नरपशुहरूको भलाई पुरा गर्नको निम्ति समर्पण*

*गर्नु पर्दछ । सन् १९२४ मा कमारा प्रथा हटाइए तापनि शारीरिक दण्ड–प्रथा चालु नै छ । अझै पनि किसानहरूलाई धरपकड गरी १५ दिनसम्म थुन्ने अधिकार यस सामन्त वर्गलाई प्राप्त नै छ । वास्तवमा किसानहरू अर्ध–कमाराको अवस्थामा छन् ।"*

नेपाल कम्युनिष्ट पार्टीले अखिल नेपाल किसान संघको अगुवाइँमा किसानका बीचमा वर्ग चेतना जगाइन्थियो । नेपाली काङ्ग्रेसका नेता मातृकाप्रसाद कोइरालाको नेतृत्वको सरकारले नेपाल कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लगायो । त्यसपछि पार्टीले किसान सङ्गठनको माध्यमबाट सङ्घर्षलाई तिब्र गतिले अघि बढायो । किसानहरूको मुक्तिको सङ्घर्षमा संघका अध्यक्ष तुल्सी लाल अमात्य समर्पित भए ।

किसानमा वर्ग चेतना जाग्दै थियो । पार्टीको नीति भिज्दै थियो । किसान सँगठित हुने काम पनि दिन प्रतिदिन बढिरहेको थियो । सामन्ती शोषणका विरूद्ध जुध्न जुझारू मोर्चाहरू पार्टीले खडा गरेको थियो । किसानहरूले गाउँ देहातमा पार्टीको आह्वानमा हली, गोठाला, कामी, कर्मी, धोबी नाऊ आदि सबैले शोषक कहाँ गएर काम गर्न बन्द गरेका थिए । शोषकहरूको बहिष्कार गर्ने आन्दोलनले सामाजिक बहिष्कार र सामाजिक हडतालको आन्दोलनको रूप लिएको थियो । समानता प्राप्तिको सघर्ष अघि बढेको थियो ।

नौ सालमा 'तमसुक फट्टा आन्दोलन' को नामबाट ठूलो किसान आन्दोलन भयो । ' रे नही जी कहो' आन्दोलन भयो ।

त्यतिबेला नेकपाले चलाएको मोहियानी हकको लागि काठमाण्डौंमा ठूलो आन्दोलन भएको थियो । त्यति बेलाको आन्दोलनका नारा थिए– जाली तमसुक रद्द गर ! जाली फटाहालाई दण्ड देऊ ! वारेन्ट भएका किसान कार्यकर्ताहरूको वारेन्ट रद्द गर ! मोहियानी हक कायम गर ! कम्युनिष्ट पार्टीमाथिको प्रतिबन्ध रद्द गर प्रति मजदुरलाई चार शेर धान देऊ ! आदि ।

किसान आन्दोलनले व्यापक रूप लिएपछि कम्युनिष्ट पार्टीका नेताहरूलाई पनि त्यसले प्रभाव पाऱ्यो । उनीहरूले किसानहरूको सङ्घर्षलाई वैधानिक रूप दिदै अडड्डा अदालतको मार्ग अवलम्बन गर्ने सोँच व्यक्त गर्न थाले । त्यसबाट किसान संघका अध्यक्ष तथा पार्टीका जुझारू नेता तुल्सी लाल अमात्य क्रुद्ध भए । शैलेन्द्र कुमार उपाध्याय, मदनमणि दीक्षित आदिप्रति

अमात्यले चर्को असन्तुष्टी व्यक्त गरे । त्यसका बारेमा उनी लेख्छन्, *महाधिवेशनमा (दोश्रो महाधिवेशन) पेश गरेको दस्तावेजमा अर्को मार्काको बुदाँ हो सामन्त र किसानहरूका बीच सम्बन्ध सामान्यीकरण गराउनु र वर्ग सघर्षको सट्टा वर्ग समन्वयको नीति अपनाउनु । जहाँसम्म वर्ग सङ्घर्षको कुरो छ, यसलाई नकारी किसान समस्याहरू अदालतमा लैजाने कुरो उठी सकेको थियो । २००९ सालको बारा, रौतहट र सर्लाहीका किसान आन्दोलन हुँदा यसको विरोध गरी ... पर्चा छरिएको थियो ।* (अमात्य, २०६२)

देशव्यापी रूपमा पार्टीले किसान आन्दोलन चलायो । पहाडी जिल्लाहरूमा बाँधाप्रथा विरोधी आन्दोलन, बेठबेगार, जाली तमसुक चेत, प्रतिजग्गा जोत आन्दोलन, फटाहा विरोधी आन्दोलन, गोदाम प्रथा विरोधी आन्दोलन, तिरोबन्दी आन्दोलन आदि सङ्घर्ष अखिल नेपाल किसान संघको नेतृत्वमा भएका थिए ।

यिनै किसानहरूका पक्षमा तुल्सी लाल अमात्य "जमीन जोत्नेलाई", "बाँझो र पर्ती जमीन खेतालाहरूलाई", गैरकानुनी कोसेली–प्रथा र बेगारी चलन समाप्त गर ।" ती–भाग–प्रथा, किसानलाई तीन भाग तुरून्त लागु गर ।" आदि आवाज बुलुन्द गर्दै किसान आन्दोलनमा होमिए ।

अमात्य सविस्तार किसान आन्दोलनको चित्रण यसरी गर्छन्, *नेपालमा धेरै नै आवाद योग्य जग्गा छ । तर पनि मेहनत गरी खाने जनताको हातमा या त खेत छैन अथवा सालभर खान पुग्ने जमीन छैन । हजारौं बिघा जमीन आज पनि सामन्तहरू कै हातमा छ । किसानहरू काम गरी खान चाहन्छन् तर उनीहरूको हातमा खेतवारी छैन । उनीहरू ऋणमा डुबेका छन् । सामन्तहरूको खुशामद नगरी किसानहरूको पेट भरिंदैन । यस बाहेक सामन्तहरूले किसानहरूलाई मारपिट गर्ने र मनचाहे दण्ड दिने हक उनीहरूको हातमा आज पनि छ । फलस्वरूप यिनीहरू र घरमा पालिएका पशुहरूको जीवनमा कुनै फरक छैन । आज कालान्तरको दासप्रथा नभए तापनि दासको ठाउँ किसानहरूले र मालिकको ठाउँ सामन्तहरूले लिएका छन ।*

बारा, रौतहट लगायतका जिल्लाका किसानहरूमाथि शोषणका विभिन्न तरिकाहरू लादिएका थिए । हनुवई, पन्तुगिरी, गडीबानी, चलिसाह, पथलपुजाई, सलामी दस्तुर, बेदखली, जनैरी, जालसाजी, किर्ते ब्याज आदि विभिन्न तरिकाद्वारा उनीहरूमाथि गरिने शोषण अत्यचारबाट कहिल्यै माथि उठ्न नसक्ने अवस्थामा थिए । यी मध्ये "जनौरी हनौरी"बाराको सबभन्दा

घृणित तरिका थियो । यसमा कुनै किसानले ऋण तिर्न नसकेको खण्डमा ऊ त्यस साहु, जमिन्दार वा सामन्तको घरमा बन्धकका रूपमा बसी जिन्दगी भर काम गर्नुपर्दथ्यो । उसले अरू कसैकहाँ काम गर्न पाउँदैन थियो । यदि अरूकुनै साहुले साबाँ–ब्याज समेत ऋण तिरिदियो भने त्यो किसान नयाँ साहु कहाँ गएर कमारो बस्नु पर्दथ्यो । यो एक प्रकारको दासप्रथा नै थियो ।

तराइ मधेशका किसानहरुका अवस्था चित्रण गर्दै किसान आन्दोलनाका पिता अगाडि लेख्छन् –

*बारामा एकमन धान शोषकसँग लियो भने साढे दश पसेरी अथवा साबाँ भन्दा ब्याज बढी लिइन्थ्यो । झुठो ज्यानमारा र डकैतीको मुद्दा लगाएर किसानहरूलाई फसाउने धम्की दिइन्थ्यो । झुठो दर्खास्त, निवेदन वा आफूलाई मन लागेको कागजमा सही गराएर पछि तमसुकमा परिणत गरिन्थ्यो । नक्कली सही र जाली कागज तयार गरेर बाबु बाजेको ऋण भनेर झुठो तमसुक तयार पारी छोरा नातिलाई दुःख दिइन्थ्यो । डेढी ब्याजले किसानहरू पिसिएका थिए । उनीहरूले कमारा र कमारी भएर जीवन बिताउनु पर्ने हुन्थ्यो ।"*

आफ्नो कार्यशैली प्रष्ट पार्दै उनी लेख्छन्– *जहाँ बसे पनि म आफैं खटेर काम गर्थें । घरघर चाहार्ने, टोल मिटीङ्ग, ग्राम मिटीङ्ग गर्ने, सङ्घर्ष गर्ने काममा जुटथें ।*

काठमाडौं उपत्यकामा स्थानीय किसान नेताहरू नाति दाइ, सानु दाइहरू थिए । तुल्सी लालको धेरै जसो भूमिगत बसाइ नातिदाइ र सानुदाइको घरमा नै हुन्थ्यो । यस्तै अन्य नेता कार्यकर्ताको घरमा पनि अमात्य भूमिगत बसेका थिए ।

तराईमा इन्दुवारी स्थित गेनाजीको टहरा तुल्सी लाल अमात्यको केन्द्र थियो । निम्न मध्यवर्गीय किसान थिए–गेनाजी । उनी पूर्णकालिक कार्यकर्ता थिए । सीताराम उनका कान्छा भाइ थिए । अमात्यको सम्पूर्ण खर्च, खानेबस्ने व्यवस्था सीतारामले नै मिलाउने गर्दथे । (अमात्य, २०६२)

किसानहरू दिनमा खेतको काममा तल्लीन रहन्थे । साँझ खाना खाएपछि उनीहरू भेला हुन्थे र पार्टी कक्षा सञ्चालन हुन्थ्यो । किसान संघ हरेक किसानहरूका बीचमा भिजेको थियो । टोल–टोल र घर–घरका झगडा मिलाउने काम पनि किसान संघका सदस्यहरूले एक आपसमा मिलेर गर्थे ।

सीताराम पटेल, मोतीपुरका बैद्ये भोला ठाकुर, रत्नमान मास्के, विश्वरङ्ग,

नारायण मानन्धर जस्ता निर्भिक एवम् निडर कार्यकर्ताको सहयोग तुल्सी लाललाई प्राप्त थियो। जसले सङ्गठनलाई घर–घरमा पुऱ्याउने काम गरेका थिए। तुल्सी लाल अमात्य स्वयं गरीब किसानका घर घरमा गएर बस्ने, खाने र सम्झाउने गर्थे। उनी साह्रै लोकप्रिय बनेका थिए। त्यसैले काङ्ग्रेसका गढहरू टुटदै गए र किसानहरू हुलका हुल कम्युनिष्ट पार्टीमा सामेल हुन आए। (विष्णुबहादुर मानन्धरसँगको कुराकानी तथा अमात्य, २०६२)

## नेतृत्व परिवर्तन एवं कार्यवाही

नेकपाको प्रथम सम्मेलन २००८ साल असोजमा सम्पन्न भयो। सम्मेलनको लगतैपछि पार्टीको केन्द्रीय कार्यालय काठमाडौंमा स्थानान्तरण गरियो। त्यसको केही महिनापछि बसेको ५ सदस्यीय पोलिटब्यूरोको बहुमतले पुष्पलालको ठाउँमा मनमोहन अधिकारीलाई महामन्त्री चयन गरेको थियो। त्यतिवेला पार्टी पोलिटव्यूरोमा महामन्त्री पुष्पलाल, मनमोहन अधिकारी, डि.पी.अधिकारी, शैलेन्द्र कुमार उपाध्याय र तुल्सी लाल अमात्य थिए। पार्टीको प्रथम महाधिवेशन शुरू हुनुभन्दा अघि बसेको बैठकले तुल्सी लाल अमात्य र डी.पी. अधिकारीलाई कार्वाही गऱ्यो। कारवाहीका सम्बन्धमा डी.पी. अधिकारीले 'अविश्रान्त राजनायक तुल्सी लाल अमात्य'मा यस्तो लेखेका छन्–,

*तुल्सी लालजीको सरल जीवन तथा किसानहरूसँग घुलमिल र सहवास गर्न सक्ने व्यवहारले पनि वहाँ किसानहरूका लागि प्यारो र आदरणीय नेताको रूपमा देखिनु भयो। किसानहरूलाई आफ्नो अधिकारप्रति जागृत गराउने काममा तल्लीन रहँदा उहाँले पार्टी केन्द्रसँग सम्बन्ध राख्ने कुरा पनि बिर्सने गर्नुहुन्थ्यो। यो कुरालाई लिइ पार्टी केन्द्रसँग सम्बन्ध नराखी क्षेत्रीयतावादलाई अपनाएको भन्ने आरोपमा २010 सालमा उहाँलाई पार्टीको केन्द्रीय समितिबाट निष्काशन गरिएको थियो। त्यो बैठकले मलाई समेत पूर्व कोशीमा पार्टीमा ब्यूरोक्रेसी चलाएको भन्ने आरोपमा पोलिटब्यूरो र केन्द्रीय समितिबाट पनि निकाल्ने निर्णय गऱ्यो। पार्टीको गुप्तवासको जीवनमा तुल्सी लालजी र मेरो लागि त्यो ज्यादै कठोर र घातक निर्णय बन्न आएको थियो। पार्टीको यो निर्णयले हामी दुईबीच बन्दै आएको सम्बन्धलाई अरू आत्मीय र घनिष्ट बनाउँदै ल्यायो।*

पार्टी केन्द्रको कार्वाहीबाट तुल्सी लाल अमात्य मर्माहत भए। बिगतको पृष्ठभूमि सहित आफुमाथि भएको कार्यवाहीका बारेमा उनले सविस्तार लेखेका छन्। उनी लेख्छन्–

*एक दिन पोलिटब्यूरोको बैठक गरी का. पुष्पलालमाथि काम गर्न सकेन भन्ने चार्ज लगाएर पार्टी महासचिवबाट हटाउने काम भयो। हामीहरूले पार्टी भित्रको चाल बुझेका थिएनौं। त्यसकारण हामीहरूले का. पुष्पलालमाथिको चार्जमा राम्रो छलफल गर्ने माग राख्न सकेनौं र सम्मेलनले चुनेको महासचिवलाई सजिलैसँग पोलिटब्यूरो बैठकले महासचिवबाट हटाउने काम भयो र वहाँलाई पोखरा, बन्दीपुर, गोर्खा इत्यादि पश्चिमी इलाकामा काम गर्न खटाएर पठाउने निधो भयो। का. पुष्पलालको सट्टा का. मनमोहन महासचिव नियुक्त भए।*

अमात्यले आफूमाथि भएको कार्यवाहीको आधारहिन आरोपको चर्चा गर्दै अगाडि यस्तो विचार व्यक्त गरेको छन्– *२०१० साल माघ १० गते का. मनमोहनको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टीको पहिलो महाधिवेशन भूमिगत रूपमा सम्पन्न भयो । यस महाधिवेशनमा का. शैलेन्द्रले पोष्ट अफिसबाट पाएको भन्दै एउटा पत्र पेश गरे । त्यो पत्र का. निरञ्जनगोविन्द वैद्यले महोत्तरीका का. इन्द्रबहादुरलाई लेखेको रे ! त्यो पत्र बारे न त इन्द्रबहादुरलाई थाहा न निरञ्जन गोविन्द वैद्यलाई थाहा न मलाई नै। त्यो पत्र कसको हस्ताक्षरले लेखेको हो त्यो पनि थाहा भएन, न का. इन्द्रबहादुर मल्ललाई बोलाएर अगाडि राखेर त्यसको पुर्पक्ष भयो। त्यो पत्र कसैले पढ्न पाएन र हेर्न पनि पाएन। यसलाई एकतर्फी शैलेन्द्रले पढे। त्यसमा का. निरञ्जनगोविन्द वैद्यले का. इन्द्रबहादुर मल्ललाई र तुल्सी लाललाई समर्थन गर्नुपर्छ भनेर लेखिएको रहेछ। त्यो डेढ हात लामो चिठी एक्कासि निरञ्जनगोविन्द वैद्यले इन्द्रबहादुर मल्ललाई लेख्नु पर्ने कुनै कारण थिएन। मलाई लाग्छ त्यो नक्कली चिठी थियो र त्यो कीर्ते चिठीका आधारमा ममाथि गुटबन्दीको आरोप लगाइयो र बिनाछानबिन हामीहरूलाई ६ महिनाका निम्ति भनेर पार्टी सदस्यताबाट हटाइयो । यस कार्वाहीको विरोधमा काठमाण्डौ, पाटन भक्तपुर जिल्लाहरूका साथै बारा, रौतहट र सर्लाही जिल्लाहरूले विद्रोह गरे। यस कार्वाहीको विरोधमा अनेक दस्तावेजहरू लेखें । तर यी सबै कुरालाई कुनै वास्ता गरिएन । अर्कोतिर का. डी.पी. अधिकारी र का. गोपाल प्रसाई माथि पनि पार्टीमा सामन्ती घुसाइयो भन्ने आरोप लगाई उनीहरूलाई पार्टी सदस्यताबाट हटाइयो। ६ महिना गयो, एक साल बित्यो, १५ महिना गयो तर पार्टी सदस्यता दिने नामै लिइएन। १५ महिना पछि बसेको केन्द्रीय कमिटीको बैठकमा डा. रायमाझीले हामी बारे सवाल उठाउनु भयो र मलाई केन्द्रमा लिइयो र सायद पोलिटब्यूरो सदस्य बनाइयो। (अमात्य, २०६२)*

अमात्यले उल्लेख गरेको यस विवादका बारेमा पार्टीका महामन्त्री मनमोहन अधिकारीले सबै पार्टी युनिटका लागि प्रेषित गरेको केन्द्रीय सर्कूलर

नं. १ मा उल्लेख गरिएको छ। पार्टीको दोस्रो सम्मेलन 'अखिल नेपाल द्वितीय पार्टी सम्मेलन बारे' शिर्षकमा पठाइएको सर्कूलरमा भनिएको छ –

*यस सम्मेलनमा मुख्यतया ६–७ विषयहरू आएका थिए त्यो पनि समयाभावले तथा सरकारी हमला बढेकोले भित्री पार्टी सङ्घर्ष,केन्द्रीय कमिटीमा आंशिक हेरफेर ल्याउने र अखबारको विषयमा सिवाय अरू विषयमा छलफल हुनसकेन । यही कारणले गर्दा बाँकी विषयमा छलफल गर्न सम्मेलनले प्लेनम (केन्द्रीय कमिटीको बिस्तारित बैठक) बोलाउने निर्णय गर्नुपऱ्यो । छलफल भएका विषयहरूमा सम्मेलनको निर्णय यस प्रकार छ–*

का. सूर्यका सम्बन्धमा

*का.सूर्य (तुल्सी लाल अमात्य)का सम्बन्धमा उहाँमाथि केन्द्रीय कमिटीले लगाएको चार अभियोगहरू मध्ये पी.बी. प्रस्ताव दबाएको र उत्तर गण्डक प्रान्तीय कमिटीलाई पार्टीको हेड क्वाटरको समानान्तर लैजान खोजेको भन्ने दुई अभियोग गलत छ भनेर सम्मेलनले निर्णय गरेको छ र "लुज टक"को सवालमा उहाँले पनि मान्नुभयो र पार्टीमा गुटबन्दी चलाएको सम्बन्धमा सम्मेलनको अल्पमतले का. सूर्यको काममा गुटबन्दीको उद्देश्य हुन सक्तथ्यो र यस्तो कदमले गुटबन्दी हुनसक्छ भन्ने का. सूर्यलगायतको भनाइको खिलाफ हाउसको बहुमतले का. सूर्यमाथि केन्द्रीय कमिटीले लगाएको आरोप सही छ निर्णय गऱ्यो र रौतहट र बीरगञ्जको सम्बन्ध–बिच्छेदको सम्बन्धमा का. सूर्य समेत सबको एकमत छ कि यस मामलामा का. सूर्यको सैद्धान्तिक कमी रहन गएको छ।"(के.सी., २०५६)*

## प्रथम महाधिवेशन

२०१० साल माघ १३–१७ पाटन ग्वाबहालमा भूमिगत रूपमा सम्पन्न नेपाल कम्युनिष्ट पार्टीको प्रथम महाधिवेशनबाट १४ सदस्यीय केन्द्रीय समिति चयन भएको थियो । महासचिवमा मनमोहन अधिकारी, पोलिटब्यूरो सदस्यमा पुष्पलाल, शैलेन्द्रकुमार उपाध्याय, डी.पी. अधिकारी र शम्भुराम श्रेष्ठ र सदस्यमा हिक्मतसिंह भण्डारी, केशरजंग रायमाझी, कमर शाह, कृष्णराज बर्मा, नरबहादुर कर्माचार्य, केदारप्रसाद उपाध्याय, मधुसिंह, गोपाल प्रसाई र धनुषचन्द्र गौतम चयन गरिएका थिए। –(के.सी., *२०५६*)

## दोश्रो महाधिवेशन

क्रान्तिकारी सङ्घर्षका दश वर्षमा तुल्सी लाल अमात्यको व्यक्तित्व

फक्रिएको थियो । अमात्य नेपाल कम्युनिष्ट पार्टीको दोश्रो महाधिवेशनबाट केन्द्रीय नेतृत्वमा चयन भए। पार्टीको प्रथम महाधिवेशन तयारीको पूर्वसन्ध्यामा उनलाई गुटबन्दीको आरोप लागेकोले त्यतिबेला केन्द्रीय कमिटीमा निर्वाचित हुन पाएका थिएनन् । डा. केशरजंग रायमाझीले केन्द्रीय कमिटीको बैठकमा आवाज उठाएकाले पुनर्स्थापित भएको कुरा अमात्यले आफ्नो संस्मरणमा उल्लेख गरेका छन् ।

दोस्रो महाधिवेशनले १७ सदस्यीय केन्द्रीय कमिटीको निर्वाचन गऱ्यो । केन्द्रीय कमिटीमा तुल्सी लाल अमात्य निर्वाचित भए । अन्य सदस्यमा डा. केशरजंग रायमाझी, पुष्पलाल, डी.पी. अधिकारी, कमर शाह, शम्भुराम श्रेष्ठ, हिक्मतसिंह भण्डारी, कृष्णराज वर्मा, मोहनविक्रम सिंह, अरविन्द रिमाल, पी.एन. राणा, पीवी. मल्ल, कृष्णलाल श्रेष्ठ, कमलराज रेग्मी, केदारप्रसाद उपाध्याय, कृष्णप्रसाद शर्मा, (अधिकारी) र मधु सिंह निर्वाचित भएका थिए । महासचिवका लागि दुई जनाको उम्मेदवारी परेको थियो । मनमोहन अधिकारी चर्मरोगको उपचार गर्न चीन गएकाले कार्यवाहक महासचिव बनाइएका डा. केशरजंग रायमाझी र नेकपाका संस्थापक महासचिव पुष्पलालले समेत उम्मेदवारी दिएका थिए । महासचिव पदको प्रत्याशीका लागि पुष्पलालको नाम कृष्णलाल र समर्थन शम्भुरामले गरेका थिए । रायमाझीको नाम कमर शाहले प्रस्तावित गरेका थिए भने समर्थन डी.पी. अधिकारीको रहेको थियो । सत्र मध्ये बाह्र मत पाएर डा. केशरजंग रायमाझी महासचिव पदमा निर्वाचित भए । प्रथम महाधिवेशनबाट निर्वाचित महासचिव मनमोहन अधिकारीले महाधिवेशनलाई सम्वोधन गरेर एउटा लामो पत्र पठाएका थिए ।

महाधिवेशन २०१४ साल जेठ १४ गते बेलुका शरूभएको थियो । काठमाण्डौको फोहोरा दरवार स्थित स्थानीय प्रभासिनेमा हलमा पुष्पलालले महाधिवेशनको झण्डोत्तोलन गरेपछि नेकपाको दोस्रो राष्ट्रिय महाधिवेशन आरम्भ भएको थियो । उद्घाटन भाषण डा. केशरजंग रायमाझीले गरेका थिए । चीन र क्यानडाका कम्युनिष्ट पार्टीका साथै प्रजापरिषदका महामन्त्री रामहरि शर्मा, परराष्ट्रमन्त्री चुडाप्रसाद शर्मा र उपमन्त्री सूर्यबहादुर भारद्वाजले शुभकामना पत्र पठाएका थिए ।

प्रेमबहादुर कंसाकार, धर्मरत्न यमी, सानुदाइ, कृष्णप्रसाद रिमाल, केदारमान व्यथित, लाल कम्युनिष्ट पार्टीका माणिकलाल श्रेष्ठ र पूर्णबहादुर

एम.ए. ले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

कृष्णलाल श्रेष्ठ, कमलराज रेग्मी र कमर शाह सदस्य रहेको तीन सदस्यीय अध्यक्षमण्डलको चयन बन्दसत्रमा गरिएको थियो।

महाधिवेशनलाई व्यवस्थित रूपमा सञ्चालनमा सहयोग पुऱ्याउन 'सचिवालय' पनि गठन गरिएको थियो । सचिवालयका सदस्यहरूमा कृष्णप्रसाद श्रेष्ठ, मोहनविक्रम सिंह, भूपी शेरचन, रामप्रसाद घिमिरे, अरविन्द रिमाल, भरतमोहन अधिकारी र बलराम राई थिए। महाधिवेशनमा दशजना पार्टी सदस्य बराबर एकजना प्रतिनिधिको प्रतिनिधित्व रहेको थियो। पार्टी सदस्य संख्या दुई हजार पुगेको आधारमा महाधिवेशनमा दुई सय प्रतिनिधिको सहभागिता थियो। महाधिवेशन दश दिनसम्म चलेको थियो। (केसी, २०५६)

महाधिवेशनको बारेमा भरतमोहन अधिकारी

*कस्तो अनौठो स्थिति । महाधिवेशनमा गणतन्त्रको लक्ष्य राखेर संविधान सभाको माग राख्ने दस्तावेज पारित भयो। तर यी दुवै कुरोको सार्वजनिक रूपमै विरोध गर्नेहरूको बहुमत भएको केन्द्रीय कमिटी छानियो। महाधिवेशनबाट फर्किंदा स्थिति यस्तै बन्यो। (अधिकारी, २०६४)*

महाधिवेशनमा डा. केशरजंग रायमाझीले राजनीतिक प्रतिवेदन पेश गरेका थिए। प्रतिवेदनको 'नयाँ प्रस्तावित पार्टी कार्यक्रम के भन्दछ' शिर्षकमा डा. केशरजंग रायमाझीले लेखेका छन्–

*पार्टी कार्यक्रमले तत्क्षण नै नेपाल कम्युनिष्ट पार्टीको एक्लो नेतृत्वमा मजदुर किसानले गर्ने क्रान्तिको सम्भावनामा बोल्ने काम नगरी आजको देशको परिस्थितिमा देशका सबै प्रजातान्त्रिक सहयोगी साथ रही राष्ट्रिय उत्थानको सवाललाई नै अहिले साम्ने ल्याउने काम गर्दछ।*

**'पार्टी कार्यक्रम'**मा परिवर्तन किन ? भन्ने पुस्तिका दोश्रो महाधिवेशनमा प्रस्तुत गर्ने उद्देश्यले पार्टी सदस्यहरूलाई वितरण गरिएको थियो । त्यसमा राजतन्त्रीय शक्तिको स्वरूप शिर्षकमा यसो भनिएको छ –

*देशको प्रजातान्त्रिक विकासको आज धिराज एक ठूलो अड्चन बनेका छन् भन्ने कुरा सर्वमान्य छ। तर यति भन्दैमा प्रजातन्त्रवाद विजयी बन्ने होइन्।"*[१४]

१४ नेपाल कम्युनिष्ट पार्टी दस्तावेज सँग्रह भाग–१, २०७०, पृष्ठ– ८९ र १०३, पुष्पलाल स्मृति प्रतिष्ठान

दोश्रो महाधिवेशनको सम्बन्धमा तुल्सी लाल अमात्य लेख्छन्–

*डा. रायमाझी समुहले पेश गरेको दस्तावेजमा पार्टीको पहिलेको अडान, 'सामन्तहरूको जमीन उनीहरूको परिवार पाल्न पुग्नेसम्म छोडी बाँकी जफत गरी किसानहरूमा वितरण गर्ने", भन्ने कुरोलाई छोडी यसको सट्टा जमीन हदबन्दीको नारा अगाडि ल्याइयो । का. शम्भुराम, गोपाल प्रसाई र म तुल्सी लाल अमात्यले यसको विरोधमा पुरानै माग रहनु पर्छ भन्ने अडान लिएका थियौं । हाम्रो भनाई हो जमीन हदबन्दी गर्दा सारा जमीन सामन्ती परिवारमा लुकेर जान्छ। (अमात्य, २०६२)*

डा. रायमाझीले पेश गरेको दस्तवेज महाधिवेशनले अस्वीकृत गरेकोमा सन्तोष व्यक्त गर्दै अमात्यले लेखेका छन् –

*जे होस, डा. रायमाझी समूहबाट पेश गरिएको दस्तावेज बैठकबाट अस्वीकृत भई त्यसै खारेज भयो । यसरी द्वितिय महाधिवेशनले कुनै स्पष्ट लाइन दिन सकेन। फेरि पनि पार्टीको काम रोकिएन कारण डा. रायमाझी निकट कमरेडहरूले बाहेक अरूहरूले पार्टीको राजनीतिक प्रचार चिनीयाँ कम्युनिष्ट पार्टीका दस्तावेजहरूको आधारमा अगाडि बढाउँदै गए । समय–समयका घटनाहरूमा पार्टी केन्द्रको बैठकको निर्णय भएर जाने गर्थ्यो । र स्थानीय समस्याहरूलाई स्थानीय नेताहरूले नै टुङ्याउने र समाधान गर्ने काम हुन्थ्यो। (उही)*



*दोस्रो महाधिवेशनबाट निर्वाचित तुल्सी लाल अमात्य लगायतका नेताहरु*

***

# दिल्ली सम्झौतादेखि संसदसम्म

## श्री ३ महाराज मोहन शमशेरको भारदारी सभा

सशस्त्र सङ्घर्षको निकासका रूपमा भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूको मध्यस्थतामा राजा त्रिभुवन, राणाका प्रतिनिधि विजय शमशेर राणा र नेपाली काङ्ग्रेस बीच दिल्लीमा एउटा सम्झैता भयो । जसलाई त्रिपक्षीय दिल्ली सम्झौता भनिन्छ। २००७ साल मंसीर २२ गते नेहरूले राणा प्रतिनिधि विजय शमशेरलाई दिएको सम्झौताको प्रारूपमा तीन वटा बुँदा थिए।

१. नेपालमा नयाँ विधान तयार गर्न वालिगमतको आधारमा एक वैधानिक सभा गठन गर्ने।

२. राणा प्रधानमन्त्रीको अध्यक्षतामा जनप्रतिनिधि सहितको नयाँ सरकार गठन गर्ने।

३. श्री ५ त्रिभुवनलाई नै नेपालको राजा मान्ने।

२००७ साल पौष २३ गते सिंहदरवारमा मोहन शमशेरले भारदारी सभा बोलाए। सभाका सदस्यहरूलाई त्रिभवनलाई पुनः राजा मान्ने कुराको कागजमा सही गराए । श्री ३ महाराजा एवम् प्रधानमन्त्रीको समेत पदधारण गरेका मोहनशमशेर जंगबहादुर राणाले ३ बुदाँको प्रस्ताव स्वीकार गर्दै संवैधानिक सुधारको पनि घोषणा गरे । २५ पुषमा भारतमा शरणलिएर बसेका राजा त्रिभुवनले मोहनशमशेरको घोषणालाई स्वागत गरे । त्यसैगरी पौष २७ गते बेलायत यात्रामा रहेका भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूले पनि मोहन शमशेरको घोषणालाई स्वागत गरे। (गौतम, २०५५)

सम्झौताको घोषणा मोहन शमशेरबाट गराउनाले भारत सरकारले तत्कालीन अवस्थामा राजा त्रिभुवनलाई नभएर श्री ३ महाराज एवम् प्रधानमन्त्री मोहनशमशेरलाई मान्यता दिएको देखिन्छ। यिनै मोहन शमशेरलाई १९५० को असमान एवम् अपमानकारी सन्धीमा सहीछाप गर्न लगाएका थिए जवाहरलाल नेहरूले।

नेपालमा सशस्त्र सङ्घर्षको तयारी भइरहेको बेला, राजा त्रिभुवनले भारतीय दूतावासमा शरण लिनु भन्दा पाँच महिना अगाडि प्रधानमन्त्री नेहरूको नेतृत्वमा रहेको भारत सरकारले ३१ जुलाई १९५० मा नेपाल माथि असमान 'नेपाल–भारत शान्ति तथा मैत्री सन्धि' लादेको थियो । सन्धिमा नेपालका श्री ३ महाराजा, प्रधानमन्त्री र सर्वोच्च प्रधान सेनापतिको हैसियतबाट मोहन शमशेर जंगबहादुर राणा र नेपाल स्थित भारतका असाधारण तथा सर्वाधिकार सम्पन्न राजदुत महामहिम श्री चन्द्रेश्वरप्रसाद नारायण सिंहले हस्ताक्षर गरेका थिए। जसलाई १९५० को सन्धि भनिन्छ। (उही)

क्रान्तिबाट राणा शासनको अन्त्य गर्न सङ्घर्षरत नेपाली जनताको भावना विपरित भारतले लादेको सन्धिले भारत सरकारको मनसाय र राणाहरूको आफ्नो पारिवारिक शासन बचाउन गरेको देशघाती कुकर्म स्पष्ट हुन्छ। यस देशघाती संधीका विरुद्ध तुल्सी लाल अमात्यले पार्टीको नेतृत्वमा निरन्तर सङ्घर्ष गरेका थिए । यसकै विरुद्धमा बोल्दा उनलाई भारतमा गिरफ्तार गरेर बन्दी बनाइएको थियो।

## त्रिभुवनको घोषणा पछिका सात सरकार

२००७ साल फागुन ७ गते राजा त्रिभुवनले, *"आज हाम्रो प्रजाको शासन अब उपरान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्क विधान अनुसारको होस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले औ यो विधान तयार नभए सम्म अहिले हामीलाई हाम्रो कार्य सम्पादनमा मद्दत र सल्लाह दिनको निम्ति..."* भन्दै दश सदस्यीय राणा–काङ्ग्रेस संयुक्त मन्त्रीपरिषदको घोषणा गरे र मोहनशमशेर जंगबहादुर राणालाई प्रधानमंत्री र गृहमन्त्रीमा वी.पी कोइरालालाई नियुक्त गरे। (गौतम, २०५५)

यसपछि पटक पटक मन्त्रीमण्डल गठन र विघटनको सिलसिला राजाले चलाए। र, २०१४ को भद्रअवज्ञा आन्दोलन शुरु हुँदासम्ममा पाँचवटा मन्त्रीमण्डल गठन तथा विघटन गरिएका थिए । यस्ता मन्त्रीमण्डलहरूमा मातृकाप्रसाद कोइराला प्रधानमन्त्री रहेको नेपाली काङ्ग्रेस पार्टीको नेतृत्वको मन्त्रीमण्डल, केशर शमशेरलाई प्रमुखमा नियुक्तगरिएको परामर्शदाती सरकार, मातृकाप्रसादकै राष्ट्रिय प्रजा पार्टीको अर्को सरकार, प्रजापरिषदका नेता टंकप्रसाद आचार्य

नेतृत्वको मन्त्रीमण्डल र डा.के.आई. सिंहको मन्त्रीमण्डलहरुको गठन र विघटन गर्दै राणाले जफत गरेका जनताका अधिकार राजाले पुनः दरवारमा पुऱ्याए। राजाले निरन्तर रूपमा एकपछि अर्को मन्त्रीमण्डल गठन तथा विघटन गर्दै गएपछि नेपाली काँग्रेस र नेपाल प्रजापरिषद् मिलेर २०१४ साल साउन २४ गते 'प्रजातान्त्रिक मोर्चा' गठन गरे। मोर्चाले भद्रअवज्ञा आन्दोलन शुरू गऱ्यो।

नेकपाले पनि मोर्चाको समर्थनमा छुटै सत्याग्रहको आन्दोलन चलायो। त्यस अघि नौ सालमा नेकपाले नेपाल प्रजा परिषद्सँग मिलेर जातिय (National) संयुक्त मोर्चा बनाएर सङ्घर्ष गरेको थियो।

संविधान सभाको निर्वाचनलाई लत्याउँदै अस्थिरता र षड्यन्त्रको खेलमा लिप्त हुँदै गएको दरवारको दृश्यपटलमा नेपाल कम्युनिष्ट पार्टीको जनकपुरमा बसेको केन्द्रीय समितिको बैठकले 'संसदलाई सर्वशक्तिमान बनाउनको लागि निरन्तर प्रयास गर्दै जाने' नीति पास गर्दै निर्वाचनमा भाग लिने निर्णय गऱ्यो।

## आमनिर्वाचन र नेकपा

सम्पूर्ण अधिकार दरवारमा केन्द्रीत गरिसकेपछि राजा महेन्द्रले २०१४ साल माघ महिनामा २०१५ साल फागुन ७ गतेका दिनदेखि आम निर्वाचन हुने घोषणा गरे।

यसपछि २०१४ साल चैत्र ३ गतेका राजाले संविधान मस्यौदा समिति गठन गरेको घोषणा गरे। भगवतीप्रसाद सिंहको अध्यक्षतामा गठित संविधान मस्यौदा समितिका सदस्यहरूमा रामराज पन्त, सूर्यप्रसाद उपाध्याय, रणधीर सुब्बा र सदस्य–सचिवमा होराप्रसाद जोशी नियुक्त गरिएका थिए।

संविधान मस्यौदा समितिले पन्ध्र साल पौष महिनामा राजा महेन्द्रलाई संविधानको मस्यौदा बुझायो। राजाले "नेपाल अधिराज्यको संविधान–२०१५" नामको संविधान २०१५ साल फागुन १ गते घोषणा गरे। संविधानको धारा ५५ मा राजामा असीमित अधिकार राखिएको थियो। (यस धाराको प्रयोग राजा महेन्द्रले २०१७ साल पुस १ गते गरे।)

वि.स. २०१५ साल जेष्ठ २ गते राजा महेन्द्रले नेपाली काङ्ग्रेसका नेता सुवर्णशमशेर राणाको अध्यक्षतामा ६ सदस्यीय मन्त्रीपरिषद गठन गरे। अन्य

मन्त्रीहरूमा रणधीर सुब्बा (गोर्खा परिषद्), डिल्लीरमण रेग्मी (नेपाली राष्ट्रिय काङ्ग्रेस), चन्द्रभूषण पाण्डे (प्रजापरिषद्), पुरेन्द्र विक्रम शाह र भूपालमान सिंह कार्की (स्वतन्त्र) मनोनित गरिए। मन्त्रीपरिषद्लाई आम निर्वाचन सम्पन्न गर्ने र शासन व्यवस्था सुचारू रूपले सञ्चालन गर्ने जिम्मेवारी सुम्पिएको थियो।

२०१५ साल कार्तिक महिनामा सुवर्ण शम्शेरको नेतृत्वको सरकारले आम निर्वाचनको चुनावी कार्यक्रम प्रकाशित गऱ्यो। निर्वाचन आयोगले तयार पारेको मतदाता नामावली अनुसार २०१५ वैशाख १ गते २१ वर्ष उमेर पुग्ने नेपाली नागरिकहरूको संख्या ४२ लाख ४६ हजार ४ सय ६८ थियो। सीमा निर्धारण समितिले राज्यलाई जम्मा १०९ निर्वाचन क्षेत्रमा विभाजन गऱ्यो। तोकिएको क्षेत्र बमोजिम निर्वाचन आयोगले मतदान केन्द्रहरू निर्धारण गऱ्यो। एक निर्वाचन क्षेत्रमा ११ देखि ५४ वटा सम्म बुथ कायम गरिएको थियो। कम्तीमा २२ उम्मेदवार उठाउने पार्टीले चुनाव चिन्ह प्राप्त गरेका थिए। पन्ध्र सालको आम निर्माचनमा ९ वटा दलले चुनाव चिन्ह पाएका थिए। (यादव, २०४५, रावल, २०४४, के.सी., २०५६)

नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय समितिको बैठक असोज ५ देखि १२, २०१५ मा बस्यो। बैठकले "प्रजातन्त्रको विस्तार र राष्ट्रिय निर्माणका लागि अगाडि बढनु हो !" भन्ने आह्वानका साथ निर्वाचनमा सहभागी बन्ने निर्णय गऱ्यो। नेपाल कम्युनिष्ट पार्टीले १३ वटा शिर्षकमा पार्टी अवधारणा, नीति तथा कार्यक्रम पुस्तिकाको रूपमा चुनाव घोषणापत्र–२०१५ प्रकाशित गऱ्यो। पार्टीको चुनाव घोषणापत्र बनाउने काममा तुल्सी लाल अमात्यले अत्यन्त महत्त्वपूर्ण भूमिका खेलेका थिए। नेकपाले निर्वाचन परिचालन गर्नका लागि सात सदस्यीय केन्द्रीय चुनाव वोर्ड गठन गरेको थियो। अमात्य त्यस बोर्डका सदस्य थिए।

घोषणापत्रमा क्रान्ति पछिका आठ वर्षको विवेचना गर्दै *क्रान्तिबाट प्राप्त अधिकारहरू जनताबाट खोसिदै गएको, क्रान्तिको बेलामा गरिएका प्रतिज्ञामाथि तुषारापात भएको कुरा उल्लेख गरिएको थियो। विधान परिषदको चुनाव गरिनुपर्नेमा आम चुनावको घोषणा गरिएको, प्रधान न्यायालयको सर्वोच्च अधिकारलाई राजामा स्थानन्तरण गरिएको र मौलिक अधिकार असुरक्षित रहेको चर्चा गर्दै प्रजातान्त्रिक अधिकारमाथि हमला गरिएको कुरा नेकपाको घोषणापत्रमा प्रष्टपारिएको थियो। (रावल, २०४७)*

## नेकपाको निर्वाचन घोषणापत्रमा

*गोर्खा भर्ती बन्द, नेपाल–भारत असमान सन्धिमा परिवर्तन, देशभित्र अमेरिकी प्रवेश नियन्त्रण, देशको सम्पूर्ण क्षेत्रको पुनर्निर्माण गर्न कोशिश गर्ने बताइएको थियो। ठूला उद्योग राज्यले खोल्ने, त्यसका निम्ति आवश्यक राष्ट्रिय पूँजी तथा विदेशी सहायता र ऋण लिने, पूँजीको सुरक्षा तथा निश्चित मुनाफाको ग्यारन्टी दिई देशका धनीहरूको व्यक्तिगत पूँजीद्वारा उद्योग खोल्न प्रेरित गर्ने उद्योग नीति अपनाइने कुरा उल्लेख गरिएको थियो । कृषि नीतिमा– रजौटा राज्य र बिर्ता प्रथा उन्मुलन, जमीनमा हदबन्दी गरी अतिरिक्त जमीन भूमिहीन किसानमा वितरण र जमिन्दारी प्रथा उन्मुलन गरिने छ' भनिएको थियो । सरकारी प्रतिजमीन भूमिहीन किसानहरूमा बांडी आवादी गर्न सरकारी सहायता प्रदान गर्ने, तमसुक जाँच खडागरी झुट्टा जाली तमसुक रद्द गरिदिने, श्रमिकहरूको न्यूनतम ज्याला तोकी दिने, सिचाईको प्रबन्ध गर्ने, किसानलाई ऋणको व्यवस्था, भुखमरी र अनिकालको अन्त्य गर्ने, धर्मभखारीको प्रथा चलाउने आदि थिए । महिलालाई बराबर कामको बराबर ज्याला, प्रसव समयको निम्ति तलव सहित विदा, प्रशुति गृह, शिशुशालाहरूको प्रबन्ध, योग्यता प्राप्तिको निम्ति पूरा अधिकार, घोषणापत्रमा उल्लेख गरिएको थियो । शिक्षा, स्वास्थ्य र धार्मिक स्वतन्त्रता र शक्ति पृथकीकरणको सिद्धान्तलाई आत्मसात् गरी स्वतन्त्र न्यायपालिकाको नीति लिइने कुरा पनि घोषणापत्रमा उल्लेख थियो।*

नेपाल कम्युनिष्ट पार्टीले निर्वाचन क्षेत्र नं. ३ पाटनबाट तुल्सी लाल अमात्यलाई प्रतिनिधि सभाका लागि उम्मेदवार बनायो । अमात्य आफ्नो निर्वाचन क्षेत्रका साथै तराईका जिल्लाहरूमा विशेष रूपमा रौतहटमा निर्वाचन प्रचारमा खटेका थिए।

देशमा कुल १ सय ९ निर्वाचन क्षेत्र तोकिएको थियो। निर्वाचनमा १७ लाख ९१ हजार ३ सय ८१ मत खसेको थियो। यो मत जम्मा मतदाताको ४२ प्रतिशत थियो । नेपाल कम्युनिष्ट पार्टीले ४७ वटा निर्वाचन क्षेत्रमा उम्मेदवार खडा गरेको थियो। कम्युनिष्ट पार्टीका ४७ जना उम्मेदवारहरूले प्राप्त गरेको जम्मा मतसंख्या १ लाख २९ हजार १ सय ४२ थियो । नेकपाका उम्मेदवारले चार स्थानमा विजयी प्राप्त गरेका थिए । १० स्थानमा पार्टी निकटतम प्रतिस्पर्धी रहयो। ७.२ प्रतिशत मत पार्टीले प्राप्त गरेको थियो। सीट संख्याको हिसाबले

प्रतिनिधि–सभामा ३.६६ प्रतिशत स्थान रहेको थियो। निर्वाचन क्षेत्र नं. ३ पाटनबाट तुल्सी लाल अमात्य, रौतहट निर्वाचन क्षेत्र नं. ४९ बाट शेख फर्मान र ५० बाट हरदयाल महतो र निर्वाचन क्षेत्र नं. ९४ पाल्पाबाट कमलराज रेग्मी निर्वाचित भएका थिए। (रावल, २०४४ र के.सी, २०५६)

## नेकपा संसदीय दलका नेता

संसदीय दलका नेताको जिम्मेवारी पार्टीले तुल्सी लाल अमात्यलाई प्रदान गरेको थियो। अमात्यले आफूले मात्र विजयी प्राप्त नगरेर रौतहटको दुबै क्षेत्रबाट पार्टीका उम्मेदवारलाई विजय गराउन महत्त्वपूर्ण भूमिका खेलेका थिए।

पाँच सालदेखि १४ सालसम्म रौतहटका किसानका घरघरमा निरन्तर पुगेर अमात्यले किसानहरूमा ल्याएको जागरणले २०१५ सालको निर्वाचनमा अत्यन्त महत्त्वपूर्ण भूमिका खेलेको थियो। त्यतिवेला संसदीय विभागको सचिव लक्ष्मण राजवंशीलाई बनाइएको थियो। २०१५ सालको संविधानमा दुई सदनको व्यवस्था गरिएको थियो – प्रतिनिधि सभा र महासभा, महासभामा ३६ जना सदस्यको व्यवस्था थियो। छत्तीस मध्ये १८ जना राजाबाट मनोनित र १८ जना प्रतिनिधि सभाका सदस्यहरुले निर्वाचित गरेर महासभामा पठाउने निर्वाचन प्रणाली थियो। अठार जना सदस्य मध्ये एक स्थानमा नेपाल कम्युनिष्ट पार्टीका शम्भुराम श्रेष्ठ निर्वाचित भएका थिए।

नेपालको कम्युनिष्ट आन्दोलनका एक नेता विष्णुबहादुर मानन्धर पहिलो आम निर्वाचनमा रौतहटमा पार्टी सचिव थिए। उनी तुल्सी लाल अमात्यको चमत्कारिक प्रभावका बारेमा यस्ता शब्दमा त्यस वेलाको स्मरण गर्दछन्–

*२०१५ सालको आम चुनावमा कमरेड तुल्सी लाल सर्लाही जिल्लाको भ्रमण सकेर रौतहटको तत्कालीन ५० नं. चुनाव क्षेत्र भित्रको गरूडा भन्ने गाउँको एक पुरानो पार्टी कार्यकर्ताको घरमा बास बस्न पुग्नु भयो। तुल्सी लालको नाउँ सुन्ने बित्तिकै राता राता त्यस गाउँका पार्टीका पुराना प्रमुख कार्यकर्ताहरू भेला भई देश–विदेशका कुराहरू सुनाउन आग्रह गर्न थाले। त्यही सिलसिलामा आम चुनावको कुरो पनि उठयो। कुन पार्टीलाई भोट दिने भन्ने बारे पनि छलफल भयो। त्यस गाउँका पुराना कम्युनिष्ट कार्यकर्ताहरू कम्युनिष्ट पार्टीको पक्षमा मत दिन नसक्ने स्थितिमा पुगिसकेका थिए। ... हामी निराश भएका थियौं। ... तुल्सी लालको निर्देशन पाइसकेपछि किसान कार्यकर्ताहरूले यो विश्वास दिलाए कि त्यस गाउँको अत्यधिक मत कम्युनिष्ट पार्टीको पक्षमा पारिने छ। तर उनी (अमात्य) त्यस गाउँमा देखापर्नु*

*भएन। ... निर्वाचन सकिए पछि मत गन्दा ९५ प्रतिशत मत कम्युनिष्ट पार्टीको पक्षमा खसेको थियो। (अविश्रान्त राजनायक)*

तुल्सी लाल अमात्यलाई संसदीय दलको इन्चार्जको साथै किसान सङ्गठनको समस्यामा थेसिस तयारपार्ने जिम्मा पनि दिइएको थियो। यस सम्बन्धमा इलाकाहरूसँग सम्बन्ध कायमगरी तथ्यांकहरूको संकलन गर्न निरञ्जन गोविन्द वैद्यलाई केन्द्रीय कार्यालयमा नियुक्त गरिएको थियो।

## निर्वाचित सरकार

आमनिर्वाचन २०१५ साल फागुन ७ गते शुरू भएर २०१६ वैशाख २१ गते सम्पन्न भएको थियो। निर्वाचन सम्पन्न भएपछि जेष्ठ २ गते राजाले सुवर्णशमशेरको मन्त्रीमण्डल विघटन गरेको घोषणा गरे र वी.पी. कोइरालालाई मन्त्रीमण्डलको नामावली तयार पार्न निर्देशन दिए।

जेठ १३ गते वी.पी.कोइरालाको प्रधानमन्त्रीत्वमा १९ सदस्यीय मन्त्रीमण्डल घोषणा गरियो। मन्त्रीमण्डलमा ८ जना मन्त्री र ११ जना उपमन्त्री थिए भने सुवर्ण शमशेरलाई उपप्रधानमन्त्री बनाइएको थियो। अन्य मन्त्री तथा उपमन्त्रीहरूमा गणेशमान सिंह, सूर्यप्रसाद उपाध्याय, रामनारायण मिश्र, काशीनाथ गौतम, परशुनारायण चौधरी, शिवराज पन्त, प्रेमराज आङदम्बे, ललित चन्द, श्रीमती द्वारिकादेवी ठकुरानी, मीनबहादुर गुरूङ्ग, जमानसिंह गुरूङ्ग, नेत्रबहादुर मल्ल, योगेन्द्रमान शेरचन, तुलसी गिरी, शिवप्रताप शाह, दिवानसिंह राई र सूर्यनाथदास यादव थिए।

२०१६ साल असाढ १६ गते गराइएको सपथ ग्रहणमा राजा महेन्द्रले प्रेमराज आङदम्बे, तुलसी गिरी र सूर्यनाथदास यादवलाई मन्त्रीका रूपमा शपथ ग्रहण गराएपछि मन्त्री ११ र ८ जना उपमन्त्रीलाई सहायक मन्त्रीको दर्जा दिए। प्रतिनिधि सभाको सभामुखमा कृष्णप्रसाद भट्टराई र उपसभामुखमा महेन्द्रनारायण निधि चयन गरिएका थिए। (यादव, २०४५ र गौतम, २०७५)

## सरकारको नीति तथा कार्यक्रमको चिरफार

राजा महेन्द्रले नेपालको पहिलो निर्वाचित संसदको संयुक्त बैठकलाई २०१६ साल श्रावण ९ गते सम्बोधन गरे। र, आर्थिक वर्ष २०१६/१७ का लागि नेपाली काङ्ग्रेसको सरकारका तर्फबाट प्रस्तुत गरिएको सो नीति कार्यक्रम र

बजेटमाथि नेकपा संसदीय दलका नेता तुल्सी लाल अमात्यले विस्तृत रूपमा टिप्पणी गरेका थिए। जुन यसप्रकार छ–[१५]

*हाम्रो अगाडि जुन यो बजेट आएको छ। त्यसलाई समाजवादी व्यवस्थाको भनिएकोमा हामीलाई खुशी लाग्छ र यो समाजवादी शब्द सुन्दा सत्तारूढ पार्टी हाम्रो नजिकको पार्टी जस्तो लाग्छ तर व्यवहारमा त्यस्तो देखिदैन उनले भनेका थिए।*

नेपाली काङ्ग्रेसको सरकारबाट प्रस्तुत नीति तथा कार्यक्रम माथिको धन्यवाद प्रस्तावका लागि श्रावण १४, २०१६ अपरान्ह ३ बजे बैठक प्रारम्भ भयो। बैठकको सभापतित्व सभामुख कृष्णप्रसाद भट्टराइले गरेका थिए। नेपाल कम्युनिष्ट पार्टी संसदीय दलका नेता माननीय तुल्सी लाल अमात्यले बैठकमा सो नीति तथा कार्यक्रम माथि टिप्पणी गर्दै गहन विश्लेषण प्रस्तुत गरेका थिए।

उनले धन्यवाद प्रस्तावमा आफ्नो टिप्पणी आरम्भ गर्दै भनेका थिए *'यो धन्यवाद प्रस्तावलाई दिल खोलेर समर्थन गर्ने इच्छा थियो तर गल्ती धेरै देखिएकाले समर्थन गर्न सकिएन।'* उनले अगाडि भने, *'यहाँ अल्पमत र बहुमतको कुरा छैन, दृष्टिकोण ठीक निकाल्नु पर्छ र लोकहितकारी प्रगतिशील मार्गमा हिंड्नु पर्छ। प्रगतिशील कुरालाई एब्स्ट्रयाक कुरा भनिएला तैपनि देशको र जनताको प्रगति कति भयो भन्ने कुरा नाप्न सकिन्छ। देशमा भूखमरी, बेकारी, महंगी हटन सकेको छैन तर सम्बोधनमा यसबारेमा केही बोलिएको छैन। यसमा साफ दृष्टिकोण हुनुपर्छ।'* (संसद सचिवालयको अभिलेखबाट)

अन्तर्राष्ट्रिय शक्ति गुटलाई सहयोग पुग्ने नीति लिइएकोमा त्यसप्रति विरोध जनाउँदै उत्तरी सिमानामा राखिएका भारतीय चेकपोष्ट हटाउने माग गर्दै नेकपा संसदीय दलका नेता तुल्सी लाल अमात्यले नेपालको जन निर्वाचित प्रतिनिधि सभामा भनेका थिए – *अर्को कुरा, गुट बन्दिमा नलाग्ने भन्ने छ। यसलाई स्वागत गर्छु तर सिद्धान्त र व्यवहारमा अलग देखिन्छ। यसरी देश बन्दैन, गुटबन्दीमा नलागे मलाया भर्ति केन्द्र कसरी खुल्यो ? यो केन्द्र ता जनतालाई दबाउन बनेको हो साथै चेकपोष्ट पनि छ यसै हो भने उत्तरमा चीनलाई पनि दिनपर्यो तर म दुबैलाई दिने कुराको विरोध गर्छु।'*

---

१५ संसद सचिवालयको अभिलेखबाट

त्यतिवेलाको देशको दुरावस्थाको सजीव चित्रण गर्दै दलका नेता तुल्सी लाल अमात्यले प्रतिनिधि सभामा भनेका थिए,*अर्को कुरा, भ्रष्टचार निर्मूल गर्ने–राम्रो कुरो हो। राणाले पनि चाहन्थे पछि समिति पनि बन्यो तर निवारण हुन सकेन। यो किन बढ्यो सरकारले ध्यान दिन पर्छ। ४५ रू. खाएर १० जना परिवार पाल्न पर्ने भए भ्रष्टचार बढ्छ। महगी बढ्दैछ सुनिन्छ सरकारले बाडने चामल पनि २ माना दिन सक्दैन रे। मानिसमा कैयौं समस्या छन् सो हटाउन नखोजी कसरी उन्मूलन गर्ने।*

किसानका समस्याका बारेमा आवाज उठाउँदै अमात्यले अगाडि भनेका थिए,'*अब न्याय प्रशासन पट्टि हेरौं–के–कदम उठेको छ, कहाँदेखि मुद्दापरि किसान आउछ, राम्रो व्यवस्था नभएकोले उसले कति कुराको हैरानी पाउछ। सरकारले जुनसुकै कुरा गर्दा देशको स्थिति विचार गरेर गर्नुपर्छ सो कुराको कमी छ। यो सम्बोधन पढेर हेर्दा उल्टो सुल्टो कुरा देखेपछि कसरी धन्यवाद दिने ? सरकार बाट यसमा राम्रो प्रष्टीकरण आए बेस हुन्थ्यो। पक्ष र विपक्ष भन्ने सवाल यहाँ छैन, देश बनाउने कुरा छ साथै (ग्राम) पंचायतमा पनि राम्रो व्यवस्था छैन।*'
(अमात्यबाट प्रतिनिधि सभामा सम्बोधन गरिएको महत्त्वपूर्ण मन्तव्य संघीय संसदको अभिलेखबाट, संवोधनको बाँकी अँश परिशिष्ट १ मा हेर्नुहोस्)

## दलका नेता गिरफ्तार

नेपाल कम्युनिष्ट पार्टी संसदीय दलका नेता तुल्सी लाल अमात्यले संसदमा अत्यन्त महत्त्वपूर्ण भूमिका खेलका थिए। गण्डक सम्झौता, डाल्डा घ्यू जस्ता राष्ट्रलाई नोक्सान पुऱ्याउने काम सरकारले गरेकोले त्यसका विरूद्ध सशक्त आवाज संसदमा उठाइएको थियो।

राणाकालदेखि नै नेपालले पैठारीमा प्रतिबन्ध लगाएको भारतमा उत्पादित डाल्डा घिउ नेपाली काङ्ग्रेसको सरकार गठन भएपछि २०१६ साल श्रावण ३० गतेका दिन सो प्रतिवन्ध हटाएको सूचना प्रकाशित गऱ्यो। यसै गरी सर्वत्र विरोध हुँदा हुँदै २०१६ साल मंसिर १९ गतेका दिन बेलुकी गण्डक सिंचाई तथा विद्युत योजना सम्बन्धी सम्झौतामा नेपाल सरकारका तर्फबाट उपप्रधानमन्त्री सुवर्ण शमशेरले हस्ताक्षर गरे। यस्तै २०१७ साल भदौ २७ गते भारतसँग भएको असमान व्यापार र पारवहन सन्धिको पनि व्यापक विरोध भयो। नेपाली काङ्ग्रेको सरकारका देशको हित विपरितका कामको नेकपाले सशक्त

विरोध गरेको थियो। संसद र सडकमा समेत अमात्यले यसको नेतृत्व गरेका थिए।

दोस्रो अधिवेशनमा संसद चलिरहको बेलामा (२०१७ साल वैशाख ८ गते) तुल्सी लाल अमात्य र (असाढ १९ गते) शम्भुराम श्रेष्ठलाई नेपाली काङ्ग्रेको सरकारले गिरफतार गरेको थियो। (गौतम, २०७५)

त्यस बेलाको संसद र सडक संघर्षका बारेमा नेपाल कम्युनिष्ट पार्टीको तर्फबाट क्षेत्र नं ९४ पाल्पाबाट प्रतिनिधि सभामा निर्वाचित सांसद कमलराज रेग्मीले स्मरण गर्दै लेखेका छन्– *तुल्सी लालजी नेपाल कम्युनिष्ट पार्टी संसदीय दलको नेता हुनुहुन्थ्यो। अर्थशास्त्रको एम.ए. बोल्दाखेरि जहिले पनि आर्थिक तथ्याङ्कलाई प्रस्तुत गरेर विषय वस्तुलाई चमत्कृत, आकर्षक र स्मरणीय पारिदिनु हुन्थ्यो। ... तुल्सी लालजीको प्रस्तुतिमा रहने इतिहासको प्रमाण अन्तर्राष्ट्रिय घटना र परिस्थितिको सन्दर्भ तथा आर्थिक तथ्यांकले श्रोता वर्गलाई झन–झन जिज्ञासु बनाइदिन्थ्यो, प्रेरणा प्रदान गर्थ्यो। ...त्यसबखत नेपाल कम्युनिष्ट पार्टीको संसदमा विशेष भूमिका रहनुमा पार्टीले संसद बाहिर चलाएको आन्दोलनको प्रभाव संसदभित्र पुऱ्याउनु पनि एउटा कारण थियो। त्यो बेला बिर्ता उन्मुलन र प्रगतिशील मालमोत, गण्डक सम्झौता र भारतबाट वनस्पति घ्यूकोआयात तथा उत्तरी सीमामा भारतीय चेकपोष्ट आदि कुरालाई लिएर नेपालमा राष्ट्रव्यापी बहस, विरोध र आन्दोलन चलाइएको थियो। संसद चलिरहेकै बेलामा तुल्सी लालजीलाई नेपाली काङ्ग्रेसको सरकारले सुरक्षा कानून अन्तर्गत गिरफ्तार गरेर नजरबन्दमा राख्यो। 'गण्डक सम्झौता' र वनस्पति घ्यूको पैठारी विरूद्ध संसदमा जनताको आवाज पुऱ्याउन एउटा विशाल विरोध प्रदर्शन गर्ने र सिंहदरवार स्थित संसद भवन घेर्ने योजना बनेको थियो। बाहिर त्यसका निम्ति व्यापक तयारी हुदै थियो। यी कार्यक्रममा पनि तुल्सी लालजी खटिरहनु भएको थियो। यसै सिलसिलामा तुल्सी लालजी गिरफ्तरीमा पर्नु भयो। ... उहाँको गिरफ्तारीको विरोधमा संसदमा अध्यक्षले अरूलाई बोल्न नदिएकोमा सबै विरोधी सांसदहरूले बैठक बहिष्कार गरे। बाहिर एउटा बिशाल विरोध प्रदर्शनले सिहंदरवार अगाडि आएर धर्ना दिएको थियो।* (अविश्रान्त राजनायक)

***

# सर्वस्वहरण र निर्वासन

## राजा महेन्द्रको फौजी कदम

नेपाली काङ्ग्रेसका नेता वी.पी. कोइरालाको प्रधानमन्त्रीत्वमा २०१६साल जेष्ठ १६ गते गठन भएको संसदीय प्रणाली अर्न्तगतको सरकार तथा संसदलाई स्वयंबाट निर्माण एवम् घोषणा गरिएको नेपाल अधिराज्यको संविधान २०१५ को धारा ५५ प्रयोग गरि सेनाको वलमा राजा महेन्द्रले विघटन गरे। नेपाली काङ्ग्रेसको सरकारले ६०१ दिन अर्थात् साढे अठार महिना मात्र शासन चलाउन पायो।

२०१७ साल पुस १ गते दिउँसो १२:३० बजे राजा महेन्द्रले, *...अधिकार दुरूपयोग हुँदा भ्रष्टचार बढ्नुको साथै अनेकानेक भ्रान्ति पैदा गराई प्रशासन यन्त्रमा पनि शिथिलता उत्पन्न भै देशमा शान्ति सुरक्षा कायम राख्न यो मन्त्रीमण्डल बिल्कुल असमर्थ भएकोले र अराष्ट्रिय तत्वहरूले धेरै मात्रामा प्रोत्साहन पाइ राष्ट्रिय एकतामा समेत वाधा पुऱ्याउने वातावरण आउन लागेको पनि कसैमा नछिपेको तथा वैज्ञानिक विश्लेषण र वस्तुस्थितिको अध्ययन विना कोरा सिद्धान्तका आधारमा उठाइएको आर्थिक कदमहरूले समाजमा चाहिने परिवर्तनको सट्टा जनतामा अशान्त र दुषित वातावरण मात्र पैदा गरेकोले, राष्ट्रको हित तथा प्रजातन्त्रकै निमित्त पनि देशमा यस्तो स्थिति धेरै समय सम्म रहनु दिन उचित नभएकोले देशको एकता, राष्ट्रियता र सार्वभौमिकता बचाउने, देशमा अमनचैन कायम राख्ने र देशलाई कुनै कारणबाट पनि बिग्रदो स्थितिबाट बचाउने अन्तिम जिम्मेवारी पनि हामीमै भएकोले,*

*उपरोक्त वातावरण हटाई शान्ति सुरक्षा कायम राख्न र देशलाई संक्रमण स्थितिबाट बचाउन विशेष व्यवस्थाको जरूरत पर्न आएकोले तथा देश र जनताको हितलाई मात्र ध्यानमा राखी संविधानको धारा ५५ को अधिकार प्रयोग गरी यो मन्त्रीमण्डल र संसदका दुवै सदनहरू समेत हामीबाट आज यो घोषणाद्वारा विघटन गरिबक्सेका छौं। कुनै नयाँ व्यवस्था गर्न केही समय लाग्ने हुदाँ अर्को व्यवस्था नभएसम्म मुलुकको शासनभार हामीबाटै स्वंय ग्रहण गरी*

*बक्सेका छौं।"भन्ने घोषणा गरे।*[१६]

## राजा महेन्द्रको कुको दिन

## वी.पी. कोइराला

राजा महेन्द्रले कु गर्नु भन्दा एक दिन अधि नै उपप्रधानमन्त्री सुवर्णशमशेर व्यक्तिगत रूपमा कलकत्ता गएका थिए। प्रम वी.पी. कोइराला तरूण दलको पहिलो राष्ट्रिय अधिवेशन उद्घाटन गर्न ९:३० बजे अधिवेशनस्थल तुङ्गशमशेरको दरवार थापाथली गएका थिए। तरूण दलका अध्यक्ष सिंहध्वज खड्काको सभापतित्वमा उद्घाटन पछि वी.पी. ले लिखित भाषण गरिरहेकै बेला समराजको खटनमा डेपुटी कमान्डर–इन–चीफ सुरेन्द्र शाह अधिवेशन हलमा पुगेका थिए। प्रधानमन्त्री वी.पी. का साथै मन्त्रीहरू सूर्यप्रसाद उपाध्याय, गणेशमान सिंह, सभामुख कृष्णप्रसाद भट्टराई तथा मन्त्रीहरू शिवराज पन्त, मिनबहादुर गुरूङ्ग, डि.के. शाही, शिवप्रसाद शाह, दिवानसिंह राई, प्रेमराज आङदम्बे, र जमानसिंह गुरूङ्गलाई सभास्थलबाट गिरफ्तार गरी सिंहदरवार लगिएको थियो।

## मनमोहन अधिकारी

भरतमोहन अधिकारी त्यसै दिन बिहान हवाइजहाजमा विराटनगरबाट काठमाडौं आएका थिए । त्यस दिनका बारेमा उनी लेख्छन्– "वी.पी. कोइरालालाई सिंहदरवारको बरफबागमा सेनाको नियन्त्रणमा राखेको कुरा थाहा पाएँ। चीनबाट फर्कनु भएका मनमोहन दाजु स्वास्थ्य लाभका लागि विराटनगरको घरमा बस्नु भएको थियो । विराटनगरका वडाहाकिम हिराप्रसाद गिरीले मातृकाप्रसाद कोइराला, मनमोहन दाजु लगायत अन्य नेता र प्रमुख कार्यकर्तालाई एउटा 'महत्त्वपूर्ण विकास कार्यक्रमका बारेमा छलफल गर्नुपरेको छ' भनी बोलाएछन्। मनमोहन दाजु वडाहाकिम कहाँ जानु भयो। उनले एकछिन बसौं भनेर सामान्य कुराकानी शुरू गरेछन्। त्यतिकैमा शाही घोषणा भयो। त्यसपछि तपाईहरूलाई सुरक्षामा लिने आदेश छ ' भनी थुनामा राखेछन्। "(अधिकारी, २०६४)

## तुल्सी लाल अमात्य

कमला अमात्यको सम्झनामा त्यो दिन–"०१७ सालको काण्ड हुनु अघि

---

१६ परिशिष्ट नं. २ नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस भाग–३–प्रा.डा. राजेश गौतम

उहाँहरू (तुल्सी लालहरू)संसदीय टोली सहित रूस जानु भयो । रूसबाट फर्केपछि गाउँतिर लाग्नु भएको थियो । केवल १५ दिन बितेका थिए । सैनिक शासन लागु भयो भन्दै सिद्धिलाल सिंह घरमा आउनु भयो। तत्पश्चात् पुष्पलाल र उहाँ दुई तीन महिनासम्म उपत्यकामै भूमिगत रहनु भयो। घरमा आउनु भएन।"(अव त संझना मात्र बाँकी छ–अविश्रान्त राजनायक)

तुल्सी लाल अमात्य त्यस दिनका बारेमा लेख्छन्–" जुनबेला राजा महेन्द्रबाट ०१७ सालको फौजी काण्ड भएको थियो । म पाटन बाहिरको गाउँमा थिएँ र घर पनि पुग्नु यसको खबर पाउने काम भयो र तुरून्तै भूमिगत भैइहालें।" (अमात्य, २०६२)

## पुष्पलाल

बिहानको ८:३० बजे पुष्पलाल सहाना प्रधानका साथ काठमाडौं गणेशस्थान पुगेका थिए । सहाना प्रधानको 'आत्मवृत्तान्तमा त्यो दिनको वर्णन यसरी गरिएको छ – "...एम.ए. पढ्ने इच्छा भयो । एम.ए. को तयारीका लागि यादवप्रसाद पन्त, नरेशमान सिंह आदिको सहयोग लिएकी थिएँ। उनीहरू दुबै जना पुष्पलालजीका साथी थिए। हामी दुबै जना एकाबिहानै उठेर पढ्ने कुराको सिलसिलामा उहाँहरूलाई भेट्न गएका थियौं। काठमाण्डौं गणेशस्थानमा पुग्दा बिहानको ८:३० बजेको थियो होला । त्यहाँ ३/४ जना मानिस आए र उहाँसँग खास्खास् खुस्खुस् केही कुरा गरे। त्यसपछि उहाँलाई लिएर गए । मैले केही थाहा पाइन । संसद र सरकार भङ्ग गरी राजाले शासन लिइसकेका रहेछन्। हामी त बाटैमा थियौं। पुष्पलालजी हिँडदै गरेको देखेर साथीहरूले उहाँलाई बचाउनका निम्ति लुकाउन लगेका रहेछन् । म बाटैबाट घर फर्किएँ । घरमा आएपछि एकछिन छक्क परेँ । कहाँ लगेको होला ? मैले एकवचन सोध्न पनि भ्याइँन। वहाँले पनि केही भन्न भ्याउनु भएन। त्यसको १२/१३ दिनपछि म यहाँ छु तर भेट्न ठिक छैन भनेर खबर पठाउनु भयो।"(सहाना प्रधान स्मृतिका आँखीझ्यालबाट)

## भरत शमशेर

संसदमा विपक्षी दलका नेता नेपाल गोरखा परिषद्का महामन्त्री भरत शमशेर भन्दछन्– म तीन बज्न पाँच मिनेट बाँकी हुँदा दरबारको ढोकामा पुगेँ। मेजर भरत के.सी. मलाई गिरफ्तार गर्न आए। मैले

मलाई त राजाले भेट गर्न बोलाएका हुन् भनेर पत्र देखाएँ। त्यसपछि उनले तुरुन्तै गिरफ्तार नगरी राजा कहाँ खबर पुऱ्याए (करिब १५ मिनेट पछि उनी फर्के र राजाबाट गिरफ्तार गर्नु भन्ने आदेश भएको छ भनी मलाई गिरफ्तार गरे र वरफवागमा लगेर थुने। (गौतम, २०७५)

## निर्वासन यात्रा

राजा महेन्द्रको कु पछि निर्वासन यात्राको वर्णन अमात्यले यसरी गरेका छन् – "भूमिगत भएको बीसौं दिन का. पुष्पलाल, का. नरबहादुर र म तुल्सी लाल लुभुको रामदाइलाई साथमा लिएर जंगलको बाटो गरी रक्सौल पुग्यौं। त्यो समय हामीहरू बाटोमा हिड्दै गर्दा बिहान सूर्यग्रहण लागेको थियो। बाटोमा सात दिन लाग्यो। रौतहट साँझतिर पुग्यौं। अँध्यारो–अँध्यारो हुनलाग्दा रौतहटको सीमानामा पुग्यौं बाटोमा अकस्मात का. अमिनसँग भेट भयो र चुपचाप उनको घरतिर लाग्यौं। त्यहाँ के बसेका थियौं, त्यही राती रौतहटमा डाँका लागेछ। अमिनसँग हामी लगायत लगभग ८–१० जना थियौं। तुरून्त हल्ला चल्यो। अमिनले डाँका ल्यायो भनेर, अनि गाउँलेहरूको एक भीड लालटेन बालेर भाला–गँडासा लिएर का. अमिनको घरमा पसी हेर्न आए। गाउँलेहरूले मलाई देखेपछि नमस्ते गर्दै चुपचाप गए। त्यो रात हामीले अमिनको घरमा खाना–पिना गरेर सुत्यौं र भोलिपल्ट बिहानै सबेरै उठेर गयौं। बाटोको धुलोमा बाघले पन्जाको छाप छोडेर गएको थियो त्यहाँबाट हिडेर हामीहरू रक्सौल पुग्यौ र दरभङ्गा गयौं।" (अमात्य, २०६२)

## सर्वस्वहरण

सत्र सालको फौजी काण्डपछि कैयौ नेताहरूलाई गिरफ्तार गरेर कारागारमा बन्द गरिएको थियो। वी. पी. कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी, मोहन विक्रम सिंह, निर्मल लामा, कमलराज रेग्मी, कृष्णराज वर्मा, शम्भुराम श्रेष्ठ आदि नेतालाई बन्दी बनाइएको थियो। तुल्सी लाल अमात्य, पुष्पलाल, शम्भुराम श्रेष्ठ, निर्मल लामा, प्रेमप्रकाश नेपाल, महेशप्रसाद उपाध्याय, कमला अमात्य, सुवर्णशमशेर, भरतशमशेर, वासु रिसाल, वेनीबहादुर कार्की, लगायत १ सय ८० जनाको सर्वस्वहरण र सम्पत्ति रोक्का गर्ने आदेश जारी गरिएको थियो। २०१८ साल फागुन १९ र चैत १० गते गृहमन्त्रालयले तुल्सी लाल अमात्य, पुष्पलाल, शम्भुराम, सुवर्णशमशेर,

भरतशमशेर, प्रेमप्रकाश नेपाल, लगायत १५३ जनाको नाममा २१ दिनभित्र आ–आफ्नो जिल्लाको घरद्वारमा आई बस्न आदेश दिएको थियो। (गौतम, २०७१)

## फौजी काण्डको भर्त्सना

नेपाल कम्युनिष्ट पार्टीले राजा महेन्द्रको फौजी काण्डको भर्त्सना गर्दै राष्ट्रको नाममा अपिल प्रकाशित गऱ्यो । अपिलमा–"राजदरवारबाट सात सालदेखि प्रजातन्त्रको विरूद्ध गरिएको षडयन्त्रको पराकाष्ठ हो" भन्दै,"राजा राष्ट्रिय स्वार्थका प्रतिक नभै सामन्ती स्वार्थका प्रतीक हुन् ।" भनिएको थियो । पुष्पलाल, तुल्सी लाल आदि नेताले राष्ट्रको नाममा पार्टीको तर्फबाट प्रकाशित गरेको अपिलमा **"संयुक्त आन्दोलन नै प्रजातन्त्रीय सङ्घर्षको विजयको ग्यारन्टी हो।"** भनिएको थियो।

नेपाल कम्युनिष्ट पार्टीको अपिलमा जोड दिदै भनिएको छ– "नेपाली काङ्ग्रेसका नेताहरूको गलत रबैया र उसको सरकारको कतिपय राष्ट्रिय तथा प्रजातन्त्रीय कमजोर नीतिले गर्दा नेपाली काँग्रेस र उसको सरकारप्रति जनतामा असन्तोषको लहर उठ्न थालेको थियो। *नेपाली काँग्रेस तथा सरकारप्रति अनास्थाको भावना पैदा हुनु एक चीज हो तर स्वयम संसद र संसदीय प्रजातन्त्रप्रति अनास्थाको भावना पैदा हुनु तथा गराउनु अर्को कुरा हो । नेपाली काङ्ग्रेस र उसको सरकारको आलोचना गर्नु एक चीज हो, तर संसदीय व्यवस्थाको नै आलोचना गर्नु अर्कै चीज हो । कारण, जुन संसदीय व्यवस्थाको स्थापना देशमा भएको थियो सो नेपाली काँग्रेसको पेवाको रूपमा आएको थिएन। त्यो जनताको कैयौं वर्षको सङ्घर्षको फलस्वरूप प्राप्त भएको व्यवस्था थियो। त्यसमा यसपटक नेपाली काँग्रेसको बहुमत प्राप्त भए तापनि सदैव उसको मात्र बहुमत हुन सक्दैन थियो। जुन राजनीतिक पार्टीले जनवल र शक्ति आफ्नो पक्षमा गर्न सक्दथ्यो, उसैले बहुमत प्राप्त गर्न सक्दथ्यो र उसैको सरकार बन्ने थियो। यस पद्धतिले गर्दा सरकारको गठन र विघटन गर्ने अधिकार राजाको हातमा नभै जन– प्रतिनिधिको हातमा आउने थियो।"* अपिलमा अगाडि यस्तो आव्हान गरिएको थियो –"नेपाल कम्युनिष्ट पार्टी देशबासीहरूसँग अपिल गर्नाको साथै व्यापक संयुक्त मोर्चाको आधारको निम्ति तपशिलका मागहरू पेश गर्दछ –

- समस्त राजनीतिक बन्दीहरूको बिना शर्त छुटकारा होस !
- राजनीतिक पार्टी तथा जनवर्गीय सङ्गठनमाथि लगाइएको रोक तुरून्त हटाइयोस !

- मौलिक अधिकार तुरून्त कायम होस !
- संसदीय व्यवस्थाको पुनर्स्थापना होस !

नेकपाले जनतालाई आव्हान गर्दै यस्तो भनेको थियो–

*देशबासी हो !*

*जुन मात्रामा हाम्रो प्रजातान्त्रिक आन्दोलन संयुक्त रूपले अगाडि बढछ, त्यही मात्रामा हाम्रो सफलता अगाडि आउने छ। यी चार माग यस्ता छन् जसमा प्रजातन्त्रप्रेमीले मतभेद देखाउनु पर्ने गुञ्जाइस नै छैन। ... अतः अन्त्यमा फेरि एकचोटी नेपाल कम्युनिष्ट पार्टी जोरदार रूपमा समस्त प्रजातान्त्रिक शक्तिसँग संयुक्त भई राजा महेन्द्र र सामन्ती व्यवस्थाको विरूद्ध संसदीय प्रजातन्त्रको पुनर्स्थापनाको निम्ति सङ्घर्ष गर्न अपिल गर्दछ।*

तर पार्टी महासचिव डा. केशरजंग रायमाझी भने पार्टीको नीति, सिद्धान्त, आदर्श र परम्पराका विरूद्ध गए। रायमाझीको बारेमा भरतमोहन अधिकारीले यस्तो लेखेका छन्, "२०१७ साल पुस १ गतेको काण्ड हुंदा डा. केशरजंग रायमाझी रूसमा थिए। मस्कोबाटै संसद विघटनप्रति समर्थन जनाउंदै उनले 'राजाको प्रगतिशील कदम' भनी स्वागत गरे। कात्तिकमा मस्कोमा आयोजित विश्व कम्युनिष्ट सम्मेलनमा नेपाल कम्युनिष्ट पार्टीका तर्फबाट केशरजंग रायमाझी, शम्भुराम श्रेष्ठ, हिक्मतसिंह भण्डारी, कृष्णराज वर्मा र कमर शाह रहेको प्रतिनिधि मण्डल भागलिन गएको थियो। २०१७ साल माघमा रायमाझी नेपाल फर्केपछि पार्टी माथिको प्रतिबन्ध हटाउने, राजबन्दी रिहा गर्ने र मौलिक अधिकार बहाली गर्ने माग राखी एक वक्तव्य जारी गरे। उनले संसद बारे बोल्दै बोलेनन्।"(अधिकारी, २०६४)

## नेपाली काङ्ग्रेसको विरोध

पौष २ गते काठमाडौंमा ८२१ नं. को जीपमा माइक फीट गरी प्रजातन्त्रको हत्या भयो भनी केही युवाले माइकिङ गर्न थाले। माइकिङग गर्ने युवाहरू मार्शलजुलुम शाक्य, शंकर जोशी, भरत जोशी, पिताम्बर दाहालका साथै जिप चालक हरिनारयण गिरफ्तार गरिए। पौष १४ गते सेतो कागजमा रातो मसीको हस्तलिखित लिथो गरिएको "प्रजातन्त्र जिन्दावाद ! ००७ सालको क्रान्ति जिन्दावाद ! नेताहरू छोडिदेउ" भनी लेखिएको पर्चा राती १० बजे बाडियो। त्यसैदिन नेपाली काङ्ग्रेस केन्द्रीय कार्यालयको नाममा कार्यालय सचिव वासु

रिसालले सही गरेको फैजी काण्ड बिरूद्धको वक्तव्य जारी गरियो। २०१७ साल माघ १२ गते भारतको पटनामा नेपाली काङ्ग्रेसको सम्मेलन भयो। सम्मेलनको उद्घाटन गर्दै सुवर्ण शमशेरले राजाले काङ्ग्रेसमाथि लगाएको आरोपको खण्डन गर्दै "राजाबाट संसदलाई भंग गर्दा लगाएका सबै लान्छना झुठा र आफू अधिनायक बन्ने दुष्प्रवृत्तिका लागि लगाइएका लान्छना हुन" भने।

## दलहरूमाथि प्रतिबन्ध

कु गरेको १२ औं दिनमा राजा महेन्द्रले आफ्नै अध्यक्षतामा पाँचजना मन्त्री र चारजना सहायक मन्त्री रहेको मन्त्रीपरिषदको गठन गरे । मन्त्रीहरूमा डा. तुल्सी गिरी, विश्ववन्धु थापा, ऋषिकेश शाह, सूर्यबहादुर थापा, र अनिरूद्रप्रसाद सिंह तथा सहायक मन्त्रीहरूमा नागेश्वर प्रसाद सिंह खगेन्द्रजंग गुरूङ्ग, काजीमान लिम्बु र भुवनलाल प्रधान थिए।

मन्त्रीमण्डल गठन गरेको १० औं दिन अर्थात् पौष २२ गते राजा महेन्द्रले, *"...यस नव जागृति र नव निर्माणको निम्ति उपयुक्त वातावरण सृजनागर्ने काममा दलगत राजनीतिबाट बाधा पर्ने हुनाले अहिले भइरहेका राजनैतिक दलहरू र दलगत राजनैतिक उद्देश्यले प्रेरित भएका वर्गीय सङ्गठनहरूलाई समेत यही घोषणाद्वारा अवैध घोषणा गरी यस्ता संस्थाहरूमा प्रतिबन्ध लगाइबक्सेका छौं" भनी घोषणा गरे।* (गौतम, २०७१)

नेपाली जनताले राजनीतिक दल खोल्न पाउने अधिकार पाएको १० वर्षपछि राजा महेन्द्रले सो अधिकार खोसे । नेपाली काङ्ग्रेसका नेता मातृकाप्रसाद कोइरालाको सरकारले २००८ सालमा नै नेपाल कम्युनिष्ट पार्टी माथि प्रतिबन्ध लगाएर शोषित पिडित जनताको अधिकार खोसेका थिए। त्यो प्रतिबन्ध टंकप्रसाद आचार्यको सरकारको समयमा २०१३ सालमा हटाइएको थियो । राजा महेन्द्रले पार्टीमाथि प्रतिवन्ध लगाए पछि शान्तिपूर्ण रुपमा पार्टी कार्यकर्ता तथा जनतालाई संगठित गरी संयुक्त जान आन्दोलनको तयारीमा नेकपाका नेताहरु तुल्सी लाल, पुष्पलाल, हिक्मसिंह भण्डारी, मोहन विक्रम सिंह लागे। तर यता नेपाली काङ्ग्रेका सुवर्ण शमशेरले २०१८ साल कार्तिक २५ गते सशस्त्र आन्दोलन गर्ने निर्णय गरे। (गौतम, २०७५)

***

# दरभङ्गादेखि एमाले स्थायी समितिसम्म

## नेकपाको दरभङ्गा प्लेनम

नेपाल कम्युनिष्ट पार्टीका नेताहरू पुष्पलाल, तुल्सी लाल भूमिगत रूपमा दरभङ्गामा पार्टीको विस्तारित बैठकको तयारीमा जुटिसकेका थिए।

नेपाल कम्युनिष्ट पार्टीको विस्तारित बैठक फागुन महिनामा दरभङ्गामा आयोजन गरिएको थियो। २०१७ साल फागुनमा एक महिनासम्म चलेको विस्तारित बैठकमा २४ जिल्लाका ५४ जना प्रतिनिधिको सहभागिता रहेको थियो। पोलिटब्युरोका सबै सदस्य सहित १४ जना केन्द्रीय समितिका सदस्य बैठकमा उपस्थित थिए। विस्तारित बैठकले महासचिव डा. केशरजंग रायमाझीप्रति अविश्वास गरी महासचिवले गर्ने कार्य गर्नका निम्ति तीन जनाको सचिवालय बनायो। सचिवालयमा डा. केशरजंग रायमाझी समेत डी.पी. अधिकारी र शम्भुराम श्रेष्ठ सचिवालय सदस्यको रूपमा रहने निर्णय भयो। पार्टी पोलिटब्यूरोमा दुई जनालाई थप्ने निर्णय गरी हिक्मत सिंह भण्डारी र कृष्णराज वर्मालाई थपियो र बर्मा जेलमा रहेको कारण उनको स्थानमा पी.वी. मल्ललाई कार्यकारी पोलिटब्यूरो सदस्य चुनियो। यसरी ५ जनाको पोलिटब्यूरो बढाएर ७ जनाको बनाइयो। केन्द्रीय सदस्यमा पनि उम्मेदवार सदस्यको रूपमा थपियो।

बैठकमा तीनवटा कार्यनीति तत्कालिन कार्यदिशाका रूपमा प्रस्तुत गरिएका थिए। संसदीय व्यवस्थाको पुनर्स्थापना, विघटित संसदको नै पुनर्स्थापना र विधान सभाको चुनावको कार्यनीति प्रस्तुत गरिएको थियो। तर पार्टी केन्द्रीय समितिमा डा. केशरजंग रायमाझीको पक्षमा बहुमत रहेकोले बहुमतले संसदीय व्यवस्थाको पुर्नस्थापना गर्ने कार्यनीति पास गऱ्यो। जसमा संसदीय व्यवस्थाको पुनर्स्थापना गर्ने, मौलिक अधिकार बहाली गर्ने, पार्टीहरूमाथिको प्रतिबन्ध हटाउने र राजनैतिक बन्दीहरू रिहा गराउने निर्णय लिइयो।

नौ महिना भित्र पार्टीको तेस्रो महाधिवेशन गर्ने निर्णय भयो। नेपाललाई

पाँच जोनमा विभाजन गरी प्रत्येक जोनमा एक एक जना पोलिटब्यूरो सदस्यलाई इन्चार्ज बनाउने निर्णय भयो । पूर्वको इन्चार्ज तुल्सी लाल अमात्य, काठमाडौं उपत्यकामा पुष्पलाल, गण्डकीमा हिक्मत सिंह भण्डारी, पश्चिममा पी.वी. मल्ल र अन्य क्षेत्रमा सचिवालयका पोलिटब्यूरो सदस्यले हेर्ने निर्णय भयो । केन्द्रीय कार्यालय काठमाण्डौमा र उप–केन्द्रीय कार्यालय दरभङ्गामा राख्ने कुरा पारित गरियो । (पुष्पलाल, २०५३)

पार्टीका अधिकांश नेताहरू भूमिगत भएका थिए। पार्टीलाई अघि बढाउन सकिने थियो । तर पार्टीका महासचिव डा. केशरजंग रायमाझीले प्लेनमको निर्णय विरूद्ध दामोदर शमशेर मार्फत सम्पर्क गरि राजा महेन्द्रको दर्शनभेट गरे। उनले राजामा सुकार्नोको रूप देख्नथाले र पुरै पार्टीलाई राजाको समर्थनमा लाने चेष्टा गरे। यसै बीच उनी राजाको समर्थन गरी रूस गए।

पार्टी निर्णय मुताविक तुल्सी लाल आफ्नो क्षेत्रमा खटे र फर्केर दरभङ्गामा आएर बसे। पुष्पलाल काठमाडौं उपत्यकामा कडा भूमिगत रूपमा खटिरहेका थिए । पोलिटब्यूरोको बैठक बस्यो । एक जना रूसमा, एक जना भारतमा र अर्को एक जना जेलमा भएकाले सातजना मध्यमा चारजना पोलिटव्यूरोका सदस्यहरूको बैठक काठमाण्डौमा बस्यो। बैठकमा पुष्पलाल, शम्भुराम, डी.पी. अधिकारी र पी.वी मल्लको उपस्थित रहयो। डा. माझीको नीति स्पष्ट रूपमा राजावादी देखिएको हुंदा सबभन्दा पहिला उनलाई पार्टी नेतृत्वबाट  हटाउनु पर्छ भन्ने प्रस्ताव पुष्पलाले राखे । तर अन्य नेता सहमत नभएपछि चर्को विवाद भयो। तीन जनाले केन्द्रीय समितिको बैठक काठमाडौंमै गर्ने कुरामा जोड दिए भने पुष्पलालले सुरक्षाको कारण भारतमा गर्नु पर्छ भन्ने अडान लिए। पोलिटब्यूरोले कुनै निर्णय लिन सकेन। (पुष्पलाल, २०५३)

## तेश्रो महाधिवेशनको तयारी

हिक्मतसिंह भण्डारी र मोहनविक्रम सिंहको, काठमाण्डौंमा भूमिगत अवस्थामा रहेका, पुष्पलालसँग भेट भयो। यसै दौरान अरू जोनका सदस्यहरूसँग पनि भेट भयो । उनीहरूका बीचमा पार्टीलाई अगाडि बढाउने बारेमा छलफल भयो । पार्टी केन्द्रीय समितिको बैठक देश बाहिर गर्ने कुरामा सहमति हुन नसकेमा अन्तरजोन सामन्जस्य समिति गठन गरी दरभङ्गा प्लेनमले पास गरे अनुसार पार्टीको तेस्रो महाधिवेशनको आयोजना गर्ने कुरा भयो । पुष्पलाल,

हिक्मतसिंह र मोहनविक्रम सिंहका बीचमा भएको यसै सल्लाह मुताविक हिक्मतसिंह भण्डारी र मोहनविक्रम सिंह तुल्सी लाल अमात्यलाई भेट्न दरभंगा गए। (पुष्पलाल, २०५३)

दरभङ्गाको विस्तारित वैठक पछि डा. केशरजंग रायमाझी काठमाडौं आएर राजालाई भेटेपछि केही दिन थुनाको नाटक मञ्चन गरे मस्को गएका थिए । मस्कोमा भारतीय कम्युनिष्ट पार्टीका महासचिव अजयघोषको डा. रायमाझीसँग भेट भएको थियो । रायमाझीले नेपाल कम्युनिष्ट पार्टीलाई शाही पार्टीमा परिणत गर्ने नीति लिएको कुरा घोंसले बुझे । अजय घोषको सम्बन्ध पुष्पलालसँग त्यति सुमधुर थिएन । तर रायमाझीको विपक्षमा पुष्पलाल रहेको कुरा उनलाई शुरूदेखि नै थाहा थियो । त्यसैले अजयघोंषले पुष्पलाललाई पत्र पठाए । पत्रमा अजय घोंसले, यस्तो लेखेका थिए–

*"न हामी, न अन्तर्राष्ट्रिय पार्टी नेपालको पार्टीलाई शाही पार्टीको रूपमा बनाउने पक्षमा छौं । तपाईहरू अल्पमतमा भए तापनि हामी सर्म्पक गर्दछौं । अतः केन्द्रीय समितिको बैठक शुरू नभै तलतिर (भारत तिर) आउनु होला ।"* (पुष्पलाल, २०५३)

## अन्तरजोनल सामञ्जस्य समिति

दरभङ्गा प्लेनम भएको करीब ११ महिना पछि पाँचवटै जोनको समन्वय समितिका प्रतिनिधिहरूको बैठक बस्यो । २०१८ साल पौष ९–१० मा बसेको सो बैठकले अन्तरजोनल सामजस्य समितिको गठन गर्‍यो । समितिको सचिवमा तुल्सी लाल अमात्य र अन्य सदस्यहरूमा पुष्पलाल, हिक्मतसिंह, मोहनविक्रम सिंह, देवेन्द्रलाल श्रेष्ठ ,भरतमोहन अधिकारी, रामबहादुर श्रेष्ठ, लाल सिंह,मेघराज आचार्य, भरतराज जोशी, जयगोविन्द शाह, पुण्पप्रताप राणा, सिद्धिलाल सिंह, कमल कोइराला, गोपालकृष्ण प्रसाई, मिश्रिलाल जयसवाल, सूर्यनाथ यादव आदि थिए । समिति गठन गर्दा पुष्पलाललाई खवर हुन सकेको थिएन। उनी पछि बैठकमा गए भने मोहन विक्रम सिंह त्यतिबेला जेल परिसकेका थिए। (कमल कोइरालासँगको कुराकानी)

अन्तरजोनल समाञ्जस्य समितिको बैठकले तीनवटा निर्णय गर्‍यो।१. पार्टी

केन्द्रीय कार्यालयलाई पत्र पठाउने । २. दुई महिना भित्र पार्टीको तेस्रो महाधिवेशनको आयोजना गर्न अनुरोध गर्ने । ३. अनुरोधप्रति बेवास्ता गरी महाधिवेशन आयोजना नगरेमा अन्तरजोनल सामञ्जस्य समितिलाई नै पार्टीको तेस्रो महाधिवेशन तयारी समितिमा स्वतः रूपान्तरण गरी तेस्रो महाधिवेशन सम्पन्न गर्ने र यस कार्यको जिम्मेवारी पनि समितिलाई दिने निर्णय गरियो । समितिको निर्णयको जानकारी पार्टी केन्द्रमा पठाइयो। (पुष्पलाल,२०५३)

## पुष्पलालबाट तुल्सी लाल अमात्यको प्रशंसा

पुष्पलालले तेस्रो महाधिवेशनको तयारीको सन्दर्भमा तुल्सी लाल अमात्यले खेलेको भूमिकाको खुलेर प्रशंसा गरेका छन्। उनी लेख्छन् ,

*तुल्सी लालले मोहनविक्रम सिंह लगायतका नेता तथा पार्टी कार्यकर्ताको सहयोगमा "नयाँ नेपाल" पत्रिका प्रकाशन गरे। त्यसमा उनले "प्रजातन्त्र स्थापना गर्न तिर लागौं र राजाको शाही कदमको विरोध गरौ" शीर्षकमा  लेख लेखे। अमात्यले "राजा महेन्द्रका पृष्ठपोषक तथा दलालहरू राजाको फौजी कार्वाहीलाई उचित ठम्याउन अनेक तरिकाले काम गर्दैछन् । यहाँसम्म कि केही व्यक्तिहरू राजालाई डा. सुकार्नोसँग तुलना गर्न लागेका छन् ।" भन्दै,"यसैकारण हाम्रो अगाडि सवाल छ, आफ्नो पार्टी र जनवर्गीय सङ्गठनहरूलाई निष्कृय बनाइ, खत्तम पारी राजालाई अंगालेर हिड्ने हो वा राजाको फौजी हुकुमतको विरोधगरी प्रजातान्त्रिक व्यवस्थापको स्थापना गर्न जनसर्म्पक बढाई अगाडि बढने हो ? यो कुरा कुनै पनि देशका इमान्दार कम्युनिष्टहरूले सोच्न सक्दछन्। (पुष्पलाल, २०५३)*

## महाधिवेशन रोक्ने प्रयत्न

नेकपाको तेश्रो महाधिवेशन रोक्नका लागि विभिन्न प्रयत्नहरू गरिएका थिए। महाधिवेशनको आयोजना गरी पार्टीलाई बचाउने र देशमा प्रजातान्त्रिक आन्दोलनलाई अघि बढाउन राजाको दमन सहदै भोकभोकै खटिरहेका पार्टी नेताहरू तुल्सी लाल अमात्य, पुष्पलाल र हिक्मतसिंह भण्डारीलाई महाधिवेशन नगर्न धम्की दिइयो र पछि दरवारको पक्षमा रहेका नेताहरूले तिनै जना नेताहरूलाई पार्टी महाधिवेशनको तयारीको कामलाई नरोके स्वतः निलम्वन हुने पत्रहरू पठाए। (कार्य सम्पादन तथा राजनैतिक पत्र संग्रह भाग १, २०७२, पुष्पलाल स्मृति प्रतिष्ठान)

## डी.पी. अधिकारीको नामबाट टीएललाई पत्र

२०१८ साल पौष २० गते पार्टी सेक्रेटरियटको नामबाट डी.पी. अधिकारीले टी.एल. को नाममा पत्र लेखेर पठाए। पत्रको व्यहोरा यस्तो थियो–

प्रिय कमरेड टी.यल.,

*तपाईहरू केही व्यक्ति मिली स्वेच्छापूर्वक गठित (Zone co-ordinating committee) को नाम गरी तपाईले केन्द्रीय सेक्रेटरियटलाई पौष १६ मा लेखेको पत्र प्राप्त भयो। यस्तो कमिटीको गठनको आज आवश्यकता छ वा छैन भन्नु भन्दा पनि यसको सङ्गठनात्मक रूपरेखा र उद्देश्य हेर्दा यो खुल्ला रूपमा पार्टी केन्द्रको समानान्तर बनाइएको सङ्गठन देखिन्छ। जोनल कमिटी होस् वा यस्तो Co-ordinating Committee गठन गर्ने अधिकार केन्द्रीय कमिटीलाई मात्र छ र त्यो आदेश तपाईहरूलाई केन्द्रीय कमिटीले कैले दिएको छैन। तपाई र त्यो तथाकथित Co-ordinating committee मा सम्मिलित अन्य केही सी.सी.एम. यता निर्धारित पी.वी. तथा सी.सी. बैठकलाई वायकाट गरी जानीबुझी यस प्रकारको समानान्तर केन्द्रीय कमिटी गठन गर्ने तपाईहरूको यो कार्य खुलस्त पार्टी अनुशासन र पार्टी विरोधी छ भन्नमा शंका छैन।*

*यहाँ तपाईहरूलाई हामी यो सूचित गराऊँ कि तपाईको तथाकथित Co-ordinating committee ले उठाएका कुराहरू समेतलाई लिइ गत प्लेनम पश्चातको राष्ट्रिय स्थितिमा सोच विचार गर्ने उद्देश्यमा ५/६ महिना पहिलेदेखि नै सेक्रेटरियटले पी.वी. तथा सी.सी. बैठकको आयोजना गर्दै आएको हो, यो तपाईहरूलाई ज्ञात भएको कुरा छ। तर पी.वी. तथा सी.सी.बैठक आयोजना गराउनमा टालटोल गर्दै आउनेहरू तपाई र तपाईको पार्टी विरोधी गुप्त कार्यमा संलग्न अरू दुई सदस्य पुष्पलाल र हिक्मत सिंह हुन्। आज आएर तपाईहरू आफ्नो गुप्तचाल सफल भएको देखी केन्द्रीय बैठकमा उपस्थित नहुन खुले आम बोल्न शाहस पनि गर्न लाग्नु भएको छ। यो कुरा कसैबाट लुकेको छैन र लुक्न सक्ने पनि छैन।...*

*जुनसुकै नियतले तपाई यस काममा उत्तीर्ण हुनु भएको होस्, तर तपाईको यो कदम पार्टीलाई टुक्रयाउने दिशातिर छ भन्ने कुरामा अब शंका छैन, र तपाई अपवित्र काममा कलंकित हुनुहुन्छ भन्नेमा हामीले कुनै संकोच मान्ने कुरा पनि छैन। ...*

*अन्तमा तपाईहरूलाई हामी यो पनि सूचित गर्न चाहन्छौं कि तपाईहरू पार्टीलाई तोड्ने जुन बाटो अपनाई केन्द्रलाई झुकाउने चालमा हिड्न खोज्दै हुनुहुन्छ, यो गैरपार्टी तरिकामा तपाई र तपाईको साथीले कदाचित् पनि विजय पाउने छैनन् । न त इतिहासले नै तपाईहरूलाई यस कलङ्कबाट उम्कन दिने छ। यसै पत्रद्वारा तपाईहरूलाई हामी यो पनि सूचित गर्छौं केन्द्रीय बैठकको अर्को फैसला नभएसम्म तपाई र तपाईका साथीहरूले पार्टीका कुनै शाखाहरूसँग पनि सम्पर्क राख्न पाउनु हुन्न र यही किसिमको आदेश सर्वत्र जिल्लाहरूमा पठाइएको छ।*

२०–९–०१८ भवदीय

डी.पी. अधिकारी

सेक्रेटरीयट, केन्द्रीय कमिटी, नेपाल कम्युनिष्ट पार्टी

(कार्य सम्पादन प्रतिवेदन तथा राजनीतिक पत्र सँग्रह भाग–१–)

## शंकर (शम्भुराम) को पत्र सूर्य (तुल्सी लाल) लाई

शम्भुराम श्रेष्ठले तुल्सी लाल अमात्यलाई २०१८ साल पौष २१ गते एउटा लामो पत्र लेखे। महाधिवेशन तयारीसँग सम्बन्धित पत्रको केही अंश–

*प्रिय का. सूर्य ,*

*तपाईले का. सिद्धिलाल मार्फत पठाउनु भएको मौखिक खबर सुनें।...*

*Interzonal Committee बनाउने आदि काम conspiracy को तौरमा भएको छ। तपाईको जोनको भरतमोहन अधिकारी यहाँ आउँदा मैले यसको सम्बन्धमा सुनेको कुरा उनीबाट Confirm गराउन खोजेको थिएँ। मैले उनीसँग आजको पार्टीको स्थिति (Party Unity) बारे दिल खोलेर कुरा गरेको थिएँ। तपाईलाई पनि यसको खबर गर्न अनुरोध गरेको थिएँ। तर उनीले Interzonal आदि बिल्कुलै होइन भनी मलाई विश्वास दिलाए। मैले उनलाई विश्वास पनि गरें, पहिले जसरी म उनलाई विश्वास गर्दै आउथें। तर उनीले मलाई धोखा दिए। तर यो धोखा मलाई दिएको होइन। यो पार्टी, देश र जनतालाई दिएको धोखा म सम्झन्छु। तर जे होस, यो Interzonal Body भन्ने कुरालाई समानन्तर केन्द्रको रूपमा ल्याउन खोजिएको सम्झन्छु। यो World Communist movement मा नभएको*

*कुरो हो। यस किसिमको Action लाई म Anti party activity सम्झन्छु। त्यसैले म यसको घोर विरोध गर्नेछु। ...हाम्रो पार्टीका धेरैनि समस्याहरू छन्, राजनैतिक, व्यक्तिगत, सङ्गठनात्मक आदि आदि। यी समस्याहरू नसुल्झाइकन अवश्य पनि पार्टी बन्ने छैन र पार्टीले पनि आफ्नो जिम्मेवारी निभाउन सकिने छैन। तर ती समस्याहरूलाई सुल्झाउँने हाम्रो बाटो छ। मार्क्सवाद लेनिनवाद र हाम्रो मजदुर आन्दोलनको अन्तरराष्ट्रि परम्पराको आधारमा हामी सुल्झाउदछौं। हामीले UGPC केन्द्रसँग सम्बन्ध renew गर्दा तपाईले हामीहरूलाई त्यही सल्लाह दिनु भएको थियो। हामीले मानेका थिएनौं तर देशको वस्तुस्थितिले अहिले मान्न लगायो, हामीले पनि त्यसबेला केन्द्रसितको मतभेदको बाबजुद केन्द्रको अगाडि surrender गरिदियौं। केन्द्रले पनि हाम्रो इमान्दारी, पार्टीप्रतिको भक्ति आदि देखेर हाम्रो उक्त कदमको खुल्ला दिलले स्वागत गरे, हाम्रो अपराध सम्मलाई पनि छोडिदियो। हाम्रो पार्टी जीवनमा त्यो पहिलो घटना थियो। पार्टीको इतिहासले त्यस कदमलाई गलत ठहऱ्यायो। तर अहिले फेरी धेरैनि चलाकीसाथ केन्द्रको समानान्तर बनाउन खोजेको छ। यसमा तपाई अनावश्यक भ्रममा परेर मुछिनु भएको छ। तर कमरेड यस्तो conspiracy ले पार्टीलाई केही दिन अवश्य कमजोर तुल्याउन सक्ला तर यसको हार निश्चित छ। मलाई ताज्जुप लाग्दछ तपाई जस्तो स्वतन्त्र रूपले आजसम्म काम गर्दै आउनु भएका साथीले पनि यस्तो कुरालाई कसरी सहयोग दिन पुग्नुभयो ! सबै कुरा थाहा पाएपछि अवश्य पनि तपाईले त्यो कदमबाट पछि हट्नु हुनेछ भन्ने मलाई पूर्ण रूपमा विश्वास छ। का. सूर्य यो कदमबाट पछि हटिदिनोस् !*

*विशेष यसको जवाफ आएपछि।* तपाईको शंकर

२१/९/०१८

(कार्य सम्पादन प्रतिवेदन तथा राजनीतिक पत्र सँग्रह)

२०१८ साल फागुन २६ गते डी.पी.अधिकारीले टि.एल. पी.एल. र हिक्मत सिंह भण्डारीलाई अर्को पत्र पठाए। पत्रमा इन्टरजोनल कमिटी भंग गरी २० दिन भित्र आत्मालोचन गरेको पत्र पश्चिम कोशीका इन्चार्ज विष्णुबहादुको हातमा नपुगे स्वतः सस्पेन्ड हुने निर्देशन दिए। निलम्बन गरिएको पत्रको अंश

## डी. पी. अधिकारीको पत्र टि. एल., पि. एल. र हिक्मतसिंहलाई

*कामरेड टियल, पियल तथा हिक्मत सिंह,*

*...*

*“यदि तपाईहरूले बीस दिनभित्र आफ्नो पार्टी विरोधी उक्त कार्यलाई बन्द नगरेमा तपाईहरू केन्द्रीय कमिटीबाट स्वतः सस्पेन्ड हुनुहुनेछ र अरू अगाडिको कारवाहीको सम्बन्धमा आगामी केन्द्रीय बैठकले निर्णय गर्ने छ।*

*अन्तमा, फेरि भनिन्छ केन्द्रिय आदेशलाई मानी पार्टीको अखण्डतालाई बचाउन तुरुन्तै आफ्नो पार्टी विरोधी कार्यलाई बन्द गर्नु होस्।”*

*भवदीय डी.पी. अधिकारी*
*केन्द्रिय बैठक*
*नेपाल कम्युनिष्ट पार्टी*
*मिति २६ फागुण, ०१८ (उहि)*

## ‘कन्ट्रोल्ड डेमोक्रेसी’

तुल्सी लाल, पुष्पलाल, हिक्मतसिंह भण्डारी, मोहनविक्रम सिंह आदि नेताहरू अन्तरजोनल सामन्जस्य समिति गठन गरी तेश्रो महाधिवेशनको तयारीमा जुटेको कुरा माथि उल्लेख गरिसकिएको छ। यता काठमाण्डौंमा डा. केशरजंग रायमाझी, शम्भुराम श्रेष्ठ, डी.पी. अधिकारी, कमर शाह, पी.वी. मल्लहरूले २०१८ साल माघ २८ देखि फागुन १० गतेसम्म केन्द्रीय समितिको बैठक गरे । बैठकबाट दरभङ्गा प्लेनमले गरेको निर्णय भन्दा विपरित “कन्ट्रोल्ड डेमोक्रेसी” को नारा अगाडि बढाए। राजाको नकारात्मक चित्रण गरेको भन्दै दरभङ्गा प्लेनमको निर्णयलाई बेठिक विश्लेषणमा आधारित भन्दै (डा. रायमाझीको नेतृत्वमा भएको बैठकले) राजाको भूमिकालाई सकारात्मक मान्यो। र यस अघिका जोनल कमिटी देखि तलका सबै कमिटी भंङ्ग गरी नयाँ तवरबाट कमिटी गठन गर्ने निर्णय गर्‍यो। यसरी पहिलेदेखि नै डा. माझीले अघि सार्ने प्रयत्न गरेको लाइन पास गरे।(ऐतिहासिक दस्तावेज सँग्रह पहिलो भाग–डा. सुरेन्द्र केसी–परिशिष्ट–८४–८५–८६)

यस राजनीतिक लाइनको पृष्ठभूमिका विषयमा डा. केशरजंग रायमाझीसँग भएको वार्तालापलाई तुल्सी लाल अमात्यले आफ्नो संस्मरणमा उल्लेख गरेका छन् । उनी लेख्छन्, *“दरभङ्गामा पार्टीको*

*प्लेनमको प्रबन्ध गरिएको थियो । त्यस्तो आपतको बेला पनि हाम्रा पार्टीका साथीहरू निडर भएर दरभङ्गामा पुगेका थिए । पार्टीमा तीन राय देखिएको थियो । एउटा थियो डा. केशरजंग रायमाझीको । वहाँको राय हो– राजाको नेतृत्वमा राष्ट्रिय प्रजातन्त्र स्थापना हुनसक्छ । यो राय वहाँले ०१७ सालको काण्ड हुनु भन्दा धेरै अगि दिनु भएको थियो ।*

सन् १९६० को सेप्टेम्बर महिनामा भएको केन्द्रीय समितिको बैठकले तेस्रो महाधिवेशनको प्रस्ताव तयार गरेको थियो । २०१५ साल कार्तिकमा गर्ने भनिएको महाधिवेशन हुन नसकेपछि २०१६ माघमा चितवनमा गर्ने निर्णय भएको थियो । तुल्सी लाल अमात्य र डा. केशरजंग रायमाझीका बीचमा देशमा कस्तो राजनीतिक ब्यवस्था हुनुपर्छ भन्ने बारेमा पार्टी कार्यक्रम बनाउन शंम्भुराम श्रेष्ठ समेतलाई जिम्मा दिइएको थियो र त्यस विषयमा छलफल गर्न अमात्य रायमाझीको निवासमा पुगेका थिए । शंम्भुराम बैठकमा पुग्न ढिलो भएकोले डा. रायमाझीले अनौपचारिक कुराकानी शुरु गरे । र, दुईजना नेताका बीचमा वार्तालाप भयो । त्यो वार्तालापको प्रसँग र डा. रायमाझीको सोँचका बारेमा अमात्यले यस्तो लेखेका छन् –

*तेश्रो महाधिवेशन गर्ने सन्दर्भमा डा. रायमाझी का. शम्भुराम र म समेत तीन जना मिलेर एउटा कार्यक्रम तयार गर्ने जिम्मा पार्टी केन्द्रले दिइराखेको थियो । यही कार्यका निम्ति म डा. रायमाझी कहाँ पुगेको थिएँ । का. शम्भुराम आइपुग्नु भएको थिएन । हामी वहाँलाई पर्खेर कुराकानी गर्दै थियौं । त्यस बीच डा. रायमाझीले एउटा कुरो भन्नु भयो । "खोइ टी.एल. नेपाली काङ्ग्रेसको सरकारले त धेरै दुःख दियो ।" मैले भने, भएर के गर्ने ? अहिले तुरून्तै क्रान्ति गर्न सक्ने होइन, अर्को चुनाव गरेर हामीले बहुमत प्राप्त गर्न सक्ने होइन । अहिले त पार्टीलाई व्यापक रूपले सुदृढ गर्दै लाने काम मात्र गर्न सकिन्छ ।' वहाँले भन्नु भयो, "होइन हामी नेपालमा इन्डोनेसियामा जस्तो गाइडेड डेमोक्रेसी खडा गरौं ।" मैले भनें ,"कसको निर्देशनमा (Guidence मा) ?" वहाँले भन्नु भयो, "इन्डोनेसियामा राष्ट्रपति सुकार्नोको गाइडेन्समा जस्तै हाम्रो नेपालमा 'राजा' को गाइडेन्समा ।*

*मैले भनें ," के राष्ट्रपति सुकार्नो र राजाको इतिहास एउटै हो ? हामीले देख्या देख्यै छौं । मौकामा जनताको अधिकार खोस्दै लाने राजाको इतिहास हाम्रो आँखा अगाडि छ भने कुन आधारमा हामीले राजाको गाइडेन्समा प्रजातन्त्र*

*मान्ने ? यसले हामी माथि हुकुमशाही मात्र लादिनेछ।" त्यसपछि यस्तो कुरा डा. रायमाझीले मेरो अगाडि गर्न छोडनु भयो।*

*हामी चार जनाको अलग्गै अडान रह्यो । ती चार जना थियौं– का. शम्भुराम, का. पुष्पलाल, का. हिक्मत सिंह र म। हाम्रो भनाई रहयो, "भरखरै संसदीय व्यवस्था खारेज गरिएको हुँदा उही संसदलाई फेरि बोलाऔं।" का. मोहन विक्रम सिंहको अडान रहयो। "संविधान सभाको चुनाव र गणतन्त्र।" आखिर बहुमत यस विचारले पाएको थियो। तर यो माग अव्यवहारिक देखेर डा. केशरजंगको नयाँ रायमा सबै फर्के। वहाँको माग हो, "संसदीय व्यवस्थाको पुनः निर्वाचन" पोलिटब्यूरोको संख्यामा बढाइयो र प्लेनम टुङ्गियो।"*

## झण्डै झगडा

भरतमोहन अधिकारीले तेश्रो महाधिवेशनको तयारीका सन्दर्भमा भारतीय कम्युनिष्ट पार्टीका नेताहरूसँग भएका भेटहरूको चित्रण गरेका छन्। उनी त्यतिवेलाको सम्झना गर्दै लेख्छन् –

*हामी (तुल्सी लाल, पुष्पलाल, भरतमोहन) भारतीय कम्युनिष्ट पार्टीका महासचिव अजय घोष, शीर्षस्थ नेताहरू श्रीपाद अमृत डाँगे र नम्बुदरिपादसँग भेटयौं। अजय घोष र डाँगेले हामीलाई रायमाझीका कुकृत्यहरू बताउनु भयो। मस्कोमा गएर रायमाझीले विश्व कम्युनिष्ट आन्दोलनलाई नै भ्रमित पार्ने चाल गरेको उहाँहरूले सुनाउनु भयो। डाँगे भन्नु हुन्थ्यो– 'रायमाझी त यति खप्पिस रहेछन्। अजय घोष र मेरा बीच झगडा पार्ने कोसिस गरे।' अजय घोषको त कडा अडान नै थियो– 'कुनै पनि परिस्थितिमा नेपालका कमरेडहरूले राजाको फौजी तानाशाहीका विरूद्ध लडनै पर्छ। लोकतन्त्र त आउँछ, आउँछ। 'विश्व कम्युनिष्ट आन्दोलनमा एउटा परम्परा छ– केन्द्रीय कमिटीले कुनै अवस्थामा महाधिवेशन नबोलाउने भयो भने तलकै कमिटीहरूले आफ्नै पहलमा महाधिवेशन आयोजक कमिटी बनाउन सक्छन्। यस्तो महाधिवेशनलाई रिक्युजिसन कङ्ग्रेस भनिदोरहेछ। हामी पनि यही सिद्धान्तका आधारमा महाधिवेशन गर्ने निर्णयमा पुग्यौं। त्यस समयमा हामीसँग राष्ट्रिय स्तरका नेता तुल्सी लाल मात्र हुनुहुन्थ्यो।(अधिकारी, २०६४)*

## अमात्यबाट पत्राचार

तुल्सी लाल अमात्यले तेश्रो महाधिवेशनको तयारीका लागि बनेको अन्तर जोनल समन्वय समितिका तर्फबाट पार्टीको केन्द्रीय कार्यालय काठमाण्डौमा

दुई पटक पत्र पठाए। तर पत्रको अत्यन्तै नकारात्मक जवाफ प्राप्त भयो।[१७] त्यतिबेलाको पत्र सम्वादलाई अमात्यले यसरी चित्रण गरेकाछन्,

*अन्तरअञ्चल समन्वय समितिले पार्टीको सङ्गठनलाई अगाडि बढाउनुको साथै पार्टी केन्द्रीय कार्यालयमा समयमा महाधिवेशन गराउनका निम्ति चिठी पठाउने काम गऱ्यो। दुई पटक पठाउदाँ पनि 'पार्टी महाधिवेशन दुईचार वर्ष हुन सकेन, तिमीहरूले नेपालको राजनीति बुझेका छैनौ, यहाँ दुई जना कम्युनिष्ट लिएर राष्ट्रिय सरकार बन्न लागेको छ'भन्ने जवाफ आयो। हामीले भन्यौं,"दुईजना होइन सम्पूर्ण मन्त्रीहरू कम्युनिष्ट भएपनि देशमा जनतालाई प्रजातान्त्रिक अधिकारबाट बञ्चित गरेर बन्ने यस्तो सरकार राष्ट्रिय सरकार हुनसक्दैन। अन्तरजोनल समन्वय समितिले पार्टी विधान र सोभियत संघको त्यसबेलाको पार्टी नियम हेरेर पार्टी महाधिवेशन बोलाउने निर्णय गऱ्यो। हाम्रो पार्टी विधान र सोभियत कम्युनिष्ट पार्टीको नियममा पार्टीका एक तिहाई सदस्यहरूले प्रतिनिधित्व गरेको सङ्गठन वा सङ्गठनहरूले पार्टी महाधिवेशन माग गर्न सक्छन्। यसरी माग गरेको ६ महिनासम्म पनि केन्द्रले महाधिवेशन नबोलाएमा यस्को निम्ति चाहिने तयारी गर्न सक्छन्। साथै त्यसबेलाको भारतीय कम्युनिष्ट पार्टीका महासचिव अजय घोषले पनि यस्तो स्थितिमा तलबाट नै महाधिवेशन बोलाउने सल्लाह दिए। यसरी बोलाएको महाधिवेशनलाई Requisition Party Congress भनिन्छ। यसरी पार्टी केन्द्रीय समितिको प्लेनमले जिम्मा लगाए अनुसार हेडक्वार्टरबाट महाधिवेशन बोलाउने काम नभएपछि बहुमत जिल्ला पार्टी कमिटीहरूको समर्थनमा त्यस बेला गठन गरिएको अन्तरजोनल समन्वय समितिको आयोजनमा (२०१९ साल वैशाष-४ गते) नेकपाको तेश्रो महाधिवेशन विधिवत बोलाइयो र डा. रायमाझी लगायत सबैलाई सूचना दिइयो। (अमात्य, २०६२)*

तर काठमाण्डौं केन्द्रीय कार्यालयले तुल्सी लाल, हिक्मत सिंह भण्डारी र पुष्पलाललाई निलम्बन गरेर पार्टी महाधिवेशन रोक्ने प्रयत्न गऱ्यो। यस्ता प्रयत्नका बारेमा कार्य सम्पादन प्रतिवेदन तथा राजनीति पत्र संग्रह पहिलो भागमा रहेका विभिन्न पत्र तथा सर्कुलरहरूमा उल्लेख गरिएको छ।

## राष्ट्रको नाममा नेकपाको अपिल

डा. रायमाझीहरूले 'कन्ट्रोल्ड डेमोक्रेसी' (नियन्त्रित प्रजातन्त्र)को नीति

---

१७ ती पत्र मध्ये तेश्रो महाधिवेशनसँग सम्बन्धीत केही पत्रका महत्वपूर्ण अंश पत्र प्रहार शिर्षकमा उल्लेख गरिएको छ।

पासगर्नु अघि नै तुल्सी लाल अमात्य, हिक्मतसिंह भण्डारी र पुष्पलालले २०१८ साल माघ १२ गते राष्ट्रको नाममा नेपाल कम्युनिष्ट पार्टीको तर्फबाट अपिल प्रकाशित गरेका थिए । बीस पृष्ठको अपिलमा नौं वटा शिर्षकमा देशको अवस्था, राजा महेन्द्रको चिन्तन र प्रजातान्त्रिक आन्दोलनको दिशा एवम् मार्गको विषयमा प्रकाश पारिएको थियो । अपिलमा नौं वटा बुँदामा नेकपाको विचार स्पष्टसँग व्याख्या गरिएको थियो ।

१. *सत्रसाल पौष १ गतेको पर्व राजदरवारबाट सात सालदेखि प्रजातन्त्रको विरूद्ध गरिएको षड्यन्त्रको पराकाष्टा हो ।*
२. *राजा राष्ट्रिय स्वार्थका प्रतिक नभै सामन्ती स्वार्थका प्रतिक हुन् ।*
३. *देशको सार्वभौमिकता होइन  राजाको सार्वभौमिकता खतरामा छ ।*
४. *राजा महेन्द्रको योजना राष्ट्रिय निर्माण योजना होइन ।*
५. *शाही जनवर्गीय सङ्गठनहरू सामन्ती फासिष्ट सङ्गठनहरू हुन् ।*
६. *शाही प्रशासकीय व्यवस्था भ्रष्टाचार र आतंकको केन्द्र भएको छ ।*
७. *पंचायती प्रजातन्त्रीय व्यवस्था सामन्ती अवसरवादीहरूको अखडा हो ।*
८. *नियन्त्रित प्रजातन्त्रको नारा अवसरवादी र जनविरोधी हो ।*
९. *संयुक्त जनआन्दोलन नै प्रजातन्त्रीय सङ्घर्षको विजयको ग्यारन्टी हो*

## पार्टी कार्यकर्ताको नाममा अपिल

तुल्सी लाल अमात्यलाई पौष महिनामा अन्तरजोनल सामन्जस्य समितिको सचिव चयन गरिको थियो । त्यही समितिले नेपाल कम्युनिष्ट पार्टीको नाममा तमाम पार्टी सदस्यहरूलाई सम्बोधन गर्दै १६ पेज लामो अपिल प्रकाशित गऱ्यो । २०१८ साल फागुन २५ गते प्रकाशित सो अपिलमा पार्टी भित्रको अवस्था, देशको अवस्था, दरभङ्गा प्लेनमको निर्णय, अन्तरजोनल सामन्जस्य समितिको गठन र पार्टीको तेश्रो महधिवेशनका बारेमा व्याख्या विश्लेषण गरिएको छ ।

अपिलमा (१) राजाको हुकमी शासन र जनजीवनमा यसको राजनीतिक, आर्थिक र सामाजिक असर (२) प्रजातान्त्रिक व्यवस्थामाथिको हमला कम्युनिष्ट पार्टीमाथिको पनि हमला हो । (३) ‘संसदीय प्रजातान्त्रिक व्यवस्था

जनजीवनमा यसको असर र हाम्रो कर्तव्य (४) संसदीय प्रजातान्त्रिक व्यवस्था र स्वतन्त्र राष्ट्रिय प्रजातन्त्रको सम्भावना (५) पार्टी प्लेनमको निर्णय र हाम्रो पार्टी केन्द्रको बहुमत नेताहरूको रवैया, उपशिर्षकमा विषद विश्लेषण प्रस्तुत गरिएको छ।

पार्टी सदस्यहरूलाई सम्बोधन गर्दै अपिल यसरी आरम्भ भएको छ –

*प्रिय कमरेडस्,*

*आज हाम्रो देश एक अति भयङ्कर राजनीतिक संकटमा फसेको छ यो राजा महेन्द्रले आतंकको राज कायम गरिसकेको छ। ... नेपालका जनताले बाह्रौं वर्ष त्याग, तपस्या र भयंकर संर्घष गरी आफ्नो रगतको खोला बहाएर ल्याएको प्रजातन्त्रलाई राजा महेन्द्रले एक तरङ्गी लहडमा खतम गरी दिएको छ।...यस्तो स्थितिमा हाम्रो अगाडि एक सवाल छ, "हामीले हुकुमशाही राजालाई समर्थन गरी जनतामाथि दमन गर्ने राजाको हात अरू मजबुत पार्ने हो वा राजाको हुकुमी शासन व्यवस्थाको विरोध गरी देशमा फेरि संसदीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्ने हो?*

पार्टी भित्र मल्कीरोखेका गुटगत क्रियाकलापमाथि पनि प्रहार गर्दै कार्यकर्तालाई सचेत पार्दै अपिलमा अगाडि भनिएको छ –

*हाम्रो अगाडि खडा भएको यस सवाललाई पन्छाएर हाम्रो पार्टीको नेताहरू तथा उनीहरूको लहै–लहैमा केही कार्यकर्ताहरूले समेत तमाम पार्टी सदस्यहरूको ध्यान गलत दिशातिर मोड्दैछन् । आफ्नो देशमा उत्पन्न भएको राजनीतिक सवाललाई केलाएर कुन कुरो के हो भनी हेर्नुको सट्टा एक गलत सवाल पेश गर्दैछन्। कहीं सुनिन्छ, "तिमी डा. माफीको गुटको हौं अथवा का. पुष्पलालको गुटको हौं ?" कहिं सुनिन्छ "तिमी डा. माफीको पछि लाग्छौ अथवा का. टि.एल.को ?" आज हाम्रो देशको सवाल के डा. माफीको पछि लाग्ने हो वा का. पुष्पलालको पछि लाग्ने हो ? अथवा का. माफीको पछि लाग्ने हो वा का. टि. एल. को पछि लाग्ने हो ? यी सवालहरू एक गलत तथा अमार्क्सवादी, अलेनिनवादी सवाल हुन्। आज सवाल कसको पक्षमा लाग्ने वा नलाग्ने भन्ने होइन। हाम्रो अगाडि मूख्य सवाल हो देशमा कुन व्यवस्था स्थापना गर्ने ? राजाको हुकुमशाही राजलाई कायम गर्न दिने हो वा फेरि प्रजातान्त्रिक व्यवस्थाको स्थापना गरी देशलाई अगाडि बढाउने हो ? प्रजातान्त्रिक व्यवस्थालाई स्थापना गर्ने आन्दोलनमा कम्युनिष्ट पार्टीले सक्रिय भूमिका खेलि यस आन्दोलनमा नेतृत्व दिने वा निश्क्रिय भएर दर्शकको रूपमा रहने हो ? यी सवालहरूलाई बिर्सी जसले पार्टीलाई कसैको एक गुटको रूपमा सम्फन्छ*

*त्यसले मार्क्सवाद लेनिनवादमाथि गद्दारी गर्दछ। हाम्रो पार्टी मार्क्सवाद लेनिनवादको वरिपरि सँगठित एक क्रान्तिकारी पार्टी हो र कुनै पनि व्यक्ति कसैको मुख हेरेर पार्टीमा आएको होइन। हामी सबै पार्टीमा आयौं, किन ? यस पार्टीलाई मित्रमण्डल ठानेर अथवा पारिवारिक गुट हो भनेर होइन। देशको समस्या समाधान गर्नको निम्ति र देशलाई उत्तरोत्तर प्रगति मार्गमा लैजानको निम्ति हामी पार्टीमा आएका हौं। पार्टीको विचार एक सामुहिक विचार हो, पार्टीको काम एक सामुहिक काम हो,* भनिएको थियो।

अपिलमा, राजा महेन्द्रको हुकुमी शासनमा "अँधेरनगरी चौपट राजा" भन्ने उखान चरितार्थ भएको उल्लेख गर्दै तानाशाही पंचायती व्यवस्थाको विरोध गरिएको छ।

अपिलको अन्तमा-*मार्क्सवाद लेनिनवादप्रति वफादार भएर पार्टीले राष्ट्रिय संकटको बेला आफ्नो ऐतिहासिक भूमिका खेल्न परेको छ र यस ऐतिहासिक जिम्मेवारीलाई पूरा गर्न ...देशमा प्रजातन्त्रको स्थापना गर्नको साथ साथ स्वतन्त्र राष्ट्रिय प्रजातन्त्रको स्थापना गर्न अगाडि बढौं।* अन्तरजोनल सामान्जस्य समितिका सचिव तुल्सी लाल अमात्यबाट आह्वान गरिएको थियो।[१८]

यस्तै पी.वी. र सी.सी. बैठकमा भाग लिइएन भन्ने डी.पी. अधिकारीका आरोपका बारेमा तुल्सी लाल अमात्य लेख्छन्,

*... केन्द्रका १७ जना मध्ये ९ जना त राजाको पक्षमा अघिदेखि नै छन् र राजालाई सगाउँन ती सदस्यहरूले पार्टीलाई भताभुङ्ग गरी निष्कृय समेत गरेर आएका छन् भने केन्द्रीय कमिटीमा स्वस्थ तरीकाले बहस होला र एक उचित निर्णयमा पुग्ला भन्ने एक असम्भवको कुरो भैसकेको थियो। एक त पार्टी भित्र राजाको समर्थन र राजाको विरोधमा दुईमत स्पष्ट छ भने काठमाण्डौमा सी.सी. बैठक बसी राजाको विरोधमा महिनौ लडिरहनु तमाम केन्द्रमाथि आफत मोल्नु हो। यसै निम्ति पार्टी केन्द्रको मीटिङ्ग नेपाल बाहिर बोलाइयोस् र सो बैठकमा पार्टी केन्द्रका सदस्यहरू बाहेक पार्टी केन्द्रको उम्मेदवार सदस्यहरू र भरसक जोन–जोनका प्रतिनिधिहरूलाई राखेर सि.सि. बैठक गरियोस भन्ने हाम्रो माग थियो। तर वहाँहरू न त कण्डिडेट सि.सि.एम. हरू बोलाउन चाहनुहुन्छ न त जोन–जोनको प्रतिनिधिहरू नै। वहाँहरू १७ जनामा र ९ जना ठयाक्कै गनिसकेको छ र ती ९ जनाले जे पनि पास गर्न*

---

१८ नेपाल कम्युनिष्ट पार्टी दस्तावेजसँग्रह भाग–१, पुष्पलाल स्मृति प्रतिष्ठान नेपाल कम्युनिष्ट पार्टीको तमाम पार्टी सदस्यहरूलाई अपिल पृष्ठ – १३८

*सकिन्छ भने हामी त्यस मिटिङ्गमा गएर भागलिनु र नलिनु एउटै कुरो हो। जब स्वस्थ तरीकाले दिलखोलेर बहस गरी चित्त नबुझ्नु र चित्त बुझाउने बाटो खत्तम गरी पहिले नै केन्द्रका ८, ९ जनाले पहिले नै राजालाई समर्थन गर्ने अठोट गरिसकेको छ र कसैले पर्चा, कसैले वक्तव्य अनि कसैले कार्वाहीद्वारा नै समर्थन गर्न लागेको छ भने त्यो बैठकले के कुनै स्वस्थ निर्णय दिने छ ? कुनै मिटिङ्गमा स्वस्थ बहसको गुञ्जाइस छैन् भने त्यस बैठकमा जानु र नजानुको फरक नै के भयो। बहुमतको भनी पठाइदिए त भैहाल्छ नि ! (अमात्य, २०६३)*

## महासचिवमा निर्वाचित

नेपाल कम्युनिष्ट पार्टीको तेश्रो महाधिवेसन बनारसको मयुरगञ्ज स्थित मोतीमहलमा सम्पन्न भयो। २०१९ साल वैशाष ४ देखि १५ सम्म १२ दिन महाधिवेशन संचालन भएको थियो । अन्तरजोनल सामान्जस्य समितिका सदस्य हिक्मतसिंह भण्डारीले महाधिवेशनको उद्घाटन गरेका थिए । सञ्चालन पुष्पलालले गरेका थिए । जयगोविन्द शाह, भरतराज जोशी र एकदेव आले सदस्य रहेको तीन सदस्यीय अध्यक्षमण्डल गठन गरिएको थियो । अन्तरजोनल सामान्जस्य समितिका सचिव तुल्सी लाल अमात्यले राजनीतिक प्रतिवेदन पेश गरेका थिए। (केसी, २०५६)

महाधिवेशनमा प्रायः सबै जिल्लाको प्रतिनिधित्व रहेको थियो । महाधिवेशनमा एकसय बीस जनाको उपस्थिति थियो भन्ने भनाई भरतमोहन अधिकारीको छ । (अधिकारी, २०६४ ) तर तेश्रो महाधिवेशनबाट महासचिव निर्वाचित तुल्सी लाल अमात्यले महाधिवेशनमा ८८ जना प्रतिनिधिहरूले भाग लिएका थिए भनेका छन्। (अमात्य, २०६२)

महाधिवेशनले १९ सदस्यीय केन्द्रीय समितिको निर्वाचन गरेको थियो । सात जना सदस्य रहेको राजनीतिक समिति (पोलिटब्यूरो) बनाइयो। केन्द्रीय परिषद् पनि गठन गरिएको थियो जसमा ५१ जना सदस्य रहेका थिए । (परिषदका १३ जना सदस्य जेलमा रहेकाले तिनीहरुको बैकल्पिक कार्यकारी सदस्य पनि चयन गरिएको थियो ।) महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिले महासचिवमा तुल्सी लाल अमात्यलाई चयन गऱ्यो भने पोलिटब्यूरोमा पुष्पलाल, मनमोहन अधिकारी, कृष्णराज वर्मा, हिक्मतसिंह भण्डारी, मोहनविक्रम सिंह र कमलराज रेग्मी।

जेलमा रहेका नेताहरू मनमोहन अधिकारी, कृष्णराज वर्मा, मोहनविक्रम सिंह र कमलराज रेग्मीको स्थानमा वैकल्पिक कार्यकारी पोलिटब्यूरो सदस्यका रूपमा भरतमोहन अधिकारी, पुण्यप्रताप राणा, भरतराज जोशी र देबेन्द्रलाल श्रेष्ठलाई चयन गरियो। (केसी, २०५६)

केन्द्रीय समितिका सदस्यहरू (५ जना बैकल्पिक सदस्य रहेका थिए) मा निर्मल लामा, एकदेव आले, प्रेमप्रकाश नेपाल, जयगोबिन्द शाह, बलराम उपाध्याय, कृष्णलाल श्रेष्ठ, कमल कोइराला, सिद्धिलाल सिंह, लालसिंह, रामबहादुर श्रेष्ठ, मेघराज आचार्य थिए।

महाधिवेशनले डा. केशरजंग रायमाझी, शम्भुराम श्रेष्ठ, कमर शाह, डी.पी. अधिकारी र पी.वी मल्ललाई राजाको फौजी काण्डलाई समर्थन एवम् सहयोग पुऱ्याएको ठहर गर्दै पार्टीबाट निलम्वन गऱ्यो । रायमाझीको विरोध गर्न थालेपछि शम्भुराम श्रेष्ठलाई पछि पञ्चायती सरकारबाट गिरफ्तार गरी कारागारमा बन्द गरिएको थियो।

महाधिवेशनमा तीनवटा राजनीतिक विचारहरू प्रस्तुत गरिएका थिए– सर्वशक्ति सम्पन्न सार्वभौम संसद, बिघटित संसदको पुनर्स्थापना र संविधान सभाको चुनावको तत्कालिन कार्यनीतिक लाइन । पहिलो कार्यनीतिका प्रस्तोता तुल्सी लाल अमात्य थिए भने दोश्रोका पुष्पलाल र तेश्रोका मोहनविक्रम सिंह । मोहनविक्रम सिंह जेलमा भएकोले उनको तर्फबाट बलराम उपाध्यायले सो लाइनको प्रस्ताव महाधिवेशनमा पेश गरेका थिए। (रावल, २०४४)

## राष्ट्रिय प्रजातन्त्र र सार्वभौम सम्पन्न संसदको कार्यनीति

राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम र सार्वभौम सम्पन्न संसदको कार्यनीति नेकपाको तेस्रो महाधिवेशनमा अत्याधिका बहुमतबाट पास गरिएको थियो। भरतमोहन अधिकारी नेकपाको तेश्रो महाधिवेशनमा प्रस्तुत तथा पारित कार्यनीतिको व्याख्या प्रस्तुत गर्दै लेख्छन् ,

*कार्यनीतिका सवालमा तुल्सी लाल र हामीहरूको विचार एउटै भयो भने पुष्पलालको विचार अर्को भयो । 'जनताका खोसीएका सबै अधिकार फिर्ता गरेर राजामा निहित भएको सबै अधिकार जनताको हातमा ल्याऔं, सम्प्रभुता संसदको स्थापना गरौं' भन्ने हाम्रो कार्यनीतिक नारा थियो भने पुष्पलालले यसको विरोधमा*

*'विघटित संसद पुनःस्थापना गर' भन्ने नारा अगाडि सार्नु भयो । उहाँ भन्नुहुन्थ्यो– 'भालुले जे खाएको छ, त्यही नै छेर्नुपर्छ। छेर भालु छेर !' तर उहाँको यस विचारसँग हामी सहमत हुन सकेनौं। हाम्रो विचारमा तानाशाही विरोधी सङ्घर्ष अर्थात् प्रजातन्त्र पुनःवहाली गर्ने सङ्घर्ष एकाध दिनमा टुङ्गिने सघर्ष होइन । यो लामो सघर्ष हो । (अधिकारी, २०६४)*

राजनीतिक प्रतिवेदनको 'राष्ट्रिय प्रजातन्त्र नै मूलभूत समस्या समाधान गर्ने कार्यक्रम' शिर्षकमा कार्यक्रमको तत्कालिक सन्दर्भ, पृष्ठभूमि, यसले आत्मासात गरेका पक्ष र क्षेत्रहरू, यसले अपनाएको कार्यदिशा र कार्यनीतिको व्याख्या गरिएको छ। सन् १९६० मा मस्कोमा ८१ देशका कम्युनिष्ट तथा मजदुर पार्टीहरूको वक्तव्यलाई कार्यक्रमको पृष्ठिभूमिमा प्रस्तुत गरी कार्यक्रमको औचित्य र महत्त्व दर्शाइएको छ।

राजनीतिक प्रतिवेदनमा राष्ट्रिय प्रजातन्त्र कार्यक्रमको पृष्ठभूमिको व्ययाख्यागर्दै भनिएको छ, *"आजको विश्वमा देखापरेका नौला परिवर्तनहरू देश विकास गर्न एउटा उज्ज्वल, सुखद र छोटो पद्धति, तमाम अविकसित र पछौटे देशहरूको सामु, एउटा आशाको किरणका रूपमा देखापरेको छ । जस्तो कि ८१ देशका कम्युनिष्ट तथा मजदुर पार्टीहरूको वक्तव्यले भन्दछ, "आजको वर्तमान ऐतिहासिक परिस्थितिमा स्वतन्त्र राष्ट्रिय प्रजातन्त्र भनाइको तात्पर्य यस्तो राज्य जो निरन्तर रूपमा आफ्नो आर्थिक र राजनीतिक स्वतन्त्रतालाई कायम राख्दछ, साम्राज्यवाद र यसका सैनिक सङ्गठनहरूको विरोधमा सङ्घर्ष गर्दछ, आफ्नो देश भित्र भएका सैनिक केन्द्रहरूको विरोधमा सङ्घर्ष गर्दछ, यस्तो राज्य जुनले उपनिवेशवादका नयाँ पद्धतिहरूको र साम्राज्यवादी पूँजीको देशभित्र घुस्नुको विरोध गर्दछ, यस्तो राज्य जुनले तानाशाही र निरंकुश शासन प्रणालीलाई अस्वीकार गर्दछ, यस्तो जहाँ जनताको प्रजातान्त्रिक अधिकार र स्वतन्त्रताको सुनिश्चितता हुन्छ (वाक, प्रेस, सभा, प्रदर्शन, राजनीतिक पार्टीहरू र सामाजिक सङ्गठनहरू गठन गर्ने स्वतन्त्रता), भूमिसुधारलाई कार्यान्वयन गराउन र अरू प्रकारका प्रजातान्त्रिक र सामाजिक परिवर्तन गराउन र सरकारको नीति निर्माणमा हिस्सा लिने मौका पाइन्छ।"* प्रतिवेदनमा सविस्तार लेखिएको छ।

यसै मस्को घोषणाको मार्गदर्शनमा नेपालको सन्दर्भमा कार्यक्रम निर्धारण गरिएको छ। जसलाई *प्रतिवेदनमा अगाडि प्रस्तुत गर्दै भनिएको छ, "यस्तो राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम हाम्रो मूलभूत समस्याको समाधान गर्नलाई ऐतिहासिक आवश्यकताको रूपमा देखा परेको छ।"*

*तेस्रो महाधिवेशनले पास गरेको राजनीतिक प्रतिवेदन भित्र समेटिएको राष्ट्रिय प्रजातन्त्र कार्यक्रममा १० वटा बुँदा रहेका छन् ति हुन् –*

## राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम

नेपालको स्थितिमा राष्ट्रिय प्रजातन्त्रका मुख्य बुंदाहरू:

१. (क) सामन्ती व्यवस्थाको निर्मूल गरी किसानहरूको हितमा हुने खालको भूमिसुधार गर्ने।

(ख) जनतालाई सामन्ती शोषणबाट मुक्त गर्ने।

(ग) गाउँ घरमा किसानहरूलाई, सामन्तहरू तथा जाली फटाहाहरूको मुद्दा मामिला, र नाजायज ऋण आदिबाट मुक्त गर्ने।

२. विदेशी पूँजी तथा अन्य सबै प्रकारका साम्राज्यवादी तथा विदेशी स्वार्थ र प्रभावबाट मुक्त गरी राष्ट्रिय उद्योग तथा व्यापारलाई स्वतन्त्र रूपले विकास गर्ने। देशको द्रुत गतिले औद्योगीकरण गर्ने।

३. गोर्खा भर्ती केन्द्र जस्तो साम्राज्यवादी केन्द्रलाई खतम गर्ने।

४. तमाम असमान सन्धिहरूलाई आपसी सद्भावना, मित्रता, समानता र आपसी फाइदाको आधारमा संशोधन गर्ने।

५. समाजवादी देशहरूसँग घनिष्ट मित्रता कायम गर्ने। अन्तर्राष्ट्रिय मामलामा साम्राज्यवाद र उपनिवेशवादको विरोध गर्ने। विश्व शान्तिको निम्ति अथक प्रयास गर्ने। सबै देशहरूसँग शान्ति, मित्रता र आपसी सहयोगका आधारमा मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने।

६. देशको सार्वभौमिकता र स्वतन्त्रताको रक्षा गर्ने।

७. राष्ट्रहितलाई ध्यानमा राखी देशका विभिन्न जातिहरूको भाषा, साहित्य तथा सँस्कृतिको विकास गर्ने।

८. देशको चौतर्फी विकास गरी आम जनताको जीवनस्तर बढाउने। देशमा देखापर्न आँटेको शिक्षित वा अशिक्षित, पूर्ण या आमसिक सबै प्रकारका बेकारीको समस्या अन्त गरी काममामको सुनिश्चित गर्ने। शिक्षा, स्वास्थ्य आदिको सस्तो र समुचित प्रबन्ध गर्ने। समाजमा व्याप्त तमाम कुरितीहरूको अन्तगर्ने। मजदुरहरूको हित हुने गरी कल

कारखानाहरूको व्यवस्था गर्ने ।

९. राष्ट्रका तमाम अंगहरूको प्रजातान्त्रीकरण गर्ने ।

१०.कुनै पनि प्रकारका हुकुमशाही तथा एकतन्त्री हुकुमतको विरोध गरी देशका जनताको निम्ति तमाम अधिकार र स्वतन्त्रता (भाषण, छापाखाना, सभा सङ्गठन, जुलुस प्रदर्शन, राजनीतिक पार्टीहरू र जनवर्गीय सङ्गठन तथा अन्य सामाजिक सङ्गठनहरूको स्वतन्त्रतालाई सुनिश्चित गर्ने र सरकारको नीति निर्धारण गर्नमा भाग लिन जनतालाई विभिन्न काम गर्ने मौका प्रदान गर्ने ।

कार्यक्रमको सर्वस्वीकार्यतालाई क्रान्तकारी तत्वहरूले आत्मासात गर्ने विश्वास व्यक्त गरिएको छ। कार्यक्रमलाई प्राप्त गर्ने बाटो अर्थात् कार्यदिशाका सम्बन्धमा व्याख्या गर्दै भनिएको छ–

*आजको वर्तमान कालका सबै क्रान्तिकारी तत्वहरूको हित समावेश भएको हुनाले पनि यस कार्यक्रमलाई पूरा गर्नको लागि एउटा व्यापक राष्ट्रिय मोर्चा बनाउनु आवश्यक छ । जसमा किसान, मजदुर, युवक, विद्यार्थी, राष्ट्रिय पूँजीपतिहरू समावेश हुनेछन् । यस्तो राष्ट्रिय मोर्चा बनाई राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमलाई पूरा गराउन व्यापक जनसङ्घर्ष गर्नुपर्दछ । राष्ट्रिय प्रजातन्त्रको पक्षमा व्यापकरूपमा जनचेतना उठाउनु पर्दछ।*

‘सर्वशक्ति सम्पन्न, सार्वभौम संसदको स्थापना गर्न विशाल जनमत तयार गर’ भन्ने कार्यनीतिक नाराको थप व्याख्या गरि राजनीतिक प्रतिवेदनमा प्रस्तुत गरिएको छ। राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमलाई प्राप्त गर्ने कार्यदिशाका बारेमा–

*व्यापक जनचेतना, व्यापक जनसङ्गठन र क्रान्तिकारी तत्वहरूको व्यापक संयुक्तमोर्चाको अभावमा राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम लागु हुन सक्दैन, यो केवल कामको योजना मात्र रहन जानेछ। राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम प्रजातन्त्रको अभाव होइन, यो प्रजातन्त्रको अझ बढी विस्तार हो। राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमले पूँजीवादको सीमित प्रजातन्त्रलाई नपुग भनी हाम्रो समाजको पूर्ण प्रजातान्त्रीकरण हुनुपर्दछ भन्दछ।*

राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमलाई रणनीति र ‘सर्वशक्ति सम्पन्न सार्वभौम संसदको स्थापना गर्न विशाल जनमत तयार गर’ भन्ने कार्यनीतिक नारालाई एक आपसमा अन्योन्याश्रित गरी यसरी व्याख्या गरिएको छ–

*प्रजातान्त्रिक आन्दोलनलाई नामञ्जुर गरी हुकुमशाही राजाको मातहतमा राष्ट्रिय प्रजातन्त्र विषमज्वरोको कल्पना मात्र सावित हुनेछ । राष्ट्रिय प्रजातन्त्र प्रजातन्त्रको अभाव होइन, प्रजातन्त्रको विस्तार हो । प्रजातान्त्रिक परिपाटीको अभावमा राष्ट्रिय प्रजातन्त्र कायम हुन सक्दैन। तसर्थः राष्ट्रिय प्रजातन्त्र कायम गराउने श्रृंखलाको रूपमा आज राजाको तानाशाहीको विरोध गर्नु परेको छ। जनताबाट अपहरण गरिएको तमाम अधिकारहरूलाई फिर्ता गराउनु पर्दछ। प्रजातन्त्रको स्थापनार्थ गरिने यो सङ्घर्षलाई पछि राष्ट्रिय प्रजातन्त्र कायम सङ्घर्षको रूपमा विकसित गराउनु पर्दछ। प्रजातन्त्र राष्ट्रिय प्रजातन्त्रको लागि पहिलो सर्त हो , यो हामीले बिर्सनु छैन ।"* सार्वभौम संसदको कार्यनीतिक नाराको व्याख्यालाई अझ प्रष्ट पार्दै अगाडि भनिएको छ । *"सर्वशक्ति सम्पन्न संसदको माग गणतन्त्रको माँग होइन । कम्युनिष्ट पार्टीको यो स्पष्ट मत छ, आजको सघर्ष राजतन्त्र र गणतन्त्रको होइन। आजको सङ्घर्ष राजाबाट शक्ति हस्तान्तरण गरी जनतामा निहीत गराई देशमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना गराउनु हो ।" यस्तो व्यबस्था स्थापना गर्ने शक्तिहरूका बीचको एकताका बारेमा यस्तो लेखिएको छ "सर्वशक्ति सम्पन्न सार्वभौम संसदको स्थापनार्थ गरिने सङ्घर्षको बेलामा नै देशका तमाम क्रान्तिकारी तत्वहरूले व्यापक एकता बनाई यस सङ्घर्षलाई राष्ट्रिय प्रजातन्त्रसम्म लान अठोट गर्नु पर्दछ। कम्युनिष्ट पार्टी यस तर्फसधै क्रियाशील रहने छ।*

राष्ट्रिय प्रजातन्त्रको लक्ष्य तर्फ यसरी संकेत गर्दै तलका हरफहरूमा थप व्याख्या गरिएको छ–

*न त सर्वशक्ति सम्पन्न सार्वभौम संसदको माँग राष्ट्रिय प्रजातन्त्रको माँग हो, ग्रेट ब्रिटेनमा सर्वशक्ति सम्पन्न सार्वभौम संसद छ, न त ग्रेट ब्रिटेन समाजवादी राष्ट्र हो, न त्यहाँ राष्ट्रिय प्रजातन्त्र नै छ। तर पूँजीवादी प्रजातन्त्र अवलम्वन गर्ने होस् वा राष्ट्रिय प्रजातन्त्र पक्षपाती होस् दुवैको लागि सर्वशक्ति सम्पन्न सार्वभौम संसदको अवश्यकता छ। सबै शक्ति जनताबाट निर्वाचित संसदमा नरहुन्जेल न हाम्रो नेपालमा पूँजीवाद कायम हुन सक्छ न त राष्ट्रिय प्रजातन्त्र । यस अर्थमा सर्वशक्ति सम्पन्न सार्वभौम संसद एउटा ऐतिहासिक आवश्यकता हो र भिन्ना भिन्नै कार्यक्रमको अनुशरण गर्ने प्रजातान्त्रिक शक्तिहरूको मिलनको विन्दु पनि हो। यसकारण आजको प्रजातान्त्रिक आन्दोलनको नारा हो सर्वशक्ति सम्पन्न सार्वभौम संसदको चुनाव गराउ।*

प्रजातान्त्रिक पार्टीहरू बीचको संयुक्त मोर्चा निर्माणको सम्बन्धमा थप ब्याख्या गर्दै राजनीतिक प्रतिवेदनमा भनिएको छ,

*जहाँसम्म प्रजातान्त्रिक पार्टीहरूको सवाल छ, यी विभिन्न प्रजातान्त्रिक*

*पार्टीहरूका आ–आफ्नो वर्ग चरित्र अनुरूप प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने नारा लिएर अर्थात् राजाको हातबाट शक्ति हस्तान्तरित गराई सर्वशक्ति सम्पन्न सार्वभौम संसदको स्थापना गर्ने कुरामा मञ्जुर पनि गर्न सक्तछन् । यस्तै राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम अपनाउने कुरामा मञ्जुर गर्न पनि सक्तछन् , नगर्न पनि सक्दछन । हुनत प्रजातान्त्रिक क्रान्ति सफल गर्ने कुरा तथा राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम लागू गर्ने कुरा देशको पूँजीपतिहरूको स्वार्थ समेत प्रतिनिधित्व हुने गरेर नै राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम बनेको छ । सामन्ती व्यवस्थाको जडमूल उखेलेर साम्राज्यवादी स्वार्थ तथा विदेशी पूँजीको प्रभावबाट मुक्त गरेर नै देशको स्वतन्त्रता तथा सार्वभौमिकताको सुरक्षा हुनुको साथै देशको अर्थव्यवस्था स्वतन्त्र रूपले विकास हुन सक्ने छ । यो राजनीतिक नारा र कार्यक्रम आज देशको वस्तु स्थिति अनुकुलको नारा र कार्यक्रम हो र पूँजीपति वर्गको स्वार्थ विपरितको नारा होइन ।*

राष्ट्रिय प्रजातन्त्र कस्तो प्रजातन्त्र हो र यो कसरी स्थापना गर्न सकिन्छ भन्ने बारेमा अझ थप ब्याख्या गर्दै प्रतिवेदनमा भनिएको छ–

*तसर्थ आजको प्रजातान्त्रिक सङ्घर्ष सिधै पुरानो किसिमको पूँजीवादी पार्टीको नेतृत्वमा उनीहरूको पिछलगुवा भै पूँजीवादी प्रजातन्त्रलाई स्थापना गर्ने प्रजातन्त्र होइन । निश्चित पनि पूँजीवादी पार्टीलाई सङ्घर्ष नगर हामी एक्लै प्रजातन्त्रको निम्ति सङ्घर्ष गर्नेछौं भनी संकुचित विचार लिन सकिन्न । प्रजातान्त्रिक क्रान्तिमा पूँजीवादी पार्टीहरूको पनि आफ्नो भूमिका रहनेछ । यसै निम्ति उनीहरूको सामन्तवाद तथा साम्राज्वाद तथा विदेशी शक्ति पक्षको कमजोर चरित्रको विरोधमा सङ्घर्ष गर्दागर्दै प्रजातन्त्रिक सङ्घर्षमा यथासम्भव संयुक्त भएर जान पनि परेको छ । पूँजीवादी पार्टी अथवा वर्गले देशमा कुनै क्रान्तिकारी भूमिका खेल्न सक्दछ भने मजदुर वर्ग र अन्य क्रान्तिकारी वर्गहरूसँग संयुक्त भएर नै खेल्न सक्ने छ । यसै निम्ति नेपाल कम्युनिष्ट पार्टीले यस प्रजातान्त्रिक सङ्घर्षमा क्रान्तिकारी भूमिका खेल्नु परेको छ र मजदुर वर्गको नेतृत्वमा मजदुर किसान एकताको आधारमा तमाम क्रान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चा बनाएर नै हामीले आफ्नो देशमा राष्ट्रिय स्वार्थको प्रतिनिधित्व गर्ने स्वस्थ प्रजातन्त्र अर्थात् राष्ट्रिय प्रजातन्त्रको स्थापना गर्न सक्नेछौं ।*[१९]

---

१९ २०१९ वैशाष ४–१५ मा आयोजित नेकपाको तेश्रो महाधिवेशनमा अन्तरजोनल सामन्जस्य समितिका मन्त्री (सचिव)का. तुल्सी लाल अमात्यद्वारा प्रस्तुत तथा पारित राजनीतिक प्रस्ताव–( नेकपा दस्तावेज सँग्रह भाग एक)

## राष्ट्रिय विवादमा अन्तर्राष्ट्रिय पक्ष

नेपाल कम्युनिष्ट पार्टी अन्तरजोनल सामन्जस्य समितिले पार्टीको तेस्रो महाधिवेशनको तयारी गरिरहेको थियो । यसै बीच नेकपाका हितैषी 'नेपाल कम्युनिष्ट पार्टीलाई शाही कम्युनिष्ट बन्नबाट बचाउनु पर्छ' भन्ने भारतीय कम्युनिष्ट पार्टीका महासचिव अजय घोंषको असामयिक निधन भयो। तेश्रो महाधिवेशन आयोजना गरेर राजाको फौजी काण्ड विरूद्ध प्रजातन्त्र पुनःस्थापनाको सङ्घर्ष चलाउन सल्लाह दिएका भाकपा महासचिवको अप्रत्यासित निधनबाट नेकपालाई ठूलो क्षति पुग्यो । नेकपा अन्तरजोनल सामन्जस्य समितिको बैठकमा घोषको असामयिक निधनले नेपाल कम्युनिष्ट पार्टीलाई समेत क्षतिपुगेको उल्लेख गर्दै एक मिनेट मौनधारणा गरिएको थियो।

महाधिवेशनलाई रोक्ने प्रयत्नमा कमर शाह, डी.पी. अधिकारी, डा. केशरजंग रायमाझी लगायतका नेताहरु लागेका थिए । तर तेश्रो महाधिवेशनले उनीहरूलाई कारवाही गरी निलम्बन गर्‍यो र पार्टीलाई अघि बढायो। एउटा दुःखको कुरा पार्टीलाई Reqisition Party Congress गरेर पार्टी बचाउने सल्लाह दिएका भाकपाका महासचिव अजय घोषको नै असामयिक निधनले नेकपा र नेपालको सिँगो कम्युनिष्ट आन्दोलनलाई नै क्षति पुग्यो। उनको मृत्युको कारण भाकपा र सोभियत रूसको कम्युनिष्ट पार्टीले पनि डा.केशरजंग  रायमाझीलाई नै समर्थन गर्‍यो। घोंषको निधन नभएको भए भाकपाले यस्तो नीति लिदैनथ्यो। सुरूमा राजाको फौजीकाण्डका कारण विभाजित हुनपुगेको नेकपामा अन्तर्राष्ट्रिय विवाद पनि थपिन पुग्यो । सोभियत संघले डा. रायमाझीको पक्ष लिएकाले नेपाली क्रान्तिकारीहरूमा रहेको रूसप्रतिको नकारात्मक धारणालाई थप बल पुग्यो।

## सम्बन्ध विस्तारमा टीएल र पीएल

### डाँगे र नम्बुदरीपादसँग भेटवार्ता

तेश्रो महाधिवेशनपछि महासचिव तुल्सी लाल अमात्य र पुष्पलाल भाकपाका अध्यक्ष श्रीपाद् अमृत डाँगे र महासचिव नम्वुदरीपादलाई भेटगर्न दिल्ली गए। भेटवार्ताको रिपोर्ट पार्टी केन्द्रीय कार्यालय बनारसमा दुवै नेताले

संयुक्त रूपमा पेश गरेका थिए।

२०१९ साल असोज महिना (१९६२, नोभेम्बर २) मा पेशगरिएको त्यो रिपोर्ट यसरी आरम्भ हुन्छ,

*मन्त्रीपरिषद् (सचिवालय)को बैठकले भारतीय कम्युनिष्ट पार्टीको नेतृत्वबाट पार्टीलाई बिधिवत मान्यता प्राप्त गराउन र नेपाली काङ्ग्रेससँग राजा महेन्द्रको तानाशाही व्यवस्थाको विरूद्ध संयुक्त रूपले शान्तिपूर्ण जनआन्दोलनमा भागलिने कुराकानी मिलाउनको निम्ति (नेकपाको बनारस केन्द्रीय कार्यालयले पार्टीका) महामन्त्री तुल्सी लाल अमात्य र मन्त्री पुष्पलाललाई खटाएर पठायो।*

*वार्तामा सफलता प्राप्त गर्नका निम्ति दुवै जनाले छलफल गरी लिखित रूपमा वार्ता गर्ने प्रक्रियाको आधार तयार पारे।*

१. *कुरा गर्न जानु भन्दा पहिले सबै बुंदाहरू यथासम्भव आपसमा छलफल गरी एउटा सही निष्कर्ष निकाल्ने।*

२. *दिनहुँ आफ्नो काम कारवाहीको एकाध घण्टा सिंहावलोकन गर्ने।*

३. *कुराकानी गर्दा यदि कसैको कुरा कुनैलाई चित्त नबुझेमा तत्काल खण्डन नगर्ने। पछि सिंहावलोकनमा लैजाने।*

४. *कुराकानी गर्दा एक बैठकमा सम्पूर्ण निष्कर्ष नगरी एकाध अरू बैठकको आवश्यकता देखाउने।*

५. सक्दो मात्रामा पैसा किफायत गरी खर्च गर्ने।

## भेटवार्ताको रिपोर्ट

तुल्सी लाल र पुष्पलालले भारतीय कम्युनिष्ट पार्टीका नेताहरुसँग गरेको कुराकानी प्रतिवेदनमा यसरी उल्लेख गरिएको छ –

*केही शुभ कुसलको कुरा भएपछि हामीहरूको तर्फबाट का. टी.एल. ले केन्द्रीय कार्यकारिणीको फैसलामा मुख्य रूपले हाम्रो माग र आन्दोलनका सम्बन्धमा सबभन्दा पहिले रिपोर्टिङ गरेपछि माग र आन्दोलनको सम्बन्धमा छलफल सुरू भयो। भारतीय कम्युनिष्ट पार्टीको तर्फबाट अध्यक्ष का. डाँगे र महामन्त्री नम्वुदरीपाद हुनुहन्थ्यो।*

आन्दोलनको सम्बन्धमा डाँगेले भन्नु भयो –

*आन्दोलन गर्दा सबभन्दा पहिले हामीले जनचेतनाको स्तरलाई हेरी आन्दोलन गर्नु पर्दछ । एकदम राजनीतिक माँगको आधारमा तमाम जनतालाई आन्दोलनमा उतार्न सकिन्न । व्यापक रूपले जनतामा असन्तोषको भावना बढेपछि कुनै पनि समस्यामा विशाल आन्दोलन खडा हुन सक्दछ, जस्तो महात्मा गान्धीको डण्डीमार्च । नेपाली काङ्ग्रेसले आफ्नो आन्दोलनलाई गुरिल्ला युद्ध भने तापनि आज नेपालमा नत गुरिल्ला युद्धको नै स्थिति छ, नत नेपाली काङ्ग्रेसले चलाएको आन्दोलनलाई पूर्णतः गुरिल्ला युद्धको आधारमा चलाएको आन्दोलन भन्न सकिन्छ। तर यसको माने नेपाली काङ्ग्रेसलाई परख गर्ने कसौटी यो मात्र पनि होइन। मुख्यतः आज त्यसमा कतिपय कमजोरी देखिएता पनि त्यो पार्टीको सरकार हुंदा त्यसको नीति र कार्यक्रम के थियो सोही नै त्यसको परखको मुख्य कसौटी हो। आज हामी नेपालमा सशस्त्र सङ्घर्षको पक्षमा छैनौं।*

*....हामीले उहाँहरूलाई यो सम्झाउने कोशिस गऱ्यौं कि ....आज हाम्रो टी.एल.पी.एल. पार्टीको केन्द्रीय कार्यकारिणीले शान्तिपूर्ण जनआन्दोलनको फैसला लिएको छ र त्यसैको निम्ति आज हामीहरूले व्यापक आन्दोलनको तयारी गरिरहेका छौं । तर आज धेरै महिना देखि नेपाली काङ्ग्रेस सशस्त्र आन्दोलन गर्दै आएको र अहिले पनि उसको त्यहि नै नीति देखिएकोले हामीले केवल शान्तिपूर्ण आन्दोलनको मात्र विचार गर्नाले त्यसबाट ने.का.(ले) पछि गलत फाइदा उठाउन नसकोस् भन्ने कुरामा हाम्रो कार्यकारिणी सतर्क छ । शान्तिपूर्ण आन्दोलन गर्नाको कारणहरूमा तलका बुँदा भनिएको छ।*

१. *राजाको वर्गीय र प्रतिक्रियावादको स्वरूप अहिले पनि जनताको समक्ष स्पष्ट भै नसक्नाले उनीप्रति अझै समाजका विभिन्न अंगको आस्था रहन गएको छ।*

२. *नेपाली काङ्ग्रेसले काठमाडौं कोदारी रोडको हाम्रो राष्ट्रिय जीवनमा पर्ने असरको महत्त्वलाई नबुझी उक्त सडकको विरोध गर्नाले राजाप्रतिको भ्रमलाई बढाएको छ।*

३. *शान्तिपूर्ण आन्दोलन मार्फत् तानाशाह राजाको भण्डाफोर नभैसकेको हुनाले हाम्रा जनता एकदम उच्च लक्षीय सङ्घर्षमा जान तयार छैनन्।"*

त्यसपछि पार्टीको मन्त्रीपरिषदको निर्देशन मुताविक पार्टीको पूर्ण

वैधानिकताको प्रश्न उठाइयो । कुराकानीका लागि दिल्ली आउनुको मुख्य कारण नै वैधानिकता प्राप्तगर्नु रहेको कुरा प्रष्ट पारियो । भारतीय कम्युनिष्ट पार्टीको मुखपत्रमा नेपाल कम्युनिष्ट पार्टीका महामन्त्री (तुल्सी लाल अमात्य)को वक्तव्य, लेख आदि प्रकाशित नहुँदा एकातिर डा. रायमाझीले छद्म नाममा राजाको समर्थनमा वर्ड मार्किष्ट रिभ्यूमा लेखेको लेखले नेपाल कम्युनिष्ट पार्टीको अन्तर्राष्ट्रिय जगतमा बदनाम भइरहेको थियो भने अर्को तर्फ अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन विशेष गरेर सोभियत कम्युनिष्ट पार्टी क्रान्तिकारी नेपाली जनताको बीचमा बदनाम भइरहेको थियो । यसको कारण थियो– डा. रायमाझीले राजाको समर्थन गर्नु र मस्कोले रायमाझीलाई समर्थन र संरक्षण दिनु । यसले ठूलो भ्रम सिर्जना गरेको थियो ।

रिपोर्टमा लेखिएको छ – *भारतीय कम्युनिष्ट पार्टीको मुख पत्रहरूमा हाम्रो कुरा नछापिदा यस भ्रमले टेवा मात्र पाएको होइन कि उनीहरूलाई (राजावादी कम्युनिष्ट –माझीहरू–लेखक) नैतिक बल समेत प्राप्त भएको छ । अतः तपाईहरूले अहिले हामीलाई पूर्ण मान्यता दिनु पर्दछ र अब देखि हाम्रो खबर र कामरेड जी.यस. (जनरल सेक्रेटरी) को विज्ञप्तिहरू भारतीय (कम्युनिष्ट)पार्टीको मुख पत्रमा छापिनु पर्दछ । होइन भने यसको अभावमा हाम्रो प्रजातान्त्रिक आन्दोलनले नोक्सान उठाउनु पर्नेछ । हामीले यो पनि भन्यौं कि राजावादीहरूले यो पनि प्रचार गरिहेका छन् कि हामीलाई सम्पूर्ण भारतीय पार्टीको समर्थन प्राप्त नभै केवल "उग्रवादी" बंगालको मात्र समर्थन छ भन्ने उनीहरूको प्रचारले अवश्य पनि बल प्राप्त गर्ने छ यदि तपाईहरूले हाम्रो कुराहरू प्रकाशित गरिदिनु भएन भने ।*

तुल्सी लाल र पुष्पलालले भारतीय कम्युनिष्ट पार्टीका नेतालाई स्पष्ट पार्ने प्रयत्न गर्दै यस्तो विचार व्यक्त गरेका थिए ।

तुल्सी लाल अमात्य र पुष्पलालले भाकपाको समर्थनका लागि जोड दिए पछि भाकपाका महामन्त्री नम्बुदरीपादले भने *भारतीय कम्युनिष्ट पार्टीको सचिवालयले दुवै समुहलाई मिलाउने प्रयास गर्ने निर्णय गरेको छ । त्यसैले तेश्रो महाधिवेशन र यसका महासचिवको वक्तव्य एवम् समाचार आफ्नो मुख पत्रमा छाप्न नसक्ने बाध्यता नम्बुदरीपादले प्रकट गरे । उनले भाकपाको मुख पत्रमा नेकपाको तेस्रो महाधिवेशनको कुरा छाप्दा पक्षपाती देखिने बताए ।*

टि.एल. र पि.एल. ले अजय घोषको पत्र तथा सुझाव सल्लाहको महत्त्व र त्यसले पारेको महत्त्वपूर्ण प्रभावको बारेमा बताए । अजय घोषले समर्थन

गरेको भए तापनि नेकपाको महाधिवेशन सम्पन्न भएको छ महिना बितिसक्दा पनि भाकपाले मान्यता नदिएकोमा ध्यान आकृष्ट गर्दै पि.एल.टि एल. ले भने– *अतः तपाईहरूले या त हामीलाई मान्यता दिनुहोस् होइन भने हाम्रा राजावादी साथीहरूलाई मान्यता दिनुहोस् ।*

पुष्पलालका कुराले का. डाँगे एकदम आवेशमा आए र बीचमै कुरा काट्दै भने,*"होइन, हामी उनीहरूलाई मान्यता प्रदान गर्न सक्दैनौं "*

*नम्बुदरिपादले डाँगेको कुरामा थप्दै भने, "हामीलाई तपाईहरूको राजनीतिक नारामा जुन पहिले पनि भनेका थियौं, केही मत भिन्नता भए पनि, आम रूपले तपाईहरूको विचारसँग सहमत छौं ।"*

*डाँगेले स्पष्ट पार्दै थपे– "उनीहरूलाई समर्थन गर्ने कुरै उठ्न सक्दैन ।"*

*पी.एल. र टी.एल– "उसो भए तपाईहरू हामीलाई तत्काल मान्यता दिनुहोस् ।"*

दुवै नेताका कुरा सुनेर का. नम्वुदरिपाद जंगीए र भने, *"के तपाईहरूले हामीलाई आफ्नो सेक्रेटरियटको फैसला उल्लंघन गर भन्नु हुन्छ ?"*

पि.एल ले थप प्रस्ट पार्दै भने, *"हाम्रो भनाईको मतलब त्यो होइन । ... हामीलाई पूर्ण मान्यता दिनहोस् ताकि हाम्रो आन्दोलनलाई बल पुगोस् र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई बदनाम गर्ने मौका कसैले पनि नपाओस् भन्नाको निम्ति हामीले आग्रह गरेका हौं । जब का. अजय एक्लैले त्यत्रो आँट देखाउनु भएको थियो भने तपाईहरू २ जनाले आँट गर्नु भएमा हामीलाई लाग्छ कि तपाईहरू आफ्नो मन्त्रीपरिषद्लाई चित्त बुझाउन सक्नुहुन्छ।..."*

भाकपाका नेतासँग छलफल गरेपछि टि. एल. र पि. एल. आन्दोलनका विषयमा कुराकानी गर्न नेपाली काङ्ग्रेसका नेता सुवर्ण शमशेरलाई भेटन कलकत्ता गए ।

## नेपाली काङ्ग्रेससँग समझदारी

कलकत्तामा सुवर्ण शमशेर र काशीनाथ गौतमसँग दुवै नेताले भेट गरे । नेपाली काङ्ग्रेसको तर्फबाट सुवर्ण शमशेर जबरा र काशीनाथ गौतम तथा नेकपाका तर्फबाट टि.एल. र पी. एल. का बीच कुराकानी शुरू भयो ।

टि.एल. र पी.एल. *"हामीहरू राजा महेन्द्रको तानशाही विरूद्ध जनआन्दोलन गर्नको निम्ति वैधानिक रूपले संयुक्त मोर्चाको कुराकानी गर्न भनेर*

*आएका हौं। अब यसमा तपाईको के राय छ ?"*

सुवर्ण शमशेरले कुरा सुनिसकेपछि टि.एल. र पी.एललाई भने, *"धेरै महिना पछि तपाईहरू आउनु भयो, यो राम्रो कुरा हो। अबेर भै सक्यो। तर एकाध दिनको समय दिनुहोस् ताकि हामीहरू पनि आफ्ना साथीहरूसँग सरसल्लाह गरौं र अन्तिम रूपमा कुराकानी गरौं।"*

तेश्रो दिनको लागि समय निर्धारित भयो। नेकपाका तर्फबाट पार्टी महासचिव तुल्सी लाल अमात्य, पुष्पलाल र कलकत्तामा रहेका मन्त्रीपरिषदका एक जना कार्यकारी पोलिटव्यूरो सदस्य देव (देवेन्द्रलाल श्रेष्ठ)समेत तीनै जना बसेर आफ्नो मन्त्रीपरिषदको निर्देशनको सम्भनामा सरसल्लाह गरे।

*'नेपाली काङ्ग्रेसको प्रतिनिधिमण्डलसँग कुराकानी गर्दा हामीले आफ्नो कुरा ज्यादा भन्नु भन्दा उनीहरूको कुरा विभिन्न दृष्किोणबाट सुन्ने प्रयास हाम्रो हुनुपर्दछ' भन्ने मनोविज्ञानका साथ तीनै जना अर्को चरणको कुराकानीमा गए। काङ्ग्रेसका तर्फबाट सुवर्ण शमशेर, काशीनाथ गौतम, भद्रकाली मिश्र र भरतशमशेरको सहभागिता थियो।*

नेकपाको तर्फबाट छलफलका लागि यस प्रकारका लिखित एजेण्डाहरू वैठकमा पेश गरिएका थिए –

*१. संयुक्त मोर्चाको आधार*

*२. संयुक्त मोर्चाको स्वरूप*

*३. सङ्घर्षको नीति, र*

*४. प्रचार।*

*भद्रकाली मिश्र– नेकाको काम धेरै प्रगतिशील भएर राजा भयभीत भई पुष १ गतेको घटना घटाएका छन्।*

*काशीनाथ गौतम– प्रभुसत्ता सम्पन्न संसदको कुरा ठिक छैन। भावनाको कुरामा विरोध नरहेको बताउदै सुवर्ण शमशेरले, 'तर हाम्रो पार्टीको पटना अधिवेशनले संसदीय प्रजातन्त्रको स्थापनाको नारा दिएको हुनाले यसमा केही अडचन छन्।*

*काशीनाथ गौतमले तीनवटा विषयमा विवाद रहेको बताए–*

*१. विदेशी पूँजीलाई देशभित्र हुल्ने कुरामा।*

*२. काठमाडौं कोदारी सडक निर्माणका बारेमा।*

*३. हदबन्दीको मुवावजाको प्रश्नमा ।*

पहिलो बुँदामा छलफलले खासै प्रवेश पाएन । किनकी दुवै पार्टीको दृष्टिकोण विपरित थियो । यसैले यस विषयमा पछि छलफल गर्ने कुरा भयो ।

दोश्रो बुँदाका सम्बन्धमा नेपाली काङ्ग्रेसका प्रतिनिधिले, "यस सडक निर्माणका हामी विरोधी होइनौं । मुख्य कुरा के हो भने हाम्रो नेपाल र ल्हासा दुवैमा अतिरिक्त उत्पादन केही नहुँदा आदानप्रदानको विषयमा कम हुँदा सडक आश्यक भए तापनि तत्काल आवश्यकीय होइन ।"

नेपाली काङ्ग्रेसका नेताले यस्तो धारणा राख्दा नेकपाका प्रतिनिधि तुल्सी लाल र पुष्पलालले ल्याण्डलक्ड देशको निम्ति राजनैतिक महत्त्व पनि भएको हुँदा कतिपय आवश्कीय चीजहरूमा सो सडक अति आवश्यक ठान्दछौं ।" भन्ने विचार राखे । काङ्ग्रेसले मुआवज दिने कुरामा अडान राख्यो भने नेकपाले नदिने सोचमा ।

## मुख्य सवाल सही किसिमको आन्दोलन

त्यसपछि एक्सनका कुरामा चर्चा भयो ।

टि.एल र पी.एल (ले भने)– *को पहिले Action मा गयो, को पछि छ, त्यो आजको मुख्य सवाल होइन । मुख्य सवाल हो आज कसरी सही किसिमको आन्दोलन गरी राजालाई झुकाउने र प्रजातन्त्रलाई देशमा पुनःस्थापना गराउने, त्यसै कुरालाई ध्यानमा राखी हामीले संयुक्त मोर्चाको कुरालाई उठाएका हौं । र हामीलाई लाग्छ कि आज शान्तिपूर्ण आन्दोलन नै देशमा चाहिएको छ र त्यसैले नै राजाको विरूद्धमा व्यापक जनआन्दोलन उठाउन सकिन्छ भन्ने विश्वास छ ।*

***शान्तिपूर्ण तरिकाले राजालाई भण्डाफोर नगरी एकैचोटी तपाईहरू शसस्त्र सङ्घर्षमा किन जानु भयो भन्ने कुराको अर्थ हामीले बुझ्न सकेनौं । कृपया, यसमा तपाईहरू हामीलाई केही भन्नु हुन्छ कि ?***

सुवर्ण शमशेर शान्तिपूर्ण आन्दोलन शुरू गरेको भए तापनि दमनको कारण सशस्त्र सङ्घर्षमा जानु परेको हो । नेकपाका नेतालाई सुवर्ण शमशेरले बताए ।

***Working alliance***(कार्यगत एकतामा) जानु बेस होला !

सेना र प्रहरीलाई winover गरी राजालाई झुकाउने रणनीति लिएको

तर आमरूपमा जनआन्दोलन उठाउने सोंच ने.का.को नरहको बुझे तापनि विरोधीहरूको मोरल डाउन गर्न डेमोक्रेटिकहरूको मोरल उठाउँन र नेतृत्वको रयाङ्क बीचमा पनि मेलमिलापको वातावरण पैदा गर्न "*Formal* रूपले हामीहरूको संयुक्त मोर्चा हुनु जरूरी छ' भन्ने कुरामा नेकपाका प्रतिनिधिले जोड दिएपछि श्री सुवर्णले भन्नु भयो अहिले हामीहरू*Working alliance* मा जानु बेस होला।"

तुल्सी लाल अमात्यले नेपाल कम्युनिष्ट पार्टी केन्द्रीय कार्यालय बनारसमा पेश गरेको रिपोर्टमा उल्लेख गरिएको छ।

दुई पार्टीको अलग अलग सङ्घर्ष नीति भएपछि एक्सनमा मेल नआउने कुरामा टि.एल.र पि.एल. ले सुवर्ण शमशेरको ध्यान आकृष्ट गरे। त्यसपछि तल उल्लेखित निष्कर्षमा पुग्ने काम भयो।

*"ठाउँ ठाउँमा दुवै (नेकपा र नेकाका) पार्टीका–नेता कार्यकर्ता नियमित रुपमा समन्वय गर्न उल्लेखित बुँदामा सहमति गरियो।*

*१. बराबर (नियमित) रुपमा सरसल्लाह गर्नको निम्ति माथिदेखि तलसम्म दुवै पार्टीका साथीहरू बसी Co-ordinate गर्ने काम गर्ने।*

*२. किसान विद्यार्थी मोर्चाहरूको निम्ति माथिदेखि तलसम्म सबै स्तरमा Co-ordinating committeeबनाउने।*

*३. हामीले शान्तिपूर्ण आन्दोलन गरेको ठाउँमा N.C. ले आफ्नो हिंसात्मक काम कारवाहीलाई रोक्ने।*

*४. दुवै पार्टीका प्रचार साधनबाट एकले अर्कोको विज्ञप्तिहरू प्रचार गर्ने आदि।*

*यी सबै कुराहरू मित्रता र सौहार्दपूर्ण वातावरणमा भए र यी सबै कुरालाई टुंग्याउन फेरि एकचोटी बसी अन्तिम रूपले फैसला लिने गरी कुरा समाप्त भयो।"*

Nov.2. 1962 तुल्सी लाल अमात्य, पुष्पलाल

(कार्य सम्पादन प्रतिवेदन तथा राजनैतिक पत्र सँग्रह भाग–१, पुष्पलाल स्मृति प्रतिष्ठान)

## पीएल र पीपीआर कलकत्ता वार्तामा

सन् १९६२, नोभेम्बर १९ तारिखमा पुष्पलाल र पुण्यप्रताप राणा कलकत्ता गए। सुवर्ण शमशेर र पुष्पलालका बीचमा आन्दोलन सम्बन्धी कुरा भयो। २४ नोभेम्बरमा केन्द्रीय कार्यलय (वनारस) मा पेस गरिएको रिपोर्टमा नेपाली काङ्ग्रेसका नेता सुवर्ण शमशेरसँग भएका कुराकानीका सम्बन्धमा यस्तो लेखिएको छ–

***सुवर्ण शमशेर*** *– जहाँसम्म शान्तिपूर्ण सङ्घर्षको सवाल छ,अब हामीले त्यस्तो सङ्घर्षको रूपमा जानुको मतलब हो तमाम कार्यकर्ताहरूलाई खतम गराउनु massacre मा लैजानु हुनेछ। हाम्रो साथीहरूलाई देख्यो कि मार्दछ।*

*यसै सिलसिलामा (सुवर्ण हाँसेर) भन्नु भयो कि तपाईहरू सक्नुहुन्छ भने शान्तिपूर्ण आन्दोलन गर्नोस्। तपाईहरूको पहिले देखि नै शान्तिपूर्ण रूपमा जाने कार्यक्रम थियो। हामीले त सशस्त्र सङ्घर्षमा गैसकेकोले शान्तिपूर्ण तरिकाले जानसक्ने त सवालै उठ्न सक्दैन जस्तो लाग्दछ।"*

पी.एल. र पीपी.आरले पेश गरेको रिपोर्टमा, *"यसकै सिलसिलामा हामीले पनि भन्यौ, "हाम्रो पनि उपत्यकाका नेतृत्व दिने तमाम साथीहरू पक्राउ परे। पूर्वमा सङ्गठन गर्न जाँदा दुईजना साथीहरूलाई मारिदिएको खबर आएको छ। हामीले आफ्नो सङ्घर्ष स्थगित गर्दागर्दै पनि सप्तरी र महोत्तरीका साथीहरूले भाषण आदि गरेकोमा ६/७ जना पक्राउ परेका छन्।"*

भारत र चीनको सीमा विवाद चर्केर गएपछि नेपाल र भारत सम्बन्ध सुधार्नको निम्ति नेपालको दबावमा भारतको सल्लाहमा नेपाली काङ्ग्रेसले सशस्त्र सङ्घर्ष रोकेको, राजा र काङ्ग्रेस बीच कुनै सम्झौता हुने सम्भावना पनि न रहेको र सम्झौता भए पनि त्यो राजाकै पक्षमा हुने निष्कर्ष नेकपाको केन्द्रीय कार्यालय वनारसमा पेश गरिएको रिपोर्टमा लेखिएको छ।

## डाँगेसँग भेटवार्ता

जुन दिन पुष्पलाल र पुण्यप्रताप राणा सुवर्ण शमशेरसँग कुरा गर्न कलकत्ता गए, त्यही दिन पार्टी महासचिव तुल्सी लाल अमात्य र भरतमोहन अधिकारी भाकपाका अध्यक्ष श्रीपाद् अमृत डाँगेसँग भेट्न दिल्ली गए। दुवै नेताले डाँगे र पी.सी. जोशीसँग कुराकानी गरे।

*तुल्सी लाल अमात्य र भरतमोहन अधिकारीले पेशगरेको (१९६२, २४ नोभेम्वर) रिपोर्टमा भाकपाका नेता पी.सी. जोशीले – भारतको पक्षमा माकमोहन (Macmonan Line) लाई स्पष्ट रुपमा समर्थन गर्नुपर्छ र यसो गर्दा नै भारतमा Legality पाउनुको साथै भविष्यको आन्दोलनको तयारीको निमित्त सम्भावना बढ्ने छ।* भनेका थिए भनेर उल्लेख गरिएको छ।

## थकाली(डाँगे[२०]) र नपु (नम्बुदरीपाद)सँग टिएल र पीपीआरको भेटवार्ता

पार्टीको निर्णय अनुसार पार्टी महासचिव तुल्सी लाल अमात्य र पुण्यप्रताप राणा नयाँ दिल्ली गए। १९६३ फेब्रुवरी १० मा दिल्ली गएका उनीहरूले १५ तारिखमा पीसी जोशीको डेरामा पुग्दा त्यहाँ डी.पी. अधिकारीसँग उनीहरुको भेट भयो। डी.पी. लाई पनि बोलाए र तीनै जनासँगै बसे। डी.पी. ले एकताको बारेमा विभिन्न कुराहरू गरे र एकतामा जोड दिए। डी.पी अधिकारीले भन्ने *को ठीक छ र छैन भन्ने कुरामा म अहिले बहस गर्न चाहन्न। म त कसरी एकता हुन्छ र पार्टीलाई बनाउने हो त्यसमा जोड दिन्छु। पार्टी भित्र को असल र को खराब भन्ने कुरामा अलमलिने हो भने अब पार्टी बन्न सक्दैन र सबै खत्तम हुन्छ।*

## एकता खाली बाहना मात्र

चार दिन पछि तीनै जना नेता भाकपा नेता थकाली (डाँगे) कहाँ गए। पार्टी एकताका सन्र्दभमा कुरा उठ्दा पार्टी महासचिव तुल्सी लाल अमात्यबाट स्पष्ट पारियो। त्यहाँ अमात्यले भनेका कुरा रिपोर्टमा यसरी लेखिएको छ –

तुल्सी लाल अमात्य– *अन्तमा जब देशका कुना कुनाबाट हाम्रा प्रतिनिधि साथीहरू सरकारको विभिन्न Challengeलाई वास्ता नगरेर बनारसमा आईसकेको बेलामा का. डी.पी. कंग्रेस (महाधिबेशन) पछि सार्ने कुरा लिएर आउनु भयो। १५ दिनको म्याद माग्नु भयो। त्यो पनि हामीले स्वीकार गऱ्यौं। अन्तमा गएर १ महिनाको समयमा पुग्नु भयो त्यस्तो उहाँको अनिस्श्चित कुरा देखेर हामीले खाली बाहना मात्र सम्झेर व्यवहारिक रूपमा आउन नसक्ने देखियो। पहाड र तराईबाट त्यस्तो संकटकालीन अवस्थासँग लडेर आएका प्रतिनिधिहरूलाई हामीले*

---

२० तेस्रो महाधिवेशनबाट केन्द्रिय सदस्यमा निर्वाचित कमल कोइरालाले थकाली डाँगेलाई नपु नम्वुदरीपादलाई भनिएको हो भनेर लेखकलाई बताएका हुन्।

*रोक्न सक्दैनथ्यौं। त्यसरी त्यस समयमा पनि Unity हुन नसकेको हो।" टि. एल. ले थकालीसँगको कुराकानीमा बताए।*

रिपोर्टमा थकालीले के भने त्यो पनि उल्लेख गरिएको छ।

रिपोर्ट भन्छ, "का. थकालीले (डाँगेले-ले.)भन्नु भयो," *Meeting* मात्र गरेर केही हुदैन।

का. टी.एलले Seriouslyऋण खर्चको कुरा उठाउनु भयो। *त्यसपछि उहाँले (थकलीले.) भन्नु भयो, "म अब आर्थिक मद्दत गर्न सक्दिन। का.डी.पी. ले पनि Unity नभैकन दुवैतर्फ मद्दत नगर्न भन्नुहुन्थ्यो। अर्को कुरा मैले रूपैयाँको मामलामा मनमानी गऱ्यो भन्ने Charge हाम्रो बैठकमा उठेको थियो। ..." यतिकैमा का. पुण्यले भन्नु भयो, "हामी त यहाँ अब बिलकुल बस्न सक्दैनौ। जस्तो परेता पनि आफ्नै देशमा जाने विचार छ। अर्को कुरा Unity पनि खाली माथि, माथि छलफल गर्दैमा पार्टीभित्र वास्तविक Unity कहाँसम्म हुनसक्छ भन्न गाह्रो हुनेछ। पार्टीलाई सँगठित गर्नलाई Unity को ठोस आधार निकालेर N.C. (राष्ट्रिय परिषद्) and E.C. (कार्यकारिणी समिति) मा discuss नगरिकन हामी Unity गर्न सक्दैनौं।"* T.L .Amaty, Rana:

*(कार्य सम्पादन प्रतिवेदन तथा राजनैतिक पत्र संग्रह भाग १, पृष्ठ-३४-४० सम्म)*

## सम्बन्ध विस्तारको प्रयत्नको अर्को प्रतिवेदन

पार्टी हेडक्वाटरले टि.एल. र सुरेन्द्र (पुण्यप्रताप राणा) लाई १९६३ अक्टुबर २३ मा नई दिल्ली पठायो। २४ गते उनीहरूको का. योगीसँग भेट भयो। कुराको प्रारम्भ योगीले गरे,योगी **"तपाईहरूले अन्तर्राष्ट्रिय कम्युनिष्ट (आन्दोलन- रूस चीन विवादको) सैद्धान्तिक झगडाको विषयमा स्पष्ट भन्नु पर्दछ नत्र कसरी काम चल्दछ। ?"**

टि.एल.को भनाई थियो-, *हाम्रो पार्टीले सोभियत यूनियनको नेतृत्व नमान्ने त कुरैछैन, पहिले पनि मानेको हो अहिले पनि प्रभावित छौं। तर हाम्रो पार्टीलाई अहिलेसम्म मान्यता दिएको छैन र डा. माझी जस्तो अवसरवादीले खेल्ने मौका पाएको छ। हामीले पनि आफ्नो पार्टीमा राम्रोसँग छलफल र एकमतमा आउनु परेको छ।*

थकालीले टिएलसँग भने- ***"तपाईहरूले स्पष्ट रूपमा सैद्धान्तिक झगडा बारेमा लेखेर दिनु पर्दछ। मलाई तपाईहरूको चलाखी थाहा छ। तपाईहरू कोही चीनियाँ पक्ष, कोही सोभियत पक्ष, कोही तटस्थ आदि मतका हुनुहुन्छ। यसरी***

*हुदैन" भनेर थकाली (डाँगे) रिसाए।*

"का.डी.पी. ले माझीहरूको कुराहरू उठाउँदा का.योगीले यतिसम्म पनि भन्नु भयो रे कि, "तपाईहरू र तपाईको जनताले माझीलाई नमानेर के हुन्छ ? हामी उनलाई समर्थन गर्न सक्दछौं।" तुल्सी लाल अमात्य र सुरेन्द्र (पुण्यप्रताप राणा) ले पार्टीको केन्द्रीय कार्यालयमा १९६३।११।१ मा पेश गरेको रिपोर्टमा लेखिएको छ। (पृष्ठ, ६९, उही)

## पार्टी एकताको पक्षमा

तुल्सी लाल अमात्य पार्टी एकता बचाउन तेस्रो महाधिवेशनको समुखमा पनि संवेदनशील थिए । त्यसैले डी.पी. अधिकारीको अनुरोधमा पार्टी महाधिवेशन केही दिनका लागि परसारेका थिए।

यस सम्वन्धमा डी.पी. अधिकारी यस्तो विचार प्रस्तुत गर्दछन् –डा. केशरजंग रायमाझी महासचिव रहेको पार्टी नेतृत्व दरभंगा प्लेनमको पार्टी निर्णयको विपरित दिशामा गएकोले २०१९ सालमा केन्द्रीय समितिका सदस्यहरू मिलेर भारतको वनारसमा अन्तरजोनल सामन्जस्य समितिको आयोजनामा तेश्रो पार्टी अधिवेशनको आह्वान गरेका थिए । काठमाडौंमा गुप्त रूपमा बसेका पार्टी सेक्रेटरियटका सदस्य शम्भुराम श्रेष्ठसँगको सल्लाह मुताविक डी.पी. अधिकारी पार्टी अधिवेशन स्थलमा पुगे। केन्द्रीय सदस्यहरूसँग केही समयको लागि अधिवेशन स्थगत गर्ने र सबै साथीहरूको पूर्ण उपस्थितिमा अधिवेशन गर्नको लागि आग्रह गरे । तुल्सी लाल अमात्य अधिकारीको प्रस्तावप्रति सकारात्मक भए र १५ दिनसम्म तेश्रो अधिवेशन रोकिराखियो । तर सबैको उपस्थिति सम्भव नदेखिएको र अधिवेशन स्थलमा पुगिसकेका प्रतिनिधिलाई धेरै दिनसम्म रोकी राख्न सम्भव नभएकोले अधिवेशन गर्नु परेको थियो।

पार्टीको तेश्रो अधिवेशनको तुरून्तै पछि भारतीय कम्युनिष्ट पार्टीको केन्द्रीय नेतृत्वले डी.पी. अधिकारीलाई दिल्ली बोलायो। भारतीय कम्युनिष्ट पार्टीका नेताहरूसँग भएको कुराकानीमा तुल्सी लाल पनि उपस्थित भए । वर्मा, मानन्धर र अधिकारी समेत तुल्सी लालले भारतीय कम्युनिष्ट पार्टीका नेताको उपस्थितिमा पार्टी एकताको लागि दुई–चारपल्ट कुराकानी गरे। तर एउटा सर्वसम्मत निणर्य बन्न सकेन। (डी.पी. अधिकारी)

## अति विश्वसनीय (*Confidential*) समभ्रदारी पत्र

सन् १९६३ नोभेम्बर ७ मा डी.पी. अधिकारी र तुल्सी लाल अमात्यका बीचमा (पार्टीका तर्फबाट) अति विश्वसनीय समभ्रदारी भयो । जुन यस प्रकारको थियो –

*आज देशमा आइपरेका राजनीतिक संकटबाट देशलाई मुक्त गरी देशमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्नु आवश्यक छ भन्ने कुरामा कसैको दुईमत हुन सक्दैन। राजाको यस हुकुम शाही व्यवस्थामा डा. माभ्रीले गैर मार्क्सवादी अवसवादी चाल खेल्दै राजालई टेवा दिने काममा आज डा. माभ्री राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा संलग्न छ भन्ने कुरो कसैबाट छिपेको छैन। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा डा. माभ्रीले फैलाएको भ्रम हटाउन र अनि देशमा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्नको निम्ति नेपालको तमाम मार्क्सवाद तथा लेलिनवादमा विश्वास राख्ने कम्युनिष्टहरूले संयुक्त भई अगाडि बढ्नु जरूरी छ। यहि उद्देश्यको प्राप्तिको लागि हामी तपसिलका व्यक्तिहरू आज निम्न लिखित कुरोहरूमा एक रायले अगाडि बढ्ने मञ्जुर गरेका छौं।*

*हामी तपसिलका कमरेडहरू बसी राय सल्लाह गरी निम्न लिखित कुराहरूमा एक रायले जाने निर्णय गऱ्यौं:*

१. *आजको स्थितिमा देशमा प्रजातान्त्रिक आन्दोलनको विकासको निम्ति मार्क्सवाद लेलिनवादमा विश्वास राख्ने सबै कामरेडहरूलाई एकतामा बाध्न ठूलो आवश्यकता छ।*

२. *यस प्रयासमा माभ्रीको तर्फबाट सबभन्दा ठूलो अड्चन पैदा भएको हुनाले र उनले नङ्गा रूपले अवसरवादीताको नीति खेलेकोले उक्त कार्यमा बाधा पुऱ्याएको हुनाले उनको राजनीतिक पर्दाफास गर्नु हाम्रो सबभन्दा प्रमुख कर्तव्य भएर आएको छ।*

३. *यसै सिलसिलामा जेलमा पर्नु भएका कामरेडहरूको अैलेसम्म कुनै स्पष्ट राय थाहा नपाएको हुनाले ती कामरेडहरूको यस सम्बन्धमा राय लिने कोशिस गर्ने।*

४. *त्यसको साथै निष्कृय भै बसेका तथा माभ्रीको भ्रम परेका साथीहरूलाई क्रियाशिल बनाउनु र उनको भ्रमबाट मुक्तगर्नु पनि हाम्रो कर्त्तव्य हुन्छ।*

५. *आज माभ्रीले अन्तर्राष्ट्रिय क्षेत्र समेतमा आई आफ्नो अवसरवादीताको*

*चाल चली आफ्नो उल्लु सीधा गर्ने कुचेष्टा गरिरहेको छ, त्यसको पनि expose गर्न आवश्यक छ।*

7th November 1963 डी.पी.अधिकारी

तुल्सी लाल अमात्य

for and on behalf of central secretariat C.P.N

–(कार्य सम्पादन प्रतिवेदन तथा राजनैतिक पत्र सँग्रह भाग–१)

यस समझदारी पत्रमा अमात्यको हैसियत पार्टी महासचिवको देखिदैन। पार्टी एकताका लागि अमात्यले तेश्रो महाधिवेशनबाट निर्वाचित महासचिवको पदलाई पनि महत्व नदिएको देखिन्छ।

## 'कुन पक्षलाई ठिक मान्नु हुन्छ खुलेर भन्नु पर्छ'

सन् १९६४, मे ६ तारिखमा केन्द्रीय कार्यालयले पुण्यप्रताप राणालाई दिल्ली पठायो । महासचिव तुल्सी लाल अमात्यको निर्देशानुसार नै मई महिनाको १४ तारिखमा पुण्यप्रताप राणाको भेट का. थकाली(डाँगे)सँग भयो। भेट हुनासाथ थकालीले राणासँग पार्टी कार्यक्रमका विषयमा सोधे। त्यसपछि भाकपाका अध्यक्षले भने–

*तपाईहरूले तपाईहरूको देशको स्थितिमा ठोस रूपमा कुन बाटो अपनाउनु हुन्छ स्पष्ट गरिहाल्नु पर्छ किनकी आज दुनियाँमा विभिन्न बाटोबाट समाजवादको लक्ष्य पूरा गरिन सकिन्छ।... उहाँले अन्तमा भन्नु भयो कि तपाईहरूले अन्तर्राष्ट्रिय सैद्धान्तिक विवाद बारे स्पष्ट नबोलेर सोभियत युनियनलाई र गणतन्त्र चीन दुवैलाई तारिफ गरेर प्रस्ताव गरेर मात्र हुँदैन। कुन पक्षलाई ठिक मान्नु हुन्छ खुलेर भन्नु पर्छ। यदि तपाईलाई चीनकै विचार ठीक लाग्छ भने तेसै भन्नोस् तर भन्नै पर्छ । खाली तपाईहरू आफ्नै राष्ट्रिय प्रश्नमा मात्र अल्झिएर रहनु भएमा अन्तर्राष्ट्रियमा तपाईहरूलाई मान्न गाह्रो छ।*

पुण्यप्रताप राणाले भाकपाले समर्थन नगरेको गुनासो डाँगेसँग गरे । उनले ," निकट केही समयमा हुने अन्तर्राष्ट्रिय सम्मेलनमा पनि डा. माझीले नै भागलिने होला !" भन्ने जिज्ञासा व्यक्त गरे। मस्को जान हिंडेका कमर शाहले उनलाई भेटेको कुरा पनि पुण्यप्रताप राणाले रिपोर्टमा उल्लेख गरेका छन्।

पुण्यप्रतापले "डा. माझीले नै त अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिने होला

नि !" भन्ने गुनासो गर्दा का. थकालीले भने– "अँ माझी चलाख हो। *उसले त आफ्नो भनाई भनिसक्यो। मानिस अवसरवादी हो।"*

*पुण्य प्रतापले भने–"त्यस्तै अवसरवादीको त मौका छ नी, इमान्दारको त कुरै भएन।"*

*का. थकाली(डाँगे)ले (हाँसेर) भने– "उ अवसरवादी भए पनि आफ्नो भनाइ स्पष्ट गरेर प्रस्ताव त पास गऱ्यो। तपाईहरूले त त्यति पनि गर्न सक्नु भएको छैन।"*

भारतीय कम्युनिष्ट पार्टीको मान्यता प्राप्त गर्नका लागि महासचिव तुल्सी लाल अमात्यले पुण्यप्रताप राणालाई पुनः दिल्ली पठाएका थिए। तर यसपटक पनि  समर्थन प्राप्त हुन सकेन।

## डाँगेसँग टि.एल. र पि.एल. को पुनः भेट

सन् १९६४ सेप्टेम्बर १४ को साँझ तुल्सी लाल र पुष्पलाल भएर बनारसबाट दिल्ली गए। समय मिलाउन भाकपाको बैठक स्थल पुगेका पुष्पलाललाई एक घण्टा पर्खनुहोस् भनेर भाकपाका नेताले दिनभरि कुराए। अर्को दिनको भेटमा कार्यकारिणी समितिको बैठकमा उपस्थित भएर आफ्नो कुरा राख्न नपाएकोमा गुनासो गर्दा अर्को बैठकमा राख्नदिने आश्वासन दिए।

भाकपाले दुवैपक्षको एकतामा जोड दिने निउ झिकेर व्यवहारमा डा. केशरजंग रायमाझीलाई समर्थन गरिरहेको थियो। यसबारेमा तुल्सी लाल अमात्यले आफ्नो रिपोर्टमा लेखेका छन्, *"वहाँसँग कुरा हुदाँ recognition को कुरोको सिलसिलामा Unity talk र कसरी डा. माझीहरू आउन नमान्दा सो Unity talk हुन सकेन, तसर्थ हामीलाई recongnize गर्नु आवश्यक छ भन्ने कुरो गरियो।"*

तुल्सी लाल अमात्यको भनाई प्रति प्रतिक्रिया जनाउँदै भाकपाका अध्यक्ष का. डाँगेले भने–*यसमा हामीले जसरी पहिले तिमीहरूको Unity बारे tackle गर्न खोज्यौं त्यो गल्ति रहेछ। पार्टी भनेपछि कार्यक्रम अत्यन्त जरूरी छ।*

"तसर्थ दुवै थरी (माझी *group* र हामीहरू)आ–आफ्नो कार्यक्रम लिएर बसोस र यसमा आम कार्यकर्ताको निर्णय मुताविक एक वा अर्को कार्यक्रमलाई

स्वीकार गरी यसै आधारमा मिलोस।"भन्ने कुरा भाकपा चाहन्छ। तुल्सी लाल अमात्यको रिपोर्टमा थप स्पष्ट पार्दै उल्लेख गरिएको छ।

पार्टी कार्याक्रमका सम्बन्धमा तुल्सी लाल अमात्य अगाडि लेख्छन्– *यसमा का. पी.एल. ले हाम्रो तृतिय महाधिवेशनले राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम अपनाएको छ भन्नु भयो।*

नेकपाले तेस्रो महाधिवेशनबाट पास गरेको कार्यक्रमका बारेमा अमात्यले डाँगेको गुनासोलाई पनि उल्लेख गरेका छन्। अमात्य – का. डाँगले भन्नु भयो– *"राष्ट्रिय प्रजातन्त्र कार्यक्रमको एक पहल (National democracy is one of the main plants of programme) हो।"*

अनि का. पी. एल. ले, *"मैले National democracy सम्झेको छैन। सम्झाइदेऊ।" भन्नु भयो। यसमा का. डाँगे र का. पि.एल. को बीच केही झिडका झिडकी पनि भयो।"*

डाँगेले भने, *"आफ्नो स्वतन्त्र विचार र परिपक्वो अन्तर्राष्ट्रिय guidance को आधारमा programme हुनुपर्छ। कुनै स्पष्ट राजनीतिको समझदारी नै छैन भने कसरी पार्टी हुन्छ!"*

तुल्सी लाल–*"हामीहरूले पार्टी कार्यक्रमका बारेमा बिल्कुल नसोचेको होइन। हाम्रो मन्त्रीपरिषद (स्थायी समिति)ले यसपाली notes on programme लेख्ने निर्णय लिएको छ।"*

*notes on programme लेख्ने कुराको जिक्र पुष्पलालले पनि गरे।"*

डाँगेले भने, *"Don't write notes, write programme itself." (कार्य सम्पादन रिपोर्ट २५–९–६४)*

पार्टीलाई मान्यता दिलाउन भगीरथ प्रयत्न गर्दा पनि सफलता मिलेन। Recognition (मान्यता)को कुरा उठाउना साथ programme कार्यक्रमको र Unity(माभ्रीसँग एकता) को कुरा उठेपछि, प्रयत्न त्यसै टुंगिएको थियो।

## कुत्सोविनीसँग भेटवार्ता

नेपाल कम्युनिष्ट पार्टीको पाँचौं केन्द्रीय कार्यकारिणी समितिको बैठक २०२१ मंसीर १८ गते शुरू भएर पौष ५ गते सम्पन्न भयो। त्यसै बैठकले महासचिव तुल्सी लाल, पुष्पलाल र नेपालबाट पार्टीको बैठकमा आएका

भरतमोहन अधिकारीलाई भाकपाको अधिवेशनमा रूस, जर्मनी आदि देशबाट आएका प्रतिनिधिसँग भेट गर्न पठाउने निर्णय गऱ्यो। निर्णय अनुसार तीनै जना बम्बई गए। साथमा पार्टी केन्द्रीय समितिका सदस्य लालसिंह पनि गएका थिए।

भाकपाका नेता राजेश्वर राव मार्फत समय मिलाएर सोभियत कम्युनिष्ट पार्टीका प्रतिनिधि कुत्सोवीनीसँग नेकपाको प्रतिनिधि मण्डलको कुराकानी भयो। महासचिव तुल्सी लाल अमात्यले भाकपाको मध्यस्थतामा माझी समूहसँग एकता गर्न पहल गरिएको तर माझीहरू नआएकोले सम्भव हुन नसकेको प्रष्ट पारे। अमात्यले पार्टीले शान्तिपूर्ण जनसंघर्षको कार्यदिशा अपनाएको उल्लेख गरेर सोभियत कम्युनिष्ट पार्टीको मान्यताका लागि अनुरोध गरे।

महासचिव अमात्यले नेपाल कम्युनिष्ट पार्टीको नीति र विचारको व्याख्या गरेर त्यसको समर्थनका लागि सोभिय संघको कम्युनिष्ट पार्टीका प्रतिनिधिसँग अनुरोध गरे।

यस सम्बन्धमा सोभियत संघको कम्युनिष्ट पार्टीका प्रतिनिधि का. कुत्सोविनी– *तपाईहरूको कुरालाई म हाम्रो पार्टी नेतृत्वको समक्ष राखिदिनेछु। एउटा कुरा तपाईहरूलाई भन्नु भनी हाम्रा नेताहरूले मलाई भन्नु भएको छ कि सोभियत कम्युनिष्ट पार्टीले कहिले पनि कुनै एक कम्युनिष्ट नेतासँग व्यक्तिगत रूपमा सम्बन्ध राख्दैन। हामी जहिले पनि पार्टीसँग सम्बन्ध राख्दछौं। मेरो कुरा म तपाईहरूलाई स्पष्ट गरौं भरखर स्वतन्त्र भएका देशहरूमा कम्युनिष्ट पार्टी बन्दछन्' र ती पार्टीको कार्यकर्ताहरूले नयाँ नेतृत्व चुन्दछन् अनि हामीले ती नेतृत्वसँग भएको सम्बन्धलाई एकै पटकमा चटकै तोड्न सक्दैनौं। यो हाम्रो कठिनाई हुन्छ तर परिस्थिति फेरिदै छ, हामी कहिले पनि व्यक्तिलाई मान्दैनौं र पार्टीलाई नै मान्दछौं।"*

*अन्तर्राष्ट्रिय रूपमा उठेका सैद्धान्तिक मतभेदका बारेमा नेकपाका महासचिव तुल्सी लाले स्पष्ट पार्दै भन्नुभयो– "हाम्रो भौगोलिक स्थितिले गर्दा हामीले चीनको विरोध गर्न सक्दैनौं साथै हामी रूसका पनि वरोधी होइनौं। यदि त्यस्तो भएको भए हामी तपाईहरू समक्ष भेट्न किन आउने थियौं !* रिपोर्टमा उल्लेख गरिएको छ। (कार्यसम्पादन रिपोर्ट)

***

# महाधिवेशन पछिका बाह्य तथा आन्तरिक उल्झन

नेपाल कम्युनिष्ट पार्टीको तेश्रो महाधिवेशन लगतै पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठक सम्पन्न भयो । २०१९ बैशाख १७ देखि जेष्ठ ५ गतेसम्म बैठक चलेको थियो । बैठकले तुल्सी लाल अमात्यलाई पार्टीको महामन्त्रीमा चयन गरेको थियो। मन्त्रीपरिषद्का चार जना सदस्यहरू मनमोहन अधिकारी, कमलराज रेग्मी, कृष्णराज वर्मा र मोहनविक्रम सिंह जेलमा बन्दी अवस्थामा रहेकोले उनीहरूको स्थानमा भरतमोहन अधिकारी, पुण्यप्रताप राणा, भरतराज जोशी र देवेन्द्रलाल श्रेष्ठ(काइंलाबा)लाई कार्यकारी वैकल्पिक पोलिटब्यूरोमा चयन गरिएको थियो।

सङ्गठनात्मक प्रस्तावमा रहेका कुरालाई पार्टीभित्र आम बहसका लागि प्रकाशित गर्ने, आलोचना बाहिर नगर्ने, सामूहिक भावनाले काम गर्ने, किसान, मजदुर, युवक, विद्यार्थी मोर्चालाई सक्रिय रूपमा सञ्चालन गर्ने निर्णय पनि बैठकले गऱ्यो । पार्टी कार्यक्रम तयार पारी तल्ला कमिटीहरूमा छलफलका निम्ति पठाउने र सुझाव आएपछि कार्यकारिणी समितिमा छलफल गरी राष्ट्रिय परिषदमा पेश गर्ने निर्णय भएको (उन्नाइस साल असार ६ गतेको मितिमा) प्रेषित केन्द्रीय समितिको सर्कुलमा उल्लेख गरिएको छ।

पार्टी महाधिवेशन लगतै पार्टीका महामन्त्री तुल्सी लाल अमात्य र पुष्पलाल भारतीय कम्युनिष्ट पार्टीको समर्थन एवम् मान्यता प्राप्त गर्ने प्रयत्नमा लागे । दुवैजनाले भाकपाका अध्यक्ष तथा महासचिवलाई भेटे । नेपाली काङ्ग्रेसका नेताहरूलाई पनि भेटे र संयुक्त आन्दोलनका विषयमा कुरा गरे । तुल्सी लाल– पुष्पलाल, तुल्सी लाल–पुण्यप्रताप राणा, तुल्सी लाल–पुष्पलाल–भरतमोहन आदिको प्रतिनिधि मण्डलले यस्तो भेट गरेको थियो । जस्को विवरण पृष्ठ १४१–५६ मा उल्लेख गरिएको छ।

पार्टी महाधिवेशनको समयमा नै अन्तर्राष्ट्रिय कम्युनिष्ट

आन्दोलनमा विवाद परिसकेको थियो र भाकपामा पनि त्यसको असर परेको थियो । भाकपाका महासचिव अजय घोंषले नेकपाको requisition party congress गर्ने निर्णयको समर्थन गरेका थिए तर महाधिवेशन अघि नै उनको निधन भएकोले पछि त्यो समर्थन भाकपाबाट प्राप्त हुन सकेन जस्को चर्चा गरिसकिएको छ । यसरी एकातिर अन्तर्राष्ट्रिय समर्थन प्राप्त हुन नसकिरहेको अवस्था र अर्को तर्फ पार्टी भित्र पनि नेतृत्वमा रहेका नेतामा महाधिवेशनमा पास गरिएको कार्यक्रम र कार्यनीतिका विषयमा अस्पष्टता रहनु, जेलमा रहेका (पार्टीको नेतृत्वदायी कमिटीमा चयन गरिएका) नेताहरूको आ–आफ्नो भिन्न दृष्टिकोण र त्यसले पारेको असर आदि कारणले पार्टी कमिटीका बैठकहरूमा विवाद र बहस भएको देखिन्छ।

पार्टीको तृतीय केन्द्रीय कार्यकारिणीको विस्तारित बैठकले पास गरेको राजनीतिक प्रस्ताव केन्द्रीय कार्यकारिणी समितिको पाँचौं बैठकले खारेज गऱ्यो । २०२१ साल मंसीर १८ देखि पौष ५ गतेसम्म चलेको सो बैठकले राजनैतिक सिंहावलोकन गर्दै केन्द्रीय कार्यकारिणीको तृतीय विस्तारित बैठकले पास गरेको तत्कालीन राजनैतिक प्रस्तावलाई निम्न लिखित टिप्पणी गर्दै खारेज गर्ने कार्य गऱ्यो ।

केन्द्रीय कार्यकारिणीको पाँचौ बैठकमा महासचिव तुल्सी लाल अमात्यले उठाएको टिप्पणी *हाम्रो तृतीय महाधिवेशनले दिएको राजनीतिक कार्य पुरागर्न आजदेखि नै हामीले सैद्धान्तिक, राजनैतिक तथा सङ्गठनात्मक रूपले तयारी गरेर ल्याउनु छ। तर हाम्रो तृतीय विस्तारित बैठकको नाममा निक्लेको तात्कालिन राजनैतिक प्रस्तावले यी तमाम ध्यानलाई तात्कालिक सङ्घर्षमा केन्द्रीत गरेको छ। तृतीय विस्तारित बैठकले दिएको तात्कालिक राजनैतिक प्रस्तावको व्यवस्था विश्लेषण आदि र लेखाई हाम्रो तृतीय महाधिवेशनको राजनीतिक प्रस्तावको समान्नातर रूपमा आएकोले यस तत्कालिक प्रस्तावलाई खारेज गरियो ।*[२१]

## महासचिवको प्रस्ताव तल्ला समितिमा

महासचिव तुल्सी लाल अमात्यबाट प्रस्तुत 'तत्कालिक राजनैतिक कार्य'

२१ नेपाल कम्युनिष्ट पार्टी दस्तावेज सँग्रह भाग–२, पृष्ठ २००,सर्कुलर नं.५/१, पुष्पलाल स्मृति प्रतिष्ठान

भन्ने प्रस्ताव केन्द्रीय कार्यकारिणीले पार्टीको तल्ला कमिटीमा पठाउने निर्णय गऱ्यो । पार्टी महाधिवेशनले पास गरेको सिंहावलोकनमा 'कतिपय सैद्धान्तिक प्रश्न पनि उठेको र त्यसमा मतभेद भएकोले एकसरो छलफल मात्र गरेर उक्त दस्तावेजलाई डि.सी. सम्म छलफलमा पठाउने फैसला भएको छ ।' भन्ने जानकारी सर्कुलर मार्फत तल्ला कमिटीलाई गराइयो । (उही)

पार्टी अत्यन्तै संकटावस्थामा रहेको समयमा सम्पन्न गरिएको तेश्रो महाधिवेशन पछि पार्टी भित्र उत्पन्न जटिल परिस्थिति के थियो जुन सम्हालिन सकेन, त्यसको थप संकेत सो बैठकले गरेका निर्णयबाट मिल्न सक्छ । सर्कुलरमा सविस्तार त्यति वेलाको नेकपाको स्थितिको गम्भिर्यतालाई दर्शाउँदै भनिएको छ–

*"पार्टी काँग्रेस गराउने बारेमा विधान बमोजिम गराउने समय भइसके तापनि अहिलेको पार्टी सङ्गठनात्मक स्थितिका कारण सो गराउन सक्ने केन्द्रीय कार्यकारिणीले देखेन । तर नगराउदाँ पनि संविधान (पार्टी विधान) उल्लंघन हुन जाने भएकोले यस्तो स्थितिमा गर्न नसकिने कुरामा जिल्ला समितिहरूबाट मुन्जुरीनामा प्रस्ताव पास गराउने काम गर्नु पर्दछ । त्यस्तो मुन्जुरीनामा जिल्लाहरूले पास गरिदिएमा संविधान (पार्टी विधान) को धारा २१(ग) अनुसार पार्टी काँग्रेस हटाउन सकिने छ । हुनत पार्टी काँग्रेस परसार्ने जस्तो कुरा राष्ट्रियपरिषदले गर्नुपर्ने हो तर दुईपल्ट राष्ट्रियपरिषद्को बैठक बोलाउँदा पनि हुन नसकेको हुनाले र यता पार्टी काङ्ग्रेस गर्ने समय पनि बितेकोले केन्द्रीय कार्यकारिणीले यो पास गर्नु परेको हो । उक्त सवालमा प्रत्येक जिल्ला समितिमा स्वीकृत अस्वीकृत राय आए बैठकमा छलफल गरी निर्णय केन्द्रमा पठाउनु पर्दछ। तत्कालै पार्टीको सङ्गठन स्थिति सम्हाल्न र पार्टी भित्र फैलिएको राजनैतिक भ्रमहरूलाई स्पष्ट गर्न केन्द्रीय कार्यकारिणीले पार्टी सम्मेलन आगामी जेष्ठ १५ गते गर्ने फैसला गरेको छ।"*

काठमाण्डौमा उपकेन्द्रीय कार्यालयको व्यवस्थापन गर्न हिक्मत सिंह भण्डारीलाई काठमाण्डौं पठाउने र 'छात्र फेड्रेशन' को काठमाण्डौं उपत्यका, विराटनगर, धरान, धनकुटा, जनकपुर, राजविराज, दाङ्ग , प्यूठान आदि ठाउँका छात्रहरू बीचका पार्टी सदस्यहरूसँग सर्म्पक गरी एउटा छात्र यूनिट बनाउने निर्णय गऱ्यो ।(उही)

## केन्द्रीय कार्यालयको जिम्मेवारी

पार्टी हेडक्वाटरको इन्चार्ज महासचिव तुल्सी लाल अमात्य रहेको केन्द्रीय कार्यालय नियमित रूपमा सञ्चालन गर्न पार्टी नेताहरूलाई महिना तोकेर जिम्मेवारी दिने निर्णय सो बैठकबाट गरियो । निर्णयानुसार (१) हिक्मतसिंह भण्डारीको जिम्मेवारी जनवरी महिनामा (२) पुण्यप्रताप राणाको फरवरीमा (३) महासचिव तुल्सी लाल अमात्यको मार्च महिनामा (४) देवेन्द्रलाल श्रेष्ठको अप्रेलमा (५) भरतराज जोशीको मे महिनामा र (६) पुष्पलालको जुन महिनामा पार्टी केन्द्रीय कार्यालयमा बसेर पार्टी कामगर्ने जिम्मेवारी तोकिएको थियो ।

प्रेमप्रकाश नेपाल र एकदेव आलेका बारेमा हेडक्वाटरले पछि विचार गर्नेछ भन्ने निर्णय पनि गरिएको थियो । (उही)

## निमित्त महामन्त्रीको सर्कुलर

महामन्त्री तुल्सी लाल अमात्यले हिक्मतसिंह भण्डारीलाई निमित्त महामन्त्री दिए र उनको नामबाट २०२२ साल पौष १३ गते (२८–१२ १९६५) मा सर्कुलर पठाइयो । केन्द्रीय कार्यालयको एक महिना अधि अर्थात् मंसिर १घ गते बसेको बैठकको निर्णय अनुसार २०२२ पागुन ७ गते सातौं विस्तारित बैठक गर्ने निर्णय सहितको सर्कुलर पठाईयो र त्यस सर्कुलरमा त्यतिबेलाको आन्तरिक अवस्थाको चित्रण यसरी गरिएको छ –

*"पार्टीको यस संकटको वास्तविक कारणहरूलाई पत्ता लगाई पार्टीलाई पुनः सही र वैज्ञानिक बाटोमा उकास्ने हेतुले केन्द्रीय कार्यालयमा उपस्थित भएका उक्त साथीहरूको सरसल्लाह गर्न सकिने अन्य प्रमुख साथीहरूसँग पनि राय सल्लाह गरी उक्त विस्तारित बैठक राखिएको हो । उक्त संकटका कारण के हुन् सो विषयमा अगामी बैठकमा छलफल गरिने छ । तर आज पार्टीको स्थितिको विषयमा केही कुरा तपाईहरूलाई बोध गराउन आवश्यक भएको हुदाँ छोटकरीमा तल दिइन्छ ।*

*तेश्रो पार्टी महाधिवेशन पछि आजसम्म पनि बेला–बेलामा राष्ट्रियपरिषद् बोलाउँदा पनि आजसम्म बैठक हुन सकेन । यसरी बैठक हुन नसक्दा विस्तारित बैठकको चलन आयो र त्यसबाट भएपनि पार्टीको काम चलाउने निधो गरियो । त्यस अनुसार तेश्रो कार्यकारिणीको विस्तारित बैठकले पार्टी भित्र विवादको कुरालाई पछि यथास्थानमा उठाउने गरी वर्तमान राजनीति र सङ्गठनको विषयमा पार्टीको केन्द्रीय*

*नेतृत्वमा एकता स्थापित भयो । यसले गर्दा पार्टीमा केही सक्रियता देखा पर्न आयो । तर यो एकता र सक्रियता चतुर्थ विस्तारित बैठकमा टुट्न गयो । यसको समाधान गर्नको निम्ति अधिकारपूर्ण अर्को विस्तारित बैठक गर्ने फैसला लिइयो । तर त्यो विस्तारित बैठक हुन सकेन । यस बीचमा पाँचौं केन्द्रीय कमिटीको बैठक बस्न गयो । यसले पनि समाधान दिन सकेन । त्यसपछि छैटो कार्यकारिणीको बैठक बस्यो । समाधानको निम्ति चतुर्थ पार्टी महाधिवेशन बोलाउने फैसला लियो र त्यस बीचमा महा अधिवेशनको तयारीको सिंहावलोकन गर्नको निम्ति बीचमा एउटा विस्तारित बैठकको आयोजना भयो ।* ***यो विस्तारित बैठक पनि भएन । अतः उक्त छैटौ केन्द्रीय कार्यकारिणी बैठकले लिएको महाधिवेशनको फैसला पनि त्यसै टर्न गयो । त्यसपछि अरू विस्तारित बैठकको सिलसिलामा उपस्थित भएका केन्द्रीय मन्त्रीपरिषद र कार्यकारिणीका ९ जना सदस्यहरूको बैठक केन्द्रीय कार्यालयको बैठकका रूपमा भयो र सातौं केन्द्रीय कार्यकारिणीको बैठक गर्ने फैसला लिइएको छ।***

हेडक्वाटरको सर्कुलरमा पार्टी भित्रको स्थितिको चित्रण गर्दै अगाडि भनिएको छ–

*"यहाँ जुनकुरा चित्रित पारिएको छ त्यसले पार्टीको संकटलाई छर्लंग रूपमा पेश गर्दछ । तेश्रो महाधिवेशन देखि आजसम्म राष्ट्रिय कार्यकारिणीको बैठक नहुनु र बीचमा बोलाइएका विस्तारित बैठक समेत नहुँदा पार्टी भित्र सैद्धान्तिक राजनैतिक र सङ्गठनात्मक एकता अवश्य पनि हुन सक्दैन । त्यसमा पनि आजसम्म एकाध ठाउँमा छाडि अञ्चल समितिको र जिल्ला समितिहरूको समेत गठन र बैठक नहुँदा यस समस्या झन उग्र हुन गएको छ। आज केन्द्रीय कार्यालय र जिल्ला समितिको बीचमा कुनै पनि जीवित सर्म्पक छैन। भएको सर्म्पक पनि टुटदो छ। यस्तो स्थितिमा पार्टीमा विभिन्न राजनीतिक सङ्गठनात्मक र अन्तर्राष्ट्रिय सैद्धान्तिक विवादमा नानथरीका विचारहरू उठिरहेका छन् । यी विषयहरूमा पार्टी भित्र एकमतो नहुँदा पार्टीको जनवादी केन्द्रीयता नै समाप्त हुनेछ। यसै कुरालाई ध्यानमा राखी यो फैसला गरिएको हो । अतः पार्टीको यस संकटपूर्ण गम्भीर स्थितिलाई विचार गरी तपाईहरू अवश्य आउनु हुनेछ ।"*

केन्द्रीय सर्कुलरमा पार्टी महासचिव तुल्सी लाल अमात्यले तल्ला समितिहरूमा छलफलका लागि तयार पारेको दस्तावेजका बारेमा अगाडि भनिएको छ– *"यस विस्तारित बैठकमा छलफलको आधारको निम्ति महामन्त्रीद्वारा तयार गरिएका दस्तावेजहरू छलफलको निम्ति पठाइएको छ । मन्त्रीपरिषद छदाछँदै यसरी दस्तावेज आउनु पनि पार्टी भित्रको संकट नै संकेत गर्दछ । यस दस्तावेजलाई*

*आधारमानी बहसमा छलफल गर्न समस्त साथीहरूसँग लिखित रूपमा आफ्ना आफ्ना विचारहरू पेश गर्ने निधो भएको छ। आशा छ। तपाईहरूले पनि त्यसै गर्नु होला।"–निम्ती महामन्त्री, हिक्मत सिंह (नेकपा दस्तावेज सँग्रह भाग २, पृष्ठ–२०६, २०७, पुष्पलाल स्मृति प्रतिष्ठान)*

## मतभेदका बारेमा महामन्त्री

सातौं विस्तारित बैठकमा प्रस्तुत गर्न पार्टीका महामन्त्री तुल्सी लाल अमात्यले 'कुन बाटो' नामक दस्तावेज तयार पारे। कुन बाटोको प्रश्नमा अर्का नेता पुष्पलालले 'मूल बाटो' को नाममा अर्को दस्तावेज लेखे। यसै सन्दर्भमा **'नेपाल कम्युनिष्ट आन्दोलनमा देखा परेका मतभेदहरू** नामक पुस्तिकामा नेकपाका महामन्त्री तुल्सी लाल अमात्यले कुन बाटो लेख्नु पर्नाको कारणका बारेमा यस्तो लेखेका छन–

*.... पुष्पलालजीले गुप्त तरिकाले आफ्नो गलत राजनीति प्रचार गरेर हिंडेको बेला वहाँसँग मेरो स्पष्ट माग थियो कि वहाँद्वारा यस्तो गुप्त प्रचार बन्द गरी वहाँले आफ्नो राजनीति स्पष्ट रूपले लेखेर देनुहोस् ताकि यस माथि व्यवस्थित ढङ्गले पार्टी साथीहरूले छलफल गर्न सकुन्। तर वहाँले यस कुरोलाई सुनेको नसुन्यै गरेर गुप्त प्रचारद्वारा पार्टी भित्र आफ्नो गुट निर्माण गर्नमा नै संलग्न रहनु भयो। वहाँले पार्टी भित्र यसरी भ्रम फैलाएर गएको हुँदा र वहाँहरूको तर्फबाट स्पष्ट रूपमा बहस गर्नको निम्ति कुनै कुरो लिखित रूपमा नदिदाँ नै मैले "कुन बाटो" लेखि बहसको निम्ति अगाडि बढाएको हुँ ताकि पार्टी भित्र राजनीतिक भ्रम हुन नपाओस्।*

*त्यसपछि वहाँले "मूल बाटो"लेखि आफ्नो संशोधनवादी चरित्रलाई छर्लङ्गसँग अगाडि राख्नु भयो। यस 'पुस्तिका' माथि मेरो आलोचना "जनवादी प्रजातन्त्र या संसोधनवाद" निक्ले पछि पुष्पलालजीले यो दस्तावेज वापस लिई दबाउन थाले। के यो कार्यवाही वहाँको राजनीतिक हारको अर्को प्रमाण होइन ? फेरि पनि वहाँले आफ्नो आत्मालोचना गर्नु भएन बरू यसपछि वहाँले पार्टीलाई विल्कुल चल्न नदिई पार्टी टुक्राउने पक्षमा नै जोड दिन थाल्नु भयो। (अमात्य, १९७५)*

कार्यकारिणी बैठकका सम्बन्धमा महामन्त्री अमात्यले यस्तो धारणा व्यक्त गरेका छन्– *"केन्द्रीय कार्यकारिणीको मिटिङ्ग राखिन्छ, आफुले कुनै सुझाव नदिई महामन्त्रीले राखेको हर सुझाव एकपछि अर्को नामन्जुर गर्दै जाइन्छ भने के कार्यकारिणी बैठकको कुनै महत्त्व रहयो। ५–५ वटा सुझाव राख्दा पनि नामन्जुर गरिदां एकछिन घोप्टिएर विचार गरून्जेल महामन्त्रीले*

*केही बोलेन भनेर उठेर जान्छन् भने के यो पार्टी कार्यमा जसरी भएपनि बाधा दिने तरिका होइन ? ई सब कार्यको पछि वहाँहरू सबैको एउटा उद्देश्य लुकेको थियो, त्यो हो तुल्सी लालले पनि महाधिवेशनको राजनीतिलाई लत्याएर वहाँहरूको संसोधनवादी राजनीतिमा सहमति प्रकट गरून् । तुल्सी लालले वहाँहरूको यस इच्छालाई पूरा गर्न सकेन [२२]।"*

## 'कुन बाटो ? '

नेकपाको तेश्रो महाधिवेशनले अन्तरजोन सामन्जस्य समितिका सचिव तुल्सी लाल अमात्यद्वार प्रस्तुत राजनीतिक प्रतिवेदन पास गऱ्यो । त्यस राजनीतिक प्रतिवेदनमा "राष्ट्रिय प्रजातन्त्र" लाई आम राजनीतिक कार्यक्रम र "सर्वशक्ति सम्पन्न सम्प्रभु संसदको स्थापना" लाई कार्यनीतिक नाराको रूपमा पास गरियो । तत्कालीन अवस्थामा पार्टी सङ्गठन निर्माण एवम् सङ्घर्षको बारेमा पार्टी केन्द्रीय कमिटीको तेश्रो विस्तारित बैठकले राजनीतिक प्रस्ताव र तात्कालिक कार्यनीति तय गरेको थियो । त्यस दस्तावेजप्रति महामन्त्री तुल्सी लाल अमात्यले कार्यकारिणीको पाँचौं बैठकमा असहमति जनाए । जसको कारण कार्यकारिणी समितिको पाँचौं बैठकले त्यसलाई खारेज गऱ्यो । त्यसपछि पनि विवाद समाधान भएन । यसै परि स्थितिमा महामन्त्री तुल्सी लाल अमात्यबाट "कुन बाटो" नामको राजनीतिक दस्तावेज तयार गरियो । दस्तावेजलाई केन्द्रीय कार्यालयले सातौ विस्तारित बैठकमा छलफलका लागि तल्ला कमिटीहरूमा अध्ययन गर्न पठायो ।

'कुन बाटो' नामक दस्तावेजको सन्दर्भमा पुष्पलालले 'हाम्रो मूलबाटो' दस्तावेज पार्टी केन्द्रीय कार्यकारिणीको सातौं बिस्तारित बैठकमा प्रस्ततु गर्नका लागि लेखे । उनले दस्तावेज पुस्तक वैठकमा सहभागी हुन निम्ती महामन्त्री हिक्मत सिंहले पठाएको पार्टी सकुलरको यस उद्धरणबाट गरेका छन्–

*"आज पार्टीको संकट अति तिव्र रूपमा आएको छ। यस भन्दा भयंकर संकट, शायदै, पार्टीले भविष्यमा सामना गर्नु परोस् । अतः आज यस बैठकको काँधमा ठूलो जिम्मेदारी आएको छ। यस संकटग्रस्त स्थितिबाट पार्टीलाई उकास्नुनै आज हामीहरू सबैको पार्टी प्रतिको कर्तव्य हो ।*

*यस कुरालाई ध्यानमा राखी यस बैठकको तयारीको निम्ति बसेको केन्द्रीय*

२२ नेपाल कम्युनिस्ट आन्दोलनमा देखा परेका मतभेदहरु, पृष्ठ ३० ।

*कार्यालयको बैठकले हाल पार्टीमा देखा परेका राजनीतिक, सङ्गठनात्मक तथा अन्तर्राष्ट्रिय सैद्धान्तिक विवादमा पार्टी भित्र एकमतो नभए पार्टीको जनवादी केन्द्रीयता नै समाप्त हुने छ भन्ने कुरा महसुश गरी त्यसै अनुसार यस बैठकको सञ्चालनको निम्ति एजेण्डाहरू निर्धारित गरिएका हुन् । केन्द्रीय मन्त्रीपरिषद् र महामन्त्रीको बीच मतभेदको फलस्वरूप केन्द्रीय मन्त्रीपरिषदले काम गर्न नसक्दा यस बैठकको निम्ति, छलफलको निम्ति निर्धारित एजेण्डा अनुसार दस्तावेज तयार गर्ने अभिभारा पार्टीका महामन्त्री का. टीं एल. लाई दिइएको हो । का. टीएल.ले तयार गर्नु भएको दस्तावेजहरू "कुन बाटो ? र सङ्गठनात्मक समस्या" निर्धारित एजेण्डको अर्न्तगत नभै तिनमा पार्टीका सम्पूर्ण कुराहरू उठाइएका छन् । पार्टीको जन्मदेखि आजसम्मका कुराहरू उहाँले बहसको निम्ति पेश गर्नु भएको छ । यसले गर्दा यस बैठकको सञ्चालनको समस्या उपस्थित भएको छ। आज हाम्रो अगाडी त्यसले गर्दा दुई प्रश्न खडा गरिदिएको छ। पार्टीको जन्मदेखि आजसम्मका सबै कुराहरूमा छलफल गर्ने हो, वा निर्धारित एजेण्डा अनुसार यो बैठकको कार्य सञ्चालन गर्ने हो ?*

*केन्द्रीय कार्यालयको बैठकले निर्धारित गरेका एजेण्डा अनुसार नै यो बैठक सञ्चालन हुन पर्दछ भन्ने मेरो आफ्नो राय छ । यसैको निम्ति सम्पूर्ण साथीहरूमा मेरो अनुरोध छ । का. टी.एल. सँग यसको निम्ति विशेष रूपले म अपिल गर्दछु । एक हेतुको निम्ति बोलाइएको बैठकमा त्यसलाई पन्छाई अथवा गौण गरी अन्यान्यक विषयहरूमा छलफल गर्दा हाम्रो पार्टीलाई फाइदा नभै हानि नै भएको कटू अनुभव हाम्रो समक्ष छ । तेश्रो पार्टी महाधिवेशन देखि आजसम्म घटेका घटनाहरूले यस कुरालाई स्पष्ट गर्दछ।*

नेपाल प्रजातन्त्र प्रेस काठमाण्डौ नामबाट पछि ब्याख्या तथा संशोधन सहित प्रकाशित संस्करण 'कुन बाटो' ? दस्तावेजमा राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम र "सर्वशक्ति सम्पन्न सार्वभौम संसद" तथा सङ्घर्षको तयारी र त्यसको लागि पार्टी सङ्गठनको निर्माणका बारेमा बृहद व्याख्या गरिएको छ।

पार्टी कार्यकारिणीको बैठक बारेमा अमात्यले– "तृतीय कार्यकारिणीको विस्तारित बैठकले संसोधनवादी नीति अपनाएर राष्ट्रिय प्रजातन्त्र र सर्वशक्ति सम्पन्न संसदको राजनीतिलाई ओझेलमा पारेको" उल्लेख गरेका छन् र त्यसको खण्डन गरी 'क्रान्तिकारी राजनीतिलाई अख्तियार गरिएको' कुरा 'कुन बाटो' को "पार्टी भित्र एकपटक फेरि राजनीति भटकाव" शिर्षकमा महामन्त्री तुल्सी लाल अमात्यले सविस्तार व्याख्या गरेका छन्।

राजनीतिक भटकाउका बारेमा कुन बाटोमा लेखिएको छ, *...हाम्रो पांचवा केन्द्रीय कार्यकारिणी बैठकले दिएको राजनीतिक प्रस्तावले भने झै तुरून्त क्रान्ति गरी हाल्ने हो की होइन भन्ने नभई क्रान्तिकारी सङ्घर्षको निम्ति यथोचित तयारी गरेर जाने होकि होइन भन्ने हो।" यो सर्व साधारण समझदारीको कुरा हो कि कुनै पनि देशको क्रान्ति बिना तयारी बिना अथक परिश्रम हुन सक्ने छैन। एकातिर नपाकेको भौतिक स्थिति पकाएर ल्याउनु छ भने अर्कोतिर भौतिक स्थिति पकाएर ल्याउन तथा यस्तो भौतिक स्थिति पाकेको बेला सुयोग्य नेतृत्व दिनको निम्ति आजैदेखि हामीले सैद्धान्तिक, राजनीतिक तथा सङ्गठनात्मक तयारी गरेर जानु परेको छ। निश्चिय पनि प्रजातान्त्रिक क्रान्ति पुरा गर्ने कार्य खेल खेलमा पुरा हुने छैन। न त यो कार्य हामीहरू जति सुकै अक्रमण्य भए तापनि स्वतः पुरा भएर आउने छ। यसलाई पुरा गर्ने हो भने हामीले आम जनताको बीचमा खास गरी मेहनतकश जनताको बीचमा एक लामो अवधि सम्म धैर्य र लगनशीलताका साथ काम गर्नु परेको छ। आम जनताको सँगठित ताकतमाथि भरोसा गरेर नै यो ऐतिहासिक कार्य सफल हुनेछ।*

***"कतिपय साथीहरू तृतीय महाधिवेशनले दिएको राजनीतिलाई "उग्रवादी राजनीति" भनी उग्रवादी कम्युनिज्म बचकना मर्ज भनी भन्ने नारा उठाएर तर्साउन खोज्छन्। अनि यसरी तर्साएर तृतीय महाधिवेशनले दिएको राजनीति पन्छाएर तत्काल सम्भव राजनीतिलाई नै पार्टीको वर्तमान राजनीतिको रूपमा लैजान चाहन्छन्। यस विचार धारालाई हाम्रो पार्टीको केन्द्रीय कार्यकारिणीको तृतीय विस्तारित बैठकको नाउँमा निक्लेको दस्तावेजले प्रतिविम्वित गरेको छ।***

***"पार्टी भित्र देखा परेका दुई विचार धारालाई मिलाएर एउटै दस्तावेज तयार गर्ने प्रयास यस विस्तारित बैठकले गरेको थियो, सेक्रेटारियटमा धेरै बहसा–बहस पछि निम्न लिखित प्यारा राखी दस्तावेज लेख्ने निर्णय भयो। यस बाहेक अरू पनि २–४ वटा प्रमुख प्वाइन्टहरू र प्यारा निम्न प्रकार छन्। –***

*"यसै निम्ति हामीले जनताको नाडी हेर्दै आन्दोलनलाई उठाउनु परेको छ भने अर्कोतिर नपाकेको भौतिक स्थिति पकाएर ल्याउन प्रयास (सबजेक्टिव एफ्ट)पनि गर्दै जानु परेको छ।"*

*अतः तृतीय महाधिवेशनले दिएको सर्वशक्ति सम्पन्न संसद खडा गर्ने, जनताको हातमा अधिकार लिने राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम, आदि नारा र कार्यक्रमलाई परिलक्षित गर्दै देशको सङ्घर्षलाई यस दिशातिर (च्यानलाइज गर्दै) मोडदै लैजाने गरी समय समयमा कारागर नाराहरू पता लगाई काम गर्नुको साथै आजको स्थितिमा स्थानीय तथा वर्गीय सङ्घर्ष उठाउनुको निम्ति निम्न मागहरूलाई लिएर तत्काल*

*सङ्घर्षहरू उठाउनु परेको छ।*

*"जनताको अगाडि आई पर्ने विभिन्न समस्याहरूको साथै किसानहरू माथि भएको नाना थरीका सामन्ती जाली फटाही र सरकारी दमन र शोषणको विरूद्ध किसान आन्दोलन उठाउनु पर्छ र किसानको हक र हित सुरक्षार्थ सङ्घर्ष गर्नु पर्छ। आम जनतालाई मर्का पर्ने खालको कुटनीतिको विरोधमा व्यापक जनआन्दोलन उठाउनु पर्दछ। विद्यार्थीहरूको हक र हितको निम्ति विद्यार्थी आन्दोलनहरू उठाउनु पर्दछ। साम्राज्यवादी र भारतीय पूँजीपतिहरूको थिचो मिचोको विरूद्धमा सङ्घर्ष उठाउनुको साथ आजसम्म रहन गएका असमान सन्धिहरूलाई राष्ट्रहित मुताविक संशोधन गराउन गोरखा भर्ती केन्द्र र उत्तरी सिमामा रहेको भारतीय चेकपोष्टलाई हटाउन परेको छ । इलम, रोजगारीको प्रबन्धको अभावमा हर साल हजारौं नेपाली नागरिकहरू विदेशिनु पर्ने, नेपालीहरूलाई काममामको स्वदेशमा प्रबन्ध गर्नु र देशको बढदो शिक्षित अशिक्षित वेकारीहरूलाई काम दिलाउने गरी औद्योगिक निर्माण गरियोस भन्ने आवज उठाउनु परेको छ। जनवादी चीन लगायत तमाम समाजवादी देशहरूसँग व्यापार सन्धि गरी पारस्परिक व्यापारलाई बढाऊ भन्ने आवाज उठाउनु परेको छ। मजदुरहरूको हक र हितको सुरक्षा होस र अन्य सभ्य देशमा दिइकै सुविधा दिने कानुनको माग गर्नु पर्दछ।*

*"साथै राजनीतिक क्षेत्रमा तत्कालिक सङ्घर्षका मागहरू हुन –*

१. *सबै राजनीतिक बन्दीहरूलाई बिना शर्त तुरून्त छोडिदेऊ।*
२. *सबै पार्टी तथा जनवर्गीय सङ्गठनहरूलाई कानुनी गर।*
३. *जनतालाई सभा, सङ्गठन, जुलुस प्रर्दशन र पत्रपत्रिकाको स्वतन्त्रता आदि मौलिक हक प्रदान गर।"*

***"ई हुन तात्कालिक मागहरू जसको आधारमा तात्कालिक सङ्घर्षहरू उठाउनुको साथै अर्कोतिर हामीले प्रजातान्त्रिक क्रान्ति पुरा गरी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्नु आजै देखि सैद्धान्तिक, राजनीतिक तथा सङ्गठनात्मक तयारी गर्दै लानु परेको छ।"***

*"तर तृतीय विस्तारित बैठकको नाउँमा प्रकाशित दस्तावेजहरूले ई तात्कालिक मागहरूलाई नै पार्टीको वर्तमान राजनीतिको रूपमा लगी प्रमुख क्रान्तिकारी राजनीतिक कार्य अर्थात् प्रजातान्त्रिक क्रान्ति पूरा गरी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने पार्टीको मुख्य जिम्मेवारीलाई पन्छाउने काम गरे।"*

*तुल्सी लाल अमात्य अगाडि लेख्छन्, "दुवै पक्षबाट स्वीकृत माथि उल्लेखित प्याराको सट्टा निम्न लिखित प्यारा नै सो दस्तावेजमा दिइयो।*

***"तसर्थ कम्युनिष्ट पार्टी आफ्नो तृतिय महाधिवेशनले दिएको सर्वशक्ति सम्पन्न संसदको स्थापना गर, सबै अधिकार जनताको हातमा देऊ, राष्ट्रिय प्रजातन्त्र कायम गर, आदि नारा र कार्यक्रमलाई परिलक्षित आजको परिस्थितिमा सुहाउँदो कारगर नारा पेश गर्दछ।"***

*"यस प्याराले तृतीय महाधिवेशनले दिएको राजनीतिलाई एक निस्कृय राजनीतिक लक्ष्य बनाएर दराजमा थन्क्याउने काम गर्दछ, र विशेष जोड" आजको परिस्थिति सुहाउँदो कारगर नारामा दिइन्छ।"* (कुन बाटो )

## 'मूल बाटो'

कुन बाटोको प्रसँगमा मूल बाटो नामक दस्तावेज पुस्तिका पुष्पलालले यसरी आरम्भ गरेका छन् – "यस विषयमा केही भन्नु भन्दा अगाडि म सबै साथीहरूसँग एक विशेष अनुरोध गर्न चाहन्छु। यस विषयमा आफ्नो राय व्यक्त गर्दा हामीले आफ्नो धारणा अन्तर्गत अथवा सुनेको कुराको भरमा आफ्नो राय व्यक्त नगरी पार्टीको समभ्रदारी अनुसार आफ्नो राय व्यक्त गर्नु पर्दछ। विभिन्न समयमा प्रकाशित भएका पार्टीका दस्तावेजहरू नै त्यस—त्यस बेलाको पार्टीको समभ्रदारी हो । अतः विभिन्न समयमा प्रकाशित भएका दस्तावेजका आधारमा नै हामीले आफ्नो राय निश्चित गर्नु पर्दछ।

सत्र सालको काण्डपछि लगतै बसेको दरभंगा प्लेनमले पास गरेको राजनीतिक प्रस्ताव कार्यान्वीत गर्न वैधानिक रूपमा त्यस बखतको केन्द्रीय नेतृत्व अडचनको रूपमा देखा पर्न आउँदा त्यसै विषयमा छलफल गर्ने मुख्य हेतुले तेश्रो पार्टी महाधिवेशन बोलाइएको हो। तेस्रो महाधिवेशनको तयारीको निम्ति बसेको अन्तरजोन सामंजस्य समितिको फैसला यही थियो । २०१८ साल माघ १८ गतेको सर्कुलरले यस कुरालाई स्पष्ट गर्दछ :—

"साथी हो, आज हामीहरू र हाम्रो पार्टी ठूलो धर्मसंकटमा परेको छ। एकातिर देशमा अन्य शक्तिहरू प्रजातन्त्र प्राप्तिको सङ्घर्षमा उत्री सकेका छन् । हाम्रो प्लेनमको फैसला अभ्कै काँचै छ भने अर्कोतिर पार्टीले पार्टीको भित्री सङ्घर्षमा अलमलिनु परेको छ। ... **जहासम्म राजनीतिको सवाल छ, त्यो हामीलाई दरभंगा प्लेनमले दिएको छ।......... तर जव सङ्घर्षको कुरा भिक्दछौं भने त्यही शक्तिको कुरा उठ्दछ।**... अनि त्यही नेतृत्वको प्रश्न पनि।

*स्पष्ट छ— हाम्रो तेश्रो पार्टी महाधिवेशनको संचालन अन्तरजोनल सामंजस्य समितिको निर्देशन अनुसार भएन । त्यसबाट पार्टीमा जुन हानी नोक्सान हुन गयो त्यसलाई हामी सबैले तेश्रो कार्यकारिणीको विस्तारित बैठकमा अनुभव गऱ्यौं । त्यसपछि "तीन महिने सङ्गठनात्मक प्रस्ताव" जुन प्रकाशित भयो त्यसले यस कुरालाई स्पष्ट शब्दमा व्यक्त गरेको छ :—*

*"तृतीय पार्टी महाधिवेशन पछि पार्टीमा एकरूपता र सकृयता बढ्नाको सट्टा माथिदेखि तलसम्म विछिन्नता र विभिन्न थरिका भ्रमहरू देखिन थाले । यसको मूख्य कारण* ***तृतिय महाधिवेशनमा राजावादी औसरवादीहरूको गलत तौर तरिका र राजनीतिको भण्डाफोर नगरी अनावश्यक किसिमबाट हामीहरू मानै मतभिन्नता देखापर्न आउनाले हो ।*** *यसको साथै पछि तृतिय महाधिवेशनले लिएको राजनीतिलाई पनि पार्टीमा आम रूपले बोध गराउन सकिएन ।* ***भएका आफ्ना सैद्धान्तिक मतभेदलाई फोरम खोली व्यापक रूपले पार्टीमा छलफल गराई तत्काल पार्टी भित्र राजनीतिक एकता कायम गरी आफ्नो सङ्गठनलाई ठोस रूपले अघाडि बढाउन अति आवश्यक भएको छ"*** *(जोड लेखक (पुष्पलाल)को) ...*

*(बीचको अंश परिशिष्ठ ८ मा हेर्नुहोस् )*

*... अतः हामीहरू आफ्नो गल्ति सुधार्नमा पछि न नपरौं भन्ने मेरो अनुरोध छ। तर त्यसको मतलब यो होइन कि का.टी.एल. ले उठाउनु भएको बुँदाहरूमा छलफल गर्न आवश्यक छैन। निश्यचय नै आवश्यक छ। तर कुन बेला कुन कार्य गर्न आवश्यक छ सो पत्ता लगाउनाले नै पार्टी अगाडि बढने छ। नत्र हमेशानै हामी घनचक्करमानै परिरहने छौं, जस्तो कि आजसम्म हामी परिरहेका छौं।*

*यस घनचक्करबाट पार्टीलाई उकासी विकासको बाटोतिर लगाउन आज एकभन्दा दुई उपाय छैन। त्यो उपाय हो केन्द्रीय कार्यालयले निश्चित गरे अनुसार हाल तात्कालिन राजनीति, सङ्गठन र अन्तर्राष्ट्रिय सैद्धान्तिक मत विभाजनमा छलफल गर्नु र अन्य बुँदाहरूमा फोरम खोली छलफल गर्दै जानु । यसै गर्नाले मात्र हामी पार्टीलाई प्रगतिको बाटोमा डोऱ्याउन सक्ने छौं। जबसम्म पार्टीमा यो बादविवाद टुङ्गो लाग्ने छैन तबसम्मको निम्ति तेश्रो पार्टी महाधिवेशनले दिएको कार्यक्रम नै हाम्रो लक्ष्य अर्थात् 'Strategy' हुनेछ। यस्तो भएको खण्डमा मात्र राम्रो बादविवाद हुन सक्ने छ। त्यसको निचोड पनि राम्रै हुनेछ। अतः केन्द्रीय कार्यालयको फैसला अनुसार नै यस बैठकको कार्य सञ्चालन हुन पर्दछ। त्यसै परिधि भित्र आफुलाई सीमित राखी म आफ्नो विचारहरू व्यक्त गर्दछु। (पुष्पलाल, हाम्रो मूलबाटो )*

## एड–हक कमिटी(तदर्थ समिति) गठन

२०२२ साल फागुन ७ गतेका लागि बोलाइएको पार्टीको कार्यकारिणीको सातौं विस्तारित बैठक बस्न सकेन। जसको कारण पार्टी केन्द्र विहिन अवस्थामा पुग्यो । २०२० साल बैशाखमा पिताजीको देहान्त भएपछि विराटनगर बस्न थालेका भरतमोहन अधिकारी पूर्वकोशी प्रान्तीय कमिटीको सचिव भएर त्यतै केन्द्रीत भए ।(कमल कोइरालासँग २०७५।६। १२ मा अपरान्ह गरिएको कुराकानीबाट)

तुल्सी लाल अमात्यलाई भरतमोहन अधिकारी, पुण्यप्रताप राणा र भरतराज जोशीको साथ प्राप्त हुन छोड्यो। पार्टीको बैठक हुनसकेन। जिल्ला पार्टी कमिटीहरू निर्देशन र सम्पर्कबिहिन बन्नपुगे। पार्टी बिखण्डित र बिघटित स्थितिमा पुग्यो। यस्तो स्थितिमा पार्टी केन्द्रीय कार्यालय बनारसमा उपस्थित सात जनाले एउटा बैठक गरे त्यसबाट नेपाल कम्युनिष्ट पार्टीमा अर्को एउटा मोड आयो।

२०२४ जेठ १५ गते (२९।५।१९६७) केन्द्रीय परिषद् र मन्त्रीपरिषद्का ७ जना सदस्य पार्टी हेडक्वाटर बनारसमा जम्मा भए । उनीहरूले देवेन्द्रलाल श्रेष्ठ (काइला बा) अनुपस्थित भए तापनि उनलाई समेत समावेश गरी आठ सदस्यीय एड–हक (Ad-hock) कमिटी गठन गरे । यस तदर्थ समितिमा पुष्पलाल, हिक्मतसिंह भण्डारी, देवेन्द्रलाल श्रेष्ठ, प्रेमप्रकाश नेपाल, एकदेव आले, भक्तबहादुर श्रेष्ठ, केशरमणि पोखरेल र नन्दमोहन भट्टराई रहेका थिए। बैठकले पुष्पलाल, प्रेमप्रकाश नेपाल र एकदेव आले रहेको सेक्रटरियट चयन गऱ्यो । पुष्पलाललाई तदर्थ समितिको सचिव बनाइयो । बैठकले "जनवादी केन्द्रीयताको विपरित बहुकेन्द्रीय अवस्थामा पार्टीलाई लगिएको, गुटवाजी प्रवृत्तिले प्रश्रय पाएको र पार्टीको बैठक पनि नगराइएकोले केन्द्रविहिनताको अवस्था तत्काल अन्त गरी पार्टीलाई सँगठित गर्नुपर्ने आवश्यकता महशुस गर्दछौं" भन्ने उल्लेख गर्दै उपस्थित सात जनाले माइनूटमा सही गरेका छन् । यसको सदस्य संख्या बैठकको निर्णय अनुसार पछि बढाउन पनि सकिने छ भनिएको छ । (पुष्पलाल स्मृति प्रतिष्ठान चम्पादेवीमा रहेको एउटा पातलो कपिमा लेखिएको माइनुटबाट जसको फोटोकपि लेखकसँग पनि सुरक्षित छ)

त्यस बैठकले पुष्पलाललाई पार्टीको सिंहावलोकन मुल्यांकन लेख्नको जिम्मेवारी दिने लगायत विभिन्न पाँचवटा निर्णय गऱ्यो। तेश्रो महाधिवेशन पछि पार्टी विभिन्न जिल्ला तथा स्थान र क्षेत्रक्षेत्रमा केन्द्रीत क्षेत्रीयतामा आधारित हुन थालेको अवस्थाको अन्त गर्न नयाँ केन्द्रको स्थापना गर्ने पहल गरिएको दाबी सो माइनूटमा उल्लेख गरिएको छ। यस तदर्थ समितिको सक्रियतामा २०२५ साल जेष्ठ महिनामा नेकपाको तेश्रो सम्मेलन गरियो जसले पुष्पलालको नेतृत्वमा पार्टी केन्द्रीय कमिटीको गठन गऱ्यो।

## न्युक्लिअस गठन

२०२५ सालमा जेलबाट छुटेपछि मनमोहन अधिकारी विराटनगरमा बस्न थाले। मोदनाथ प्रश्रित लगायतका नेता विरटनगर गएर मनमोहन र पुष्पलालका बीच एकता गराउन प्रयत्न गरेका थिए। तर सफलता मिलेन। हिक्मतसिंहले तुल्सी लाल पुष्पलाल बीच पुनः एकता गराउने कोशिस गरेका थिए। त्यो पनि सफल भएन। २०२७ साल चैत्र महिनामा मोहनविक्रम सिंह जेलबाट छुटे। उनले मनमोहन अधिकारीलाई विराटनगरमा भेटे र कम्युनिष्ट पार्टी पुनर्गठनको लागि न्युक्लिअस बनाउने कुरा गरे। २०२८ साल मंसीर २० गते मनमोहन अधिकारीको नेतृत्वमा काठमाडौंमा न्यूक्लिअस गठन भयो। मनमोहन अधिकारी, शम्भुराम श्रेष्ठ र मोहनविक्रम सिंह रहेको तीन सदस्यीय सेक्रेटरियट बनाइयो। त्यसको सचिव मनमोहन अधिकारीलाई बनाइयो। निर्मल लामा, जयगोविन्द शाह, भरतमोहन अधिकारी, भक्तबहादुर श्रेष्ठ, कमल कोइराला, सिद्धिलाल सिंह, रामबहादुर श्रेष्ठ, खेमान सिंह र देवेन्द्र (वाग्लुङ) सदस्य रहेका थिए। खेमान सिंह र देवेन्द्र पछि निस्क्रिय भए।

न्युक्लिअसको आयोजनामा (२०३१ सालमा) भएको चौथो महाधिवेशनबाट महामन्त्री चयन गरिएका मोहनबिक्रम सिंह थप स्पष्ट पार्दै भन्छन्,

*"२०३० साल फागुन महिनामा सिराहामा चौथो महाधिवेशनको आयोजना गर्ने र त्यसमा पुष्पलाललाई पनि सहभागी गराउने भनेर मनमोहन अधिकारीलाई बनारस पठाइयो। तर उनले पुष्पलाल र वि.पी. लाई भेटेर आएपछि सोंच बदले। उनले विराटनगर आएर आकाशवाणी पठाए 'विवाह अर्थात् पार्टी महाधिवेशन नहुने भयो। उनले केटाहरूले के के गर्ने भनेका छन्' भनेर भन्न थाले। महाधिवेशन गर्न सहमत भएका मनमोहन अधिकारी, भरतमोहन अधिकारी, कमल कोइराला, सिद्धिलाल*

*सिंह, अनुपस्थित रहें । हामीले सिराहाको जय गोविन्द शाहको गाउँमा बैठक गरियो । बैठकले न्यूक्लिअस पुनर्गठन गऱ्यो र मोहनविक्रम सिंह सचिव र निर्मल लामा, भक्तबहादुर श्रेष्ठ र चित्रबहादुर के.सी.लाई सदस्य बनायो ।" नेकपामा अर्को मोड आयो ।*

*न्युक्लिअसका सचिव मोहनविक्रम सिंहको नेतृत्वमा २०३१ साल असारमा बनारसमा नेकपाको चौथो महाधिवेशनको आयोजना गरियो । महाधिवेशनले मोहनविक्रम सिंह महामन्त्री, निर्मल लामा र जयगोविन्द साह पोलिटब्यूरो, भक्तबहादुर श्रेष्ठ र खम्बसिंह कुवर वैकल्पिक पोलिटब्यूरो र खुवीराम आचार्य र इन्द्रलाल लामा केन्द्रीय सदस्य तथा गंगाधर घिमिरे र ऋषि देवकोटा आजाद वैकल्पिक केन्द्रीय सदस्य रहेको नौं सदस्यीय केन्द्रीय समिति गठन गऱ्यो ।"*

(मोहनविक्रम सिंह सँग २०७५।६।१२ गते अपरान्ह ५ देखि ७ बजे सम्म वनस्थली ढुंगेधारामा गरिएको कुराकानीबाट)

मनमोहन अधिकारीले न्यूक्लिअसको नेतृत्व गर्न अनिच्छुक रहनुको कारणका बारेमा कमल कोइरालाबाट यस्तो धारणा व्यक्त गरिएको छ –

*मनमोहन अधिकारी र शम्भुराम श्रेष्ठको डी.पी. अधिकारीसँगको सामिप्यता बढ्दै गएपछि न्यूक्लिअस डिफंक्ट बन्न पुग्यो । अधिकारी डी.पी. प्रति लहसिएको देखेपछि कमल कोइराला जयगोविन्द साहको नजिक पुगे । तर झापा सङ्घर्ष, सुखानीमा झापा सङ्घर्षका योद्धाको गोली हानी गरिएको हत्याको घटनाले पूर्वकोशी पूरै आतंकित अवस्थामा पुग्यो जसका कारण 'हामी चौथो महाधिवेशनमा एक्लै परेकोले भाग लिन सकिएन।' (कमल कोइरालासँग २०७५।६।१० मा अपरान्ह २–४ बजेसम्म गरिएको कुराकानी)*

मनमोहन अधिकारी त्यतिबेलाको आफ्नो मनोभावना स्पष्ट गर्दै लेख्छन्– *नेपाल भित्रै बसेको थिएँ । उहाँहरु (पी.एल. र टीएल) जस्तो निर्वासनमा भारततर्फ जान मनले मानेनँ । फेरि दुवै नेतालाई एकठाउँमा ल्याउन पनि सकिएन । काठमाडौंमा शम्भुराम र मोहनविक्रम जीहरुसँग सम्पर्क भयो । तर उहाँहरु मात्रैबाट चल्दैन भन्ने लाग्यो । उहाँहरुको एप्रोच पनि बस्तुवादी लागेन । जसले गर्दा म विराटनगर गएर एक्लै बस्नु पऱ्यो । झापालीहरुसँग त मेरो मतभेद छँदै थियो । (अविश्रान्त राजनायक पृष्ठ –४५) न्यूक्लियसका तर्फबाट मनमोहन अधिकारीबाट पुष्पलाललाई फारबिसगञ्जमा भेट्न बोलाइयो ।*

*पुष्पलाल र हिक्मतसिंह भण्डारी बनारसबाट यताबाट मनमोहन अधिकारी र शम्भुराम श्रेष्ठ फारविसगञ्जमा पहिलो दिनको भेटमा सबैलाई समेटेर एउटा साझा त्रान्तिकारी केन्द्र बनाउने कुरामा सहमति भयो । तर दोश्रो दिन पुष्पलाललाई तत्क्षण पार्टी विघटन गरेका घोषणा गर्नदवाव दिइएपछि मनमोहन पुष्पलाल एकतावार्ता सफल हुन सकेन। (अधिकारी २०६४)*

तुल्सी लाल अमात्यले जेलबाट छुटेपछि नेताहरूले तेश्रो महाधिवेशनले चयन गरेको नेतृत्वसँग सर्म्पक नगरी छुट्टै समूह बनाउन पुगेको तर बैधानिक अवस्था मै रहेका महासचिवसँग कुनै सम्पर्क समेत नगरेको कुरा आफ्नो संस्मरणमा लेखेका छन् ।

यता नेकपा झापा जिल्ला कमिटीले बिद्रोह गरी झापा सङ्घर्ष शुरू गऱ्यो । त्यस बिद्रोहका नेताहरूमा रामनाथ दाहाल, मोहन चन्द्र अधिकारी, राधाकृष्ण मैनाली, के.पी शर्मा ओली, सी.पी. मैनाली आदि थिए । **झापा बिद्रोहको बलिदानीपूर्ण सङ्घर्षले नेकपामा अर्को एउटा नयाँ मोड ल्याओ।** यो मोडले को.के.,नेकपा(माले) हुँदै नेकपा(एमाले) र नेकपा बनेर पार्टी स्थापना देखि यताका सबै इतिहास र धारहरूलाई एकिकृत गर्दै अघि बढेको छ।

पार्टी विभाजनका बारेमा 'पार्टी फुटने क्रमको सुरूवात' शीर्षकमा तेस्रो महाधिवेशन पछि देखा परेको विभाजनको अवस्थाबाट उत्पन्न अवस्थाका बारेमा तुल्सी लाल अमात्यले यस्तो विचार व्यक्त गरेका छन्–,

*पार्टीको तेस्रो महाधिवेशनले निर्क्यौल गरेको नीति अनुसार एकमना एकताले पार्टी नेतृत्व अघि बढन सकेन। महाधिवेशनले पास गरिसकेको नीतिको विपरित पार्टी नेतृत्वका व्यक्तिहरू जाने काम भएकोले पार्टी विवादको खाल्टोमा फस्न गयो र तृतिय महाधिवेशनले चुनेको नेतृत्व छिन्न भिन्न हुन गयो। पार्टीको जनवादी केन्द्रीयतालाई तोडेर महाधिवेशनको फैसला विपरित मतहरू व्यक्त गर्ने, प्रचार गर्ने, गुटबन्दी गर्ने र गैर जिम्मेवारी पूर्ण व्यवहारका घटनाहरू बढदै गएकाले पार्टीमा फुट देखा पऱ्यो। पार्टीमा देखापरेको फुटको क्रममा तेस्रो महाधिवेशनको अत्यधिक बहुमतको समर्थन प्राप्त तुल्सी लाल अमात्यले सन् १९६८ (वि.स. २०२५) सम्ममा बहुमत पुरा कार्यकर्ताबाट अलग्गिनु पर्ने स्थिति भयो। (अमात्य, २०६२)*

तुल्सी लाल अमात्यले तेस्रो महाधिवेशनबाट निर्वाचित जेलमा रहेका नेताका बारेमा यस्ता कुरा लेखेका छन्–

*का. मनमोहन, का. मोहनविक्रम सिंह जेलबाट छुटेपछि पार्टीसँग सर्म्पक राख्नुको सट्टा आ–आफ्नो अलग समूहहरूको निर्माण गर्ने कार्यमा संलग्न भए। का. मनमोहन जेलबाट छुटदा का. पुष्पलालको तेस्रो सम्मेलन अलग भइसकेको थिएन र का. मनमोहनलाई सेक्रेटरियट बैठक बसौं भनी आग्रह गर्दा वहाँले आफूलाई सयकडा सय माओवादी भनी सेक्रेटारियट बैठक बस्न मञ्जुर गर्नु भएन र पछि गएर वहाँले आफ्नो समूह बनाउनु भयो।" ( अमात्य, २०६२)*

## फरक धारका दृष्टिमा तेस्रो महाधिवेशन

२०१९ सालसम्म एउटा नदीको रूपमा रहेको नेपाल कम्युनिष्ट पार्टीमा दुईवटा भङगला देखापरे। राजा महेन्द्रको फौजी काण्डको परोक्ष रूपमा समर्थन गर्न पुगेको बहुमत पक्षका नेता डा.केशरजंग रायमाझी, डी.पी. अधिकारी, शम्भुराम श्रेष्ठ, कमर शाह आदिलाई तेस्रो महाधिवेशनबाट कार्यबाही गरियो र एउटा मात्र धार क्रान्तिकारी बैधानिक धारलाई आधिकारिक नेकपा मानियो। तर ब्यबहारमा भने दुई भंगालामा बिभाजित बन्न पुग्यो नेकपा। २०२५ सालदेखि २०२८ सालसम्म दोस्रो धार बीचबाटै तीनवटा भंगाला देखा परे – तुल्सी लाल, पुष्पलाल र मनमोहन अधिकारीको न्युक्लिअस। त्यसपछि पुष्पलाल, तुल्सी लाल, मोहनविक्रम सिंह र झापा सङ्घर्ष हुँदै को.के.को सङ्गठन निर्माण तथा विकासको धार।

२०२८ साल मंसीर २० मा केन्द्रीय न्युक्लसको गठन गरिएको थियो । शुरूमा न्यूक्लिअस मनमोहन अधिकारीको नेतृत्वमा रहेको थियो। उनी न्युक्लिअसका सचिव थिए। त्यसका सदस्यहरूमा शम्भुराम श्रेष्ठ, मोहनविक्रम सिंह, निर्मल लामा, जयगोविन्द साह, कमल कोइराला, भरतमोहन अधिकारी, सिद्धिलाल सिंह थिए। तर सक्रियता मोहनविक्रम सिंहको रहयो र पछि उनी सचिव भए। निर्मल लामा, जयगोविन्द साहसँग मिलेर मोहनविक्रम सिंहले चौथो महाधिवेशनको आयोजना २०३१ असारमा वनारसको एउटा धर्मशालामा गरे। यसको उल्लेख अघिल्ला पृष्ठमा पनि गरिएको छ। अब चौ.म.को. तेश्रो महाधिवेशन प्रतिको दृष्टिकोण के रह्यो, त्यसको उल्लेख गर्नु सान्दर्भिक होला।

## चौथो महाधिवेशनको दृष्टिमा तेस्रो महाधिवेशन

न्युक्लिसका सेक्रेटरी मोहनविक्रम सिंहबाट प्रस्तुत तथा महाधिवेशनबाट पारित राजनैतिक दस्तावेजमा तेस्रो महाधिवेशनको सिंहवालोकन शिर्षकमा तेस्रो महाधिवेशनको मूल्यांकन गरिएकोछ।

त्यसमा भनिएको छ– *"तृतीय महाधिवेशनमा बहुमतको नेतृत्व गर्ने तत्व द्वितीय महाधिवेशनदेखि राजावादी गुटसित सम्बन्धित थिए । दरभंगा प्लेनमा, जो १७ सालको काण्डपछि तुरून्तै भएको थियो, यिनीहरूले "विघटित संसदको पुनस्थापना" को नारालाई समर्थन गरेका थिए । इमान्दारीको कुरा हुन्थ्यो कि उनीहरूले आफ्ना ती दुवै राजावादी र काङ्ग्रेस परस्त सोचाईहरूको आत्मा आलोचना गर्नु पर्दथ्यो, तर त्यो कुरा भएन (वास्तवमा पुरानो पिंढीका कुनै पनि नेतामा आत्मालोचनाको स्पिरिट पाइन्न) र स्वयम पनि सम्बन्धित भएको हुनाले गतकालका गलत सोचाइहरूको भण्डाफोर गर्ने काम गरिएन । राजावादी भड्कावको कारण उनीहरूका व्यक्तिगत व्यवहारमा खोज्ने प्रयत्न गरियो, न कि उनीहरूको गलत राजनीतिक सोचाइ, कार्यविधि र चरित्रमा।*

*तृतीय महाधिवेशनले काङ्ग्रेसको पिछलग्गुपनका विरूद्ध निर्णय दियो, तर काङ्ग्रेस प्रतिको भ्रमलाई साफ गर्न सकेन। त्यो बेला पूरै पार्टीमा त्यसप्रति भ्रामक समझदारी थियो । यसले पछि क्रमशः पिछग्गुपन वा गद्दारीका रूपमा विकास गर्न सक्तछ। तर, त्यो अर्थात् दुश्मन शक्तिप्रतिको भ्रामक समझदारी, स्वयम नै पिछलग्गुपन वा गद्दारी होइन। त्यसकारण हामीले यी दुवै कुराका बीचमा स्पष्ट रेखाङ्कन गर्नुपर्दछ। दुवै पक्षका बीचमा मौलिक अन्तर छ। त्यसैले जुन वेला पुरै पार्टीको नेपाली काङ्ग्रेस प्रतिको मूल्याङ्क गलत थियो, त्यो वेला पनि पार्टीभित्र काँग्रेसका पिछलग्गु तत्वहरूका विरूद्ध तीब्र सङ्घर्ष चलेको थियो । जस्तो कि दरभंगा प्लेनमा, जुन साथीहरूको ने.का. प्रति गलत सम्झदारी भएपनि पिछलग्गु थिएनन्, जसले नेकपाको भूमिका बारे कहिल्यै पनि सम्झौतापरस्त नीति अपनाएन्, समय बित्नुका साथै उनीहरूको दृष्टिकोणले सही रूप लिदै गयो, तर यसका लागि करिब एक दशकको लामो समय लाग्यो।*

*तृतीय महाधिवेशनको बहुमत काँग्रेसको पिछलग्गुपनका विरूद्ध हुनुका बावजुद उनीहरूको ने.का. प्रतिको सोचाइ मूलरूपमा गलत नै रहिरहयो। उनीहरूले त्यसलाई पुँजीपतिबर्गको पार्टी,बर्गीय रूपमा गौण दुश्मन प्रजातान्त्रिक शक्ति, क्रान्तिको सहयोगीको रूपमा नै व्याख्या गरेर त्यो सितको संयुक्त मोर्चामा जोड*

*दिए। राजावादी भड्कावबाट मुक्त भए तापनि पार्टी संसदीय भड्कावबाट मुक्त हुन सकेन। उसको राजनीति संसदीय प्रणालीको पुनः स्थापनाको घेरालाई नाघेर अगाडि बढ्न सकेन सशस्त्र सङ्घर्षको अनिवार्यता बारे पनि स्पष्ट दृष्टिकोण बनाइएन। क्रान्तिको राष्ट्रिय पक्ष, अर्थात् देशको सार्वभौमिकता र स्वतन्त्रताको अगाडि विदेशी प्रतिक्रियावादी शक्तिहरू मुख्यतः भारतीय विस्तारवादबाट देशको स्वतन्त्रता अगाडि उपस्थित खतराप्रति पनि पार्टीको राम्ररी ध्यान जान सकेन। दिल्ली सम्झौताका बेलादेखि नै भारतीय प्रतिक्रियावादका विरूद्ध पार्टीले सङ्घर्षको नेतृत्व गर्दै आएको थियो। तैपनि त्यसप्रतिको दृष्टिकोणमा अझै कैयौं असङगतिहरू विद्यमान थिए। खास गरेर बीसौं पार्टी काङ्ग्रेस र भारतीय पार्टीको हाम्रो पार्टीमा परेको असरले गर्दा भारतीय प्रतिक्रियावादी सरकारलाई अंशतः प्रगतिशील सम्झने धारणाहरूले पनि पार्टीमा काम गरे यी सबै असङगतिहरू तृतीय महाधिवेशनका नै देनहरू होइनन्। तर पहिले देखि नै पार्टीभित्र विद्यमान थिए। तृतीय महाधिवेशनको कमजोरी त्यति मात्र रहयो कि त्यसले तिनीहरूलाई साफ गर्न सकेन।"*[२३]

## नेकपा (माले)को मूल्याङ्कनमा तेस्रो महाधिवेशन

नेपाल कम्युनिष्ट पार्टीको तेश्रो महाधिवेशन भएको २७ वर्ष पछि नेकपाको चौथो राष्ट्रिय महाधिवेशन नेकपा (माले) को आयोजनामा २०४६ साल भदौ ९–१४ मा सम्पन्न भयो। नेपाल भित्र भूमिगत रूपमा सम्पन्न महाधिवेशनले पास गरेको राजनीतिक प्रतिवेदनमा तेश्रो महाधिवेशनको विश्लेषण गर्दै सिंहावालोकन प्रस्तुत गरेको छ।

नेकपाको तेस्रो अधिवेशनले महाधिवेशनमा प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा र त्यस पछि उत्पन्न स्थिति बारे मदन कुमार भण्डारीको यस्तो मूल्याङ्कन रहेको छ –*"तर तेश्रो राष्ट्रिय महाधिवेशनबाट निर्वाचित नेतृत्वले पनि पार्टीलाई दक्षिपन्थी भड्काउबाट मुक्त पार्न सकेन। त्यसले माझी गुटलाई निष्काशन गऱ्यो तर त्यसको दक्षिणपन्थी र आत्मसर्पणवादी कार्यदिशालई गहिराईबाट खण्डन गर्न सकेन। त्यसले पार्टीभित्र फैलाएको अराजकतालाई समाप्त पार्न सकेन र त्यसबाट ठोस शिक्षा पनि लिन सकेन। त्यसबाहेक नयाँ नेतृत्वले पनि पार्टीले शुरूदेखि नै लिएको नयाँ जनवादी कार्यक्रलाई बिना विश्लेषण हटाइयो र पार्टीको कार्यक्रम सम्बन्धी अवधारणाको विकास तथा त्यसमा उत्पन्न भएको दक्षिणपंथी भड्कावलाई नाङ्गो पार्नुको सट्टा तत्कालीन अन्तर्राष्ट्रिय कम्युनिष्ट*

२३ नेपाली कम्युनिष्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्तावेजहरू ग्रन्थ– १,२०६९ माघ

*आन्दोलनमा चलेको विवादबाट एकपक्षीय रूपले प्रभावित हुँदै कथित राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम लिएर अर्को भ्रम सिर्जना गऱ्यो । त्यसरी नै त्यस कार्यक्रमका निम्ति सघर्ष गर्ने दक्षिणपंथी कार्यदिशा नै अपनाउन पुग्यो । ती कुराहरूले पार्टीमा सिद्धान्तनिष्ठ एकताको सट्टा विवाद र अन्यौल बढाउने काम गऱ्यो त्यसबाहेक पार्टी नेतृत्वले सङ्गठनात्मक सिद्धान्तलाईपहिले देखि नै पनि कडाईका साथ समात्न नसक्नु, माझी गुटले फैलाएको अराजकतावादको मैलालाई बढार्न नसक्नु, पार्टी नेतृत्वभित्र व्यक्तिको झगडा चर्कनु, मतभेदलाई भित्री पार्टी सङ्घर्षका नियम अनुरूप सञ्चालन गर्न नसक्नु, केन्द्रीय कमिटी भित्र गुटबन्दी हुनु , त्यसैवेला तीब्र बन्दै गएको अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन भित्रको वादविवादप्रति सही र सन्तुलित दृष्टिकोण अपनाउन नसक्नु र त्यस विवादको असर दिन प्रतिदिन बढदै जानुले पार्टी के. कमिटी भित्र सङ्कट गहिरिदै गयो । त्यस संकटलाई समाधान गर्न केही प्रयत्नहरू पनि थालिए । तर ती कुनै पनि प्रयत्न प्रभावकारी हुन सकेनन् । आखिर २०२२ मा भएको के. कमिटीको सातौं बैठकपछि (सातौं बैठक पनि हुन सकेन–ले) अर्को बैठकसम्म पनि हुन सकेन र केन्द्रीय कमिटी स्वतः विघटित स्थितिमा पुग्यो ।" [२४]*

## तुल्सी लाल–पुष्पलाल एकता प्रयास

नेपाल कम्युनिष्ट पार्टीमा विधिवत विभाजन २०१९ सालमा भयो । हुनत उन्नाइस सालको तेस्रो महाधिवेशनले रायमाझी लगायत अन्य नेतालाई कारवाही गरी एकीकृत पार्टीको मान्यतालाई आत्मसात गरेको थियो । तर तेस्रो महाधिवेशनबाट निर्वाचित टिमले आफूले आत्मसात गरेको भावना अनुसार कम्युनिष्ट आन्दोलनलाई अघि बढाउन सकेन। नेतृत्व चयन गर्दा पोलिटब्यूरोका सात जना सदस्य मध्ये चारजना जेलमा रहेका नेताहरूलाई चयन गरिएको थियो । उनीहरूको अनुपस्थितिमा कार्यकारिणी वैकल्पिक पोलिटब्यूरोको रूपमा चार जनालाई चयन गरियो। अन्य तीन जनामा महासचिव अमात्य, पुष्पलाल र हिक्मतसिंह भण्डारी थिए। नेतृत्वमा रहेका नेताहरू मध्ये पाँच जना जेलमा थिए । मतभेद समाधान गर्न पार्टी कार्यकारिणी समितिको सातौं विस्तारित बैठक आयोजना गरिएको थियो। तर बैठक नै हुन सकेन।

पार्टी महामन्त्री तुल्सी लाल अमात्य र मन्त्री पुष्पलालका बीचमा असमझदारी तथा मनमुटाव उत्पन्न गर्ने घटनाहरूको बारे आलोचना–समालोचना गरी पार्टी एकता गर्ने कुरामा मन्त्री हिक्मतसिंह भण्डारीले जोड

२४ नेपाल कम्युनिष्ट पार्टी दस्तावेज संग्रह भाग ३, पृष्ठ ११६

दिए। त्यसका बारेमा उनी लेख्छन्– वहाँ *(तुल्सी लाल)ले अनेकौं पटक मेरो सुझाव मान्नुहुन्थ्यो। एक पटक पुष्पलाल, म, तुल्सी लालजी दरभंगा भएकै बेलामा डा. राममान श्रेष्ठ पनि दरभंगा आउनु भएको थियो। वहाँको समेत सहयोग लिएर मैले तुल्सी लालजीलाई पुष्पलालसँग बसी बितेका घटनाहरू बारे आलोचना–समालोचना गर्न र मनमुटाव मेट्न जिद्दी गरें। उहाँ राजी पनि हुनु भयो। बैठक गरेर एउटा समझदारीमा पुग्ने काम सफल भयो। तर पछि कारणवश कुरा अगाडि बढन सकेन। तुल्सी लालजी दिल्ली जानु भयो।*[२५]

## मनको कुरो मनमै रह्यो–

अमात्यका एकता प्रयासका प्रयत्न अमात्यकै शब्दमा–,*"सर्वप्रथम का. पुष्पलालसँग मेल–मिलाप गर्ने प्रयास भयो। नयाँ दिल्लीमा बी.बी. थापाको घरमा का. पुष्पलाल र मेरो भेटघाट भएर कुराकानी भयो। घरायसी भलाकुसारीका कुराहरू धेरै बेरसम्म राम्रो वातावरणमा भयो। मैले उहाँलाई पार्टी मिलाउने प्रस्ताव राखें वहाँको जवाफ आयो वहाँको केन्द्रीय कमिटी बनिसकेकाले अब मिलाउन सकिन्न, बरू वहाँले भन्नु भयो "तिमी मेरो पार्टीमा आउछौं भने पोलिटब्यूरोमा राख्ने छु।"*

'तुल्सी लाल र पुष्पलाल बीच मेल गराउने कडीको रूपमा रहनु पर्ने व्यक्ति' भएको भए तापनि आफू एकापट्टी लाग्नाले पनि यी दुई नेता पार्टीमा सँगै रहन नसकेको कुरा स्वयं हिक्मतसिंह भण्डारीले मनन गरेका छन्। उनी लेख्छन्– *"०१८ सालपछि पार्टीको तेस्रो महाधिवेशन सम्पन्न भयो। महाधिवेशन आयोजना गर्न म, तुल्सी लाल र पुष्पलाल गरी तीन जना राजनीतिक समितिका प्रमुख थियौं। महाधिवेशन पछि बेला–बखत यस्ता अनेकौ जटिल परिस्थिति पनि उत्पन्न भए। जसमा मैले बाध्य भएर राजनीतिक रूपमा तुल्सी लालजीसँग मतभेद राख्नु पऱ्यो। तुल्सी लालजी ज्यादै सरल व्यक्ति हुनुहुन्थ्यो। राजनैतिक जटिलतालाई पनि उहाँले त्यस्तै सरल तरिकाले सञ्चालन गर्न चाहनु हुन्थ्यो। त्यसबेला पुष्पलालको कार्यनीतिक चतुऱ्याई सही लागेको हुनाले मैले त्यसको समर्थन गरेँ। यसरी हाम्रो उहाँ प्रति विश्वास, सद्भाव हुँदाहुदै पनि तुल्सी लाल र पुष्पलालको बीचमा मेल गराउने कडी म आफू स्वयंम बन्नु पर्ने महत्त्व सम्झदा सम्झदै पनि मतभेदमा एकापट्टि लागें। –(अविश्रान्त राजनायक : तुल्सी लाल अमात्य)*

तुल्सी लाल बनारस गएका थिए। त्यतिबेला पुष्पलाल बिरामी थिए।

---

२५ हिक्मतसिंह भण्डारी अविश्रान्त राजनायक : पृष्ठ–८६

उनी पुष्पलाललाई भेट्नजान हिचकिचाए। त्यसैले भेट्न गएनन्। तर उनलाई पछि पछुतो भयो। उनी लेख्छन्, *"पछि म वनारस जाँदा वहाँ बिरामी हुनुहुँदो रहेछ। त्यसबेला म वहाँकहाँ जानुपर्ने थियो। विरामी भएकावेला जिस्काउँन आयो भन्ठान्लान भन्ने सोचेर मैले वहाँकहाँ जाने हिम्मत गरिन्। यो मेरो गल्ती थियो। मेरो त्यो दिनको समय का. मोदनाथ प्रश्रित कहाँ बित्यो। त्यसवेला वहाँले देवासुर सङग्राम लेखिरहनु भएको थियो। पछि मैले थाहा पाएँ कि पुष्पलालले म बनारस आएको थाहा पाएर यताउति खोज्न लगाउनु भएको रहेछ। यो कुरा थाहा पाएको भए अवश्य म वहाँकहाँ जान्थेँ। पछि पनि वहाँले दिल्लीमा मसँग भेटने मान्छे पठाउनु भएको रहेछ। सन्जोगले म दिल्ली बाहिर गइराखेका बेला परेकोले सो कामरेडसँग मेरो भेट हुन सकेन। यो कुरो सो कमरेडले मलाई कञ्चनपुरको महेन्द्रनगरको एक होटलमा भेटदा भन्नु भयो। धेरै पछि का. पुष्पलाल बिरामी भएर दिल्लीको अस्पतालमा भर्ती भइराखेको कुरो अखवारबाट थाहा पाएँ। म भेटन गएँ वहाँको मुखमा प्रसन्नता नै पाएँ। विरामी मानिससँग राजनीतिक बहस गर्नु मैले ठीक मानिनँ र राजनीतिक कुरा मैले उठाइनँ। मनमा राखेँ निको भएपछि कुरा गरौंला। तर वहाँ निको हुनु भएन र वहाँ सदाका निम्ति यो संसारबाट बिदा हुनुभयो। पार्टी एकताको सम्भावना पनि बिलायो।"*

*का. पुष्पलालको देहावशनपछि वहाँको समूहसँग फेरि एकताको कुरो भयो। यो कुरा चल्दा चल्दै जनमतसँग्रह घोषणा भयो। नेपाल आएर का. सहाना प्रधानसँग एकताको कुरो चालु राखेँ। मेरो विचारमा ९५ प्रतिशत कुरा मिलि सकेको थियो। तर बीचमा के भयो वहाँ दुई महिना देखा नपर्दा म वहाँको घरमा भेटन गएँ र मेलको कुरा फेरि उठाएँ। वहाँको जवाफ आयो, "हामी आन्दोलनको वेला मात्र मिल्ने।" मेलको कुरो यही अन्त भयो।*

*"त्यसपछि का. मानन्धरको समूह, का. हिक्मत सिंह र हाम्रो समूहका बीचमा मेलमिलाप भएर 'वामपन्थी एकता मञ्च' (परिशिष्ट ६ हेर्नु होस्)को निर्माण भयो। त्यसवेला मानन्धरजी नेपालमा थिएनन्। वहाँ मस्कोबाट फर्केपछि राजनीतिमा होइन जनवर्गीय सङ्गठनमा मात्र मिलेर जाने भन्ने कुरो वहाँले भन्नु भयो। यो प्रयास पनि त्यतिकै सेलाएर गयो। पछि वर्माजी सँग मिल्ने कुरो भयो। वहाँको सम्मेलनमा भाग लिइयो। पछि वहाँहरूबाट प्रस्ताव आयो। वहाँको एक्काइस जनाका केन्द्रीय कमिटीमा आठ जनाको ठाउँ खाली छ, ती ठाउँहरूमा हाम्रो तर्फबाट भर्ने र सचिव मण्डलमा आठ जना मध्ये तीन जनाको ठाउँ खाली छ त्यो ठाउँ पनि हाम्रो तर्फबाट भर्ने। यो त दुई पार्टीको मेल नभएर वर्माजीको पार्टीमा हामी विलिन हुने मात्र भयो। यो प्रयास पनि फेल भयो।"(अमात्य, २०६२)*

## संयुक्त–वाममोर्चाका मानार्थ अध्यक्ष

२०४६ साल पुष २८ गते तुल्सी लाल अमात्यको अध्यक्षतामा सात बामपन्थी पार्टीका नेताहरूको बैठक बस्यो। बैठकले तुल्सी लाल अमात्यलाई मानार्थ अध्यक्षमा चयन गऱ्यो।

विभिन्न वाम समूहको पहिलो औपचारिक बैठक पद्मरत्न तुलाधरको घरमा बसेको थियो। यस्तै अर्को बैठक नेकपाका संस्थापक नेता नरबहादुर कर्माचार्यको निवासमा भएको थियो। विभिन्न १२ समूहहरू बीच द्विपक्षीय–तथा बहुपक्षीय रूपमा भएका विभिन्न चरणका वार्ताका क्रममा २०४६ पुष २८ गते बसेको सात वाम पार्टीको बैठकमा सँयुक्त वाममोर्चा गठन गर्ने कुरामा सहमति भयो। संयुक्त वाममोर्चामा सातैवटा दलहरूले तीन–तीन जनाको नाम दिने भनिएकोमा तुल्सी लाल अमात्यले दुई जनाको नाम दिनु भयो। रिक्त एकजनामा पद्मरत्न तुलाधारलाई सामेल गरेर पुष २८ मा संयुक्त वाममोर्चाको २१ सदस्यीय राष्ट्रिय कमिटी बन्यो जसको अध्यक्षमा सहाना प्रधान र मानार्थ अध्यक्षमा तुल्सी लाल अमात्य छानिनु भयो[२६]। (अधिकारी, २०६४)

तुल्सी लाल अमात्यको अध्यक्षतामा बसेको सात वामपंथी पार्टीहरूको बैठकबाट गठित संयुक्त वाममोर्चामा नेकपा मार्क्सवादीका तर्फबाट सहाना प्रधान, भरतमोहन अधिकारी र सिद्धिलाल सिंह, नेकपा (माले) बाट राधाकृष्ण मैनाली, शिवराज गौतम र सुशील प्याकुरेल, नेकपा (मानन्धर) बाट विष्णुबहादुर मानन्धर, नीलाम्बर आचार्य र लक्ष्मीभक्त उपाध्याय, नेकपा (चौम) बाट नरबहादुर कर्माचार्य, लीलामणि पोखरेल र सर्वोत्तम डंगोल, नेकपा (अमात्य) बाट तुल्सी लाल अमात्य र केशव कोइराला, नेपाल मजदुर किसान सङ्गठनबाट नारायणमान विजुक्छे, श्यामकृष्ण कोजू र रामकृष्ण बुढाथापा र स्वतन्त्र वामपंथी पद्रत्न तुलाधर थिए।

बैठकले सात सदस्यीय सचिवालय गठन गऱ्यो। मानार्थ अध्यक्ष तुल्सी लाल अमात्य, अध्यक्ष सहाना प्रधान, सदस्यमा निलम्बर आचार्य, राधाकृष्ण मैनाली, प्रहलाद न्यौपाने (बर्मा समुहबाट), लिलामणि पोखरेल र श्यामकृष्ण कोजू रहेको सचिवालय बनाइएको थियो।

---

२६ भरतमोहन अधिकारी –मेरो जीवन यात्राः केही सम्झनाहरू–पृष्ठ–१५८

निर्दलीय पंचायती व्यवस्थाको अन्त्य, बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना एवम् समस्त राजनीतिक पार्टीहरू र स्वतन्त्र जनवर्गीय तथा पेशागत सङ्गठनहरू माथिको प्रतिबन्ध अन्त्य सहितका १८ सूत्रीय माग, आठ वुँदे वाममोर्चाको आचार सहिंता र चार वुँदाको नीति पनि संयुक्त वाममोर्चाले पारित गरेको थियो ।

चार वुँदे नीतिमा निर्दलीय पंचायती ब्यवस्थाको विरूद्ध नेपाली काङ्ग्रेसले गर्ने आन्दोलनलाई नैतिक समर्थन गर्ने, नेपाली काङ्ग्रेसलाई पनि संयुक्त पार्ने प्रयास गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समर्थन बटुल्ने, आन्दोलनलाई निर्धारित लक्ष्यसम्म पुऱ्याउने, सम्झौता गर्ने प्रवृत्तिप्रति सजग रहने नीतिगत कुरा पारित गरिएको थियो । खिचापोखरीको एउटा होटलमा माघ २ गते संयुक्त वाममोर्चाको प्रेस सम्मेलनको आयोजना गरी वाममोर्चा गठन गरिएको औपचारिक घोषणा गरिएको थियो ।

२०४६ माघ ५ गते नेपाली काङ्ग्रेसको राष्ट्रिय सम्मेलन गणेशमान सिंहको निवास चाक्सीवारीमा भयो । सम्मेलनमा वाममोर्चाका नेता र भारतबाट भाकपा (मार्क्सवादी) का महासचिव हरकिसन सिंह सुरजित, भाकपाका महासचिव एम. फारूकी, भारतीय नेता चन्द्र शेखर, डा. सुब्रमण्यहम् स्वामी आदि सम्मेलनमा सहभागी भएका थिए । चन्द्रशेखरले पनि सम्मेलनमा संबोधन गरेका थिए ।

नेपाली काङ्ग्रेसका कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराई र संयुक्त वाममोर्चाका अध्यक्ष सहाना प्रधानको संयुक्त हस्ताक्षरबाट आन्दोलन अगाडि बढाउने सहमति भयो । आन्दोलनलाई अघि बढाउन दुबै पार्टीबीच समन्वय गर्नका लागि कमिटी बन्यो । माघ २७ गते कृष्णप्रसाद भट्टराई र सहाना प्रधानको संयुक्त हस्ताक्षरमा फागुन ७ गतेबाट औपचारिक रूपमा आरम्भ हुने जनआन्दोलनमा सहभागी हुन आव्हान गर्दै फागुन १९ गतेसम्मको कार्यक्रम सहितको पर्चा वितरण गरियो ।

संयुक्त बाममोर्चा निर्माणको पृष्ठभूमिका बारेमा भरतमोहन अधिकारीले सबिस्तार बर्णन गरेकाछन् । उनी लेख्छन्, *"२०४६ साल भदौको अन्ततिर नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) को पोलिटब्यूरोको बैठक भरतमोहन अधिकारीको घरमा बस्यो । बैठकले वाममोर्चा बनाउने प्रस्ताव पारित गऱ्यो र यसको*

*पहल गर्ने जिम्मा सहाना प्रधान र भरतमोहन अधिकारीलाई दियो" । (अधिकारी, २०६४)*

केही महिना पहिले २०४६ भदौ ९–१४ सम्म सिराहामा नेकपा (माले) ले नेपाल कम्युनिष्ट पार्टीको तेस्रो महाधिवेशन भएको २७ वर्षपछि चौथो महाधिवेशन सम्पन्न गर्‍यो । महाधिवेशनले मदन कुमार भण्डारीलाई पार्टीको महासचिव निर्वाचित गर्‍यो । पार्टीले न्यूनतम राजनीतिक समझदारी कायम गरी राजनीतिक मोर्चा बनाउने नीति पारित गर्‍यो । र त्यसको कार्यन्वनका लागि राधाकृष्ण मैनालीलाई अघि सार्‍यो । पहिलो कुराकानी मंसीर ११ गते विष्णुबहादुर राउतको घरमा भयो । त्यस बैठकमा नेकपा मार्क्सवादीका तर्फबाट सहाना प्रधान, गोविन्द ज्ञवाली र भरतमोहन अधिकारी र नेकपा मालेका तर्फबाट राधाकृष्ण मैनालीका साथै भूमिगत नेता झलनाथ खनालको समेत उपस्थिति थियो । (अधिकारी, २०६४)

## प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गर्दै कारागार

जननेता मदन कुमार भण्डारीका शब्दमा– राजनीतिमा थकाई हुँदैन । राजनेता तुल्सी लाल अमात्यले यसै भनाइलाई चरितार्थ गरे । २००४ सालदेखि अविश्रान्त रूपमा नेपालको प्रजातान्त्रिक एवम् कम्युनिष्ट आन्दोलनमा समर्पित तुल्सी लाल अमात्य कम्युनिष्ट पार्टीको हँसिया हथौडा अंकित रातो झण्डा बोकेर प्रजातन्त्र पुनः स्थापनार्थ खिचापोखरीमा देखिए । ७३ वर्षीय बयोवृद्ध अमात्यले प्रहरी कस्टडीमा बस्दा आवश्यक पर्ने सामाग्रीको जोहो गरिएको झोला पनि साथमै बोकेका थिए । गिरीदाईको पारिवारिक नामबाट समेत परिचित अमात्य साँच्चै नै गिरी अर्थात् चट्टानी पहाड झैं प्रजातन्त्र र जनताका पक्षमा तानशाही व्यवस्थाका विरूद्ध खडा भए ।

अमात्य२०४६ साल फागुन ७ गतेको सम्झना गर्दै लेख्छन्– *आखिर सात पार्टीको बीचमा मात्र वाममोर्चाको गठन भयो । यसको अध्यक्ष का. सहाना प्रधान र मानार्थ अध्यक्ष मलाई बनाइयो । यस मोर्चाले लोकप्रियता पनि हासिल गर्‍यो । २०४६ सालमा नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाका बीच सम्झदारी कायम गरी जनआन्दोलन शुरू भयो । यस आन्दोलनमा २०४६ फागुन ७ गते सातवटै घटकका नेताहरू र पद्मरत्न तुलाधरजी समेत गरी आठैजना नेताहरू एकसाथ दिनको एक बजे धरहरामा जाने निर्णय भयो । ७ गते आयो, एक बज्न लाग्यो । कोही कतै*

*खबर सर्म्पक भएन। ठीक एक बजे बागबजारको का. ऋतुप्रसाल गर्तौलाको डेराबाट टेम्पोमा बसेर कसजूलाई लिएर म नयाँ सडक पुगेँ । त्यहाँ अमेरिकी लाइब्रेरीको कुनाबाट आफ्नो पार्टीको झण्डा फहराएर एक्लै खिचापोखरी तिर बढेँ। खिचापोखरीबाट पुरानो भन्सार जाने मोडमा पुग्दा प्रहरी आएर पक्राउ गरे। त्यसको आधा घण्टापछि का. मनमोहन अधिकारी र का. लाल सिंह कम्युनिष्ट पार्टीको झण्डा प्रदर्शन गरेर भोटाहिटीमा देखा पर्नु भयो। वहाँहरू पनि पक्राउ परेर पुलिस क्लबमा ल्याइनु भयो । अरू नेताहरू कहाँ गए के गरे थाहा भएन । का. सहाना र का. मानन्धरलाई आ–आफ्नो घरबाट केही दिन अघि नै पक्राउ गरेर लगिसकेका थिए । चार–पाँच दिन अगि देखि नै नेताहरूको घर घर गई पक्राउ गर्ने क्रम सुरू भइसकेको थियो । यसैकारण हामीहरू त्यो भन्दा अगि नै आ–आफ्नो घर छोडी भूमिगत बसेका थियौं। यस आन्दोलनमा मलाई पाटनबाट काठमाण्डौ बागबजार का. गर्तौलाको डेरासम्म पुऱ्याउने कार्य मेरी श्रीमती कमला अमात्यले गरिन्। गर्तौलाको डेराबाट अमेरिकी लाइब्रेरीको अगाडि पुऱ्याउने कार्य ठिमीका का. कसजूले गरे। "*

## अन्तरिम सरकारको गठन

२०४६ सालको संयुक्त जनआन्दोलन ४९ दिनसम्म भएको थियो । २०४६ चैत्र २६ गते राती पंचायती व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको घोषणा भयो । र २०४७ साल वैशाख ३ गते नेपाली काङ्ग्रेसका अध्यक्ष कृष्णप्रसाद भट्टराईको प्रधामन्त्रीत्वमा ११ सदस्यीय अन्तरिम मन्त्रीमण्डल गठन गरियो। गृहमन्त्रीमा योगप्रसाद उपाध्याय, मन्त्रीमा महेन्द्र नारायण निधी र मार्शलजुलुम शाक्य नियुक्त भए। वाममोर्चाको तर्फबाट सहाना प्रधान, झलनाथ खनाल र निलाम्वर आचार्य मन्त्री भए भने राजाका तर्फबाट डा. केशरजंग रायमाझी र अच्युतराज रेग्मी तथा स्वतन्त्रबाट डा. देवेन्द्रराज पाण्डे र डा. मथुराप्रसाद श्रेष्ठ अन्तरिम मन्त्रीमण्डलमा मन्त्री बनाइए।

२०४७ जेष्ठ १६ गते नौ सदस्यीय संविधान सुधार सुझाव आयोग गठन भयो। वाममोर्चाले विरोध जनाए पछि सुधार शब्द हटाएर संविधान सुझाव आयोग भनियो र त्यस आयोगमा कस–कसलाई पठाउने भन्ने कुरामा संयुक्त वाममोर्चामा विवाद उत्पन्न भयो। जसका कारण आयोगमा जाने प्रतिनिधिको छनौट मत बिभाजनबाट गर्नु पऱ्यो। दुई चरणमा मतदान भयो। पहिलो चरणबाट भरतमोहन अधिकारी र निर्मल लामा चुनिए भने दोस्रो चरणबाट माधव कुमार नेपाल।

नेकपा (अमात्य), नेकपा (वर्मा) र नेपाल मजदुर किसान सङ्गठनबाट अन्तरिम सरकार तथा आयोग दुवै ठाउँमा प्रतिनिधित्व हुन सकेन । जसबाट वाममोर्चामा फाटो उत्पन्न भयो। सातदल मध्ये तीन दल मोर्चाबाट अलग भए भने मोर्चा पनि स्वतः विघटनको स्थितिमा पुग्यो ।

संयुक्त वाममोर्चामा देखा परेको विवादका सम्बन्धमा वाममोर्चाका अध्यक्ष सहाना प्रधानको धारणा यस्तो रहेको थियो– *सरकारमा हामी गएपछि वाममोर्चामा सरकारी कामका बारेमा छलफल हुने गर्दथ्यो । आन्दोलनको वेलामा जस्तो चाँ–चाँडो बैठक हुन सम्भव थिएन। आन्दोलनमा ध्यान दिनु नपर्ने भएपछि अरू कुरामा ध्यान जानु स्वभाविक नै हुन्थ्यो । त्यसैले होला आ–आफ्नो चाहाना अनुरूप केही विवादहरू पनि देखा पर्न थाले । म सरकारमा गएको हुँदा अध्यक्ष परिवर्तन गर्नु पर्छ भन्ने कुरा पनि उठयो। तर एकले अर्कोलाई अध्यक्षमा स्वीकार गर्न नसक्ने अवस्थाले मनमुटाव पनि शुरू भयो। यदि त्यसरी मनमुटाव नभैदिएको भए त्यसवेला निर्मित वाममोर्चाको अहिले अर्को रूप र स्तर बनिसकेको हुने थियो कम्युनिष्टहरू एक भएर ठोस नीति निर्माण गरेर अगाडि बढ्ने आधार बन्थ्यो । कम्तिमा कार्यगत एकता भइरहन्थ्यो भन्ने मलाई लाग्दछ। तर त्यसो हुन सकेन र वाममोर्चाको विसर्जन भयो।" (प्रधान, २०६०)*

## एकीकृत कम्युनिष्ट पार्टी निर्माण

२०४७ कात्तिक २३ गते नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो[२७] वाममोर्चाको गठन तथा संयुक्त जनआन्दोलनको निर्माण विकास र सञ्चालनका दौरान, नेकपा (माले) र नेकपा (मार्क्सवादी) पार्टीका बीचमा हार्दिकता र समझदारी बढ्दै गयो । अन्तरिम सरकार तथा संविधान सुझाव आयोगमा बसेर गरिएका अन्तरक्रिया र देशको भावी राजनीतिक परिदृश्यलाई आकलन गरिरहेका माले मार्क्सवादी पार्टीका नेताहरूले पार्टी एकता गर्ने मनस्थिति बनाएका थिए। यस एकतालाई वृहद रूप दिन चाहन्थे। त्यसका लागि नेकपाको तेस्रो महाधिवेशनबाट निर्वाचित महासचिव एवम् संयुक्त वाममोर्चाका मानार्थ अध्यक्ष तुल्सी लाल अमात्य र नारायण मान विजुक्छे, (का. रोहित) सहित चार पार्टी बीच पार्टी एकीकरण गर्ने सोच बनेको थियो। यस्तो सोच विशेष गरेर नेकपा (माले)का महासचिव मदन कुमार भण्डारी र सिँगो पार्टीको थियो।

२७ नेकपा (माले)ले २७ बुँदे आलोचना सहित संविधानलाई स्वीकार गऱ्यो।

यसै सोचलाई मूर्तरूप दिन नेकपा (माले) ले कार्त्तिक २४ गते एकताको नौ बुँदे प्रस्ताव सार्वजनिक गर्‍यो । प्रस्तावका साथै माधव नेपाल, जीवराज आश्रित र राधाकृष्ण मैनाली रहेको तीन सदस्यीय वार्ता टोली पनि बनाइयो । यसै गरी नेकपा (मार्क्सवादी) ले पनि कात्तिक २७ गते पार्टी एकताको प्रस्ताव सार्वजनिक गर्दै सहाना प्रधान, केशरमणि पोखरेल र भरतमोहन अधिकारीलाई तीनवटै पार्टीसँग वार्ता गर्ने जिम्मा दियो। मंसीर ७ गते पार्टी एकीकरणका लागि तुल्सी लाल अमात्य र नारायणमान विजुक्छे 'रोहित' सँग माले– मार्क्सवादीका प्रतिनिधिले वार्ता शुरू गरे । यसै बीच मार्क्सवादी पार्टीको जनसङ्गठन नेपाल प्रगतिशील विद्यार्थी यूनियनको पाँचौ राष्ट्रिय सम्मेलनको घोषणा सभामा नेकपा (माले) का महासचिव मदनकुमार भण्डारीबाट प्रमुख अतिथिको रूपमा सम्बोधन भयो।

नेकपा (माले) का नेता राधाकृष्ण मैनालीको पाटन स्थित डेरामा चारै पार्टीका प्रतिनिधिहरूको बैठक बस्यो। मंसीर १९ गतेको चार पार्टीका बीचमा भएको छलफलमा वैचारिक, राजनीतिक र सैद्धान्तिक सवालमा मतैक्यता देखा पर्‍यो। र सहमती भएका विषयलाई समेटेर दस्तावेज तयार पार्ने निर्णय भयो । माधव कुमार नेपाल, तुल्सी लाल अमात्य, नारायणमान विजुक्छे 'रोहित' र भरतमोहन अधिकारीलाई मंसिर२७ गतेसम्म दस्तावेज तयार पार्न जिम्मा दिइयो। (अधिकारी, २०६४)

तर मंसीर २४ गते तुल्सी लाल अमात्य, कृष्णराज वर्मा, नारायणमान विजुक्छे 'रोहित' र चौमले एक संयुक्त विज्ञप्ति जारी गरी आफूहरू संयुक्त वाममोर्चाबाट अलग भएको सार्वजनिक गरे। साथै तुल्सी लाल अमात्य र नारायणमान विजुक्छेबाट चार पार्टी बीच एकता गर्न मंसीर २७ गतेसम्म संयुक्त दस्तावेज तयार पार्न भएको सहमतिप्रति उत्सुकता देखिएन र एकतामा सामेल हुने इच्छा पनि प्रकट भएन।

तुल्सी लाल अमात्यको सैद्धान्तिक दृष्टिकाणले पार्टी एकता र चुनावी तालमेलमा अवरोध पुर्‍याएको देखिन्छ । तुल्सी लाल अमात्यकी सहकर्मी ८७ वर्षीया वरिष्ठ महिला नेता स्नेहलता पार्टी एकता गर्नु पर्छ भन्ने पक्षमा थिइन । उनले दबाव दिइन । उनले अमात्यसँग अनुरोध गरिन्, "पुरानो कुरा हामीले धेरै गर्न हुँदैन ।" त्यसबेला अमात्यले स्नेहलतासँग

भनेका शब्द बयोबृद्ध नेता स्नेहलताको स्मरणमा ताजै छन्,“हाम्रो धरै मतभिन्नता छ। मेरो राजनीति दराजमा राखेर मिल्ने ?” तुल्सी लाल अमात्यले स्नेहलतासँग भनेका थिए। (स्नेहलतासँगको कुराकानी)

पूर्व सहमति अनुरूप मंसीर २७ गते नेकपा (माले) र मार्क्सवादी पार्टीका वार्ता समितिका सदस्यहरूले एकीकरण सम्बन्धी दस्तावेज तयारपारे र सोही दिनको बैठकबाट सङ्गठनात्मक एकीकरण सम्बन्धी कार्यसम्पादन गर्न मनमोहन अधिकारी, मदन कुमार भण्डारी, सहाना प्रधान र माधव नेपाल रहेको चार सदस्यीय प्रस्ताव समिति पनि गठन गरियो।

एकताको प्रस्ताव पास गर्न नेकपा मार्क्सवादीको राष्ट्रिय कार्यकर्ता भेला पोखरास्थित विरेन्द्र सभागृहमा पौष (१६,१७ र १८ गते) सम्पन्न भयो। भेलाले पार्टी एकीकरणको प्रस्ताव पारित गऱ्यो । सो भेलामा मदनकुमार भण्डारी, माधवकुमार नेपाल र जीवराज (न्यौपाने)आश्रित र भारतीय कम्युनिष्ट पार्टी मार्क्सवादीका महासचिव हरकिसन सिंह सुरजितको उपस्थिति विशिष्ट अतिथीको रूपमा रहेको थियो । यस्तै पौष २०–२१ गते डल्लु–चण्डोल स्थित कञ्चनजँघा बोर्डिङ्ग स्कूलमा बसेको नेकपा (माले) को केन्द्रीय कमिटीको विस्तारित बैठकले एकता प्रस्तावलाई पारित गऱ्यो। त्यस बैठकमा मनमोहन अधिकारी, सहाना प्रधान र भरतमोहन अधिकारी सहभागी भएका थिए। तद्अनुरूप पौष २२ गते दुवै पार्टीको केन्द्रीय कमिटीको संयुक्त बैठक शंखमुल स्थित सिद्धिलाल सिंहको निवासमा बस्यो । बैठकले दुवै पार्टीलाई एकीकृत गरी नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी र लेनिनवादी) नामकरण गऱ्यो। (अधिकारी, २०६४)

तर तुल्सी लाल अमात्य पार्टी एकीकरण प्रक्रियमा सहभागिता हुन सक्नु भएन । राष्ट्रिय प्रजातन्त्र कार्यक्रमप्रतिको दृढ अडान, कार्यनीति सम्बन्धी भिन्न सौँच र फरक मनोविज्ञान तथा नेतृत्वदायी स्थानका कारण अमात्य पार्टी एकतामा सहभागी हुन नसकेको देखिन्छ।

## नेकपा (संयुक्त) मा अध्यक्ष

नेकपा (माले) र नेकपा (मार्क्सवादी) पार्टीको एकिकरणको प्रक्रियामा तुल्सी लाल अमात्यको मन नगएपछि नेकपा (प्रजातन्त्रवादी – मानन्धर समूह) र नेकपा (वर्मा) सँगको पार्टी एकतामा नेकपा (अमात्य) सहभागी भयो ।

यी तीनवटै पार्टीले २०१९ सालदेखि राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम अपनाउदै आएका थिए । त्यसकारण तीन पार्टीका बीचमा एकता भयो । २०४८ को निर्वाचनबाट राष्ट्रिय पार्टी बन्न नसकेपछि पार्टी एकतामा जानुपरेको भनाई तत्कालीन नेकपा (प्रजातन्त्रवादी) का महासचिव बिष्णुबहादुर मानन्धरको रहेको छ।

त्यसकारण २०४८ श्रावण २० गते तीन पार्टीको बीचमा एकता भयो। एकताबाट पार्टीको नाम नेकपा(संयुक्त) राखियो। तुल्सी लाल अमात्य नेपाल कम्युनिष्ट पार्टी(संयुक्त) का अध्यक्षमा चयन गरिए । बिष्णुबहादुर मानन्धर र कृष्णराज बर्मालाई क्रमशः महासचिव र सह–महासचिव बनाइयो। नेकपा (अमात्य)बाट भीमप्रसाद उपाध्याय, हिम बहादुर क्षेत्री, तेज बहादुर गुरुङ्ग आदि नेकपा (संयुक्त) का केन्द्रीय सदस्य चयन गरिएका थिए। नेकपा प्रजातन्त्रवादीको तर्फबाट २१, अमात्यबाट १४ र वर्मा समूहबाट ७ जना सहित ४२ सदस्यीय केन्द्रीय समिति बनाइएको थियो। र पार्टी एकतामा नौ बुंदे सँयुक्त घोषणा जारी गरिएको थियो[२८] ।

तुल्सी लाल अमात्यका विचारमा तीन वटा कुरालाई एकताको आधार बनाइएको थियो।

(क) मार्क्सवादी–लेनिनवादी सिद्धान्तको आधारमा काम गर्ने

(ख) राष्ट्रिय प्रजातान्त्रिक आन्दोलनलाई अगाडि बढाउने

(ग) तीन पार्टीका बीचमा सबै कुरामा एकैचोटी एकमत हुन नसक्ने हुँदा मिलेका कुराहरूमा मिलेर जाने र नमिलेका कुराहरूमा आ–आफ्नो विचार स्वतन्त्र रूपले लैजान पाउने, बहुलवादको नीति स्वीकार गर्ने।

## संयुक्तमा विभाजन

तर एकतापछि पार्टीमा मनमुटाव देखापर्‍यो र पार्टी पुनः विभाजित भयो।

२८ त्यस अघि ०३८ सालमा तुल्सी लाल अमात्यले विष्णु बहादुर मानन्धर र हिक्मत सिंह भण्डारीसँग मिलेर वामपन्थी एकता मञ्च बनाएका थिए। तिनै जना नेताको संयुक्त हस्ताक्षरमा एउटा लामो अपिल पनि प्रकाशित गरिएको थियो। अपिलमा– हाम्रो साझा आह्वानमा “मार्क्सवाद लेनिनवाद र सर्वहारा अन्तर्राष्ट्रिय प्रजातान्त्रिक शक्तिहरूलाई एकजुट पारौं जनताका अधिकारहरूका लागि सङ्घर्षमा एकबद्ध होऔं।” (पूरा अपिल परिशिष्ट ६ मा हेर्नुहोस्) भनिएको थियो।

पार्टीका नेता निलाम्बर आचार्य र कृष्णराज वर्माले नेकपा (संयुक्त) परित्याग गरे। बर्माले कम्युनिष्ट राजनीतिबाट नै सन्यास लिए भने आचार्य नेपाली काङ्ग्रेसको सरकारको कार्यकालमा श्रीलंकाको लागि नेपालका महामहिम राजदुत बन्न पुगे। नेकपा (संयुक्त) का अध्यक्ष तुल्सी लाल अमात्य र बिष्णुबहादुर मानन्धरका बीचमा राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमका विषयमा मतभिन्नता उत्पन्न भयो। मानन्धरका विचारमा 'राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम समाजवादी देशको सहयोगका आधारमा कार्यान्वयन हुने कार्यक्रम भएकोले सोभियत संघको बिघटनसँगै त्यसको सान्दर्भिकता रहेन।' त्यसकारण 'जनवादी प्रजातन्त्र' भनियो। अमात्यका विचारमा यो 'एल्तसिनवादी नीति' कमिटीमा बहुमतका नाउँमा लाद्ने काम शुरू भयो। यो विचार अमात्यका मतमा 'विर्सजनवादी लाइन' थियो। जुन आधारमा 'तीन पार्टीको मेल भएको थियो, ती तीनवटा कुराहरू नेकपा प्रजातन्त्रवादी पक्षकाहरूले छोड्ने काम गरेकाले' एकता कायम रहन सकेन। अमात्य नेकपा (संयुक्त)बाट अलग भए।

यसका बारेमा अमात्य लेख्छन्– *सोभियत संघ विघटन भैसकेको र त्यहाँ कम्युनिष्ट व्यवस्था खत्तम भइसकेकोले अब नेपालमा 'राष्ट्रिय प्रजातान्त्रिक आन्दोलन' लाई असम्भव भन्न थालियो र यसलाई त्याग्ने काम भयो र बहुमतको निर्णय भन्दै हामीले पनि छोड्नु पर्ने बाध्यता ल्याउन थालियो। (अमात्य, २०६२)*

अमात्य नेकपा (संयुक्त)को अध्यक्ष भएको वेलामा नेकपा एमालेले लिएको विचारको पनि तिब्र खण्डन गर्दथे। (परिशिष्ट ७ हेर्नुहोस्)

## तीस वर्षपछि चौथो महाधिवेशन

नेपाल कम्युनिष्ट पार्टी माले र मार्क्सवादी बीच पार्टी एकिकरण भएको चार दिन पछि (२०४७ पौष २६ गते) तुल्सी लाल अमात्यले पार्टीको राष्ट्रिय कार्यकर्ता भेलाको आयोजना गरे। राष्ट्रिय कार्यकर्ता भेला पछि नेकपा (अमान्य) को नाममा निर्वाचन आयोगमा दर्ता गरी पार्टी आम निर्वाचनमा सहभागी भयो। निर्वाचन पछि तुल्सी लाल अमात्यले मानन्धरको प्रजातन्त्रवादी र बर्मा समुहसँग एकता गरेर नेकपा(संयुक्त) अध्यक्ष बनेको भए तापनि त्यो एकता टिक्न सकेन।

त्यसपछि तुल्सी लाल अमात्यले पार्टीको चौथो महाधिवेशनको आयोजना गरे। तेश्रो महाधिवेशन भएको तीस वर्ष पछि आयोजना गरिएको महाधिवेशन

२०४९ चैत्र २३ देखि २९ सम्म चलेको थियो। तेजबहादुर गुरूङ्गको अध्यक्षतामा भएको महाधिवेशनको उद्घाटन धनुषाका देवनन्दन साहबाट भएको थियो। राष्ट्रिय सभागृहमा उद्घाटन भइ पाटनमा बन्दसत्र गरिएको महाधिवेशनले पार्टीको पहिचानका लागि प्रयोग हुँदै आएको 'अमात्य' शब्द प्रयोग नगर्ने निर्णय गऱ्यो र पार्टी कार्यक्रमको नाम जनवादी राष्ट्रिय प्रजातन्त्रलाई पनि परिवर्तन गरेर राष्ट्रिय जनवादी प्रजातन्त्र नामाकरण गरियो । चौसट्ठी सदस्यीय राष्ट्रिय परिषद, बैकल्पिक सहित ३८ सदस्य रहेको केन्द्रीय समिति र सात जनाको पोलिटब्यूरोको गठन गरिएको थियो । पार्टी महासचिवमा अमात्य नै चयन गरिएका थिए।[२९]

## अन्तमा एमालेसँग एकता

नेकपा (एमाले)सँग वैचारिक भिन्नता राख्दै आएका अमात्यले अन्तमा आएर सो पार्टीसँग एकता गरे। पार्टी एकता गर्न अमात्यलाई विभिन्न नेताहरुले अनुरोध गर्दै आएका थिए।

२०३७ सालमा भएको जनमतसँग्रहपछि पार्टीहरूका बीचमा आ–आफ्ना नीतिहरूको आन्तरिक मूल्याङ्कनको गतिले तिब्रता पायो । पार्टी भित्र आफ्ना विचार प्रस्तुतगर्ने क्रममा नेता कार्यकर्ताको गतिशीलता बढ्यो । यसै क्रममा २०३३ सालमा सुरुङ खनेर नख्खु जेलबाट भाग्न सफल भएका विक्रम थापा (गोपाल शाक्य)ले तत्कालिन नेकपा (माले) मा १४ वटा भिन्न वैचारिक मत प्रस्तुत गरेका थिए । शाक्यले अमात्य, प्रधान, अधिकारी, मानन्धरले नेतृत्व गरेका पार्टीहरूलाई कम्युनष्टि पार्टी मान्नु पर्ने र एकिकृत पार्टी निर्माणको पहल गर्नु पर्ने विचार पनि राखेका थिए।

तर पार्टीले शाक्यलाई अनुशासनको कार्यवाही गऱ्यो । त्यसपछि उनी एकिकृत पार्टी निर्माणको पहलगर्न अनुरोध गर्न अमात्यलाई भेट्न भारतको राजधानी दिल्ली स्थिति विनोदनगर पनि पुगेका थिए । साथै, शाक्यले मनमोहन अधिकारी, सहाना प्रधान, विष्णु बहादुर मानन्धर, का. रोहीत, निर्मल लामा, कृष्णराज बर्मा, शम्भुराम श्रेष्ठ आदि नेताहरूलाई भेटेर एकिकृत पार्टी निमार्णको पहल गर्न अनुरोध गरेका थिए । तर पछि

---

२९ राष्ट्रपुकार २०५० बैशाख २ गते (सदस्यहरूको नामावली परिशिष्ट २ मा हेर्नुहोस्)

नेकपा (माले) ले शाक्यको विचारलाई आत्मसात गर्दै उनलाई पुनर्स्थापित गरेको थियो । (विस्तृत विवरण शाक्यकै शब्दमा –परिशिष्ट ३ र ४ मा पढ्नुहोस्)

विभाजित अवस्थामा रहेका विभिन्न पार्टीहरू बीचको एकताका विषयमा अघिल्ला पृष्ठहरूमा उल्लेख गरिसकिएको छ। त्यस एकताका बारेमा नेताहरु विक्रम थापा पनि सक्रिय थिए।

नेकपा एमालेले रौतहट जिल्ला इनरबारीमा सार्वजनिक भेलाको आयोजना गरेको थियो । त्यसै समयमा तुल्सी लाल अमात्य आफ्ना पुराना पार्टी कार्यकर्ता गेना पटेलको घरमा आएको खवर तत्कालिन नेकपा एमालेका महासचिव माधव कुमार नेपाललाई भयो । तुल्सी लाल अमात्यालई लिन डा. बंशीधर मिश्र, ऋषि भण्डारी लयायत एमालेका नेता कार्यकर्ता गेना पटेलको घर गए ।

भेलालाई तुल्सी लाल अमात्य, माधव कुमार नेपाल, मोदनाथ प्रश्रित, वंशीधर मिश्र, महादेव साह लगायतले सम्बोधन गरेका थिए। सभामा मन्तव्य राख्दै गर्दा कम्युनिष्ट पार्टीका पुराना कार्यकर्ता बयोबृद्ध महादेव साह अत्यन्त भावुक भए। उनले तुल्सी लाल अमात्यलाई सम्बोधन गर्दै, कमरेड तपाईसँग बर्षौ देखि काम गरियो, दुःख पाइयो, हण्डर खाइयो, तपाईहरू भन्नुहुन्छ विश्वका मजदूर एक हौं। तर तपाईहरू मिल्नु हुन्न। यदि तपाईहरूले एकता गर्नु हुन्न भने म यहीँ आत्मदाह गर्छु भने। जब बयोबृद्ध महादेव शाहले रुदैं यस्तो सम्बोधन गरे, पूरा सभा स्तब्ध भयो । (मोदनाथ प्रश्रीत र वंशीधर मिश्रसँग भएको कुराकानी)

राधाकृष्ण मैनाली पार्टी एकताका बारेमा आफ्ना अनुभव यस्ता शब्दमा व्यक्त गर्छन् –बहुदलीय व्यवस्था पुनर्स्थापनापछि चार पार्टीका बीचमा एकता गर्ने कुरामा मैले भूमिका खेलेको हुँ। चुनाव पनि संयुक्त भएर लडौं भनेका हौं। तर कमजोर, साना पार्टीले अत्याधिक स्थान माग गरेकोले सम्भव भएन। चुनाव अघि माले मार्क्सवादी अमात्य र रोहितका बीचमा पार्टी एकताको कुरा गऱ्यौं। अमात्य सोझो अलि अप्ठेरो हुनुहुन्थ्यो भने नारायणमान विजुक्छे असी प्रतिशत कुरा गर्ने बीस प्रतिशत रिजर्भ रहनु हुनुहुन्थ्यो । जसको कारण चार पार्टीका बीचमा एकता हुन सकेन । र माले मार्क्सवादी पार्टीका बीचमा मात्र एकता भयो ।

*मदन भण्डारीको के चाहना थियो भने मनमोहन अधिकारी, सहाना प्रधान र तुल्सी लाल अमात्यसँग एकता गरेमा कम्युनिष्ट आन्दालेन अगाडि बढ्न सक्छ। एकतामा आएको भए तुल्सी लाल अमात्यको पोजीसन दोश्रो हुन्थ्यो । मदन भण्डारी तेस्रो स्थानमा रहन तयार हुनुहुन्थ्यो । मदनले आन्दोलनलाई कसरी फाइदा हुन्छ भनेर मात्र हेर्नु हुन्थ्यो। मदनको दृष्टिमा तुल्सी लाल पनि एउटा धरोहर हुनुहुन्थ्यो। उहाँका उज्जवल राम्रा पक्ष थिए। मदन यस्तो सोच्नुहुन्थ्यो। मदन भण्डारी व्यक्तित्त्वको पहिचान र प्रभाव बुझ्ने नेता हुनुहुन्थ्यो। (मैनालीसँग भएको कुराकानी)*

पार्टी एकताका सम्बन्धमा माधवकुमार नेपाल –पहिलो चरणको वार्तामा सहाना, भरतमोहन, तुल्सी लाल, भीमप्रसाद उपाध्याय नारायण मान विजुक्च्छे, माधवकुमार नेपाल, जीवराज आश्रित, राधाकृष्ण मैनाली हुनुहुन्थ्यो। पार्टी एकताको कुरा अघि बढाएपछि नारायाणमान विजुक्छे एकतामा आउन तयार हुनु भएन। तुल्सी लाल अमात्य पनि एकतामा आउनु भएन। माले मार्क्सवादीका बीचमा एकता भयो र नेकपा (एमाले ) बन्यो।

२०५१ सालको मध्यावधि निर्वाचन भन्दा केही महिना अघि हामी मोहनचन्द्र अधिकारी, माधवकुमार नेपाल, मोदनाथ प्रश्रित, बंशीधर मिश्र इनरवारीमा कार्यकर्ता भेलाको कार्यक्रममा जम्मा भएका थियौं। तुल्सी लाल अमात्य पनि त्यहीँ आफ्ना पूराना कार्यकर्ताको घरमा हुनुहुन्छ भन्ने थाहा भयो । र हामीले उहाँलाई भेलामा सम्बेधन गर्न अनुरोध गर्‍यौं । त्यहाँ बयोबृद्ध नेता महादेव साहले पार्टी एकता गर्नलाई अमात्यलाई जोडदार आग्रह गर्नु भयो। हामी बैलगाडामा इनरवारीबाट गौर आयौं र तुल्सी लाल अमात्यको प्रमुख आतिथ्यमा आमसभा गर्‍यौ। यसरी अमात्य र हाम्रो पार्टी नेकपा (एमाले) का बीचमा एकताको वातावरण बन्यो र २०५० साल मंसिर २९ गते एकता भयो र अमात्य स्थायी समिति सदस्य हुनुभयो । (माधवकुमार नेपालसँग भएको कुराकानी)

***

# धर्म र अर्थ-राजनीति सम्बन्धी अवधारणा

## संविधान सम्बन्धी धारणा

२०४६ साल फागुन ७ गते जनआन्दोलन शुरू भयो। संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेसको संयुक्त आह्वानमा भएको ४९ दिनको आन्दोलनबाट निर्दलीय पंचायती व्यवस्थाको अन्त्यसँगै अन्तरिम सरकारको गठन पछि राजा विरेन्द्रबाट जेष्ठ १६ गते संविधान सुझाव आयोग गठन गरियो। प्रधानन्यायाधीश विश्वनाथप्रसाद उपाध्यायको अध्यक्षतामा गठित सो आयोगमा माधव कुमार नेपाल, भरतमोहन अधिकारी र निर्मल लामा संयुक्त वाममोर्चाका तर्फबाट सदस्य रहेका थिए। संविधान सुझाव आयोगले राजनीतिक पार्टी लगायत आम नागरिकसँग सुझाव दिन अनुरोध गऱ्यो। नेकपा (अमात्य) का महासचिव तुल्सी लाल अमात्यबाट आयोगलाई सुझाव दिइयो। उनले "नेपालको भावी संविधान कस्तो हुनुपर्छ" भन्ने शिर्षकमा सुझाव पेश गरेका थिए। अमात्यको सुझावमा भनिएको छ–

*समाजवाद अथवा राष्ट्रिय प्रजातन्त्र मात्र होइन पूँजीवाद पनि हुकुमशाही राज्यमा फष्टाउन सक्दैन। यसकारण पनि हामीलाई राष्ट्रिय प्रजातन्त्र चाहिएको हो र २०४६ सालको जनआन्दोलनले सामन्ती हुकुमशाही व्यवस्थाको जगलाई नष्ट गरेर उखाडेर प्रजातान्त्रिक व्यवस्थाको जग हाल्ने काम भएको छ। अब पनि नेपालमा प्रजातान्त्रिक ब्यवस्थामाथि कसैले हमला गर्छ भने निश्चित छ यस्ता प्रतिक्रियावादी तत्वहरूको नामोनिशान जनताले मेटाई दिनेछन्। वर्तमानमा हाम्रो अगाडि अझ पनि एउटा सवाल छ, संविधान कस्तो बन्ने ? र यसमा राजाको स्थान के हुने हो ?*

*जनतामाथि धाक र रवाफ जमाएर मानिसलाई मानिस नगन्ने तत्वहरू (प्रतिगामी तत्वहरू) अझै राजालाई अगाडि सारेर फेरि एकपटक हुकुमशाही फर्काउने स्वप्न देखिरहेका छन्। यस्ता तत्वहरू खासगरी राणाकालदेखि जनतालाई शोषण र दमन गरेर आएका सामन्ती राणा र शाहहरू जो नै फौजी अफिसर र कमाण्डरको रूपमा छन्, हुकुमशाही व्यवस्था नै नेपालमा रहोस् भन्ने पक्षमा छन्। देशमा बारम्बार हिंसात्मक क्रान्तिको आवश्यकतालाई जोगाई राख्ने यस्तै तत्वहरू हुन्छन्। राजा र*

*जनता बीच मिल्नै नसक्ने अन्तरविरोधलाई जोगाएर राजतन्त्रको जगलाई नै नष्ट गर्नु पर्ने स्थितिलाई पैदा गर्ने पनि यिनीहरू नै हुन्।"*

संविधान निर्माणको विषयमा केन्द्रीत हुँदै यस्तो सुभाव दिइएको थियो– *जहाँसम्म संविधान कस्तो बन्नु पर्छ भन्ने सवाल छ, श्री ५ त्रिभुवनले २००५ सालमा नै बाहुन (श्री ५ को त्यसबेलाको पूजारी) को हात छोएर प्रणगरी टुङ्गाई बक्सेको थियो। श्री ५ त्रिभुवनको प्रण थियो "म सत्य सत्य पावरको लोभ गर्दिन।" यस प्रणलाई श्री ५ त्रिभुवनको भारत प्रवासबाट फर्की २००७ साल फागुन ७ गतेको घोषणाले पुष्टि गरेको छ। यस घोषणामा भनिएको थियो, "अब उपरान्त हाम्रो देशको जनताको शासन जनताले मतदानद्वारा चुनेको संविधान सभाद्वारा तर्जुमा गरिएको संविधान अनुसार होस्।" जुन बेला राजाले प्रण गरिबक्सेको थियो, त्यसबेला श्री ५ त्रिभुवनको अगाडि मेरो प्रस्ताव थियो नेपालमा बेलायत जस्तो सर्बशक्तिसम्पन्न सार्वभौम संसद भएको संसदीय व्यवस्था स्थापना होस् जसमा हामीले राजालाई बेलायतको राजा जस्तै आदरको साथ राख्ने छौं।*

*अब आउने संविधानमा राजालाई मात्र होइन अरू कसैलाई पनि हुकुमशाही चलाउने गुन्जायस दिनु हुँदैन। राजाको मात्र होइन प्रधानमन्त्री होस् वा मन्त्रीमण्डल कसैको पनि हुकुमशाही हुनु हुँदैन। कहिलेकाहीं प्रजातन्त्रको नाममा चुनिएको प्रधानमन्त्री पनि हुकुमशाही हुन चाहन्छ भन्ने कुरो श्री विश्वेश्वरले चीन भ्रमणबाट फर्केपछि पार्लियामेन्टमा मेरो अगाडि गर्नु भएको कुरोले स्पष्ट गर्दछ। वहाँले भन्नु भएको थियो, "देश विकासको निम्ति अलि हुकुमशाही हुनु पर्ने रहेछ।" यसरी वहाँले आफू हुकुमशाही हुनु पर्ने इच्छा व्यक्त गर्नु भएको थियो। तर २०१७ सालको काण्डले उहाँको यस इच्छालाई मूर्तरूप दिने बाटो बन्द गरिदियो र विश्वेश्वरजीको सट्टा राजा महेन्द्रको हुकुमशाही स्थापना भयो।*

तुल्सी लाल अमात्य स्वच्छ निर्वाचन प्रणालीका पक्षमा थिए। उनले यस सम्बन्धमा सबिस्तार लेखेका छन्। उनको सुझाव थियो, *" निर्वाचन स्वतन्त्र र स्वच्छ रहोस् भन्नका लागि कुनै पार्टी उम्मेदवारको चुनावको खर्च सरकारले नै व्यहोर्नु पर्छ ताकि उम्मेदवारहरूले काला बजारीयाहरू, घुसखोरहरू इत्यादि २ नं. धन्दा गर्नेहरूको अगाडि हात पसार्न नपरोस्। जब २ नं. धन्दा गर्नेहरूसँग हात पसारेर चन्दा बटुली चुनाव लड्नु पर्छ ती संसद सदस्यहरूले राष्ट्रिय तथा जनताको स्वार्थ हेर्ने सट्टा २ नम्बरीयाहरू कै स्वार्थ रक्षा गर्न बाध्य हुनेछन् र देशबाट भ्रष्टचार कदापि मेटिने छैन। अझ विदेशीहरूसँग हात पसार्दा त झन देशको राजनीतिक र आर्थिक स्वतन्त्रता र सार्वभौमसत्तामा असर पर्न जाने संभावना रहन जानेछ। यस्तै गरि मतदाताहरूको बीच पैसा वितरण गरी अथवा पद र पैसाको*

*प्रलोभन दिएर मत प्राप्त गर्ने अथवा लठैंत गुण्डाहरू लगाएर बुथ कब्जा गर्ने कार्य अबैध घोषित गरी यसरी जितेको जित बदर हुनुपर्छ।*

*यहाँ एउटा सवाल उठ्न सक्छ कतिलाई खर्च पुऱ्याउने ? यस समस्यालाई समाधान गर्न पार्टीको मान्यता उसैले पाओस् जुन पार्टीले आम चुनावमा ५ प्रतिशत मत प्राप्त गरेको होस् अथवा कमसेकम तीन जना उम्मेदवारले जितेको होस् । यस कार्यले एकातिर पार्टी विभाजनलाई रोक्ने छ भने अर्कोतिर चुनाव लड्ने पार्टीको संख्याहरूलाई सीमित राख्न मद्दत गर्नेछ। पश्चिम जर्मनीमा यस्तो नियम लागु गर्दा चुनाव हुनु भन्दा पहिले ११ दल थिए भने चुनाव पछि ५ दल मात्र रहन पुगे।"*

यस्तै संविधानको श्रोत जनआन्दोलन भएकोले त्यसलाई स्पष्ट रूपमा उल्लेख गर्न अनुरोध गरेका थिए । अमात्यले आफ्नो सुझावमा लेखेका छन् – *"संसदको दुई तिहाइ मतले संविधान संसोधन गर्ने अधिकार रहोस्। ठूलाठूला समस्या आएमा जनमत सँग्रह गरी संविधानको संसोधन गर्ने प्रावधान होस्। कमजोर वर्गको रक्षाका लागि संविधानमा समाजवादी राष्ट्रको लक्ष्यलाई स्पष्टसँग उल्लेख गरियोस्। मजदुर अधिकार सुरक्षित रहोस्।"(अमात्य, २०६०)*

## राष्ट्रप्रमुख सम्बन्धी धारणा

तुल्सी लाल अमात्यले राजा त्रिभुवनलाई भेटेका थिए । सशस्त्र गुरिल्ला सङ्घर्षका माध्यमबाट राणा शासनको अन्त्य गरेर बेलायतको जस्तो संवैधानिक राजतन्त्र सहितको प्रजातन्त्र स्थापना गर्ने कुरा उनले राजासँग गरेका थिए।

२०५३ सालमा सूर्य थापासँगको अन्तरवार्तामा तुल्सी लाल अमात्यले राजतन्त्र, गणतन्त्र, राष्ट्रपति, सर्वशक्ति सम्पन्न सार्वभौम संसद र पूँजीवादी चुनावी प्रणालीका विषयमा आफ्नो अवधारणा प्रष्ट शब्दमा व्यक्त गरेका थिए। थापाको राजतन्त्र र गणतन्त्रको विवादको सम्बन्धमा गरिएको पहिलो प्रश्नमा अमात्यको उत्तर थियो– *"२०४६ सालपछिको नेपाली राजतन्त्रको विशेष भूमिका मैले अध्ययन गर्न पाएको छैन । तर मेरो अडान शुरूदेखि नै सवैधानिक राजतन्त्र हुनुपर्छ भन्ने हो । २००५ सालतिर श्री ५ त्रिभुवनसँग भेट भएको थियो । राजाले म शक्तिको लोभ गर्दिन भने । मैले पनि हामी बेलायतको जस्तो यहाँ पनि राजतन्त्रलाई मान्दछौं भनें । त्यस्तै राजा महेन्द्रसँग भेट हुदाँखेरि पनि यस्तै कुराकानी चल्यो । त्यसबखत मैले आफू*

*संवैधानिक राजतन्त्रको पक्षमा छु भनेको थिएँ । हामी हुकुमशाही राजा मान्दैनौं त्यसो भनेर गणतन्त्र पनि भर्खर चाहिहालेको छैनौं। यो प्रष्ट कुरा हो।" (अविश्रान्त राजनायक:तुल्सी लाल अमात्य)*

राजा त्रिभुवनप्रति तुल्सी लाल अमात्यबाट जुन भावना प्रकट गरिएको छ पृथ्वीनारायण शाहको भूमिकाप्रति भने त्यस्तो विचार पाइदैन। उनी संस्मरणका पानाहरूमा लेख्छन्– *"जनताको जागरूकता र प्रजातान्त्रिक स्पिरिट मार्ने पहिलो राजा पृथ्वीनारायण शाह थिए, जसलाई पाटनका जनताले राजा हुनका निम्ति बोलाएका थिए। जनताले स्वेच्छाले बोलाएका बेला नभई फौजी बलले जितेर जनतालाई दमन गर्ने कार्यको शुरूवात पृथ्वीनारायण शाहबाट भयो । एकीकरण गर्नेले निमन्त्रणा दिएपछि शान्तिपूर्ण तरिकाले आएर राज गरे भइहाल्थ्यो। राम्रोसँग राज गरेको खण्डमा पाटनका जनताले पूजा नै गरेर राख्थेहोलान्। तर होइन श्री ५ पृथ्वीनारायण शाहलाई सम्पूर्ण नेवारहरूलाई निःशस्त्र पार्नु थियो। भएभरका भारदारहरू गन्यमान्य व्यक्तिहरू नाश गर्नु थियो अनि जनतालाई त्रस्त पारेर हुकुमशाही चलाउनु थियो। नेवार–क्षेत्रीले आफूलाई क्षेत्री नभनी 'छ थरी' भन्न बाध्य गराए र सम्पूर्ण नेवार जातिलाई वैश्यमा दर्ता गराए । धार्मिक भेदभाव नभएको उपत्यकामा आफूलाई हिन्दु राजाको रूपमा स्थापना गराए । के एकिकरणको तरिका यही हो ? यसलाई श्री ५ पृथ्वीनारायण शाहको उपत्यका माथि विजय भन्न सकिन्छ ?"( अमात्य, २०६२)*

## 'तृतीय महाधिवेशनमा गणतन्त्रमा राजतन्त्रको सवाल उठाएको थिइन'

सूर्य थापाको अर्को प्रश्नको जवाफमा तुल्सी लाल अमात्य–*"तृतिय महाधिवेशन गर्दाखेरि पनि मैले गणतन्त्रमा राजतन्त्रको सवाल उठाएको थिइन। मेरो अडान राष्ट्राध्यक्षको पक्षमा थियो । त्यसमा राजा र राष्ट्रपति दुवै पर्छन् । जो सुकै भए तापनि उसले जनताको विश्वास प्राप्त गरेको हुनुपर्छ। राष्ट्रपति भएर मनपरी गर्न थाल्यो भने त त्यो पनि काम लाग्दैन। मूल कुरा राजा या राष्ट्रपति भन्ने होइन, तर जनताले अधिकार पाउनु पर्छ। जनताको सार्वभौमसत्ता छ। त्यसको अभ्यास जनतालाई गर्न दिनु पर्छ। अहिले हाम्रो संसद सर्वशक्ति सम्पन्न छ। यसो हुनुपर्छ भन्ने मेरो शुरूदेखि कै अडान हो। २०४६ सालको जनआन्दोलन आखिर यही विन्दुमा पुगेर टुंगिएको छ। २०४६ अघि त पंञ्चायतको नाममा सिधै राजाको हुकुमशाही चलेको थियो। त्यसको हामीले सधै विरोध गर्‍यौं, आफ्नो कुनै चिजको पर्वाह राखेनौं।"*

## 'प्रजातन्त्र जहिले पनि दुई किसिमको हुन्छ'

*एक अर्को जिज्ञासमा अमात्यले प्रजातन्त्रको व्याख्या गरेका छन्। उनी भन्छन्–*

*“२०४६ सालमा बहुदलीय व्यवस्थाको पुनः स्थापना भयो । २०४७ सालमा नयाँ संविधान बन्यो। नयाँ संविधानमा राजाको पनि स्वीकृति छ। त्यो एउटा प्रजातान्त्रिक संविधान हो । जसमा संवैधानिक राजतन्त्र छ, जनता सर्वभौम रहेका छन् । सर्वशक्तिसम्पन्न भएको छ। तर हामीले चाहेको जनवादी प्रजातन्त्र हो।* ***प्रजातन्त्र जहिले पनि दुई किसिमको हुन्छ। त्यही प्रजातन्त्रलाई पूँजीवादी प्रजातन्त्र बनाउँन सकिन्छ र त्यसैलाई जनवादी पनि गराउन सकिन्छ। यो कुरा कुन शक्ति निर्णायक छ र कसरी काम गरिरहेको छ ? मूलतः यसमा निर्भर रहन्छ। मान्छेहरूले पैसाको भरमा चुनाव जितेर आउँछन भने त्यो पूँजीवादी प्रजातन्त्र हो, जसले देश कहिल्यै पनि बनाउँदैन। त्यहाँ घुसखोरी चल्छ। चुनाव नै पैसा खर्चगरेर जित्नुपरेपछि कसरी घुसखोरी नचलोस् ? आज मैले १० करोड कमाउँछु भने म चुनाव नै लड्दिनँ। जब १० करोड खर्च गरेर २० करोड कमाउने बाटो देख्छु, अनि चुनावमा जसरी पनि जित्ने सोचाई राख्छु र लड्छु। यसरी भष्टचार कहिल्यै पनि निवारण हुन सक्दैन। देश कहिल्यै बन्न सक्तैन। नातावाद, कृपावाद र चाकरीवाद कहिल्यै मेटिँदैन। तसर्थ प्रजातन्त्रको स्वरूप पूँजीवाद नभई जनवादी हुनुपर्छ।”*** *(अविश्रान्त राजनायकः तुल्सी लाल अमात्य )*

## आर्थिक विकासको गैरपुँजीवादी बाटे

तुल्सी लाल अमात्यले भूमि व्यवस्थापन र विकासको बाटोमा पनि भिन्न अवधारणा राखेको पाइन्छ । शुरूदेखि नै उनी जमीनमा हदबन्दीको नीति भन्दा भिन्न  विचार राख्थे । हदबन्दीले जमिन्दार र सामान्तहरूलाई जमीन लुकाउने अवसर मिल्छ त्यसैले यो नीति अपनाउन हुन्न भन्थे। परिवार पाल्न चाहिने भन्दाबढी जग्गा जमीन सरकारले नियन्त्रणमा लिएर किसानलाई वितरण गर्ने र बाँकी जमीनलाई राजकीय–भूमिका रूपमा राख्नु पर्ने विचार राख्थे । नेकपाले शुरूमा बिनामुआवजा जमीनमा हदबन्दी लगाउने नीति लिएको थियो । २०४६ सालमा आएर मुआवजा दिने नीति लियो । कैयन परिवारले आफ्नै परिश्रमबाट आर्जित धनबाट जमीन जोडेको कुरा पार्टीले मूल्यांकन गऱ्यो। अमात्य पूँजीवादी विकासको बाटोका विरोधी थिए। उनी गैर पूँजीवादी बाटो अपनाउनु पर्ने नीतिका पक्षमा थिए।  नयाँ जनवादी पूँजीवादी क्रान्तिले अपनाउने विकासको नीतिसँग उनी असहमति राख्दथे।

यसैगरी अमात्य वैदेशिक ऋण र लगानीको पनि विपक्षमा थिए। नेकपाको प्रथम महाधिवेशनले ५१ प्रतिशत स्वदेशी र ४९ प्रतिशत विदेशी पूँजी लगानीको अवधारणा पास गरेको थियो। यस अवधारणासँग तुल्सी लाल अमात्य असहमत

थिए। तुल्सी लालले 'यस्तो नीति अपनाउँदा नवऔपनिवेशिक अवस्था उत्पन्न हुन्छ' भन्थे । उनी भन्छन्, *"नेपाल जस्तो पिछडिएको देशको निम्ति पूँजीवादको विकासको निम्ति नेपालसँग न बजार छ न पूँजी छ , न टेक्निक छ। यसै पूँजीवादी विकास भन्नु विदेशी पूँजीको प्रभुत्व भएको नव–उपनिवेशवाद नै हुनेछ । नव–उपनिवेशवादको प्रभुत्वले नेपाललाई आर्थिक रूपले आत्मनिर्भर बनाउने होइन । यसले आधारभूत आवश्यकता पूरा गर्ने जस्तो जनतालाई अलमल्याउने नारा दिएर देश र जनतालाई सदाका निम्ति पछौटेपनमा नै जकडिराख्ने काम गर्छ । यसले घरेलु र सानातिना ग्रामीण उद्योगहरूमा अलमलाएर देशलाई पछौटेपनमा अलमल्याइ राख्ने हो । देशलाई झन्–झन् ऋणमा डुबाएर विदेशीका निम्ति फराकिलो बजार बनाएर हामी नेपाली माथिको शोषणलाई झन्–झन् तीव्र पारेर लाने हो। बाहिरबाट हेर्दा देश उन्नतितिर लैजाने तर भित्रबाट देशलाई खोक्रो पारेर जनजीवनलाई सदा दरिद्र हालतमा जडकिराख्ने योजना हो यो।"(अमात्य, २०६२)*

नेकपाको तेस्रो महाधिवेशनबाट निर्वाचित महासचिव अमात्यले नयाँ जनवादी पूँजीवादी बाटोबाट समाजवादमा संक्रमणको अवस्था तयार पार्ने नीतिको खरो रूपमा खण्डन गरेका छन्। उनी लेख्छन्, *"का. पुष्पलालले आफ्नो दस्तावेजमा नयाँ जनवादको ठीक पछाडि कोष्ठमा "पूँजीवादी प्रजातन्त्र" लेखे भने का. मोहनविक्रम सिंहले आफ्नो 'उग्रवामको विरोध गरौं' नामक पुस्तकमा नयाँ जनवाद भनेको सर्वहारा वर्गको राज्य हो र यसको आर्थिक कार्य भने पूँजीवाद विकास भन्न थाले । का. मदन भण्डारीले आफ्नो राजनीति बहुदलीय जनवादलाई 'नयाँ खाले पूँजीवादी प्रजातन्त्र' भन्न थाले र यसलाई 'पूँजीवादी जनवाद' भन्ने पनि संज्ञा दिए। नयाँ जनवाद भन्ने सबैले आफ्नो राजनीतिलाई पूँजीवादसँग लगनगाँठो जोडेर नेपालको प्रजातान्त्रिक आन्दोलनलाई पूँजीवादी प्रजातन्त्रमा सीमित गरे।"* *अमात्यले भनेका छन्, "जसले गर्दा नेपाली जनजीवन झन्–झन् कष्टकर भएको छ र देशमा नव–औपनिवेशिक अवस्था उत्पन्न भएकोछ।"*

**'साम्राज्यवाद हुंडार हो'** तुल्सी लाल अमात्यले नव–उपनिवेशवादको चरित्रलाई ब्वाँसोसँग तुलना गरेका छन् । उनी एकाधिकार पूँजीवादको चरित्रका बारेमा यस्तो विश्लेषण गर्छन्, *पहिलेको साम्राज्यवाद हुँडार हो भने अहिलेको नव–उपनिवेशवाद ब्वाँसो हो। हुँडारले देखिने गरी बाहिरबाट हमला गरी मासु खान्छन् भने ब्वाँसोले कनाउँदै खुशी पारेर पेटभित्र हात पसाएर आन्द्रा भुँडी, कलेजो, फोक्सो, मुटु सबै खाइदिन्छ ।... यही हो आजको नवउपनिवेशवाद, जो पहिले मदतका नाउँमा भित्र पस्छन् । अनेक आर्थिक मद्दत पनि दिन्छन् । अनुदान*

*दिन्छन् । तर ऋणमा फसाउँछन् । आफ्नो पूँजी घुसाउँछन् र क्रमशः राजनीतिक तथा आर्थिक व्यवस्थामा कब्जा जमाउँछन् । ऋणमा फसाएर चलफिर गर्न नसक्ने हालतमा पुऱ्याउँछन् र मौका पारेर फौजी मद्दतका नाममा त्यसदेशमा फौजी अखडा खडा गर्छन् ।*

**विकासको मोडल**–२००१ सालमा अर्थशास्त्रमा एम.ए. पास गरेका नेपालका वाम–लोकतान्त्रिक आन्दोलनका नेता तुल्सी लाल अमात्यले आर्थिक विकासको मोडेल प्रस्तुत गरेका छन् । उनको विकासको ढाँचा भने तीन खम्बे अर्थनीतिमा नै आधारित देखिन्छ, जुन यस प्रकारको छ–(१) राजकीय क्षेत्र (२) राष्ट्रिय पूँजीपतिद्वारा सञ्चालित राष्ट्रिय क्षेत्र (३) सहकारी क्षेत्र, र (४) सरकारी तथा जनताको संयुक्त लगानीद्वारा सञ्चालित क्षेत्र ।

उनले आफ्नो अन्तिम भाषणमा पनि विकासको मोडेलमा नै जोड दिएका थिए । इन्सेकद्वारा प्रदान गरिने मानव अधिकार पुरस्कार कमैया मुक्तिको लागि लामो समय देखि सङ्घर्षरत दाङका किसान नेता ऋषिराम थारूलाई दिने निर्णय गरिएको थियो । पुरस्कार तुल्सी लाल अमात्यको हातबाट प्रदान गर्न संस्थाका महासचिव प्रा.डा. राजेश गौतमले प्रस्ताव गरेका थिए । २०५४ साल साउन १६ गते पुरस्कार प्रदान गर्दै प्रमुख अतिथिको आसनबाट अमात्यले नीतिगत भाषण दिएका थिए ।

तुल्सी लाल अमात्यको अन्तिम भाषणमा ब्यक्त केही महत्त्वपूर्ण नीतिगत विचार यस्ता थिए– *"नेपालमा औद्योगिक विकास गर्न सरकारले ध्यान पुऱ्याउनु पऱ्यो । विदेशी पूँजी आउला भनेर मात्र हुँदैन । त्यो त्यति सजिलै आउदैन आए पनि हामीलाई कुनै फाइदा छैन । एकातिर हामी कमैया प्रथाको विरोध गर्ने, अर्कोतिर विदेशीहरूको कमैया बन्न उनीहरूकै पूँजी र लगानी ताकेर हुन्छ ? यहाँ हामीले आफ्नै बल र बुद्धिले लगानी गरेर उद्योगको विकास गर्नु परेको छ । तर सरकारले त यहाँ भएको उद्योग पनि बेच्दैछ । अस्ति मात्र कृषि औजार कारखाना बेचियो, भृकुटी कागज कारखाना बेचियो, बाँसवारी जुत्ता कारखाना बेचियो । यसरी कारखाना बेचेर देशको उन्नति हुन्छ ? के यो देशको भलो गर्ने बाटो हो ? (अमात्यले यहाँ नेपाली काङ्ग्रेसले निजीकरणको नाममा सरकारद्वारा सञ्चालित उद्योग बिक्री गरेको कुराको विरोध गरेका छन् । त्यसकारण हामीमा हरेक क्षेत्रमा राष्ट्रियताको भावना आवश्यक छ । हाम्रो देश हामीले नै बनाउनु पर्छ भन्ने धारणा सबैले बोक्नु पर्ने भएको छ ।"*

**सरकार सञ्चालनको नीति :** सरकार सञ्चालनका सम्बन्धमा अमात्यले आफ्नो अन्तिम भाषणमा यस्तो विचार ब्यक्त गरेका थिए– *बहुदलीय शासनमा*

*सबैको सल्लाहबाट संसद चल्नु पर्छ। के त्यो मुख छाडने ठाउँ हो ? आपसमा लडने ठाउँ हो ? त्यहाँ त सबैले देश कसरी बनाउने भनी दिमाग खियाउनु पर्छ। विरोधी दलले पनि देश बनाउने सुझाब देओस, शासन गरिरहेका दलहरूले पनि सबैलाई समेटेर कार्यक्रम तय गरून् र त्यसको कार्यक्रममा कमी अथवा त्रुटी रहेको भए विपक्षीहरूले औंल्याइदेओस् । तर हामी कहाँ त विरोधी दलको काम कसरी सत्ता गिराउने भन्ने कुरामा मात्र सीमित रहेको छ। यसरी सत्ता ढाल्ने बनाउने कुराबाट मात्र देश बन्छ ? मैले धेरै अगाडि देखि भन्दै आएको छु –संसदमा आफ्नो बहुमत भएपनि कम्युनिष्ट पार्टीले एक्लै शासन चलाउनु हुँदैन। सम्भव भएसम्मका स–साना शक्तिलाई समेटेर ब्यापक संयुक्त मोर्चा बनाएर काम गर्न खोज्नु पर्छ। मान्छेहरू चीनमा कम्युनिष्ट पार्टी एक्लैले शासन गरिरहेको बताउँछन्। तर यो वाहियता कुरा हो। त्यहाँ नौ वटा पार्टीको संयुक्त मोर्चा बनेको छ। सबैका प्रतिनिधीहरू मोर्चामा छन्। ५२ वटा जनजातिहरूबाट प्रतिनिधित्व गरिरहेका छन् । विभिन्न धार्मिक सङ्गठनका प्रतिनिधिहरू सरकारमा सामेल छन् । यसरी ब्यापक संयुक्त मोर्चा बनेपछि मात्र एक अरब बीस करोड जनतालाई खुशी तुल्याएर कम्युनिष्ट पार्टीको नेतृत्वमा शासन चलेको छ। हामी चाहिं अनावश्यक र अस्वस्थ प्रतिस्पर्धा गर्ने बाहेक कुरै जान्दैनौं। एकले अर्कोलाई पछार्ने मात्र चिन्तन बोकेपछि कहिले बन्छ– स्थायी र दिगो सरकार ? सरकारले विकास कार्यलाई अगाडि बढाउन आम्दानीका स्रोतहरू व्यवस्थित गरिरहनु पर्छ। चीनमा मैले देखैँ– त्यहाँ हरेक विभागले व्यवसाय गरिरहेको छ। पार्टी–पार्टीका व्यवसाय छन्। सरकारका विभाग–विभाग मातहत आम्दानीका स्रोत छन्। जसले गर्दा राजकीय क्षेत्र बलियो बनेको छ। उद्योग, कृषि र व्यवसायको ठूलो हिस्सा सरकारको हातमा राखेर त्यसको विकास गर्दै लैजाने काम हाम्रो सन्दर्भमा पनि गर्नु जरूरी छ। यसो गर्न सक्ने हो भने पैसा हाम्रै देशबाट निस्किन्छ।" (अविश्रान्त राजनायक)*

## अध्यात्मः धर्मको मर्ममा अमात्य

तुल्सी लाल अमात्य तुलसीमेहर र महात्मा गान्धीबाट अत्यन्त प्रभावित थिए । तुलसी मेहरसँग पाटनमा प्रदर्शन गरिएको जुलुसबाटै उनी पहिलो पटक जेल गएका थिए । उनकै साथमा उनले गान्धी आश्रमको भ्रमण गरेका थिए। प्रजातन्त्र र लोकतन्त्रको राजनीति सँगै गीता र बुद्ध दर्शनको पनि उनले अध्ययन गरेका थिए। भगवद्गीताका नित्य अध्ययता उनले श्री कृष्णलाई मानतावादी, अन्याय, अत्याचारका विरूद्धको सङ्घर्षका नायक, धर्मका सच्चा पथप्रदर्शकका रूपमा चित्रण गरेका छन्। धर्मको मर्म र श्री

कृष्ण पुस्तिकामा उनी लेख्छन्, "भगवान श्री कृष्ण भन्नु हुन्छ– **किं किर्म किम कर्मेत कयोप्यन्न मोहिताः ।** अर्थात् के गर्न हुन्छ र के गर्नु हुन्न भन्ने कुरोमा ठूला–ठूला विद्वान् कविहरू पनि मोहमा फसिसकेका छन्।" भनिन्छ, धर्मेन धार यते जगत" अर्थात् धर्मले नै जगतको रक्षा हुन्छ। तर साँच्चै भन्ने हो भने आज मानिसहरू धर्मको नाउँमा अधर्ममा संलग्न छन्। जुन काम गर्नाले यो जगतको रक्षा हुन्छ, त्यस दिशामा आज धर्म गरिएको देखिदैन । जुन काम गर्नाले निजी स्वार्थ सिद्ध हुन्छ अथवा निजी स्वार्थको रक्षा हुन्छ त्यसैलाई धर्म मान्न लागेको देखिन्छ।"

जरासन्धको अत्यचार र आक्रमणको बेलामा श्री कृष्णले रूकमणिसँग व्यक्त गरेको धारणा र कृष्ण सम्बन्धी कुन्तीको भनाइ– *'आफू र अरूमा फरक नदेख्ने जगतको परम हितैषी र मित्र साथै अनाथ र कमजोरहरूको एक मात्र सहारा र सबैलाई उत्तिकै माया गर्ने श्री कृष्णको चरित्र उल्लेख गर्दै तुल्सी लाल अमात्यले 'मानवतावाद नै श्री कृष्णको दर्शनको मूल सिद्धान्त हो।'* भने का छन्। *जनतामाथिको शोषण, दमन निर्मूल गर्नु अथवा यसको निम्ति सघर्ष गर्नु नै सही अर्थमा मानवको सेवा वा धर्म हो।'* श्री कृष्णकै अन्य अवतारका रूपमा वामन र नृसिंह अवतारको व्याख्य गरेका छन् – अमात्यले। वामनलाई निर्धन, भूमिहिन, दरिद्र असंख्य जनताको विशाल भिमकाय स्वरूपको रूपमा चित्रण गरेका छन् भने नृसिंहलाई सिंह जस्तै बलवान सूरवीर पराक्रमी विशाल जनताको फौजको अर्थमा व्याख्या गरेका छन्। तिनीहरूलाई निमुखा जनता र धर्मको सच्चा रक्षकका रूपमा प्रस्तुत गरेका छन्। उनी मुक्ति पथको वर्णन गर्दै लेख्छन् , *"जनतालाई शोषण दमनबाट मुक्ति दिलाई सामाजिक, आर्थिक एवम् राजनीतिक आदि सबै क्षेत्रमा जनतालाई मालिक बनाउने कार्यमा निस्वार्थ भावले निरन्तर संलग्न रहनु नै धर्मको मूल मर्म हो, ब्रहम प्राप्त गरी मुक्ति हुने बाटो हो।"*

**इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः ।**
**निर्दोषं हि सं ब्रहम तस्माद् ब्रहमणि ते स्थिताः ॥ १९ ॥**

**भगवद्‌गीता–अध्याय–५**

**अर्थः** *आफ्नो मनलाई समता र एकत्वमा स्थापित गरेका व्यक्तिहरूले आफ्नो जन्म र मृत्युको अवस्थालाई पहिल्यै जितिसकेका हुन्छन् । तिनीहरू*

*ब्रहम जस्तै निर्दोष हुन्छन् र यसरी सधैं ब्रहम मै स्थित हुन्छन् ।*

*भगवद्गीताको यस श्लोकको अर्थ अमात्यले साम्यवादी मानवतावादका रूपमा लगाएका छन् । उनी लेख्छन् , "श्री कृष्णको क्रान्तिकारी सङ्घर्षको लक्ष्य साम्यवाद नै हो भन्ने कुरो यस श्लोकले स्पष्ट गर्दछ। गीता सम्पूर्ण मानव एकै हो, सबको सुख दुःख एउटै हो र प्रत्येक मानिस आफू र अरू एउटै हो भन्ने साम्यवादी भावनाले ओतप्रोत छ। "*

श्री कृष्णको जन्म कारागारमा भयो । हत्या हुनबाट बचाउन मथुराबाट गोकुल पुऱ्याइयो। जन्मदिने माता पिताको काखमा उनी हुर्कन पाएनन्। उनलाई अर्कै माता पिताले हुर्काए। गोकुलबाट पनि उनी भाग्नु पऱ्यो। उनको हत्या गर्न चाहने कंशका विभिन्न षड्यन्त्रबाट उनी बच्नु पऱ्यो । श्रीकृष्णले गरेका यी सबै सङ्घर्षहरूको ब्याख्या अमात्यले आफ्नो 'धर्मका मर्म श्रीकृष्ण' नामक पुस्तिकामा गरेका छन्।

पच्चीस पृष्ठको यस पुस्तिकामा उनले श्रीकृष्णलाई एउटा महान क्रान्तिकारी नेता र ठूला दार्शनिकका रूपमा प्रस्तुत गरेका छन् । अमात्य श्रीकृष्णको पूँजाको व्याख्या गर्छन्। उनी भन्छन् **सर्वभूत हितेरत** समग्र प्राणीको हित कार्यमा लाग्नु नै उहाँ प्रतिको पूँजाको सही रूप हो । उनी धर्मको मर्मको व्याख्या यस्ता शब्दमा गर्छन् – *मानिसहरू गरीबलाई दुई पैसा दान दिएर एक छाक खुवाएर, कम्मल बाँडेर वा बाहुनलाई दानदिएर धर्म कमाएँ भन्ने सोच्छन्, के यस्तो दुई पैसा माग्नु पर्ने परामुखी पेक्षी भई अर्काले दिएको एक छाक खानु पर्ने, जाडो टार्न अर्काले दिएको कम्मल थाप्नु पर्ने परिस्थितिलाई संधैको निम्ति उन्मुलन गर्नु धर्मको मूल मर्म होइन ?*

*　　　　*　　　　*

भगवद्गीताबाट महान शहीद शुक्रराज शास्त्री, गंगालाल आदि क्रान्तिकारीहरू पनि प्रभावित थिए। उनीहरूले इन्द्रचोकमा गीताको व्याख्या गर्दै राणाहरूको निरंकुश शासनबाट मुक्तिको पथ प्रदर्शन गरेका थिए । भारतमा महात्मा गान्धी, लोकमान्य तिलक आदि भगवत्गीताको दर्शनका ब्याख्याता थिए। उनीहरूले अँग्रेजहरूको उपनिवेशबाट भारतवर्षको स्वतन्त्रतो आन्दोलनको शक्तिशाली औजारको रूपमा भगवत्गीतालाई आत्मसात गरेका थिए।

भगवद्गीतालाई वैदिक ज्ञान तथा उपनिषद्हरूको सार मानिन्छ । यो पौराणिक साहित्यको एउटा महत्त्वपूर्ण ग्रन्थ हो । यसलाई गीतोपनिषद् पनि

भनिन्छ। गीता माहात्म्य–६ मा भनिएको छ– “उपनिषदहरू गाई हुन् भने यो गीता तिनै गाईहरूको अमृतमय दुध हो । ग्वाला बालकका रूपमा विख्यात भगवान् श्री कृष्णले यसलाई दुहुने काम गर्नुभएको छ र अर्जुन बाच्छो बनेर दुध पगारिरहेका छन्। अनि भगवत् गीता रूपी यो अमृतमय दूध पान गर्ने जति सबै विद्वान् तथा शुद्ध भक्तहरू हुन्।”

गीतामा ‘भौतिक शरीर र अध्यात्मिक आत्माको विश्लेषणात्मक अध्ययनद्वारा आत्मसाक्षात्कार गर्ने उपदेश दिइएको छ । आसक्तिरहित भएर निष्काम भावले कर्म गर्ने र सहि आत्मबोधको स्थितिमा स्थिर भएका व्यक्तिहरूलाई यो साक्षात्कार सम्भव छ।’

श्रीमद्भगवत् ( १.२.११ ) मा ‘भगवानको अर्थ परम सत्य हो’ भनिएको छ । ‘ज्ञानको तीन अवस्थामा परम सत्यको अनुभव हुन्छ १. सर्वव्यापक, निराकार आत्मा वा बाह्य परमात्मा वा २. समस्त जीवात्माका हृदयमा विद्यामान तत्व र ३.भगवान श्री कृष्णमा।’ “परम सत्यका ज्ञाताहरूले यी तीन अवस्थामा परमसत्यको साक्षात्कार गर्दछन् र यिनीहरूमा कुनै भिन्न छैन्। यी तीन अवस्थालाई ब्रहम, परमात्मा, तथा भगवान् भनिएको छ।

‘कृष्ण द्वैपायन व्यासले वैदिक साहित्यको रचना गरे। वेदलाई चार भागमा विभक्त गरी तिनीहरूको व्याख्या गर्दै पूराणहरूको रचना गरे। अल्पज्ञहरूका लागि भगवद्गीता समावेश गरिएको महाभारत ग्रन्थ लेखे। त्यसपछि समग्र वैदिक साहित्यको सार स्वरूप वेदान्त–सूत्रको प्रतिपादन गरेर वेदान्त सूत्रकै सरल भाष्यका रूपमा श्रीमद्भगवत् ग्रन्थको रचना गरे।’ भनी भगवद्गीताका भास्यकारहरू लेखछन् –

भगवान्को अर्थ परम सत्यको अनुभवमा आधारित रहेको हुन्छ र श्री कृष्णलाई भगवान् भनी बताइएको छ । व्यास देवका पिता पराशर मुनि (ऋषि)ले संस्कृत शब्द ‘भगवान्’ को व्याख्या गरेका छन्। उनी भन्छन् ‘ ***जोसँग समस्त धनसम्पत्ति, सम्पूर्ण शक्ति, सम्पूर्ण यश, सम्पूर्ण सुन्दरता, सम्पूर्ण ज्ञान र सम्पूर्ण त्याग छ, त्यो परम पुरुषलाई भगवान् भनिन्छ।*** *यस्ता धेरै मानिसहरू छन् । जो कोही अति धनी छन्, कोही अति शक्तिशाली छन्, कोही अत्यन्त सुन्दर छन्, कोही अति बिख्यात छन्, कोही अति विद्वान् छन् र कोही अत्यन्त विरक्त पनि छन् तर कसैले पनि पूर्ण रूपले मसँग सम्पूर्ण धन, सम्पूर्ण शक्ति आदि छन् भन्न सक्दैन। एक मात्र श्रीकृष्णले यस्तो दावी गर्न सक्नु हुन्छ, किन*

*भने उहाँ स्वयं भगवान् हुनुहुन्छ। ब्रह्मा जी, शिवजी, नारायण आदि कुनै पनि जीव कृष्ण समान ऐश्वर्यशाली छैनन्। त्यसैले ब्रह्मा संहितामा स्वयं ब्रह्माजीले कृष्णलाई भगवान् भन्नु भएको छ। न कोही कृष्ण भन्दा ठूलो छ र कोही कृष्ण समान नै छ। गोविन्द नामले पनि चिनिनु हुने भगवान् श्री कृष्ण सवैका नारदका पनि कृष्ण परम आदि पुरुष हुनुहुन्छ। (अर्ज्याल, २०५९)*

*           *           *

प्राचीन कालमा रहेको वेदको प्रभाव भन्दा पनि बढी प्रभाव गीताले हिन्दुहरूको सामाजिक, धार्मिक र नैतिक जीवनमा पारेको पाइन्छ। हिन्दुहरूको जीवनमा गीताको यस्तो प्रभाव र पकड विगत एक हजार पाँच सय वर्ष अघिदेखि नै शुरु भएको मानिन्छ। गीताका अनुरागी समर्थकहरूले यसको व्याख्या भिन्न भिन्न एवम् असंख्य अर्थमा गरेका छन्। विभिन्न व्यक्तिहरूले विभिन्न समय र परिस्थितिमा विरोधाभाष युक्त व्याख्याहरू पनि गरेका छन्। (Marxism and the Bhagvat Geeta)

पाण्डव र गौरवका बीच राज्यको उत्तराधिकारको विषयलाई लिएर भएको सङ्घर्षका क्रममा उत्पन्न भएको पौराणिक युद्ध महाभारतको ऐतिहासिक पौराणिक महाकाव्यको महत्त्वपूर्ण दर्शन हो–भगवद्गीता।

युद्ध मैदानमा पाण्डव र कौरवका सेनाहरू आमने–सामने खडा भएका छन्। अर्जुन आफ्ना बन्धु बान्धवको युद्धमा संहार हुने देखेर आंककित हुन्छन् र आफ्ना सारथी श्रीकृष्णसँग आफू युद्ध गर्न तयार नरहेको बताउँछन् र युद्ध गर्न अस्विकार गर्छन्। युद्ध नचाहेका अर्जुनलाई युद्धका लागि प्रेरित गर्न श्री कृष्णले मृत्युको दार्शनिक अर्थ बताउँदै आत्मा, आत्माको अमरत्व र पूर्ण मान्छे अर्थात् स्थिता प्रज्ञान – असल र खराब भन्दा परै रहेको मान्छेको स्थितिको अवधारणा प्रष्ट्याउँछन्। तर पनि अर्जुन युद्धका लागि तयार हुँदैनन्। त्यस्तो अवस्थामा श्री कृष्णले आफ्नो विश्वविराट रूपमा सारा ब्रह्माण्डको दर्शन गराउँदै अर्जुनलाई भन्छन्" रगत र मासुले बनेको यो मानिस, अर्जुन, तिम्रो सारथी सर्वशक्तिमान भगवान् हुँ।" उनी अगाडि भन्छन् – अर्जुन यदि तिमी मारियौं भने स्वर्गको बास पाउँने छौं र जित्यौ भने पूरा साम्राज्य पाउने छौं।" गीता दर्शन दास युग र सामन्तवाद बीचको संक्रमणको समयको दर्शन। (गोपीरमण उपाध्यायसँगको कुराकानी)

*           *           *

*गीता कुन कालमा वा युगमा रचना गरिएको वा संकलन भएको हो ? र यस दर्शनको विकास कस्तो भौतिक, सामाजिक, ऐतिहासक अवस्थामा भएको हो? भन्ने जिज्ञासा पनि स्वाभाविक रूपमा नै उत्पन्न हुन्छ।*

*भारतका विद्वान् मार्क्सवादी लेखक एस.जी. सरदेसाइले डा. जी. अधिकारी र प्राध्यापक देवी प्रसाद चट्टोपाध्यायको परामर्शमा 'Marxism and The Bhagvat Geeta' को पुस्तिकामा "The Riddle of the Geeta" शिर्षकमा गीताको संकलन क्रिश्चियन युगको आरम्भ र सन् २५० को बीचमा भएको तथ्य उपनिषदिक काल र गीता लेखनको समय सम्मको ऐतिहासिक विकासक्रमको व्याख्या गर्दै स्पष्ट पारेका छन्।*

*सरदेसाइले लेखेका छन्– भारतवर्ष (गंगा नदिको मैदानी भाग)मा अलेक्जेण्डरले गरेको आक्रमण बाहेक मूस्लिम कालसम्म अरब, तुर्क अफगान, आगमनको मध्यकाल अघिसम्मको प्राचीन भारत वर्षको इतिहास स्पष्ट छैन।*

*सरदेसाइले भारतवर्षमा भएको उत्पादक शक्तिहरूको विकासको आधारमा मध्य वैदिक कालको पहिचान गरेका छन्। त्यस समयको भारोपेली समाजमा पालुवा जनावर चराउँदै घुमन्ते जीवन विताउने उत्पादक शक्तिहरूको वर्चस्व थियो। घुमन्ते पशुचरणको अवस्थाबाट कृषि तथा हस्तकलाको संक्रमण कालको अवस्था" ब्राह्मण – उपनिषद काल" मा रहेको मान्न सकिन्छ। र मगध काल कृषि, हस्तकला र प्रारम्भिक व्यापारमा आधारित रहेको थियो। यी काल क्रमलाई सामान्य रूपमा विश्लेषण गर्दा १५०० बि.सी देखि १००० बि.सी, १००० बि.सी. देखि ६०० बि.सी. र ६०० बि.सी देखि २०० बि.सं. हुन आउँछ। यसरी गीताको आगमन मगध काल[३०] पछि भएको देखिन्छ।*

*उपनिषदकालमा शुद्र र वैश्य तथा ब्राह्मण र क्षेत्रीहरू बीचको विरोध वर्ग सङ्घर्षको रूपमा रहेको थियो। त्यस बेलामा शुद्र र चण्डालहरूको अवस्था पशुहरूको अवस्था भन्दा पनि खराब थियो।*

*उपनिषद कालमा आत्मा, ब्रह्मा, कर्म, पुनर्जन्म र मोक्षको अन्तर्सम्बन्धको व्याख्या गरिएको सामाजिक धार्मिक जीवनको सिद्धान्त विकास गरियो।*

* * *

३० भारतको वर्तमान बिहार राज्यको पश्चिम मध्य भागमा अवस्थित मगध अधिराज्य ६०० बि.सी. देखि आठौं शताब्दी सम्म कायम रहेको थियो।

तुल्सी लाल अमात्यले 'स्थित प्रज्ञा' नामक पुस्तक अंग्रेजी भाषामा लेखेका छन्। गीतामा 'स्थित प्रज्ञा'लाई एक आदर्श व्यक्तित्वको रुपमा चित्रण गरिएको छ। 'स्थिता प्रज्ञा'मा **असंख्य गुणहरू सामाविष्ट भएका हुन्छन्– एउटा बहादुर व्यक्ति जसमा सम्पूर्ण रूपमा सर्वसाधारणका खातिर समर्पित गुणहरु हुन्छन्। उ भयरहित, शान्त–अनुद्विग्न, जस्तासुकै अवस्थामा पनि आत्मसंयमित, स्पष्टवक्ता, निस्वार्थी, समाजप्रतिको आफ्नो कर्तव्यप्रति सजग कर्तव्यनिष्ठ आदि आदि गुणले युक्त हुन्छ।**

स्थित प्रज्ञाको अवधारणासँग अहम् ब्रह्मास्मी अर्थात् म ब्रह्मा हुँ, भन्ने कुरा मिल्दो वा उस्तै देखिन्छ।

## धर्मबारे मार्क्स एंगेल्स ![३१]

धार्मिक वेदना वास्तविक वेदनाको अभिव्यक्ति सँगसँगै यथार्थ कष्टका विरुद्धको प्रतिवाद पनि हो। धर्म सताइएका मानिसहरूको पीडाको सुस्केरा हो, हृदय विहिन संसारको हृदय हो, यो आत्माहिन परिस्थितिहरूको आत्मा जस्तै हो। यो सर्वसाधारण जनताको अफिम हो।

Religious suffering is, at once and the same time, the expression of real suffering and a protest against real suffering. Religion is the sigh of the oppressed creature, the heart of a heartless world, and the soul of soulless conditions. it is the opium of the people.

The abolition of religion as the illusory heppiness of the people is the demand for their real happiness. To call on them to give up their illusions about their condition is to call on them to give up a condition that requires illusions.

The criticism of religion is, therefore, in embryo, the criticism of that vale of tears of which religion is the halo.

* * *

३१ A Contribution to the Critique of Hegel's Philosophy of Right, introduction December 1843- Janauary 1844.

**गीताको कालक्रमका बारेमा डा. राधाकृष्णन्** भारतका प्रथम राष्ट्रपति डा. राधाकृष्णनको भगवद् गीताको कालक्रमका बारेमा यस्तो भनाई रहेको छ भगवतगीता उपनिषद् र दार्शनिक प्रणालीको विकासको महान अभियानको प्रतिनिधित्वको काल र तिनीहरूको सूत्र रचनाभन्दा पछिको हो। यसको पुरानो अप्रचलित बनावट र आन्तरिक सन्दर्भहरूबाट हामीले के अनुमान गर्न सक्दछौं भने यो कृति निश्चय नै क्रिश्चियन कालभन्दा अघिको हो। पछिल्लो समयमा धेरै हेरफेर गरिएको यस कृतिको रचना काल पाँचौ शताब्दी वि.सी. हो भन्न सकिन्छ।

तर प्रसिद्ध विद्वान् वैज्ञानिक मार्क्सवादी लेखक डा. डी.डी कोसाम्बीले गीतामा भएको भक्तिको अवधारणाको आधारमा यसको रचना छैठौं सताब्दी ए.डी.मा भएको विश्लेषण गरेका छन् । उनको भनाईमा भक्तिमा आधारित अवधारणाले सामन्ती सामाजिक संरचना भित्रको व्यक्तिगत भक्तिको श्रृंखला (सामन्त, भूस्वामी, नवाव, राजा वा सम्राट) प्रतिको भक्तिभावलाई प्रतिविम्वित गर्दछ। ५३२ ए.डी. सम्म सामन्त शब्दको अर्थ छिमेकी शासकको रूपमा प्रयोग गरिन्थ्यो भने ५९२ पछि सामन्त शब्द नवावलाई जनाउने शब्दका रूपमा प्रयोग हुन थालेको पाइन्छ। (The Marxism and the Bhagvat Geeta)

## बुद्ध दर्शनमा अमात्य

धर्मको मर्म र श्रीकृष्ण पुस्तिका प्रकाशित भएपछि अमात्यलाई पाटनका प्रबुद्ध व्यक्तित्वहरूले गौतम बुद्धका बारेमा पुस्तक लेख्न अनुरोध गरे । र तुल्सी लाल अमात्यले 'बुद्ध बुद्धत्व र बुद्ध दर्शन' नामक पुस्तक लेखन कार्य २०४३ भाद्र ११ कृष्णाष्टमीका दिन सम्पन्न गरे । उनले पुस्तकको प्रारम्भ **सम्पूर्ण प्राणीलाई समदृष्टिले हेर्ने अर्हंत् भगवान बुद्धलाई नमस्कार !** वचनबाट गरेका छन्।

यस पुस्तकमा अमात्यले भागवद्गीताका उद्घोषक, प्रणेता एवम् प्रवर्तक भागवद्गीताका श्रीकृष्ण र दुःखी, दरिद्र, निमुखा, मानिस तथा समग्र प्राणीप्रति करुणा भाव राख्ने शान्तिका प्रतिक गौतम बुद्धका शिक्षाको चर्चा गरेको छन् र यी दुवैका अध्यात्मिक शिक्षालाई सर्वहारा वर्गका गुरु बैज्ञानिक समाजवादका प्रतिपादक कार्लमार्क्सका दार्शनिक अवधारणा एवम् मान्यतासँग तुलना गरेका छन्।

अमात्य भन्छन् –"बुद्ध अनात्मवादी थिए । उनी अनिश्वरवादी थिए। विश्वमा मानिसहरूमा जुन दुःख दरिद्रता अथवा कष्ट छन् त्यो ईश्वरले बनाएको होइन। त्यो ईश्वरको काम होइन। यदि विश्वमा ईश्वर रहेको भए विश्वमा रहेका सबै अन्याय, अत्याचार, दुःख दरिद्रताको जिम्मेवार ईश्वर नै हुने थियो। बुद्ध यस्तो भन्छन् भन्दै श्री कृष्णको भनाई प्रस्तुत गर्दछन् अमात्य–

नादत्ते कस्यचितपापं न चैव सुकृतं विभुः[३२]।

अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः ॥१५॥ अध्याय ५

अर्थः परमेश्वरले न त कसैको पाप स्वीकार गर्नु हुन्छ न त पुण्य नै तर सबै देहधारी जीव अज्ञानले गर्दा मोह ग्रस्त हुन्छन् र त्यही मोहले तिनीहरूको वास्तविक ज्ञान ढाकिएको हुन्छ।

यसै श्लोकको व्याख्या गर्दै अमात्यले श्रीकृष्णलाई अनिश्वरवादी भएको व्याख्या गरेका छन्।

पुस्तकमा उनले वेद, बेदान्त, न्याय मीमांसा, बैशेषिक, शांख्य आदि दर्शनको तुलना गरेका छन्। बुद्धका दार्शनिक अवधारणा सँगसँगै कार्लमार्क्सका द्वन्द्वात्मक भौतिकवादी दर्शनका मुख्य नियमका आधारमा समाजको विश्लेषण प्रस्तुत गर्नुका साथ साथै वेद वेदान्त र अन्य दर्शनको चिरफार पनि गरेका छन्।

अमात्य लेख्छन् –"दर्शन"को हिन्दु वा अहिन्दुसँग मतलव छैन। दर्शन नै मानव जातिको मार्ग दर्शक हुन्। यसै गरी सबै किसिमका दर्शनको छानविन गरी सही दर्शन अपनाएर गलतलाई त्याग्नु जरुरी छ। (अमात्य, २०४३)

उनी हिन्दु दर्शनको विवेचना गर्दै भन्छन् –

कट्टर हिन्दुहरूले मानेर आएका ६ वटा दर्शनहरू मध्ये २ वटा दर्शन – वेदान्त र न्याय ईश्वरवादी हुन् भने अर्का चारवटा दर्शनहरू – सांख्य, मीमांसा योग र बैशेषिक अनिश्वरवादी दर्शन हुन्।

अमात्य ऋग्वेदमा प्रवेश गर्छन् र भन्छन् – वेद ईश्वरको कल्पनबाट शुरु भएको होइन। ऋग्वेदको प्रथम अध्यायको पहिलो शुक्त आगोको स्तूतीबाट शुरु भएको छ। ईश्वरको स्तुतीबाट होइन। अमात्य वेदको विवेचना गर्छन् र लेख्छन्– वेदमा लेखिएका सबै कुरा सही होइनन्। धेरै कुरा वैज्ञानिक छैनन्, काल्पनिक छन्। उनी अगाडि लेख्छन्–

३२ विभुको अर्थ– असीम ज्ञान, धन, वल, सौन्दर्य तथा त्यागले पूर्ण भएका परमेश्वर

वेदमा लेखिए तापनि सूर्य, (तारा) लाई आगो अथवा अग्नि देवताले सृष्टि गरेको होइन। न त आगो देवताहरूको नै मुख हो। यस्तै इन्द्रले पहाडका प्वाँख काटेर पहाड स्थिर भएको कुरा, धुँवाले बादल बन्ने कुरा, बतास सूर्यबाट आउने कुरा आदि वेदमा लेखिएको भए तापनि बैज्ञानिक कुरा होइनन्।

महर्षि वादरायणले वेदको सारको रूपमा बेदान्तको रचना गरे। वेदान्तको सार "ब्रह्म सत्य जगत मिथ्या" भनिन्छ। वेदान्तको विवेचना गर्दै तुल्सी लाल अमात्य 'बुद्ध, बुद्धत्व र बुद्ध दर्शन'मा लेख्छन् – *वेदको सार भनेर वेदान्तको रचना गरियो। वेदान्तको प्रणेता महर्षि वादरायण हुन्। वेदान्तले ईश्वरको कल्पना गरेर भन्दछ "ब्रह्म सत्यम् जगत मिथ्या।" जगत किन मिथ्या भन्दा यहाँ कुनै कुरै स्थिर र स्थायी छैन। हरेक कुरो कालान्तरमा लोप भएर जाने हुँदा जगत मिथ्या हो। हामी जे कुरा देख्छौँ सब मायाजाल हो। आमा बुवा, स्वास्नी छोरा छोरी सबै झुटा मायाजाल हुन् भनी तर्क दिइएको छ।*

*यसरी वेदान्तले यो संसारमा भौतिक उन्नति गर्नबाट रोक्दछ र मानिसको मानिससँग आत्मीय सम्बन्ध खतम गर्दछ र आमा बाबु छोराछोरी र स्वास्नीप्रति गैर जिम्मेवार र उदासिन बनाउँछ।*

वेदान्तको खण्डन गर्दै अमात्य ईशापूर्व छैठौं सातौं सताब्दीमा महर्षि कपिलबाट प्रतिपादित सांख्य दर्शनको पक्षलिन पुग्दछन्। शांख्य दर्शनको विकास कट्टर ईश्वरवादी वैदिक चिन्तन प्रणाली र गैर वैदिक तन्त्रवादी संस्कृतिमा आधारित स्वतः स्फूर्त भौतिकवादी चिन्तन प्रणाली बीचको द्वन्द्वबाट उत्पन्न भएको हो भनी विश्लेषण गरिन्छ।

सांख्य दर्शनले वेदान्ती मतको जगत मिथ्याको खण्डन गर्दछ भन्दै विश्व ब्रमाण्डको निर्माण तथा विकास, प्राणी जगतको उत्पत्ति र मानव समाजको विकास व्याख्या अमात्यले विज्ञानले उजागर गरेका तथ्यलाई आधार मानेर गरेका छन्।

उनी यस्तो निचोड प्रस्तुत गर्छन् – **स्पष्टत ः बादारायणको वेदान्तमा उल्लेखित ईश्वरको अस्तित्व छैन र कपिलको सांख्य दर्शन, कणादको बैशेषिका र बुद्धको अनिश्वरवाद नै सही कुरा हुन् र आजकाल विज्ञानमा आधारित द्वन्द्वात्मक भौतिकवादी दर्शनले दर्शन सम्बन्धी सबै कुरालाई विज्ञानको आधारमा झन स्पष्ट गरेको छ।**

अणुहरूको संख्याका आधारमा पदार्थका विभिन्न गुण र रूप हुने कुराहरूको उदाहरण दिदैं अमात्य जीव उत्पत्तिको रासायनिक प्रक्रियाको उल्लेख गर्दछन् । उनी लेख्छन्–**आज विज्ञानले निर्जीव पदार्थबाट कसरी सजीव प्राणी उत्पन्न  हुन्छ भन्ने कुरा प्रमाणित गरिसकेको छ। रासायनिक विश्लेषणद्वारा निर्जीव पिण्ड र सजीव अङ्गहरू एउटै रासायनिक तत्वहरूबाटै बनेका हुन् भन्ने कुरा देखिएको छ। जीवाङ्गहरूमा हाइड्रोजन, अक्सिजन, नाइट्रोजन र खास गरिकन कार्वन प्रशस्त मात्रामा पाइन्छ। यी तत्वहरू नै सजीव अङ्गहरू तथा तिनको जीवन यापनका वस्तुहरूको रासायनिक संरचनाका आधार हुन्। हाइड्रोजन, कार्बोन तथा अक्सिजन –३ प्रकारको तत्वहरू मिली कार्वोहाइड्रेट बन्यो। अनि एक अर्कोसँग रासायनिक यौगिक जोडिदै आखिरमा एमीनोएसिडको निर्माण भयो। एमीनोएसिड प्रोटिनको व्यूहाणुहरूको अधारभूत तत्वहरू हुन्। अनुकूल परिवेशमा परेर त्यससित उपचय प्रक्रियामा सम्बन्ध भएपछि यो प्रोटिन पिण्ड नै जीवाङ्ग बन्न पुगेको थियो।**

प्रकृति, प्राणीजगत र मानव समाज अन्तरसम्बन्धित रहेका हुन्छन् । यी तीनवटै कुराको चर्चा एवम् विश्लेषण गर्दै अमात्य मनको उत्पत्तिका विषयमा प्रवेश गर्दछन् । उनी एउटा छात्राको क्याम्पस पढाईसँगै आफ्ना भाइबहिनी प्रतिको जिम्मेवारी समेत पूरागर्नुपर्ने परिस्थितिबाट बनेको उनको मन, पथ र चरित्रको विश्लेषण गर्दछन् र मार्क्सको निष्कर्षमा आफ्नो निचोड गाँस्न पुग्छन्[३३] ।

**मानिसको चेतनाले उसको सामाजिक परिस्थितिलाई निर्धारण गर्दैन उसको सामाजिक स्थितिले उसको चेतना निर्धारण गर्छ** भन्ने मार्क्सको भनाईलाई ती छात्राको मनोभावनासँग जोड्दै अमात्य भन्छन् मार्क्सको यो भनाइ अकाट्य सत्य हो।

**अमात्य मार्क्सको भनाइको पुष्टि बुद्धका बचनवाट गर्छन्। उनी भन्छन् – बुद्धको भनाइ हो मानिसको जन्म माता पिताबाट हुन्छ। उसको शरीरको पोषण अन्नद्वारा हुन्छ। उसको मनको पोषण उपदेश र अनुभवद्वारा हुन्छ। शरीर र मनको सम्बन्ध परिस्थितिसँग हुन्छ र परिस्थितिको परिवर्तनको साथसाथ यसको (मनको) पनि परिवर्तन हुन्छ।" उनी अगाडि थप्दै भन्छन् मानिसको**

३३ कथामा ती छात्रा आफू र आफ्ना भाइबहिनीको पढाइको खर्च जुटाउन कलगर्ल बनेकी हुन्छिन्।

**परिस्थिति अथवा सामाजिक स्थितिमा नै मानिसको मन विचार र व्यवहार निर्भर गर्दछ।**

सामाजिक सम्बन्धका बारेमा बुद्धले ६ दिशा (आकाश–पाताल, पूर्व पश्चिम, उत्तर–दक्षिण)को पूँजाको महत्वका सम्बन्धमा सिगल नामक एक नौजवानलाई आफ्ना पिताले मर्नेबेलामा बताएको कुराको अर्थ बताउँछन् । अमात्य भन्छन्, बुद्धले त्यो युवालाई सम्झाए कि यो ६ दिशा आकाश–पाताल, पूर्व पश्चिम, उत्तर–दक्षिण इत्यादि होइन। बुद्धले भने पूर्व भनेको आमाबुवा हुन् दक्षिण गुरु हुन्, पश्चिम स्त्री बालबच्चा हुन्, उत्तर भनेको मित्रहरू, नाता कुटुम्ब र छिमेकी हुन्। पाताल भनेको सेवकहरू, ज्यामीहरू र आफ्नो अन्हन खटनमा रहेर काम गर्नेहरू हुन् र आकाश भनेको धार्मिक मानिसहरू हुन्।

पुस्तकमा अमात्यले बोधिसत्वहरूमा हुनुपर्ने १० दिव्य कुराहरू १. दान २. शील ३. निष्काम ४. प्रज्ञा ५. वीर्य (शक्ति) ६. शान्ति ७. सत्य ८. दृढता (अधित्यान) ९. मैत्री १०. उपेक्षा यी सबैको ब्याख्या गरेका छन्।

यस्तै बुद्धका अष्टशील १. सम्यक दृष्टि, २. सम्यक संकल्प, ३. सम्यक बचन, ४. सम्यक कर्म, ५. सम्यक आजीविका, ६. सम्यक व्यायाम, ७. सम्यक स्मृति, ८. सम्यक समाधिका बारेमा पनि पुस्तकमा चर्चा गरिएको छ।

बुद्धको प्रयोगात्मक शिक्षालाई तीन अङ्गमा विभक्त गरिन्छ –शील, समाधि र प्रज्ञा। शीलको पालना गरेर ध्यानको माध्यमबाट समाधि पुष्टि गर्दै प्रज्ञा प्राप्त गरी (दुःख मुक्तिको अवस्था) निर्वाणको साक्षात्कार गर्न सकिन्छ भन्ने कुरा प्रयोगसिद्ध मानिन्छ।

*  *  *

बुद्ध दर्शन नेपालको कपिलवस्तु जिल्लामा पर्ने शाक्य गणराज्यका युवराज सिद्धार्थ गौतम (५६३–४८३ ई. पू.) ले प्रतिपादन गरेको दर्शन हो। दुःखको निवारणको खोजीमा दरवार छोडेर कठोर साधना, तपस्या र अनेकौं गुरुका शिक्षा दिक्षाबाट समेत उनको चित्त नबुझेपछि आफ्नै प्रयास (ध्यान)बाट ज्ञान प्राप्तगरी उनी बुद्ध बनेका थिए। आफूले प्राप्त गरेको बुद्धत्वको प्रचार उनले प्रवचनका माध्यमबाट गरेका थिए। उनले दिएका शिक्षालाई संक्षिप्तमा चार आर्यसत्य भनिन्छ। ती हुन्– १. संसारमा दुःख छ । २. दुःखका कारण छन्। ३. दुःखको निवाहरण हुन सक्दछ। ४. दुःख निवारणका उपायहरू छन्।

बौद्ध दर्शनमा ६ वटा विषयलाई समेटेर चराचर जगतको व्याख्या गरिएको छ। यी दार्शनिक अवधारणाहरू हुन्– १. अनित्यवाद, २. प्रत्यीत्य समुत्पाद, ३. अनात्मवाद, ४. निरीश्वरवाद, ५. जीवन प्रवाहवाद, ६. स्वतः प्रमाण अस्वीकारवाद।

गौतम बुद्धले भिक्षु – भिक्षुणीको समुहमा (community) मा आर्थिक साम्यवादको प्रणालीलाई परिचित गराएका थिए। आठवटा निजी वस्तु –बस्त्र, कमण्डलु आदि बाहेक अन्य सबै वस्तु संघका सम्पत्ति मानिन्थ्यो। भिक्षु – भिक्षुणी बस्ने घरहरू, तथा अन्य बगैंचा, कृषि, औजारहरू, पलङ विस्तरा, आदि सबै सामूहिक सम्पत्ति मानिन्थ्यो।

नेपालको हाल लुम्बिनी अञ्चलको कपिलवस्तु जिल्लामा पर्ने त्यतिबेलाका शाक्य गणका राजा शुद्धोधन शाक्य र मायादेवी गौतमका छोराको रुपमा सिद्धार्थ गौतम[३४]को जन्म (५६३ ई.पू.) भएको थियो। सिद्धार्थकी आमा मायादेवी गौतम माइत गइरहेकी थिइन्। त्यसैबेला कपिलबस्तुबाट केही माइल टाढा लुम्बिनीको शावनमा सिद्धार्थ जन्मिए। उनी जन्मिएको ३१८ वर्षपछि आफ्नो राज्याभिषेकको बीसौं वर्षमा अशोकले त्यही ठाउँमा पुगेर एउटा पाषाण स्तम्भ बनाउँन लगाएका थिए। जुन अद्यावधि छँदैछ। सिद्धार्थ जन्मिएको सातौं दिनमा उनकी आमाको मृत्यु भयो र उनको पालनपोषणको अभिभारा सानीआमा (सौतेनी आमा) प्रजापति गौतमले गरिन्। तन्नेरी भएपछि संसारबाट अलि विरक्त देखिएका सिद्धार्थले बृद्ध, रोगी, मृत र प्रव्रजित अर्थात् सन्यासीका चारवटा दृश्य देखेपछि संसारप्रति विरक्त भएर घर छोडेर तपस्यामा लागे। (राहुल सांकृत्यायन) त्यसबारेमा बुद्धले चुनारमा बत्सराज उदयका छोरा बोधिराज कुमारसँग यस्तो भनेको थिए।

*–"राजकुमार ! बुद्ध हुनु अघि ...... मलाई पनि लाग्थ्यो सुखमा सुख प्राप्त हुन सक्दैन, दुःख सुख प्राप्त हुन सक्छ।" त्यसकारण .... म तन्नेरी एकदमै कालो कपाल भएको सुन्दर यौवन सँगै चढ्दो उमेरमा मातापितालाई अश्रुमुख छोडेर घरबाट प्रव्रजित भएँ। ........... (पैले) आलार् कालाम् (कोमा) ....गएँ।"*

सिद्धार्थ गौतम आलार कालामकोमा गए र त्यसपछि उद्दक रामपुत

३४ आमा मायादेवी गौतमको थर नै अपनाई सिद्धार्थ गौतम लेखिएबाट त्यतिवेलासम्म पनि समाजमा मातृतन्त्रको प्रभाव रहेको देखिन्छ।

भएको ठाउँमा गए, त्यहाँ योगका कुरा सिके, तर त्यसबाट उनलाई सन्तोष भएन । बोधिगयाका छेउमा गएर कठोर अनाहार तपस्या शुरु गरे । त्यस तपस्याका विषयमा स्वयं बुद्ध स्मर गर्दै भन्दछन् –

*"मेरो शरीर (दुर्बलता)को चरम सीमासम्म पुगेको थियो । जसरी ... आसीतिक (असीवर्षे) का गिर्खा .... त्यस्तै मेरो अंप्रत्यंग भएका थिए। .... मेरा फिला उँटका खुट्टा जस्ता भएका थिए। पिठ्युँका हड्डी उचालिएर सियाका (होचा अग्ला) लामजस्ता भएका थिए । मेरा करङ् शालको बाङ्गिएका पुराना डाँडाभाटा जस्ता बाङ्गा भएका थिए । ... मेरा आँखा गहिरो इनार भित्रका तारा जस्ता देखिन्थे। जसरी कलिलैमा टिपेको लौका घाम –बतासले ओइलाउँछ, चाउरिन्छ, त्यसैगरी मेरो टाउकाको छाला ओइलाएर चाउँरिएको थियो। ... त्यस अनाहार(अनशन) बाट मेरो पिठ्युको हड्डी र खुट्टाको छाला पूरै टाँसिएको थियो। दिसा– पिसाब गर्न (उठ्दा) म थर्थरी काम्दै ठाउँको ठाउँ बङ्लङ्ङै पछारिन्थें। जब म शरीरलाई सुम्सुम्याउँदै, हातले गात्रलाई (शरी) माड्थें, ... कायाबाट जरा मकाएका रौंहरू बर्बरी झर्दथे। ... मान्छेहरू ... भन्थे, श्रमण गौतम कालो छ। कोही ... भन्थे . कालो होइन ... श्याम। कोही भन्थे ... मङ्गुर वर्णको छ। मेरा त्यस्तो परिशुद्ध गोरो (परिअवदात) छालको रंग नष्ट भएको थियो। ...*

*"तर ... मैल यस (तपस्या) ...बाट त्यो चरम दर्शनलाई भेटिन। (अनि लाग्यो) बोधि (ज्ञान)का लागि कुनै अर्को मार्ग छ ? ... अनि मलाई लाग्यो ... मैले पिता (शुद्धोधन ) शाक्यका खेतमा फडीरको शीतल छहारी मुनि बसेर .. प्रथम ध्यानमा प्राप्त भएर विहार गरेको थिएँ। सायद त्यही मार्ग (यो बोधिको) हो कि? ... तर यस प्रकारको अत्यन्त कृश दुब्लो कायाबाट त्यो –ध्यान– सुख पाउनु सुकर छैन। अनि म स्थुल आहारा, दालभात ग्रहण गर्न थालें। ... त्यसबेला पाँच जना भिक्षुहरू बस्थे। ... जब मैले स्थुल आहार ... ग्रहण गर्न थालें , ती पाँचै जना भिक्षुहरू विरक्तिएर गए।..."*

ज्ञान प्राप्त गरेको स्थल र अवस्थाका बारेमा बुद्ध यस्तो भन्छन् –*"मैले एउटा रमणीय भूभागमा, वनखण्डमा एउटा नदी बगिरहेको देखें। त्यसको घाट रमणीय र श्वेत थियो। ध्यान योग्य स्थान यही हो (भन्ने सोंचेर) बसें। (अनि) जन्मिदाको दुष्परिणामलाई बुझेर अनुपम निर्वाण प्राप्त गरें। मेरो ज्ञान दर्शन बन्यो, मेरो चित्तको मुक्ति अचल भयो। यो अन्तिम जन्म हो, फेरि अब जन्म हुँदैन।"*

सिद्धार्थ गौतमको ज्ञान दर्शन थियो – दुःख छ, दुःखको हेतु (समुदय)। दुःखको निरोध छ र दुःखको निरोधको मार्ग। जुन धर्म (वस्तुहरू, घटनाहरू) छन्। ती हेतुबाट उत्पन्न हुन्छन्।

ज्ञान प्राप्त भएपछि बुद्धले आफूलाई पतित ठानेर छाडि गएका उनै पाँच जना भिक्षुहरूलाई आफ्नो ज्ञानको अधिकारी ठाने। खोज्दै उनी बनारस सारनाथमा ऋषिपतन मृगदख पुगेर उनीहरूको आश्रममा पहिलो उपदेश दिए। बुद्धले भने– *"भिक्षु हो, यी दुई अति (चरम– पथहरू) को सेवन गर्नु हुँदैन – १. ... काम सुखमा लिप्त हुनु। २. शरीरपीडामा लाग्नु। यी दुई अतिहरूलाई छाडेर (मैले) मध्य मार्गको पत्तो लगाएको छु। (त्यो) आँखा दिने, अज्ञान हटाउने ... शान्ति (दिने ) छ। त्यो मध्य मार्ग यही आर्य (श्रेष्ठ) अष्टाङ्गिक (आठ अंग भएको) मार्ग हो, जस्तो ठिक दृष्टि (दर्शन) ठिक संकल्प, ठिक बचन, ठिक कर्म, ठिक जीविका, ठिक प्रयत्न, ठिक स्मृति र ठिक समाधि।"*

बुद्धले चार आर्य (श्रेष्ठ) सत्य भनेका छन्। ती हुन् – दुःख, दुःख समुदय, दुःख निरोध, दुःख निरोधगामी अष्टाङ्गिक मार्ग।

*　　　　*　　　　*

**बौद्ध दर्शनको उदयक्रमलाई द्वन्द्वात्मक पद्धतिबाट विश्लेषण गर्दा यस्तो देखिन्छ –**

**१. वेद–वेदान्तवाद – यज्ञ , वैदिक कर्मकाण्ड, पूँजापाठ श्रेयको बाटो हो।**
**–प्रतिवाद–यज्ञरूपी नाउ (डुङ्गा) तर्नका लागि साह्रै कमजोर (मार्ग) हो।**
**–सम्वाद–ब्रह्मज्ञान श्रेयको बाटो हो, त्यसमा कर्म सहायक हुन्छ।**
**२. बुद्धको दर्शन**
**वाद –(उपनिषद्) आत्मवाद**
**प्रतिवाद (चार्वाक) आत्मा होइन, भौतिकवाद।**
**सम्वाद (बुद्ध ) अभौतिक, अनात्मवाद।**

## बुद्धको अभियान

बुद्धको समयमा आर्थिक तथा सामाजिक भेदभाव अति गहिरो र कडा थियो। आर्थिक असमानता अन्त्यको आफ्नो प्रयत्नलाई बुद्धले गुम्बाको कम्युनमा मात्र सिमित गरे। तर सामाजिक असमानता उन्मुलनको प्रयत्नलाई भने विश्वव्यापी रूपमा बढाए।

जातीवादका विरुद्धको उनको आवाजको प्रभाव अवश्य पऱ्यो तर जातीवादको मूलभूत आधार सम्पन्नता भएका उच्च जात र विपन्नताले जकडिएका पीडित तल्ला जातमा अडेको छ । एउटालाई नहटाइकन अर्कोलाई हटाउन सकिदैन । त्यसैले बुद्धको कम्युनले गुम्बा व्यवस्थापनमा सबैभन्दा तल्ला जात, चण्डाल, जसलाई कृपाले मात्र मानिस स्वीकारिन्थ्यो, तिनीहरूलाई पनि समान अधिकार प्रदान गरिएको थियो ।

बुद्धवादले जाति, जात र देशको भेदभाव नगरी, भेद नछुट्याइ मानव भाइचाराको विचारलाई अत्यन्त उत्साहका साथ पैरवी गऱ्यो । पंचशीलमा सम्मिलित गरिएको सहअस्तित्वको सिद्धान्तलाई बुद्धवादले अपनाएको थियो। बुद्धवादका अभियन्ता, प्रचारकहरूले विदेशी भूमिमा कुनै पनि राष्ट्रको संस्कृति ध्वस्तपार्ने कुराको कल्पना समेत (कहिले) पनि गरेनन्। बुद्ध र बुद्धका अनुयायीले प्रतिपादन गरेको दर्शनमा भौतिकवादका धेरै कुराहरू समावेश गरिएको छ। तर उनीहरू आफैलाई भौतिकवादी भनेर भन्न तयार देखिदैनन्।

बुद्धवादका चिन्तकहरूले शुरुदेखि नै सबै कुरामा मध्यमार्ग अवलम्बन मा जोडदिँदै आएका छन् । एकेश्वरवाद (theism) र भौतिकवादमा पनि उनीहरू आफूलाई बीचमा राख्न चाहन्थे, यद्यपि अनित्यवाद (Noneterna lism)का सम्बन्धमा भने मध्य मार्गको कुरा गर्दैनन्। यस विचारको कारणले मात्रै बुद्धवादलाई धर्म (Religion) का रूपमा स्वीकारिएको हो।

गौतम बुद्धको देहावसन ४८३ बि.सी. मा भएको थियो । उनी बिते लगत्तै राजा अजातशत्रुको संरक्षणमा राजगृहमा बुद्धका अनुयायी भिक्षुहरूको सम्मेलन गरियो, सम्मेलनमा बुद्धधर्मको प्रचार गर्ने निर्णय भयो।

दोश्रो बौद्ध परिषदको सम्मेलन ३०० बि.सी. मा वैशालीमा भयो र बौद्ध भिक्षुहरू दुई मतमा, शिविरमा विभक्त भए–थेरबादी र महासघीकस । तेस्रो परिषद अशोकको समयमा २५० बि.सी.मा पाटलीपुत्रमा भयो र चौथो परिषद् राजा कनिश्कको समयमा ७८ ए. डी. मा काश्मिरमा भयो र बौद्ध धर्म तथा दर्शन हिनयान र महायानमा विभाजित भयो । (राहुल सांकृत्यान, य. वाला रामामूर्ति, बेदुराम भुसाल)

***

# जीवनको उत्तरार्ध

## त्रिहत्तर वर्षमा जेलयात्रा

उमेरले डाँडो काट्दै थियो । शरीरमा रोग फैलिंदै थियो । तुल्सी लाल अमात्यमा भने युवा जोश र उत्साह सदाबहार जस्तै देखिन्थ्यो । अमात्य युवा भावमा थिए । उनी ७३ वर्षको उमेरमा प्रजातन्त्र पुनस्थापनको आन्दोलनको नेतृत्व गर्दै संयुक्त वाममोर्चाको रातो झण्डा बोकेर जेल गए।

यो देखेर धेरै मानिस छक्क पर्थे ! नेपालको मानव अधिकार आन्दोलनका एक नेता सुशील प्याकुरेल पनि यो देखेर छक्क पर्नेमा एक थिए । उनी लेख्छन्, *“२०४६ साल फागुन ७ गते पार्टीको झण्डा लिएर जुलुसमा निस्कने कुरालाई तुल्सी लालले जसरी हिम्मतका साथ स्वीकार्नू भयो । त्यो दिन म ज्यादै छक्क परेको थिएँ । सत्तरी वर्ष काटिसकेको एकजना बृद्ध जुलुसको नेतृत्व गर्न तयार छ। जेल जान तयार छ। त्यस दिनदेखि नै म तुल्सी लाललाई एउटा युवा जोश र जाँगर भएको प्रौढ व्यक्तित्वको रूपमा श्रद्धा गर्न थालें। फागुन ७ गते वीर अस्पताल अगाडि वहाँ झण्डा बोकेर जुलुसमा निस्कनु भयो। उहाँको कदमले हजारौं युवालाई ठूलो प्रेरणा र हौसला प्रदान गर्‍यो।” (अविश्रान्त राजनायक)*

बि.सं. २०१६ साल वैशाखमा नेकपा संसदीय दलको नेता बनेको बेला तुल्सी लाल अमात्य ४२ वर्षका थिए। नेपाली काङ्ग्रेसको दुई तिहाईको प्रबल बहुमतको सरकारका उनी सच्चा प्रतिपक्षी नेता थिए। त्यतिबेलाको प्रतिनिधि सभामा सरकारका गलत नीति निर्णयका विरूद्ध भाषण गर्दा अमात्यलाई त्यतिबेला पनि गिरफ्तार गरी थुनिएको थियो।

उन्नाइस वर्ष निर्वासन, अर्को दश वर्ष देश भित्रै प्रजातन्त्रका लागि सङ्घर्ष गरेका अमात्य प्रजातन्त्र पुनःस्थापना पछि ७५ र ७८ वर्षको उमेरमा प्रतिनिधि सभाको निर्वाचनमा दोस्रो र तेस्रो पटक प्रत्याशी बने। २०५१

सालमा भएको मध्यावधि निर्वाचनमा उनी नेकपा (एमाले) का तर्फबाट रौतहट जिल्लाबाट चुनाव लडेका थिए । त्यस वेलाका घटनाक्रमका बारेमा मनमोहन अधिकारीका शब्द– *निर्वासनबाट तुल्सी लालजी नेपाल फर्केपछि हाम्रो बीच भेटघाट भईरहन्थ्यो । पछि माले र मार्क्सवादी मिलेर नेकपा (एमाले) बनिसकेको थियो । उहाँले पनि यो पार्टीमा समावेश हुन इच्छा व्यक्त गर्नु भयो र समावेश हुनु भयो । वहाँको गौरवशाली इतिहास रहेको हुँदा पार्टीमा समावेश भएको दिनदेखि नै पार्टीले उच्च कमिटी स्थायी समितिको जिम्मेवारी उहाँलाई सुम्पियो । पार्टीको नौ महिने सरकार हुँदा चीन जस्तो देशमा राजदुत बनाएर उहाँलाई पठाइयो । त्यहाँ पनि वहाँले बडो सफल ढंगले कार्य सम्पादन गर्नुभयो । मध्यावधि चुनावमा रौतहटबाट टिकट दिइएको हो । तर धाँधलीका कारण उहाँ हार्नु भयो । अन्यथा किसानहरू बीच त्यति भिजेको नेताले नजित्ने कुरै थिएन । (अविश्रान्त राजनायकः तुल्सी लाल अमात्य)*

तुल्सी लाल अमात्यले ७८ वर्षको उमेर झण्डै पारगरिसकेका थिए । २०५१ साल फागुन ११ गते जनवादी गणतन्त्र चीनका लागि नेपालको महामहिम राजदूत पदको जिम्मेवारी लिएर उनी चीन पुगे । सातौं दिनका दिन चीनका राष्ट्रपति चाङचमीन समक्ष आफ्नो ओहोदाको प्रमाणपत्र पेश गरे । ३५ मिनेट कुराकानी भयो । चीन नेपाल बीचको मित्रता अमात्यको कार्यकालमा अझ प्रगाढ र सुदृढ हुने अपेक्षा प्रकट गर्दै नेपालको विकासमा पूर्ण सहयोगको बचन राष्ट्रपतिबाट ब्यक्त भयो । अमात्यले दुई देशको सम्बन्धलाई सुमधुर र सदृढ पार्न र नेपालको विकासमा चीन सरकारको सहयोग जुटाउने प्रयत्नमा आफ्नो अनुभवको भरपुर उपयोग गरे । दुतावासलाई अनुशासित र नेपालको हितमा समर्पित गर्ने कुरामा पूरा ध्यान केन्द्रीत गरे ।

***

# अन्तिम घडी

२०५१ साल फागुन ११ देखि २०५२ पौष १६ गतेसम्म तुल्सी लाल अमात्य जनवादी गणतन्त्र चीनमा नेपालका महामहिम राजदूतका रूपमा कार्यरत रहेका थिए । कुटनीतिक जिम्मेवारीमा रहेको अवस्थामा नै अमात्यको स्वास्थ्यमा समस्या देखापरेको थियो ।

घर फर्किएपछि अमात्यले राजदुत हुँदा प्राप्त पारिश्रमिकलाई (पंचायत कालमा सर्वस्वहरणका कारण जिर्णबनेको) घर पुनर्निर्माणमा लगाए । यता घर पुनर्निर्माण उता मृगौलाको बिमारले थलापर्न थालेपछि जेठा ज्वाइ चन्द्रबहादुरको साथमा उनी काठमाण्डौ न्यूरोडका डा. पुष्करराज सत्यालसँग स्वास्थ्य परीक्षण गराउन गए । सत्यालको सल्लाह अनुसार डा. ऋषिराज काफ्लेको मृगौला उपचार केन्द्रमा पुगेपछि डा. सुन्दरमणि दिक्षीतसँग पनि भेट्न गए ।

जेठी छोरी प्रतिभासँग २ लाख ५० हजार सापट सहयोग लिएर साली डा. विमला जोशी र साडूभाइ भरतराज जोशीको साथमा २०५३ पुष महिनामा कलकत्ता गए । १५ दिन कलकत्तामा उपचार गराए । फर्केर पाटन आए । घरमा नै डायलासिस गराउन थाले । उनलाई ललितपुर नगरपालिका, जिल्ला विकास समिति, ललितपुर, नेकपा (एमाले), म्याच फैक्ट्री विराटनगर, शहीद स्मारकका दुर्गाबहादुर श्रेष्ठ र सरकारको तर्फबाट प्रधानमन्त्री शेरबहादु देउवाले उपचारमा सहयोग गरेका थिए । सबैबाट प्राप्त सहयोग २ लाख ३६ हजार र सर्वस्वहरण बापत राहत स्वरूप सरकारबाट प्राप्त भएको २ लाख पनि उपचारमा खर्च भयो । जीवनका अन्तिम दिनहरू सदा भन्दा आर्थिक दृष्टिले झनै बढी दयनीय थिए ।

देहान्तको अघिल्लो दिन उहाँ इन्सेकद्वारा प्रदान गरिने प्रकाश मानव अधिकार पुरस्कार वितरण समारोहको प्रमुख अतिथि बनेका थिए । कमैया मुक्तिको लागि लामो समय देखि संघर्षरत दाङ्गका किसान नेता

ऋषिराम थारूलाई त्यस वर्षको प्रकाश मानव अधिकार पुरस्कार तुल्सी लाल अमात्यको हातबाट प्रदान गरिएको थियो।

२०५४ साल साउन १६ गते देश र सम्पूर्ण समाजलाई समृद्ध र खुशी पार्ने नीति अपनाउन र त्यसै बाटोमा अग्रसर हुन प्रेरितगर्दै साँझ घर फर्केका अमात्यलाई बिमारीले च्यापेपछि अर्को दिन विहान अस्पताल लैजाँदै गर्दा जेठा छोरा दिवस अमात्यको काँधमा उनको प्राण गयो। साउन १७ गते ८२ वर्षको उमेरमा उनको निधन भयो।

तुल्सी लाल अमात्यको देहावसानको खबर पाएपछि कमैया मुक्तिका नेता ऋषिराम चौधरीले इन्सेक कार्यालयमा आँशु झार्दै भने,“मलाई किसान आन्दोलनमा लगाउने मेरा गुरू मलाई पुरस्कार दिन पो बाँचिरहनु भएको रहेछ।”

पशुपति आर्यघाटमा नेकपा (एमाले) का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री मनमोहन अधिकारीबाट नेपाल कम्युनिष्ट पार्टीको झन्डा ओडाएर अमात्यलाई श्रद्धाञ्जली व्यक्त गरियो। पार्टी नेता कार्यकर्ता, गन्नेमान्य सर्बसाधारणले श्रद्धान्जलिका फूल गुच्छा चढाए। छोरा दिवसले दाग बत्ती दिएर आफ्ना पिता तुल्सी लाल अमात्यको दाहसंस्कार गरे।

## जीवन सँगिनीका मनमा अमात्य

जीवन संगिनी कमला अमात्यका शब्दमा तुल्सी लाल अमात्यको चित्रण यसरी गरिएको छ –

“दरभंगा चार वर्ष, बनासमा चार वर्ष र दिल्लीमा करिब दश वर्ष गरी पुग–नपुग अठार वर्ष उहाँ निर्वासनमा बस्नु भयो र २०३६ सालपछि स्वदेश फर्किनुभयो। उहाँको तीन पटक सर्वस्वहरण गरियो। पुलिसले दुःख दिने र सताउने गरिरह्यो। यसैकारण उहाँको एम.ए. र बी.ए. पास गरेको प्रमाण–पत्र पनि काकाहरूले बागमतीमा लगेर बगाइदिएछन्। उहाँ भने सधैंभरि आफ्नो काममा लागिरहनु भयो। मैले सुनेसम्म बुवा बित्दा उहाँ जेलमा हुनुहुन्थ्यो। जेलमा चार दिन क्रिया गर्नुभयो। र, घरमा आई पुलिसको घेराबीच दश दिन बिताएपछि पुनः वहाँलाई जेलमा लगियो रे। पहिलो श्रीमती बिरामी परेको बखत् पुलिसले उहाँलाई पक्राउ गरेको थियो रे। श्रीमती मरेको खवर उहाँले

जेलमै सुन्नुभएछ। अनि पुलिसको मोटरमा घाटमा लगिएको थियो रे। यसरी वहाँले आफ्नै बुवा र श्रीमतीको मुखसम्म हेर्न पाउनु भएन। पहिलो श्रीमतीतर्फ रविन्द्र भन्ने एउटा छोरा थियो। उसलाई बोडिङ्गमा राखिएको रहेछ। सबैका आमा–बुवा छोरा–छोरी भेट्न जान्थे। तर उसको कोही थिएन। मावलीतिरबाट पनि कोही जाँदैनथे। एक दिन वहाँ स्वयं स्कूलमा जाँदा बच्चाहरू सुन्तला खाइरहेका थिए, ऊ भने बोक्रा टोकिरहेको थियो रे ! यो कुरा सम्फेर उहाँ पटक–पटक रूनुहुन्थ्यो। यसप्रकार बाँचुन्जेल उहाँले पार्टी कामबाहेक अन्य केही कुरामा ध्यान दिनुभएन। घर परिवार, छोरा–छोरी पढाई– सबै कुरामा उहाँलाई कुनै चासो थिएन। मैले नै अनेक दःख– कष्ट गरेर छोरा–छोरी हुर्काएँ। विवाह हुँदा म एस.एल.सी अनुत्तीर्ण थिएँ। बनारसमा बस्दा पढेर पास गरें। र, आई.ए. पढ्न थालें। तर राजनीतिक मान्छेको परिवार भएर रहँदा साथीहरू आइरहन्थे। मैले पढ्न पाइनँ। छ महिनासम्म पढेर बीचमै छोडिदिए। तर मेरो माइतितर्फ भने सबैले राम्रै लेखपढ गरेका थिए। दाजु र बहिनीहरूले राम्रै पढेका थिए। मलाई थाहा थियो–छोरा–छोरी नपढेपछि भोलि केही गर्न सक्दैनन् तसर्थः अनेक दुःख–कष्ट गरेर भए पनि छोरा–छोरीलाई पढाएँ। उहाँले छोरा–छोरीको पढाइका बारेमा कुनै चिन्ता लिनुपरेन। र, कसैलाई पनि केही भन्नुपर्ने अवस्था समेत आएन।

जतिसुकै दुःख कष्ट भए पनि मैले उहाँलाई कहिल्यै पनि राजनीतिबाट टाढा राख्न खोजिनँ। पार्टीको काममा जस्तोसुकै वेलामा पनि उहाँ निरन्तर खट्नु भयो, त्यसमा मेरो कहिल्यै गुनासो रहेन। यदि मैले चाहेको भए उहाँलाई राजनीति छोड्न पनि बाध्य पार्न सक्थें। अब त यी सबै कुराको सम्फना मात्र बाँकी छ। उहाँले बाञ्चुजेल पार्टीको लागि जे–जति योगदान गर्नु भयो त्यसमा मेरो केही गुनासो छैन। इतिहासले अवश्य मुल्यांकन गर्दछ। नेकपा (एमाले) सँग मिल्नु पर्छ भनेर पार्टीका साथीहरूले कुरा उठाउदाँ मैले उहाँलाई एक्लै बसेर केही हुदैन, सबै नेताहरूसँग मिलेर काम गर्नुपर्छ भन्ने सुफाव दिएकी थिएँ। मलाई लाग्छ उहाँले जिन्दगीभर पार्टीका लागि सम्फौताहीन सघंर्ष गर्नुभएको थियो। उहाँको त्यो इतिहासलाई परिवारिक तर्फबाट हामीले जोगाउन ध्यान दिनुपर्छ भन्ने कुराप्रति म सचेत छु। उहाँको सम्फनामा मैले एउटा मृगौलाको उपचार गर्ने अस्पताल खोल्ने इच्छा राखेकी छु। मेरो इच्छा पुरा हुन्छ कि हुदैन ? भविष्यमा थाहा होला। साथै एउटा सालिक बनाउनुपर्छ भन्ने मनमा

लागेको छ। बाँचुन्जेल उहाँले आफ्नो व्यक्तिगत हित र परिवारको स्वार्थका लागि केही गर्नुभएन भने मेरो लागि यो के लिनु दिनु छ र ? मैले पार्टीको भरोसा गरेकी छु। मेरो त पार्टीमा काम गर्ने र पार्टीलाई सघाउने इच्छा छ। बस् ! "(अविश्रान्त राजनायक तुल्सी लाल अमात्य)[३५]

***

३५ २०७१ साल जेठ २३ गते अमात्यकी धर्मपत्नी कमला अमात्यको ८६ वर्षको उमेरमा देहान्त भएको थियो।

# उपसंहार

समाजमा उकुसमुकुसको वातावरण थियो। दरवारमा पुनःसत्ता प्राप्तिको छटपटि र षडयन्त्रका घटना घटेका थिए । प्रचण्ड गोरखा,नेपाल नागरिक अधिकार समिति, नेपाल प्रजापरिषदको स्थापना, राणा शासकका अन्याय अत्याचार र दमनले चरम सिमा नाघेका खबर र त्यसका विरूद्ध शहिदहरूका सङ्घर्ष, त्याग, बलिदान र वीरताका गाथाको संदेश घरघरमा पुगेको थियो । राणा शासनको चरम दमन र अत्याचार विरूद्ध जनजनको मनमनमा आक्रोस बढेको थियो । विश्वव्यापि रूपमा फैलिएको प्रजातन्त्र र स्वतन्त्रताको लहरको प्रभावले नेपाली क्रान्तिकारीहरूलाई थप प्रेरणा र उर्जा दिइरहेको थियो । सामाजिक राजनीतिक परिवर्तनको यस्तो सङ्घारमा प्रवेश गरेको इतिहासको त्यस कालखण्डमा तुल्सी लाल अमात्य जन्मे, हुर्के र बढेका थिए।

श्रीमद्भगवद् गीताको अजरअमर तथा मुक्त आत्माको आध्यात्मिक दर्शन तथा गरिब किसान मजदूरको स्वतन्त्रता र समानताको आवाज बुलन्द हुँदै थियो । औपनिवेशिक साम्राज्यवादी शासनबाट मुक्तिको स्वर पनि छिमेकी मुलुकमा चर्किरहेको थियो। त्यसको प्रभाव युवा तुल्सी लाल अमात्यमा लखनऊ विश्वविद्यालयमा नै परेको थियो । महात्मा गान्धी र श्रीकृष्णको गीता दर्शन पछि कार्ल मार्क्स र लेनिनको प्रभाव उनलाई कलकत्ताको पार्टी स्कूलबाट परेको थियो। र,उनी श्रमजीवि किसान मजदुर जनताका उच्च शिक्षा आर्जन गरेका होनहार राजनेताका रूपमा उदाएका थिए नेपालको राजनीतिमा।

पहिलो जननिर्वाचित प्रतिनिधि सभाका प्रभावशाली सांसद नेकपा संसदीय दलका नेता अमात्य राजा महेन्द्रको फौजी कदमको लगतै पछि सानासाना लालाबाला सहित सपरिवार भारत प्रवासमा निर्वासित भए र १९ वर्ष निर्वासनमा बिताएका थिए । नेकपाको पुनर्गठित केन्द्रीय सङ्गठन समितिका सदस्य,संसदमा पार्टी संसदीय दलका नेता, तेश्रो महाधिवेशनबाट निर्वाचित महासचिव, संयुक्त वाम मोर्चाका मानार्थ

अध्यक्ष, नेकपा(एमाले) स्थायी समितिका सदस्य आदि जस्ता उच्च एवम् सम्मानित पदहरू उनले प्राप्त गरेका थिए। उनको कदर एवम् सम्मान गर्दै राज्यले (२०५८ सालमा) अमात्यको तस्विर अङ्कित हुलाक टिकट प्रकाशन गऱ्यो । कम्युनिष्ट आन्दोलनका पुरानो पिंढीका नेताहरूमा यस्ता उच्च सम्मानीत पद प्राप्त गर्ने राजनेताहरू तुल्सी लाल अमात्य र मनमोहन अधिकारी नै थिए। कारणबस मन्त्री पद सम्हाल्ने अवसर नमिलेको भए तापनि उनको मान सम्मानमा भने कुनै कमि रहेन।

राजनीतिमा पूर्ण समर्पित अमात्यले अभाव र दरिद्रताको अवस्था जीवनभर भोग्नु पऱ्यो। जीवनको उत्तरार्धमा जनवादी गणतन्त्र चीनका लागि महामहिम राजदुत पद सम्हालेको भए तापनि मृगौला रोगले ग्रस्त बनाएको वेलामा उपचारमा समेत उनले आर्थिक समस्या भोग्नु पऱ्यो।

पूर्वीय दर्शन र मार्क्सवादी दर्शनलाई संश्लेषण गरी व्याख्या गर्ने अमात्यको गैर पुँजीवादी विकासको बाटोबाट स्वतन्त्र तथा आत्मनिर्भर समाजवादी आर्थिक विकास गर्ने नीति विचारणीय रहेको छ। उनी राजनेताका साथै प्राज्ञ तथा मार्क्सवाद र पूर्वीय दार्शनिक इतिहासका विद्वान् पनि थिए। सङ्गठन निर्माण परिचालन तथा नेतृत्व विकास र ब्यवस्थापन तथा नेपालको इतिहासको ऐतिहासिक भौतिकवादी विश्लेषणमा केही कमी देखिए तापनि सरल स्वभावका धनी तुल्सी लाल अमात्यको त्याग र समर्पणले भरिएको जीवनबाट राजनीतिक कर्मी तथा आम नागरिकले सधैं प्रेरणा प्राप्त गर्ने छन्।

***

# परिशिष्ट-१

नेपाल कम्युनिष्ट पार्टी संसदीय दलका नेता अमात्यले सरकारको नीति तथा कार्यक्रममा रहेका कमिकमजोरीलाई निम्न लिखित बुदाँमा टिप्पणी गरेका थिए । २०१६ सालको नेपालको पहिलो संसदमा उनी यसरी प्रस्तुत भएका थिए –

खेदको कुरा छ कि

- लोकहितकारी राज्यको श्रृजना गर्ने लक्ष्य तिर प्रगतिशील ढंगले कहाँ, कति प्रगति गरेको हो कुनै मापदण्डको आंकडा देखाइएन ।
- तीन साल (तीन वर्ष अघि) देखि शुरू गरिएको पञ्चवर्षिय योजनाको प्रगति तथा सो योजना सम्बन्धी बाँकी कामको कुनै कुरोको राम्रो उल्लेख छैन ।
- ग्राम विकास केन्द्रहरू र जिल्ला विकास बोर्डलाई कुन तरिकाले सफल र प्रभावशाली बनाउने हो कुनै कुरोको उल्लेख छैन ।
- उद्योग धन्दाको चर्चा गर्दा घरेलु इलम, कालीगडी, आदिलाई कसरी सुरक्षा गर्ने, सफल बनाउने हो केही खास नीति लिएको देखिदैन ।
- औद्योगिक विकासको निम्ति आफ्नो राष्ट्रिय पूँजीलाई कसरी प्रोत्साहन दिने हो र विदेशी पूँजी र विदेशी मालसामानको होडबाट कसरी बचाउने हो कुनै ठोस नीतिको उल्लेख छैन ।
- ग्राम पंचायत र नगरपालिकालाई के कति शक्ति, सहुलियत र मद्दत प्रदान गरी यसलाई कामयाब बनाउने हो भन्ने कुनै ठोस नीति उल्लेख गरिएको देखिदैन ।
- गोर्खा भर्ती केन्द्र, भारतीय चेकपोष्ट, कोशी तथा गण्डकी योजना आदिको कुनै उल्लेख छैन ।
- मुद्रा सटही समस्या तथा देशभरि आफ्नो मुद्रा प्रचलन गर्ने बारे कुनै कुरो उल्लेख छैन ।

– किसानलाई ऋण मुक्त गर्ने विषय कुनै उल्लेख छैन।

(प्रतिनिधि सभाको अभिलेख किताब १—पृष्ठ—१,२)

## अमात्यले प्रतिनिधि सभामा प्रस्तुत गरेका विचार

समाजवादी सिद्धान्त लागु भएको नपाउँदा हामीलाई अपशोच लाग्छ। पेस्केल अध्ययन गर्दा एक पेस्कैल सगरमाथा गैरहेको छ त अर्को समुद्रमा। यसमा उल्लेखित सबभन्दा निम्न पे २२। (पियनको) छ र यसमा भत्ता आदि मिलाउँदा बल्ल ३०। पुग्न आउछ।

माथिको पेस्केल र तलको पेस्केल, यसरी सगरमाथा र समुद्रको (दूरीको मात्रामा) फरक भएको हुँदा मलाई यो समाजवादी व्यवस्था जस्तो लागेन। हाम्रो पर क्यापिटा इन्कम (प्रतिऔशत आय) २८०। भनियो। यसबाट जम्मै जनता खुशी हुनु पर्ने हो। तर ५ जना जहानको परिवारमा वर्षको १४००। आम्दानी हुँदैन। यसरी पर क्यापिटा इन्कम देखाई सर्वसधारणलाई छकाउने यो त पूँजीवादीहरूको चलाकी मात्र हो। पहिलेको असमान पेस्केल जेहोस् तर आज यस्को पुनः प्रबन्ध हुन पर्दछ र समाजवादी सिद्धान्तमा मिल्ने पेस्केल हुनु पर्दछ। पियनको २२। तथा प्रधानमन्त्रीको १५००। यसरी ६८(गुणा) दोब्बरको असमानताले समाजवाद व्यवहारमा आएन। देशमा स्कूल कलेजको स्थीति राम्रो छैन। प्रोफेरहरूलाई २००। देखि ५००। सम्मको ग्रेड राखेको छ तर २००। बाट ५००। कहिल्यै पुगेको होइन। यसबाट प्रोफेसरहरूमा पढाउने दिलचस्पी कम हुन्छ। देशमा अनुभवी प्रोफेसर तथा शिक्षकहरूको आवश्यकता छ तर यस्तो व्यवस्थाले अनुभवी प्रोफेसरहरू आउदैनन्। अतः सरकारले यो पेस्केल फेरि दोहोऱ्याउनु पर्छ। गजेटेड अफिसरको पनि २००। मात्रै छ। मोहर माना चामलले १० मानाको ५ रू. हुन आउँछ। चामलको निम्ति नै दिनहुं यत्तिको खर्च हुन्छ भने महिनाको २००। ले के के नै गर्ने। यसरी जनजीविका र त्यसको स्तरलाई वास्तै नराखी बजारमा सस्तो किन्न गए झै मानिसलाई सस्तो तलबमा काम गराई राखेको छ तथा मानिसहरूले पनि जति पाए पनि काम गर्नु परिराखेको छ। यो त भयो शासनयन्त्र भित्रको स्थीति, अब बाहिरको स्थीति पनि हेरौं।

यो बजेट देश निर्माणको निम्ति कि, सरकार भित्र रहेका मानिसहरूको निमित्त ? देश निर्माणको निमित्त यो बजेट भन्ने कुरा देखिदैन। देशमा

गरीबहरू, पहाडीहरू, मधेशीहरू किसानहरू कति काम नपाइ बसीराखेका छन् । कयौं मानिसहरू जाली मुद्दामा पर्दछन् । एउटा कागज सार्न ३ मोहर लाग्छ। यस्ता दुर्व्यवस्था हटाउन कतै पनि यो बजेटले राम्रो बाटो देखाइ दिएको छैन।

यसमा विकास बजेट देखाइएको छ। हुनत विकास नभइकन कुनै पनि जीवन बन्दैन तर विकास बजेटमा खर्चै खर्च मात्र छ भने विकास कसरी हुन्छ र ! देशमा उद्योग खुलियोस् , बेकारी नहोस् तथा आफ्नो जीवनको सुरक्षा होस्। देशमा कालिगडहरूको हालत बिग्रदै गइरहेछ , चिनी कारखाना लिकूइंडेसनमा गइरहेछ । यस्तै यस्तै कुराले आफ्नो देशमा विकास कतै देखिंदैन । खाली बीउ, नहर आदिले मात्र देश विकास हुदैन। जबसम्म मेहनत गर्ने किसानलाई प्रोत्साहन दिइदैन खालि मलले मात्रै खेतिको विकास हुदैन। देश विकासको केन्द्र किसानहरूमा परिवर्तन ल्याउनु पर्दछ । घरेलु उद्योगहरू हुनु पर्दछ । शाही संविधानमा उल्लिखित भूमि वितरणको दृष्टि बजेटले देखाएन। विकास बजेटमा जुन दशौं करोडको खर्च देखाइएकोछ उद्योगको निम्ति १०.८ मात्रै छ। अव उद्योगिकरण, पियन आदिको निम्ति पैसा छैन भनिएला। तर ठीक आर्थिक व्यवस्था (इकोनोमि) भएको भए राम्रो हुने थियो। यो बजेट माथिबाट बनाएको हो न कि तलका वर्गबाट। यसमा आयको श्रोत पनि देखाइएको छैन । जमीन वितरण नै आयको स्रोत हो । १० प्रतिशत मात्र वितरणलाई दिएको भएपनि आयको स्रोत बढ्थ्यो। यसरी यसमा जनताको जन जीवनमा परिवर्तन ल्याउने कुनै विकास योजना छैन। माननीय उद्योग वाणिज्य मन्त्रीज्यू सित(सँग) कारखाना फेल भइरहेछ, यसको सुरक्षाको नीति तथा कानुन छैन भनी सोद्धा वहाँबाट तानाशाही देशमा मात्र सुरक्षा दिन सक्तछ भनी जवाफ मिल्यो। तर कुनै पनि प्रजातन्त्र(प्रजातान्त्रिक) देशमा देशका कारखानाहरूको रक्षा हुनु पर्दछ।

भन्सार आम्दानी बढाउने मात्र होइन । यसको तीनवटा लक्ष हुनु पर्दछ । १. देशको उद्योगको सुरक्षा २. देशको पैसा दुर्व्यवहार गर्न नदिनु ३. देशको अपुग चीज बाहिर जान नदिनु। भन्सार लगाउँदा खाली चिनी र चिनीको चीजमा भन्सार फरक छ। चिनीको चीज निकासीमा ५५, पैठारीमा १०५ यसमा चिनीको चीज बनाउँदा दाउराको, कालिगढीको सवाल आउँछ र त्यस्तै काँचो सूर्ति र सिगारमा। सिगारमा १०५ (प्रतिशत) मात्र लगाइएको छ तर

यस्तो लक्जरी चीजमा बढी महशुल लगाउन सक्तथ्यो। हाम्रो देशमा पनि चुरोट फैक्ट्रीहरू छन्। विदेशी चुरोटले गर्दा यिनीहरूले विकास गर्न सकेको छैन। क्याटागोरी अनुसार विदेशी चुरोटमा धेरै महशुल लिनु पर्दछ।

देशमा १०.६ प्रतिशत जनसंख्या बढेको(कुरा) कुनै समस्या होइन। देशमा बेकारी बढेको जनसंख्याको बृद्धिले होइन। त्यो त हाम्रो देशमा उद्योगको कमी भएकोले हो। भूमि वितरण गरेको भए, उद्योगहरू खोलेको भए तथा कालिगडहरूको सुरक्षा भएको भए यो समस्या उत्पन्न हुने थिएन। नेपालमा बन्न सक्ने चीजमा बिदेशी चीजलाई रोक लगाए तथा बढी कर लगाए देशको विकासको साथै आय पनि बढने थियो। घर बनाउने समानहरू हामी सित छन्, यिनीहरू झिकाउन दिनु राम्रो छैन। विदेशी ईटमा पनि रोक लगाउनु पर्दछ। जहाँसम्म मलाई लाग्छ बोर्डरमा चेक गराउने काममा जनताले साथ दिने छन्। टेविल पोष नाप्किन आदि पनि झिकाउन रोक लगाउनु पर्दछ। यसबाट यहाँकै मानिसहरूले बनाउने काम पाउछन्। लुगा धुने साबुनको कारखाना पनि हाम्रो थियो। त्यो किन फेल भयो ? त्यसलाई विकास गर्नुपर्छ। सुनका गहना, ज्वहारहरू मगाउन दिने किन ? यसको पैसाले कारखाना खोलेको भए जीविकाको प्रबन्ध हुन सक्तछ। हिन्दुस्थानले पनि यस्तो चीजमा ६० प्रतिशत जति कर लिएको छ।

धान, गहुँ नपाएर मानिसमा हाहाकार छ। यसमा पनि रोक्ने कुरा नभइ बाहिर पठाने सुविधा दिएकोछ। यसरी आफ्नो देशको चीजमा प्रोटेक्सन (संरक्षण) नभएको यस बजेटबाट देखिन्छ। त्यसैले यसलाई राम्ररी दोहोऱ्याउन आवश्यक छ।

जग्गाको करमा स्वागत छ यसमा त्यतिको भन्नु छैन। तर खालि मालपोतलाई लिएर मात्रै जग्गाको करमा बराबरी हुन आएको देखिदैन। जग्गाको गुण (दर्जा) हेरी त्यसको आम्दानी हेरी कर लगाउनु पर्दछ। विदेशी लगानीमा कर पनि स्वागत छ। शहरी घरमा २५०००। भन्दा बढी मोलको घरमा प्रति हजार रू.३।– कर लिने कुरा कनफ्यूजन (नबुझिने) छ। २५०००। कै घर कुनै परिवारलाई ठूलो या कुनै परिवारलाई सानो हुन्छ। सानो भएमा कर कहांबाट तिर्ने ? त्यसैले ५ जनाको यूनिट (परिवार) बनाउन पर्दछ। प्रति ५ जनालाई २५०००। सम्मको घरमा कर नलाग्ने हुनु पर्दछ।

जग्गाको मालपोतको हिसाबले मात्र कर लगाउदा उब्जनी घटी बढी हुने

पनि जग्गा हुनाले करमा समानता हुन नसक्ने हुन्छ। बरू आम्दानीको हिसाबले कर लगाउन सकेको भए वेस हुने थियो।

विदेशी लगानीमा कर लगाएर देशको धन देशकै जनताको हितमा लगाउनु पर्छ भन्ने संकेत भएकोले यसलाई स्वागत गर्दछु।

*कोही गरीव परिवार एउटै घरमा सँगसँगै बसेको छन् । तिनीहरूको घर परापुर्खाले बनाएको छ। त्यसैत तिनीहरू काम नपाएर बेकार छन्। झन त्यसमा थप २५ हजार भन्दा बढीको घर भनि कर लाग्न गयो भने कति मर्का पर्ला ? यसमात ५ जना जाहान भएकोमा २५ हजार  र यसैको अनुपातले जाहान अनुसार घरको मोलमा छुटदिने र अरू बढी भए घरमा मात्र कर लगाए वेस होला जस्तो लाग्छ। किनभने यसबाट समाजवादी व्यवस्थालाई बल मिल्छ।*

परिश्रम गर्ने श्रमिकहरू २०/२५ जना जहान मिलेर बसेका छन् तिनीहरूलाई ७ हजार भन्दा बढी नाका(फा)मा कर लगाई दिदाँ मुस्किलमा पर्न सक्छ। यसमा पनि ५ जनाको युनिट बनाएर तिनीहरूको निम्ति यत्ति भन्ने तोकिएर लगाए मर्का नपर्ने देखिन्छ।

विर्ता करलाई स्वागत मात्र होइन, त्यस्तो बजेट पेश गर्नु भएको अर्थमन्त्रीज्यूलाई धन्यबाद दिनु पर्छ, पहिलो किसिमको मालपोत लागेको विर्ता राष्ट्रियकरण गर्ने भनेकोमा। तर अर्को किसिमको विर्तामा भने अति मर्का परेको जस्तो लाग्छ। कहि कहि त रोपनीको ४ रूपैया पनि पर्न सम्भव छ। यसबाट बिघाको हिसाबले ५२ रूपैया पर्छ। त्यसैले मलाई त बढता असमानता हुन जाला जस्तो लाग्छ। बरू हिन्दुस्थानमा लगाए अनुसार लगाउनु पर्छ अर्थात् रैकर बमोजिम भनेकोमा सो बमोजिम होइन कि हिन्दुस्थानमा लम्वरीमा लागे सरह लागोस्।

२५० आम्दानी २५ बिगाहा भन्दा बढी हुनेमा जति बढी छ। त्यहि अनुसार कर लिने गर्नु भन्दा सो भन्दा बढी भएकोमा तराईको लम्वरीमा लागे सरह बढी कर लाग्ने (भयो) भने वेश होला जस्तो लाग्छ।

१ घारा(धारा) लिनेलाई अलिकम भए वेश हुन्थ्यो,१देखि बढी लिनेलाई भने थप कर पुगेको छैन बढाएमा आपत्ति छैन।

मुद्राको स्थितिका बारेमा प्रोग्राम केही देखिएन। हो समस्या गाहारो छ। त्यसैले अर्थमन्त्रीज्यूले सोचेर राख्नु भएको होला। तथापि तराई क्षेत्रमा चाँडै

नै मोहरको चलन ल्याइयोस् । हाम्रो देशको आम्दानी हाम्रो चलनमा मिलेको छैन, त्यसको निम्ति एउटै मुद्रा गर्नु आवश्यक छ। ठाउँ ठाउँमा एक्सचैंज बैंक खोलेर सराफीहरूद्वारा सटनी मिलाए पनि हुन्छ । शुरू शुरूमा सानो सानो क्षेत्रमा तुरून्त कदम उठाएर गर्न सकिन्छ। यो कुरा नभएको जस्तो मलाई लाग्छ।"

## परिशिष्ट – २

## नेपाल कम्युनिष्ट पार्टीको चतुर्थ राष्ट्रिय महाधिवेशन[३६]

२०४९ चैत २३ गते देखि २४ गते सम्म घोषणा गरिए तापनि अतिरिक्त अवधि लिएर २९ गते मात्र सम्पन्न भएको महाधिवेशन राष्ट्रिय सभागृह काठमाडौंमा उद्घाटन भई पाटनको सिनेमा हलमा बन्द सेशन सम्पन्न।

धनुषाका का. देवनन्द शाहद्वारा समुद्घाटित।

महाधिवेशनले प्रतिवेदनहरू संशोधनः एवम् परिष्कृत गरी पारित गऱ्यो। महाधिवेशन प्रतिनिधिबाट निर्वाचित कामरेडहरूको विवरण –

| | | |
|---|---|---|
| १ | का. तुल्सी लाल अमात्य | ललितपुर |
| २. | का. कुमार बेल्बासे | अर्घाखाँची |
| ३. | का. रविन्द्र बस्नेत | भोजपुर |
| ४. | का. टिका प्रसाद सापकोटा | झापा |
| ५. | का. राम प्रसाद अधिकारी | प्रवास |
| ६. | का. चिरञ्चीवी ढुंगाना | काठमाडौं |
| ७. | का. रवि श्रेष्ठ | ललितपुर |

महाधिवेशनले का. तुल्सी लाल अमात्यलाई सर्वसम्मतिले महासचिव निर्वाचित गऱ्यो ६४ जनाको राष्ट्रिय परिषदमा निम्नानुसारका कामरेडहरू रहनु भएको छ–

| | | |
|---|---|---|
| १. | का. गंगाराम गिरी | कञ्चनपुर |
| २. | का. गरिमा शाह | बाजुरा |
| ३. | का. राधा वाग्ले | बर्दिया |

३६ नेकपा केन्द्रिय सदस्य गरिमा शाहबाट प्राप्त छायाँप्रतिमा उल्लेखित विवरण

| | | |
|---|---|---|
| ४. | का. पी. आर. जोशी | कैलाली |
| ५. | का. विष्णु सारु | गुल्मी |
| ६. | हरि बहादुर कुँवर | गुल्मी |
| ७. | का. शिर बहादुर कुँवर | गुल्मी |
| ८. | का. श्याम नेपाली | गुल्मी |
| ९. | का. बल बहादुर सुवेदी | गुल्मी |
| १०. | का. धन बहादुर पुन | गुल्मी |
| ११. | का. कुमार बेलबासे | अर्घाखाँची |
| १२. | का. गंगा राम विश्व | अर्घाखाँची |
| १३. | का. पूरन के.सी. | अर्घाखाँची |
| १४. | का. नरेश विश्व | अर्घाखाँची |
| १५. | का. कमल के.पी. | रूपन्देही |
| १६. | ऋषि राम सापकोटा | रूपन्देही |
| १७. | गंगा प्रसाद कँडेल | रूपन्देही |
| १८. | का. मोहि उद्धिन खाँ | रूपन्देही |
| १९. | का. अनारकली लोध | रूपन्देही |
| २०. | का. नेक बहादुर थापा | स्याङ्जा |
| २१. | का. तेज बहादुर गुरुङ्ग | कास्की |
| २२. | लच्छीन बहादुर  गुरुङ्ग | कास्की |
| २३. | सूर्य लाल सुनार | कास्की |
| २४. | टेक बहादुर के.सी. | बाग्लुङ्ग |
| २५. | का. शान्त ब. थापा | बाग्लुङ्ग |
| २६. | का. रत्न राजभण्डारी | बाग्लुङ |
| २७. | का. बीर ब. रेग्मी | प्रवास |
| २८. | का. मोति प्रसाद पन्थी | प्रवास |
| २९. | का. टिकारामका पोखरेल | प्रवास |
| ३०. | का. राम प्रसाद अधिकारी | प्रवास |
| ३१. | का. तिलक न्यौपाने | धादिङ्ग |
| ३२. | का. चिरंजीवि ढुंगाना | काठमाडौं |

| | | |
|---|---|---|
| ३३. | का. कृष्ण प्रसाद सर्वहारा | काठमाडौं |
| ३४. | का. विगेन्द्र श्रेष्ठ | ललितपुर |
| ३५. | का. स्नेह लता वन | ललितपुर |
| ३६. | का. इन्द्र गोपाल श्रेष्ठ | ललितपुर |
| ३७. | का. निना जोशी | ललितपुर |
| ३८. | का. स्नेहलता | ललितपुर |
| ३९. | का. प्रभा बज्राचार्य | ललितपुर |
| ४०. | का. रत्न महर्जन | ललितपुर |
| ४१. | का. सोनम लामा | ललितपुर |
| ४२. | का. रवि श्रेष्ठ | ललितपुर |
| ४३. | का. दुर्गा खड्गी | ललितपुर |
| ४४. | का. कृष्ण महर्जन  दुःखी | ललितपुर |
| ४५. | का. गोपाल ब. कार्की | दोलखा |
| ४६. | का. सनम राई | सिन्धुली |
| ४७. | का. रविन्द्र बस्नेत | भोजपुर |
| ४८. | का. गोपाल अधिकारी | भोजपुर |
| ४९. | का. गोपि लाल श्रेष्ठ | संखुवासभा |
| ५०. | का. दिनेश मेहता | रौतहट |
| ५१. | का. कमल प्रसाद शाह | धुनषा |
| ५२. | का. अमिलाल उराव | सुनसरी |
| ५३. | का. उमालाल विश्वकर्मा | मोरगं |
| ५४. | का. किशोर सुब्बा | मोरगं |
| ५५. | का. मुकुन्द खनाल | मोरगं |
| ५६. | का. मोतिलाल फुँयाल | मोरगं |
| ५७. | का. बुद्धिमान उराव | मोरगं |
| ५८. | का. टिका प्र. सापकोटा | झापा |
| ५९. | का. गोपालकृष्ण उप्रेति | झापा |
| ६०. | का. तुल्सी लम्साल | झापा |

६१. का. पतलु मिया झापा
६२. का. गेनाजी रौतहट
६३. का. देवनन्दन शाह धनुषा
६४. का. कमला अमात्य ललितपुर

उपरोक्त राष्ट्रिय परिषदले ११ जना वैकल्पिक सदस्य सहित ३८ दसस्यीय केन्द्रीय समितिको निर्वाचन गऱ्यो।

पूर्ण केन्द्रीय सदस्य

१. का. तुल्सी लाल अमात्य ललितपुर
२. का. गंगा राम गिरी कञ्चनपुर
३. का. गरिमा शाह बाजुरा
४. का. पि आर जोशी कैलाली
५. का. मोति प्र. पंथी प्रवास
६. राम प्र. अधिकारी प्रवास
७. का. कुमार बेलबासे अर्घखाँची
८. का. विष्णु सारु गुल्मी
९. का. पूरन के.सी अर्घाखाँची
१०. का. कमल केपी रूपन्देही
११. का. उमालाल विश्वकर्मा मोरगं
१२. का. स्नेह लता वन ललितपुर
१३. का. निना जोशी ललितपुर
१४. का. विगेन्द्र श्रेष्ठ ललितपुर
१५. का. कृष्ण महर्जन दुःखी ललितपुर
१६. का. टिका प्रसाद सापकोटा झापा
१७. का. गोपाल कृष्ण उप्रेति झापा
१८. का. गोपी लाल श्रेष्ठ संखुवासभा
१९. का. रविन्द्र बस्नेत भोजपुर
२०. का. तिलक न्यौपाने धादिङ
२१. का. तेज ब. गुरुङ काँस्की

| | | |
|---|---|---|
| २२. | का. ऋषिराम सापकोटा | रूपन्देही |
| २३. | का. गंगाप्रसाद कँडेल | रूपन्देही |
| २४. | का. टेक ब. के.सी. | बाग्लुङ्ग |
| २५. | का. शान्त ब. थापा | बाग्लुङ्ग |
| २६. | का. गंगाराम विश्व | अर्घाखाँची |
| २७. | का. कमल प्र. शाह | धनुषा |

वैकल्पिक केन्द्रीय सदस्यहरूः

| | | |
|---|---|---|
| १. | का. दर्पलाल सरदार | मोरङ |
| २. | अभिलाल उराउ | सुनसरी |
| ३. | हरि ब. कुँवर | गुल्मी |
| ४. | सोनम लामा | ललितपुर |
| ५. | सनम राई | सिन्धुली |
| ६. | रवि श्रेष्ठ | ललितपुर |
| ७. | रत्न महर्जन | ललितपुर |
| ८. | अनराकली लोध | रूपन्देही |

केन्द्रीय समितीको निर्वाचन पश्चात केन्द्रीय समितिले पोलिट व्यूरोको निर्वाचन गऱ्यो : निर्वाचनमा प्राप्त मत यस प्रकार छ :

| | | |
|---|---|---|
| १. | का. कुमार  बेलबासे | २३ मत |
| २. | का. रविन्द्र बस्नेत | २३ मत |
| ३. | का. टिका प्रसाद सापकोट | २३ मत |
| ४. | का. पी .आर. जोशी | २२ मत |
| ५. | का. राम प्रसाद अधिकारी | ११ मत |
| ६. | का. तेज ब. गुरुङ्ग | ११ मत |
| ७. | का. तिलक न्यौपाने | ८ मत |
| ८. | का. कमल के.पी. | ६ मत |
| ९. | का. मोती प्रसाद पन्थी | ५ मत |
| १० | का. कृष्ण महर्जन | ५ मत |
| ११. | का. रविन्द्र श्रेष्ठ | १ मत |

सर्वाधिक मत प्राप्त गर्नेहरू मध्ये वा विधानमा तोकिएको संख्या अनुसार यस प्रकारले ७ जनाको पोलिट ब्यूरो गठन गरियो ।

| | | | |
|---|---|---|---|
| १. | का. तुल्सी लाल अमात्य | महासचिव | ललितपुर |
| २. | का. कुमार बेलबासे | सदस्य | अर्घाखाँची |
| ३. | का. राम प्रसाद अधिकारी | सदस्य | प्रवास |
| ४. | का. तेज ब. गुरुङ्ग | सदस्य | काँस्की |

## परिशिष्ट – ३

वर्ष १७, अंक ४, २०६८ मंसिर २८ गते बुधवार साप्ताहिक ती दिन ... गोपाल शाक्य

### झापालीहरू सी आईएबाट सञ्चालित !

संयुक्तः वक्तव्य दिने हामी स्वतन्त्र साथीहरूले २०४० पुस १ र २ गते तनहूँको देवघाटमा पहिलो भेला गऱ्यौं। उक्त भेलामा देशका विभिन्न जिल्लाबाट २५ जना साथीहरू सहभागी थियौं र भेलाको पहिलो एजेन्डा २०४० बैशाख १ गतेपछिको कामको समीक्षा थियो भने दोस्रो, एजेण्डा पार्टी कार्यक्रम सम्बन्धी राजनीतिक प्रस्ताव थियो धेरै साथीहरूले नयाँ पार्टी गठन गर्ने प्रस्ताव पनि ल्याउनुभयो । तर, मैले स्वीकार गरिनँ । अन्त्यमा छलफलपछि तेस्रो एजेन्डाका रूपमा वामपन्थी एकता आन्दोलनका सहभागीको अर्थात् वाम दवाव समूहका रूपमा काम गर्ने तय गरियो । भेलाको व्यवस्थापनको जिम्मेवारी कमरेड किरण पौडेल र डम्मबरबहादुर रानाले लिनुभएको थियो । १० जना स्वयम्सेवकको रेखदेखमा हाम्रो भेला दुई दिनसम्म चल्यो। अन्त्यमा व्यवस्थापन समितिले सप्तगण्डकी नदी किनारको जङ्गल (दासढुङ्गाको ठीक पारिपट्टी) मा खसी काटेर पिकनिक आयोजना गरेको थियो । त्यसभेलाको पहिलो एजेन्डा ०४० बैशाखदेखि ०४१ मंसिरसम्म गरिएका कामको समीक्षा थियो । त्यही समीक्षा प्रीतबेदनको नोट आधार सम्झना भएसम्मका कुराहरू मैले यहाँ उल्लेख गरेको छु।

### तुल्सी लाल पनि तर्किनुभयो

नेकपा (तुल्सी लाल समूह) का नेता कमरेड तुल्सी लाल अमात्य र भीम प्रसाद उपाध्यायसँग पहिलो भेट भारतको राजधानी दिल्लीको पूर्वी क्षेत्रस्थिति

विनोदनगरमा भएको थियो । त्यहाँ निवासी मेरा मित्र केदार शर्मा आचार्यले भेट्न मद्दत गरेका थिए । उहाँहरूलाई कमरेड नरेश्वर ज्ञवाली र मैले भेटेका थियौं । भेटघाटमा हात मिलाएर बसेपछि कमरेड टीएल (तुल्सी लाल)ले के कामले भेट्न खोज्नुभएको हो ? भनेर सोध्नुभयो । हामीले आफ्नो संक्षिप्त परिचय दियौं । नेकपा (माले) सँग मतभिननता राखी अलग भएर कम्युनिष्ट र वामपन्थी एकताका लागि प्रयास प्रयत्न गरिरहेको चर्चा गर्दै नेकपाको तेस्रो महाधिवेशनलाई आधार बनाएर पाटी एकता गर्नुपर्ने प्रस्ताव राख्यौं । कमरेड स्वयम् नेकपाको तेस्रो महाधिवेशन पछिको महासचिव भएको हुँदा कम्युनिष्ट एकताको पहल गर्नुपर्छ भन्ने कुरा हामीले गरेपछि कमरेड तुल्सी लालले भन्नुभयो, माले (झापालीहरू) वास्तवमा सीआईएद्वारा सञ्चालित छन् । उनीहरू नक्सलपन्थीहरूबाट हरियार लिएर व्यक्तिहत्याको बाटोमा हिंडेका छन् । तपाईहरूले त्यो उग्रवादी पार्टी छोडेर ठिक गर्नुभयो । कम्युनिष्ट पार्टी एकजुट बनाउन मैले काम गरिरहेको छु । केही दिनपछि म देशभित्र जाँदै छु । उतै भेटेर पनि कुरा गरौंला । अहिले केही पुस्तक लगेर पढ्नुहोला । उहाँले राष्ट्रिय प्रजातन्त्र कार्यक्रम सम्बन्धी पुस्तिका दिनुभयो । त्यो बोकेर हामी विदा भयौं ।

दिल्लीबाट फर्केपछि पुनः पाटनको पूर्णचण्डी ओलाटोलस्थित चन्द्रशेशर श्रेष्ठको घरमा कमरेड तुल्सी लालसँग हाम्रो भेटघाट भयो । हामीले सार्वभौम सत्ता सम्पन्न संसद स्थापनाका लागि तेस्रो महाधिवेशनले अघि सारेको लाइन ठीक रहेको र शाही शासनको अन्त्य भनेर राजतन्त्र अन्त्यबारे स्पष्ट दृष्टिकोण नभएको गुनासो उहाँसमक्ष गऱ्यौं । हामीले कमरेड तुल्सी लाल समूहको कार्यनीति र सङ्गठनात्मक नीतिको आलोचना पनि गऱ्यौं र भन्यौं शान्तिपूर्ण सङ्घर्षलाई प्रमुखता दिनु ठीकै हो । तर राजतन्त्रको अन्त्य र जनगणतन्त्रको प्राप्तिका लागि सशस्त्र विद्रोह पनि आवश्यकता पर्छ । त्यसकारण दोहोरो कार्यनीति लिनुपर्छ । तर कमरेड तुल्सी लालले हाम्रो कुरा स्वीकार गर्नु भएन । हमीले अघि सारेको सङ्गठनात्मक नीतिमा खुला र भूमिगत दुवै तरिका अपनाउन दुवै सङ्गठन निर्माण गर्ने प्रस्ताव पनि उहाँले स्वकार गर्नुभएन । मुख्य विवाद राजतन्त्र अन्त्यको नारा दिने प्रश्नमै रह्यो । उहाँले निरंकुश निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको प्राप्तिको नारा स्वीकार गर्नु भयो । यसैमा साझा सहमति भयो । अन्त्यमा विदा हुने बेला मैले भने – कमरेड खुला

रहेर पार्टीको नेतृत्व गर्नुहोस्, हामी भूमिगत रहेर पार्टी निर्माण गर्छौं। शाहीतन्त्र भन्नुहोस् वा राजतन्त्रको अन्त्यको लागि यसो गर्नु जरुरी छ। उहाँले भेट्दै जाऔं, पछि कुरा गरौंला भन्नु भयो । मेरो कुराबाट उहाँसँगै वार्तामा आउनुभएका उमेश श्रेष्ठ, हिम बहादुर क्षेत्री र हेमराज भण्डारी प्रभावित हुनु भएछ । उहाँहरूसँग पुन : भेटघाट र छलफल भयो। धेरै कुरामा सहमति समेत भयो।

## मनमोहनले चस्मा खोल्नु भयो

हामीले यही बीचमा नेकपा (मनमोहन समूह) का नेताहरूसँग पनि भेटघाट र वार्ता गरेका थियौं। मनमोहन समूहको केन्द्रीय नेतृत्वमा रहनुभएका कमरेड खेमनारायण ढुंगाना र एम एस थापासँग पोखर (उहाँहरूकै घर) मा दुईपल्ट कमरेड टेकनाथ बराल, बालकृष्ण सुवेदी, महेन्द्र कतिला र मैले भेटवार्ता गरेका थियौं। त्यसबखत हामी बीचमा धेरै कुरा मिलेका पनि थिए। नेकपा (मनमोहन समूह) का नेता कमरेड मनमोहन अधिकारीसँग भने मेरो पहिलो भेट पाल्पाको सदरमुकाम तानसेनमा भयो तर, त्यसबेला वार्ता– छलफल गर्ने वातावरण नै बनेन। हात मिलाएर मात्र फर्किए। मलाई लिएर जाने साथीले सायद कमरेड मनमोहनलाई मेरो भूमिगत अवस्थाबारे जानकारी नदिएर हो कि! उहाँले आफू बसेको घरको आँगनमा कुर्सी लगाएर कुरा गरौं विक्रमजी" भन्नुभयो। प्रतिउत्तरमा मैले उहाँलाई अलिक पर बोलाएर कानमा खुसुक्क भनें –'कमरेड म ०३३ सालमा नख्खु जेल तोडेर बाहिर निस्केको हुँ। अहिलेसम्म भूमिगत अवस्थामा छु। सायद तपाईलाई जानकारी भएन, म पछि पुनः भेट्छु।' म कुरै नगरी हात मिलाएर उहाँबाट हतार–हतार विदा भएँ।

०४० जेठ–असार तिर कमरेड मनमोहन अधिकारीसँग पाटन गावहालमा उहाँकै डेरामा भेट भयो। म राति नौबजे त्यहाँ पुगें। उहाँलाई पहिले नै खबर भएको थियो । मैले आफूसँगै गएका दुईजना सुरक्षा स्वयमसेवकलाई डेरा नजिकै बाटोमा छाडेको थिएँ । कोठामा पस्ने वित्तिकै कमरेड मनमोहनले (विक्रम) जी ल बस्नुहोस्, भन्दै मेचतिर देखाउनुभयो । हात मिलाएर बसें। करिब साढे एक घण्टा कुराकानी भयो। छलफलका विषय वामपन्थी एकता, नेकपाको एकता, माओ विचारधारा, मुलुकको परिस्थिति, विश्व परिस्थिति, सोभियत संघ चीन, अमेरिका, भारत आदि थिए।

कमरेड मनमोहनले कुरा सुरु गर्दै भन्नुभयो, 'तपाईहरूको संयुक्त वक्तव्य

पढें, माले झापालीहरूलाई छाडेर ठीक गर्नुभयो' उनीहरूको व्यक्तिहत्याको लाइनले नेपालको कम्युनिष्ट आन्दोलनलाई ड्यामेज गर्‍यो। मलाई शंका छ, उनीहरू कतैबाट सञ्चालित छन्। यो कुरा सुनेपछि मैले जवाफमा भनें नेकपा (माले)का नेता कार्यकर्ता उग्र वामपन्थी र अराजकतावादी विचार दृष्टिकोण राख्छन् । यसले नेपालको कम्युनिष्ट आदोलनमा क्षति पुगेको तपाईको भनाईसँग म सहमत छु। तर, उनीहरू निःस्वार्थी र त्यागी नै छन्। उनीहरूमा बलिदानी भावना छ। म सँगै काम गरेर आइरहको छु। कोही–कोही खराब हुन सक्छन्। तर, धेरै साथीहरू ठीक छन्। शंका गर्न सकिन्छ। तर यथार्थ र सत्य मैले भने जस्तै हो। मेरो कुरा सुनेर कमरेड मनमोहनले चश्मा खोल्नुभयो र एकछिन मतिर घुरेर हेर्नुभयो।

मैले आफ्नो भनाई जारी राखें नेकपा (माले) भित्र मेरो जस्तै विचार राख्नेहरू बढेदैछन्, विस्तारै परिवर्तन हुँदैजाने आशाराख्न सकिन्छ। संयुक्त वक्तव्य दिने साथीहरूको प्रतिनिधिका हैसियतले म तपाईसँग केही निवेदन गर्न चाहिरेहेको छु। नेपाल कम्युनिष्ट पार्टी टुक्रा–टुक्रा भयो। यसलाई जोड्ने काममा तपाईको पहल आवश्यक छ। सबै कम्युनिष्ट समूह एकजुट हुन नसेक पनि तुल्सी लाल समूह, बलराम साहना समूह, मानन्धर समूह र वर्मा समूहसँग पनि वार्ता छलफल गर्नुपर्दछ। मेरो प्रस्ताव सुनेपछि कमरेड मनमोहनले भन्नुभयो, तपाईको वामपन्थी कम्युनिष्ट एकताको प्रस्ताव ठीक छ विक्रमजी, तर यहाँ कोही मिल्न तयार छैनन्।

मैले कमरेड मनमोहनसँग नेकपाको मार्गदर्शक सिद्धान्तमा माओविचार धारालाई राख्ने वा नराख्ने बारेमा तपाईको सोच के छ ? भनेर सोधें। उहाँले भन्नुभयो, माओ विचारधारा छलफलमा नै छ, मार्क्सवाद लेनिनवाद मात्र भन्दा पनि मलाई आपत्ति छैन। कम्युनिष्टहरू फुटेको राम्रो होइन, मिलन विन्दु खोज्नु पर्छ। सँगै काम गर्दैजाऔं। मैले फष्ट काङ्ग्रेसमा पनि मार्क्सवाद लेनिनवाद मात्र सम्पूर्ण इमान्दार र अनुशासितहरू एक ठाउँमा आउँछन् विक्रमजी।

हामी तपाईको पहलमा सहयोगी हुन्छौ–मैले वचन दिएँ। अन्त्यमा निरंकुश निर्दलीय पञ्चायती व्यवस्था विरोधी बहुलवादी शक्तिहरूको एकता हुनुपर्ने र त्यसभन्दा अगाडि वामपन्थी शक्तिहरू एक ठाउँमा आउनुपर्दछ भन्ने कमरेड मनमोहनको प्रस्तावलाई हामीले स्वीकार गर्‍यौं।

# परिशिष्ट – ४

*बुधबार (साप्ताहिक) बर्ष १६  अङ्क ४९ , २०६८ कार्तिक ३० गते*
*ती दिन ... गोपाल शाक्य*

## पार्टीमा १४ मतभेद राख्दा...

मैले नेकपा(माले)ले लुम्बिनी अञ्चलका छ जिल्ला समेटेर नामाकरण गरिएको तत्कालीन पश्चिम दक्षिण क्षेत्रीय कमिटीमा पार्टी काम गर्दै २०३७ देखि ०३९ का बीचमा पटक पटक गरी १४ मतभेद पार्टीमा राखेको थिएँ। ०३९ साउन १४ गते महासचिव चन्द्रप्रकाश मैनाली (सुवास) समक्ष लिखित र व्याख्यासहित औपचारिक रूपमा मैले उक्त प्रस्ताव राखेको थिएँ। त्यस अवसरमा कमरेड जीवराज आश्रित(समीर) पनि उपस्थित हुनुहुन्थ्यो। त्यस दिन हाम्रो भेटघाट नवलपरासीको तमासपुर गाउँमा कमरेड चन्द्रमणि खरेलको घरमा भएको थियो। मैले राखेका १४ मतभेदहरू –

### १. सोभियत सङ्घलाई हेर्ने दृष्टिकोण

सोभियत संघलाई पार्टीले सामाजिक साम्राज्यवाद र विश्वका जनताको एक नम्बर शत्रु भनेर व्याख्या गरिरहेको थियो। तर, यो समाजवादी मुलुक र विश्व "जनताको मित्र हो भन्नुपर्दछ भन्ने मेरो धारणा थियो।

### २. विश्वको आधारभूत र प्रधान अन्तरविरोध

विश्वको आधारभूत अन्तरविरोधबारे त्यसबखत पार्टीले अमेरिकी साम्राज्यवादसँग उत्पीडित राष्ट्रको अन्तरविरोधलाई प्रधान नभनी सोभियत संघलाई प्रधान शत्रु देख्ने नीति लिएको थियो। त्यो गलत हो भन्ने मेरो विचार थियो। समाजवाद र साम्राज्यवादबीच आधारभूत अन्तरविरोधको व्याख्यामा पनि मतभिन्नता थियो।

### ३. विश्वको राजनीतिक शक्ति विभाजन

विश्वको राजनीतिक शक्ति विभाजन सम्बन्धमा पार्टीको दृष्टिकोण कमरेड माओले अघि सारे अनुरूप तीन विश्व सिद्धान्तमा आधारित थियो। पहिलो विश्व सोभियतसंघ र अमेरिका, दोस्रो विश्व युरोपेली साम्राज्यवादी देशहरू क्यानडा र जापान, तेस्रो विश्व जापान छाडेर एशियाका सबै देश,

ल्याटिन अमेरिका र अफ्रिका मैले वर्गीय दृष्टिकोणबाट हेर्दा विश्व दुई भागमा विभाजित छ भन्ने तर्फ अधिसारे । एउटा सर्वहारा वर्गको संसार जसभित्र समाजवादी मुलुकहरू विश्व मजदुर आन्दोलन र उत्पीडित राष्ट्र जनता र अर्को साम्राज्यवादी संसार, साम्राज्यवादी प्रतिक्रियावादीहरू सबै पर्दछन्।

## ४. अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन मुल्याङ्कन र इन्टरनेशनल निर्माण

संक्षिप्तमा भन्दा चीन र सोभियत संघ दुवैलाई कम्युनिष्ट मान्ने, स्वतन्त्रहरूलाई पनि कम्युनष्टि नै मानेर मूल्याङ्कन गर्ने, चिनियाँ कम्युनिष्ट पार्टी र सोभियत कम्युनिष्ट पार्टी दुवैलाई पार्टीले समदूरी राखेर व्यवहार गर्नुपर्दछ भन्ने मेरो मत थियो। पार्टीको मत सोभियत खेमा सबैलाई कम्युनिष्ट नै नमान्ने र मेरो विचार चेकोस्लाभाकिया आम्बानिया, पोल्याण्ड, युगोस्लाभिया, रोमानिया र क्युवाका कम्युनिष्ट पार्टीलाई कम्युनिष्ट मान्नुपर्दछ भन्ने थियो । इन्टरनेशनल तुरुन्त निर्माण गर्न सकिन्न, तर हाम्रोले पहल रहीरहनुपर्छ भन्ने मेरो विचार थियो भने पार्टीको विचार इन्टरनेशनल अब आवश्यक छैन भन्ने थियो।

## ५. नेपाली क्रान्तिको आधारभूत सिद्धान्त/ मार्गदर्शक सिद्धान्त

नेपाली क्रान्तिको आधारभूत सिद्धान्त– मार्गदर्शन सिद्धान्तमा माओत्सेतुङ् विचारधारा राख्ने पार्टीको विचार थियो । मेरो विचार मार्क्सवाद लेनिनवाद मात्र राखे पुग्छ भन्ने थियो। आ–आफ्नो देशको मौलिक विशेषतामा आधारित क्रान्ति गर्ने शृङ्खलाबद्ध सोचविचारहरूको समष्टिलाई नै विचार धारा भनिन्छ। माओले मार्क्सवाद लेनिनवादमा नयाँ बैज्ञानिक कुरा थप्नुभएको छैन, त्यसकारण माओवाद पनि होइन । माओ विचारधारा चीनमा मार्क्सवाद लेनिनवादको सिर्जनात्मक प्रयोगबाट जन्मिएको हो। त्यो चीनीयाँ सच्चाइहरूमा आधारित छ। हाम्रो सच्चाइमा आधारित हाम्रो विचार वा विधारधारा हुन्छ भन्ने मेरो विचार थियो।

## ६. नेपाली क्रान्तिको आधारभूत र प्रधान अन्तरविरोध

नेपाली क्रान्तिको आधारभूत र प्रधान अन्तरविरोधबारेको मतभेदमा आधारभूत अन्तरविरोधबाट सोभियत संघ हटाउनुपर्छ। भारतसँग अन्तरविरोध भए पनि विस्तारवादी भारत भनी शत्रु घोषित नगर्ने नवऔपनिवेशिक शोषणको विरोध गर्ने, सीमा मिचिएकोमा विरोध जनाउने भन्ने थियो। पार्टीको दृष्टिकोण भने

नेपाली क्रान्तिको आधारभूत शत्रु सोभियत संघ र भारत दुवै हुन् भन्ने थियो।

## ७. नेपाली क्रान्तिको वर्तमान चरणको कार्यक्रम

पार्टीको कार्यक्रम नयाँ जनवादी थियो। मैले चिनियाँ वा सोभियत साँघको नक्कल नगरी आफ्नै विशिष्टता र विशेषतामा आधारित आफ्नै सच्चाईहरू समेटेर हाम्रै मौलिक कार्यक्रम हुनुपर्दछ । त्यसको नाम राष्ट्रिय जनवादी कार्यक्रम भनौं भन्ने मेरो तर्क थियो। त्यसै बेला मैले बहुदलीय प्रतिस्पर्धाको कुरापनि उठाएको थिएँ। कार्यक्रम देखाउने होइन, लागू हुने चाहिन्छ भन्ने मेरो मत थियो र आज पनि छ।

## ८. नेपाली क्रान्तिमा राजनीतिक संयुक्त मोर्चा सम्बन्धी नीतिहरू

नेपाली क्रान्तिमा वर्गीय संयुक्त मोर्चाको अवधारणामा मतभेद थिएन। तर राजनीतिक पार्टी, सङ्गठन संस्था, व्यक्ति आदिसँग मिलेर राजनीतिक एकता कायम गर्ने, बहुदलवादीहरूसँग मिलेर निरंकुश निर्दलीय पञ्चायती व्यवस्था विरुद्ध  राजनीतिक संयुक्त मोर्चा निर्माण गर्ने ठोस नीति थिएन। त्यो हुनुपर्छ भन्ने मेरो मत थियो।

## ९. विदेश नीति

क्रान्तिपूर्व पनि पार्टी सरकारमा जान सक्छ भन्ने अवधारणा राखेर चीन र भारतसँग समदुरी बनाउने, सोभियत संघ र अन्य समाजवादी मुलुकहरूलाई मित्र शक्ति  मानेर विश्वमा हाम्रो मित्रहरू बढाउने नीति लिनुपर्दछ भन्ने मेरो मत थियो। पार्टी नीतिले भने अमेरिका, भारत सोभियत संघ र अन्य समाजवादी मुलुकहरूलाई पनि शत्रु देख्नुले हाम्रो विदेश नीति साँघुरो थियो । असंलग्न परराष्ट्रनीति भन्नेमा विवाद थिएन, त्यसको पाँच सिद्धान्त स्वीकार गर्ने कुरामा पनि विवाद थिएन।

## १०. नेपाली कम्युनिष्ट आन्दालेनको मूल्याङ्कन

पार्टीको विचारमा नेकपा(मनमोहन समूह) नेकपामा सहाना, (बलराम समूह) नेकपा (मानन्धर/वर्मा समूह) नेकपा(अमात्य समूह) सबै संसोधनवादी दक्षिणपन्थीहरू थिए र उनीहरूलाई कम्यूनिष्ट मान्न सकिन्न भन्ने थियो। मेरो विचार उनीहरूलाई पनि कम्युनिष्ट मान्नुपर्दछ। उनीहरूमा रहेका दक्षिणपन्थी

कमीहरूलाई हटाउनुपर्दछ। हामीमा रहेका उग्रवामपन्थी कमी कमजोरी हटाएर एउटै नेपाल कम्युनिष्ट पार्टी निर्माण गर्नु पर्दछ भन्ने थियो।

## ११. शान्ति क्षेत्र प्रस्तावप्रतिको दृष्टिकोण

मेरो विचारमा शान्ति क्षेत्र प्रस्तावको आलेचनात्मक समर्थन गर्ने हुनाले निरंकुश राजाले जनता झुक्याउन र क्रान्तिकारी शक्ति दबाउन विदेशीहरूका अगाडि शान्तिप्रिय भइरहने षड्यन्त्र अनुरूप ल्याएका हुन् भन्ने थियो। तर, पार्टीको विचार आलोचनात्मक समर्थन गर्नुपर्दछ भन्ने थियो।

## १२. विदेशमा रहने नेपाली माझ सङ्गठन निर्माण (विशेषतः भारतमा कस्तो सङ्गठन निर्माण गर्ने?)

विदेश विशेषतः भारतमा रहने नेपालीहरूलाई प्रवासी छोडेर सङ्गठन बनाउँदा समस्या आउन सक्छ। त्यसकारण उक्त शब्द नजोडी बनाऔं भन्ने मेरो विचार। तर पार्टीको विचार जोडेर नै बनाउने रहेको थियो।

## १३. जातीय सङ्गठन निर्माण

जातीय सङ्गठन निर्माण सम्बन्धी पार्टीमा कुनै नीतिगत स्पष्टता थिएन त्यसकारण मैले त्यसबेला माथिल्लो सदनलाई नेपालमा जाति जनजातिहरूको राष्ट्रिय सदन बनाउने र त्यसलाई राष्ट्रिय परिषद् भन्नुपर्ने कुरा राखेको थिएँ। पार्टीको भाषा नीति पनि स्पष्ट थिएन। त्यसकारण मैले त्यसबेला नेपाली भाषालाई सम्पर्क राष्ट्रिय भाषा मानी सबै प्रमुख जातिका भाषाहरूलाई रीाष्ट्रिय भाषा नै मान्नुपर्दछ भन्ने विचार राखेको थिएँ। नेपाल एक धर्मनिरपेक्ष राज्य हुनुपर्नेमा भने दुवै पक्षबीच विवाद थिएन।

## १४. पार्टी भित्रको जनवाद

मैले त्यतिबेला सोभियत संघका विषयलाई पार्टीमा विचाराधीन बनाऔं र दुवै मत माथि छलफल गर्न दियौं भन्ने प्रस्ताव गरेको थिएँ। तर, केन्द्रीय नेतृत्त्वले त्यसलाई स्वीकार गरेन। मुलुकमा विभिन्न कम्युनिष्ट समूहहरू छन्। विचार र दृष्टिकोणमा भिन्नता छ। यस्तो अवस्थामा पार्टीभित्रको जनवादलाई अलिक खुकुलो बनाउने र मतभेदलाई सत्रुतापूर्ण रूपमा होइन मित्रतापूर्ण रूपले चलाउने प्रस्ताव राखेको थिएँ। मैले केन्द्रीयता नै नहोस् भनेको थिइनँ। तर

केन्द्रीयता विना अराजकता जन्मिन सक्छ भने जनवाद बिनाको केन्द्रीयता निरङ्कुश हुन्छ भन्ने विचार मैले राखेको थिएँ।

तर, त्यतिबेला त्यसलाई गम्भीरतापूर्वक लिइएन । बरु त्यसलाई अपमानजनक रूपमा अस्वीकार गरियो।

## परिशिष्ट – ५

## नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) को संयुक्त घोषणा पत्र[३७]

१. नेपाल कम्युनिष्ट पार्टी (प्र.) ले ने.क.पा. (अमात्य) र ने.क.पा. बर्माका हामी आधिकारिक प्रतिनिधिहरूले नेपालमा मार्क्सवाद–लेनिनवादका सिद्धान्तहरूमा आधारित क्रान्तिकारी अनुशासित राष्ट्रव्यापी र वाम उग्रवाद तथा अवसरवाद र दक्षिणपन्थी विघटनवादबाट मुक्त कम्युनिष्ट पार्टीको सङ्गठन विकास गर्नको निमित्त निम्न  बुँदाहरूमा सहमति जनाई आ–आफ्ना पार्टीहरूलाई संयुक्त गरी "नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) गठन गर्ने निर्णय गरेका छौं।

२. नेपाल कम्युनिष्ट पार्टीले आफ्नो जन्मकालदेखि नै सामन्ती भू व्यवस्था र सामन्तवादी शोषण–दमन तथा सामाजिक साँस्कृतिक प्रणाली बिरुद्धको तत्कालीन प्रजातान्त्रिक क्रान्तिमा मूल रूपमा कम्युनिष्ट काङ्ग्रेस एकता र ०१७ सालपछि यसै एकताबाट प्रेरित वाम–एकताको आवश्यकतामाथि जोड दिँदै आएको हो। निरंकुश पंचायती तानाशाही व्यवस्था बिरुद्धको सङ्घर्षमा वाम शक्तिहरू समेत सहभागी भएको व्यापक प्रजातान्त्रिक एकताको अपरिहार्यतालाई अन्ततोगत्वा सबै जसो बाम र प्रजातान्त्रिक शक्तिहरूले स्वीकार गर्नु पर्‍यो । सात कम्युनिष्ट पार्टीहरू यसै समझदारीबाट प्रेरित भई संयुक्त बाममोर्चा गठन गरी वाम एकता कायम भई सफल भएको हुँदा नेकां र स. वाममोर्चाको संयुक्त नेतृत्व तथा आह्वानमा संचालित ०४६ सालको राष्ट्रव्यापी विशाल शान्तिपूर्ण जन–आन्दोलनले नै पंचायती व्यवस्थालाई धराशायी गरेको हो । त्यसै जनआन्दोलनले सार्वभौमिकसत्ता जनतामा निहित २०४७ को प्रजातान्त्रिक संविधान प्राप्त गर्‍यो र त्यसै संविधानमा आधारित महानिर्वाचनद्वारा निर्वाचित संसद र सरकारको गठन भयो। यस प्रकार आज

---

३७ बरिष्ठ नेता विष्णुबहादुर मानन्धरबाट प्राप्त छायाँप्रतिबाट

मुलुकमा संसदीय प्रजातान्त्रिक व्यवस्था कायम भएको छ । यो नेपाली जनताको बलिदानपूर्ण ऐतिहासिक सङ्घर्षबाट प्राप्त उपलब्धि हो ।

३. त्यस सङ्घर्षको दौरान तथा त्यसपछिको अवधिमा समेत वाम शक्तिहरू बीचको एकतालाई सुदृढ पार्दै जाने राजनीतिक आवश्यकतालाई सम्बन्धित सबैहरूले महसुस गर्दै गएका हुन् । यसको साथै मूलभूत सैद्धान्तिक तथा राजनीतिक सवालहरूमा समान समझदारी भएका पार्टीहरूबीच एकीकरणको आवश्यकता पनि महसूस गरी त्यसको प्राप्तिका लागि विशेष गरेर हामी तीन पार्टीमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात् पटक–पटक वार्ताहरू भएका हुन् । तर कति कारणहरूले हामी तीन पार्टीहरूबीच एकीकरण हुन सकेन । साथै बढ्दै गएको राजनीतिक जटिलताले गर्दा स्वयं वाममोर्चा पनि कागजमा मात्र सीमित हुन पुग्यो । वर्तमान राजनीतिक परिवर्तनको परिवेशमा वाम शक्तिहरूको काँधमा आइपरेको जिम्मेवारीलाई पूरा गर्न निम्ति वाम – एकताको प्रश्नलाई विचार गरिनु आवश्यक भएर गएको छ।

४. विश्व कम्युनिष्ट आन्दोलन र समाजवादी मुलुकहरूमा हाल देखापरिरहेको नयाँ चिन्तन र धार त्यसमा भैरहेका परिवर्तनहरूको प्रभाव नेपालको कम्युनिष्ट आन्दोलनमा पनि परेको छ र पर्दै जाने पनि छ। नेपाल कम्युनिष्ट पार्टीले यी परिवर्तनहरूको पूर्वाग्रह रहित भै गहन अध्ययन गर्नेछ र त्यसका निष्कर्ष र सकारात्मक निचोडहरूलाई हाम्रो देशको वस्तुस्थिति अनुरूप व्यवहारमा ल्याउने छ र बहुदलवाद, योजनाबद्ध बजार अर्थतन्त्र र प्रजातान्त्रिक प्रणाली अन्तर्गत देशको द्रुत राजनीतिक आर्थिक तथा समाजिक विकास औद्योगिकण गर्दै शोषण विहीन र मानवतावादी समाज निर्माणको दिशामा अगाडि बढ्ने छ।

५. सामाजिक–आर्थिक प्रणालीको दृष्टिले नेपाल अहिले सामन्तवादी प्रणालीबाट पूँजीवादी प्रणालीमा संक्रमणको अवस्थामा छ। राजनीतिक रूपले बहुदलीय प्रजातान्तिक राजनीतिक प्रणालीलाई सुदृढ गर्ने संक्रमणकालीन अवस्थामा छ । नेपाली अर्थतन्त्रको वर्तमान संक्रमणकालीन अवस्था र मुलुकभित्र वर्गहरूको छ्यासमिसे चरित्रले नेपाली राजनीतिक पाटीहरूबीच कार्यक्रमात्मक निकटता देखापरे पनि सत्ताको लागि तीब्र प्रतिस्पर्धा जन्माएको छ।

६. नेपाल अहिले प्रजातान्त्रिक क्रान्तिको चरणमा छ । सामन्तवादी

पछौटेपन तथा नव औपनिवेशिक शोषणको विरोधी यो क्रान्तिको लक्ष्य राजकीय सहकारी र निजी क्षेत्रहरू मार्फत र शहरी क्षेत्रको तीब्रतम औद्योगिकरण गरी राजस्वमा तीव्र बृद्धि गरी राष्ट्रिय आम्दानीलाई बिपन्न वर्गहरू, श्रमजीवी दमुदायतिर मोडेर चाँडै भन्दा चाँडै मुलुकबाट गरिबी, रोग, भोक र अशिक्षालाई हटाई नेपाललाई सुखी, सम्पन्न, धनी र औद्योगिकृत गर्ने हुनु पर्दछ। क्रान्तिले पूँजीको प्रजातान्त्रिकरण गर्दै त्यसको स्वामित्व बढी भन्दा बढी जनतामा विस्तार गर्नु पर्दछ। यो क्रान्तिको सामाजिक साँस्कृतिक लक्ष्य निरक्षरताको उन्मूलन गर्नु र शिक्षाको प्रजातान्त्रिक ढंगले विकास गर्नु महिलाअधिकारको संरक्षण र बृद्धि गर्नु, शिशु मृत्यु दरलाई विकसित मुलुकमा भएको जस्तै कम गर्नु, राष्ट्र्व्यापी रूपमा स्वास्थ्य सेवाहरू र स्वच्छ पिउने पानी उपलब्ध गराउनु, प्रत्येक व्यक्तिलाई रोजगार र यथोचित आम्दानी उपलब्ध गराउनु र प्रत्येक जातीय समुदायलाई आफ्नो भाषा, साहित्य, संस्कृतिको विकास गर्नका निमित्त उच्चतम अवसर र सुविधा प्रदान गर्नु हुनु पर्दछ। नेपाल कम्युनिष्ट पार्टी क्रान्तिको यस चरणमा यिनै कुराको प्राप्ति र कार्यान्वयनका लागि सङ्घर्षरत रहँदै नयाँ नेपालको निर्माण निमित्त सत्ता प्राप्तिको लागि अग्रसर रहनेछ।

७. यसै परिप्रेक्ष्यमा हामीले हालै सम्पन्न महानिर्वाचनको परिणाम स्वरूप विकसित भएको आन्तरिक राजनीतिक स्थिति माथि विचार गर्नु पर्दछ। दशकौं सम्म निरंकुश शासन मुनि पिल्सिएका नेपाली जनताले ०४६ सालको जन आन्दोलन पश्चात् प्रजातान्त्रिक वातावरणमा आम निर्वाचनमा भाग लिन पाएका थिए। राजनीतिक, आर्थिक तथा सामाजिक रूपमा थिचिएका जनताहरूको आकांक्षाले सीमा नाघ्नु खोज्नु स्वाभाविक नै थियो। आवश्यकता आकांक्षा र संभाव्यता बीच खाडलको यथार्थता बोधले जन आकांक्षालाई डोऱ्याउन नसक्ने राजनीतिक वातावरणलाई सहजै बुझ्न सकिन्छ। यसको साथै प्रचुर साधन–श्रोतको उपलब्धता र मूल रूपमा यसले टेवा दिएको चुनावी योजनाको जालोले चुनावी सङ्घर्षलाई दुई खेमा ने.का र एमाले बीचको सङ्घर्षको रूपमा परिणत गर्ने काम गऱ्यो। त्यसले त्यस्तो चुनावी लहर उत्पन्न गऱ्यो जसले जनता समक्ष ने. कां र एमाले बाहेक अरु कुनै विकल्प देखा पर्न सकेन। फलस्वरूप एमालेले काङ्ग्रेस विरोधी र ने.का.ले कम्युनिष्ट विरोधी मतहरू आफूतिर तान्न सफल भए र चुनाव परिणाम पनि त्यस अनुकुल एक विशेष प्रकारको देखा पऱ्यो। जुन परिणाम देखा

परेको छ, त्यसलाई दुई पाटी प्रणालीले स्थायी स्वरूप लिने भन्ने रूपमा चित्रित गर्न थालिएको छ। नेपाल जस्ता ज्यादै पिछडिएको मुलुकमा जहाँ समाजका विभिन्न वर्ग तथा तब्काहरू बीचको अन्तरकृया तथा अन्तरविरोधहरूले अहम् भूमिका खेल्ने निश्चित छ, दुई पार्टी–प्रणाली कै सेरो–फेरोमा नेपालको राजनीतिले फन्को मार्ने भन्ने सोचाई न प्रजातान्त्रिक हुन सक्छन् यथार्थ परक नै।

८. जन –आन्दोलनको फलस्वरूप स्थापित प्रजातान्त्रिक प्रकृया र संस्कारको सुदृढीकरणको सवाल आजको अहम् राजनीतिक सवाल हो। प्राय अवसरवादी, उग्रवामपन्थी तथा उग्र दक्षिणपन्थी प्रतिगामी शक्ति र राजनीतिबाट हुनसक्ने प्रहारबाट नवोदित प्रजातन्त्रलाई जोगाएर मात्रै प्रजातान्त्रिक प्रकृया र संस्कारको सुदृढीकरण गर्न सकिन्छ। वाम–प्रजातान्त्रिक शक्तिहरूको आपसी समभ्रुदारी र त्यसै समभ्रुदारीमा आधारित मूल कृपाकलाप नै यसको लागि आधार बन्न सक्दछ। आज (संसद तथा सडकमा जस्तो) स्थितिको सृजना हुँदै गएको छ, ने. का र एमाले दुवै पार्टीहरूले अपनायका शक्ति राजनीतिले नै यो स्थितिको सृजना गरेको हो। प्रजातन्त्रले स्थायित्व ग्रहण गर्न नपाउँदै यस्तो अवस्था उत्पन्न हुनुले कसलाई सघाउने हो? सहजै अनुमान गर्न सकिन्छ।

९. त्यसकारण मुलुकको वर्तमान राजनीतिक परिस्थितिमा प्रजातन्त्रलाई जोगाउन र सुदृढ तुल्याउन र नेपाली समाजको पछौटेपन गरिबी, रोग, अशिक्षालाई हटाउन बाम–एकता तथा वाम प्रजातान्त्रिक समभ्रुदारी र एकताको आवश्यकता छ। यसै लक्ष्यले प्रेरित यथार्थपरक नीति र कार्यक्रमहरूको तर्जुमा गर्नु र तिनै नीति र कार्यक्रमहरूको वरिपरि जन समुदायहरूलाई परिचालन गर्नु नै आजको मूल कार्य दिशा हो। हाम्रो तीनवटै पार्टीहरूको एकीकरणले यस मूल कार्यदिशालाई समाती अघि बढ्ने काममा ठोस र दुरगामी रूपले योगदान गर्नेछ भन्ने कुरामा हामी विश्वस्त छौं। एकीकरण पश्चात्को हाम्रो राजनीतिक पहल र दृढतापूर्ण कदमले मुलुक भित्रका वाम र प्रजातान्त्रिक शक्तिहरूलाई एवम् राजनीतिक प्लेटफार्ममा उभ्याउँने दिशामा गहकिलो योगदान दिनेछ र यै बाटो अवलम्बन गरेर नेपाली जनताले खोजेको वैकल्पिक राजनीतिक शक्तिको निर्माण गर्न सकिने छ भन्ने कुराको विश्वास पनि हामी व्यक्त गर्न चाहन्छौं।

## परिशिष्ट – ६

बामपंथी एकता मञ्च

## मार्क्सवाद – लेनिनवाद सर्वहारा अन्तरराष्ट्रियतावादका आधारमा एकतातिर अगाडि बढौं[३८]

वामपन्थी समूहहरू बीच आपसी सद्भावना र मेलको आवश्यकता महशुस हुँदै आएको हो। यस दिशा तर्फ प्रयासहरू पनि भै राखेका थिए। विभिन्न समूहहरूमा विभाजित वामपन्थीहरूका बीच साझा समझदारी कायमगर्दै एकताका लागि प्रयत्नशील रहने भावनाबाट प्रेरित भै हामी तीन वामपन्थी पक्षहरू बीच सौहाद्रपूर्ण वातावरणमा हालै सम्पन्न वार्तामा विभिन्न सैद्धान्तिक र राजनीतिक प्रश्नहरू बारे विचारहरूको आदानप्रदान भएको थियो। यस वार्तामा मार्क्सवाद–लेनिनवाद, सर्वहारा अन्तर्राष्ट्रियतावादको आधारमा वर्तमान राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्थितिको विश्लेषण पनि गरिएको थियो । हामीहरू बीच भएको सहमति अनुसार हामीले सार्वजनिक रूपमा यो संयुक्त विज्ञप्ति प्रसारित गरेका छौं।

हाम्रो पहिलो चरणको यो वार्ताले हामीहरूका बीच विद्यमान निकटतालाई प्रष्ट पारेको छ । मार्क्सवाद–लेनिनवाद, सर्वहारा अन्तर्राष्ट्रियवादका आधारमा एकताका प्रयासहरूलाई अघि बढाउनु पर्ने कुरामा हामीहरू बीच सहमति कायम भएको छ।

राष्ट्रिय प्रजातन्त्रको बाटो, विकासको गैर पूँजीवादी बाटो नै मुलुकको पछौटेपन उन्मूलनको एकमात्र बाटो हो र यस बाटोबाट अगाडि बढेर समाजवादी समाजमा संक्रमण र समाजवादको पूर्ण निर्माण गरेर नै मानिसद्वारा मानिसको शोषण खतम गरी सम्पूर्ण जनताको जीवनस्तर माथि उठाउँदै देशको उत्तरोत्तर विकास गरी एक समुन्नत देशको निर्माण गर्न र जनताको जीवनलाई सुखी एवम् समृद्ध तुल्याउन सकिने छ।

राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने कार्यमा मजदूर वर्ग तथा किसानहरू, खास गरी गरीब किसानहरूको एकतालाई आधारभूत शक्तिको रूपमा हेर्दै यसमा साम्राज्यवाद विरोधी, सामन्तवाद विरोधी अन्य वर्ग एवम् शक्तिहरू पनि

---

३८ नेकपा (नेकपा)का केन्द्रिय सदस्य सुनिल मानन्धरबाट प्राप्त छायाँप्रतिबाट

सहयोगी हुन सक्ने भन्ने धारणामा हामीहरू बीच समानता रहेको छ। राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने सङ्घर्षमा मजदूर वर्गको अग्रगामी (Vanguard) भूमिकाले नै राष्ट्रिय प्रजातन्त्र सही ढंगले स्थापना भई सही दिशामा लैजान सकिने छ भन्ने कुरामा हामी सबैमा सहमति रहेको छ।

आज देशमा जनतालाई सामान्य राजनीतिक अधिकारहरू पनि प्राप्त छैनन्। उकुस मुकुसको वातावरण व्याप्त छ। देशमा सामूहिक हितको भावना भन्दा व्यक्तिवादी स्वार्थ सिद्धिको भावनालाई प्रश्रय दिने राजनीतिक परिपार्टी छ। भ्रष्टाचार, कालोबजार, तस्करी, प्रशासनिक स्वेच्छाचारिता, अनियन्त्रित तवरमा बढिरहेछ। जनताको जीवन झन झन दुष्कर हुँदैछ, आर्थिक स्तर झन झन गिर्दो छ।

सामान्य प्रजातान्त्रिक राजनीतिक अधिकारहरूको प्राप्ति राष्ट्रिय प्रजातन्त्रतिरकै पाइलो हुँदा राजनीतिक आधारमा सङ्गठनहरूको स्वतन्त्रता, प्रेस एवम् अभिव्यक्ति स्वतन्त्रता, सभासमारोह प्रदर्शन स्वतन्त्रता, निर्वाध आवागमन स्वतन्त्रता, राजनीतिक स्वतन्त्रताको वातावरणमा महानिर्वाचनमा अधिकार सम्पन्न व्यवस्थापिकाका लागि प्रतिनिधि निर्वाचिन गर्ने जनअधिकार, जनताप्रति उत्तरदायी सरकारको गठन, स्वतन्त्र न्यायालय जस्ता सामान्य राजनीतिक अधिकारका लागि पनि सङ्घर्षशील रहिरहनु पर्ने कुरामा हामीहरू बीच एकराय भएको छ।

मुलुक बद्दो रूपमा साम्राज्यवादी देशहरू माथि निर्भर हुन थालेको स्थिति मुलुकका लागि एकदमै हानिकारक भएको तथ्य उल्लेख गर्दै हामीहरू सोभियत संघ, अन्य समाजवादी मुलुकहरू र प्रगतिशील परिपार्टीका विकासोन्मुख देशहरूसित नेपालले सहयोग सम्बन्ध सुदृढी र विकसित गरेर मात्र स्वाधीन राष्ट्रिय अर्थतन्त्रको विकास एवम् स्वाधीनताको उत्तरोत्तर सुदृढीकरण गर्न सक्नेछ भन्ने साझा विचार राख्दछौं।

सोभियतसंघ, अन्य समाजवादी देशहरू अन्तर्राष्ट्रिय मजदूर आन्दोलन, पददलित जनताहरूका स्वाधीनता आन्दोलनहरू र प्रजातान्त्रिक आन्दोलनहरू बीच फाटो पार्ने प्रयासहरू विरुद्ध सङ्घर्ष गर्दै यस्ता प्रयासहरूले साम्राज्यवाद, विश्व प्रतिक्रियावाद तथा स्थानीय प्रतिक्रियावादको नै सेवा पुऱ्याउँछ भन्ने कुरामा हामी समान रूपले जोड दिन्छौं। उपर्युयक्त शक्तिहरू बीच फाटो

ल्याउने र विश्व कम्युनिष्ट आन्दोलनलाई नै टुक्र्याउने काम माओ विचारधारा वा माओवादले गरी आइरहेको छ। यसले विश्वका विभिन्न मुलुकहरूका होनहार युवकहरूलाई विश्व कम्युनिष्ट आन्दोलनको मूलधारबाट अलग्याएर तिनलाई सोभियत संघको साथै विश्व कम्युनिष्ट आन्दोलन कै विरोधमा खडा गर्ने अभियान चलाएको छ।

माओवादकै देन हो कि आज जनवादी गणतन्त्र चीन समाजवादी खेमाको विरोधमा साम्राज्यवादको नगीच पुगेको छ। माओवादको अंगको रूपमा अगाडि बढाएको तीन विश्वको सिद्धान्त सर्वहारा दृष्टिकोणबाट होइन कि प्रतिक्रियावादलाई नै सघाउ पुऱ्याउने संकुचित राष्ट्रवादी दृष्टिकोणबाट प्रेरित भएको हो। माओवादले विश्व कम्युनिष्ट आन्दोलन माथि त्यति नोक्सान पुऱ्यायो जति ट्रात्सकीवादले पनि पुऱ्याउन सकेको थिएन। सोभियत विरोधी कृयाकलाप जुनसुकै क्षेत्रबाट चलाएको किन नहोस् त्यसले साम्राज्यवादको नै सेवा पुऱ्याउने र मुलुकको प्रगतिशील आन्दोलनमा बाधा तेर्स्याउने काम गर्दछ भन्ने कुरामा हामीहरू तीनवटै पक्षको समान सोचाईरहेको छ।

आजको विग्रंदो अन्तर्राष्ट्रिय परिस्थितिका निम्ति अन्तर्राष्ट्र्य साम्राज्यवाद, खास गरी त्यसको नाइके अमेरिकी साम्राज्यवाद दोषी छ। शस्त्रास्त होडको वृद्धि, राज्यहरूको भित्री मामिलामा हस्तक्षेप, विश्वका विभिन्न भागमा विष्फोटनात्मक स्थितिको सिर्जना गर्ने र अन्तर्राष्ट्रिय तनाव बढाउने व्यवहार अमेरिकाली साम्राज्यवादको रहिआएको छ। साम्राज्यवादले विभिन्न देशहरूमा प्रतिक्रान्ति निर्यात गर्ने ठाडो प्रयास गरिरहेको छ। अफगानस्तिानमा अप्रिल क्रान्तिका विरुद्ध साम्राज्यवादी हस्तक्षेप भइरहेको छ, कम्पुचियामा नरसंहारकारी पोलपोट शासन उन्मूलन गरी कायम भएको जनताको सरकारलाई पल्टाउन साम्राज्यवादी क्षेत्रबाट हस्तक्षेप भइरहेको छ। पोल्याण्डमा प्रतिक्रान्ति निर्यात गर्न "सोलिडेरिटी" सङ्गठनका प्रतिक्रियावादी तत्वहरूलाई उक्साई त्यहाँको समाजवादी व्यवस्था उखाड्न र साम्राज्यवाद परस्त पूँजीवादी व्यवस्था लाद्न साम्राज्यवाद तथा विश्व प्रतिक्रियावाद उत्तिकै सक्रिय छन्।

साम्राज्यवादका यी क्रियाकलापमा माओवादी सिद्धान्त अनुसार आज चीनले सघाउ पुऱ्याइरहेको छ। अन्तर्राष्ट्रिय क्षेत्रमा साम्राज्यवादसँग भित्री समाजवादी खेमाको विरोध गर्नु खास गरी समाजवादी सोभियातसँघको

विरोध गर्नु निश्चय पनि सर्वहारा दृष्टिकोण अनुकुलको कुरो होइन । चीनको यस्तो नीतिको हामी विरोध गर्दछौं । मार्क्सवाद लेनिनवाद र सर्वहारा अन्तर्राष्ट्रियतावादका आधारमा समाजवादी खेमाको र विश्व कम्युनिष्ट आन्दोलनको एकताको सुदृढीकरणको पक्षमा हामी छौ र यही आधारमा नेपालको कम्युनिष्ट आन्दोलन पनि एकता तिर अगसर हुनु पर्ने ऐतिहासिक आवश्यकता रहेको कुरामा पनि जोड दिन्छौं ।

हिन्दु चीनका जनताहरूले लिएको समाजवादको बाटोको रक्षा गर्नु, अफगानिस्तानमा अप्रिल क्रान्तिका उपलब्धिहरूको रक्षा गर्नु, पोल्याण्डमा समाजवादको रक्षा गर्नु हरेक अन्तर्राष्ट्रियतावादीको कर्तव्य हो भन्ने हामी ठान्दछौ र अफगानिस्तानका क्रान्तिकारी उपलब्धिहरूको रक्षा गर्न तथा बाह्य हस्तक्षेपको मुकाविला गर्न सोभियत संघले पुऱ्याएको सहयोगलाई अन्तर्राष्ट्रियतावादको अभिव्यक्तिको रूपमा मूल्याङ्कन गर्दछौं ।

हामी तीनवटै पक्षहरू समाजवादी राज्यहरूप्रति, राष्ट्रिय मुक्ति आन्दोलनहरू प्रति, विकासोन्मुख मुलुकहरूमा चलिरहेको साम्राज्यवाद विरोधी स्वाधीनता सुदृढीकरणका सङ्घर्षहरूप्रति, स्वयं पूँजीवादी देशहरूमा चलिरहेको मजदूर वर्गका आन्दोलनहरूप्रति र विश्वका कतिपय मुलुकहरूमा जनविरोधी तानाशाही विरुद्ध सङ्घर्षरत शक्तिहरूप्रति आफ्नो एकता जनाउँदछौ ।

विश्व युद्धको खतरा बढेकोमा गंभीर चिन्ता व्यक्त गर्दै हामी तीनवटै पक्षहरू न्युट्रन बम निर्माण गर्ने अमेरिकाली निर्णय, र 'सीमित' आणविक युद्धको अमेरिकाली तयारी, युरोपमा नयाँ अमेरिकाली आणविक हातहतियार तैनाथ गर्ने नाटोको निर्णय, अमेरिका र नाटोको सैनिक बजेटमा तीब्र बृद्धि, हिन्द महासागर लगायत विश्वका विभिन्न भागहरूमा बढ्दो अमेरिकाली सैनिक उपस्थिति अमेरिकाद्वारा विश्वका विभिन्न भागहरूलाई परम हितको क्षेत्र घोषित गर्ने हाकाहाकी आक्रमणकारी नीति, शीघ्र प्रतिक्रिया फौज जस्तो अतिक्रमणकारी फौजको गठन, स्वाधीनता आन्दोलनहरूलाई आंकवादी भनी देखाउन खोज्ने र विश्वमा तनाव बढाउने, शस्त्रास्त्र होडमा बृद्धि गर्ने सैनिक श्रेष्ठता कायम गरी शक्तिको बलमा विश्व मामिलामा आफ्नो हैकम लाद्ने अेमेरिकाली दुष्प्रयासको तीब्र निन्दा गर्दछौं । यस्तो अवस्थामा पनि चीनको नेतृत्वले साम्राज्यवादी खेमालाई पुऱ्याइरहेको सहयोगको हामी विरोध

गर्दछौं । अमेरिकाली साम्राज्यवाद र त्यसका नयाँ सहयोगीहरूका यस्ता खतरापूर्ण कारवाहीहरूको भण्डाफोड गर्दै शान्ति आन्दोलनलाई सुदृढ पार्नु पर्ने आवश्यकतामा हामी जोड दिन्छौं ।

समाजवादी सोभियत संघ र साम्राज्यवादी अमेरिकालाई महाशक्ति भनी एउटै दृष्टिले हेर्ने गैर सर्वहारा दृष्टिकोणको आलोचना गर्दै हामी तीनवटै पक्षहरूले अमेरिकी साम्राज्यवादद्वारा विभिन्न देशको जनआन्दोलन दबाउने, प्रजातान्त्रिक व्यवस्था उल्टाउने, जनतामाथि निर्मम दमन गर्ने गराउने जस्ता फासिष्टवादी हरकत र विश्वमा युद्धको वातावरण सृष्टि गर्ने अमेरिकाली कार्यको निन्दा गर्दै विश्वका जनताहरूको साम्राज्यवादद्वारा गरिएको घोषणाको समाप्तिका लागि सङ्घर्ष तीब्र पार्नु पर्ने अवाश्यकतामा जोड दिन्छौं र समाजवादी सोभियत संघले निरन्तर विश्व मानवको कल्याण र उत्तरोत्तर विकास गर्ने कार्यमा ध्यान दिंदै विश्वका जनताहरूको न्यायोचित सङ्घर्षहरूलाई समर्थन प्रदान गर्दै विश्व शान्तिको पक्षमा अपनाएको अग्रसरता र खेलेको भूमिकाको सराहना एवम् समर्थन गर्दछौं । हामी तीनवटै पक्षहरू हाम्रा बीच सम्पन्न वार्ता तथा यसमा देखा परेका साझा समझदारीहरूलाई दूरगामी महत्त्वको एकतामुखी प्रक्रियाको फलदायी प्राम्भको रूपमा हेर्दछौं र यो महत्त्वपूर्ण प्रक्रियालाई बढाउँदै सुदृढ पार्दै लैजाने कुरामा सहमत छौं ।

हाम्रो साझा आह्वान छ :–

'मार्क्सवाद–लेनिनवाद र सर्वहारा अन्तर्राष्ट्रियतावादको आधारमा एकतातिर अगाडि बढौं, राष्ट्रिय प्रजातान्त्रिक शक्तिहरूलाई एकजुट पारौं । जनताका अधिकारहरूका लागि सङ्घर्षमा एकबद्ध होऔं ।'

| | | |
|---|---|---|
| दस्तखत | दस्तखत | दस्तखत |
| विष्णु बहादुर मानन्धर | तुल्सी लाल अमात्य | हिक्मत सिंह भण्डारी |

## परिशिष्ट – ७

*(नेकपा (संयुक्त)का अध्यक्ष भएको समयमा तुल्सी लाल अमात्यले लेख्नुभएको लेख अस्तित्व साप्ताहिक वर्ष २३ अंक १५, वि.सं. २०४९ जेष्ठ २० गते प्रकाशित)*

## लाल झण्डा बोकेर ए.मा.ले कता जाँदैछ ?

–तुल्सी लाल अमात्य

आजकाल बगेको प्रतिक्रान्तिकारी पूँजीवादी नयाँधारमा हाम्रो देशको ए.मा.ले पनि बगेर गएको देखिन्छ। वहाँहरूले एउटा नयाँ शब्द निर्माण गरेका छन्, त्यो हो–"बहुदलीय जनवाद" । वहाहरूकै शब्दमा "बहुदलीय प्रतिस्पर्धा भएको राजनैतिक शासन प्रणाली । वहाँहरूले लेनिनको एउटा शिक्षा विर्सनु भयो, "जबसम्म आर्थिक समानता हुँदैन राजनैतिक समानता हुन सक्तैन ।"

हाम्रो जस्तो पिछडिएको देशमा साम्राज्यवादीहरू तथा विदेशी एकाधिकार पूँजी निम्त्याएर यस पूँजीवादी पार्टी र सर्वहारा वर्गको पार्टी कम्युनिष्ट पार्टी बीच कदापि प्रतिस्पर्धा हुन सक्तैन । जबसम्म देशलाई साम्राज्यवादी, नव उपनिवेशवादी, विदेशी एकाधिकार पूँजीको प्रभुत्वबाट मुक्त गरेर लिन सकिन्न र काला बजारियाहरूको २ नम्बरी धन्दालाई निर्मूल गर्न सकिदैन र साथै जबसम्म सम्पूर्ण वामपन्थीहरू आपसमा प्रतिस्पर्धा छोडेर सबै एक भएर साम्राज्यवाद विरोधी, नव–उपनिवेशवाद विरोधी, विदेशी ऋण र विदेशी पूँजी विरोधी, प्रतिकृयावादी समान्त विरोधी र काला धन्दा विरोधी सङ्घर्षमा एक जनवादी कार्यक्रमको आधारमा अरु पनि देशभक्त प्रजातान्त्रिक पार्टीहरू, समूहहरू, वर्गहरू समेत समावेश गरेर एउटा व्यापक संयुक्त मोर्चा गठन गरेर साम्राज्यवाद परस्त, पूँजीवादी पार्टी वा पार्टीहरूसँग टक्कर लिइदैन ।

एमालेले अगाडि बढाएको अर्को अनर्थकारी शब्द हो, "पूँजीवादी जनवाद ।" पूँजीवाद कहिल्यै पनि जनवादी हुन सक्तैन । सम्पूर्ण जनतालाई शोषण गर्ने "पूँजीवाद" तथा सम्पूर्ण जनताको जीवन सुरक्षित गर्ने 'जनवाद' कहिल्यै मेल खान सक्तैन । प्रजनातन्त्र स्पष्टतः दुई प्रकारका छन्, एक हो "पूँजीवादी प्रजातन्त्र" (BOURGEO IS DEMOCRACY), (PEOPLE's DEM OCRACY) । यी दुई वटैलाई छ्यासमिस गरेर एउटै बनाउन सकिँदैन पहिलोले सम्राज्यवाद, नवउपनिवेशवाद, विदेशी एकाधिकार पूँजी, प्रतिकृयावादी सामन्त, काला बजारियाहरूको स्वार्थ सेवागर्ने खालको प्रजातन्त्रलाई प्रतिनिधित्व गर्छ भने अर्कोले साम्राज्यवाद विरोधी नवउपनिवेशवाद विरोधी, प्रतिकृयावादी सामन्त विरोधी, काला बजारिया

विरोधी जनतापक्षको प्रजातन्त्रलाई प्रतिनिधित्व गर्छ। जसले व्यवहारिक रूपले देशको जनतालाई राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा देशको मालिकको रूपमा स्थापना गरी देशको स्वतन्त्रता, सार्वभौमिकताको रक्षा गर्दै देशको अर्थ व्यवस्थालाई स्वतन्त्र रूपले विकास गर्दै जाने कुरोमा जोड दिन्छ। स्पष्टतः "पूँजीवादी जनवाद" भन्नु जनतालाई अल्मलाउने खालको औंसी र पूर्णिमा एकै दिन पार्ने नारा हो। "पूँजीवादी जनवाद" "पूँजीवादी प्रजातन्त्र" भन्दा अरु हुन सक्तैन। पूँजीवादसँग जनवाद जोडी पूँजीवादलाई ढाकछोप गर्ने प्रयास मात्र हो यो। "जनवादको अर्थ प्रजातन्त्र अहिले पनि छ र पूँजीवादी जनवादको चरित्र यो भन्दा फरक हुन आउँदैन र सक्तैन पनि। "बहुदलीय जनवाद पनि बहुदलीय प्रजातन्त्र" नै हुन आउँछ।

एमालेको समझदारी हो, अरु शक्तिहरूसँग प्रतिद्वन्द्विता गर्दै अगाडि बढ्ने। वहाँहरू आफू बाहेक अरु सबैसँग प्रतिद्वन्द्व गरी अगाडि बढ्न चाहनु हुन्छ। वहाँहरूको नजरमा साम्राज्यवादोन्मुख पूँजीवादी शक्ति के हो? सर्वहारा शक्ति के हो ? कुनै फरक छैन। कुन वर्गीय शक्ति आफ्नो दोस्त हो कुन वर्गीय शक्ति आफ्नो दुश्मन हो छुट्याएर हेर्ने कुनै जरुरत वहाँहरू ठान्दैनन्। का. मदन भण्डारीद्वारा लिखित "बहुदलीय(जनवाद–स.)को पन्ना ४ मा साम्राज्यवाद तथा दलाल नोकरशाही पूँजीवादीलाई पूँजीवादी जनवादी क्रान्तिको शत्रुको रूपमा भनिएको छ। तर उल्लेखनीय कुरा के छ भने वहाँहरूले कहिल्यै अमेरिकी साम्राज्यवाद तथा पश्चिमी साम्राज्यवादको खुलेर विरोध गरेको हो। उनीहरूको चरित्रलाई स्पष्टसँग विश्लेषण गरेर देखाएको पाइँदैन। अनि विरोध कसरी ? एक पटक गाली गर्नु नै विरोध गरेको ठहरिँदैन।

हालै अमेरिकाबाट फर्केपछि एमालेका अध्यक्ष का. मनमोहन अधिकारीले अब कम्युनिष्टहरूले अमेरिकी साम्रज्यवादसँग मेलजोल गर्नुपर्ने शिक्षा प्रचार गर्न लागेका छन्। अर्को कुरा वहाँहरूले आफ्नो चुनाव घोषणा पत्रमा विदेशी पूँजी भित्र्याएर हाम्रो अर्थ व्यवस्थाको हर क्षेत्रमा विदेशी पूँजीलाई प्रोत्साहन दिने कुरा गर्नुहुन्छ। साम्राज्यवादलाई चाहिएको अरु के हो ? साम्राज्यवादको मूल चाहना हो – अर्काको देशको प्राकृतिक साधनहरू, कच्चा माल, सस्तो श्रम र बजार नै कब्जा गर्नु। विकासशील देशहरूलाई सहयोगको नाममा ऋणमा फँसाउँदै जानु र अकुत व्याज

शोषण गर्नु ऋण दिनको लागि पनि शर्तहरू लादेर त्यसदेश माथि आफ्नो हैकम चलाउनु । पहिले पहिले यो सबै प्राप्त गर्नको लागि उनीहरूले यस तरिकालाई छोडेर त्यसदेशको सरकार अथवा नेताहहरूलाई हात लिएर उनिहरूको माध्यमबाट नदेखिने गरी अर्काको देशमा सुरक्षाको नाममा आफ्नो फौज राख्ने र आर्थिक क्षेत्रमा त्यस देशको प्राकृतिक स्रोत र साधनहरू, कच्चा माल, सस्तो श्रम र बजार कब्जा गर्ने गर्छन र ऋणको जालमा फँसाउने गर्छन। नव–उपनिवेशवादको यही चरित्र हो। साम्राज्यवादको चरित्रको विरोधमा एमालेले आफ्नो अडान लिएको देखिदैन। वहाँहरू दलाल पूँजीको विरोध गर्ने कुरा गर्नु हुन्छ। आखिर दलाल पूँजी केहो ? विदेशी पूँजी भित्र्याएर उनीहरूसँग संयुक्त लगानीको नाममा साईनवोर्ड आफ्नो, पूँजी विदेशीको गरी उद्योग खोल्नेहरू नै दलाल पूँजीपतिहरू हुन्। अनि संयुक्त लगानीलाई खुलाद्वार छोडी वहाँहरू “दलाल पूँजी” को विरोध गर्ने नाराको के अर्थ के भयो ?

बहुदलीय जनवादको पन्ना ७ मा वहाँहरूले बहुदलीय जनवादमा देश र जनताप्रति वफादार भएर आपसमा सहयोग गरी मिलेर काम गर्ने कुराको विरोध गरी साम्राज्यवादीहरूको हाँ मा हाँ मिलाएर बहुदलीय व्यवस्था अन्तर्गत सबैसँग प्रतिप्रर्धा गर्ने नीति अपनाएर ती साम्राज्यवादीहरूको अगाडि घुँडा टेक्न जानु हुन्छ। साम्राज्यवाद तथा नव–उपनीवेशवादीहरूको चाहना हो कि कुनै देशको देशभक्त र जनवादी शक्तिहरू आपसमा सहयोग नगरुन् र फुटेर बसुन् । जनतालाई “फुटाऊ र राज गर” भन्ने साम्राज्यवादी षडयन्त्रलाई वहाँहरूले सघाउनु हुन्छ। फुटेपछि प्रजातन्त्र हुने, आपसमा जुटेर काम पुगे पछि हुकुमशाही भयो भन्ने यो कुन प्रजातान्त्रिक सिद्धान्त हो ? प्रजातन्त्रमा सम्पूर्ण जनतालाई गोलबन्द गर्नू हुन्न र संयुक्त मोर्चा बनाएर काम गर्न हुन्न भन्ने कुरो साम्राज्यवादका सेवकहरूले गर्ने कुरो हो। सम्पूर्ण कम्यूनिष्ट देशहरूले बहुदललाई मान्दामान्दै पनि सकेसम्म यी सम्पूर्ण दलहरूसँग मिली, आपसमा छलफल गरी एउटा साझा कार्यक्रम निकालेर संयुक्त रूपले शासन चलाउने नीति लिएर आएका छन्।

बहुदलीय जनवादको पन्ना ६ मा एमालेले आफूलाई “नयाँ खाले पूँजीवादी जनवादी” भन्ने गरेको छ। “पूँजीवाद” भन्ने शब्द आफ्नो नामको अगाडि नजोडी नहुने के मर्का एमालेलाई परेको रहेछ ? जवकी नयाँ जनवाद न पूँजीवादी प्रजातन्त्र हो, न समाजवादी प्रजातन्त्र। यो समाजवादमा जाने खुड्किलो हो।

नयाँ जनवादले आफ्नो नामसँगै पूँजीवाद जोड्दैन। नयाँ जनवादले विदेशी पूँजी भित्र्याउने कुरो गर्दैन जवाहरलाल नेहरूको नेतृत्वमा भारत जस्तो पूँजीवादी देशले पनि "विदेशी पूँजी" लाई प्रोत्साहन दिने काम गरेन। उनीहरूको आर्थिक व्यवस्थाको आधार आफ्नै राष्ट्रिय पूँजी हो। जसमा सार्वजनिक क्षेत्र उनीहरूको अर्थ व्यवस्थाको एक आधार हो। विदेशी पूँजी र संयुक्त लगानी पनि सिमित मात्रामा भारतले अपनाएको छ।

यसरी एमालेले विदेशी पूँजीको सेवा गर्दै नेपालमा "नयाँ खाले पूँजीवादी जनवाद" को नाममा भारतको जस्तो पूँजीवादी प्रजातन्त्र भन्दा पनि तल्लो खालको नव–उपनिवेशोन्मुख पूँजीवादी प्रजातन्त्रलाई अगाडि सार्ने काम गरेको छ।

साम्राज्यवादको सवालमा वहाँहरू भारत भन्दापनि साम्राज्यवादको नजिक देखिन्छ । जहाँसम्म समाजवादमा जाने कुरा छ, भारतका पहिलेका प्रधानमन्त्री जवाहरलाल नेहरूले पनि समाजवाद कै कुरो गर्नु हुन्थ्यो। बेलायतको मजदूर पार्टीले पनि आफूलाई प्रजातान्त्रिक समाजवादी नै भन्ने गर्छन। जानेबाटे गलत भएपछि कुरो समाजवादको गरेपनि खास फरक पर्दैन र यसरी कुनै देशमा कतिले पनि समाजवादी व्यवस्था स्थापना हुन सक्तैन।

पन्ना १८ मा वहाँहरूले एक भयंकर र खतरनाक प्रस्थापना अगाडि सार्नुभएको छ– वहाँहरू भन्नु हुन्छ, "जनताको इच्छानुरूप एवम् वस्तुगत परिस्थितिको विकासको परिपक्व अवस्थामा नयाँ समाजको जन्म हुन्छ भने फेरि पुरानो समाज फर्केलाकी भनी सधैं पहरेदारी गरी रहनु पर्ने स्थिति हुँदैन " वहाँहरू फेरि लेख्नु हुन्छ, "यस बेला नेपाली समाजमा पुरानो दास प्रथा वा मध्ययुगिन सामन्ती प्रथा फेरी फर्केलाकी भनि कसैले पहरेदारी गरिरहेको छैन ।" यो कुरो भनिरहँदा वहाँहरूले आजको अन्तर्राष्ट्रिय स्थितिलाई बिर्सनु हुन्छ। परिपक्व अवस्था कुन बेला भन्ने? के सोभियत संघमा परिपक्वता थिएन ? अझ त्यहाँ त बहुदलीय प्रजातन्त्रको पनि स्थापना भएको थिएन। फेरि पनि गोर्वाचेव र एल्तशिन जस्तो साम्राज्यवाद परस्त नेताहरूले पूरा समाजवादी व्यवस्थालाई खाईदिए । त्यहाँ पूँजीवादी व्यवस्था लाद्ने काम भईरहेको छ। यो कुरा देख्दादेख्दै एमालेले हामीलाई पुरानो व्यवस्था फर्केला भन्ने कुनै चिन्ता न लिएर निर्धक्कसँग बस्ने सल्लाह दिँदैछ। अनि सिद्धान्तको सवालमा

एमालले गोर्वाचेव र एल्तशीनलाई पनि मात गर्दै अगाडि बढेर पूँजीवादको र साम्राज्वादको सेवागर्ने नीति अगाडि सार्दैछ भन्ने कुरो स्पष्ट हुन्छ।

जहाँसम्म दास प्रथा र सामन्तीप्रथा छ यो त पूँजीवादी विश्वले पनि छोडेको व्यवस्था हुन् । फेरि पनि वि.सं. २०१७ सालको वरिवरी अनेक देशहरूमा अमेरिकी साम्राज्यवादको षडयन्त्रले पूँजीवादी प्रजातन्त्रलाई नष्ट गरेर हुकुमशाही व्यवस्थाहरू स्थापना हुन गएका थिए।

जबसम्म विश्वमा साम्राज्यवादी शक्ति रहन्छ र समाजवादी खेमा निणार्यक शक्तिको रूपमा स्थापित हुन सक्तैन का. मदन भण्डारीको प्रस्थापनाले "जनवादी प्रजातन्त्र" को सुरक्षा कहिले हुन सक्तैन । हो साम्राज्यवादको आशीर्वादले "पूँजीवादी प्रजातन्त्र स्थापना गरी साम्राज्यवाद परस्त, नवउपनिवेशवादको निम्ति ढोका खोली राख्ने हो भने केही हदसम्म ढुक्क बसे पनि हुन्छ। तर याद रहोस् आज यसरी ढुक्क भएर बस्न सक्ने स्थिति जनवादी चीन उत्तर कोरिया (NORTH KORIA) जस्तो देशहरूलाई पनि आएको छैन। मौका पाएमा यी देशहरूलाई पनि तहस नहस गर्ने षडयन्त्रमा अमेरिकी साम्राज्यवाद लागेकै छ।

एमालेले अगाडि सारेको राजनीतिले "नयाँ जनवाद" त के कुरा वहाँहरूको नेतृत्वमा स्थापना हुने पूँजीवादी प्रजातन्त्रलाई पनि रक्षागर्न सक्ने छैन यदि वहाँहरू स्वयंले साम्राज्यवादको समर्थकको रूपमा काम गर्न सक्तैनन् भने। अमेरिकी साम्राज्यवादले चाहेको विशुद्ध पूँजीवादी प्रजातन्त्र होइन, अमेरिकाले चाहेको हो एशिया, अफ्रिका, ल्याटिन अमेरिकाका देशहरूमा पूँजीवादी प्रजातन्त्रको नाममा आफ्नो हैकम चल्ने र ती देशहरूमाथि शोषण गर्न पाउने नव–उपनिवेशवादी व्यवस्था स्थापना गर्नु।

स्पष्ट : एमालेले अगाडि सारेको "नयाँ खाले पूँजीवाद" बेलायतको जस्तो पूँजीवादी प्रजातन्त्र पनि न भएर, "नव–उपनिवेशोन्मुख पूँजीवादी प्रजातन्त्र हो। नेपाली काङ्ग्रेस र एमाले बाहेक नेपालको राजनीतिमा अब अर्को शक्ति पुनरुत्थानवादी सामन्ती शक्ति पनि अगाडि आउँदै छन् । प्रजातन्त्रको माला जप्दै माला जप्दै पहिले झैं हुकुम शाही व्यवस्था फर्काउन चाहने" पञ्चायती शक्ति" तथा अर्कातिर तराई क्षेत्रमा" गएर विखण्डनकारी पार्टीले पनि टाउको उठाउन थालेको छ।

यी चारवटै दलहरूको आपसी प्रतिद्वन्द्वीताले होस् वा संयुक्त मोर्चा बनाएर होस् नेपाली जनताको समस्या समाधान गर्न सक्ने छैन। कारण उनीहरू साम्राज्यवाद, नवउपनिवेशवाद, भारतीय एकाधिकार पूँजी, आफ्नै देशको प्रतिक्रियावादी सामन्तहरू र काला बजारियाहरूबाट मुक्त हुन सक्ने स्थिति देखिंदैन।

जब सम्म नेपाललाई यी शक्तिहरूबाट मुक्त गर्न सकिन्न, न त नेपाली जनताको समस्या नै समाधान गर्न सकिने छ, न त नेपालको यो नवउपनिवेशवादोन्मुख पूँजीवादी प्रजातन्त्रको चरित्र नै बदल्न सकिने छ।

## परिशिष्ट – ८ मूलबाटो ...........

*केन्द्रीय कार्यकारिणीको तेश्रो विस्तारित बैठकले बिग्रदो यस स्थितिलाई समाल्ने कामको शुरूवात गऱ्यो। पार्टीमा देखापरेका मतभिन्नतालाई फोरम खोली छलफलमा लैजाने र तत्कालिन राजनीति र सङ्गठनमा एकमत भएर जाने भन्ने ठहर भयो। त्यस अनुसार हाम्रो पार्टीको कार्यक्रम राष्ट्रिय प्रजातन्त्र हुन्छ वा जनवादी प्रजातन्त्र वा सार्वभौम शक्ति सम्पन्न हुन्छ भन्ने कुरालाई छलफलमा लगी तत्काल काम गर्नकोनिम्ति राजनैतिक प्रस्ताव, कार्यनीति र तीन महिने सङ्गठनात्मक योजना पारित गऱ्यो। यस छलफलको टुङ्गो नलागेसम्म, पार्टीको तेश्रो महाधिवेशनले दिएको कार्यक्रम अर्थात् राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम नै व्यापक रूपले प्रचारमा लैजाने निधो भयो। यस कुराको उल्लेख तीन महिने सङ्गठनात्मक प्रस्तावमा स्पष्ट रूपमा उल्लेख गरिएको छ :*

*अतः हामीले आज आमरूपमा पार्टी सदस्यहरूको बीचमा राजावादी औसर वादीको गलत तौर तरिका र राजनीति, तृतिय पार्टी महाधिवेशनले अपनाएको राजनीति कार्यक्रम,पार्टी विधान, विस्तारित बैठकको राजनीतिक प्रस्ताव र कार्यनीतिलाई पार्टी भित्र व्यापकरूपले क्लासलिई यी विषयहरूमा आम साथीमा रहन गएको भ्रमहरूलाई स्पष्ट गरी पार्टीमा उत्साह पैदा गर्नु परेको छ।*

*त्यसपछि पार्टीमा उत्साह पनि पैदा भयो। यस कुरामा का.टी. एल. को पनि मतभेद छैन। चौथो केन्द्रीय कार्यकारिणीको विस्तारित बैठकको अन्तमा यस कुरालाई मान्दै उहाँले भन्नु भयो थियो, "तेश्रो महाधिवेशन पछि बारंबार समस्यामा छलफल गर्न एकत्र भई हिडेका छौ। यसपालि रा.प. को बैठक बोलाउदा कोरम पुगेन* ***तर साथीहरू राम्रो संख्यामा उपस्थिति हुनुहुन्थ्यो।*** *(जोड लेखक(पुष्पलाल)को) चौथो केन्द्रीय कार्यकारिणीको मिनेटस्बाट)*

*साथीहरू राम्रो संख्यामा उपस्थित"हुनु नै पार्टीमा उत्साह पैदा भएको प्रत्यक्ष प्रमाण हो । अरू कतिपय कुरामा मत भिन्नता राखे तापनि तेश्रो कार्यकारिणीको विस्तारित बैठकले पास गरेको राजनीतिक प्रस्ताव तथा कार्यनीतिमा जेलका साथीहरूले पनि मतैक्य जनाई पत्र लेखेका थिए । यो पनि पार्टी भित्र उत्साह पैदा भएको लक्षण हो । यसै उत्साहलाई अझै विस्तृत र व्यापक गर्ने उद्देश्यले केन्द्रीय मन्त्रीपरिषदको बैठक बस्यो । यस बैठकले पार्टीका कार्यको सिंहावलोकन गरी आगामी कार्यमा विचार गर्दा तेश्रो विस्तारित बैठकले पारित गरेको राजनीतिक प्रस्ताव व्यवहारिक र समयानुकुल नै ठहऱ्यायो । राजनीतिलाई सही ठम्याई सके पछि पार्टीले अब विशेषरूपमा सङ्गठन र राजावादी औसरवादी माझी गुटले दिएका सैद्धान्तिक भ्रमहरूप्रति ध्यान दिनु पर्ने आवश्यकता देख्यो । त्यसको निम्ति सङ्गठनात्मक र सैद्धान्तिक मतभेदमा प्रस्तावहरू मन्त्रीपरिषदले एकै मतले पास गऱ्यो । त्यसपछि दरभंगाको विस्तारित बैठकले दिएको राजनीतिक प्रस्तावलाई पारित गराउने र विशेष रूपले सङ्गठनात्मक र राजावादी औसरवादीहरूसँगको सैद्धान्तिक मतभिन्नताको विषयमा व्यापक छलफल गराउने हेतुले केन्द्रीय मन्त्रीपरिषद्ले राष्ट्रिय परिषद्को बैठक बोलायो । भाग लिन आएका साथीहरू भ्रमबस अन्यत्र जाँदा कोरम नपुगी राष्ट्रिय परिषद्को बैठक हुन नसक्दा चौथो कार्यकारिणीको विस्तारित बैठक बस्न गयो ।*

*यस विस्तारित बठकको कार्य सञ्चालन केन्द्रीय मन्त्रीपरिषद्ले निधो गरे अनुसार हुन सकेन । कारण का.टी.एल. लगायत मन्त्रीपरिषद्का सबै साथीहरूले एकमतले तयार पारेको रिपोर्ट पेस गर्दा का.टी.एल. ले मत विभिन्नता व्यक्त गर्नु भयो । यसले गर्दा पार्टीको सङ्गठनात्मक समस्या र सैद्धान्तिक मत भिन्नतामा छलफल केन्द्रीय हुनुको सट्टा टुङ्गी सकेको प्रश्नमा नै फेरि विवाद केन्द्र विन्दु भयो । यसको नतिजा बैठक असफल हुन गयो । यस विषयमा पछि मन्त्रीपरिषद्ले सिंहावलोकन गर्दा निम्न लिखित कुरा भनेको छ :—*

*अब कसरी बैठक समाल्ने भनेर मन्त्रिपरिषदको बैठक बस्यो । बैठकमा का. महामन्त्रीलाई साथीहरूले किन तपाईले मन्त्रीपरिषद्को Agreed (मंजुर भएको) कुरालाई स्पष्ट नराख्नु भएको भन्दा वहाँले भन्नु भयो—तृतिय विस्तारित C.CExtended बैठक हुदाको मन्त्रीपरिषदले पास गरेर लगेको document (दस्तावेज) Presur (दवाब) दिएर पास गरेको थियो र त्यसैकारण बहस गरी झगडा उठाउने मनसाय नभएकोले Minimum working line (न्यून्तम कामको बाटो) को रूपमा स्वीकृत भएको हो भन्नु भयो र साथै का. महामन्त्रीले बैठकको*

*दौरानमा का. ...सँग पनि दस्तावेज प्रति असहमति व्यक्त गर्नु हुँदा मन्त्रीपरिषद्लाई समस्या सुल्भाउन गाह्रो पर्न गयो । त्यस बेलामा मन्त्रीपरिषदले सोचेर बैठकलाई सही टुंगोमा पुऱ्याउन सक्ने स्थितिमा थिएन ।" (२०२१ साल अषाढ ३ गते बसेको मन्त्रीपरिषदको मिनुटस्बाट ।)*

*स्पष्ट छ चौथो कार्यकारिणीको विस्तारित बैठक असफलतामा टुंगीयो । यो बैठक सफल भै दिएको भए पार्टी सँगठित र अनुशासित बद्धरूपले पनि अगाडि बढने थियो र मतभेदका प्रश्नहरूमा छलफलको राम्रो आधार स्वच्छ वातावरण तयार हुने थियो । निर्धारित एजेण्डा भन्दा बाहिर भएर बहस गरी दिदा सो कुरा हुन सकेन । त्यसपछि केन्द्रीय मन्त्रीपरिषद्को बैठक बस्यो । यस बैठकको फैसलाहरू र त्यसपछि पार्टी कामको सिंहावलोकन गऱ्यो । यस बैठकको दौरानमा तेश्रो विस्तारित बैठक पछि प्रकाशित गरिएको तत्कालिक राजनैतिक प्रस्ताव दुबै पक्षले स्वीकृति गरिए अनुसार संसोधन गरियो । यो संसोधन प्रकाशित पनि भयो सबै ठाउँमा पठाइयो पनि । त्यसपछि पाँचौं कार्यकारिणीको बैठक बोलाइयो ।*

*यसरी पार्टीको केन्द्रीय नेतृत्वमा एकमत स्थापित गरी तात्कालिक राजनैतिक प्रस्तावलाई संसोधन गरी फेरि विशेष रूपले तीन महिने सङ्गठनात्मक प्रस्तावको बृहद सिंहावलोकनको निम्ति पाचौं केन्द्रीय कार्यकारिणी बैठक बोलाइयो । यसै बैठकको दौरानमा भएको मन्त्रीपरिषद्को बैठकमा का. महामन्त्रीले "म यो मन्त्रीपरिषद्सँग मिलि काम गर्न सक्दिन" भनि राजीनामा पेश गर्नु भयो ।*

*यसले गर्दा जुन रूपले कार्यकारिणीको बैठक सञ्चालन गर्ने निधो मन्त्रीपरिषद्ले गरेको थियो सो हुन सकेन । मन्त्रीपरिषदको तमाम फैसलालाई एकातिर पन्छाएर का.टी.एल. ले वहाँकै आफ्नै धारणानुसार बैठक सञ्चालन गर्नु भयो । तृतिय विस्तारित बैठकले पास गरेका राजनीतिक प्रस्तावको संसोधन समेत सबैले मञ्जुर गरी प्रकाशित गरेपछि उक्त बैठकमा सबै साथीहरूको एकमत हुनु आवश्यक थियो । तर यसको विपरित का.टी.एल. जानु भयो । तृतिय विस्तारित बैठकले लिएको तात्कालिक राजनीतिक प्रस्तावको व्याख्या, विश्लेषण, आदि र लेखाई हाम्रो तृतिय महाधिवेशनको राजनीतिक प्रस्तावको समानान्तरण रूपमा आएकोले यसलाई खारिज गरिनु पर्छ भनी जोड दिन थाल्नु भयो । त्यसै अनुसार उक्त प्रस्ताव खारेज गरियो । मन्त्रीपरिषद र महामन्त्रीको बीचमा क.टी.एल. को भनाई अनुसार फाटो पैदा हुन गै मन्त्रीपरिषदको कार्यमा गतिरोध पैदा हुन गएको जस्तो जटिल समस्यामा केन्द्रीय कार्यकारिणीले विचारै नगरी पार्टीका महामन्त्रीलाई नै पार्टीको केन्द्रीय कार्यालयको सर्वेसर्वा इन्चार्जको रूपमा राख्यो । साच्चै भन्ने*

*हो भने यो कार्य मन्त्रीपरिषद प्रति अविस्वासको प्रस्ताव हो । यसले गर्दा पार्टीमा गतिरोध झन् बढन गयो ।*

*यसले गर्दा पार्टी साथीहरूमा उठेर आएको उत्साहलाई पनि चीसो पारिदियो । त्यसपछि बोलाइएको छैटौं कार्यकारिणीको बैठकमा केवल दशजना कमरेडहरू मात्र उपस्थित थिए। केवल एकले मात्र कोरम पुग्यो। उक्त बैठकले चतुर्थ पार्टी महाधिवेशन गर्ने निश्चय गऱ्यो । अधिवेशनमा छलफल गर्न आधारको निम्ति दस्तावेज तयार गर्ने जिम्मा मन्त्रीपरिषद् र महामन्त्रीको बीचमा मतभेद उत्पन्नभै मन्त्रीपरिषदको कार्यमा गतिरोध पैदा भएको हुँदा का.टी.एल. लाई नै दिइयो । महाधिवेशनको तयारीको सिंहावलोकन गर्न बिचमा एउटा विस्तृत बैठक पनि बोलाइएको थियो। यस बिचमा न त दस्तावेज नै प्रकाशित भए न त प्रस्तावित बिस्तृत बैठक नै भयो । छैटौं कार्यकारिणीले लिएको महाधिवेशनको फसेला यसरी टर्न गयो । यसपछि त्यही विस्तारित बैठकको सिलसिलामा उपस्थित भएका केन्द्रीय मन्त्रीपरिषद र कार्यकारिणीका सदस्यहरू समेत गरी ९ जनाको बैठक केन्द्रीय कार्यालयको बैठकका रूपमा बस्यो। उक्त बैठकले केन्द्रीय कार्यकारिणीको यो सातौं विस्तारित बैठक बोलायो। यस सातौं विस्तारित बैठकमा पनि पहिले झै अहिले पनि कुन कुन विषयमा छलफल गर्ने भन्ने प्रश्न खडा हुन आएको छ केन्द्रीय कार्यालयको बैठकले निर्धारित गरेको विषय अनुसार छलफल गर्ने हो वा का.टी.एल. ले उठाउनु भएका समस्त बुदाँहरूमा छलफल गर्ने हो ? मलाई लाग्छ यहाँ हामीले लेनिनको निर्देशनलाई ध्यानमा राख्यौं भने निश्चय नै हामीलाई आफ्नो गल्ती सुर्धान मद्दत मिल्ने छ।*

*Left wing communism And Infantile Disorder नामक पुस्तकमा दोस्रो दुमालाई आफूहरूले वाइकट गरेको गल्ति हो भन्दै स्वीकार गरी वहाँ लेख्नु हुन्छ, "The boycott of the Dumma" by the Bolshevicks in 1906 was a mistake...what applies to individuals applies-with necessory modification to politics and parties. Not he is wise who makes no mistakes. There are no such men nor there can be. He is wise... Who Knows how to correct them easily and quickly." "वोल्शेविकहरूले १९०६ मा दुमालाई बहिष्कार गर्नु गल्ति थियो। जुन कुरा मनुष्यको निम्ति लागु हुन्छ त्यही कुरा केही आवश्यकीय हेर फेरको साथ राजनीति र राजनीतिक पार्टीहरूका निम्ति पनि लागु हुन्छ। कुनै गल्ति नै नगर्ने मानिस बुद्धिमान हुन सक्दैन। यस्ता मानिस न पहिले भए न हुन नै सक्नेछन्। त्यो बुद्धिमान हो जसले गल्तिहरूलाई चाँडै र सजिलोसँग सच्याउन सक्दछ।"*

## परिशिष्ट – ९
## समवेदना सन्देश

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) का स्थायी कमिटी सदस्य तथा पूर्व सांसद् कमरेड तुल्सी लाल अमात्यको आज बिहान ८:३० बजे ललितपुर पाटनस्थित वहाँको निवासबाट शिक्षण अस्पताल लैजादाँ–लैजादै हृदयगति बन्द भई ८२ वर्षको उमेरमा देहावसान भयो। वहाँको देहावशानले नेकपा (एमाले) मात्र नभई यस देशले नै सच्चा कम्युनिष्ट, प्रजातन्त्रवादी, कर्मठ तथा वयस्क नेता गुमाएको छ। वहाँको देहावशान सम्पूर्ण देशवासीका लागि अपुरणीय क्षति भएको कुरा हाम्रो पार्टीले महशुस गरेको छ। यस अपुरणीय क्षतिको घडीमा नेकपा (एमाले) केन्द्रीय कमिटी वहाँ प्रति हार्दिक श्रद्धाजलि अर्पण गर्नुका साथै यस दुःखद् घडीमा वहाँका शेकाकुल परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछ।

कमरेड तुल्सी लाल अमात्यको जन्म सन् १९१६ को मे महिनामा भएको थियो । एक श्रीमती, दुई छोरी र दुई छोरा छाडी दिवंगत हुनुभएका कमरेड अमात्यले सन् १९३३ देखि राजनीतिक जीवन आरम्भ गर्नुभएको थियो। आफ्नो राजनीतिक जीवनको ६४ वर्ष लामो यात्रामा वहाँले अनेक ओराली–उकाली पार गर्नु भयो । सन् १९४८ मा नेपाल बैकं लिमिटेडको बोर्ड मेम्बर समेत हुनुभएका कमरेड अमात्य अगष्ट १५, १९४७ को पाटनमा भएको जुलुसलाई नेतृत्व गरेवापत् ६ महिना जेल पर्नुभएको थियो।

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक केन्द्रीय सदस्य रहनुभएका कमरेड तुल्सी लाल अमात्यले सन् १९४८ मा नेपाल मजदुर किसान सङ्गठनको निर्माण गर्नु भई त्यस सङ्गठनको संस्थापक अध्यक्ष रहनुभयो । सन् १९४८ मा नै वहाँ नेपाली राष्ट्रिय काग्रेसको केन्द्रीय कार्यसमितिको सदस्य पनि हुनुहुन्थ्यो । राजनीतिमा लागेकै कारण राणाकालीन शासनमा दुईपल्टसम्म वहाँको सर्वश्वहरण भयो भने सन् १९६० मा तत्कालीन पञ्चायती शासनले पनि वहाँको सर्वश्वहरण गरेको थियो।

सन् १९५० मा दिल्ली सम्झौताको विरोध गरेवापत् वहाँ मोतीहारी भागलपुर जेलमा ८ महिनासम्म बन्दी बनाइनुभयो। सन् १९५१ देखि १९५७

सम्म बारा, रौतहट र सर्लाहीमा भूमिगत किसान आन्दोलन सञ्चालन गर्नुभएका कमरेड अमात्यले प्रवास तथा स्वदेशमा गरी लामो अवधि भूमिगत जीवन बिताउनुभयो। २०१५ सालको आम निर्वाचनमा ललितपुरबाट प्रतिनिधि सभा निर्वाचित हुनुहुने कमरेड अमात्य कम्युनिष्ट पार्टीको संसदीय दलको नेता समेत चुनिनु भयो। सन् १९६१ मा बनारसमा सम्पन्न तेस्रो महाधिवेशनबाट नेपाल कम्युनिष्ट पार्टीको महासचिवमा चुनिनु भएका कमरेड अमात्यले पार्टीमा हुँदै गएको विभाजनकै फलस्वरूप नेकपा (अमात्य) पार्टीको गठन गर्नुभयो र त्यस पार्टीलाई नेतृत्व दिनुभयो। १९७९ मा भएको आममाफीपछि नेपाल फर्किनु भएका कमरेड अमात्य राजनीतिबाट कहिल्यै बिमुख रहनु भएन। कम्युनिष्ट पार्टीलाई एकीकृत रूपमा सँगठित गर्ने सोच अनुरूप प्रजातन्त्रको पुनर्वहाली पश्चात् उहाँले नै नेकपा (अमात्य), बर्मा मान्नधर समूहलाई एकीकृत गरी नेकपा (संयुक्त) को गठन गर्नुभयो र पार्टीको अध्यक्ष समेत रहनु भयो।उहाँ २०४६ सालको जनआन्दोलनमा संयुक्त वाम मोर्चाको मानार्थ अध्यक्षसमेत रहनुभयो। नेकपा (एमाले) को पाँचौ महाधिवेशनपछि यस पार्टीले लिएको नीति तथा कार्यक्रम–वर्तमान नेपालको सामाजिक, आर्थिक, राजनीतिक स्थिति अनुसार भएको महशुस गरी वहाँ नेकपा (एमाले) मा समाहित हुनुभयो र सो पार्टीको स्थायी कमिटी सदस्य रहनुभयो।

जनवरी ११, १९९३ देखि राजपरिषद् सदस्य समेत रहनुभएका कमरेड अमात्यले फरवरी ३, १९९५ मा जनवादी गणतन्त्र चीनका लागि शाही नेपाली राजदुत पदसमेत सम्हाल्नुभयो।

सोभियत संघ, चीन, भारत र उत्तर कोरियासमेतको भ्रमण गर्नुभएका कमरेड अमात्यले कुन बाटो, राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम समाजवादी दलको सङ्गठनात्मक समीक्षा जस्ता थुप्रै पुस्तक लेख्नु भएको छ। राष्ट्रका शिर्षस्थ नेता कमरेड अमात्यको यस दुःखद् निधनप्रति शोक मनाउन नेकपा (एमाले) ले आफ्ना सबै जिल्ला पार्टी कार्यलयहरूलाई ३ दिनसम्म पार्टीको आधा झण्डा झुकाउन तथा पार्टी कार्यालयमा एक शोक पुस्तिका राख्न निर्देशन जारी गर्दछ।

नेपाल कम्युणिष्ट पार्टी

(एकीकृत मार्क्सवादी–लेनिनवादी)

## परिशिष्ट – १०

**स्वर्गीय तुल्सी लाल अमात्यको २२ औं स्मृति दिवसमा तुल्सी लाल अमात्य प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा मदनमणि दीक्षितको मन्तव्यः**

संवोधन !

आज तुल्सी लाल अमात्य प्रतिष्ठानले तुल्सी लाल अमात्यको २२ औं स्मृति दिवसका दिन यो कार्यक्रमको आयोजना गरी मलाई आफ्ना दुई शब्द व्यक्त गर्ने अवसर दिएकोमा आयोजकलाई धन्यवाद दिन चाहन्छु।

स्व. तुल्सी लाल अमात्य नेपालको कम्युनिष्ट आन्दोलनको एक अविचिलित र अविश्रान्त अभियन्ता हुनुहुन्थ्यो भन्ने कुरामा कसैलाई पनि कुनै शंका रहेन। यसै क्रममा पटकपटक उहाँसँग औपचारिक र अनौपचारिक भेटघाट र कुराकानीहरू भए। सहयात्रीका रूपमा हामीले धेरैं कामहरू पनि गऱ्यौं।

हामी सबै फरक पृष्ठभूमि र विशेष सन्दर्भले नेपालको कम्युनिष्ट आन्दोलनसँग जोडिएका हों। त्यतिबेलाको सन्दर्भ सम्झिँदा खास गरेर राणा शासनको विरोध गर्नुपर्छ भन्ने अन्तरात्माको पुकार सुनेर नै पार्टीको स्थापना र तत्सम्बन्धित गतिविधिहरू हुन गएका हुन् भन्ने मलाई लाग्छ। मेरो आफ्नै बारेमा भन्नुपर्दा बनारस विश्वविद्यालयबाट एम. ए. गरिसकेपछि पीएचडीको तयारी भइरहेको थियो। म  फिलोसोफिको विद्यार्थी भएको हुँदा बनारस विश्व विद्यालयका भाइस प्रिन्सिपल तथा फिलोसोफिकै गुरु सर्वपल्ली राधाकृष्णन् मेरो पीएचडीका गाइड हुनुहुन्थ्यो। दुवैको विषय मिलेको हुनाले गुरुचेलाको शैक्षिक सहयात्रा अत्यन्त सुमधुर ढंगबाट अघि बढिरहेको थियो। त्यसैक्रममा एकदिन उहँले मलाई क्यामेरा लिएर आउनु भन्नुभयो र आफ्नो फोटो खिच्न लगाउनु भयो। त्यसपछि उहाँले भन्नुभयो कि –"मलाई संविधानसभाको सदस्य बनाएको हुँदा अव मेरो संलग्नता र व्यस्तता त्यतापछि हुने भयो। तिम्रो पीएचडी पनि सिद्धाउनुपर्छ। त्यसको लागि मैले वाइ.जे. कृष्ण मूर्तिसँग कुरा गरेको छु। उहाँसँग सम्पर्क गरेर अघि बढ्नू।"

तर त्यसै बेला मलाई मेरा पिताजी र श्री ३ पद्मशमसेरले एकै साथ के

आदेश दिनुभयो भने नेपालको २३ औं र बनारस विश्वविद्यालयको पहिलो नेपाली एम. ए. भएको हुँदा अब पढाई पुग्यो । उलंघन गर्न सक्ने स्थिति नभएको हुँदा ऐतिहासिक पुरुषको गाइडेन्समा पीएडडी गर्ने धोकोलाई मनमै दबाएर म बीरगञ्जमा हेडमाष्टर हुन आएँ । त्यसको एउटा चीनोको रूपमा अहिले पनि म 'माड्साव' सम्बोधनले बोलाइन्छु ।

बीरगञ्जमै रहँदा बस्दा भाइ महेशमणी दीक्षित र शैलेन्द्र कुमार उपाध्यायसँग मेरो बारम्बार सम्पर्क हुन थाल्यो । बनारसदेखिको फिलोसोफि प्रतिको मेरो भोक उहाँहरूले ल्याउने मार्क्सवादी दर्शनका किताब पढेर मले मेट्न थालें र सँगैसँगै कम्युनिज्म प्रतिको मेरो आकर्षण पनि बढ्दै गयो । त्यसपछि *मैले पार्टी सदस्यता प्राप्त गर्नका निम्ति पठाएको निवेदन स्वीकृत भएपछि यता म कम्युनिष्ट बनें उता कारवाही स्वरूप सम्पूर्ण पुर्खौंली सम्पतिबाट बन्चित पनि गरियो ।* तर मैले त्यो अथाह सम्पत्ति प्राप्त गर्न कम्युनिष्ट पार्टीको सदस्यता त्याग गर्ने कुरा सोच्न पनि सकिन ।

***मैले यहाँ यो प्रसङ्ग उल्लेख गर्नुको तात्पर्य के हो भने जीवनमा ठूलो मूल्य चुकाएर र व्यक्तिगत लाभका कुराहरूलाई तिलाञ्जली दिएर कम्युनिष्ट बने काहरूले मुलुक र जनताका पक्षमा त्यही बराबरको त्याग र योगदान पुराउन सक्यौं कि सकेनौं भन्ने कुरामा आज गम्भीर प्रश्न खडा भएजस्तो लाग्दछ ।***

हो, त्यसपछिका दिनहरूमा कम्युनिज्मका बारेमा बौद्धिक जगतमा बहसको प्रारम्भ गर्ने र उनीहरूलाई सँगठित गर्ने जिम्मेवारी पनि मैले पाएँ । यसै क्रममा मकवानपुरदेखि सप्तरीसम्मको भौगालिक जिम्मेवारीमा रहेर काम गर्दा कमर शाह र कृष्णराज वर्माजस्ता नेताहरूलाई मैले कम्युनिष्ट पार्टीमा आबद्ध गराउन सकें । यदापि मेरो मूल विषय भने मार्क्सवादी दर्शन नै हो र केही वर्ष यता म कम्युनिष्ट पनि रहिन र एउटा लेखकको रूपमा मात्र सक्रिय रहँदै आएको छु ।

तुल्सी लालजीको विषयमा भन्नुपर्दा धेरै प्रसङ्गहरू छन् । जो एकै बसाईमा सकिदैनन् । पुरानो पुस्ताको कम्युनिष्ट नेताहरूमा तुल्सी लालजी अग्रणी भूमिकामा हुनुहुन्थ्यो । ***दोस्रो विश्वयुद्ध पछि विश्वमै कम्युनिष्ट आन्दालेनले जुन उभार लियो त्यसबाट पुष्पलाल तुल्सी लालहरू अत्यन्तै उत्साहित र आशावादी हुनुहुन्थ्यो । खासगरेर तुल्सी लालजी किसान***

***आन्दालेनसँग बढी संलग्न हुनुहुन्थ्यो । पटक पटकका कुराकानीमा उहाँले कम्युनिष्ट आन्दोलनलाई सफल गराउन किसान आन्दोलनकै मुख्य भूमिका र योगदान हुन्छ भन्ने विचार राख्नुहुन्थ्यो ।*** मूलतः रौतहटको किसान आन्दोलन जो ऐतिहासिक थियो त्यसको नेतृत्व तुल्सी लालजीले गर्नुभएको थियो। अहिलेको पुस्ताले अब बिर्सिन थालेको कुरा त्यतिबेला दरभंगमा बसेर होटल व्यवसाय गर्ने द्रव्यमान शाक्य भन्ने हुनुहुन्थ्यो। उहाँको र तुल्सी लालको अत्यन्त नजिकको सम्बन्ध थियो। त्यो किसान आन्दालेनमा पनि द्रव्यमानको ठूलो सहयोग रह्यो । त्यतिबेला कम्युनिष्ट नेता कार्यकर्ता उपचारका लागि दरंगा जानुपर्ने र त्यहाँ द्रव्यमानको ठूलो सरसहयोग रहने गर्थ्यो । उहाँलाई नचिन्ने कोही थिएन । माया गरेर, श्रद्धा गरेर उहाँलाई सबैले "दरभंगे दाई" भन्ने गर्थे।

तुल्सी लालजी अत्यन्त भद्र, बौद्धिक र सहयोगी भएकोले सबैको प्रिय पनि हुनुहुन्थ्यो र आफ्नो तर्कले अरुलाई छिट्टै प्रभावमा पनि पार्नुहुन्थ्यो। उहाँपछि चीनका लागि नेपालको राजदूत भएर पनि काम गर्नुभयो। त्यति बेला उहाँको चयनलाई सबैले उचित ठाउँमा उचित व्यक्ति भनेर प्रंशसा पनि गरेको सुनियो।

कुराहरू धेरै छन् तर समय कम छ। अन्त्यमा तुल्सी लालजीको व्यक्तित्व र योगदानबारे पछिल्लो पुस्तालाई जानकारी गराइ राख्न यस किसिमको कार्यक्रम सान्दर्भिक भएकोले यसलाई निरन्तरता दिनुपर्छ भन्दै आफ्नो भनाई यही अन्त्य गर्दछु। धन्यवाद।

मदनमणि दीक्षित

२०७६/श्रावण १७ गते शुक्रबार

# सन्दर्भ सामग्री


अमात्य, तुल्सी लाल (२०६२), संस्मरणका पानाहरू, ललितपुरः तुल्सी लाल स्मृति प्रतिष्ठान।

अमात्य, रवीन्द्रलाल (२०६३), अमात्य वंशावली, ललितपुर : वंशावली प्रकाशन समिति।

अमात्य, तुल्सी लाल (२०५७) स्मृति अंक, एक्काइसौं शताब्दी, पूर्णाङ्क ४१, साउन

अमात्य, तुल्सी लाल (१९६५/१९७२), कुन बाटो ?, संशोधित संस्करण, काठमाडौं प्रेस।

अमात्य, तुल्सी लाल (१९६२/१९७२), राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम ? नेकपा प्रचार विभाग

अमात्य, तुल्सी लाल (सन् १९७५), नेपालमा कम्युनिष्ट आन्दोलनमा देखापरेका मतभेदहरू अपूर्ण विवरण भएको

अमात्य, तुल्सी लाल (२०६०), नेपालको भावी संविधान कस्तो हुनुपर्छ ? ललितपुरः तुल्सी लाल स्मृति प्रतिष्ठान।

अमात्य, तुल्सी लाल (२०४२), धर्मका मर्म र श्रीकृष्ण, काठमाडौं।

अमात्य, तुल्सी लाल (२०४३), बुद्ध, बुद्धत्व र बुद्ध दर्शन, काठमाडौं।

अमात्य, तुल्सी लाल, मानव र मानव अधिकार?

अधिकारी, भरतमोहन (२०६४), मेरो जीवन यात्रा केही सम्झनाहरू, काठमाडौं : माधव प्रसाद धिताल।

अन्तोनोवा, लेविन कोतोब्स्की (सन् १९७३), भारतका इतिहास संक्षिप्त रूप रेखा, नई दिल्ली : मस्को प्रगति प्रकाशन, पिपुल्स पब्लिशिङ् हाउस।

अर्ज्याल, पुण्यप्रसाद (२०५९), श्रीमद्भगवत् महापुराण कथासार, काठमाडौं : तेजकुमारी अर्ज्याल।

अर्याल, कुन्दन, थापा, सूर्य र ज्ञवाली, ईश्वरी, सम्पादकहरु अविश्रान्त राजनायक तुल्सीलाल अमात्य, (२०५४) (अमात्यसँग सुर्य थापाको

अन्तर्वाता तथा विभिन्न नेताहरुका तुल्सीलाल अमात्यका बारेमा लेखिएका लेखहरुको संग्रालो ।) काठमाडौं : अविर प्रकाशन प्रा.लि. बागबजार ।

आचार्य, बाबुराम (२०७३), नेपालको संक्षिप्त वृतान्त, पुनः मुद्रण सम्पादक तथा प्रकाशक श्रीकृष्ण आचार्य ।

आचार्य, बाबुराम (२०७४) चीन तिब्बत र नेपाल, फाइन प्रिन्ट बुक्स

के.सी., सुरेन्द्र (२०५६), ऐतिहासिक दस्तावेज संग्रह भाग–एक ।

के.सी., सुरेन्द्र (२०५६), नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास, पहिलो भाग काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

कृपामूर्ति, कृष्ण श्रीमद्भगवद् गीता यथारूप (सन् १९९७) अनु.वादरायण दास, भक्ति वेदान्त बुक ट्रष्ट ।

गौतम, राजेश (२०४६), नेपालकोप्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजापरिषदको भूमिका ।

गौतम, राजेश (२०५५), नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस, काठमाडौं : रत्नपुस्तक भण्डार ।

गौतम, राजेश (२०७५), नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस भाग–२, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

गौतम, राजेश (२०७१), नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस, भाग तीन, काठमाडौं :

गौतम, राजेश (२०७४), नेपालको प्रजातान्त्रिक आन्दोलन र गणेशमान सिंह, दो.सं., काठमाडौं : विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

गौतम, राजेश (२०७४), प्रचण्ड गोरखा, विद्यार्थी पुस्तक भण्डार भोटाहिटी काठमाडौं

तुम्बाहाङफे, शिवमाया (२०६६), नेपालमा महिला आन्दोलन, विराटनगर : वाणी प्रकाशन ।

थापा, सुर्य (२०६२), नेपालमा राजतन्त्र र दलहरुबीचको संघर्ष, काठमाडौं : नवयुग प्रकाशन ।

ज्यापू, रामबहादुर, नेपालमा किसान आन्दोलनको एक झलक भाग–१, काठमाडौं : युवा साहित्य गोष्ठी ।

देवकोटा, ग्रीष्मबहादुर (२०२१), नेपालको राजनीतिक दर्पण, तेश्रो भाग ज्ञानेश्वर काठमाडौं, ध्रुव बहादुर देवकोटा

पाण्डे, बिन्दा (२०७४), संयोजन नक्खुजेल विद्रोहः संस्मरणको संगालो, काठमाडौं : मदन आश्रित स्मृति प्रतिष्ठान।

पुष्पलाल (२०७३), नेपाली समाजको ऐतिहासिक सर्वेक्षणको आवश्यकता (विशेष लेख) पुष्पलालका छानिएका रचना

पुष्पलालका छानिएका रचना भाग एक, (२०७३) पुष्पलाल स्मृति प्रतिष्ठान काठमाण्डौ

पुष्पलाल (२०७३), अखिल नेपाल किसान संघको घोषणापत्र र कार्यनीति, छानियका रचना भाग, १ पुष्पलाल स्मृति प्रतिष्ठान काठमाण्डौ

पुष्पलाल–नेपालमा मातृसत्तात्मक समाज, पुष्पलालका छानियका रचना भाग एक, २०७३, पुष्पलाल स्मृति प्रतिष्ठान

पुष्पलाल–नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास २०५३, पुष्पलाल स्मृति प्रतिष्ठान

पुष्पलाल–मूल बाटो २०२२, नेकपा प्रचार विभाग

पोखरेल प्रमेश–कृषिको समाजवादी रूपान्तरण (२०७५), पोखरेल काठमाडौं

प्रधान, सहाना (२०६०), स्मृतिका आँखी झ्यालबाट, काठमाडौं : स्वप्नवाटिका प्रकाशन।

प्रधान, केदारनाथ (२०५४), नौलो नेपाल परिचय, काठमाडौं : रत्नपुस्तक भण्डार।

भुसाल, वेदुराम (२०७०), संकलन तथा संपादन, दस्तावेज सँग्रह भाग एक, नेपाल कम्युनिष्ट पार्टी।

भण्डारी, मदनकुमार (२०४६), चौथो राष्ट्रिय महाधिवेशनद्वारा पारित राजनीतिक प्रतिवेदन, नेकपा (माले) केन्द्रीय कमिटी।

भुसाल, वेदुराम(२०७२), संकलन तथा सम्पादन, दस्तावेज सँग्रह भाग दुई, पुष्पलाल स्मृति प्रतिष्ठान।

भुसाल, वेदुराम, संकलन तथा सम्पादन, कार्य सम्पादन प्रतिवेदन तथा राजनैतिक पत्र सँग्रह भाग एक, प्रकाशकः पुष्पलाल स्मृति प्रतिष्ठान

भुसाल, वेदुराम(०५९), दर्शनशास्त्र परिचय, (२०५९) बुधबार प्रकाशन

भुसाल, बेदुराम(२०७३), संकलन तथा सम्पादन, नेपाल कम्युनिष्ट पार्टीको दस्तावेज संग्रह भाग–३, काठमाडौं : पुष्पलाल स्मृति प्रतिष्ठान।

धौबञ्जार, गोपाल, काठमाण्डौ उपत्यकाका बस्तीहरू

मिश्र, बालचन्द्र (२०५८), झापा आन्दोलनदेखि एमालेको विभाजन सम्म, सुनौलो बिहानी अभियान काठमाडौं।

श्रेष्ठ, तुलसीनारायण (२०६६), नेपालका नेवारहरू पहिचान र पृष्ठभूमि, काठमाडौं : रत्नपुस्तक भण्डार।

यादव, पिताम्बरलाल (२०४५), नेपालको राजनैतिक इतिहास चौ.सं., काठमाडौंः विजय कुमार।

रावल, भीम (२०४४), नेपालमा साम्यवादी आन्दोलन उद्‌भव, विकास र वर्तमान अवस्था, काठमाडौं : सामना प्रकाशन।

रिजाल, विष्णु, सम्पा (२०७१), फर्केर हेर्दा (पुराना कम्युनिष्टहरूको संस्मरण) पुष्पलाल स्मृति प्रतिष्ठान

संसद सचिबालयको अभिलेख, अमात्यको संसदमा भाषण, संघीय संसद अभिलेखालय।

शर्मा, जनकलाल (२०३९), हाम्रो समाज एक अध्ययन, काठमाडौं : साझा प्रकाशन।

सापकोटा, ढाकाराम (२०७५), मनमोहन अधिकारी नेपाली राजनीतिमा ६ दशक, काठमाडौं : मण्डप बुक्स प्रा.लि.।

सांकृत्यायन, राहुल, दर्शन दिग्दर्शन, अनु. नारायणप्रसाद आचार्य (२०७३), दिनानाथ घिमिरे, अक्षरदीप प्रकाशन।

सिंह, मोहनविक्रम (२०३१), केन्द्रीय न्यूक्लसका तर्फबाट सम्पन्न चौथो महाधिवेशनमा प्रस्तुत तथा पारित राजनैतिक प्रतिवेदन, नेपाली कम्युनिष्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्तावेजहरू, भारत : वाराणशी।

Karl Marx An Introduction to Critique of Heagel's Philosophy of Right, 1844

Pushpalal-Historical Note 2010, Publisher M Pushpalal Memorial Foundation

Sannkrityayan Rahul, Chatto padhyaya Debiprasad, Balaramamoorty Y., Sharma Ram Bilas, Anand Mulk Raj– Buddhism The Marxist Approach Six the Print, March 2007, PPH New Delhi.

Sardesai, S.G., Bose, Dilip, Marxism and the Bhagvat Geeta, Fifth Re–print, June, 2012 PPH, New Delhi.

# विभिन्न व्यक्तित्वहरूसँग भेटवार्ता कुराकानी

संस्कृतिविद् शताब्दी पुरूष सत्यमोहन जोशी

पू.प्रम. नेकपाका वरिष्ठ नेता माधवकुमार नेपाल

वरिष्ठ प्रगतिशील साहित्यकार एवम् नेपालको कम्युनिष्ट आन्दोलनका नेता डा. मोदनाथ प्रश्रित

वरिष्ठ राजनीतिज्ञ बिष्णुबहादुर मानन्धर

वरिष्ठ राजनीतिज्ञ कृष्णराज बर्मा

वरिष्ठ राजनीतिज्ञ मोहनबिक्रम सिंह

वरिष्ठ राजनीतिज्ञ भरतमोहन अधिकारी

वरिष्ट राजनीतिज्ञ राधाकृष्ण मैनाली

नेकपाका नेता डा. वँशीधर मिश्र

राजनीतिज्ञ तथा वरिष्ठ पत्रकार तथा पूर्व राजदूत कमल कोइराला

राजनीतिज्ञ तथा वरिष्ठ शिक्षा सेवी लक्ष्मण राजबंशी

पू. मन्त्री एवम् नेपालको कम्युनिष्ट आन्दोलनका वरिष्ठ नेता गोपाल शाक्य

इतिहासविद् तथा वरिष्ठ ग्रन्थ लेखक प्रा.डा. राजेश गौतम

प्रा. डा. राममान श्रेष्ठ

राजनीतिज्ञ कुमार बेलवासे

राजनीतिकर्मी हिमबहादुर क्षेत्री,

राजनीतिकर्मी राजेन्द्र राजथला

राजनीतिकर्मी मिठाराम शर्मा

राजनीतिकर्मी अष्टमान महर्जन

वरिष्ठ महिला नेता स्नेहलता

विद्वान् छत्रबहादुर कायस्थ

राजनीतिक कार्यकर्ता –कुवेर कोइराला

तेज बहादुर गुरुङ्ग

पूर्ण प्रसाद पंगेनी

राजनीतिक कार्यकर्ता के.बी कार्की

सुवर्णसिंह अमात्य,

प्रतिभा अमात्य,

डा. दिवस अमात्य,

चन्द्रबहादुर श्रेष्ठ



२०४६ साल फाल्गुण ७ गते प्रजातन्त्र पुनस्थापनाका लागि भएको संयुक्त
जनआन्दोलनको नेतृत्व गर्दै संयुक्त वाममोर्चाका
मानार्थ अध्यक्ष तुल्सी लाल अमात्य



जेठा बा चक्रलाल अमात्य
तथा जेठी आमा गौरीमाया




तुल्सी लाल अमात्यको
पाटन स्वठः स्थित घर



अमात्यका जेठा बा चक्रलाल, जेठी आमा गौरीमाया, काका काकी तथा परिवारका अन्य सदस्यहरु



अमात्यकी सासु आमा तथा जेठान कर्णेल गम्भिरमान राजभण्डारी र अमिर मानका छोराहरु



श्रेष्ठहरुको परम्परागत पोषाकमा अमात्यका साली तथा साडूभाई (डा. राममान श्रेष्ठका बुवा र आमाहरु)



तुल्सी लाल अमात्य, कमला अमात्य, जेठी छोरी प्रतिभा अमात्य, कान्छी छोरी रश्मी अमात्य र कान्छा छोरा संजयका साथमा
२०३६ सालमा दिल्लीबाट फर्किएपछि पाटन स्वठः मा



कमला अमात्य, जेठी छोरी प्रतिभा अमात्य, जेठो छोरा डा. दिवस अमात्य
कान्छो छोरा ई. संजय अमात्य कान्छी छोरी रश्मी अमात्य



कमला अमात्यका साथमा बहिनीहरु इन्दिरा, डा. विमला, सुशिला, उर्मिला



बहिनी र भाञ्जीका साथमा



अमात्य नाति विवेक श्रेष्ठसँग



तुल्सी लाल अमात्यकी
कान्छी आमा देवमाया



तुल्सी लाल अमात्यका कान्छा बुवा
कीर्तिनरसिंह अमात्य



तुल्सी लाल अमात्यका जेठा
मामा नरबहादुर कायस्थ



मामाका छोरा–छत्र बहादुर
कायस्थ



अमात्य आफ्नो अध्ययन कक्षमा नातिनीसँग



कम्युनिष्ट आन्दोलनका पुराना नेता, अमात्यका जेठान अमीरमान राजभण्डारी दम्पत्तिका साथमा सात भाइ छोराहरु



कमला अमात्य, छोरी प्रतिभा र कान्छी बुहारी नविना



जेठी छोरी प्रतिभा, ज्वाइ चन्द्र ब.श्रेष्ठ, जेठा छोरा डा. दिवस, बुहारी डा. सुमित्रा, कान्छा छोरा ई. संजय, बुहारी नविना, नाति सूर्य नरसिंह अमात्य



कान्छा छोरा संजय र कान्छी छोरी रश्मीको परिवार



२०१५ सालमा सांसद भएको वेलामा सोभियत रुसको भ्रमणका अवसरमा



२०४६ साल चैत्र २७ गते पञ्चायती व्यवस्थाको अन्त्यको घोषणासँगै खुल्ला मञ्च तर्फ जादै कृष्णप्रसाद भट्टराई, सहाना प्रधान, राधाकृष्ण मैनालीका साथमा



२०४६ साल फाल्गुण ७ गते प्रजातन्त्र पुनस्थापनाका लागि भएको संयुक्त जनआन्दोलनको नेतृत्व गर्दै काठमाडौं नयाँ सडकमा



२०४६ साल फाल्गुण ७ गते ने.क.पा (अमात्य)का महासचिव एवम् सं.वा. मोर्चाका मानर्थ अध्यक्ष तुल्सी लाल अमात्य खीचा पोखरीमा पार्टीको झण्डा फहराउदै प्रर्दशनको नेतृत्व गर्नु हुँदै



कृष्णप्रसाद भट्टराई, सहाना प्रधान, मंगलादेवी सिहं, बेनी बहादुर कार्की
सिद्धिलाल सिहं, लिलामणि पोखरेलका साथमा



२०४७ साल पौष २६ देखि २९ गते सम्म काठमाडौंको ललितपुरमा केन्द्रीय भेलामा उपस्थित ने.क.पा. को जिम्मेवार सदस्यहरुको सामूहिक तस्विर टेक बा. केसी, कुमार वेलवासे, ऋतु प्रसाद वतौला आदि




टेक बहादुर केसी, रामलाल काफ्ले, उदयराज अधिकारीका साथमा तुल्सी लाल अमात्य



नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेकपा (अमात्य) का बीचमा पार्टी एकीकरणका अवसरमा सम्बोधन गर्दै (२०५०/८/२९)



आफ्ना पुराना कार्यकर्ताको घरमा अमात्य



रौतहट जिल्लाका कार्यकताका घरमा समर्थकहरुका बीचमा अमात्य



२०४७ सालमा भएको केन्द्रीय कार्यकर्ता भेलामा अमात्य टेक व. केसी, कुमार वेलबासे, रामप्रसाद अधिकारी, ऋतुराज वर्तौला, गेना पटेल देवनन्द शाह, प्रकाश घिमेर आदि



प्रचार अभियानमा पार्टी कार्यकर्तासँग अमात्य (२०५१)



बेजिङ्गमा चीनीया राष्ट्रपतिका साथमा जनवादी गणतन्त्र चीनका लागि
नेपालको महामहिम राजदूत भएको अवसरमा



अमात्य नरबहादुर कर्माचार्य, का. रोहित, भीम प्रसाद उपाध्याय र
अन्य नेताहरुका साथमा



संयुक्त वाममोर्चाका मानार्थ अध्यक्ष अमात्य कोरिया भ्रमण पश्चात
काठमाडौंमा स्वागत ग्रहण गर्दै (२०४७)



केपी शर्मा ओली, माधव कुमार नेपाल, मोहनचन्द्र अधिकारी, वामदेव गौतम,
सिद्धिलाल सिंह आदि नेताका साथमा
प्रथम जंकौं ७७ वर्ष ७ महिना ७ दिन (भीमरथारोहण)



पार्टी एकीकरणको दस्तावेजमा हस्ताक्षर गर्दै क. अमात्य र क. माधव नेपाल, अन्य नेता मोहनचन्द्र अधिकारी, वामदेव गौतम, (२०५०/८/२९)



नेकपा (एमाले) र नेकपा (अमात्य) बीच २०५० साल मंसिर २९ गते एकता पछि गरिएको पत्रकार सम्मेल्लनमा माधव कुमार नेपाल, मोहन चन्द्र अधिकारी, अमृत बोहरा, वामदेव गौतम आदि नेताका साथमा




शहीद शुक्रराज शास्त्रीको स्मारिका उद्घाटन (२०४१/११/८)



महामहिम राजदूतको ओहदाको प्रमाणपत्र बुझ्भाईसकेपछि जनवादी गणतन्त्र चीनका महामहिम राष्ट्रपतिका साथ कुराकानी गर्नुहुँदै क. तुल्सी लाल अमात्य (२०५१/१२/१८)